लेखिकाको बारेमा छोटो जानकारी:

अमेरिकी लेखिका एलेन जी. ह्वाइटका (१८२७-१९१५) सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको एक संस्थापक सदस्य हुन्। उनका पुस्तक र लेखहरू विश्वका करिब १६० भाषाहरूमा अनुवाद गरिएको छ। उनले १ लाख भन्दा अधिक पानाहरू लेखेकी थिइन्। विभिन्न आत्मिक र प्रयोगात्मक विषयहरूलाई समेतेर लेखिएको उनका लेखन सामग्रीहरूले चेतनशील मानिसको दिमागलाई चम्काइ दिन्छ। पवित्र आत्माको अगुवाइमा भएकोले उनले येशू ख्रीष्टलाई उचालेकि थिइन् र कसैले येशूको भक्त हुँ भनेर दावी गर्छ भने उसको विश्वास पवित्र धर्मशास्त्र बाइबलको आधारमा हुनुपर्छ भनेर उनी जिकिर गर्दछिन्।

एलेन जी. ह्वाइटका लेखहरूको अमूल्य ढुकुटीबाट सङ्कलन गर्दै सेभेन्थे-डे एडभेन्टिस्ट पाष्टरको निम्ति एलेन जी. ह्वाइट इस्टेटद्वारा लिखित यो पुस्तक उत्साहकासाथ प्रकाशन गरिएको हो। येशूको भावनामा चल्दै उहाँको सिघ्र आगमनको निम्ति पर्खिरहेका एडभेन्टिस्ट अगुवा तथा पाष्टरहरुको निम्ति अत्यावश्यक विभिन्न विषयहरू यस पुस्तकमा समावेश गरिएका छन। एक असल योग्य पाष्टरको सेवाकार्य, परमेश्वर, आफू र एक आपसमा राखिनुपर्ने सुमधुर सम्बन्ध, सुसमाचारीय सेवा, चर्चको प्रगति र चर्चलाई मजबुत गर्ने तरिका, सर्वसाधारण विश्वासीहरूलाई येशूमा बढ्न तालिम, विशेष आराधनाका कार्यक्रमहरू, पाष्टरले गर्नुपर्ने हेरबिचार, चर्चको संस्थबिच हातेमालो, प्रशासन, लगायत विषयमा सम्बोधन गरिएको यस पुस्तक एडेभेन्टिस्ट पाष्टर तथा अगुवाको निम्ति र चर्च सेवाकार्यमा अति नै उपयोगी साबित हुनेछ। हिमालयन सेक्सन अभ साउथरन एशिया डिभिजन अभ जनरल कन्फ्रेन्सको यस प्रस्तुतीलाई प्रत्येक एडभेन्टिस्ट पाष्टर तथा अगुवाले अत्यधिकमात्रामा प्रयोग गर्नुहुनेछ भन्ने प्रकाशकको कामना रहेको छ। धन्यवाद।

एलेन जी. ह्वाइट

इस्टेट बोर्ड अभ ट्रस्टिज

सेभेन्थ-डे एडभेन्टिस्ट पाष्टरहरूको निम्ति निर्देशिका

अनुवादक:

भजुराम तखाछैं श्रेष्ठ

प्रकाशक: हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

येशूभक्त अगुवाहरूको निम्ति निर्देशिका

लेखिका:
एलेन जी ह्वाइट

1995
U.S.A.

येशूभक्त अगुवाहरूको निम्ति निर्देशिका

लेखिका:
एलेन जी ह्वाइट

अनुवादक:
भजुराम तखाछेँ श्रेष्ठ
bhajupurna@gmail.com
इन्टरनेट वेबसाइड
http://www.nepalworks.com/bhajupurna

प्रकाशक:
उमेशकुमार पोखेल
हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

भाषा शुद्धिकरण
भुमिका छडियाल

प्रथम संस्करण
2079
(आन्तरिक प्रयोगको निम्ति मात्र)

यो पुस्तक को बारेमा मेरा भनाईहरु

एलेन जी. ह्वाइट द्वारा लिखित येशूभक्त अगुवाहरूको निम्ति तयार गरिएको निर्देशिका पुस्तक लाई नेपालि भाषा मा अनुबाद गरि प्रकाशन गर्नु भएको मा म आदरणिय दाजु भजु लाई हृदय देखि धन्यबाद दिन चाहान्छु।

यो पुस्तक मा आत्मिक वृद्धि र काम, एडभेन्टिस्ट मार्गका विशेषता, विश्वव्यापी अभियान, पास्टर तथा चर्चको अगुवामा हुनुपर्ने गुण अर्थात् विशेषताहरू, परमेश्वरमा अर्पित जीवन, स्वार्थ-त्यागको प्रतिबद्धता, दया, सहानुभूति तथा सदाशयताले भरिपूर्ण सकारात्मक मनस्थिति, नम्रता, जिम्मेवारीपन जस्ता व्यक्ति मा हुनु पर्ने सदगुणहरुलाई स्पष्टरुपमा वर्णन जरिएको छ।

परमेशवरका गोठालाहरु कस्तो चरित्र को हुनु पर्छ भन्ने कुराहरु लाई सहझ एंब् सरल भाषा मा यो पुस्तकमा उल्लेख गरिएको हुनाले , चर्चका अगुवाहरुको लागि यो पुस्तक अतिनै महत्वपुण सेवाकाईको सफल साथि हुने छ भन्ने कुरामा म बिश्बस्त छु ।

यो पुस्तकमा चर्च संचालन गर्ने नीति निर्देशनहरू, चर्चको सङ्गठन, जस्ता महत्वपूण जानकारिहरु दिईएका छन, जस्ले चर्चका अगुबाहरुलाई ब्यबस्थित तरिकाले परमेशबरको काममा सहयोग पुर्याऊछ भन्ने मैले आशा लिएकोछु ।

चर्चका अगुवाहरुको जिबनशैलि खान पिन, व्यक्तिगत स्वास्थ्य, नैतिक आचारण, समयको व्यवस्थापन, सामाजिक जिम्बेबारि र आर्थिक ब्यबस्थापन जस्ता महत्वपूर्ण वास्तबिकतालाई औल्याईएको छ। परमेश्वरले सबैलाई उहाँको बारेमा बुझ्ने आत्मा ज्ञान दिनुहोस भनि उहाँसंग प्रार्थना गर्दछु। आमेन।

पा, उमेश कुमार पोखरेल

सभापति

हिमालएन सेक्सन आफ एसडिए

काठमाण्डु, नेपाल

बिषयसूचि

भाग १
आत्मिक वृद्धि र काम

अध्याय १: व्यक्तिगत उपासनाहरु १
- बाइबल अध्ययन
- प्रार्थना
- साधना

अध्याय २: एडभेन्टिस्ट धारणा-विशेष र विश्वव्यापी अभियान.....१९
- विशेष सन्देश बोकेको मार्ग
- सेभेन्थ डे एडभेन्टिस्ट शिक्षादीक्षाप्रति बफादारी हुनु
- बाइबलीय सिद्धान्तहरुको बारेमा बादविवाद
- विश्वव्यापी अभियान

अध्याय ३: पास्टर तथा अगुवाको चरित्र ३३
- समर्पणता
- स्वार्थ त्याग अर्थात परमेश्वरमा पूर्ण अर्पित जीवन
- करुणा, दया, सहानुभूति र सदाशयताको गुणहरुले सम्पन्न हुनु
- सकारात्मक मनस्थिति
- भरपर्दो
- नम्रता तथा भद्रता
- जिम्मेवारी

अध्याय ४: चर्च संचालन गर्न नीति निर्देशनहरू ४५
- चर्चको सङ्गठन
- पास्टरको अभिषेक

अध्याय ५: पास्टर तथा अगुवाहरूलाई तालिम ४९
- काममा योग्य बनाउन तालिम
- कक्षामा दिने तालिम
- व्यावहारिक तालिम
- निरन्तर शिक्षा

अध्याय ६: व्यक्तिगत सहयोग समूहको बिकास ६३

अध्याय ७: लागत प्रणाली ६७

अध्याय ८: नेतृत्व कला ६९

अध्याय ९: पास्टरको नैतिक आचरण ७५
– नैतिकता र आचारसंहिता सहयोगी पास्टरहरू
– बिपरित लिङ्गसँग व्यवहार

अध्याय १०: सही व्यक्तित्व झल्काउने बाहिरि रूप ८९
– पास्टरको रुप
– परिवारको रहनसहन

अध्याय ११: व्यक्तिगत आर्थिक कारोबार ९७

अध्याय १२: व्यक्तिगत स्वास्थ्य १०३
– तनाव
– ब्यायाम
– खुराक वा खानपिन
– संतुलित जीवन

अध्याय १३: सुसमाचार प्रचारमा महिलाहरुको सहभागिता ११३
– वैवाहिक जीडी मिलेर सुसमाचारीय सेवाकार्य गर्नु
– पास्टरका श्रीमतीहरुलाइ दिनुपर्ने तलब

अध्याय १४: समयको व्यवस्थापन १२३

भाग २
सम्बन्धहरु कायम राख्नु

अध्याय १५ अगुवाहरूको परिवारमा हुनुपर्ने सम्बन्ध १२९
– घर
– श्रीमतीप्रति गर्ने व्यवहार

– छोराछोरीहरू

अध्याय १६ अरूहरूसँग कायम राख्नुपर्ने सम्बन्धहरू.....१३९
– सभामा
– अरू सम्प्रदायका पास्टरहरूका सँग राख्नुपर्ने सम्बन्ध
– अरू संस्कृति र संस्कारका मानिसहरूसँग सम्बन्ध कायम राखिराख्नु...

अध्याय १७: चर्चभित्रका विश्वासीहरूसँग राख्नुपर्ने सम्बन्ध १४९
– येशूका प्रतिनिधिहरु
– चर्चका सदस्यहरु - पास्टरको भुमिका
– चर्चका सदस्यहरू - विश्वासीहरूले खेल्नुपर्ने भुमिका
– अलगिने प्रवृति
– पास्टरहरुको कार्य अवधी
– कन्फरेन्स वा सेक्सन अर्थात चर्चको माथिल्लो निकाय
– पास्टर-अध्यक्ष
– तलब
– चर्चका अरू कर्मचारीहरू
– मेडिकल मिसिनेरी वा स्वास्थकर्मीहरू
– शिक्षकहरू
– सुसमाचार तथा स्वास्थ्य सामग्रीहरु बिक्रि गरेर सुसमाचार फैलाउनेहरू
– कषाध्यक्ष

भाग ३
सुसमाचार प्रचार र चर्चको वृद्धि

अध्याय १८: समाजको आवश्यकताप्रति सजगता १८५
– सामाजिक सेवा
– सार्वजनिक सम्बन्ध
– सञ्चार माध्यम

अध्याय १९: जनसमक्ष सुसमाचार पुऱ्याउनु १८९
– हाम्रा प्रकाशनहरू
– स्वास्थ सेवाद्वारा सुसमाचारीय प्रचार
– पारिवारिक सुसमाचारीय सेवाकार्य

अध्याय २०: योजना र रणनीति १९५
– सुसमाचार सुनाउने समय
– चर्चको उत्थानको निम्ति बनाउने योजना

अध्याय २१: निर्णयहरूको अपेक्षा १९९
– सार्वजनिक स्थलहरुमा
– व्यक्तिगत चासो
– बाइबल कक्षा संचालन
– मानिसहरुका चासोहरुलाइ जित्नु

अध्याय २२: सुसमाचार काममा व्यक्तिगत भुमिका २०७
– येशूलाइ विश्वास नगर्ने वा अरु इसाइहरुसँगको भेटघाट
– बाइबल अध्ययन
– साथी बनाएर येशूतिर तान्नु

अध्याय २३: सार्वजनिक स्थलमा सुसमाचार प्रचार २१३
– क्रूसेड वा सार्वजनिक सुसमाचार कार्यक्रम
– सम्मेलन

अध्याय २४: सानो समूह सुसमाचार टोली २१७

अध्याय २५: विशेष स्थानहरूमा सुसमाचार
प्रचार गर्ने प्रवन्ध २१९
– सहरहरूमा
– इ्यालखानाहरूमा
– बिपन्नवर्ग वा समाजबाट तिरस्कार भएकाहरुको सेवा

भाग ४
सर्वसाधारण विश्वासीहरूलाई तालिम

अध्याय २६ स्वयंसेवकहरुलाइ भर्ना र तालिम २२७
– पास्टर र सर्वसाभारण सेभेन्थ डे एडभेन्टिस्टहरु मिलिजुली चर्चमा गर्नुपर्ने काम
– पास्टरको जिम्मेवारी
– आ आफ्नो खुबी दक्षता सीप देखाएर गवाही दिनु
– आत्मिक वरदानहरू

– स्वयंसेवकहरूलाई प्रेरित गेनु
– पास्टरहरु प्रशिक्षकहरुको रुपमा
– सबैलाई सक्रिय हुन सिकाउनुपर्ने

भाग ५
आराधना र विशेष सेवाकार्यक्रमहरू

अध्याय २७: बप्तिस्मा २५९
– बप्तिस्माको निम्ति उम्मेदवार तयार गर्नु
– बालबालिकाहरू
– बप्तिस्माको बिधि

अध्याय २८: बाल समर्पण २६५

अध्याय २९: प्रभुभोजको विधि.....२६९
– नम्रता अर्थात पाउहरु धुने विधि
– रोटी र रस

अध्याय ३०: अन्त्यष्टिको कार्यक्रम २७७

अध्याय ३१: आराधना गर्न योजना बनाउनु र त्यसलाई अगुवाई गर्नु २८१
– शुद्ध
– औपचारिक र अनौपचारिक कार्यक्रम
– चर्चको आराधना कार्यक्रममा सदस्यहरुको सहभागीता
– आराधना कार्यक्रमको सुरुवात
– सङ्गीत
– आराधकहरु भजनमा चाग लिनु
– भजनमा बाजाहरूको प्रयोग
– तडकभडक देखाउन होइन
– सार्वजनिक स्थलमा गरिने प्रार्थना
– भेटीको निम्ति अनुरोध
– धर्मशास्त्र बाइबलबाट वचन पढ्नु

अध्याय ३२: प्रार्थना सभा वा संगती २९७
– गवाहीहरू प्रस्तुति

अध्याय ३३: प्रवचन ३०५

– बाइबलमा आधारितमात्र प्रवचन दिनुपर्दछ
- येशू ख्रीष्ट केन्द्रित सुसमाचार
- परमेश्वरप्रतिको आस्थालाइ जीवनमा उतार्नु
- प्रयोगात्मक वा व्यवहारिक शिक्षादिक्षा
- अनुपयुक्त कथा तथा चित्रणहरु
- असल वा उपयुक्त उदाहरण तथा अर्ती कथाहरू
- येशूले प्रयोग गर्नुभएका चित्रण तथा अर्तीहरु
- नकरात्मकको विकल्पमा सकारात्मक
- सकारात्मक
- हृदयदेखि चित्त बुझाउनु
- भावना
- निर्णय
- प्रवचन प्रस्तुत गर्ने बेलामा प्रयोग गर्न शब्दहरु
- प्रवचन दिने बेलामा देखाउने हाउभाउ
- बचन दिने बेलामा प्रयोग गर्ने आवाज र वाक्य संरचना
- प्रवचन बोल्ने लम्बाइ

अध्याय ३४: पवित्र विवाहको कार्यक्रम ३३५

भाग ६
पाष्टरले गर्नुपर्ने स्याहार र आत्मिक पालन पोषण

अध्याय ३५: चर्चमा नयाँ सदस्यहरूलाई ग्रहण गर्नु ३३९
– शिक्षादीक्षामा जग बसाल्न दिनु
– नयाँ विश्वासीहरूले तिनीहरूको पास्टरको अनुसरण गर्दछन्

अध्याय ३६: चर्चमा अनुशासन ३४७
– अनुशासनको आवश्यकता
– अनसुशासनप्रति धारणा

अध्याय ३७: सरसल्लाह वा परामर्स ३५७
– परिवारलाई
– शोकमा परेकाहरूलाई
– सिमामा रहेर गरिने सरसल्लाह

अध्याय ३८: चर्च पुराना सदस्यहरु र निष्कृय विश्वासीहरू...३६५

– तिनीहरूको खोजि
– तिनीहरूको मन जित्नु

अध्याय ३९: चर्चका सदस्यहरूलाई पुऱ्याउनुपर्ने व्यक्तिगत सेवाकार्य ३७३
– कम प्रवचन र धेरै व्यक्तिगत सेवाकार्य
– चर्चका सदस्यहरू र व्यक्तिगत सेवाकार्य

अध्याय ४०:चर्चका जिम्मेवार तथा प्रभुप्रति मायाले सजिएकाहरुले गर्ने भेटघाट.....३८३
– परिवार
– गरिब तथा विपन्न वर्ग
– उदास र निराशमा परेकाहरु
– बिरामीहरुको सेवा
– तेलले अभिषेक गर्नु र परमेश्वरबाट चङ्गाइ पाउनु

भाग ७
संगठन र प्रशासन

अध्याय ४१: इसाई शिक्षा ३९५
- इसाइ शिक्षाको लक्ष्य
- शिक्षकहरू
- स्कुलको भवन
- अर्थ व्यवस्थापन
- सीपमुलक परिश्रम

अध्याय ४२: चर्च भवन ४०३
- चर्च भवन स्थल
- चर्च भवनको डिजाइन वा नक्सा
- चर्च भवन निर्माण
- आर्थिक व्यवस्थापन
- मर्मत सँभार
- चर्च भवन बनाउन अरुहरुलाइ सहयोग गर्नु

अध्याय ४३: चर्चको सामाजिक जीवन ४१३
- सामाजिक जमघटको उपादेयीता
- सामाजिक रमझम समस्याहरू

अध्याय ४४: समितीहरू ४२१
- चर्च वा मिशन समिती बनाउने नितिहरू
- समिति संचालन गर्ने नितिहरू

अध्याय ४५: कन्फरेन्स वा चर्च संगठनका विभागहरू ४२७
- मिशन वा कन्फरेन्स र भिभागका अगुवाहरु
- विभागहरूको बीचमा समन्वयता

अध्याय ४६: आर्थिक व्यवस्थापन ४३३
- भन्डारे वा सञ्चारकर्ता
- विश्व चर्च
- स्थानीय चर्च
- पास्टरहरूमा आर्थिक व्यवस्थापनका विशेषज्ञहरु होइन्न

अध्याय ४७: धेरै चर्चहरूभएको क्षेत्रमा पास्टरको काम ४४१
– चर्चका विश्वासीहरूमा भएका प्रतिभा खुबी दक्षता बढाउनु
– पास्टर नभएको बेलामा आराधना सेवा

अध्याय ४८: समस्याको समाधान र द्वन्द व्यवस्थापन ४४७
– एकता

अध्याउ ४९: सार्वजनिकरूपमा चर्चको उन्नति गर्ने उपायहरू ...४५५
– चर्चका सामग्रीहरुको प्रकाशन
– चर्चको काममा सघाउन चन्दा सङ्लन

अध्याय ५०: वयस्कहरुको निम्ति साबथ स्कूल ४५९
– सानो सानो झुण्डमा बाइबल अध्ययन गर्नुको महत्त्व
– साबथ स्कुलका शिक्षकहरू

अध्याय ५१: जवानहरुको नेतृत्व ४६३
– पास्टर र बाबुआमाको समूह
– सेवा गर्न तालिम दिनुपर्छ

– बालबालिकाहरुको साबथ स्कूल

अध्याय ५२: येशू ख्रीष्ट अनुसरणीय पास्टर हुनुहुन्छ ४७५
– व्यक्तिगत उपसानाको जीवन
– मानिसहरूप्रति इश्वरीय प्रेम र स्नेह
– सेवक अगुवा
– प्रभुको निम्ति मानिसहरुको मन जित्नु
– प्रचारक-शिक्षक
– प्रधान गोठालाको सह गोठालो

भूमिका

आधा शताब्धीभन्दा बढि एलेन जी ह्वाइटले सुसमाचार प्रचार गर्ने अगुवा र पास्टरहरूसँग काँधमा काँध मिलाएर काम गर्नु भएको थियो। उहाँले विभिन्न प्रेरणादायी सल्लाहहरू बाँड्नुभएको थियो। परमेश्वरको सेवा गर्न बोलाइएका अगुवा र पास्टरहरूप्रति उहाँको धारणा अत्यन्त उच्च थियो। उनले स्पष्ट गरेर भनेकी थिइन, सुसमाचार प्रचार गर्ने पास्टरहरूको काम धेरै गम्भिर, महत्त्वपूर्ण र पवित्र छ" (इभान्जलिजम १८४)। "मानिसहरूको सामु पास्टर परमेश्वरको प्रवक्ता भएर खडा भएको हुन्छ, र सोच्ने बानीमा, बोल्ने वचनमा र व्यवहारगर्ने आचरणहरूमा तिनीहरू परमेश्वरको प्रतिनिधि भएर देखाउनुपर्छ" (गस्पल वर्कर्स २०)।

एलेन जी ह्वाइटका अत्यन्त उल्लेखनीय लेखका ढुकुटीहरूबाट अत्यन्त आवश्यक प्रेरणादायी सल्लाह र सुझाउहरू सङ्कलन गरेर यस पुस्तक तयार गरिएको हो। यो पुस्तक विशेष गरेर सर्वसाधारण विश्वासीहरूलाई भन्दा स्थानीय चर्चका पास्टर तथा अगुवाहरूको निम्ति तयार पारिएको हो। तर सर्वसाधारण विश्वासीहरूले पनि यो पुस्तक पढेर चर्च कुन आदर्शमा हिँड्नुपर्छ भन्ने ज्ञानमा सहभागी हुन सक्छन्। सन् १९९० मा एलेन जी ह्वाइटको बारेमा उत्पादन गरेको सिडीरोम र एलेन जी ह्वाइटका लेखहरूको बारेमा खोज अनुसन्धान जनरल कन्फरेन्स मिनिस्टरियल आसोशियशनले गरेको थियो। परमेश्वरको काममा लाग्ने विभिन्न व्यक्तिहरूलाई विभिन्न तरिकाले सम्बोधन गरिन्छ। त्यसमा एलेन जी ह्वाइटले पादरी वा पुरोहित (क्लर्जी) भनेर देखाउने शब्द ११४ पल्ट, सेवाग्रही अगुवा भनेर १०,७६२ पल्ट, पास्टर ३८५ पल्ट, प्रचारक ७३५ पल्ट र गोठालो भन्ने शब्द १५४० पल्ट प्रयोग गरेको भेट्टाइएको छ। एलेन जी ह्वाइटले ती समूहलाई केन्द्रित गरेर लेखिएको सामग्रीहरूलाई उल्लेख गरेर खोज अनुसन्धानकर्ताहरूले यो पुस्तक तयार गरिएको हो। अगुवाहरूलाई सम्बोधन गरेका सामग्रीहरू सकेसम्म धेरै समेटिएतापनि सबै नै उतारिएको छ भन्ने छैन। पास्टरलाई सम्बोधन गरेका प्रत्येक विषय सबै समावेश भएको छैन। चर्चका अगुवाहरूले अपनाउनु पर्ने

नीतिहरू उल्लेख गरिएको छ तर अनावश्यकरूपमा कुनै सामग्रीलाई दोहोऱ्याइएको छैन।

उल्लेख गरेका उद्धरणहरू प्रायजसो अनुच्छेदहरूबाट पूरै समावेश भएका छन्। तर कुनै भनाइलाई अनुच्छेदबाट छोट्याउनु परे वा पछि उल्लेख गर्नु परेकोमा त्यस खण्डलाइ जनाउ दिइएको छ। तर प्रत्येक उदाहरणको स्रोत खुलाइएको छ ताकि पाठकहरु आफैले उक्त स्रोत अध्ययन गर्न सकुन। प्रेरित लेखहरूलाई उदृढ गर्दा उद्धारण चिन्ह प्रयोग गरिएको छैन। सम्पूर्ण पुस्तक एलेन जी ह्वाइटकै भनाइहरूबाट उतारिएको हुनाले उहाँको भनाइ जनाउन कुनै पनि चिन्हहरू प्रयोग गरिएको छैन। यहाँ लेखिएका सामग्रीहरूमा जोड दिन गाढा कालो अक्षर, कोष्टहरू र अरू चिन्हहरूले छुट्याएको छैन। बिषयबस्तुलाई देखाउने वाक्यहरू सङ्कलनकर्ताहरूले गाढा कालो अक्षरले देखाइएको छ। सानो र ठूलो शिर्षकहरू सङ्कलनकर्ताहरूले समावेश गरेका छन। ती शिर्षकहरूमा गाढा कालो अक्षरहरू छन्। ती विषयबस्तुलाई जनाउने वाक्यहरू प्रायजसो तिनीहरूलाई जनाउने उद्धरणहरूबाट नै निकालिएका हुन्।

एलेन जी ह्वाइटका लेखहरूको ठूलो भाग उहाँको जीवन, अरू व्यक्ति विशेष वा चर्चको इतिहासमा आधारित घट्नाहरूको टुक्कालाई लिएर समावेश भएका छन्। कुन नीतिहरू अपनाउनु पर्ने हो सो उल्लेख गरिएको छ तर प्रायजसो सिधा नभनी घुमाउरो तरिकाले निर्देशन दिइएको छ। एलेन जी ह्वाइटका लेखहरू सिधा प्रस्तुत गर्नुको सट्टा घुमाउरो तरिकाले प्रस्तत गर्दा पाठकहरूले बुझ्न प्रयास गर्नुपर्ने अपेक्षा गरिएको छ। तै पनि लेखनशैलीले गर्दा पाठकहरूले लेखहरू चासो लिएर पढ्न सकिन्छ। चर्चले सक्रिय भएर काम गर्नुपर्ने एलेन जी ह्वाइटको चाहना हो भन्ने कुरालाई उहाँका लेखहरूले स्पष्ट पारेका छन्।

पाठकहरूले उनको सल्लाहमा उल्लेखित मूल विषयबस्तु के हो सो बुझ्न खोज्नुपर्दछ र उनले उल्लेख गरेका नीतिहरूलाई आफ्नै समय र संस्कारलाई सुहाउँदो गरि व्यवहारिक रूपमा अपनाउनुपर्दछ। उहाँ आफैले लेख्नुभएको थियो, "जुन लेखहरू लेखिएको छ त्यसमा

कुनै पनि आवश्यक विषयमा वेवास्ता गरेर लेखिएको छैन न त विषयबस्तुलाई पन्छाइएको छ। तर कुन समय र स्थानमा प्रयोग गरिने हो त्यसको ख्याल गर्नु जरुरी छ" (१ सेमे ५७)। उहाँको समयमा ठूला ठूला पालहरू टाँगेर सार्वजनिक सुसमाचारीय सभा हुन्थ्यो। आजको परिपक्ष्यमा सुसमाचार प्रचार भन्न सकिन्छ र त्यसबेला भेला हुने सहभागीहरूमा आधा जति सेभेन्थ-डे एडभेन्टिस्टहरू थिएनन्। एलेन जी ह्वाइटका लेखन सामग्रीबाट विभिन्न विषयबस्तहरुलाई सम्बोधन गरिएर सङ्कलन गरेको यो पुस्तक अत्यन्तै उपयोगीमूलक छ। ती विषयहरूको बारेमा उनको धारणा के छ सो सजिलैसँग थाहा पाउन सकिन्छ। एलेन जी ह्वाइटका विचारहरूलाई ठीक ढङ्गमा र कुनै पूर्वाग्रह नराखि जनसमक्ष ल्याउनु सङ्कलनकर्ताहरूको लक्ष्य हो। कुनै विषयबस्तुहरूलाई उतार्नुपर्दा उहाँले भन्नुभएको त्यस विषयको पूरा लेखहरू कहाँ छ सो उल्लेख गरिएकोले पाठकहरूले ती विषयहरूको विस्तृत जानकारी तिनीहरूबाट पढ्न सकिन्छ। जब जब उहाँले विषयबस्तुलाई धेरै सम्बोधन गरिएको छ धेरै लेखिएको छ तर जहाँ थोरै सम्बोधन गरिएको छ त्यहाँ थोरैमात्र उल्लेख गरिएको छ।

यो अत्यन्त समसामयीक र महत्त्वपूर्ण पुस्तक एलेन जी ह्वाइटका विभिन्न लेखहरूबाट सङ्कलन गरि निकालिएको हुनाले जनरल कन्फरेन्स मिनिस्टेरियल आसोसियशन स्टाफप्रति ह्वाइट इस्टेट सराहना व्यक्त गर्दछ। यस पुस्तक अध्ययन गरेर पाठक वर्गहरूले अत्यधिक मात्रामा फाइदा उठाउन् भनि मिनिस्टेरियल आसोसियशन र ह्वाइट इस्टेटको हार्दिक प्रार्थना छ। जब प्रारम्भिक अध्यायमा पास्टरको ख्रीष्टसँग व्यक्तिगत सम्बन्धदेखि अन्तिम अध्यायसम्ममा उल्लेखित अनुकरणीय उदाहरण पास्टर येशूको बारेमा अध्ययन गरिन्छ यस पुस्तकको पाठकहरूले अत्यधिक मात्रामा येशूभावनामा गाभिन सकून् र तपाईंहरूको सेवाकार्यमा बल मिलून् भनि हार्दिक कामना यस पुस्तकको प्रकाशकले व्यक्त गर्दछ।

एलेन जी ह्वाइट इस्टेट बोर्ठ अभ ट्रस्टिज

अध्याय १
व्यक्तिगत उपासनाहरू

हामीहरूका चर्चका पाष्टर तथा अगुवाहरू येशूतिर फर्किएको हुनैपर्छ:- चर्चमा कतिपय मानिसहरू देखावटी इसाईहरू हुन्छन्। जब सही रूपमा पास्टर तथा अगुवा केवल येशूतिरमात्र ध्यान राखेर चल्दछ वा सत्य आत्मपरिवर्तन हुन्छन्, तब तिनीहरूको कार्यक्षमता र प्रभावले सियोन अर्थात् चर्चका ढोँगी इसाई र पापीहरू डरले काँम्दछन्। चर्चमै सत्यता र पवित्रता अर्थात् आध्यात्मिक गरिमा धुलोमा मिसिरहेको छ। जो मानिसहरू येशूको बारेमा सुनाउनै पर्छ भनेर गम्भीर आवाज घन्काउँछन् र यदि तिनीहरू परमेश्वरको सामु आफ्नो लेखाजोखा दिनुपर्छ भन्ने कुरो थाहा पाएको भए तिनीहरूले जोसिलो र निरन्तर प्रार्थनाको आवश्यकता भएको महसुस गर्ने थिए । जब सहर तथा गाउँ मध्य रातको निन्द्रामा परेको थियो, जब प्रत्येक मानिस आ-आफ्नै घरमा गइसकेका थिए तब हामीहरूको अनुसरणीय उदाहरण हुनुभएको येशू ख्रीष्ट जैतुन डाँडामा जानुहुन्थ्यो र रूखका झाङ्गहरूको बीचमा रातभरि प्रार्थनामा लागिरहनुहुन्थ्यो। उहाँ जो आफैमा कुनै पापको अलिकति दाग पनि थिएन, आशिषको खानी हुनुहुन्थ्यो, समुद्रमा हुरी वतास चलिरहेको रातमा आतङ्कले थर थर काँपिरहेका चेलाहरूले त्यस हुरीबतासलाई शान्त पार्न उहाँको आवाज सुनेका थिए, मानिसहरूको सामु स्वर्गिय आशिषहरू उहाँले खन्याउनुभएको थियो र जसको आवाजले चिहानहरूबाट मरेकाहरूलाई बोलाउन सकेको थियो, त्यही येशू रातभरि आँखाभरि आँसु निकाल्दै हृदयदेखि रूँदै कराउँदै परमेश्वरको सामु बिन्तिभाउ गर्नुहुन्थ्यो। उहाँ आफ्नो निम्ति प्रार्थना गर्नुभएको थिएन, तर ती मानिसहरूको निम्ति जसलाई पापबाट उद्धार गर्न आउनुभएको थियो। जब येशू उहाँका पिताको हातबाट अन्धकारको शक्तिसँग मुकाबिला

गर्न ताजा बल खोज्दै हुनुहुन्थ्यो। तब त्यहाँबाट निस्कनुहुँदा उहाँ फुर्तिलो, तेजिलो र बलियो भएर मानिसको सट्टामा उभिनु भयो। त्यसबखत उहाँ पीडाले होमिएको मानव जगतसँग आफूलाई पहिचान गराउनुभएको थियो र प्रार्थनाको आवश्यकता कतिको रहेछ भनेर सबै मानिसको निम्ति उदाहरण बनेर देखाउनुभएको थियो। -टेस्टिमोनिज फद चर्च ठेली ४, ५२८।

यदि चर्चका अगुवा तथा पाष्टरहरू दिनदिनै आत्मानुशासन वा येशूतिर फर्किने बानी भएन भने उहाँमा भएको सत्य ज्ञानलाई कहिल्यै पनि मानिसको सामु तिनीहरूले प्रकट गर्न सक्दैन:- हामीहरूको बिचमा रहेका परमेश्वरका वचन सिकाउने धेरै इसाई बन्धुहरू दिनदिनै येशूतिर फर्किने बानी नभएको मैले महसुस गरेको छाप मेरो दिमागमा लागिरहेको छ कि त्यसको वयान गर्न म असमर्थ छु। अनुग्रह र ज्ञानबुद्धि प्रदान गर्न ख्रीष्ट तयार भएर उभिनुहुन्छ। यदि चर्चको अग्र स्थानमा रहेर जिम्मेवार ओहदा ओगटेकाहरू दिनदिनै आत्मपरिवर्तन वा येशूतिर तल्लिन हुने बानी भएन भने तिनीहरूले अरूलाई ठीक बाटोमा अगुवाई गर्न सक्दैनन्। यदि तिनीहरू आफ्नै ज्ञानबुद्धि वा धेरै पढेको योग्यतामा भरपरेर सिकाउन थाले भने तिनीहरूले मानिसहरूलाई गलत बाटोमा अगुवाइ गर्न सक्छन् किनभने ती अगुवाहरूलाई दिएको पवित्र कामलाई तिनीहरूले राम्रोसँग बुझेको छ भनेर सर्वसाधारण विश्वासीहरूले पत्यार गर्छन्। पास्टर तथा अगुवाहरूलाई विभिन्न जिम्मेवारी सुम्पिएका छन् तिनीहरू आफूलाई निगरानीमा राख्नुपर्छ। पवित्र हुन, शुध्द हुन र आचरणमा सफा तथा चुस्त हुन, नम्र भएर प्रार्थनामा लागिरहनुपर्छ। यदि नाम मात्रका इसाई भनाउँदा अगुवा तथा पास्टरहरूले आफ्नो सत्य चरित्रलाई आत्मआलोचना गरेर हेरेन र तिनीहरू येशू जस्तै हुन सक्दैनन् भने तिनीहरू कहिल्यै पनि येशूमा भएको सत्यतालाई मानिसहरूको सामु प्रकट गर्न सक्दैनन्। -लेटर ६४, १९०६ (पावलसनले सङ्कलन गरेका एलेन जी ह्वाइटका पत्रहरू ४३)।

जब पाष्टरहरूको हृदय परमेश्वरतिर दिनदिनै फर्केको छैन भने तिनीहरू हतार हतारमा निर्णयहरू गर्दछन् र बुद्धि पूर्ण तरिकाले काम गर्दैनन्- आफू पवित्र कामको निम्ति अभिषेक गरिएको हो भनेर कतिपय पास्टरहरूले बिर्सेका हुन्छन् जुन विश्वासीहरूको जिम्मा तिनीहरूलाई दिइएको छ जसको लेखाजोखा तिनीहरूले दिनुपर्छ भन्ने महसुस पनि तिनीहरूले गुमाएका हुन्छन्। तिनीहरू होश पुऱ्याएर बोल्दैनन् र मूर्खतापूर्ण कामहरू गर्दछन्। तिनीहरू अबुज पनामा चलेको छ भनेर तिनीहरूलाई थाहा हुँदैन किनकि तिनीहरू दिनदिनै ताजा आत्मिक रूपमा परिवर्तन भएका हुँदैन। त्यस्ता व्यक्तित्व भएका चर्चको अगुवा वा पास्टरहरूमाथि भरोसा राख्दा विश्वासीहरुले विश्वास गुमाउन सक्छन जुन दु:खलाग्दो छ। जुन बहुमूल्य मानिसहरूको निम्ति ख्रीष्ट मर्नुभयो तिनीहरूलाई सैतानको पासो र प्रलोभनमा पार्न दिएर उसको खेलाडी बनाउन दिनुहुन्न।" - म्यानुस्क्रिप्ट रिलिजेज १९:२१२।

तपाईँको निम्ति येशू को हुनुभएको छ भनेर थाहा नपाउँञ्जेल प्रचार नगर्नुहोस् वा प्रवचन नदिनुहोस्– मानिसहरूलाई महत्त्व दिनुहुन्न भनेर के मेरा भाइहरूले जान्छन् त? मानिसहरूको हृदयमा ख्रीष्टले काम गर्नुहुन्छ तर ती भाइहरूले होइन भनेर स्वीकार गर्न तिनीहरू तयार छन्? के मेरा पास्टर भाइहरूले परमेश्वरसँग गोप्यरूपमा उहाँको उपस्थिति र उहाँको शक्तिको निम्ति प्रार्थना गर्छन् त? तपाईँको आफ्नै अनुभवद्वारा येशू तपाईँको निम्ति को हुनुभएको छ सो थाहा नपाइ अर्को प्रवचन दिन साहस नगर्नुहोस्। यदि तपाईँको हृदय ख्रीष्टको धार्मिकता माथि विश्वास गरेर पवित्र बनाइयो भने तपाईँले प्रवचन दिन सक्नुहुन्छ। तपाईँका स्रोताहरूको सामु पुनरुत्थान हुनुभएको मुक्तिदातालाई उचाल्न सक्नुहुन्छ। नम्र हृदय र येशूको प्रेमले पग्लिएर तपाईँले यो भन्न सक्नुहुन्छ, "हेर्नुहोस् परमेश्वरको थुमा जसले संसारको पापलाई उठाइ लैजानुहुन्छ।" -टेस्टिमोनिज टु मिनिस्टस एण्ड गस्पल वर्कर्स,१५४,१५५।

जति तपाईँ स्वामी येशूप्रभुसँग मिलेर काम गर्नुहुन्छ त्यति तपाईँ उहाँसँग मिल्दोजुल्दो हुन गएको देखिनेछ- ख्रीष्टको सेवक जति धेरै उहाँको जीवन र चरित्र तथा स्वभावको बारेमा ध्यान गर्दै उहाँसँग एक हुन्दै काम गर्दछन, त्यति नै धेरै उसको आचरणमा येशूलाई देखाउँछ र अरूहरूलाई सत्य सिकाउन झन योग्य हुदै जान्छन्। महान् अनुकरणीय उदाहरण येशूको जीवनको प्रत्येक स्वभावलाई केलाएर अध्ययन गर्नुपर्छ। जीवित विश्वासको प्रार्थना द्वारा उहाँसँग कुराकानी गर्नुपर्छ। यस नीतिलाई आत्मसात् गरेर चलियो भने कमजोर मानव चरित्र उहाँको महिमित चरित्रको स्वरुपमा परिवर्तित हुँदै जान्छ। अनिमात्र सत्यको बारेमा सिकाउने अगुवाहरूले मानिसहरूलाई येशू ख्रीष्टतिर अगुवाई गर्न सक्षम् हुन्छ।" -द स्पिरिट अभ प्रोफेसी ३:२४४।

आफ्नो स्वार्थ वा भाऊ खोज्ने प्रवृत्तिलाई परमेश्वरको चाहनामा समर्पित गर्नु त्यति सजिलै हासिल गर्ने गुण होइन- आफैसँग आफू भिड्नु यस संसारमा लड्ने कुनै पनि लडाँई लड्नुभन्दा ठूलो हो। आफूलाई परमेश्वरकै हातमा छोड्नु, आफूसँग भएको सबै थोक परमेश्वरको इच्छामा समर्पण गर्नु र नम्रताको पोशाक पहिरनु, शुध्द, शान्तिमय र सबैसँग मिलनसार हुने प्रेमले सुसज्जित हुनु, नरम र असल फलहरूले भरिपूर भएर चल्ने स्वभाव मानिसहरूमा सजिलैसँग उब्जिँदैन। यद्यपि, यस संसारमा रहँदा नै सिद्ध बिजयी स्वभावलाई अङ्गालेर चल्नु हाम्रो अवसर र कर्तव्य हो। सत्य आत्मज्ञान र पवित्रतामा परिवर्तन हुन मानिसले परमेश्वरमा आफ्नो जीवन समर्पण गर्नैपर्छ। ख्रीष्टको पवित्र जीवन र चरित्र सबैको अनुकरणीय तथा बिश्वसनीय उदाहरण हो। स्वर्गमा रहनुहुने पितामा उहाँको भरोसा असिमित थियो। उहाँले कुनै कुरालाई नलुकाइ परमेश्वर पिताको आज्ञामा हिँड्नुभएको थियो। उहाँको समर्पित जीवन सिद्ध र पारदर्शि थियो। उहाँ आफ्नो भाउ खोज्न वा अरूबाट सेवा पाउन होइन तर अरूलाई सेवा गर्न आउनुभएको थियो। आफ्नो इच्छा पूरा गर्न वा आफ्नो चाहना अनुसार चल्न उहाँ आउनुभएको थिएन । तर

उहाँलाई पठाउनेको इच्छा पूरा गर्न उहाँ आउनुभएको थियो। उचित र धार्मिक नीतिमा न्याय गर्नुहुने परमेश्वरमा आफ्नो सारा थोक उहाँले सुम्पनु भएको थियो। यस संसारको मुक्तिदाताको मुखारबाट यी शब्दहरू सुनिएको थियो, "म आफैले केही गर्न सक्दिँन।" -टेस्टिमोनिज फर द चर्च ३:१०६,१०७।

जो अभिमानी छ वा मलाई सबै कुरा थाहा छ भनेर फूर्ति गर्छ, र आफ्नो सम्मान वा भाऊ खोज्छ र आफू उच्च ओहदामा छु भनेर घमण्ड गर्छ त्योसँग प्रभु काम गर्न सक्नुहुन्न- बगालका त्यस्ता गोठालाहरूसँग मिलेर परमेश्वर काम गर्नुहुन्छ भनेर तिनीहरू अपेक्षा गर्छन् र? मलाई परमेश्वरले देखाउनुभएको आत्मज्ञानको ज्योति अनुसार, मलाई यो थाहा छ कि अहिलेको भन्दा बिस गुणा काममा उपलब्ध हासिल गर्न सकिन्छ। तर त्यसको निम्ति उहाँसँग काम गर्ने सहकर्मीहरूले मानिसमाथि भरपर्नु भन्दा उहाँसँग बल र सहयोग लिएर काम गर्नुपर्दछ। यस समयको निम्ति विश्वासका धरोहर भएका मानिसहरूको आवश्यक छ। केवल हल्कारूपमा प्रचारवाजी गर्ने मानिसहरू होइन तर परमेश्वरका जनहरूलाई सेवा गर्न अग्रसर हुने मानिसहरूको खाँचो अहिले छ। परमेश्वरसँग दिनदिनै हिँड्ने मानिसहरू हामीलाई चाहिन्छ। स्वर्गसँग जीवित सम्पर्क राखिरहने भक्तजनहरूको आवश्यकता यस युगको माग हो। आफू पढेलेखेको छु, अरूभन्दा जान्नेछु, मलाई अहिले जे थाहा छ त्यो नै पर्याप्त छ, मेरो ओहदा र जिम्मेवारीको कारण अरूहरूले मलाई सम्मान गर्नुपर्छ भन्ने मनस्थिति भएका कुनै पनि मानिस वा पास्टर नै किन नहोस् तिनीहरूसँग मिलेर प्रभुले काम गर्न सक्नुहुन्न। आफ्नो सबै स्वार्थ वा स्वयंलाई येशूमा लुकाउनै पर्दछ। यदि हामीमा परमेश्वरको आत्मा गहिरो रूपमा चलिरहेको हामीले देख्न सक्यौँ भने येशूमा भएको सत्यलाई हामी देख्नु सक्छौँ। परमेश्वरको आत्मा हाम्रा हृदयमा रहेर सत्यलाई हाम्रो जीवनमा उपयोग गर्न दिन सकिएको भरमा प्रवचन वा सुसमाचार सुनाउन हामी कति सक्षम छौँ भनेर देखाउँदछौँ। जब परमेश्वरलाई

खोज्न एलिया पहाडहरूमा गए, अग्नी ज्वाला उनको अगाडि गएको थियो; त्यस ज्वालामा परमेश्वर हुनुहुन्थ्यो। ठूलो हुरी बतास, बज्र र बिजुली चम्क्यो; तर तिनीहरूमा पनि परमेश्वर हुनुहुथिएन। अनि सानो सुरिलो र मधुर आवाज आयो, तब त्यो आवाजले गर्दा आफू परमेश्वरको अगाडि रहेछु भनेर थाहा पाएर अगमवक्ताले आफ्नो शिर छोपे। मानिसहरूको चेतना वा विवेकमा बोलेको परमेश्वरको मधुरो, शान्त र सानो पवित्र आत्माको आवाजले तिनीहरूको अवस्थालाई भन्डाफोर गरेर तिनीहरूलाई परिवर्तन गर्न सक्दछ। - द रिभ्यु एण्ड हेराल्ड, जुन १८, १८८९।

थियोलोजी वा बाइबल जान्ने पास्टर वा चर्चका अगुवाहरूभन्दा धेरै मानिसहरू जान्नेछन्- अरू मानिसहरूलाई सेवाकार्यमा संलघ्न हुनुभन्दा पहिले पास्टरहरूले आफ्नो हृदय र दिमागलाई जाचेर तयार गर्नु आवश्यक छ । किनभने कतिपय ज्ञानगुन र सेवाकार्यमा तिनीहरूभन्दा अरू मानिसहरू धेरै अगाडि छन्। परमेश्वरले आशिष नदिउँञ्जेल तिनीहरू प्रार्थनामा नथाकि सङ्घष गरिरहनुपर्दछ। जब परमेश्वरको प्रेम तिनीहरूका हृदयको बेदीहरूमा जलिरहन्छ तब तिनीहरूले प्रचार गर्दा तिनीहरूले आफूहरूलाई आकर्षित गर्ने र आफूहरू धेरै जानेको छु भन्ने शैलीले होइन तर संसारका पाप उठाइ लैजानुहुने येशूतिर आकर्षित गराउन उहाँलाई प्रस्तुत गर्नेछन्। - द रिभ्यु एण्ड हेराल्ड, अगस्ट १५, १८८२।

कतिपय पास्टरहरू मानिसहरूसँगको व्यवहारमा चिसो छन् अर्थात् तिनीहरू परमेश्वरको आत्मा वा जोशबिना काम गर्न सक्छन्- कतिपय पास्टर वा सुसमाचार प्रचारका अगुवाहरूमा परमेश्वरको जोशिलो आत्मा वा भावनाको कमी छ किनकि तिनीहरू त्यो बिना औपचारिक पूरा गर्न काम गरिरहेका हुन्छन्। तिनीहरूमा परमेश्वरको अनुग्रहको कमी छ, तिनीहरूमा धैर्यता, संयमता र सदाशयताको कमी छ। तिनीहरूमा त्याग र समर्पणताको पनि कमी छ। त्यसैकारण कतिपय पास्टर र सेवकहरूले परमेश्वरको वचनको प्रमाण र प्रभावकारितामा

शङ्का गर्दछन्। कारण परमेश्वरको वचनमा समस्याहरू भएकोले होइन, तर तिनीहरू आफैमा भएको समस्याले गर्दा हो। तिनीहरूमा परमेश्वरको अनुग्रहको कमी छ; व्यक्तिगत धर्मपराणता, पवित्र काम गर्ने समर्पणता, पवित्रता र निश्कलङ्क भएर बस्ने चरित्रहरूको कमी छ। यस्तो खालका चरित्रले तिनीहरूको आस्थालाई नै ढलमल पारिदिन्छ र प्रायजसो तिनीहरूले थाहै नपाइ आफूहरूलाई सैतानको युद्धभूमिमा पार्दछन्। मलाई दर्शनमा यो देखाइएको छ कि चर्चको काममा र सत्यलाई प्रचार गर्ने काममा जतिसुकै निपुण भएतापनि; मानिसहरूको सामु जतिसुकै धर्मात्मा देखाएतापनि जब तिनीहरूले बाइबलको प्रेरणाको बारेमा चर्चा गर्न थाल्छन् तब तिनीहरूबाट हामी डराउनु पर्दछ; किनकि तिनीहरूबाट परमेश्वर धेरै टाढा हुनुहुन्छ। -टेस्टिमोनिज फर द चर्च, १:३८३,३८४।

तपाईँको प्रार्थना गर्ने, बाइबल अध्ययन गर्ने र आत्म आलोचना वा जाँच्ने समयलाई बढो सतर्कतासाथ निगरानीमा राख्नुहोस्- हामी ठूलो द्वन्द्वकालमा छौँ। जो व्यक्ति येशूमा सत्यवादी भएर बस्दछ त्यसले मानिसहरूका धारणा र शिक्षादीक्षाहरूभन्दा गहिरो गरेर बाइबल अध्ययन गर्नुपर्दछ। चाहे चर्चका सबै पास्टर, सेवक, अगुवाहरू र युवा होस् वा बृद्ध होस्, मेरो सन्देश यो छ: तपाईँले प्रार्थना गर्ने, बाइबल अध्ययन गर्ने र आत्म आलोचना वा जाँच्ने समयलाई बढो सतर्कतासाथ निगरानीमा राख्नुहोस्।

दिनको केही अवधि बाइबल अध्ययन गर्न र परमेश्वरसँग संवाद गर्न समय छुट्याउनुहोस्। यसरी तपाईहरूले आत्मिक बल प्राप्त गर्न सक्नुहुन्छ र परमेश्वरको निगाहमा तपाईँहरू बढ्न सक्नुहुनेछ। तपाईँलाई चाहिने आवश्यक आदर्श जोश, जाँगर र प्रेरणा केवल उहाँलेमात्र दिन सक्नुहुन्छ; उहाँलेमात्र तपाईँको चरित्र उहाँको स्वरुपमा ढाल्न सक्नुहुन्छ। भित्री हृदयदेखि इमान्दारितासाथ प्रार्थना गरेर आफूहरूलाई परमेश्वरतिर खिच्नुहोस्, र उहाँले मात्र तपाईँका हृदय र दिमागहरूलाइ उच्च र पवित्र लक्ष्यको निम्ति भरिदिन सक्नुहुन्छ।

सोचबिचारको शुद्धता र स्पष्टतालाई भित्री हृदयदेखि भोकाउन र तिर्खाउने चाहना परमेश्वरले मात्र उपलब्ध गराउन सक्नुहुन्छ। - गस्पल वर्कर्स, १००।

बाइबल अध्ययन

आफूचाहीं लापर्वाही गरेर बाइबल अध्ययन गर्नेहरूले बाइबल सिकाउनु पाप हो- जो पास्टर सुसमाचारीय काम गरेर अरूहरूको मुक्तिको निम्ति परिश्रम गर्दछन् तिनीहरू दुवै बाइबलका गहन विद्यार्थीहरू र प्रार्थनाका मानिसहरू हुनुपर्दछ। आफै बाइबल अध्ययनमा समय दिन नसक्ने वा बाइबल अध्ययनको वेवास्ता गर्नेले अरूहरूलाई बाइबल सिकाउन खोज्नु त पापै हो। के तिनीहरूले सिकाइरहेका सत्यहरू शक्तिशाली र प्रभावकारी छ? तिनीहरूले बढो कुशलतासाथ सिकाउनुपर्दछ। तिनीहरूले सिकेका ज्ञान, धारणा वा विद्या प्रभावकारी रूपमा प्रस्तुत गर्न सक्नुपर्दछ। तिनीहरूले के विश्वास गरेका र ती शिक्षाका प्रमाणहरूप्रति तिनीहरू राम्रोसँग परिचित छ भनेर जनसमक्ष देखाउन सक्नुपर्छ। जो मानिसमा जीवनको वचनको ज्ञान सजिएको छैन त्यस्ता मानिसले अनन्त जीवनको बारेमा सिकाउने अधिकार छैन। - गस्पल वर्कर्स, २४९।

युवा पास्टर र सुसमाचार प्रचार गर्ने सेवकहरू आफैले बाइबलमा खोजिखोजि अध्ययन गर्नुपर्दछ- पास्टरी काममा संलग्न हुने युवाहरूलाई म आह्वान गर्न चाहन्छु कि तिमीहरूले के सुन्छौँ त्यसमा सतर्क हुनुपर्दछ। बाइबल समुद्र हो, त्यसकारण त्यसमा भएका विद्याहरूमा तिमीहरूको अल्पज्ञान छ, त्यसकारण तिमीहरूले सिकेका बहुमूल्य सत्यताहरूलाई कसैले चुनौति दियो भने त्यसमा तिमीहरू होशियार हुनुपर्दछ। तिमीहरू आफैले सत्यताहरूलाई बाइबलमा खोजिखोजि अध्ययन गरेर आस्थाको जग बसाल्नुपर्दछ। बाइबलको ज्ञानमा तिमीहरू जतिसुकै निपुण भएतापनि वा त्यसमा ठुला ठुला डिग्रीहरू हासिल गरेतापनि तिमीहरूको सिमित ज्ञान छ भनेर स्वीकार्नु अनिवार्य छ। यद्यपि, सत्य के हो तिमीहरू आफैले केलाएर थाहा

पाउनुपर्छ। कुनै पनि मानिसका वचनहरू, परमेश्वरको वचनमा पूर्वाग्रह राख्नेहरूको शिक्षा, मानिसका तर्कवितर्क वा वादविवाद, र अनेकौँ दर्शन र धारणाहरूलाई तिमीहरूको दिमागमा घुसाएर यो सत्य हो भनेर नठान्नु। मानवीय शिक्षादीक्षामा लाग्दा कतिपय पास्टरहरूको आत्मिक अनुभवमा धक्का पुग्छ र परमेश्वरसँगको सम्बन्धलाई जोखिममा पार्छ। तर त्यसको बदलामा ती पास्टर वा सुसमाचार प्रचार गर्ने अगुवाहरू बाइबलमा पारख हुनुपर्दछ र परमेश्वरको शिक्तिले सम्पन्न हुनुपर्दछ। तपाईँहरूले आफ्ना बाइबलहरूलाई लिनुहोस्, प्रभुको सामु नम्र भएर शिर झुकाउँदै, रुँदै, उपवास बस्दै प्रार्थना गर्नुहोस्। येशूको हुनेवाला चेला नाथनिएलले त्यसैगरेका थिए। उनको प्रार्थनाको उचित जवाफ उनलाई मिलेको थियो। -एलेन जी ह्वाइट राइटिङ्ग ८८:१४१।

सत्यलाई अस्विकार गरेर वा सत्यप्रति इमान्दार नभएर पास्टरहरूले देखावटी प्रचार गर्छन् भने बाइबललाई गलत ढँगमा लिइरहेको छ भनेर श्रोतावर्गहरूले मूल्याङ्कन गर्दछन्- हाम्रो सुसमाचारीय कार्य सानो र दोषपूर्ण छ। यदि सत्य प्रचार गर्नेको हृदयमा येशू हुनुहुन्न भने तिनीहरूले धार्मिक र नैतिक स्तरहरूलाई तल झारिरहेको हुन्छन्। जब इसाईहरूमा अनैतिकता र असत्यप्रति आँखा चिम्लिन्छ तब त्यहाँ येशूको उपस्थित हुँदैन। बाइबलको बारेमा येशूले अनुमोदन गर्नुभएको यो तथ्यलाई हृदयमा राखिछोड्नुपर्दछ, "सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसजित भई सिद्ध भएको होस्।" २ तिमोथी ३:१६-१७। कहिल्यै पनि गलत नहुने परमेश्वरको सल्लाह, अर्तीहरू बाइबलमा छ। जब यसमा भएको शिक्षादीक्षालाई व्यवहारिक रूपमा लागु गरियो भने मानिसलाई कुनै पनि काम गर्न यसले योग्य बनाउँछ। मानिसको आत्मा वा चेतनामा बोलिरहने परमेश्वरको आवाज बाइबल हो। युवायुवतीहरूले बढो

होशियारसाथ परमेश्वरको वचन अध्ययन गर्नुपर्छ र यसमा व्यक्त गरेका भावनाहरूलाई हृदयमा सजाइ राख्नुपर्दछ। तिनीहरूको सबै आचरणलाई बाइबलका नीतिहरू अनुसार चल्न दिनुपर्दछ। हाम्रा युवा पास्टरहरू र केही प्रवचन दिइरहनेहरू बाइबलको ज्ञानमा कमी भएको मैले अनुभव गरेको छु। अन्धकार दिमाग वा ज्ञानलाई उज्यालो पार्ने, स्वार्थी र आफ्नो भाऊ खोज्ने प्रवृत्तिलाई पगाल्ने, पत्थरको हृदयलाई नरम गर्ने, विद्रोही भएर अवज्ञा गर्ने मनस्थितिलाई मत्थर पार्ने र यस संसारका भ्रष्ट गर्ने प्रभावहरूबाट बचाइ राख्ने पवित्र आत्माको काम हो। चेलाहरूको निम्ति येशूले यो प्रार्थना गर्नुभएको थियो: 'तपाईँको सत्यले तिनीहरूलाई पवित्र बनाउनुहोस् र चोखो राख्नुहोस्। तपाईँको वचन सत्य हो।" पवित्र आत्माको तरवार परमेश्वरको वचन हो। यसले पापीको हृदयलाई छेडेर टुक्रा टुक्रा पार्दछ। जब पवित्र आत्माको प्रभावबिना सत्य विद्यालाई मानिसहरू सामु प्रस्तुत गरिन्छ तब सुन्नेहरूमा त्यसको शक्तिले काम गर्दैन। बरू त्यो गलत विद्या असत्य हो भनेर श्रोताहरूले मूल्याङ्कन गर्दै त्यसलाई अस्वीकार गर्दछन्। त्यस परिवेशमा यदि मानिसहरूले येशूलाई अस्वीकार गरेर अनन्त जीवन गुमाउँछ भने त्यसको जिम्मेवारी सिकाउने मानिस नै हुन्छ। -टेस्टिमोनिज फर द चर्च, ४:४४१।

प्रार्थना

जब पास्टर तथा सुसमाचार प्रचारक सेवाग्रहीहरूले प्रार्थना गर्दछन्, तब त्यसको नतिजा उल्लखेनीय हुन्छ- तपाईँहरू जीवन दिने स्वाद वा मरण दिने स्वाद अर्थात् बास्ना हुनुहुन्छ। तपाईँहरूले पाउनुभएको जिम्मेवारी बढो श्रद्धापूर्वक सचेत भएर सम्हाल्नुहोस्। तपाईँहरूसँग भएको समयलाई खेर नफाल्नुहोस्। बिन्तीभाउ गरेर परमेश्वरकहाँ आउनुहोस्। यदि तपाईँहरू परमेश्वरको नजिक हुनुभयो भने तपाईँहरू निर्मल नदीको किनारामा रोपेको रूख जस्तो हुनुहुनेछ। त्यसको पात जहिले पनि हरियो नै हुन्छ। त्यसले आफ्नो मौसमा फल दिन्छ। येशूका पास्टर तथा सुसमाचार प्रचारकहरू हो, तपाईँहरूलाई

परमेश्वरको शक्तिको आवश्यकता छ। अलिकति पनि दिक्क नमानी तपाईँहरूलाई परमेश्वरले शक्ति सम्पन्न गराउन चाहनुहुन्छ। तपाईँहरूको योजना उहाँबाट आउनुपर्दछ। परमेश्वर कहाँ मात्र जानुहोस् र उहाँको वचनलाई आत्मसात् गर्नुहोस्। तपाईँहरूका सबै कामहरू परमेश्वरले दिनुभएको प्रतिज्ञामा आधारित जीवित विश्वासले समाली राखियोस्। मानिसहरूलाई मन मुग्ध पार्ने अलङ्कारित र तार्किक प्रार्थना परमेश्वरले तपाईँहरूबाट माग्नुभएको छैन। तर तपाईँहरूको नम्र र टुटेको हृदयहरूले गरेको प्रार्थना, परमेश्वरबाट सिक्न चाहने र त्यस अनुसार चल्न चाहने चाहनालाई उहाँले आदर गर्नुहुन्छ। प्रार्थनामा लागिरहने पास्टर, जोसँग जीवित विश्वास छ, उनले आफ्नो कामबाट परमेश्वरको साथमा हिँडिरहेको छ भनेर देखाउँछन्। उनको परिश्रम फलदायी हुन्छ। उनले पृथ्वी र नरकबाट अनेकौँ अवरोध र समस्याहरूको सामना गर्नुपरेतापनि उनी अडिग भएर बस्दछन्। -रिभ्यु एण्ड हेराल्ड, अगस्ट ८,१८७८।

परमेश्वरसँग हार्दिक सुमधुर सम्बन्ध जारी नराखी चर्चको कुनै काम पनि अघि बढाउनुहुन्न- जुन काम गरेपनि त्यो काम परमेश्वरको अनुमोदनमा गरिएको हो भन्ने अनुभूति हुनुपर्दछ। उहाँसँग प्रार्थना गरेर काम गर्दा त्यसको नतिजा ठोस हुन्छ। हाम्रो दैनिक जीवनले परमेश्वरसँग हाम्रो सम्बन्ध सुमधुर छ, उहाँको शान्ति हामीसँग छ र उहाँको आश्रयमा हामी चलिरहेका छौ भनेर हामीले देखाउनुपर्दछ। हाम्रो अनुहारको चमकले उहाँको शान्ति हामीमा छ भनेर देखाउँदछ। जब हामीमा परमेश्वर हुनुहुन्छ भन्ने अनुभूत अरूलाई दिन्छौँ तब हाम्रो वचन प्रभावकारी हुन्छ र अरूहरूले सुन्न निको मान्छन्। जब हामी परमेश्वरसँग सम्पर्क जारी राखेर चल्दछौँ, तब हाम्रो चरित्रमा नैतिकताले उच्च स्थान लिन्छ र हामीले गरेका सबै काममा हामी नैतिकवान छौँ भनेर देखाउँछ। त्यसले गर्दा मानिसहरूले हाम्रो बारेमा छुट्टै पहिचान भएको महसुस गर्नेछन् । येशूका प्रथम चेलाहरूको व्यवहारमा तिनीहरू उहाँसँग थिए भनेर मानिसहरूले महसुस गरेका

थिए। येशूसँग रहने बानीले पास्टरहरुको काममा ठूलो क्षमता बढ्छ। उनले प्रचार गरेको भन्दा उनको जीवन प्रभावकारी हुन्छ। तर यो स्तरमा पुग्न पास्टरले आफ्नो भाऊ खोज्ने प्रवृत्ति हटाउनै पर्दछ। आफू तल रहेर येशूलाई उचाल्ने खुबी उनका हुनुपर्दछ। प्रार्थना र उहाँको बचनको दैनिक अध्ययनद्वारा परमेश्वरसँग टाँसिने आदतलाई उनले वेवास्ता गर्नुहुन्न किनकि उनलाई चाहिने शक्ति वा बलको स्रोत उनले त्यहाँमात्र पाउँदछ। परमेश्वरसँग चर्चका अगुवाहरूले समय नबिताइ चर्चको कुनै पनि काम अघि बढाउनुहुन्न। -टेस्टिमोनिज फर द चर्च ६:४७।

पाष्टर तथा सुसमाचारको निम्ति काम गर्ने अगुवाहरूमा कुनै लुकिएका पापहरू छन् भने तिनीहरूको प्रार्थनाको सुनुवाइ हुँदैन- यस संसारको जीवनशैली वा संस्कारबाट परमेश्वरले हामीलाई चुन्नुभएको छ, त्यसकारण हामी पवित्र र विशेष पाराका मानिसहरू हुनुपर्छ भन्ने कुरामा महसुस गरिराख्नु जरुरी छ। प्रभुले आफूलाई हाम्रो निम्ति सुम्पिन भयो ताकि हामीमा भएका सबै खराब तत्वहरूबाट उहाँले उद्धार होस। असल कामको निम्ति जोश देखाएर विशिष्ट प्रकार र आफ्नै मौलिकता भएका जनहरू हामी हुनुपर्दछ। परमेश्वरका कामदारहरू प्रार्थनामा तल्लिन हुने मानिसहरू हुनुपर्दछ, तिनीहरू बाइबलका लगनशील विद्यार्थीहरू हुनुपर्दछ। तिनीहरू धार्मिकता अर्थात् सत्य आत्मज्ञानको निम्ति भोकाउने र तिर्खाउनेहरू हुनुपर्छ ताकि तिनीहरू तृप्त भएर अरूहरूको निम्ति ज्योति बनुन्न र बल दिउन्। हाम्रो परमेश्वर खेलाँची रुचाउने परमेश्वर हुनुहुन्न। उहाँमा सतप्रतिसत बफादारी नभइ अरू देवीदेवताहरूलाई घुसाएर तिनीहरूलाई सम्मान गरेको उहाँ निको मान्नु हुन्न। जसरी श्रीमानले आफ्नो श्रीमती अरू पुरुषसँग लाग्दा श्रीमानले डाहा गर्छन् त्यसरी नै यदि परमेश्वरलाईमात्र दिनुपर्ने श्रद्धा अरूहरूलाई दिँदा उहाँ डाह गर्नुहुन्छ। सत्य आत्मामा र पवित्रताको सौन्दर्यतामा उहाँको आराधना गरुन् भन्ने उहाँ चाहनुहुन्छ। भजनका लेखकले भनेका छन्, "यदि मेरो हृदयमा मात्र खराब वा पाप

जानाजानी मैले लुकाइ राखेको छु भने प्रभुले मेरो प्रार्थना सुन्नुहुन्न। परमेश्वरका कामदारहरू भएको हुनाले हामी कसरी हिँडिरहेकाछौँ त्यसमा हामी होशियार हुनुपर्दछ। यदि परमेश्वरकै प्रियपात्र गनिएको भजनका लेखकको मनमा खराब तत्वलाई लुकाइ राखेको छ भने त उहाँले उनको प्रार्थना सुन्नु हुन्न भने पास्टरहरूका प्रार्थना परमेश्वरले कसरी सुन्नुहुन्छ र यदि तिनीहरूको हृदयमा पाप लुकिराखेको छ भने? हाम्रा वरिपरिका वातावरण आफै खराब वा खतरामूलक छ। परमेश्वरका कामदारहरू प्रार्थनामा कमजोर होऊन् भनेर सैतानको गहन योजना छ। तिनीहरूका चरित्रहरूमा सत्यसँग तालमेल नहुने खोटहरू छन् भने तिनीहरू सैतानको धरापमा सजिलैसँग पर्दछन। -रिभ्यु एण्ड हेराल्ड, नभेम्बर १०, १८८५बाट रूपान्तरित।

शंका र दूविदामा पर्दा सुसमाचारी कामलाई नाश गर्दछ- कतिपय पास्टर तथा सुसमाचारमा लाग्ने अगुवाहरू परमेश्वरको भक्तिभावमा स्वाभाविकैरूपमा नलागेको देखिएको छ। त्यसकारण तिनीहरूले आफ्नो जीवन, नियतहरूलाई आत्मआलोचना गरेर जाँच्ने प्रथा बसाल्नुपर्दछ र त्यो गरोस् भनेर उत्साह दिनुपर्दछ। धार्मिक क्रियालापलाई दिलैदेखि मनन् र गोप्य प्रार्थनामा लाग्ने बानी तिनीहरूले बसाल्नुपर्दछ। तिनीहरू प्रायजसो शंका, दुविधा र अविश्वासलाई खेलाएर चर्चा गरेको हुन्छ। परमेश्वर माथिको विश्वासलाई ढलमल पार्ने लेखन सामग्री, दर्शन र वादहरूसँग तिनीहरूको द्वन्द्व कस्तो थियो भनेर तिनिहरू एक आपसमा चर्चा गरेको सुनिएको छ। नैराश्यतालाई प्रभाव गर्ने खालका कुराहरू तिनीहरू गरिरहेको पाइएको छ। यस खालको चालचलनले तिनीहरूको विश्वास, आशा र सत्यप्रति अग्रसर भइरहने बानीलाई असर पार्दछ।

आखिरमा आएर तिनीहरू कुन कामको निम्ति खटिएका छन त्यसको सफलतामा आँच आउँदछ। वादविवादमा लाग्नु, शंका र दुविधामा पर्नु पनि विशेष वौद्धिक गुण हो भनेर कतिपयले सोच्दछन्। परमेश्वरलाई विश्वास नगर्नेहरूको सामग्रीहरू पढेर वा तिनीहरूसँग

उभिन्दा तिनीहरूले आफ्नो अविश्वासलाई बल पुऱ्याइरहेको हुन्छ। अनि तिनीहरू अन्धकारमै रमाउन अनेकौँ बहाना बनाउँछन्। त्यस खालको पास्टर र अगुवाहरूलाई म यो सल्लाह दिन्छु: त्यस खालको वातावरणबाट तपाईँहरू बाहीर निस्कनुहोस र चर्चको क्रियाकलापमा पनि भाग नलिनुहोस् जबसम्म तपाईँ हृदयदेखि परिवर्तन भएर पक्का, असल र सच्चा येशूभक्त हुनुहुन्न। पास्टरीय काममा तपाईँहरू जिम्मा लिनुभन्दा पहिले नै यस संसारका हाउभाउ र मोहबाट अलग हुनुहोस्। पास्टर भएर पनि वा चर्चमा अगुवा भएर काम गरेतापनि यदि कोही संका र दुविधामा परेर काम गरिरहन्छ भने तिनीहरूको दशा डरछेरुवा र अविश्वासीहरूको जस्तै हुनेछ। - टेस्टिमोनिज फर द चर्च २:५१३।

येशूले आफ्नो काममा प्रार्थना मिसाउनुभएको थियो- अत्यन्तै बोझ र चिन्ताले लादिएको पास्टरले आफ्नो काम हतारहतारमा गर्छन्। उनले आफूविश्वासमा कतिको बलियो छ भनेर जाँच्ने समयपनि पाउँदैनन्। ध्यान र चिन्तन गर्न र प्रार्थना गर्ने समय पनि पाउन उनलाई मुस्किल हुन्छ। जब येशूले आफ्नो सेवाकार्य गर्नुभएको थियो तब उहाँले आफ्नो कामसँग प्रार्थना पनि सम्मिलित गराउनुभएको थियो। रातौँ रात उहाँ प्रार्थना गरेर बिताउनु भएको थियो। पास्टरहरूले पवित्र आत्माको निम्ति परमेश्वरसँग माग गर्नैपर्छ। यदि तिनीहरूमा पवित्र आत्मा भयो भने तिनीहरूले सत्यलाई ठिक र जोशिलो पाराले प्रस्तुत गर्न सक्नेछन् । -इभान्जलिजम, ९१।

साधना

प्रायजसो सबैले स्व-जाँच अर्थात आफ्नो जीवनको मूल्याङ्कन गर्न वेवास्ता गरेको हुन्छ- धेरै जसो चर्चका पास्टर र अगुवाहरू परमेश्वरमा भय राखेर परिपक्व वा सिद्ध पवित्रताबाट तल झर्ने ठूलो खतरामा परिरहेको मैले देखेको छु । पास्टर र सुमाचार प्रचार गर्ने जिम्मेवार मानिसहरूले आफ्नो अनन्त जीवन धरापमा पारेका छन्। येशूको परिपक्व र सिद्ध

चरित्रमा आफूहरूलाई नढालेका कतिपय सुसमाचार प्रचारकहरूलाई नै परमेश्वरले पन्छाउनु हुनेछ। तिनीहरूको परिश्रममा न त अरूहरू न त आफूहरू नै मुक्ति पाउने सम्भव भएको हुन्छ। आफूले हासिल गर्नुपर्ने ज्ञान र आत्मनियन्त्रण वा आत्मसंयमको महत्त्वपूर्ण पक्षलाई तिनीहरूले महसुस गरिरहेका हुँदैनन्। तिनीहरू चनाखो भएर प्रार्थना गर्दैनन्, जसको फलस्वरूप तिनीहरू सैतानको परिक्षा सजिलैसँग पर्छन्। यदि तिनीहरू आफ्नो आनीबानी र व्यवहारलाई राम्रोसँग केलाएर हेर्ने बानी भएको भए तिनीहरूले आफ्ना कमीकमजोरीहरू थाहा पाउने थिए तर त्यही कमीकमजोरीहरूले धरापमा पारेर तिनीहरू असफल पास्टर र परमेश्वरको सेवाग्राही हुन गएका हुन। प्रार्थना गर्दै आफ्नो कमीकमजोरीहरूप्रति चनाखो भएर बस्न सकियो भने परमेश्वरको अनुग्रहले ती कमीकमजोरी तिनीहरूको बल हुनसक्छ। तिनीहरूको नियन्त्रणमा नपरी कुनै पनि परिक्षाहरूको सामना गर्न ती पास्टर र अगुवाहरू तयार हुनसक्छन्। येशूका प्रत्येक भक्त दिनदिनै आफ्नो आत्मआलोचना गर्नुपर्दछ। यसो गर्नाले आफ्नै व्यवहारप्रति परिपक्व रूपमा सचेत हुइन्छ। तर कतिपयले आफ्नो शारीरिक, मानसिक र आत्मिक अवस्था कस्तो छ त्यसको बारेमा जाँच्न वेवास्ता गर्दछन्। त्यस वेवास्तामा लागेका मानिसहरूले परमेश्वरको प्रवक्ता भनेर दावी गर्दा आफूहरूलाई ठूलो खतरामा परिरहेका हुन्छन्। परमेश्वरका वचनहरू पाएर उहाँका जनहरूलाई सुनाउन जिम्मेवारी बोकेका र गरिमामय स्थानमा रहेका मानिसहरू आत्मिकरूपमा आफै सक्षम् भएन भने तिनीहरूमा खतराको घन्टी बजिरहेको हुन्छ। तिनीहरूको दैनिक जीवन, बोलिचाली व्यवहारले अरूहरूलाई ठूलो प्रभाव पारिरहेको हुन्छ। मानिसहरूलाई आफ्नै स्तरमा झारेर कसैलाई प्रभुमा ल्याउने काम गर्छन् ती मानिसहरूका आत्मिक स्तर उकास्न कठिन हुन्छ। साबथ पालना गर्ने एडभेन्टिस्टहरू कस्तो हुनुपर्छ भनेर पास्टरकै व्यवहार, बोलीचाली, मिजास, हाउभाउ, काम गर्नै शैली, उनको विश्वास र धर्मपरायणतालाई मानिसहरूले नमुनाको रुपमा लिँदछन्। कतिपय सर्वसाधारण विश्वासीहरू

आफूलाई परमेश्वरको सत्य वचन सिकाउने पास्टरको अनुसरण गरियो भने तिनीहरूले आफ्नो कर्तव्य पालन गरेको ठान्दछन्। -टेस्टिमोनिज फर द चर्च २:५११।

पास्टर तथा सुसमाचारका सेवाग्राहीहरूले दिनदिनै आफ्नो दिन कसरी वित्यो भन्ने कुरामा जानाजानी समिक्षा गर्नुपर्दछ- पास्टरहरूमा धेरै बानीव्यहोरा छन जुन उहाँहरुले सुधार्नु आवश्यक छ। धेरैले आफूमा भएका कमीकमजोरीको अनुभव त गर्दछन तर ती कमीकजोरीहरूले अरूहरूलाई कस्तो नराम्रो प्रभाव पार्दछ भन्ने कुरामा तिनीहरूलाई थाहा हुँदैन। आफूले गरेका क्रियाकलापप्रति तिनीहरू असंन्तुष्ट रहेको तिनीहरूको विवेकले त देखाउँदछ तर त्यसलाई बिर्सिदिन्छ, जसको फलस्वरूप तिनीहरू सुधार्ने बाटो तर्फ लाग्दैनन्। यदि पास्टरहरूले आफूले गरेका प्रत्येक दिनका कामहरूलाई होशियारसाथ दिलैदेखि समिक्षा गर्ने हो भने तिनीहरूले आफ्नो आनीबानीहरूको बारेमा राम्रोसँग जान्ने थिए। तिनीहरूको दैनिक जीवनलाई केलाउन सके भने तिनीहरूले चालेको प्रत्येक चालमा आफ्ना नियतहरू कस्तो रहेछ भनेर तिनीहरूले थाहा पाउनेछन्, र कुन नीतिमा तिनीहरू हिँडिरहेका छन ती प्रति तिनीहरू सजग हुनेछन्। येशू ख्रीष्टको सिद्ध र परिपक्वतामा पुग्न चाहने सबै येशूभक्तहरूले आफ्नो दैनिक जीवनमा गरेका कामहरूको समिक्षा गर्नु आवश्यक छ। तिनीहरूका कामहरूलाई तिनीहरूको विवेकले अनुमोदन गरेको छ कि छैन भनेर तिनीहरूले देख्नेछन्। कतिपयले आफ्ना कामहरू असलै भएको र उदारचित्तले काम गरेको भनेर आफूहरूलाई स्याबासी दिन्छन्, तर ती कामहरूलाई केलाएर हेर्दा मानिसहरू गलत नियतले संचालन भएको देखाउँछ। तिनीहरूमा नभएका गुणहरूको लागि धेरैले स्याबासी पाउँछन्। हृदय खोतल्नु हुनेले तिनीहरूको नियतहरूलाई केलाएर हेर्नुहुन्छ। तिनीहरूका कामहरू मानिसहरूबाट कदर र सम्मान गर्न र स्याबासी पाउन गरेका हुन्छन् जसको आधार तिनीहरूको स्वार्थी नियत र ढोँगी हुन्छ। परमेश्वरले तिनीहरूको त्यस क्रियाकलापलाई

लेखाजोखा राख्नुहुन्छ। हाम्रो जीवनले गर्ने प्रत्येक काम जुन श्रेष्ठ र प्रशंसा गर्न लायकको हुन्छ वा जोख्नुपर्ने हुन्छ हृदयलाई खोतल्ने प्रभुले न्याय गर्नुहुन्छ। ती कामहरू कुन नियतले गरेका थिए सो उहाँलाई थाहा हुन्छ।- टेस्टिमोनिज फर द चर्च, २:५११,१२।

संसारका ठुला ठुला विद्धानहरूका सामग्रीहरू पढ्न दिनौं दिन बिताएतापनि परमेश्वरमा एक घन्टा ध्यानमग्न भएर उहाँको वचन अध्ययन गर्नु बढि मूल्यवान हुन्छ- भाइ के, तपाईं परमेश्वरको नजिक आएको उहाँ चाहनुहुन्छ। त्यहाँ तपाईंले उहाँको बल प्राप्त गर्न सक्नुहुन्छ र जीवित विश्वासद्वारा उहाँको मुक्तिलाई तपाईंले दावी गर्न सक्नुहुन्छ। त्यसले तपाईंलाई आत्मिकरूपमा बलियो बनाउँदछ। यदि तपाईं भक्तिपूर्ण जीवन बिताउनुहुन्छ र चाहे प्रवचन दिने बेलामा होस् वा बाहिर होस् ईश्वरीय व्यक्तित्व तपाईंमा छ भने तपाईंले प्रवचन दिने बेलामा मानिसहरूलाई ठूलो प्रभाव पार्न सक्नुहुनेछ। तर तपाईंले आफ्नो हृदयलाई नियालेर हेर्नुभएको छैन। तपाईंले अरूहरूको सामग्रीहरू पढेर प्रचार गर्न निपुण बनाउन खोज्नुभएको छ श्रोतावर्गलाई खुशी पार्ने गरेर प्रवचन दिनुहुन्छ। तर तपाईंको महान् र अत्यन्तै ठूलो आवश्यकतालाई तपाईंले वेवास्ता गर्नुभएको छ भने तपाईंले आफ्नै बारेमा अध्ययन गर्नुभएको छैन वा आफू कस्तो छु सो तपाईंलाई थाहा छैन। आफ्नो बारेमा राम्रो ज्ञान, परमेश्वरको सामु ध्यानमग्न हुनु र प्रार्थना गर्ने क्रायकलापमा तपाईंले धेरै वास्ता गर्नुभएको छ। तिनीहरूलाई तपाईंले प्राथमिकता दिनुभएको छैन। तपाईं सफल पास्टर हुन चाहनुहुन्छ भने तपाईंको हृदयलाई ठिक ठाउँमा राख्नुपर्दछ। दिनको एक घन्टा परमेश्वरमा ध्यानमग्न हुँदा तपाईंको आत्मिक जीवन बढि सक्षम् हुनसक्छ। तपाईंको असफलताहरू र हृदयका भ्रष्ट सोचबिचारहरूप्रति शोक व्यक्त गर्दै परमेश्वरको क्षमादिने प्रेमको निम्ति अनुनय बिन्ती गर्नुहोस्। तपाईले क्षमा पाउनुभएको छ भनेर निश्चित हुनुहोस्। घण्टौ र दिनौं अरू सक्षम् र विद्वानका लेखहरूले हाम्रो शिक्षादीक्षालाई बादविवादमा फसाउछन्। तर तिनीहरू अध्ययन

गरेर हाम्रो सत्यको निम्ति निपुण हुन नखोज्नुहोस्। परमेश्वरसँग व्यक्तिगत समय बिताउँदै व्यक्तिगत बाइबल अध्ययन गरेर सत्यमा पारख हुनसक्नु नै हाम्रो विश्वासको पक्षमा उभिएको प्रमाणित गर्दछ। -रिभ्यु एण्ड हेराल्ड, जनवरी १९, १८६४।

आत्मज्ञान बढाउन विभिन्न पुस्तकहरू पढेर बिताउने समय प्रार्थना र ध्यानमा समय बिताउनुपर्छ- धेरै अध्ययन गर्ने र विभिन्न किताबहरू पढ्नेमा समय बिताउँदा कति मानिसहरूले समय खेर फालिरहेकाछन् भनेर मैले देखेको थिए। ती पुस्तकहरू चाहे ठुला ठुला इसाई विद्वानहरूका नै किन नहुन् वा ज्ञान बढाउन खालका नै किन नहुन् ज्ञानबुद्धि स्वर्गबाट नै आउछ त्यसैल आफूले बुझेको सत्यमा अझ बलियो र शक्तिसम्पन्न भयो भने तिनीहरू मानिसहरूको बीचमा उभिँदा स्पष्ट र तालमेलको सौन्दर्यताले चम्किन सकीन्छ। कतिपय मानिसहरू गोप्य प्रार्थना र पवित्र ध्यानमा कमै समय बिताँछन्। पवित्र जीवन बिताउन र मुक्तिको पोशाक लगाउन सकोस् ताकि मानिसहरूको हृदय छुने गरेर प्रवचन दिन सकोस् भनेर परमेश्वरको सेवकहरू रोइकराइ प्रार्थना गर्नु आवश्यक छ। यस अन्तिम दिनहरूमा समय छोटो छ र पास्टरहरू थोरै छन्, र तिनीहरूको जोश जाँगर, शक्ति परमेश्वरको काममा लगाउनुपर्दछ र परमेश्वर र पवित्र स्वर्गदूतहरूको सम्पर्कमा नजिक हुनुपर्दछ। यसो गर्दा तिनीहरूले प्रचार गर्दा ठूलो शक्ति मिल्नेछ र तिनीहरूका वचनहरू मानिसहरूका दिमागै हल्लाउने खालका हुन्छन्। यस किसिमको वचन प्रचारले इमान्दारी र सत्यलाई प्रेम गर्ने प्रत्येक व्यक्ति सत्यतिर आकर्षित हुन्छन् र त्यसलाई अङ्गाल्न पुग्छ। -द भ्वाइस अभ स्पिच एण्ड सण्ग, २१९।

येशू ख्रीष्टको मध्यस्थको काममा विशेष गरेर ध्यानमग्न हुनुहोस्- पास्टर तथा सुसमाचारीय अगुवाहरूले तिनीहरूको सामु ख्रीष्टलाई सधैँ अगाडि राखे तिनीहरू शक्तिशाली व्यक्तिहरू हुनसक्छन्। तिनीहरूले येशूको पूजनीय मिजास, स्वभाव र चरित्रहरूको बारेमा

अध्ययन गर्न दिलोज्यान दिनुपर्दछ। यदि तिनीहरूले त्यसो गरेमा चर्चको काममा भ्रष्ट भएर अलग हुने वा आधिकारिक मिशनबाट छुटेर अलगै झुण्ड खडा गर्ने प्रवृत्ति तिनीहरूमा हुँदैन। तिनीहरूको पतित, स्वार्थ र आफ्नो भाऊ खोज्ने प्रवृत्तिले गर्दा परमेश्वरको काममा बाधा भएको छ र खुलारूपमा येशूको बेइज्जत गरिरहेका हुन्छन्। सुसमाचारको निम्ति अभिषेक गरिएका प्रत्येक पास्टरले आफ्नो शक्ति, साधन र स्रोत चर्चका विश्वासीहरूलाई शिक्षित बनाउन प्रयोग गर्नुपर्दछ ताकि तिनीहरू विश्वासमा अझ अघि बढेर येशूलाई आफ्नो मुत्तिदाता भन्ने ज्ञानमा बलियो हुन सकुन्। तिनीहरूले आफ्नो जीवनमा येशूको बारेमा अझ ज्ञान पाएर येशूको अनुसरणीय उदाहरणमा चल्दै उहाँको गरिमालाई उच्च स्थानमा राख्न सक्षम् तिनीहरू हुनेछन्। पास्टरहरू आफै ख्रीष्टको चरित्रमा डुब्नु पर्दछ। सत्यको बारेमा चिन्तनमनन र ध्यानमग्न हुनुपर्दछ, मुक्तिका रहस्यहरूको बारेमा ध्यान गर्नुपर्छ। विशेष गरेर स्वर्गमा येशूले हाम्रो निम्ति कस्तो मध्यस्थताको काम गरिरहुनभएको छ त्यसको बारेमा गहिरो ध्यान प्रत्येक पास्टरले गर्नुपर्दछ। –सेलेक्टेड मेसेजेज, ३:१८७।

अध्याय २
एडभेन्टिस्ट धारणा-विशेष र विश्वव्यापी अभियान

विशेष सन्देश बोकेको समूह

प्रत्येक युगमा केही न केही विशेष सन्देश बोकेको चर्च हुन्छ जो संसारदेखि अलग हुन्छ- येशूले आफ्ना चेलाहरूको निम्ति यो प्रार्थना गर्नुभएको थियो, "तपाईँको सत्यले तिनीहरूलाई पवित्र बनाउनुहोस्; तपाईँको वचन नै सत्य हो।" प्रत्येक युगमा परमेश्वरले उहाँका जनहरूलाई विशेष सत्य बोक्न अभिभारा दिनुभएको पाइएको छ। कतिपय त्यो विशेष सत्य मानवीय हृदयको चाहना र लक्ष्यहरूको विरुद्धमा रहेको हुन्छ, त्यसको फलस्वरूप परमेश्वरको सत्यतामा अडिग हुने चर्च संसारबाट अलग हुन वाध्य भएको हुन्छ। यद्यपि, परमेश्वरका पास्टरहरू एडभेन्टिस्ट सत्यलाई प्रचार गर्नु आफ्नो कर्तव्य सम्झिनुपर्दछ। मानिसहरूले सुन्न चाहन्छन् कि चाइदैन्, त्यसको पर्वाह तिनीहरूले गर्नुहुन्न। - साइनस अभ द टाइम्स, जनवरी २८: १८८६।

ख्रीष्टको धार्मिकताको शिक्षा दश आज्ञासँग जोडेर अध्ययन गर्नुपर्छ- ख्रीष्टको धार्मिकताको बारेमा आफ्नो स्थानमा अडिग हुने डा. वागनरलाई प्रतिवाद गर्नु खतरा छ भन्ने कुरो मलाई थाहा छ। उनीसित असहमती जनाउँदा सैतान खुशि हुन्छ। विश्वासद्वारा पाइने येशूको धार्मिकता दश आज्ञाकै दायराभित्र छ भनेर डाक्टरले हाम्रो सामु प्रस्तुत गरेको धारणामा सत्यको सुन्दरता मैले देखेको छु। तपाईँहरू धेरैलाई यो सत्य र नयाँ आत्मिक ज्योति हो भन्न चाहन्छु। यस आत्मज्ञान तपाईँहरूको माझमा पहिला प्रस्तुत भएको थिएन। उनले हृदयदेखि इमान्दार भएर प्रार्थना गर्दै बाइबलमा खोजेर निकालेको त्यो सत्य ज्ञानमा ठूलो आत्मज्ञानको ज्योति छ भन्ने कुरालाई ग्रहण गर्न तपाईँहरूलाई किन असम्भव भइरहेको छ? उनले प्रस्तुत गरेका सत्य परमेश्वरले धेरै वर्ष अघि मलाई खुसीसाथ दिनुभएको सिद्धरूपमा तालमेल छ। मेरो वर्षौँसम्मको अनुभवको आधारमा म यो

तपाईँहरूला भन्दैछु। दश आज्ञासँग सम्बधित ख्रीष्टको धार्मिकताको शिक्षाको स्पष्टरूपमा गरेको प्रस्तुतीलाई हाम्रा पास्टर अगुवाहरूले ग्रहण गरे तिनीहरूमा पूर्वाग्रहको शक्तिले नियन्त्रण गर्न सक्दैन। यसरी मानिसहरूले मौसम अनुसारको सत्य खँदिलो खाना तिनीहरूले खान पाउँछन। यो शिक्षालाई स्वीकार गर्नु आवश्यक छ भनेर म जिकिर गर्दछु। बाइबललाई लिएर नम्र हुँदै सिकारु दिमाग लिएर प्रार्थना गर्दै संसारको महान् गुरुकहाँ आऔँ; दाउदले जस्तै प्रार्थना गरौँ, "मेरा आँखाहरू खोलिदिनुहोस् ताकी तपाईँको व्यवस्थाबाट मैले अचम्मको कुराहरू देख्न सकुँ" (भजन ११९:१८ रूपान्तरित)। - एलेन जी ह्वाइटका लेखहरू ८८:१६४।

पास्टर तथा सुसमाचार प्रचारकहरूले प्रस्तुत गरेको सत्यको मूल्य कतिपयले सराहना नगर्न सक्छ- संसार बिनाशतिर जाँदैछ भनेर चेतावनी दिनुपर्छ। पापमा डुविरहेका मानिसहरू मस्तसँग निन्द्रामा छन् र तिनीहरू गहिरो भ्रममा परिरहेकाछन्। तिनीहरूलाई उठाउन जागृत भएको पास्टरले मृत्युको घण्टा जस्तो तिनीहरूको सामु बजाउनुपर्दछ। यदि पास्टरहरू आफैं परिवर्तन भएन भने मानिसहरू पनि परिवर्तन हुँदैन। हाम्रो वीचमा धर्मको चिसो औपचारिक संस्कारलाई त्यागेर जीवित ईश्वरीय स्वभावलाई प्रयोगात्मक रूपमा प्रस्तुत गर्नैपर्छ। सत्यको शिक्षादीक्षा थाहा पाउनु गलत होइन। यो सिद्ध र एक शुद्ध छ। तर युवा पास्टरहरूले सत्यलाई निपुणतापूर्वक प्रस्तुत गर्लान् तैपनि तिनीहरूले के बोलीरहेकाछन् सो तिनीहरूले याद नगर्न सक्छन्। आफूहरूले प्रस्तुत गरेका सत्यको मूल्य तिनीहरू आफैले हृदयदेखि सराहना नगरेको हुनसक्छ। परमेश्वरको वचनमा लुकिएको ढुकुटीबाट सत्यलाई ल्याउन उहाँका जनहरूले आँशुका धाराहरू बगाएका थिए, प्रार्थनामा तल्लिन भएका थिए, त्यसको विरोध र त्यसको लागि दु:ख पनि खप्नु परेको थियो। कुन मोलमा सत्य प्रस्तुत भएको हो त्यो भर्खरका पास्टरहरूलाई कमै थाहा होला। सत्यको सिक्रीमा जोडिएको प्रत्येक सत्य आगोमा खारिएको सुन जस्तो हो। सिक्रीमा बाँधिएको ती सत्यहरू परिपक्व, पूर्ण र सिद्ध छन्। अन्धविश्वास र भ्रमहरूको फोहरमैलाबाट निरन्तर प्रार्थना गर्दै सत्यहरूको नयाँ ज्ञान र ज्योति निकालिएका थिए। मानिसहरूको बिचमा ती सत्य शिक्षाहरूलाई अनमोल मोतीको रूपमा प्रस्तुत गरिएको थियो।

-टेस्टिमोनिज फर द चर्च ४:४४५,४४६।

प्रभुले सत्यलाई ताजै राख्नुहुन्छ र यसलाई नयाँ परिवेशमा राखिरहनुहुन्छ- नयाँ परिवेशमा प्रभुले उहाँको सत्यलाई ताजै बनाइरहनुहुन्छ भन्ने प्रमाण तपाईसँग के छ? तपाईँ जहाँ भएतापनि वा जुनसुकै समयमा रहनुभएतापनि येशूको आगमनको निम्ति तयार हुन जहिले पनि तयार हुनुपर्ने भएकोले तपाईँले पाउने सत्य ताजा नै रहेको छ भनेर तपाईँले कसरी थाहा पाउने? परमेश्वरका जनहरूद्वारा आत्मज्ञानको नयाँ ज्योति वा शिक्षा आउँदा त्यसलाई ग्रहण गर्न तपाईँले कस्तो योजना बनाइरहनुभएको छ? उहाँका जनहरूलाई प्रेरणादायी आत्मज्ञान परमेश्वरले दिनुभएको छैन भन्ने प्रमाण तपाईँमा के छ? आफूलाई सबै थाहाछ, आफ्नो अनुभव, अध्ययन, डिग्री र ज्ञान, ओहदाले गर्दा अहंकार हुने प्रवृत्ति र परमेश्वरको बारेमा व्यक्त गरेका अरूहरूको धारणालाई वेवास्ता गर्ने बानीलाई पन्छाउनैपर्दछ। हामी येशूका पाउहरूमा आउनै पर्छ र उहाँबाट नम्र हुन र हृदयदेखि भोकाउन र तिर्खाउन सिक्नुपर्दछ। -सेलेक्टेड मेसेजेज १:४१४।

सेभेन्थ-डे एडभेन्टिस्टको शिक्षाप्रति बफादार हुनु

शिक्षादीक्षा सिकाउनु र मानिसका दिमागहरूसँग कारोबार गर्नु अत्यन्तै मिठो काम हो जुन परमेश्वरले मानव प्राणीलाई सुम्पनु भएको छ- प्रत्येक पास्टर वा सुसमाचार सुनाउने अगुवाको निम्ति पास्टरिय काम दिएको छ। सहनशील र सदाशयता अपनाएर बाइबलको शिक्षादीक्षा द्वारा मानिसहरूलाई सच्याउनुपर्दछ र अर्ति दिनुपर्दछ। मानिसहरूमा के कमीकमजोरी छ सो देखाउन पास्टरले परमेश्वरको वचन प्रस्तुत गर्नुपर्दछ। येशूका अनुयायी हुँ भनेर दावी गर्ने पास्टरले आफ्ना बगालप्रति बोझ हुनु जरुरी छ। तर त्यो बोझ आफू पास्टर वा अगुवा भयो भन्दैमा परमेश्वरको सम्पत्ति वा सन्तानमाथि प्रभुत्व जमाउन वा हैकमवाद गर्न होइन। मानिसहरूको दिमागसँग कारोबार गर्ने जस्तो अत्यन्तै मिठो काम मरणशील मानिसलाई अरू छैन। -इभान्जलिजम, ३४७।

पास्टर र चर्चमा जिम्मेवार बोकेका मानिसहरू पहिला आफै सत्यमा

परिवर्तन हुनुपर्दछ- पास्टरहरूको परिषद्मा म समावेश भएको थिएँ, र पास्टरिय स्कुलको आवश्यकता छ भनेर मैले केही सरसल्लाह दिएको थिएँ। पास्टरहरू बाइबल अध्ययनमा गहिरो हुन तालिम लिनु आवश्यक छ ताकि तिनीहरूको काममा अझ उत्तम लक्ष्य हासिल गर्न सकून् भन्ने मेरो सुझाव थियो। यसो गर्दा तिनीहरूले कसरी काम गर्नुपर्छ भन्ने ज्ञानमा तिनीहरू पोख्त हुनसक्छन। यो धेरै आवश्यक छ किनकि हाम्रा चर्चहरूकै बीचमा कतिपय नक्कली विश्वासीहरूको सक्रियता छ जसले गर्दा सत्यलाई तिनीहरूको बादविवाद र शिक्षाले अलमल पारिरहेको छ। हाम्रा पास्टर र चर्चका अगुवाहरू सबै एकैमत भएर बोल्नु आवश्यक छ। सत्यलाई सिकाउने क्रममा अमिल्दो बाजाको आवाज जस्तै तिनीहरू हुनुहुँदैन। त्यसकारण, हाम्रा पास्टर र चर्चका अगुवाहरू पहिला आफै सत्यमा परिवर्तन हुनुपर्दछ अर्थात् बाइबल र चर्चको शिक्षादीक्षामा निपुण हुनुपर्दछ। अनि तिनीहरू जहाँ गएपनि परमेश्वरको सन्देश एकै स्वरमा घन्किनेछ। - म्यानुस्क्रिप्ट रिलिजेज ३:१९३।

संसारबाट हामीलाई अलग गर्ने विशेष सत्यहरूलाई हामीले न्युनीकरण गर्नुहुन्न- हामीले जुन सन्देश सुनाउँछौँ त्यसलाई मानिसहरूले घुँडा टेकेर स्वीकार गर्नुपर्छ भन्ने छैन। सत्यलाई तिनीहरूले ढाकछोप गर्नु हुँदैन न त यसको सुरुवात र लक्ष्यलाई लुकाउनु हुन्छ। सत्यको सन्देश बोक्ने मानिसहरूमा दिन रात वेचैन हुनुपर्दछ। हामी ख्रीष्टको निम्ति राजदूत हुन परमेश्वरको सामु उल्लेखनीय सपथ खाएका छौँ। त्यसकारण, परमेश्वरको अनुग्रहका रहस्यहरूको स्टोर किपर वा भण्डारेहरू भएकोले परमेश्वरका सबै सरसल्लाह वा अर्तिहरूलाई इमान्दारितासाथ घोषणा गर्नु हाम्रो कर्तव्य हो। हामीमा भएका विशेष सत्यताले गर्दा संसार वा देश आज्ञाहरूलाई पालन गर्नुपर्दैन भन्ने अरू लोकप्रिय इसाईहरूबाट हामी अलग छौँ। अरूहरूलाई खुशी पार्न हाम्रा विशेष शिक्षादीक्षालाई कम महत्त्वमा झार्नुहुन्न। हामीमा भएका शिक्षादीक्षाहरू अनन्त हितलाई ध्यानमा राखेर प्रस्तुत गरेका हुन्। संसारको आखिरी क्षणमा भइरहेको घट्नाहरूको बारेमा परमेश्वरले हामीलाई आत्मज्ञान दिनुभएको छ। कलम र आवाजले सत्यलाई घोषणा गर्नुपर्दछ। हिचिकिचाएर जोशमा कम भएर होइन तर हामीमा परमेश्वरको शक्ति र आत्मा छ भन्ने प्रमाण दिएर मानिसहरूको

सामु सत्यलाई प्रस्तुत गर्नुपर्दछ। जब परमेश्वरको सन्देशलाई अगाडि बढाउन चाहन्छौँ तब त्यहाँ ठूलो द्वन्द हुन्छ। हामीले घोषणा गर्ने सत्यका नतिजाहरू दुवै स्वर्ग र पृथ्वीको निम्ति महत्त्वपूर्ण क्षणहरू हुन्छन्। - लाइफ स्केचेस अभ एर्लेन जी ह्वाइट, ३२९।

जब हाम्रा शिक्षादीक्षाहरूलाई झारिरहन्छ तब पाष्टर र अगुवाहरू तमाशा हेरेर बस्ने होइन- मलाई देखाइएको दर्शनमा केही मेडिकल मिशिनेरी कर्माचारीहरूले काम गरेको देखाइएको थियो। हाम्रा पास्टर र चर्चका अगुवाहरूले तिनीहरूको कामलाई हेर्दै थिए, तर तिनीहरूले नबुझेको जस्तो देखि एकटक थियो। कतिपय एडभेन्टिस्ट भनाउँदाहरूले नै निरन्तर प्रार्थना र इमान्दार भएर बाइबलमा खोजेर निकालेका हाम्रो विश्वासको जगको खम्बालाई एक एक गरे ढलाइरहेकाछन्। त्यसतिर हाम्रो ध्यान बिसाउनुहुन्न। कतिपयले हामीमा भएका स्वर्गको पवित्रस्थानको ज्ञानलाई बेवारिसे ठानीरहेकाछन्। यदि पवित्रस्थान भएन वा सिकाएन भने हाम्रो निम्ति येशूले गर्नुहुने पहल र हाम्रो पाप मोचनको निम्ति उहाँले गर्नु भएको बलिदानको कुनै महत्त्व हुँदैन। - अपवार्ड लुक, १५२।

मानिसहरूलाई मनमुग्ध बनाउन वा खुशी पार्नेमात्र सत्यको भाग प्रचार गर्नुहुन्न- पावलले तिमोथीलाई अर्ति दिएका थिए, "परमेश्वरले चाहेको अनुसार तिमीले अध्ययन गरिरहेका छौ भनेर देखाउनु। परमेश्वरको सेवाग्राही हुन नशर्माउनु। सत्यको बचनलाई ठिक ठिकसँग केलाएर पढ्नु" (रूपान्तरित)। यस संसारलाई चेतावनीको सन्देश हामीले दिनुपर्दछ। हाम्रो काम हामीले कसरी गरिरहेकाछौँ? भाइहरू के तपाईँहरूले मानिसहरूलाई मन पर्ने सत्यको भागलाईमात्र प्रचार गरिरहनुभएको छ, जब कामको अर्को भाग अपूर्ण छ? के अरूहरू मानिसहरूको पछि लाग्नु आवश्यक छ र, परमेश्वरको ढुकुटीमा दशांस र भेटी विश्वाससाथ ल्याउने तिनीहरूको कर्तव्यलाई अरूहरूले घचघच्याइ रहनुपर्दछ र? यो पास्टरको काम हो। यो दु:खलाग्दो छ कि यस मामिलामा कतिपय पास्टरहरूले वेवास्ता गरिरहेका छन्। तपाईँका चर्चका सदस्यहरूले परमेश्वरलाई लुटिरहेकाछन्। चर्चका सदस्यहरूको चित्त दुखाउन नचाहेकोले परमेश्वरको ढुकुटीले

दु:ख पाएको छ। परमेश्वरका जनहरू उहाँको ढुकुटीको इमान्दार स्टोरकिपर वा भण्डारेहरू होस् भन्ने उहाँले आह्वान गर्नुहुन्छ। आफ्ना सेवकहरू पावलले चुनौति दिएका थिए, "वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक।" २ तिमोथी ४:२। यदि अगुवा गोठालाहरूले तिनीहरूको काम विश्वासिलो र भरपर्दो तरिकाले काम गरे जब मूख्य गोठालो आउनुहुनेछ उहाँले तिनीहरूलाई कहिल्यै नाश नहुने महिमाको मुकुट पहिऱ्याइदिनुहुनेछ। तिनीहरूको पुरस्कार दानिएलले देखेका थिए, त्यसकारण उनले यो लेखे, "बुद्धिमान्हरू आकाशको चमकजस्तै र धेरैलाई धार्मिकतामा डोऱ्याउनेहरूचाहिँ ताराहरूजस्तै सदासर्वदै चम्किरहनेछन्।" दानिएल १२:३। - द रिभ्य एण्ड हेराल्ड, जुलाइ ८, १८८४।

बाइबलमा नभएका, बाइबलले अनुमोदन नगरेका, बाइबलसम्मत नभएका नयाँ नयाँ विषयहरू ल्याएर "यो परमेश्वरको वचन हो" भनेर जोश देखाउने चाहनाबाट जोगेर बस्नु- हाम्रो सामु के छ सो थाहा पाएको भए, परमेश्वरको काम गर्न हामी सुस्तने थिएनौँ होला। कतिपय पास्टर र सुसमाचारका अगुवाहरूले आफ्नो शिक्षा र प्रवचनमा गलत र अनावश्यक विषयहरू प्रस्तुत गरेर परमेश्वरको वचनलाई जाँच्ने धारणाहरू हुन् भनेर मानिसहरूको समक्ष प्रस्तुत गर्दछन्। यहूदी रब्बी वा धर्मगुरूहरूले आ-आफ्नै तर्कहरू घुसाएर ती स्वर्गका रोटीहरू हुन् भनेर मानिसहरूलाई सिकाएका थिए। कतिपय ती मनगढन्ते र मानिसहरूलाई मुग्ध गर्ने तर्कहरू समय अनुसारको खँदिलो खाना हुन् भनेर परमेश्वरको बगालको सामु प्रस्तुत गर्छन्, तर कतिपय बिचरा भँडाहरू जीवनको रोटी खान नपाइ भोक भोकै हुन्छन्। अहिले पनि कतिपय धर्मका खोल ओढ्नेहरूले अनौठो तर चकित पार्ने बाइबलसम्मत नभएका तर्कहरू प्रस्तुत गर्ने तिब्र चाहना व्यक्त गरिरहेका छन्। ती तर्कहरू नयाँ आत्मज्ञान हुन् भनेर मानिसहरूलाई भुलाउन खोज्छन्। ती तर्कहरू महत्त्वपूर्ण सत्य हुन् भनेर मानिसहरूले झुटो खेती गरिरहेकाछन्। यस खालको काल्पनिक अध्यात्मिक खाना विश्वासीहरूले जब पचाउन खोज्छन् तब तिनीहरूको आत्मिक जीवन तल झर्न थाल्छ र त्यसले अन्तमा मृत्युतिर अग्रसर गराउँछ। - द रिभ्यु एण्ड हेराल्ड, जनवरी २२, १९०१।

अरूहरूको धारणालाई कदर गर्दै ती धारणाहरू बाइबलसम्मत छ कि छैन भनेर केलाउनु- जसरी हाम्रो धारणाहरू प्रस्तुत गर्ने अधिकार हामीसँग छ त्यसतै अरूहरूले पनि तिनीहरूका धारणाहरू प्रस्तुत गर्ने अधिकार छ भनेर हामीले स्वीकार्न सिक्नुपर्दछ। व्यक्तिगत बाइबल अध्ययन गर्दा कुनै विश्वासीले त्यसबाट नयाँ कुरो भेट्टायो भने उसले आफ्नो धारणालाई स्पष्टरूपमा प्रस्तुत गर्नुपर्दछ, र प्रत्येक पास्टर र चर्चको अगुवाले धर्मशास्त्रबाट नै खोजेर पूर्वाग्रह नराखी खुला दिलले त्यस धारणा परमेश्वरको वचनले अनुमोदन गरेको छ कि छैन भनेर सहमत हुनुपर्दछ। "प्रभुको सेवक झगड़ालु हुनुहुँदैन, तर हरेकको लागि दयालु, योग्य शिक्षक, सहनशील, र नम्रतासाथ आफ्ना विरोधीहरूलाई सुधार्ने हुनुपर्दछ, र शायद परमेश्वरले तिनीहरूलाई पश्चात्ताप गर्ने, सत्यतालाई बुझ्ने मन दिनुहुनेछ।" २ तिमोथी २:२४-२५। -गस्पल वर्करस्, ३०३।

बाइबलीय सिद्धान्तहरूको बारेमा बादविवाद

कतिपय पास्टर र चर्चका अगुवाहरूले जङ्याँहाहरू रक्सीले चुर हुन खोजेको जस्तै बाइबलको बारेमा वादविवाद तथा वहस गर्न मनपराउँछन्- हाम्रो माझमा भएका वादविवाद र बहस गर्ने पास्टर र चर्चका जान्नेभनेर प्रभाव पार्ने मानिसहरू अत्यन्तै भरपर्दो हुँदैन, किनकि जब काममा कठिनता आउँछ तब तिनीहरू नै चर्चसँग एक नभएर पछाडि हट्दछन्। अनावश्यक विषयलाई तिनीहरूको सामु ल्याउँदा तिनीहरू साहसिलो, जोशिलो भएर देखाउँदछन् र त्यसमा तिनीहरूको ठूलो चासो छ भनेर आफ्नो चाहना पनि व्यक्त गर्दछन्। वादविवाद वा आफूहरूलाई विरोध गरेकोले तिनीहरूलाई उत्तेजित पार्दछ। तर आखिरमा त्यसको निश्कर्ष त्यसै बिलाएर जान्छ। यी खालका बहसमा रुची देखाउने पास्टर वा बाइबलका विज्ञ भनाउँदाहरू आफ्नो आत्मपरिवर्तनमा नविकरण गर्नुपर्दछ। अनन्त चट्टानबाट निस्केको कहिल्यै नसुक्ने खोला वा परमेश्वरको वचनलाई गहिरोसँग पिउने बानी तिनीहरूले बसाल्नुपर्दछ। -टेस्टिमोनिज फर द चर्च ३:२१७।

धार्मिक शिक्षामामात्रधेरै बहस गर्ने बानी खतरापूर्ण छ- परमेश्वरको वचनमा देखाएका मौलिक सत्यहरूमा हामी सबै जना एक छौँ र

सहमत छौँ। सत्यको नीतिको विरुद्धमा सम्झौता नगरि हामी सबैमा सहयोगी र तालमेल भावनालाई निरन्तररूपमा हाम्रो दिमागमा घुसाइ राख्नुपर्छ भन्ने कुराबाट हामी बिचल्लित हुनुहँदैन। परमेश्वरको ज्ञानको ढुकुटीमा सत्यको निम्ति गहिरो गर्दै खोतल्ने क्रममा बाइबलसँग बाँझ्ने वा सहमत नभएको नयाँ कुरादेखि हामी होशियार हुनुपर्दछ। हामीसँग विश्वव्यापी सन्देश छ। हाम्रो कामको बोझ भनेकै मानिसहरूको सामु परमेश्वरका आज्ञाहरू वा दश आज्ञा र येशूका गवाहीहरू प्रस्तुत गर्नु हो। एक आपसमा एकता हुनु र प्रेम गर्नु नै हामीले निरन्तरता दिने महान् काम हो। धार्मिक शिक्षा वा सिद्धान्तमात्रै सिकाउने र विवादस्पद विषयहरू ल्याएर चर्चमा प्रवचन वा प्रचार गर्नु हाम्रा पास्टरहरूको निम्ति खतरा छ। बरु त्यसको बदलिमा उपयोगात्मक धार्मिक जीवनमा तल्लिन हुनु तिनीहरूको निम्ति हितकर छ। - म्यानुस्क्रिप्ट रिलिजेज् १५:२३।

विवादस्पद र कसैले खण्डन गर्न आँट नगर्ने विषयलाई चर्चमा प्रचार गर्दा पास्टर र अगुवा अहंकारले फूलेर आफूले के न के गरेँ भनेर आफूले आफैलाई स्यावास दिन थाल्दछ- यस संसारको निम्ति हामीसँग अत्यन्तै गम्भिर र उल्लेखनीय सत्यको सन्देश छ। त्यो सत्यलाई कसरी खण्डन गर्न नसक्ने भएकोले येशूलाई विश्वास नगर्नेहरूले पनि सम्मान गरेको पाइन्छ। कतिपय समयमा हामीसँग भएको विशेष शिक्षाले हाम्रा युवा र युवतीहरूलाई अहंकार बनाउँछन् र अरूभन्दा हामीसँग सत्यहरू छन् भनेर फूलेर अरूहरूलाई हेप्ने बानी हुन्छ। अरूहरूले तिनीहरूको दिमागले ल्याएका सत्यलाई प्रस्तुत गर्दछन् तर आफूहरू भने व्यक्तिगत बाइबल अध्ययन र प्रार्थना गरेर समय बिताउँदैनन्। आफूहरूले जानेको सिद्धान्तलाई औजार बनाएर त्यसको विरोधीको सामना गर्छन्, अनेकौँ प्रतियोगिता, बहस र रसिक बनाएर चलाखीपूर्ण टिक्काटिपणीहरू गर्दछन्। यसो गर्दा तिनीहरूले सुसमाचार सुनाउने पास्टरको काम गरिरहेकाछन् भने आफूहरूलाई स्याबासी दिन्छन्। परमेश्वरको काममा योग्य हुने ती युवायुवतीहरू पावलको जस्तो परिवर्तन भएको अनुभव गर्नुपर्दछ। पास्टरहरूले आफूले सिकाएको सत्य अनुसार जिएर अनुसरणीय जीवित उदाहरण हुनु आवश्यक छ। अत्यन्तै सरल जीवनद्वारा तिनीहरूले महान् आत्मिक जीवन प्रस्तुत गर्नुपर्दछ।

- टेस्टिमोनिज फर द चर्च ४:४४६।

कतिपय एडभेन्टिस्ट भनेर दावी गर्नेहरूले हाम्रो चर्च बेबिलोन हो भनेर सिकाउँदै चर्चलाई उत्थान गर्ने पैसालाई तिनीहरूले दुष्ट काम उस्काउनु प्रयोग गर्छन्- ती गलत शिक्षा सिकाउनेहरूले, "परमेश्वरले नबोल्नुभएको विषयमा प्रभुले यसो भन्नुभयो" भनेर सिकाउँदछन्। एडभेन्टिस्ट भनेर दावी नै गरेतापनि तिनीहरूले झुटको खेती गरिरहेकाछन्। तिनीहरूसँग परमेश्वरको सत्यले बास गरेको छैन। आधिकारिक सेभेन्थ-डे एडभेन्टिस्ट चर्च बेबिलोन भयो भनेर प्रचार गरिरहनेहरूले आफ्ना पैसा र स्रोत साधनहरूलाई छाप्ने काममा प्रयोग गरेर झुटलाई प्रचार गरिरहेकाछन्। ती पैसालाई चर्चको उत्थानको निम्ति प्रयोग गरे तिनीहरू परमेश्वरबाट अगुवाइ गरेका जनहरू हुन् भनेर प्रमाणित गर्ने हुन्छन्। यदि चर्चलाई टुक्राउने काममा लाग्ने एडभेन्टिस्टहरूले क्रूसमा टाँगिनुभन्दा अघि आफ्ना चेलाहरूको निम्ति आफू पितासँग एक भएको जस्तै तिनीहरू पनि एक होस् भन्ने उहाँको प्रार्थनामा आफूहरू लाग्नुपर्छ भन्ने आवश्यकता ठानेको भए तिनीहरूको जतनमा सुम्पिएको आयस्रोतहरू उचितरूपमा प्रयोग गरेर सत्यको प्रगतिको निम्ति खर्च गर्न सकिन्थ्यो। आधिकारिक चर्चलाई परमेश्वरको कामलाई अघि बढाउन पैसाको खाँचो छ। आफूसँग भएको अमूल्य समय र पैसा चर्चका कमीकमजोरीहरूलाई औंल्याउन परिश्रम गर्दै चर्चले अघि सारेका कामको प्रतिवाद गर्दै परमेश्वरको आत्मालाई ती कठित एडभेन्टिस्ट दवाउने थिएन। यस खालको चरित्र परमेश्वरबाट होइन सैतानबाट प्रेरित भएको हुन्छ।
- टेस्टिमोनिज टु मिनिस्टरस एण्ड गस्पल वर्कर्स, ४३,४४।

विश्वव्यापी अभियान

आफ्नो देश र विदेशमा सुसमाचारीय कामको निम्ति बराबरी पैसा खर्च गर्नुपर्दछ- चर्चमा भएको पैसा आफ्नो देश र विदेशमा बराबर गरि खर्च गर्नुपर्दछ। जब कामको निम्ति योजना बनाउँछ तब विदेशमा सामना गर्ने कठित परिस्थितिप्रति संवेदशील हुनुपर्दछ। मिशन क्षेत्रहरूमा खर्च गर्नुपर्ने पैसाको मामिलामा कसैले पनि कन्जुस्याइ नगरियोस्। ख्रीष्टको निम्ति खुलादिलले सुसमाचार

प्रचारमा सहयोग गर्नुपर्दछ। उदार दिलले दिएको आर्थिक सहयोगले संसारका सबै भागहरूमा सुसमाचार प्रचार गर्न प्रयोग गर्न सकिन्छ। - द जनरल कन्फरेन्स बुलेटिन, जुलाइ १, १९००।

हाम्रै देशका सीमानाहरू भित्र सुसमाचारीय काम गर्न उत्सुकता देखाउनु पर्दछ- ठूला ठूला सहरहरूमा र मानिसहरूको हुलमा कतिपय मानिसहरू छन् जसलाई पशुलाई भन्दा कम स्याहार र वास्ता गर्दछन्। कतिपय मानिसहरू भँडाबारुवा जस्तै झोपडपट्टी वा छाप्रो र अँध्यारो भुँइतलामा कोचिएर बसेका हुन्छन्। तिनीहरू चिसोले कठाँग्रिएर बसेका हुन्छन्। ती कहाली लाग्दो ठाउँहरूमा रहेका परिवारमा बालबच्चा जन्मिन्छन् र मर्नको निम्ति हुर्कन्छन्। परमेश्वरको प्राकृतिक सुन्दर दृश्यहरूलाई हेरेर रमाइलो गर्ने वातावरण तिनीहरूमा हुँदैनन्। परमेश्वरको उचालिने आशा र भरोसाहरूको स्वाद तिनीहरूले पाएका हुँदैनन्। फोहर र भोको जीवन तिनीहरूले बिताउनुपर्द तिनीहरूको जीवन कष्टकर हुन्छ। तिनीहरूको वरिपरि खराब र नैतिक भ्रष्टको जीवन बिताइरहेका हुन्छन्। तिनीहरूको चरित्र तिनीहरूलाई घेरेको कहालीलाग्दो वातावरण र पापले ढाकिएको हुन्छ। बालबालिकाहरूले परमेश्वरको नाउँ केवल मुख छोड्ने बेलामा सुन्दछन्। फोहर बोलि, गालीगलौज, सराप्ने जस्ता बोलीहरूले बालबालिकाहरूका दिमाग भरिएको हुन्छ। रक्सी र चुरोटले लटपटिएका मानिसहरू वाक्क लाग्दो गन्हाउने गरि बस्दछन् र नैतिकरूपमा पतन भएर तिनीहरूको इन्द्रियहरू नै भ्रष्ट काममा दुरुपयोग गरिरहेका हुन्छन्। लाखौँ मानिसहरू अपराध र आतङ्कित काम गर्न तालिम पाइरहेका हुन्छन्। तिनीहरूलाई हेला गरेको, तिरस्कार गरेको र छिछि दुरदुर गरेको समाजको निम्ति तिनीहरू शत्रु भएर निस्किरहेका हुन्छन्। सहरका सबै गरिव वा विपन्न वर्गहरू त्यस समूहमा छन् भन्ने छैन। परमेश्वरलाई नै विश्वास गर्न मानिसहरूलाई बिमार र दुर्भाग्यलाई गर्दा विपन्नताको खाल्डोमा तिनीहरू परिरहेका हुन्छन्। कतिपय मानिसहरू आफ्नै दुष्ट र बेइमान मित्रहरूको शिकार भएर तिनीहरू कहालीलाग्दो भएर बसेका हुन्छन्। कतिपय नैतिकवान र असलै हुन चाहने मानिसहरू उचित प्राविधिक तालिम र रोजगारको अभावमा गरिब भएका हुन्छन्। तिनीहरूको अज्ञानताले गर्दा जीवनको कठिनाइसँग संघर्ष गर्न तिनीहरू अयोग्य हुन्छन्। अनेकौँ दुष्टताको

दृश्य र आवाजहरूले तिनीहरूलाई भयानक प्रलोभन र दु:खको परिक्षाहरूमा संलघ्न भइरहेका हुन्छन्। तिनीहरूलाई बेइमान, हिँस्रक, पतित वर्गमा मानिसहरूले बिल्ला लगाइदिएकोले तिनीहरूलाई उद्धार गर्न साधारण मानवीय शक्तिले गर्न सक्दैन। संघर्षै संघर्षको भुमरिमा परिरहेका ती मानिसहरूलाई उचाल्न असधारण शक्तिलेमात्र काम गर्न सक्दछ। तिनीहरूमा कतिपय मानिसहरू पनि हुन्छन् जो इमान्दारी छन् र पापलाई चुन्नुभन्दा दु:ख पाउन रोजेका हुन्छन्। यस वर्गले हाम्रो सहायता, सहानुभूति र उत्साहको माग गर्दछ। -मिनिस्त्री अभ हिलिङ्ग, १८९,१९०।

जब विदेशमा सुसमाचार सुनाउने काममा उदारचित्तले दिन्छन् तब आफ्नो घर वा स्थानीय मिसनको उन्नति हुन्छ- बिदेशमा सुसमाचारीय कामको प्रगतिप्रति उदारचित्त, त्याग र आफ्नो इच्छालाई दवाएर सहयोग गर्छन्, तब आफ्नो गाउँघर वा स्थानीय चर्चको पनि उन्नति हुन्छ। परमेश्वरको मातहतमा जब टाढाका देशहरूमा सुसमाचार कसरी प्रचार भइरहेको छ र त्यसबाट मानिसहरू कसरी परिवर्तन भएको छ भन्ने खबर सुनेर जब स्थानीय विश्वासीहरू उत्साहित हुन्छन् तब तिनीहरू झन उदार भएर परमेश्वरको काममा सहयोग गर्ने अग्रसर हुन्छन् त्यसको फलस्वरूप विश्वासीहरूको आत्मिक विकाश हुन सहयोग हुन्छ। जब हामी सक्रिय भएर परमेश्वरको काममा चाहिने आवश्यकताहरूको आपूर्ति गर्छौं तब हामीहरू आफै सारा शक्तिको स्रोतसँग सम्पर्कमा हुन्छौं। - टेस्टिमोनिज फर द चर्च ६:२७।

स्थानीय चर्चका मानिसहरूको आफ्नै कामले गर्दा दु:ख पायो भन्दैमा विदेशमा रहेक सुसमाचारीय निकायहरूलाई बाधा पुऱ्याउनुहुन्न- मानिसहरू आफ्नै कारणको नतिजाले दु:ख पाइरहेको देख्दा कतिपय मानिसहरू संवेदनशील भएर तिनीहरूको हितको निम्ति केही न केही गरौं भन्ने भावनाले प्रेरित हुन्छन्। यस वर्गका मानिसहरूसँग सिधै सम्पर्क राख्न कतिपय मानिसहरू विशेषरूपमा अग्रसर हुन्छन्। यस पृथ्वीका सबभन्दा खराब ठाउँहरूमा काम गर्न परमेश्वरले नै तिनीहरूलाई खटाउनुभएको हुन्छ। ती विपन्न वर्गहरूलाई उकासेर चर्चको हेरचाहमा पनि सुम्पिदिन्छन्। तर यो कामलाई विशेष प्राथमिकता परमेश्वरले सेभेन्थ-ड एडभेन्टिस्टहरूलाई बोलाउनुभएको

छैन। विपन्न वर्गहरूको उत्थानको नाउँमा चर्चको ढुकुटीलाई प्रयोग गरेर आफ्ना कर्मचारीहरूलाई व्यस्त पार्ने र ती वर्गहरूको लागि सामाजिक संघसंस्थाहरू स्थापना गरेर विदेशमा रहेको सुसमाचारीय निकायहरूको आवश्यकताप्रति आँखा चिम्लिनुहुन्न। सुसमाचारीय प्रचारप्रसारको निम्ति स्थानीय र विदेशमा अहिले एक जना सेवाग्रही छ भने प्रभुले सय जना हुनुपर्छ भनेर आह्वान गर्नुभएको छ। जोशिला भएर बिदेशमा तिनीहरू प्रभुको काममा खट्न तयार हुनुपर्दछ। - मान्युसस्क्रिप्ट रिलिजेज १४:१६४।

स्वलम्बी अर्थात् चर्चको तलब नखाने मिसिनेरीहरूको आवश्यकता- हामीले निकालेका र छापेका अध्ययन सामग्रीहरू चुपचाप देश विदेशमा वितरण भइरहेका छन्। यदि अमेरिकाका हाम्रा भाइबहिनीहरू ती पढ्ने सामग्रीहरू पुगेको ठाउँहरूमा फलफूल उत्पादन गर्ने उत्पादक, किसानी र व्यापारीहरू भएर गएर परमेश्वरप्रति चासो राख्ने स्थानीय मानिसहरूसँग हिमचिम गरे परमेश्वर श्रद्धा जगाउन सक्थ्यो, र उहाँको प्रेम बाँडेर सत्यता मन फर्काउन सकिन्थ्यो। यो काम कति ठूलो महान् र असल हुन्थ्यो होला। यदि सुसमाचार प्रचार गर्न भोको भएका परिवारहरूले आफ्ना जीवन परमेश्वरलाई अर्पण गरे उहाँले तिनीहरूलाई आफ्नो माध्यमहरू बनाउन प्रयोग गर्नसक्नुहुन्छ। पास्टरले काम गर्ने आफ्नै निकायहरू छन् तर संसारमा धेरै ठाउँहरू छन् जहाँ पास्टरहरू पुग्न सक्दैनन्। परमेश्वर प्रभुमा समर्पित परिवारको सदस्यहरू ती ठाउँका मानिसहरूसँग हिमचिम गरेर अन्तिम दिनहरूको सत्य सुनाएर त्यसप्रति तिनीहरूलाई प्रभावित पार्न सक्दछ। येशूभक्तहरू घरायसी, व्यापार र विभिन्न पेशामा लागेर कतिपय नयाँ मानिसहरूसँग सम्पर्कमा आउन सक्छन् जुन पास्टरहरूको पहुँच हुँदैन। चर्चको तलब नखाने स्वतन्त्र भएर सुसमाचार प्रचार गर्ने जिम्मेवारी ठानेका मानिसहरूले सत्यको ढुकुटी अरूहरूको सामु खोल्न सक्छन् र मुक्तिको ज्ञानलाई तिनीहरूले प्रभावित पार्न सक्छन्। यस खालको मिसिनेरी काम थोरैलेमात्र गरिरहेकाछन्। पास्टरहरू र चर्चको तलब खानेहरूमात्र सुसमाचार गर्छन् भन्ने मनस्थिति हाम्रो दिमागबाट हटाउनैपर्दछ, त्यसले गर्दा पास्टर र तलब नखाने प्रचारकहरू नपुग्ने ठाउँमा स्वावलम्बी येशूभक्तहरू परमेश्वरको निम्ति धेरै कामदारहरू

हुनसक्छन् र उहाँको काममा सफलता हासिल गर्न सक्छ।
- फन्डामेन्टल अभ क्रिस्चियन एजुकेहन, २१२ बाट रूपान्तरित।

अध्याय ३
पास्टर तथा अगुवाहरूको चरित्र

पास्टरको सही इसाई चरित्रको प्रभाव मानिसहरूलाई हँसिलो पार्न सूर्यको किरण जस्तै हुन्छ- जुन पास्टरहरूले परमेश्वरको सत्यलाई स्वीकार्दछन् र उहाँको नाउँ बोक्दछन् यस संसारलाई गम्भिर र उल्लखेनीय सन्देश दिन तिनीहरूलाई परमेश्वरले खटाउनुभएको हुन्छ। बाइबलको उच्च स्तरलाई उचालेर र तिनीहरूको दैनिक जीवनद्वारा बाइबलका नीतिहरू पालन गरेर तिनीहरूको नमुनाद्वारा परमेश्वरको इज्जत थाम्न उहाँले तिनीहरूबाट अपेक्षा गर्नुभएको छ। कतिपय मानिसहरू परमेश्वरको अस्तित्वप्रति अलिकति पनि वास्ता नगरेर आफ्नो काममा डुविरहेका हुन्छ। जब तिनीहरूले पवित्र आत्माले प्रेरित भएको पास्टरको अनुहार देख्छन् तब तिनीहरूका हृदयहरू पनि हलुको भएर उचालिएको हुन्छ। सत्य र असल इसाई चरित्रको प्रभाव अन्धकार कुनाकाप्चामा फैलिने हँसिलो किरण जस्तो हो। हुनसक्छ कतिले त्यस किरणको वास्ता नगर्ला, तर कतिको दिमागमा त प्रभाव पारिरहेकै हुन्छ। सत्य र असल इसाई पास्टरबाट चम्किरहेको किरण आकाशमा झ्वाट्ट खसेको ताराको किरण जस्तो हुनु हुँदैन, तर उनमा शान्ति स्वभाव र मिजास हुनुपर्दछ र उनको अनुहारले आकाशका ताराहरू जस्तै निरन्तररूपमा चमक दिने हुनुपर्दछ। -द रिभ्यु एण्ड हेराल्ड, अगस्ट ८, १८७८।

यहूदा इस्करयोती ती पास्टरहरूको उदाहरण हो जो येशूलाई विश्वास गरेको र माया गरेको जस्तो देखाउँछ तर आफूमा भएको खराब चरित्रलाई आफूभित्र गुम्साइ राखेको हुन्छ- येशूलाई हेर्दा यहूदाले उहाँको चरित्र निर्मल, निष्खोट, सबैको हित चिताउने र शुद्ध देखेको थियो। ती नै गुणहरूले गर्दा उहाँप्रति यहूदा आकर्षित भएको थियो। तर येशूको चरित्रले देखाएको गुणले यहूदासँग स्व:त माग गरिएको थियो। आफूमा भएको कुनै पनि स्वभाविक प्रवृत्ति र मिजास जुन येशूको

चरित्रसँग मिल्दैन त्यो उसले त्याग्नुपरेको थियो। तर आफूसँग रहेको खराबै भएतापनि आफूलाई मनपर्ने स्वभावलाई छोड्न ऊ तयार भएन। आफू इसाई हुँ भनेर जनसमक्ष देखाएतापनि संसारप्रतिको माया मोह उसको हृदयमा गहिरो जरा गाडिएको थियो, त्यसलाई उसले त्याग्न चाहेन, न त आफ्नो महत्वाकङ्क्षा र भाऊ खोज्ने बानीलाई येशूमा सुम्पनु नै चाहेको थियो। येशूलाई पूर्णरूपमा आफ्नो जीवन अर्पण गर्ने बिन्दुमा यहूदा कहिल्यै पनि आएन। आफ्नो व्यक्तिगत आत्मनिर्णय र धारणाहरूलाई आफैमा बढाइ राख्नु उसको निम्ति मनाशिव भएको थियो। येशूको निम्ति मानौं पास्टर हुने वा सुसमाचार प्रचार गर्ने अगुवाको ओहदालाई उसले स्वीकार गरेतापनि उसको चरित्र तथा मिजासलाई येशूको ढाँचामा ढाल्न आफूलाई कहिले पनि सुम्पेन। आफूसँग भएको आपत्तिजनक स्वभावहरूलाई उसले पक्रेर नै राख्यो। आफ्नै पापी आदतहरूमा डुबि नै रह्यो। येशूका शुध्द, निर्मल चरित्रलाई अङ्गाल्नु उसको स्वइच्छाले मानेन्। त्यसको फलस्वरूप यहूदा स्वार्थी, लोभी, आफ्नो भाउ खोज्ने र अन्तमा हिँस्रक बन्न पुग्यो। - द साइनस् अभ द टाइमस्, डिसेम्बर १८, १८९३।

समर्पणता

हाम्रो सुसमाचारीय सेवकार्यमा आमूल परिवर्तन ल्याउनु आवश्यक छ- यस दु:खदायी र आपतको समयमा आमूल परिवर्तन भएको सुसमाचारीय सेवकार्यको आवश्यक छ। सुसमाचार प्रचार गर्न उत्सुक भएका मानिसहरू आफ्नो आत्मा दीन वा गरिब भएको महसुस गर्नुपर्दछ। हृदयदेखि नै इमान्दारितासाथ पवित्र आत्माको बरदानप्रति लालायीत हुनुपर्दछ। परमेश्वरको आशिषको उपभोग गर्न आफ्नो हृदयलाई तयार गर्नु आवश्यक छ। तर कतिपय पास्टरहरूमा हृदयदेखि यो चाहना गरेको देखिएको छैन। ओहो, प्रभुको निम्ति सेवाकार्य गर्न खटिएका मानिसहरूले आफ्नो पवित्र र उल्लेनीय जिम्मेवारीप्रति जागृत भएको भए कस्तो हुन्थ्यो, के तिनीहरूले स्वर्गबाट आउने शक्तिको निम्ति भित्री हृदयदेखि बिन्तिभाउ गर्दैन होला? पास्टरले प्रचार गर्ने वचनलाई तिखार्न पवित्र आत्माले उनलाई शक्तिसम्पन्न गराउनु पर्छ, नत्र

उनको प्रचार र प्रवचनमा ख्रीष्टको धार्मिकताको त्यसमा खालिभएको हुन्छ, अनि उनको सबै काम कयिनले ल्याएको भेटी जस्तै हुनेछ। -द रिभ्यु एण्ड हेराल्ड, अप्रिल ५, १८९२।

जब सुधार्न नसकिने, नलच्किने र हठी स्वभाव भएका मानिसहरू परिवर्तन हुन्छन् तब तिनीहरू परमेश्वरको निम्ति अत्यन्तै अमूल्य पास्टरहरू हुन्छन्- मलाई कतिपय पास्टरहरूको जीवनको बारेमा दर्शनमा देखाइएको थियो। तिनीहरू येशूद्वारा परिवर्तन हुनुभन्दा अघि तिनीहरूको चरित्र अत्यन्तै सुधार्न नसकिने, कठोर मिजासका, नलच्किने र हठी थियो। तर येशूले ती चरित्रहरूलाई फनक्क फर्काउनुभएको थियो। तर सकारात्मक तरिकाले हेर्दा परमेश्वरको कामको निम्ति ती सबै स्वभावहरूको आवश्यकता छ। ती स्वभावहरूलाई हामीले मार्न दिनुहुन्न। परमेश्वरको काममा महत्त्वपूर्ण पदहरूमा पास्टरहरूलाई खटाउँदा ती गुणहरूको आवश्यकता पर्दछ। तर ती एकफेरा नराम्रो वैगुणहरू थिए भने तपाईंहरू परिवर्तन भएपछि ती गुणहरू पनि परिवर्तन हुन्छ। तर त्यसको लागि पहिले चरित्रमा आमूल परिवर्तन हुनु आवश्यक छ। परमेश्वरको अखमिर मानिसको हृदयमा र स्वभावहरूमा काम गर्नु आवश्यक छ। प्रत्येक काम र देखाउने मिजास परमेश्वरको चाहनामा तालमेल हुनु जरुरी छ। अनि तिनीहरू पवित्र हुन्छ र परमेश्वरका कामको निम्ति अत्यन्तै महत्त्वपूर्ण र मूल्यवान हुन्छ। परमेश्वरको कामको फरक निकायहरूको निम्ति त्यस खालको परिवर्तित जीवन भएका मानिसहरूको खाँचो छ।- म्यानुस्क्रिप्ट रिलिजेज ९:६१।

धर्मपरायण र भक्ति जीवनको आवश्यकता- अत्यन्तै पढेलेखेका जान्ने र दक्षता भएका मानिसहरूले चर्चको व्यवस्थापनलाई सधैँ सफल गर्छ भन्ने छैन। यदि विश्वासमा दन्हिलो भएका महिलाहरूमा पुरुषहरूको भन्दा गहिरो धर्मपरायणता र सत्य भक्ति जीवन बिताउँछन् भने तिनीहरूका प्रार्थना र परिश्रमले जान्ने पुरुषहरूभन्दा झन राम्रो काम गर्न सक्छन् किनकि ती पुरुषहरूको जीवन र हृदय सकल समर्पणता नहुन सक्छ। - मान्युस्क्रिप्ट रिलिजेज १९:५६।

स्वार्थ त्याग अर्थात् परमेश्वरमा पूर्ण अर्पित जीवन

पास्टरको कामले स्वार्थ त्याग वा परमेश्वरमा पूर्ण अर्पित जीवनको माग गर्दछ, तर पहिलेका धेरै मानिसहरू भन्दा कम – कतिपय सुसमाचार प्रचारकहरू परमेश्वरको कामको निम्ति सबै थोक त्यागेका हुँदैनन्। परमेश्वरको आदेश भनेको सुसमाचार प्रचारमा पूर्ण समर्पित जीवन बिताउनेहरूले आफ्नो सबै थोकहरू उहाँकै भरोसामा छोड्नुपर्छ र आफ्नो भाऊ खोज्ने कुनै पनि प्रवृत्तिको बिऊ तिनीहरूमा हुनुहुँदैन। आफ्ना परिवार र प्रियजनहरूबाट अलगिनुपर्ने भएकोले सुसमाचारको निम्ति काम गर्ने प्रचारकहरूले स्वार्थ त्याग गर्नु भनेको कठोर छ भनेर सोच्दछन्। तिनीहरूले बिर्सन्छन कि अहिलेको सुसमाचार प्रचार गर्ने मामिलामा अहिलेको भन्दा पहिला धेरै कठिन थियो। सुसमाचार प्रचार गर्ने पहिला थोरै थिए। तर ती थोरैलाई सुसमाचार प्रचार गर्ने जिम्माको भार परमेश्वरले बोकाइदिनुभएको थियो। धेरै कठिन परिश्रम गरेपछि सुसमाचारलाई ग्रहण गर्नेहरू बिगत युगमा थोरै थिए। परमेश्वरले रोज्नुभएका सेवकहरूले सत्यलाई बुझ्न रोइकराइ प्रार्थना गरेका थिए। व्यक्तिगरूपमा दु:ख सहेर र आफ्नो चाहनाहरूलाई त्यागेर सुसमाचार अरूहरूको माझमा तिनीहरूले पुऱ्याएका थिए। परमेश्वरले अगुवाइ गर्नुभएको र ढोका खोलिदिनुभएको अनुसार तिनीहरू कदम कदममा अघि बढेका थिए। तिनीहरूले आफ्नो सुविधाहरू खोजेनन् र न त कठिन परिस्थितिहरूबाट तिनीहरू खुम्चिए। ती मानिसहरूद्वारा नै प्रत्येक इमान्दारी दिमागले सत्यलाई बुझौस् भनेर परमेश्वरले बाटो तयार गर्नुभएको थियो र तिनीहरूमार्फत सत्यलाई सरल रूपमा प्रस्तुत गर्न लगाउनुभएको थियो। सत्यलाई अङ्गाल्ने पास्टरहरूको निम्ति सबै शिक्षादीक्षा तयार पारिसकेका थिए। तैपनि तिनीहरूमा कतिपयले सुसमाचार सुनाउने भारलाई बोक्न असफल भएका छन्। तिनीहरूले सजिलो बाटो खोज्छन् र कम स्वार्थत्याग गर्नुपर्ने ओहदा खोज्छन्। याद गर्नुहोस्, यस पृथ्वी सक्कली इसाईहरूको निम्ति विश्राम गर्ने थलो होइन, तब त परमेश्वरले चुन्नुभएको पास्टरहरूको निम्ति त के भनौँ? येशूले स्वर्गका सबै वैभव, महिमा, इज्जत र सम्मान छोडेर यस संसारमा आउनुभयो र मर्नुभयो र उहाँले हामीलाई प्रेम गर्नुभएको

अनुसार एक आपसमा प्रेम गर्ने उहाँको आज्ञालाई कतिपय पास्टरहरूले बिर्सेका हुन्छन्। परमेश्वरका कतिपय जनहरू भेँडा बाख्राको रौँको वस्त्र लगाएर यताउति घुम्नुपरेको थिए, र तिनीहरूलाई दु:खकष्ट र यातना दिएका थिए भन्ने कुरो आधुनिक पास्टरहरूले बिर्सेका छन। - टेस्टिमोनिज फर द चर्च १:३७०,३७१।

पास्टरीय काममा दु:ख र कष्ट तथा कठिन परिस्थितिहरू सामना गर्न वाध्यभएर निराशमा लागेका पाष्टरहरू प्रेरित पावलको कार्यशालामा हेर्न जानुपर्दछ- पावल आफ्नो स्वास्थमा कमजोर थिए तैपनि दिनभरि ख्रीष्टको काम गर्थे र प्रायजसो रातभरि आफ्नै हातले काम गरेर आयआर्जन गरि आफ्नो निम्ति र अरूहरूको आवश्यकताहरूको निम्ति पूरा गर्न परिश्रम गरेका थिए। - टेस्टिमोनिज फर द चर्च ४:४१०।

दु:खकष्ट र परीक्षाहरूले सुसमाचार प्रचारकहरू गोठाला हुन तयार पार्दछन्- परमेश्वरकै निर्देशनमा मोशालाई आफ्ना बगालको चिन्ता र सोचबिचार गरेर स्याहार गर्ने अनुभव गर्न लगाउनुभएको थियो। त्यसको फलस्वरूप जब परमेश्वरका जनहरूको नेतृत्व गर्न परमेश्वरले बोलाउनुभएको बेलामा उनी विश्वासिलो र भरपर्दो गोठाला हुने काममा तयार भएका थिए। सत्यलाई प्रचारप्रसार गर्ने महान् काममा संलघ्न भएका पास्टरहरूको अनुभव पनि त्यसै खालको हुनुपर्दछ। अरूहरूलाई जीवित पानीको मुहानबाट पानी पिउन डोऱ्याउँछन् भने पहिला आफैले त्यो पानी पिउन आवश्यक छ। पतित मानिसहरूले मुक्ति पाउन् भनि अनन्तको त्याग परमेश्वरको पुत्रले गर्नुभएको थियो सो ती पास्टरहरूले बुझ्न खोज्नुपर्दछ। तिनीहरूको हृदयमा कहिल्यै पनि नओइलाउने प्रेमको आत्मा र जोशले भरिरहनुपर्दछ। यदि परमेश्वरले हामीलाई कठिन परिश्रम गर्न बोलाउनुभयो भने त्यसलाई गनगन नगरि काम गर्नु नै पर्दछ। यदि हामीले हिँड्ने बाटो कठिन र खतरापूर्ण छ भने त्यस बाटोमा हामी लाग्न नम्र भएर रूदैकराउँदै उहाँको बल माग्नुपर्दछ। हाम्रा केही पास्टरहरूको अनुभवहरूबाट हामीले कहिलेकाहीँ यस्तो पाठ सिक्नुपर्दछ कि कतिपय पहिलाका परमेश्वरका जनहरूले दु:खकष्ट, कठिन र

डरलाग्दौ परिस्थितिहरू खेपेको अनुसार नभोगेतापनि आफूहरू शहीद भइरहेको भनेर सोच्दछन्। परमेश्वरले तिनीहरूलाई रोज्नुभएकोले र मुक्तिको स्रस्ता येशूको बारेमा ज्ञान दिलाउनुभएकोले उहाँप्रति आभार भएर उहाँको कामलाई सहस्र स्वीकार गर्न हाम्रा पास्टरहरूले सिक्न अझ बाँकि नै छ। अत्यन्तै लगनशील र तत्पर भएर, जोश र जाँगर लगाएर आफ्नो बल तथा क्षमताहरूलाई प्रयोग गरेर हाम्रा पास्टरहरू लाग्नुपर्दछ। यसो गर्दा परमेश्वरको पवित्र काममा लाग्नेहरू कुनै पनि व्यापारी कारोबारमा भन्दा ठूलो नतिजा हासिल गर्न सकिन्छ। - टेस्टिमोनिज फर द चर्च ४:४४२।

करुणा, दया, सहानुभूति र सदाशयताको गुणहरूले सम्पन्न हुनु

परमेश्वरका गोठालाहरू करुणा, दया, सहानुभूति र सदाशयताको गुणहरूले सम्पन्न हुन आवश्यक छ- भाइ हो. तपाईँले आफूले आफूलाई सम्हाल्ने गुणलाई बिकास गर्न अत्यन्तै प्रयत्नशील हुनु आवश्यक छ। तपाईको मिजास र चरित्र परमेश्वरका नीतिहरूसँग तालमेल हुनु आवश्यकछ। सफल गोठालो हुन तपाईँले आफूलाई शिक्षित बनाउनुपर्छ र तालिम दिनुपर्दछ। तपाईँमा असल मिजासहरू उमार्नुपर्दछ हँसिलो, जोशिलो, उदार, सहानुभूति, दयालु, करुणा, शिष्ट तथा भद्रता, सदाशयता जस्ता गुणहरू तपाईँको चरित्रमा हुल्न दिनुपर्दछ। तपाईँ चर्चको अगुवा हुनुभएको हैशियतले तपाईमा गनगनाउने, अंध्यारो र नियाउरो अनुहार गर्ने, कठोर वा नलचकिने, अरूहरूको दोषलाई केलाउने र दमन गर्ने नीतिबाट अलग हुनैपर्दछ। यदि तपाईँ परमेश्वरको काममा लागिरहनु भएको छ भने तपाईँले आफूसँग हिम्मत बाँधेर युद्ध गर्नुपर्दछ र तपाईँको चरित्र येशूको नमुना अनुसार ढाल्नुपर्दछ। - टेस्टिमोनिज फर द चर्च ४:४४०।

येशू ख्रीष्टको जस्तो जीवन बिताउनु भनेको प्रेम गरेर र सेवा गरेर बाँच्नु हो- विशेष गरेर तिनीहरको लागि जो मायालु वा माया गर्नुपर्ने योग्यको छैन ती मानव प्राणीको निम्ति येशूले बिताउनुभएको

क्रियाकलापमा उहाँले अचम्म खालको कदर र सम्मान मानिसहरूलाई दिनुभएको थियो। मानिसहरूको बिचमा येशू महाराजा, स्वामी, गुरु र रब्बी भएर आफू उभिनुभएन र येशूले उहाँप्रति सम्मान, आदर, सेवा आदिको माग गर्नुभएन। तर उहाँको लक्षित चाहना थियो मानव जीवनलाई उत्थान गर्नु र सेवा गर्नु। आफूले सेवा पाउन होइन तर सेवा दिन आएको हुँ भनेर उहाँले नै जिकिर गर्नुभएको थियो। सदाशयी र क्षमाशील हुने महान् पाठहरू हामी सबैले बढि परिपक्करूपमा सिक्नुनै पर्दछ, सिक्नेमात्र होइन हाम्रो व्यवहारमा उतार्नु नै पर्दछ। हामीमध्ये कतिले कुनै निश्चित मानिसहरूलाई मात्र सेवा गर्न चाहन्छौँ। हामीलाई मन पराउने र हामीले कदर गर्नेलाई सेवा गर्न मन पराउँछौ। यदि हाम्रो दिललाई चिसो नपारि, सदाशय बनि, हामी स्वार्थी र निर्दयी नबनि हाम्रो सेवा पाउन अयोग्य व्यक्तिहरूलाई सेवा गऱ्यौँ भने ख्रीष्टले हामीलाइ तिनीहरूको निम्ति आशिषको माध्यम बनाउनु हुनेछ। अयोग्य, हामीले मन नपराउने वा हामीलाई मन नपराउने मानिसहरूलाई सेवा गर्नु हाम्रो कर्तव्य हो । तिनीहरूको रिस खपेरै भएपनि तिनीहरूको सेवा गर्नुको अर्थ तिनीहरूमा भएको प्रवृत्ति वा चरित्रको बिपरित चरित्रको निर्माण गर्ने लक्ष्य लिएर तिनीहरूको सेवा गर्छौँ। -द रिभ्यु एण्ड हेराल्ड, अप्रिल १२, १८८२।

सकारात्मक मनस्थिति

हँसिलो र खुशी हुनुपर्छ तर ख्याल ठट्टा र मजाक उठाउने बानी होइन- हँसी, ठट्टा, अरूहरूलाई हाँसोको पात्र बनाएर जिस्किनु र मजाक उठाउने प्रवृत्ति संसारको हो र संसारलाई नै छोड्नुपर्दछ। परमेश्वरको शान्तिले भरिएको इसाईहरूको हृदय खुशी, हँसिलो हुन्छ र अनुहारमा मुस्कान हुन्छ। तिनीहरू ख्याल ठट्टा गरेर खुशी हुनु आवश्यक छैन। प्रार्थनामा सजग भएर बस्दा तिनीहरूमा शान्त र स्थिर हुन्छ र अनावश्यकरूपमा मजा उठाएर आफूहरूलाई माथि उचाल्न खोज्ने काम तिनीहरूले गर्दैनन्। -टेस्टिमोनिज फर द चर्च ३:२४१।

अपेक्षा नगरेको वा आफूलाई मन नपर्ने परिस्थितिहरूमा परेर परमेश्वरप्रति शङ्का, दुविदा र अविश्वास हुनेले आफू आत्मिक समस्यामा परिरहेको छ भनेर देखाउँदछ- कोही मानिस येशूबाट धेरै टाढा छ कि छैन भन्ने ठूलो प्रमाण अन्तकतैबाट पाइन्दैन, तर उसको जीवनमा व्यक्तिगत प्रार्थना नगर्ने र व्यक्तिगत धर्मपरायणता नदेखाएकोले नै प्रमाणित गर्दछ। त्यस व्यक्तिले आफ्नो वातावरण ठिक नभएको भनेर शङ्का र अविश्वास गर्ने तरखरमा लाग्दछ। यस खालको मानिसहरू एडभेन्टिस्टहरू भनेर दावी नै गरेतापनि तिनीहरूमा येशूको निर्मल, निष्खोट, सत्य र असली शुद्ध धर्मले बास गरेको हुँदैन। तिनीहरूमा देखावटी धर्म हुन्छ जब केही दु:खकष्ट आयो भने तिनीहरूको विश्वासमा खिया लागेर आत्मिक जीवन निकम्मा हुन जान्छ। जब परमेश्वरले तिनीहरूको विश्वास जाँच्नुहुन्छ, तब तिमीहरू धलमलिन्छ, कमजोर भएर उभिन थाल्दछ र न यता न उति भएर हल्लिन थाल्दछ। पावलमा भएको स्पष्ट असल गुणहरू तिनीहरूमा हुँदैन। तिनीहरूमा हुनु पर्ने स्वभाव पावलले यसरी व्यक्त गर्दछन्, " यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ। उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं। यस अनुग्रहमा हामी खड़ा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं। यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ। आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।" रोमी ५:१-५। तिनीहरूमा वातावरण अनुकुलको धर्म हुन्छ। तिनीहरूको वरिपरी भएका विश्वासी साथीभाइहरूले बलियो विश्वास देखाऊ र तीन स्वर्गदूतका सन्देशहरूले ती विश्वासीहरू उत्साहित भएकोले आफूहरू पनि त्यही धारमा जान्छन्। तर तिनीहरूमा खास केही विशेष आत्मिक प्रभाव त हुँदैन तैपनि मानिसहरूको सामु प्रभुलाई विश्वास गरेको भनेर देखाउँछन् तर तिनीहरूमा केही प्रतिकूल वातावरण आउने बित्तिक्कै तिनीहरू गाऱ्हो मान्न थाल्दछन्।

तिनीहरूले सबैबाट सहायता माग्न थाल्दछन्। तिनीहरू चाहे पास्टर भनेर दावी गर्नेहरू नै किन नहोउन् प्रतिकूल परिस्थितिहरू आफै बिलाएर जाओस् भनेर हात बाँधेर बस्दछन्। यस किसिमका बिचरा इसाईहरू परमेश्वरको काममा सहयोगी हुनुको सट्टा बाधा पुऱ्याउँछन्। - टेस्टिमोनिज फर द चर्च २:५१४।

जब गोठालाहरू आफै निराश हुन्छन् र गनगनाउँछन् तब ब्वाँसाहरूले भेँडाहरूलाई निल्दछन्- परमेश्वरका सक्रिय सेवकहरूलाई निराश पार्न सैतानले भरमज्दुर प्रयास गर्दछ र उसले विभिन्न माध्यमहरू प्रयोग गरेर चर्चका अगुवाहरूलाई तल झार्दछ। यदि गोठालाहरू नै आफ्नो कर्तव्यबाट बिचलित हुन्छन् भने तिनीहरूका भेँडाहरूलाई ब्वाँसाहरूले हमला गर्न बाटो बनाउँछन् र तिनीहरूलाई छरपस्त पारेर निलिदिन्छन्। - द साइन अभ द टाइम्स, जनवरी ३, १८८४।

भरपर्दो

पाष्टर तथा सुसमाचारका अगुवाहरूमा दिगो अनुभव हुनुपर्दछ। तिनीहरू विशेष सभामा उत्तेजित र जोशिलो हुने अनि पछि सेलाएर जाने खालको हुँदैन- येशूका पास्टर र अगुवाहरूले चर्च र व्यक्तिहरूलाई सिकाउनै पर्दछ। सेभेन्थ-डे एडभेन्टिस्ट भनेर दावी गर्ने तर हृदयदेखि धर्म परायणता देखाउन सकेन भने तिनीहरू असल गर्न असंक्षम हुन्छ। चर्चबाट धार्मिक ज्योति चम्किनुपर्दछ, त्यसमा पनि विशेष गरेर पास्टर र अगुवाहरूले आफूसँग भएको परमेश्वरको आत्मज्ञानका किरणहरू स्पष्ट र अडिग वा ननिभ्ने खालको हुनुपर्छ। कहिलेकाहीँ वा विशेष समयहरूमा जोशिलो भएर उफ्रेर आफ्नो आत्मिक जोश देखाउने हुन्छन। त्यस खालको ज्वाला मधुरो हुँदै जान्छ र ढलपल भएर निभेर जान्छ। - टेस्टिमोनिज फर द चर्च ५:५३१।

यदि पास्टर भरपर्दो छैन भने अरू वरदान र दक्षताहरूले ढाकछोप गर्न सक्दैन- भाइ हो कसैले अत्यन्तै जोशिलो पाराले चर्चका विश्वासीहरूलाई सम्बोधन गर्न सक्नुहुन्छ, तर त्यतिलेमात्र उनी सफल प्रचारक हुँदैन। यदि प्रवचन दिने बेलामा जोशिलोमात्र भयो भने अरू बिश्वासी भाइ बहिनीहरूले पनि आत्मिक जीवनमा त्यति भए पुग्छ भनेर मूल्याङ्कन

गर्दछन्। तर प्रवचन दिएपछि उनको आत्मिक जीवन कस्तो छ, त्यो महत्त्वपूर्ण हुन्छ। जोशलेमात्र प्रचार गर्ने आफ्नो जीवन होशमा नराख्नेहरु परमेश्वरको निम्ति सक्षम् र भरपर्दो कार्यकर्ता हुनुभएको छैन। - टेस्टिमोनिज फर द चर्च १:४४८।

नम्रता तथा भद्रता

तपाईँको जीवनमा येशूलाई उच्च स्थानमा राख्नुहोस् र आफूलाई पन्छाउनुहोस्- सरसल्लाहलाई वेवास्ता गरेर परमेश्वरले देखाउनुभएको भन्दा पनि आफ्नो बारेमा आफ्नै उच्च मूल्याङ्कन गर्नु तपाईँको निम्ति खतरा छ। मानिसलाई मुग्द गरेर प्रचार गर्न सक्ने पास्टरहरूको प्रशंसा गर्नेहरू धेरै हुन्छन् र तिनीहरूले चिप्लो घस्छन्। आफ्नै काममा फुल्ने र अरूहरूको प्रशंसामा हिँड्ने युवा पास्टर जहिले पनि आफूलाई हानी पार्न सक्दछ। फेरि त्यसै बखत परमेश्वरको प्रवक्ता हुँ भनेर दावी गर्नेहरुमा अपेक्षा गरेको अनुसार महत्त्वपूर्ण गुणहरू कतिपयमा कमी हुनसक्छ। तपाई ख्रीष्टको स्कूलमा भर्खर पस्नु भएको छ। परमेश्वरको काममा योग्य हुनु भनेको जीवनभरिको काम हो। तपाईँमा भएका नराम्रो बानीहरू, नियतहरू, प्रवृत्तिहरू र बंशबाट आएका कमीकमजोरीहरूसँग दिनदिनै लडिरहनुपर्दछ। आफूसँग लड्न परिश्रम गर्नुपर्छ र इन्द्रियहरूलाई जित्न वा अनुशासनमा राख्नु आफूसँग भौतिक युद्ध नै गर्नुपर्दछ। तपाईँको जीवनमा आफ्नो भाऊलाई छोडेर प्रभु येशूलाई सर्वोच्च स्थानमा राखिरहन निरन्तररूपमा सच्चाइका साथ लगनशील भएर चनाखो हुँदै आफूले आफूलाई नियन्त्रण गरिराख्नुपर्दछ। आफ्नो महत्वलाई ओझेलोमा पारेर येशूलाई नै प्राथमिकता दिने आदत बसाल्नुहोस्। - टेस्टिमोनिज फर द चर्छ ४:३७६।

परमेश्वरको वगाललाई राम्रोसँग हेरचाह गर्न सिक्न समय लाग्दछ- शक्तिशाली मिश्र देशका राजकुमार भएर हुर्केका विनम्र हुन, आफूलाई महत्व नदिन र सहनशील हुन सिक्न मोशालाई कति वर्ष लागेको थियो। ताकि उनी मिश्र देशबाट छ लाख इस्राएलीहरूको नेतृत्व गर्दै

बाहिर निकाल्न सक्षम् हुन पुगेको थियो? उनी लामो अनुशासन प्रक्रिया भएर जानु परेको थियो। मिद्यानको गाउँमा उनले चालिस वर्षसम्म भेँडाहरूको स्याहार गरेका थिए। परमेश्वरको बगालको असल गोठालो कसरी हुने भनेर सिक्न उनलाई चालिस वर्ष लागेको थियो। जब उनी गोठालो हुन परमेश्वरले नियुक्त गर्नुभयो तब उनले कमजोरीहरूको हेरचाह गर्ने र बाटो बिराएकाहरूलाई अगुवाइ गर्न र रणभूल्लमा परेर हराइरहेकाहरूलाई खोज्न उहाँले आह्वान गर्नुभएको थियो। इस्राएलको अगुवा हुन यो तालिम अत्यन्तै आवश्यक थियो। परमेश्वरको बगाललाई स्याहार गर्ने क्रममा उनले कमजोरीहरूलाई आत्मिक खुराक ख्वाउनु परेको थियो, बरालिएकाहरूलाई सिकाउनु परेको थियो र हराएकाहरूलाई बगालमा फिर्ता ल्याउनु परेको थियो। -द साइनस् अभ द टाइम्स, जनवरी १६, १८९३।

जिम्मेवारी

परमेश्वरको वगाललाई ख्वाउनुपर्छ, तिनीहरूलाई रेखदेश गर्नुपर्छ र बगालको निम्ति अनुसरणीय उदाहरण बन्नु पर्दछ- परमेश्वरको वचन सिकाउने पास्टरहरू र चर्च वा मिशनमा जिम्मेवार ओहदामा बसेकाहरू र चर्चका सम्पूर्ण विश्वासीहरूमा नम्रता, भद्रता, सहनशीलता, भूल गरे स्वीकार गर्ने र पश्चाताप गर्ने स्वभावको आवश्यकता छ। सुसमाचारको निम्ति परिश्रम गर्नेहरूलाई पत्रुसले यो अर्ति दिन्छन्: "ख्रीष्टका कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरूमध्येका एल्डरहरूलाई म आग्रह गर्दछु। तिमीहरूको देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाह गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, तिमीहरूको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर। र जब मुल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरूले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ।" १ पत्रुस ५:१-४। - द रिभ्यु एण्ड हेराल्ड, डिसेम्बर १६, १८९०।

बाइबल सिकाऊ, सुमाचार प्रचार गर र मानिसहरू कहाँ आफै भेटघाट गर्न जाऊ- पास्टरले गर्नुपर्ने कुनै पनि जिम्मेवारीबाट पास्टर पन्छिनु हुन्न। उनले सुसमाचारको प्रचार गर्नुपर्छ र बाइबल सिकाउनुपर्छ। अरूहरूको धारणा वा दर्शन उनले सिकाउने होइन। उनले व्यक्ति व्यक्तिहरूको बीचमा परिश्रम गर्नुपर्छ, घरघरमा गएर परिवारहरूलाई भेट्न जानुपर्छ, देश विदेशमा के भइरहेको छ त्यसको चर्चा गरेर समय बिताउने होइन तर अनन्त जीवनप्रति चासो राखेर त्यस विषयमा आधारित चर्चा गर्नुपर्छ। तिनीहरूसँग प्रार्थना गर्नुपर्छ र परमेश्वरको सत्यतालाई सरलरूपमा सिकाउनु पर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, जुन ३०, १८९१।

चर्चको प्रत्येक सदस्यले केही न केही गर्न बन्दोबस्त गर्नुपर्दछ- चर्चका अगुवाहरू ताराहरू हुन् भनेर यूहन्नाले आफ्नो दर्शनमा देखेका थिए। ताराहरूमा सातवटा ताराहरूको बारेमा विशेष उल्लेख गरिएको छ (प्रकाश १:२०)। सात ताराहरूले प्रतिनिधित्व गरेको पास्टर तथा चर्चको अगुवको कम उच्च र पवित्र छ। जब चर्चको पास्टर वा अगुवाको काम केवल साबथमा चर्च खोल्नु, प्रवचन दिनुमात्र हो भनेर ठानेको छ भने बगालको गोठालामा हुनुपर्ने गुणहरूलाई हेरचाह गर्ने जिम्मेवारी पन्छाइरहेको हुन्छ। विश्वासीहरूको व्यक्तिगत आत्मिक उत्थानतिर उनले वेवास्ता गरिरहेको हुन्छ। चर्चको हेरचाह, बगालको रेखदेख र चर्चका प्रत्येक विश्वासीले केही न केही जिम्मेवारी दिएर चर्चमा संलघ्न गराउनु पास्टर अगुवाको उत्तरदायित्व हो। - द रिभ्यु एण्ड हेराल्ड, मे ३१, १८८७।

अध्याय ४
सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका नीति तथा निर्देशनहरू

चर्चको संगठन

क्रमबद्ध र नियमवद्धमा काम गर्न चर्च सुसंगठित हुनुपर्दछ नत्र भने टुक्रा टुक्रा भएर छरिन्छ – चर्च संगठित भयो भने हामी पनि बेबिलोन जस्तो हुनेछौँ भनेर कतिको डर लागिरहेछ भनेर मलाई दर्शनमा देखाइएको थियो। हो, अमेरिकाको न्युयोर्कमा भएको कतिपय चर्चहरू पक्कारूपमा बेबिलोन भइरहेका छन्। तिनीहरूमा धेरै गडबड र अन्यौल छ। तर हाम्रो चर्च सुसँगठित भएर नीतिनिर्देशन, आचारसंहिता र मर्यादालाई पालन गर्ने चर्च भएन भने हाम्रो लागि भविष्य अन्धकार हुन्छ। - द रिभ्यु एण्ड हेराल्ड, अगस्ट २७, १८६१।

मेडिकल मिसिनेरी अर्थात् स्वास्थ्य सेवा निकाय चर्चको संगठनबाट अलग राख्नुहुँदैन- स्वास्थ्य सेवाग्राही काममा अघि बढाउन चर्च संगठन, अनुशासन वा आचारसंहिताबाट अलग हुनुपर्छ भन्ने चाहनाहरू तपाईँहरूमा आउन सक्छ। यसो गर्दा तपाईँहरू चर्चको लक्ष्यको धुनमा चलेको हुँदैन। मेडिकल मिसिनेरी वा स्वास्थ्य सेवामा वा अरू कुनै कामको लागि दिने निर्देशनहरू पूरा हुँदैन जबसम्म चर्चको कामसँग आवद्ध हुन शिक्षित बनाउँदैन। - टेस्टिमोनिज फर द चर्च ८:१६१।

पास्टर, चर्चका अगुवा र सुसमाचार प्रचार गर्न बोझ बोकेकाहरू चर्चका आलोचकहरूको प्रभावमा परेर तिनीहरूसँग एक हुनुहँदैन- जब चर्च, मिशन संगठन र अगुवाहरूको आलोचना गर्ने सेभेन्थ-डे एडभेन्टिस्ट भनेरै दावी गर्ने मानिसहरूसँग मिलेर काम गर्ने तर्कहरू निकाल्छन् तब हामी सबैले यो प्रश्न आफैले सोध्नु आवश्यक छ, "परमेश्वरको बालक भएर हामी इसाई भएका हौं; हामीलाई

संसारको ज्योति भनेर सम्बोधन गरिएको छ; हामीलाई धार्मिकताको प्रचार गर्ने जिम्मा बोकाइ दिएको छ; कतिपय समयमा हामीले सत्यमाथि हाम्रो भरोसा राखेका छौँ भने गवाही दिएका छौँ र परमेश्वरले हामीलाई कसरी अगुवाइ गर्नुभएको छ सो जानेर पनि के म परमेश्वरको काममा नराम्रोसँग बिरोध गर्नेहरूको प्रभावमा परेर तिनीहरूसँग मिल्न जाउँ? म परमेश्वरको रहस्यहरूको भन्डारे वा स्टोर किपर भएर उहाँका अत्यन्तै खराब शत्रुहरूको सरसल्लाहमा म जाने? के चर्चलाई टुक्राउने तत्वहरूसँग मिल्दा परमेश्वरको सत्य र उहाँको करारमा रहेका मानिसहरूको विरुद्धमा जान चाहने दुष्टहरूलाई खुशी पार्दैनौँ र? चर्चलाई फुटाउने तत्वहरूसँग मिल्दा परमेश्वरले हाम्रो परिवार र उहाँको चर्चलाई दिएका अर्ती, चेतावनी र एक भएर बस्ने बिन्तिलाई हामीले कुण्ठित गरिरहेका हुँदैनौँ र? यदि पावल र पत्रुसलाई यस्तै खालको परिस्थितिमा पारेको भए के तिनीहरूलाई सुम्पिएको पवित्र जिम्मेवारी वा भरोसालई तिनीहरूले गद्दारी गर्लान र?"-द साइनस् अभ द टाइम्स, जनवरी ३, १८८४।

पाष्टरको अभिषेक

पास्टरलाई अभिषेक गर्नु भनेको सार्वजनिकरूपमा उनलाई उहाँको काम गर्न परमेश्वररले नियुक्त गरिएको हो भनेर स्वीकार्नु हो- इसाई चर्च विशेष गरेर सेभेन्थ-डे एडभेन्टिस्ट चर्च अहिले महत्त्वपूर्ण युगमा प्रवेश गरिरहेको छ। येशूको सुसमाचार नसुन्न देश र विदेशका मानिसहरूले सुसमाचार जोशिलो पाराले घन्काउनु आवश्यक छ; चर्चमा धेरै विश्वासीहरूलाई समावेश गरेर चर्चको काममा बल पुऱ्याउनु आवश्यक छ। यस काममा खट्न र नेतृत्व गर्न नियुक्त गरेका येशूका चेलाहरूलाई धेरै मानिसहरूले आशंका, पूर्वाग्रह, डाहा र ईर्ष र गलत सम्झिने वातावरणमा तिनीहरूले खुला राखेका थिए। यहूदी जाति वा धर्मको नाउँमा गैरयहूदी वा अन्य जातिहरूको बीचमा खडा भएर ती दुई जातिहरूलाई अलग राख्ने पर्खाल प्रेरितहरूले भत्काए (एफिसी २:१४) यस शिक्षादीक्षाले गर्दा यहूदीहरूले तिनीहरूलाई

धर्मभ्रष्ट भनेर तिनीहरूलाई स्वत आरोप लगाए, सुसमाचार प्रचारको आधिकारिता पाएकाहरूले धेरै कट्टर यहूदीहरूले दु:ख दिनेछ भनेर प्रभुलाई थाहा थियो। ती चुनौतिहरूबाट माथि रहेर सुसमाचार प्रचार गर्ने अगुवाहरूलाई सार्वजनिकरूपमै चर्चले अभिषेक गर्नु भनेर प्रभुले निर्देशन दिनुभएको थियो। अन्य जातिहरूलाई सुसमाचार सुनाउन अभिषेक गरेका अगुवाहरू परमेश्वरले नै नियुक्त गर्नुभएको थियो भनेर सार्वजनिकरूपमा स्वीकार गर्नुपर्छ भन्ने परमेश्वरको चाहना हो। -द आक्टस अभ आपोस्टल्स, १६१।

जब पास्टहरूमाथि हात राखेर अभिषेक गरिन्छ तब तिनीहरूले सिकाउन, बप्तिस्मा दिन र चर्चहरू संगठित गर्न चर्चका पदाधिकारीहरूले तिनीहरूलाई अधिकार सम्पन्न गराएको हुन्छ- "एन्टिओखियाको मण्डलीमा अगमवक्ताहरू र शिक्षकहरू, अर्थात् बारनाबास, काला भनिने शिमियोन, कुरेनीका लुकियस, प्रान्तिय शासक हेरोदसँग हुर्केका मनेन र शाऊल थिए। तिनीहरूले प्रभुको आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु।" तब उपवास र प्रार्थना गरेर तिनीहरूले उनीहरूमाथि आफ्ना हात राखेर उनीहरूलाई बिदा दिए।" प्रेरित १३:१-३। अरू जाति र विदेशमा सुसमाचार प्रचार गर्न पठाइनुभन्दा अघि ती चेलाहरूलाई विधिपूर्वक परमेश्वरमा समर्पण गरिएको थियो। त्यो विधिको निम्ति तिनीहरूले उपवास र प्रार्थना गरेका थिए, र तिनीहरूमाथि हातहरू राखेका थिए। यस प्रक्रियाले आधिकारिक चर्चका पदाधिकारीहरूले तिनीहरूलाई वप्तिस्मा दिन, चर्चहरू गठन गर्न अधिकार सम्पन्न गराएको थियो। जब पास्टरहरूलाई अभिषेक गरिएर परमेश्वरको कामको निम्ति नियुक्त गरिन्छ तब तिनीहरूमाथि पूर्ण धार्मिक क्रियाकलापमा लगानि गर्न अधिकार प्रदान गरेको हुन्छ। -गस्पल वर्कर्स, ४४१।

अभिषेक गर्नुभन्दा अघि पास्टरहरूले आफूहरूलाई परमेश्वरको काममा समर्पित भएको छ भन्ने प्रमाण दिनुपर्दछ- परमेश्वरका गोठालाहरू हुन गम्भीर विधिवत अभिषेक प्रक्रिया गर्नुभन्दा पहिले

ती मानिसहरूले निशङ्कोचसाथ आफूहरूलाई परमेश्वरको काममा समर्पित भएको छ भनेर प्रमाण दिनुपर्दछ। येशू ख्रीष्टलाई तिनीहरूको व्यक्तिगत मुक्तिदाता भनेर स्वीकार गर्नैपर्दछ। पवित्र काममा लाग्न तिनीहरू योग्यको छ कि छैन भनेर तिनीहरूलाई पूरा जाँचेपछिमात्र तिनीहरूमाथि हात राखेर अभिषेक गर्नुपर्दछ; तिनीहरू पास्टरीय काममा कुशल छन् कि छैन भनेर पूर्णरूपमा जाँचेरमात्र अभिषेक गर्नु धेरै असल हुन्छ; नत्र तिनीहरूले पास्टरीय पद पाएपछि अनेकौँ परीक्षाहरूलाई पार यस गर्दै कामको निम्ति आफैलाई ढालिनु पर्नेहुन्छ। -टेस्टिमोनिज टु मिनिस्टरस एण्ड गस्पल वर्कर्स, १७१, १७२।

अध्याय ५
पास्टर तथा सुसमाचारीय काममा योग्य बनाउन तालिम

काममा योग्य बनाउन तालिम

समय अनुसार समझदार, शिक्षित र वौद्धिक क्षमतामा सम्पन्न भएको पास्टर तथा अगुवाहरूको माग हुन्छ- समय अनुसार समझदार, शिक्षित र वौद्धिक क्षमतामा सम्पन्न भएको पास्टर तथा अगुवाहरूका माग हुन्छ, तर कच्चा र कम अनुभवी भएको कार्यकर्ता होइन। झुटो शिक्षादीक्षाहरू र चर्चप्रति विरोधाभास गर्नेहरूको विगिविगि द्रुतगतिमा फैलिरहेको छ र बढि रहेको छ। सारा संसार शिक्षा क्षेत्रमा उच्चस्तर हासिल गर्न प्रतिस्पर्धा गरिरहेको छ; पाप, अधर्म, नास्तिकपना जस्तो तत्वहरू मुख्य र चुनौतिपूर्ण भइरहेकाछन्। यस्तो परिवेशमा पास्टर र सुसमाचार सेवाग्राहीहरूमा वौद्धिक क्षमता र समझदारको आवश्यकता छ। तिनीहरूले जे गर्छन् त्यसलाई कसैले औँला ठड्याउन नसकिने हुनुपर्दछ। सैतानको नियन्त्रणमा रहेर मानिसको प्रत्येक प्राज्ञ वा ज्ञानलाई प्रयोग भइरहेको छ। मानिसहरू आफ्नो तिखो र तिक्ष्ण दिमागलाई सैतानलाई प्रयोग गर्न दिइरहेकाछन्। ती सबै खालका व्यक्तित्व भएका मानिसहरूको सामना पास्टरले गर्नुपरेको हुन्छ। धार्मिक नीति तथा शिक्षादीक्षा वा सिद्धान्तहरूमा र अनुग्रहमा उनी ठिक संतुलनमा राख्नुपर्दछ साथै हाम्रो प्रभु येशूको ज्ञानमा अघि बढिरहेको हुनुपर्दछ। यस विषयमा हाम्रा पास्टरहरूले लथालिङ्ग कामहरू गरिरहेकाछन्। तिनीहरूका दिमागहरू पूर्ण सक्षम भएर काम गरिरहेका छैनन्। तिनीहरूको क्षमता अनुसार तिनीहरूले काम गरिरहेका छैनन्। भ्रष्ट मानिसहरू सामु सत्यको प्रतिरक्षा गर्न हाम्रा पास्टरहरू सक्षम हुनुपर्दछ र अनेकौँ भ्रम र गलत शिक्षाहरूलाई

प्रचारप्रसार गर्नेहरूको प्रतिरोध गर्न पास्टरहरू बाइबलीय ज्ञानमा निपुण हुनैपर्दछ। हाम्रा पास्टरहरू परमेश्वरमा पूर्ण समर्पित भएका मानिसहरू हुनै पर्छ; तिनीहरूमा कुनै खराब संस्कार वा चालचलनहरू हुनुहँदैन। तिनीहरूका दिमागहरू धार्मिक तथा आत्मिक स्वादको निम्ति चम्किरहनुपर्दछ। यस संसारलाई अन्धकारले छोपिरहेको छ र मानिसहरू भयानक अन्धकारमा छामछुम गरिरहेकाछन्, त्यस परिवेशमा हाम्रा पास्टर तथा सुसमाचारका सन्देश बोक्नेहरूले स्वर्गबाट ईश्वरीय आत्माज्ञानको ज्योति जम्मा गरेर मानिसहरूतिर चम्काइरहनु पर्दछ। -टेस्टिमोनिज फर द चर्च ५:५२८।

आफूहरूलाई तालिम दिन र अनुशासनमा राख्न बेवास्ता गर्नेहरूले महत्त्वपूर्ण पदको अपेक्षा गर्नुहुन्न- परमेश्वरको काममा र आफूलाई नै अनुशासनमा राख्न र अनुशासमा रहन तालिम दिने बेवास्ता गर्नेहरूलाई चर्चको महत्त्वपूर्ण ओहदाहरू सुम्पिन्दा परिस्थितिहरूको दवावमा तिनीहरू पर्दा के तिनीहरू अडिग भएर बस्न सक्षम् होला र? तिनीहरूको काममा योग्य बनाउन तिनीहरूलाई अभिभारा दिँदा त्यस कामको अवसरलाई प्रयोग नगर्ने मानिसहरूलाई के मानिसहरूको मुक्तिको निम्ति परमेश्वरले तिखो औजारहरू बनाउनुहुनेछ भनेर के तिनीहरूले कल्पना गर्छन् त? अर्थात् आफूलाई दिएको सानोतिनो जिम्मेवारलाई नै वेवास्ता गर्ने मानिसहरूलाई के परमेश्वरले उहाँको काम गराउने माध्यम बनाउनुहुन्छ होला? सबै आयाम वा दक्षताहरूमा निपुण भएका मानिसहरूलाई आफ्नो काममा परमेश्वरले नियुक्त गर्नुहुन्छ। ती खालका मानिसहरू परमेश्वरको कामको निम्ति योजना बनाउने तरिकाहरू निकाल्न, चर्चको भौतिक र आत्मिक निर्माण गर्न र संगठन र संस्थागत गर्न सक्षम् हुनुपर्दछ। र यस समयमा काम गर्न संम्भावना देख्ने र सम्पन्न गर्न प्रयास गर्नेहरूले आफूहरूलाई चाहिने बुद्धिज्ञान, अकलहरू परमेश्वरको वचनबाट प्राप्त गर्छन्। आफ्नो समय र स्रोतहरू आत्मिकरूपमा आवश्यक र बिरामी भएकाहरूलाई प्रयोग गर्छन्। -गस्पल वर्कर्स, ९३।

सेवा गर्न आह्वान

योग्य ठहरिएका युवायुवतीहरू सुसमाचारीय काम गर्न उत्साहित गर्नुपर्दछ- सुसमाचार प्रचार गर्नुपर्ने क्षेत्रमा मजदुरहरूको अत्यन्तै आवश्यक छ। युवायुवतिहरू यस काममा संलग्न गराइनुपर्दछ; परमेश्वरले तिनीहरूलाई बोलाइरहनुभएको छ। हाम्रा कलेजहरूमा तिनीहरूको शिक्षाले प्राथमिकता पाउनुपर्दछ। औपचारिक शिक्षालाई वेवास्ता गर्नुहुन्न वा यो शिक्षाको आवश्यकता छैन भनेर कसैले पनि सोच्नुहुन्न। बाइबलको शिक्षादीक्षामा तालिम लिन चाहने युवायुवतीहरूलाई अर्कै विषयबस्तु चुन्न सल्लाह दिने शिक्षकहरू गलत हुन। ती युवायुवतीहरू सेवाकार्यको निम्ति योग्य बन्न शिक्षा लिइरहेका हुन्छन्। परमेश्वरको काममा योग्य बन्न जो शिक्षा लिइरहेकाछन्, तिनीहरूलाई बाधा दिने र अवरोध खडा गर्नेहरूले परमेश्वरको योजनाको विपरित काम गरिरहेका हुन्छन्। यस्ता वाधा दिनेहरूले एक दिन परमेश्वरलाई हिसाबकितावं दिनुपर्नेछ। हाम्रो बीचमा कतिपय मानिसहरू सरदर मानिसहरूको भन्दा बढि दक्षता र सामर्थहरू छन्। यदि तिनीहरूको दक्षतालाई प्रयोग गरे आज एक जना पास्टर छ भने त्यसबेला बिस जना पास्टरहरू हुनेछन् - टेस्टिमोनिज फर द चर्च ६:१२५।

सुसमाचार प्रचार गर्नेले आफ्नो उदाहरण र कामद्धारा आफ्नो खुबी देखाउनुपर्दछ- जो मानिसहरूलाई सुसमाचारीय कामको निम्ति परमेश्वरले बोलाउनुभएको छ तिनीहरूले आफ्नो उदाहरणद्वारा त्यो पवित्र कामको लागि योग्य छ भनेर देखाउनुपर्दछ। पावलले लेख्दछन्, "विश्वासीहरूको माझमा अनुसरणीय उदाहरण बन्नु।" त्यसकारण, के युवा पास्टरहरूले आफ्नो जीवन हलुकारूपमा र हँसीठट्टा गरेर बिताउनु मनासिव छ त? जब तिनीहरूको चरित्र, मिजास र उदाहरणद्वारा येशूको चरित्रलाई गलत प्रतिनिधित्व गर्छ र प्रभुले मोल तिरेर किनेकाहरूलाई गलत मार्गमा डोऱ्याउने पास्टरहरूद्वारा चर्चले तिनीहरूले भनेका कुरा र तिनीहरूको गवाहीहरू सुन्न अपेक्षा

गर्न सकिन्छ र? प्रार्थनाद्वारा शक्तिसम्पन्न भएर काम नगर्ने, व्यक्तिगत उपासना नगर्ने र मानिसहरूलाई प्रभुमा ल्याउन खुला दिलले काम नगर्ने पास्टरहरूको कुरा सुनेर मान सम्मान गर्ने चर्चहरू कस्तो रहेछ भनेर के हामीले सोच्दैनौँ र? प्रभुले यो आदेश दिनुभएको छ, "तिमीहरूको सबै बोलीवचनमा पवित्र हुनु।" "यी नै कुराको आज्ञा देऊ र सिकाऊ। जवान छौ भन्दैमा कसैले तिमीलाई तुच्छ नठानोस्, तर विश्वासीहरूका अगि बोलीवचन, आचरण र प्रेममा, विश्वासमा र शुद्धतामा तिमी एक उदाहरण बन। म नआउञ्जेलसम्म धर्मशास्त्र पाठ गरी सुनाउनमा, प्रचार गर्नमा र शिक्षा दिनमा ध्यान देऊ। तिमीसँग भएका वरदानको अवहेलना नगर, जुन वरदान एल्डरहरूले तिनीहरूका हात तिमीमाथि राख्दा अगमवाणीद्वारा तिमीलाई मिलेको थियो। यी कर्तव्यहरू पालन गर। तिनीहरूमा नै लागिबस, ताकि तिम्रो प्रगति सबैले देखून्। आफ्नो विषयमा र आफ्नो शिक्षाको विषयमा होशियार बस। यी कुरामा लागिरह। यसो गर्नाले तिमीले आफैलाई र सुन्नेहरूलाई समेत बचाउनेछौ।" १ तिमोथी ४:११-१६। पास्टरलाई सुसमाचार प्रचार गर्न परमेश्वरले नै अभिषेक गरिएको भन्ने प्रमाण तिनीहरूको उदाहरण र कामले देखाउँदछ। -द रिभ्यु एण्ड हेराल्ड, पृ. १८९२।

पास्टरहरू चुन्दा मानवीय मूल्याङ्कनहरूमा भर पर्नुहुन्न- बाइबलीय सत्यलाई सिकाउने जस्तो पवित्र काममा लाग्ने पास्टरहरूलाई परमेश्वरको भक्त, विश्वासिलो र अनुभवीहरूले राम्रोसँग जाँचेरमात्र नियुक्त गर्नुपर्दछ। ती काम गरेपछि तिनीहरूको अर्को काम पनि गर्नुपर्दछ। तिनीहरूलाई ती नियुक्त गरिएका पास्टरहरूको निम्ति परमेश्वरसँग हार्दिक निबेदन गरेर उहाँको सामु प्रस्तुत गर्नुपर्दछ। उहाँले तिनीहरूलाई ग्रहण गर्नुभएको छ भनेर पवित्र आत्माले कुनै न कुनै तरिकाले देखाउन् भनेर प्रार्थना गर्नुपर्दछ। "जथाभावी अचानक कसैमाथि हात नराख" भनेर प्रेरित पावलले भन्दछन्। परमेश्वरको प्रवक्ता हुने जस्तो गम्भिर र पवित्र काममा खटिन

कोही पनि आफ्नो इच्छा वा मूल्याङ्कनमा भरपर्न प्रेरितहरूको समयमा कसैले पनि आँट गर्न सकेका थिएन। ती प्रेरितहरूले आफ्नो निर्णय अनुसार परमेश्वरको काममा लगाउन कसैलाई नियुक्त गर्न चाहन्थे भने परमेश्वरले उसलाई स्वीकार गर्नुहुन्छ कि हुँदैन भने उहाँको सामु ल्याइन्थ्यो। परमेश्वरको प्रतिनिधित्व गर्ने मानिसहरूलाई नियुक्त गर्न तिनीहरू अत्यन्तै संवेदनशील भएर अघि बढ्दथे। अहिले पनि त्यो भन्दा कम कदम चाल्नुहुन्न।" -टेस्टिमोनिज फर द चर्च ४:४०६।

कक्षामा दिइने तालिम

काममा नियुक्ति दिनुभन्दा पहिले पास्टरहरूलाई शिक्षित बनाउनुपर्दछ र तिनीहरूको राम्रो जाँच गर्नुपर्छ- कतिपय युवाहरू सत्य सिकाउने काममा सफल हुँदैनन् किनकि तिनीहरूलाई राम्रोसँग तालिम र शिक्षित नबनाइ काम गर्ने क्षेत्रमा पठाउँछन्। जो राम्रो र ठिकसँग पढ्न जाँदैनन् तिनीहरू पढ्न सिक्नुपर्दछ। सार्वजनिस्थानमा तिनीहरूलाई उभ्याउनु अघि तिनीहरूलाई सिकाउन सक्षम् बनाउनुपर्दछ। हाम्रो स्कूलका शिक्षकहरूले सिक्न र सिकाउन राम्रो तालिम प्राप्त गरेको हुनुपर्दछ ताकि तिनीहरूले अरू विद्यार्थीहरूलाई सिकाउन सक्ने गरि तयार पारुन्। ती शिक्षकहरू निर्णायक परीक्षामा पास हुनुपर्दछ र सक्षम् र अनुभवी शिक्षकहरूले जाँच्नुपर्दछ। जो मानिसहरू संसारमा बाइबल सिकाउने पवित्र काममा प्रवेश गर्न चाहन्छन् तिनीहरूलाई विश्वासीलो, भरपर्दो र अनुभवी व्यक्तिहरूले राम्रोसँग जाँच्नुपर्दछ। - टेस्टिमोनिज फर द चर्च ४:४०६।

स्कूलमा पाष्टरीय तालिम लिने व्यक्तिले बाइबलीय बिधि अनुसार तालिम लिनुपर्दछ र तिनीहरूमा आफू खुशीले नै व्यक्तिगत आत्मिक विकासको निम्ति प्रयत्न गर्ने बानी हुनुपर्दछ- बाइबलमा सिकाएको विधि अनुसार तालिम लिनु महत्त्वपूर्ण छ भनेर पास्टरीय काम

गर्ने उद्धेश्यले अध्ययन गर्नेले बुझ्नुपर्दछ। तिनीहरू दिल खोलेर काममा प्रवेश गर्नुपर्दछ। जब तिनीहरू स्कुल तथा कलेजहरूमा अध्ययन गर्छन् तब महानु गुरु येशूको नम्रता, कोमलता र झुक्न चाहने मिजासबाट सिक्नु खोज्नुपर्दछ। करारलाई पालन गर्ने परमेश्वरले यो प्रतिज्ञा गर्नुभएको छ कि जो मानिसहरू ख्रीष्टको स्कूलमा सिक्न चाहन्छन् तिनीहरूको प्रार्थनाको जवाफमा तिनीहरूलाई पवित्र आत्मा खन्याइ दिनुहुनेछ ताकि तिनीहरू धार्मिकताका सेवक वा धार्मिक शिक्षादीक्षाहरू सिकाउन सक्ने होउन्। - गस्पल वर्कर्स, ८१।

जो पाष्टरीय सेवाकार्यमा प्रवेश गर्छन् तिनीहरूले बाइबल र अन्य विज्ञानहरूको बारेमा राम्रोसँग अध्ययन गर्नुपर्दछ- कतिपय मानिसहरू आफूमा काम गर्ने बोझको अनुभव नभइ पास्टरीय काममा लाग्छन्। ती मानिसहरूले पास्टरमा हुनु पर्ने योग्यताको बारेमा गलत धारणा पाएका हुन्छन्। पास्टर हुन विज्ञान र बाइबलको बारेमा हल्का ज्ञान भए पुग्छ भनेर तिनीहरूले सोच्दछन्। वर्तमान समय सापेक्षित सत्यहरू सिकाउनेहरू आफ्ना बाइबलहरूप्रति खास चिनाजान भएको हुँदैन। तिनीहरूमा बाइबलको ज्ञानमा यस्तो कमजोर छन् कि तिनीहरूले चाहेको बेलामा बाइबलका ठिक पदहरू झट्ट निकाल्न दिमागमा घुसाएको हुँदैन। बाइबलीय ज्ञानमा हिचकिचाएर सिकाउनेहरूले परमेश्वरको बिरुद्धमा पाप गरिरहेका हुन्छन्। तिनीहरूले बाइबललाई उल्टोपाल्टो पारेर सिकाउँदछन् र बाइबलमा नलेखिएको कुराहरू तिनीहरूले बताउँदछन्। - टेस्टिमोनिज फर द चर्च २:३४१,४४२।

येशूले प्राकृतिक, पशु विज्ञान र मनोविज्ञानहरू अध्ययन गर्नुभएको थियो ताकि आफ्नो सेवाकार्यमा सत्यलाई सिकाउन प्रयोग गरुन्- येशूको सेवाकालमा यहूदी पण्डितहरू अचम्म मानेर व्यक्त गरेका थिए, "होइन, पढ्नै सक्ने येशूले ती कुराहरू कसरी थाहा पाए?" (यूहन्ना ७:१५)। त्यसको अर्थ उहाँ निरक्षर हुनुहुन्थ्यो भन्न खोजेको थिएन तर उहाँ औपचारिकरूपमा रब्बी वा धार्मिक स्कूलबाट शिक्षा पाउनु

भएको थिएन। जसरी हामीले ज्ञान पाउन सिक्न सक्छौँ त्यसरी उहाँले पनि सिक्नुभएको थियो; धर्मशास्त्रप्रति उहाँको घनिष्ठ सम्बन्ध भएकोले बालककालदेखि नै परमेश्वरको वचन लगनशील भएर अध्ययन गर्नुभएको थियो। उहाँको सामु परमेश्वरको सृष्टिको ठूलो पुस्तकालय खुला थियो। आफ्नै हातले सृष्टि गर्नुभएको पृथ्वी, समुद्र र आकाशमा के लेखिएको छ। येशूले तिनीहरूबाट पाठ अध्ययन गर्नुभएको थियो। संसारको अपवित्र मार्गमा नलागी उहाँले प्रकृतिको भन्डारबाट नै विज्ञानका ज्ञानहरू जम्मा गर्नुभएको थियो। उहाँले बनस्पति र पशु विज्ञान र मानिसको जीवनको बारेमा अध्ययन गर्नुभएको थियो। बालककालदेखि नै उहाँ एउटा लक्ष्यमा लाग्नुभएको थियो: अरूलाई आशिष दिन उहाँ बाँच्नुभएको थियो। यसको निम्ति उहाँले प्रकृतिमा स्रोतहरू पाउनुभएको थियो; जब उहाँले बनस्पति र पशु विज्ञानको अध्ययन गर्नुभयो तब उहाँको दिमागमा नयाँ धारणाहरू चम्केका थिए। देखिने थोकहरूबाट चित्रण गर्नुभएर परमेश्वरको जीवित वचन उहाँले प्रस्तुत गर्नुभएको थियो। उहाँले अति मनपर्ने सिकाउने तरिकामा अर्तीकथाहरू प्रयोग गर्नुभएको थियो। ती अर्तीकथाहरूले उहाँको आत्मामा प्रकृतिले कस्तो प्रभाव पारेको थियो भनेर देखाउँदछ। दैनिक जीवनमा घट्ने र वरिपरि रहेका थोकहरूलाई जम्मा गरेर उहाँले आत्मिक शिक्षाहरू सिकाउनु भएको थियो। - द डिजाएर अभ एजेज्, ७०।

व्यावहारिक तालिम

आफूहरूलाई रेखदेख गर्ने पास्टहरूलाई आदर गर्दै तिनीहरूबाट युवा पाष्टरहरूले सिक्नुपर्दछ- सुसमाचारीय सेवाकार्यमा तयार हुने जवानहरूले अनुभवी र प्रौढ पास्टरहरूसँग हिमचिम गर्दै तिनीहरूबाट सिक्नुपर्दछ। परमेश्वरको काममा सक्रिय भएर अनुभव हुनेहरूले युवा र अनुभव नभएका जवानहरूलाई आफूसँग काम गर्ने ठाउँमा लानुपर्दछ र मानिसहरूलाई येशूतिर सफलतापूर्वक ल्याउन कसरी परिश्रम गर्नुपर्छ

भनेर सिकाउनु पर्दछ। दयालु, स्नेहशील भएका ती प्रौढ कामदारहरूले परमेश्वरले आफ्नो काम गर्न बोलाउनुभएको जवानहरूलाई तालिम दिनुपर्दछ। र तालिम लिइरहेका जवानहरूले तिनीहरूका शिक्षकहरूको सरसल्लाह लिनुपर्छ, तिनीहरूको भक्ति जीवनलाई आदर गर्नुपर्छ, र तिनीहरू धेरै वर्षसम्म काममा खटिन्दा तिनीहरूले धेरै ज्ञान आर्जन गरेका छन् भनेर ती जवानहरूले सम्झिनुपर्दछ। -इभान्जलिजम, ६८३, ६८४

आफूहरूलाई रेखदेख गर्न र तालिम दिने अगुवा पास्टरहरूको बलियो असल र कमजोरी स्वभावबाट युवा पास्टरहरूले सिक्नुपर्दछ- प्रायजसो जवान मानिसलाई ऊ भन्दा अनुभवी पास्टरसँग परिश्रम गर्न खटाउँछ; यदि त्यस पास्टरको जीवनशैली, बोलीचाली वा व्ववहारमा कमजोरी छन् भने युवा पास्टरले पनि ती स्वभावहरूको अनुसरण गर्दछन्। त्यसकारण अनुभवी पास्टरहरू जो आफ्नो काममा धेरै वर्ष बिताएका छन्, तिनीहरू सुधारिनुपर्दछ। आफ्नो कमजोर वा कमसल स्वभावलाई सुधार्न कठिन होला र त्यसको लागि धेरै धैर्यताको आवश्यक होला तर तिनीहरूको त्रुटीपूर्ण चरित्रले गर्दा त्यस्तै चरित्र हुने जवान र अनुभवमा कमी भएको पास्टरहरूको उत्पादन गर्नु आवश्यक छैन। यद्यपि जवान पास्टरले आफूभन्दा अनुभवी पास्टरको प्रशंसनीय र अनुसरणीय चरित्रका प्रवृत्तिहरूको अनुसरण गर्नुपर्छ र फेरि त्यसैबखत उनमा भएका खोटपूर्ण स्वभावहरूलाई त्याग्न सिक्नुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, फेब्रुअरी ५: १८८०।

आफ्नो क्षमता, खुबी र आफूलाई नदिएको जिम्मेवारीभन्दा ठूलो काम गर्न खोज्दा असफल हुनसक्छ- हाम्रा कतिपय पास्टर र अगुवाहरू मिसन वा चर्चको माथिल्लो ओहदामा चढ्न चाहन्छन् तर त्यसको निम्ति तिनीहरूले सही प्रयत्न गरिरहेको हुँदैन। आफू धेरै पढेको छु र जान्नेछु भनेर ठूलो काम गर्न चाहन्छन् र चर्चको माथिल्लो ओहदामा जान महत्त्वाकाङ्क्षा देखाउँछन्, तर दैनिक जीवनमा गर्नुपर्ने सानातिना कामहरू गर्न वेवास्ता गर्छन्। यस खालको प्रवृत्ति येशूको

नीति अनुसार हुँदैन। अरूहरूले गरिरहेका काम तिनीहरूले गर्न चाहन्छन्, म त्यस पदमा रहे के गर्छु भन्ने भावना पनि व्यक्त गर्छन्, तर त्यस पदमा जान योग्य हुन आफूहरूलाई अनुशासनमा राख्न चाहँन्दैनन्। आफूसँग भएको बर्तमान खुबी, दक्षता र दिएको जिम्मेवारी पूरा गर्न नरुचाउने तर आफूभन्दा ठूलोको मुख ताकेर "त्यहाँ पो म पुग्नुपर्थ्यो" भनेर ञ्याल चुहाएर बस्ने युवा र युवतीहरू असफल बाटोमा लागिरहेको पक्का हुन्छ। तिनीहरू उच्च पदमा जाने खुड्किला डाहले गर्दा चढ्न चाहिदैन्न। कम परिश्रमबाट नै तिनीहरूलाई माथिल्लो ओहदामा नियुक्ति गरिएको तिनीहरू चाहन्छन्। - टेस्टिमोनिज फर द चर्च ४:४१७।

एडभेन्टिस्ट चर्चले छापेका सुमाचार र स्वास्थ्य पुस्तकहरू बेचबिखन गर्दा पास्टरीय सेवामा नियुक्त हुन उत्तम तयारी गर्ने तालिम हो- परमेश्वरको सेवामा प्रवेश गर्न चाहने जवानहरूले हाम्रा पुस्तकहरू बेच्ने काममा लागेको मलाई दर्शनमा देखाइएको थियो। तिनीहरूमा भएको ज्योतिलाई चम्काउन तयार पार्न त्यस काम अत्यन्तै उत्कृष्ट छ। परमेश्वरको वचन र मूल्यमान्यता घरमा सिधै त्यस कामले ल्याउँदछ। जब मानिसहरसँग भेटघाट हुने तब कुराकानी गर्ने बेलामा बाइबलमा लेखिएको परमेश्वरको प्रेमको बारेमा विषयबस्तु उघार्दछ। यदि जुन तरिकाले पुस्तक बेच्ने काम गर्नुपर्ने हो सो गरियो भने, हाम्रा युवायुवतीहरूले तिनीहरूमा भएका मानिसहरूप्रतिको कोमल हृदय र प्रेम बोकिरहेको हुन्छ। तिनीहरूको हाउभाउ, बोलीचाली, रहनसहन र व्यवहारले ख्रीष्टको अनुग्रहको मिठो बास्ना फैलाइरहेको हुन्छ त्यसको नतिजा धेरै असल हुनेछ। जो मानिस परमेश्वरको सेवाकार्यमा प्रवेश गर्न चाहन्छ, उसको निम्ति पुस्तक बेच्ने काम अत्यन्तै उत्कृष्ट अनुभव हुनेछ। -टेस्टिमोनिज फर द चर्च ४:६०३।

पास्टरीय काममा अभिषेक हुन पहिला पुस्तकहरू बेच्ने काममा संलग्न हुनुपर्छ भन्ने कर लगाइनुहुन्न- जबसम्म कोही व्यक्ति पुस्तक

बेच्ने काममा पहिला सफल हुँदैन तबसम्म उसलाई पास्टरीय सेवामा संलघ्न गर्नुहुन्न भनेर परमेश्वरबाट सल्लाह नपाएका कतिपय अगुवाहरूले प्रस्ताव राखेका छन्। परमेश्वरको आत्माले यस प्रस्तावलाई अनुमोदन गर्नुभएको छैन। यो प्रस्ताब परमेश्वरको बगैंचा र उहाँका कामदारहरूप्रति साँगुरो दिमाग भएकाहरूको उपज हो। आफू कुन काम लाग्नुपर्ने हो त्यसप्रति आफ्नै स्वविवेक प्रयोग गरेर लाग्नेको खिलाफमा के गर्नुपर्छ के गर्नुहुँदैन भन्ने जस्ता सल्लाह दिने कुनै पनि व्यक्तिको काम होइन। हो, उसलाई सरसल्लाह र परामर्श दिनुपर्दछ तर व्यक्ति आफैले परमेश्वरका निर्देशनहरू खोज्नुपर्छ। उसले आफू को हो र कसको सेवा गरिरहेको छु भनेर त्यसमा ऊ आफै ढुक्क हुनुपर्दछ। -पब्लिशिङ्ग मिनिस्त्री, २६०।

पुस्तकहरू बेच्ने कामले धेरै अवसर र अनुभहरू उपलब्ध गराउँछ- सबै जना जो सच्चा हृदयले सुसमाचारीय सेवाकार्यमा लाग्न अवसर खोज्छन्, र निशङ्कोच मानेर आफूहरूलाई परमेश्वरलाई सुम्पन्छन् तिनीहरूले पुस्तक बेच्ने काममा मानिसहरूसँग सम्पर्कमा आउँदा धेरै कुराकानीसँगै भविष्यको अनन्त जीवनको बारेमा पनि चर्चा गर्न अवसरहरू पाउँछन्। नि:सन्देह, परमेश्वरको सेवाकार्यमा आफूहरू योग्य बनाउन तयारी गर्नेहरूले यस अनुभव तिनीहरूको निम्ति ठूलो मूल्य हुनेछ। परमेश्वरको बगालको निम्ति कामदारहरू, दुवै पुरुष र महिलाहरूलाई पास्टर बनाउन परमेश्वरको पवित्र आत्माले साथ दिनुभएमात्र हुन्छ। - द रिभ्यु एण्ड हेराल्ड, जनवरी १५, १९०१।

निरन्तर शिक्षा

पास्टरले जीवनभरि निरन्तर शिक्षा हासिल गर्न लागिरहनुपर्दछ- स्कूल, कलेज वा विश्वविद्यालयमा शिक्षा हासिल गरेपछि वा डिग्रीहरू पाएपछि अब मैले पर्याप्त ज्ञान पाएँ अरू सिक्नुपर्दैन भनेर कुनै

पनि पास्टर चुपचाप बस्नुहुन्न। उनको शिक्षा उनको जीवनभर निरन्तररूपमा चालु राख्नुपर्छ; प्रत्येक दिन उनले सिकिरहनुपर्दछ र आफूले आर्जन गरेको ज्ञानलाई प्रयोगमा ल्याउनुपर्दछ। - गस्पल वर्कर्स, ९४।

उमेर ढल्केर गएपनि पास्टरहरू निरन्तर अध्ययनमा लाग्नुपर्छ र ज्ञानमा वृद्धि गरिरहनुपर्दछ- ख्रीष्टका सच्चा पास्टरले ज्ञानमा निरन्तर वृद्धि गर्न र आफ्नो आत्मज्ञानमा तिखार्दै लानुपर्दछ। अपरान्हको घामभन्दा विहानको घामको फल उत्पादकमूलक होला। तर त्यो घाम पश्चिममा नस्ताउँञ्जेससम्म यसको किरण ठूलो र चहकिलो हुँदै जान्छ। परमेश्वरको सेवाकार्यमा लागेका मेरा भाइ बहिनीहरू हो, घरमा होस् वा मिशन क्षेत्रमा होस् परिश्रमै परिश्रम गरेर मर्नु धेरै उत्तम छ। अब त बुढो भएँ केही गर्न सक्दिँन वा अवकास पाएँ अब चर्चको र आफ्नो आत्मिक उत्थानको निम्ति केही गर्नु आवश्यक छैन निस्क्रिय भएर खिया लागेर बस्नु अभिषेक गरिएको पास्टरलाई सुहाउँदैन। समस्याहरू आउँदा हताश निराश नहुनुहोस्; अध्ययन नगरि र आफ्नो दिमागलाई उन्नति नगरि विश्राम नलिनुहोस् वा चित्त बुझाएर नबस्नुहोस्। -द रिभ्यु एण्ड हेराल्ड, अप्रिल ६, १८८६।

यदि पास्टरहरू वुद्धिजीविको स्तरमा असाधारणहरु भएको भए अहिलेको भन्दा दश गुणा बढि काम गर्न सक्थे- येशू ख्रीष्टको प्रतिनिधि भएर मानिसहरूको बीचमा उभिने हाम्रा पास्टर र अगुवाहरूसँग अहिले तिनीहरूले देखाएका र तालिम पाएका खुबी तथा दक्षता भन्दा धेरै छन्। तर तिनीहरूमा भएका दक्षता वा खुबीहरूलाई प्रयोगमा ल्याउँदैनन्। तिनीहरूको समय र अवसरहरूलाई ती खुबी वा दक्षतालाई जनसमझ अगाडि ल्याउनुपर्दछ। परमेश्वरले दिनुभएको दक्षता र शक्तिहरूलाई प्रयोग गर्ने प्रत्येक पास्टर केवल पढ्न, लेख्न, व्याकरणमामात्र होइन विभिन्न भाषाहरूको जानकारी हुनुपर्दछ। त्यसो गर्दा तिनीहरूले आफ्नो लक्ष्यलाई उच्चस्तरमा राख्न सकिन्छ। तर हाम्रा पास्टरहरूमा हुनुपर्ने र पुग्नुपर्ने ज्ञानको र धार्मिक वौद्धिक ज्ञान उच्च स्तरमा पुग्न

खास महत्त्वाकाँक्षा भएको देखिन्दैन। हाम्रा पास्टरहरूलाई परमेश्वरले दिनु भएको विभिन्न सिप, दक्षता र प्रतिभाहरूलाई प्रयोग नगरि र उन्नति नगरी खिया लगाएर राखे तिनीहरूले परमेश्वरको सामु लेखाजोखा दिनुपर्नेछ। यदि तिनीहरू वौद्धिक स्तरमा अरूहरूभन्दा महान् भएको भए वा वास्ता गरेको भए आफ्नो काममा समझदार अपनाउँदै अहिलेको भन्दा दश गुणा वढि काम गर्नुपर्दथ्यो। परमेश्वरले तिनीहरूलाई काम गर्न उच्च बोलाहतलाई सस्तो वा कमसलमा झारिरहेकाछन् किनभने तिनीहरू यथास्थितिमै रहन संतुष्ट छन्। यदि तिनीहरू ठिक वा उचित नियत र लक्ष्यले अध्ययन गरेको भए तिनीहरूलाई उपलब्ध हुने वा हुनुपर्ने ज्ञानले तिनीहरूको आत्मिक बृद्धिलाई वाधा दिने थिएन। (हाम्रा पास्टरहरू वौद्धिक तथा वुद्धिजीवि स्तरमा ठुला भएर बस्ने परमेश्वरको चाहना होइन)। -टेस्टिमोनिज टु मिनिस्टस् एण्ड गस्पल वर्कर्स, १९४।

अब त मैले कलेज वा विश्वविद्यालयबाट थियोलोजी वा ईश्वरविज्ञानको डिग्री हासिल गरेको छु त्यसकारण म फेरि विद्यार्थी हुनु आवश्यक छैन भन्ने पास्टरहरूले उचितरूपमा सुसमाचा प्रचार गरिरहेको हुँदैन- हामीमा कोही पास्टरहरू छन् जो समयको माग अनुसार विभिन्न विविधता नअपनाइ वर्षेनी त्यही एउटै खालका प्रवचनहरू दोहोऱ्याइ तेहऱ्याइ प्रवचनहरू दिन्छन्। तिनीहरूले जहिले पनि एउटै चित्र, कथा, तालिकाहरू र अझ भनौँ भने त्यही नै शब्दहरू प्रयोग गरेर प्रवचन दिन्छन्। ती खालका पास्टर वा प्रचारकहरू वि द्यार्थीहरू हुन थप्प भएका छन्। आफ्नो प्रवचनमा सृजनात्मक हुन र सुधार्नमा तिनीहरू स्वइच्छाले रोक लगाएका हुन्छन्। आफ्नो दिमाग खियानु नपरोस् भनेर तिनीहरूसँग भएका प्रवचनहरूको चाङ्गलाई हरदम दोहोऱ्याउने भारमा तिनीहरू पर्छन्। तर नयाँ आत्मज्ञानको निम्ति भोको हुने विद्यार्थीले निरन्तर अध्ययनमा लाग्छ र उसले नयाँ धारणाहरू, बाइबलको खानीबाट सत्यका नयाँ रत्नहरू भेट्टाएर आफ्नो दिमागलाई ताजा नै बनाइ राख्दछ। विद्यार्थीहरू

हुन थप हुने पास्टर र अगुवाहरूले अविश्वासीहरूलाई सुसमाचार उचित तवरले सिकाएका हुँदैनन् न त तिनीहरू सुसमाचारका सक्कल प्रतिनिधि भएर तिनीहरूको सामु आफूलाई प्रस्तुत गरिरहेको हुन्छ। जब पास्टर र सुसमाचार प्रचार गर्ने अगुवाहरूले अब बाइबलमा भएको ज्ञानलाई अझ खोज्ने आवश्यकता छैन भनेर आफूले थाहा पाएका शिक्षालाईमात्र पक्रेर राख्छन् तिनीहरूले सत्यलाई आँच वा कलङ्क ल्याउँदछन्। बाइबललाई तिनीहरूले कसरी चलाइरहेकाछन् त्यसको भरमा सत्यको गरिमा उचाल्ने वा थचाल्ने हुन्छ। - द भ्वाइस इन स्पिच एण्ड सङ्ग, ३२३।

सुसमाचार प्रचार प्रसार, अध्ययन, घरेलु सङ्गति र भेटघाट गर्ने समयलाई सन्तुलमा राख्नुराख्नुपर्दछ- परमेश्वरको वचनको सेवाकार्य गर्ने पास्टर र सुसमाचार सेवाग्राहीहरू परमेश्वरले चुन्नुभएको माध्यमहरू हुन् जसबाट संसारलाई उहाँको चाहनाको आत्मज्ञान फैलाउन्। तर हाम्रा पास्टरहरूमा थोरै मिशिनेरी जोश भएको देखिन्छ। कतिपय पास्टरहरू प्रवचन दिइसकेपछि आफ्नो कोठामा गएर पढ्ने र अध्ययन गर्नमा आफूहरूलाई व्यस्त राख्दछन् तर अर्को अति महत्त्वपूर्ण काम कर्तव्यहरू गर्न वेवास्ता गर्छन्। अध्ययन समयमा लाग्नु प्रत्येक पास्टरको अधिकार भएतापनि आफ्नो खुबीले भ्याएसम्म ख्रीष्ट मर्नुभएको मानिसहरूको मुक्तिको निम्ति गहिरो चासो देखाउनु आवश्यक ठान्नुपर्दछ। मानिसहरूलाई भेटघाट गर्न उनी जानुपर्छ र तिनीहरूमा चाहिने आत्मिक तत्वहरूप्रति तिनीहरूको चासो बढाउन उनले आफ्नो ज्ञानबुद्धि प्रयोग गर्नुपर्छ र तिनीहरूको हितमा आफ्नो चासो छ भनेर उनले प्रत्याभूति दिनुपर्दछ। -द रिभ्यु एण्ड हेराल्ड, जुलाई १०, १८८३।

अध्याय ६
व्यक्तिगत सहायता समूहको विकास

हारुन र हुर भएका पास्टर धन्य हुन्- विश्वासिलो र भरपर्दा हारुन र हुर हुने पास्टर धन्यका हुन् किनकि तिनीहरूले उनीसँग हातेमालो गरेर उनलाई बल दिन्छन् र उनी कामले थकित र पेलान भएको बेलामा तिनीहरूले विश्वासमा थम्याएर प्रार्थनामा उनलाई उचाली राख्दछन्। यस खालको सहायता ख्रीष्टको सेवकको निम्ति शक्तिशाली सहयोग हुन्छ। तिनीहरूको सहायताले पास्टरको काममा सत्यको निम्ति इज्जतदार भएर खट्न सक्दछन् अनि सत्यको निम्ति महिमामय विजयमा उनी प्रायजसो लाग्न सक्दछन्। - टेस्टिमोनिज फर द चर्च ४:५३१।

आफ्नो निम्ति प्रार्थना गर्न पाष्टरले अरूहरूलाई बोलाउनुपर्दछ- मलाई धेरै आवश्यकता भएको बल र सहायताको निम्ति केही पुराना र विश्वासमा धरोहर भएका साथीहरूलाई बोलाएर मेरो लागि प्रार्थना गर्न लगाउनु मलाई महान् अवसर भएको अनुभव गर्दछु। यो मेरो हृदयदेखि नै चाहना हो। यसलाई कार्यान्वयन गरेर पास्टरीय दाजुभाइहरूलाई बोलाएर प्रार्थनामा एक जुट भएको बेलामा मलाई ठूलो हर्ष लाग्दछ। परमेश्वरले नै ती दाजुभाइहरूलाई प्रार्थना गर्न जुटाउनुभएको थियो। दाजु बटलर प्रार्थनामा सहभागी भएकोमा हामीलाई कतिको खुशी लागेको थियो। यो समय अत्यन्तै महत्त्वपूर्ण समय हो भनेर म महसुस गर्दछु। त्यस समय येशूको उपस्थित भएको म महसुस गरेको छु। त्यसबेला मिठो वास्नाको अनुभव गरेको छु। ती उपस्थिति भएका सज्जनहरूले पनि पवित्र आत्माको गहिरो प्रभाव भएको अनुभव गर्नुपर्छ। ममाथि परमेश्वरको छत्रछायाँ परेको निर्धक्कसँग भन्न सक्दछु। चाहे म मरौँ वा बाचौँ मेरो आत्मा अत्यन्तै

हलुका छ। मेरो जीवन परमेश्वरमा रहेको येशू ख्रीष्टमा लुकेको छ। - म्यान्युस्क्रिप्ट रिलिजेज १८:१२५।

अगुवाहरूले सल्लाहकारहरूलाई प्रयोग गरुन् भन्ने परमेश्वरको योजना हो- आफ्नो काममा कसरी व्यवस्थापन गर्ने भनेर परमेश्वरले मोशालाई विशेष निर्देशन दिनुभएको थियो। आफ्ना सल्लाहकारहरूसँग मिलेर काम गर्न परमेश्वरले मोशालाई अन्हाउनुभएको थियो कि उनको बोझ हलुका होस्। -टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स, ३४०।

आफ्ना पास्टरको निम्ति प्रार्थना गर्ने समूह हुनुपर्दछ- पास्टर विभिन्न काममा अत्यन्तै व्यस्त हुन्छन् र कतिपय समयमा प्रार्थना गर्न हतपत समय पनि हुँदैन। धेरैहरूको अनुरोधलाई उनले ख्याल गर्नुपरेकोले, विभिन्न सभा वा मितिङ्गहरूमा बस्नुपरेकोले, विभिन्न माध्यमहरूबाट जवाफहरू दिइरहनुपरेकोले, सरसल्लाहहरू दिइरहनुपरेकोले र महत्त्वपूर्ण पत्रहरूको लेख्नु र जवाफ दिनुपरेकोले आफ्नो आत्मिक उत्थानको समय पाउन उनलाई मुस्किल हुन्छ। त्यस परिस्थितिमा परमेश्वर र उहाँको सत्यलाई प्रेम गर्ने दुई वा तीन जना मिलेर एकान्त ठाउँमा गएर आफ्नो पास्टरको निम्ति आशिष माग्न प्रार्थना गरोस्। धार्मिक मानिसहरूको निरन्तर र प्रभावकारी प्रार्थना परमेश्वरमा पुगियोस् ताकि उनले सत्यको बारेमा दिने सन्देश श्रोताहरूको हृदयमा गाभियोस् र तिनीहरू ख्रीष्टमा आउन सकुन्। - द रिभ्यु एण्ड हेराल्ड, जुलाई २४, १८८४।

पास्टरका समस्याहरू कहिलेकाहीँ सानो समूहले सम्हाल्न सक्दछ- एक दिन एक जना पास्टर आफू परमेश्वरबाट टाढा भएको र आफूहरूले पापहरू गरेकोले चर्चको सामु पश्चाताप गर्न चाहेका थिए। त्यो गर्नु ठिक छैन भनेर उनलाई सल्लाह दिएको थियो। उनको त्यो कामले परमेश्वरको महिमा हुँदैन र उहाँको इज्जत थाम्दैन भनेर सुनाइएको थियो। यदि उनले त्यो गरेमा हाम्रा शत्रुहरू र मिशनका विरोधीहरूले दोष दिन मौका पाउनेछन् र सबै सेवाकार्यको काममा

असर पार्नेछ। पवित्र थोकहरूको कारोबार गर्ने मानिसहरूलाई धरापमा पार्ने सैतानको लक्ष्य हो। परमेश्वरको कामलाई अरू कामहरू सरह तल झार्न वा हेलचक्राइँ गर्न पास्टरहरूलाई सैतानले उक्साउन खोज्छ। यसो गर्दा पापीहरूले आफ्ना पापहरूप्रति बहाना बनाएर पापमानै पारिरहोस् भन्ने सैतानको चाहना हो। जब पास्टरको क्रियाकलाप, रहनसहन र बोलीवचनहरू ख्रीष्टको उदाहरण अनुसार भएन भने, उनी हाम्रो महान् शत्रुको वचन र व्यवहार अनुसार चलिरहेको हुन्छ। जब मानिसहरूले यो देख्दछ तब परमेश्वरको नाउँ बदनाम गर्न मौका पाउँदछ। परमेश्वरले मलाई दिनुभएको गवाहीलाई सुन्ने थोरै, तिस जना वा चालिस जना जम्मा भएर तिनीहरूको सामु त्यस पास्टरको मामिलालाई पेश गर्नुपर्दछ। उनले आफ्नो पापलाई स्वीकारुन र त्यस समूहले पास्टरको व्यवहारप्रति गरेको असहमतलाई आत्मसात् गर्दै दिएको अर्तीलाई उनले सुनोस् भन्ने निर्णयमा हामी पुगेका थियौं। -एलेन जी ह्वाइट राइटिङ्ग ८८:५४।

अध्याय ७

महत्त्वपूर्ण कागतहरू वर्गिकरण गरि पङ्क्ति मिलाएर वा फाइल राख्नु

कुनै पनि वक्ता, पास्टर अगुवा र लेखकहरुले आफ्ना कागतपत्रहरू फाइलमा मिलाएर राख्ने उत्तम तरिका एलेन जी ह्वाइटले भन्नुभएको अनुसार होइन तर उहाँले के गर्नुभयो त्यस अनुसार अनुसरण गर्नु जरुरी छ। देहायका तीन कथनहरू उहाँले लेखेका होइनन् तर उहाँको जीवनकहानीबाट निकालिएका हुन्। पहिला दुई कथनहरू उहाँको छोरा डब्ल्यु सी. ह्वाइटको हो भने तेस्रो उहाँको नाती अर्थर ह्वाइटको हो।

अस्ट्रेलियामा वर्षहरू बिताएको समयमा लेखिएका एलेन जी ह्वाइटका लेखहरू राम्रोसँग फाइमा राखेर वर्गिकरण गरिएको थियो- केही महिना दिदी पेकले मेरी आमाका हस्तलेखहरू जम्मा गर्दै, पढ्दै, फाइलमा राख्दै वर्गिकरण गर्न समय बिताइन्। आफ्ना लेखहरू कहिल्यै पनि टाइप गरेर प्रतिलिपीहरू ननिकालेका र हस्तलेखहरू आमाले खोज्दै थिइन्। दिदी पेकले वर्गिकरण गरेर फाइलमा राखेका अमूल्य हस्तलेख र प्रतिलिपीहरू आमाले भेट्टाउन सजिलो भएको थियो। -४बायो ४५१ अर्थात् एलेन जी ह्वाइटको जीवन कहानीको पुस्तक।

चर्चमा गर्ने सेवाकार्यको निम्ति एलेन जी ह्वाइटले ती फाइलहरूमा भर पर्नुभएको थियो- जब हामीले नयाँ सामग्रीहरू फाइलबाट निकाल्थ्यौँ र ती सामग्रीहरूलाई थप्न तयार गरिएका नयाँ लेखहरू उहाँको अगाडि फेरि पढ्थ्यौँ तब उहाँले बढो रुची मानेर सुन्नुहुन्थ्यो। उहाँका लेखहरू परिपक्वसँग मिलाएर राख्ने काम ढिलो त छ तर यो रोचक छ, हामीलाई आशा छ यसको नतिजा राम्रै हुनेछ।

- ६ बायो ४१९।

होशियारसाथ फाइल पद्धतिमा राखेका एलेन जी ह्वाइटका लेखहरूले गर्दा अहिले उनका लेखहरू जहिले पनि उपलब्ध हुन सजिलो भएको छ- एलेन जी ह्वाइटका टाइपमा टाइप गरेका हस्तलेखहरू र पत्रहरू पहिला अमेरिकाबाट ल्याएका थिए। अनि एलेन जी ह्वाइटको अस्ट्रेलियामा बसोबास गरेको मिति अनुसार तिनीहरूलाई अलग गरिएको थियो। अनि सामान्य हस्तलेखहरू पत्रहरूबाट अलग गरिएका थिए। हस्तलेखहरू क्रमबद्धरूमा राखेका थिए र श्रृंखलावद्ध नम्बरहरू राखेका थिए। पत्रहरू एक एक गरेर अलग गरेर वर्ण अक्षरहरू अनुसार मिलाएका थिए अनि तिनीहरूलाई श्रृंखलावद्धरूपमा नम्बरहरू दिएका थिए। उदाहरणमा एउटा फाइल क्याविनेटमा "शानन" भन्ने शिर्षक राखिएको थियो। एलेन जी ह्वाइटका लेखहरूको त्यसरी मिलाएर राख्ने आजको आधारभूत प्रणाली भएको छ। त्यसबेलादेखि एलेन जी ह्वाइटका हस्तलेखहरू प्रतिलिपिमा उतार्दै फाइल नम्बरहरू दिएका छन्। यसले उनका पत्रहरू पनि वर्ण अझरहरू अनुसार क्रमबद्धरूपमा छन्। मिस पेकले सुरु गर्नुभएको वर्गिकरण प्रणाली अहिलेपनि बराबर प्रयोग गरिन्छ। तर अहिले एलेन जी ह्वाइटका सामग्रीहरू संरक्षण गर्ने जनरल कन्फरेन्सको ह्वाइट स्टेटले अत्याधुनिक तरिकाले वर्गिकरण गरेर सुरक्षित राखिएको छ। हस्तलेखहरूमा उल्लेख गरिएका विषयहरूको वर्गिकरण गरिएकोछ। विषयबस्तुहरूलाई चार इन्च बाइ छ इन्छको कार्डमा वर्ण अक्षर अनुसार लेखिएको छ। आज त्यसैलाई प्रयोग गरेर त्यसका प्रतिलिपीहरू अमेरिकाको मिशिगनको बेरियन स्प्रिङ्गसमा रहेको आन्द्रु विश्वविद्यालयको परिसरमा रहेको एलेन जी ह्वाइट एसडिए रिसर्च सेन्टरसमा राखिएको छ।
- ४ बायो ४५१

अध्याय ८
नेतृत्वु कला

परमेश्वरको निम्ति निम्नस्तरमा काम गर्दा पास्टरीय नेतृत्वको तयारी हुन मद्दत गर्दछ- भाइहरू हो, मानिसहरूलाई मानिस जस्तै व्यवहार गर्नुहोस्। तपाईँहरूको मातहतमुनि भएका मानिसहरू तपाईँहरूको नोकर वा तपाईँहरूलाई खुशी तुल्याउन सेवा गर्न तपाईँहरूलाई दिएको होइन भनेर याद गर्नुहोस्। जो अरूहरूमाथि रुखो वा खस्रो व्यवहार गर्छ, जो आफू ठूलो पदमा छ भनेर अरूहरूलाई हेप्दछ वा दमन नीति अर्थात् हैकमवाद चलाउँछ त्यस्तो व्यक्ति पहिला मोशा जस्तै भँडाहरूको गोठाला हुनु आवश्यक छ। परमेश्वरका परिपक्व र सत्य गोठाला हुनु भनेको के हो भनेर भँडाहरू चराइरहेको बेलामा मोशाले सिकेका थिए। मिश्र देशमा मोशाले शक्तिशाली राजनेता हुन सिकेका थिए। त्यहाँ उनी शक्तिशाली फौजको अगुवा हुन सिकेका थिए। तर सत्य र ईश्वरीय महानता भनेको के हो मोशाले सिकेका थिएनन्। उनी धेरै तल्लो वा निम्नस्तरमा झरि नम्र भएर आफ्ना कर्तव्यहरू पालन गर्नुपरेको थियो। प्रत्येक जीवित प्राणीप्रति कोमल भावना राख्न र स्याहार गर्न उनले गोठालो भएर सिक्नुपरेको थियो। आफ्नो ससुरा यथ्रोका भँडाहरूको स्याहारसुसारमा उनले धेरै मिजासहरू सिक्नु परेको थियो। भँडा र पाठाहरूप्रति सहानुभूति दिन र परमेश्वरका ती बस्तुहरूलाई माया गर्दै भद्र र कोमल हुँदै स्याहार र सुरक्षा दिन उनले सिकेका थिए। ती बस्तुहरूको आवाजले उनलाई दुर्व्यवहार गरेको थाहा थियो तर पनि मोशाले कहिले गुनासो गरेन र तिनीहरूलाई कहिले पनि दुर्व्यवहार गरेन। परमेश्वरले सृष्टि गर्नुभएको सबै प्राणीहरूप्रति उहाँले चासो राख्नुहुन्छ। परमेश्वरको निम्ति तल्लो वा निम्न दर्जामा रहेर काम गर्दा मोशाले इस्राएलको कोमल गोठाला हुन सिकेका थिए।

-टेस्टिमोनिज टु मिनिस्टर एण्ड गस्पल वर्कर्स, २६२,२६३।

चर्चको नेतृत्व लिन तपाईँले सेवा गरिरहनुभएको विश्वासी सेभेन्थ-डे एडभेन्टिस्ट विश्वसनीयता आर्जन गर्नु आवश्यकता छ- सफल पास्टर हुन थियोलोजीमा डिग्री हासिल गर्नु वा पुस्तकीय ज्ञानमामात्र भरपर्दैन। मानिसहरूका हृदयहरूतिर फर्काउन परिश्रम गर्ने पास्टरहरूको चरित्रमा मिजासको गुण हुनु आवश्यक छ: इमान्दारिता, बुद्धिमान तथा बुद्धिजीविको पङ्क्तिमा उभिने क्षमता, जोशजाँगर, बल र मानिसहरूको दिमागलाई प्रभावपार्ने कुटनीति क्षमता। ख्रीष्टको सेवक वा पास्टरको सफलताको निम्ति ती सबै गुणहरू उच्चस्तरमा आवश्यकता छ। ती गुणभएका कोही पनि व्यक्ति निच वा अरूहरूसँग उभिँदा तिनीहरूको मर्यादाभन्दा कम हुँदैन। यी गुणहरू भएका पास्टरले अरूहरूमाथि गहिरो प्रभाव पार्दछ र उनका वचनहरूलाई कसैले पनि प्रतिवाद गर्न सक्दैन। उनले संचार गरेका सत्यताहरूलाई मानिसहरूले मान्ने कि नमान्ने भन्ने धारमा पार्दैन उनको जीवन पद्धतिले उनलाई भेट्ने मानिसहरूलाई दोधार पर्न दिँदैन। त्यसकारण, उनले परिश्रम गरिरहेका मानिसहरूको विश्वसनीयता पाउन सकेन भने, उनको कामले कमै असफलताको नतिजा ल्याउँदछ। -टेस्टिमोनिज फर द चर्च ३:५५३।

तपाईँ अगुवा वा हाकिम भयो भन्दैमा मानिसहरूलाई कडा र रुखो व्यवहार नगर्नुहोस, तिनीहरूप्रति कडा मिजास र झट्टै नरिसाउन होस्, तर प्रत्येक व्यक्ति जो भएतापनि उसलाई आदर र सम्मानपूर्वक व्यवहार गर्नुहोस्, उसलाई दया र प्रेम देखाउनुहोस्। उसप्रति तपाईँको भरोसा छ भनेर विश्वस्त गराउनुहोस्- (एक जना पास्टर अगुवालाई सम्बोधन गर्दै), भाइ, तपाईँ चर्चको हाकिम हुनु भएकोले तपाईँको मातहतमा रहेका कर्मचारीहरू र चर्चको प्रत्येक विश्वासीलाई सम्मान गर्ने, सदाशयता र धैर्यता देखाउन र दया देखाउन परमेश्वरको सामु वाध्यता नभएको ठानिरहनुभएको छ। त्यसले गर्दा तिनीहरूले तपाईँप्रतिको भरोसा र विश्वसनीयता गुमाइरहेकाछन् र तपाईँको

प्रभावलाई अपाङ्ग बनाइरहेको छ। तपाईँसँग येशूको नम्रता, कोमलता, दया, सहनशीलता, शिष्टता र सदाशयताको आवश्यक छ। तपाईँसँग धेरै गरिमामय उच्च गुणहरू छन् जुन परमेश्वरलाई सुम्पेर पवित्र पार्नुभयो भने तपाईँको सेवा उच्चस्तरको हुनेछ। तपाईँका कर्मचारी र विश्वासी भाइबहिनीलाई दया र शिष्टता देखाएर तपाईँ अघि बढनु पर्दछ, तर हैकमवाद चलाएर, कडा र दमन मिजासले होइन। तपाईँको कठोर, रुखो, अभद्र, हृदयलाई छेड्ने गरेर बोलेको वचन र दवाउने प्रवृत्तिले तिनीहरूलाई कतिको हानी पुऱ्याइरहेकाछन् सो तपाईँलाई थाहा छैन। -एलेन जी ह्वाइटका लेखहरू ८८:२४५।

नेतृत्व वर्गले अधिकार पायो भन्दैमा आफ्नै ढिपीमा लागरे वा हैकमवाद चलाउनु ठिक छैन- हो, कतिपय मानिसहरूले हाम्रा योजना, जुक्ति र उपायहरूलाई धुजा धुजा पार्छन्; हाम्रा मूल्याङ्कनमा भरपर्नुको सट्टा आफूहरूलाई परमेश्वरले नै डोऱ्याउनुहुन्छ र न्याय गर्नुहुन्छ भन्ने मनस्थितिमा रहन्छन्, तिनीहरूका मनस्थिति वा नियतहरूलाई केलाउन आवश्यकता भएको हामीले ठान्नुहुँदैन। हाम्रा धारणा र योजनाहरूलाई जबरजस्ती तिनीहरूमाथि लाडेर हैकमवाद रणनीत चलाउन आवश्यक छ भन्ने सोचमा हामी पर्नुहुन्न। जो मानिसहरू उच्च ओहदा र अधिकार जमाउने पदहरूमा रहन्छन्, तिनीहरूले निरन्तररूपमा आत्मनियन्त्रणलाई फलाउँदै लानुपर्दछ। -काउन्सिल टु राइटरस् एण्ड इडिटरस्, ३७,३८।

तपाईँ मिशनको हाकिम र पास्टर भयो भन्दैमा तपाईँको जिम्मामा रहेको बगालमाथि हैकमवाद चलाएर मनपरि शासन नगर्नुहोस्- आफ्नो अधिकारमा स्याहार गर्न छोडिएको वगालमाथि हैकमवाद चलाएर आफू राजा हुँ भनेर पास्टरले प्रभुत्व जनाउनु हुँदैन। तर तिनीहरूको निम्ति अनुसरणीय उदाहरण बनेर स्वर्गको बाटो पहिल्याइ दिनुपर्दछ। उनको जिम्मामा छोडिएको बगालको निम्ति जवाफ नपाउँञ्जेल प्रार्थना गर्नुपर्दछ, यसो गर्दा उनले येशूको उदाहरणको अनुसरण गरेको देखाउँछ। मानिसहरूप्रति येशूले दुवै मानवीय र ईश्वरीय सहानुभूति

देखाउनुभएको थियो। उहाँ हाम्रो उदाहरण हुनुहुन्छ। परमेश्वर नै हाम्रो पिता र हाकिम हुनुहुन्छ, र इसाई पास्टर यस संसारमा उहाँको पुत्रको प्रतिनिधि हो। जुन नीतिहरूले स्वर्ग चल्छ ती नीतिहरू नै संसारमा लागु हुनुपर्दछ; जुन निष्कलङ्कता, शुद्धता र प्रेमले स्वर्गदूतहरू परिचालन भएको छ, त्यही शुद्ध र र पवित्र स्वर्गमा रजाइँ गरेको छ, त्यही गुणहरू सकेसम्म यस पृथ्वीमा ज्वलन्त अर्थात् उत्पादन गर्न खोज्नुपर्दछ। कुन शक्तिहरू वा क्षमताहरू प्रयोग गरेर पास्टरहरू चल्छन् त्यसको लेखाजोखा परमेश्वरलाई दिनुपर्दछ, तर उहाँका सेवकहरूले तिनीहरूलाई स्याहार्न दिएको बगाललाई आफ्नो शक्ति र अधिकारलाई दवाउने प्रवृत्तिलाई परमेश्वरले ठिक मान्नुहुन्न। -टेस्टिमोनिज फर द चर्च ४:२६७,२६८।

हुकुम चलाउने शासकहरू जस्तो नभएर चर्चका अगुवाहरू बुद्धिमानी सल्लाहकारहरू जस्तो हुनुपर्दछ- कतिपय समयमा चर्चको माथिल्लो जिम्मेवार ओहदामा नियुक्त गरिएको पास्टर अगुवाले आफू उच्च अधिकार पाएर त्यस स्थानमा बस्न पाएको हो भनेर सोच्दछन्, अनि उनको मातहतमा रहेका कर्मचारी र विश्वासीहरूले जे गरेपनि उनकहाँ आएर उनको अनुमति नमागी अघि बढ्न सक्दैनन् भन्दै उनको हैकमवादको मुनि दविएर बस्नुपर्ने गराउँछ। यस खालको प्रवृत्ति भएको अगुवा खतरनाक हुन्छ। परमेश्वरका जनहरूको सच्चा अगुवा हुने कामबाट उनी बिचलित भएको हुन्छ। आफू बुद्धिमानी सल्लाहकार हुनुको सट्टा निरङ्कुस शासक हुँदै आफ्नो विशेष अधिकारलाई प्रयोग गर्नुपर्छ भन्ने धारणामा उनी बसिरहेको हुन्छ। चर्चमा यस्तो हैकमवादको चलाएर आफू सर्वमान्य हुनुपर्छ भनेर अधिकार देखाउने व्यक्तिले परमेश्वरको ठूलो अपमान वा बेईजत गरिरहेको हुन्छ। आफ्नै बलमा उभिएको कोही पनि व्यक्तिले परमेश्वरको काममा खटाइएको अर्को व्यक्तिलाई आलोचना गरेर उसको काममा हस्तक्षेप गर्नु मनासिव छैन। चर्चका कुनै पनि पदाधिकारी वा उच्च ओहदामा आशिन भएको व्यक्तिले आफूमा

अधिकार आएको भन्दै आफ्नै नीति नियम र आचारसंहिता बनाएर सत्यसँग जीवित अनुभव भएका सहकर्मिहरूमाथि लाड्न अधिकार छैन। -टेस्टिमोनिज टु मिनिस्टर्स एण्ड गस्पल वर्कर्स, ४९१।

अरूहरूको धारणा राख्न र सम्मान गर्न चर्चको अगुवाले प्रोत्साहन दिनुपर्दछ- चर्चमा काम गर्ने तपाईँका विश्वासीहरूसँग सम्पर्क राखिराख्ने आदत बसाल्नुहोस्। यदि तपाईँले तिनीहरूसँग सम्पर्क जारी गरेमा उनीहरूले आफ्नो भरोसा र विश्वास तपाईँमाथि थप्न गइरहेको हुन्छ। विश्वास र भरोसाले हामीमा विश्वास र भरोसा जन्माउँछ। सुसमाचारको नियुक्ती भएका तपाईँका सहकर्मीहरूबाट मात्र होइन तपाईँसँग सम्पर्क रहेका मानिसहरूबाट पनि तपाईँमाथि भरोसा राख्ने गराउनुपर्दछ। तिनीहरूमाथि तपाईँ भरोसा राख्नुहुन्छ भनेर देखाउनुहोस्। जसरी तपाईँलाई परमेश्वरले सिकाउनुभयो त्यसरी नै उनीहरूलाई पनि परमेश्वरले सिकाउनुभएको छ भन्ने आत्मविश्वास दिनुहोस्। उनीहरूसँग मिलेर तपाईँले योजना बताउनुहोस्। एक एक गरेर तिनीहरूलाई बोल्न दियो वा आफ्नो धारणा राख्न दियो भने तपाईँले केही कुरो भेट्टाउनुहुनेछ जुन तपाईँ आफैले पनि कहिल्यै पनि महसुस गर्नुभएको थिएन। - म्यान्युस्क्रिप्ट रिलिजेज ९:१४५

अध्याय ९

पास्टर तथा सुसमाचार प्रचार गर्न जिम्मेवारी बोकेकाहरूका नैतिक आचारसंहिता

हामी जे प्रचार गर्छौं त्यसको लागि हामी जीवित अनुसरणीय उदाहरणहरू हुनुपर्दछ- हामी सुसमाचार प्रचार गर्ने परमेश्वरका पास्टर र सेवकहरूले इमान्दारीभएर हामीमा भएका महान् सत्यहरूलाई भित्री हृदयदेखि नै हाम्रो जीवनमा लागु गर्न सकौँ भनेर प्रार्थना गर्नुपर्दछ। हामी केवल प्रचार गर्ने मात्र होइन तर हामीले विश्वास गरेका सत्यहरूलाई हाम्रो जीवनमा लागु गराइरहेकाछौँ भनेर जीवित नमुनाहरूबाट जनसमक्ष पुऱ्याइ राख्नुपर्दछ। हाम्रो दैनिक जीवनमा व्यवहारिक ईश्वरीय गुणहरू संञ्चार भइरहेको सबैले देख्नुपर्दछ। त्यस आचरणले गर्दा हामी जहाँ गएतापनि हाम्रो बोलिचाली र व्यवहारद्वारा परमेश्वरको शक्ति र आत्माको प्रवाह हुन्छ। - सेर्मन एण्ड टकस्, १:६३।

पास्टरहरू प्रचार त गर्छन् तर आफूले प्रचार गरेका अनुसार नचल्नेहरू भँडाका लुगा लगाएका ब्वाँसाहरू हुन्- यस्ता खालका पास्टरहरू येशूको बिल्ला त लगाउँछन, तिनीहरूले प्रभुको परमशत्रुको सेवा गरिरहेका हुन्छन्। तिनीहरूले यो निर्देशनलाई वास्ता गरेका हुँदैनन्, "येशूको नाउँ लिने प्रत्येकले पाप, अधर्म र खराबी तत्वहरूबाट अलग होउन्।" आफूले सिकाएको अनुसार नचल्ने ढोँगी पास्टरहरू भँडाका लुगा लगाउने ब्वाँसाहरू हुन् भनेर येशूले स्पष्ट रूपमा बताउनु भएको छ। तिनीहरूले अनुग्रहको बारेमा चर्चा गर्छन्, तिनीहरूले अनुग्रहको बारेमा प्रचार गर्छन्, तिनीहरूले अनुग्रहको निम्ति प्रार्थना पनि गर्छन्; तर यथार्थमा तिनीहरूको हृदयमा ख्रीष्टको अनुग्रह हुदैन। चर्चमा प्रवचन दिनेमा ती खालका पास्टरहरू अत्यन्तै

जोशिलो र उत्कृष्ट देखाउला, तर प्रवचन दिएपछि तल ओर्लेपछि तिनीहरूको अधर्मले गर्दा तिनीहरू पापका सेवकहरू भइरहेका छन् भनेर देखाउँदा तिनीहरूले चर्चमा प्रवचन दिएका तिनीहरूको बोलीको शक्तिलाई ध्वस्त पारिरहेका हुन्छन्। भनाइ र गराइमा तालमेल नहुने पास्टरहरू भँडाका पोशाक लगाएका ब्वाँसाहरू हुन्। -द साइनस् अभ द टाइमस्, जुलाइ १८, १९९२।

पास्टर र सुसमाचार प्रचारकहरूले अरूहरूलाई यो देखाउन सकुन् कि सत्यले तिनीहरूलाई केही न केही गरेकाछन्- युवा पास्टर र मानिसहरू जसलाई सुसमाचारीय कामको निम्ति नियुक्त गरिएकाछन्, यदि तिनीहरूको व्यवहार रुखो र खस्रो छ, तिनीहरूको बोलिचालिमा भद्र, शिष्ट, नम्र, सरल र शिद्ध चोखो छैन गर्ने तिनीहरू जुन काम दिइएको थियो त्यो कामको निम्ति तिनी योग्य छैन भनेर देखाउँदछ। प्रभुले र सत्यले आफूहरूलाई परिवर्तन गरेको छ भन्ने प्रमाण तिनीहरूले देखाउनु जरुरी छ। तिनीहरूले जतिसुकै श्रङ्खलाबद्ध रूपमा प्रभावकारी प्रवचन दिएतापनि तिनीहरूले नसोचेर बोलेका एउटा कटु वचनले ती प्रवचनलाइ हानी ल्याउँदछ। तिनीहरूले सत्यको स्तरलाई घटाउँदछन् वा छोड्छन्, जब कि सत्यलाई उचालिनुपर्दथ्यो। एउटा चित्त दुखाउने वा नराम्रो वचनले तिनीहरूलाई धुलोमा झारिदिन्छ। तिनीहरूले सेवा गरेका विश्वासीहरू प्रायजसो तिनीहरूको स्तरभन्दा माथि आउँदैनन्। जीवित भएकाहरू र मरेकाहरूको (जोसँग येशू छैन त्यो सँग जीवन छैन -१ यूहन्ना ५:१२) बीचमा उभिने मानिसहरूको व्यवहार ठिक हुनुपर्दछ। कोही पनि पास्टर एक क्षण पनि बिना चनाखो नभएर बस्न सक्दैन। अरूहरूलाई सत्यको स्तरमा उचाल्न उनले परिश्रम गरिरहेको हुन्छ। त्यसकारण, सत्यले उनलाई केही न केही गऱ्यो भन्ने प्रमाण अरूहरूलाई उनले देखाऊन। -टेस्टिमोनिज फर द चर्च १:४४५।

पास्टरहरूको सफलता तिनीहरूको जीवनशैली, आचरण र तिनीहरूको लाउने लुगामा भरपर्दछ- ईश्वरीय जनहरू जो विश्वासिलो,

भरपर्दो, पवित्र र निश्कलङ्क छन् तिनीहरूले मानिसहरूलाई अनन्त जीवनतिर प्रभाव पार्न सक्दछ। चर्चमा प्रभावकारी प्रवचन दिँदा मानिसहरूका दिमागहरूलाई असर पार्न सक्छ होला; तर जब प्रवचनबाट तल ओर्लेपछि पास्टरबाट देखाउने सानोतिनो रुखो र झोक्की व्यवहारले उनको वचनद्वारा तान्ने शक्ति र सही ईश्वरीयताको खिलाफमा जान सक्छ। प्रवचन बोल्दा प्रभावित भएका मानिसहरू उनको रुखो व्यवहारले खिन्न भएर त्यो प्रवचनलाई बिर्सिदिन्छन्। उनले गरेर परमेश्वरमा आएका मानिसहरू उनकै भएतापनि व्यवहारमा पास्टर भन्दा माथि आउँदैनन्। यस खालको पास्टरले मानिसहरूको हृदयभित्रैबाट काम गर्न दिइन्दैन। न त पास्टर न त विश्वासीहरू परमेश्वरतिर पूरा फर्केका हुँदैनन्। तिनीहरूका विश्वास केवल देखावटीमात्र हुन्छ र तिनीहरूको व्यवहारले प्रभुलाई हृदयदेखि खोजिरहनेलाई वास्तविक रूपमा वाधा पुऱ्याउँछन्।

पास्टरको सफलता जब उनी आफ्नो स्थानबाट उठ्छन् र उनको बानीव्यहोरा वा जीवनशैलीमा भरपर्दछ। जब उनले प्रवचन दिन रोक्छन् र आफ्नो ठाउँ छोड्छन् तब उनको काम सिद्धिएको हुँदैन बरू सुरुमात्र हुन्छ। आफूले जे प्रचार गऱ्यो वा प्रवचन दियो तब उनले त्यसलाई व्यवहारमा उतार्नै पर्दछ। उनी वेवास्ता गरेर वा हेरविचार नगरि गरेर चल्नुहुन्न, तर जहिले पनि आफूप्रति चनाखो भइरहनुपर्दछ, नत्र उनको अलिकति चुकाइमा वा बोलिवचनले शत्रुले उनलाई छोपिदिन्छ। त्यसको फलस्वरूप ख्रीष्टको निम्ति उनले गरेको काममा निन्दनीय हुनसक्छ। - टेस्टिमोनिज फर द चर्च १:३८०।

ठेस खाएर लडेपनि फेरि उठेर प्रभुमा अघि बढ्ने वा पुनर्स्थापित हुनेको ज्वलन्त उदाहरण पत्रुस हो- कतिपय मानिसहरू आत्मिक जीवनमा ठेस खाएर लडेपछि तिनीहरू माथि उठन सक्दैनन् भनेर सोच्दछन्। तर यो धारणा बिल्कुल गलत छ। पत्रुसको कमजोरी येशूलाई थाहा थियो। त्यसकारण उनले येशूलाई इन्कार गर्नुभन्दा अघि उहाँले भन्नुभएको थियो, "जब तिमी म तर्फ फर्कन्छौ वा

परिवर्तन हुन्छौ तब तिम्रा भाइहरूलाई बल देऊ।" आफ्नो जीवन दिनेहरू मानिसहरूको रेखदेखमा पत्रुसलाई सुम्पनुहुँदै पत्रुसको पुनर्स्थापित हुनेछ अर्थात् आफूतिर फर्किनेछ भन्ने बलियो प्रमाण येशूको त्यो बोलिले देखाएको थियो। र पत्रुसलाई भेँडाहरूलाईमात्र होइन पाठाहरूलाई पनि आत्मिक खुराक ख्वाऊ भनेर उहाँले उनमाथि जिम्मेवारी दिनुभएको थियो। उनलाई दिएको काम फराकिलो र कोमल थियो। जीवनको वचन सुनाउने जिम्मामात्र होइन बगालको गोठालाई हुने काम पनि उनलाई सुम्पिएको थियो। -द एसडिए बाइबल कमेन्टरी ५:११५२।

हाम्रा आदरणीय मानिसहरूको पापको मामिलालाई विश्वासपूर्वक तह लगाउनुपर्छ भनेर प्रभुले हामीलाई जाँच्नुहुन्छ- भाइ एचको मामिलामा धेरै दु:खित भएको छु। उहाँले मलाई केही पनि लेख्नुहुन्न, र उनको बारेमा मलाई धेरै पीडा भइरहेको छ। हाम्रो आदरणीय व्यक्तिहरूको पापको मामिलामा हामीले विश्वासपूर्वक सम्हाल्छौँ कि सम्हाल्दैनौँ भनेर कहिलेकाहीँ प्रभुले हामीलाई जाँच्नुहुन्छ जस्तो मलाई लाग्छ। - टेस्टिमोनिज अल सेक्सुयल बिहाभिएर, अडल्ट्री, एण्ड डाइभोर्स, १८५।

नैतिक आचारसंहिता र सहयोगी पास्टरहरू

येशू ख्रीष्टका पास्टरहरू सबै जना एकै मन र एकै दिमागका हुनपर्दछ- ख्रीष्टका पास्टरहरूको बीचमा एकता हुनुपर्दछ,- तिनीहरू एकै दिमागका र एकै दिलका हुनुपर्दछ। तिनीहरू एक आपसमा सरसल्लाह लिनु र दिनुपर्दछ। कोही पनि पास्टर एक जनाको योजना अनुसारै काम गर्नुपर्छ भनेर कर गर्नुहुन्न। हरेकले आफ्नो व्यक्तित्वलाई सुरक्षित राख्नुपर्दछ, र अरूहरूको भलाइको निम्ति परिश्रम गर्नुपर्दछ। आफूभन्दा अरू पास्टरहरूलाई उच्च सम्मान दिने गर्नुपर्दछ। एक आपसमा डाहा गर्ने, ईर्ष राख्ने, भन्डाफोर गर्ने,

आलोचना गर्ने, गुनासो गर्ने र प्यारमा चिसो पार्ने काम सैतानले नै गरिरहेको हुन्छ। यसले एक आपसमा भएको विश्वास र भरोसालाई आँच ल्याउँदछ, र शङ्का गर्ने प्रवृत्तिलाई बढाउँदछ। कमजोर निराश भएकाहरूका निम्ति विश्वासमा एक भएर ख्रीष्टसँग अनुग्रह माग्न परमेश्वरसँग प्रार्थना गर्न र पापीहरू परिवर्तन होस् भन्ने चर्चको लक्ष्यलाई ती नकारात्मक वैगुणहरूले बाधा दिन्छ र हामीमा आउनुपर्ने आशिषलाई एक आपसमा फुट ल्याएर भताभुङ्ग पारिदिन्छ। -द रिभ्यु एण्ड हेराल्ड, जुलाइ १०, १८८३।

पाष्टरहरू जो रमाइलो र हिमचिम गर्ने खालका देखिन्छन् तर तिनीहरूका विश्वासी दाजुभाइहरूको इज्जतमा खेलबाड गर्नेहरू विशेष खतरा खालका हुन्छन्- यस खालका पास्टरहरूले गर्ने आलोचनालाई कतिले यो बहाना बनाएर सुन्छन्, "पास्टर बाबु डी असल मानिस हुनुहुन्छ। उहाँ दयालु र रमाइलो खालको हुनुहुन्छ र जसलाई पनि सहयोग गर्न उहाँ तयार हुनुहुन्छ।" भाइ डीको धेरै असल चरित्र वा मिजासहरू होला, तर अरूको आलोचना गर्ने र गनगन गर्ने उनको प्रवृत्तिले उनमा ठूलो प्रचारक हुने क्षमता देखाउँदैन, तर उनी इमान्दारी र विश्वासिलो साधारण सेवाग्रही हुन सक्छन्। यदि आफूलाई चाहिनेभन्दा बढि आफूमा आत्मसम्मान वा भाऊ खोज्ने प्रवृत्ति उनमा नभएको भए उनका भाइहरूको इज्जतसँग खेलबाड गर्न कहिल्यै पनि आँट आउने थिएन। तर अरूहरूभन्दा आफू ठूलो छ भन्ने आत्मसम्मानले गर्दा अरूहरूको चरित्र र इज्जतमा उनले धक्का ल्याइरहेका छन्। विश्वासी दाजुभाइ तथा सहकर्मीहरूको बारेमा गलत धारणाहरू जम्मा गरेर अरूहरूलाई सुनाउन निको मान्ने उनका बानीले उनी मानिसहरू र परमेश्वरले दिनुभएको सन्देशको बीचमा आइरहेका हुन्छन्। प्रभुको दिनमा उहाँको अगाडि उभिन योग्य बनाउन उहाँको पास्टरहरूलाई उनको बानीले वाधा दिइरहेको हुन्छ। उनको असल गुणहरू झन खतरा भइरहेको हुन्छ किनकि उनमा भएका गुण र स्वभावहरूले अरूहरूलाई प्रभाव पारिरहेको हुन्छ। उनले फैलाएको

अफवाहहरू ठिकै हुनपर्छ भनेर मानिसहरूले सोच्दछन्। यदि उनी भित्री हृदयमा अनैतिक र झगडालु वा आफ्नो भाऊ खोज्ने प्रवृत्ति नभएको भए उनको चरित्र हत्यागर्ने बानीप्रति अहरूको विश्वास जित्ने थिएन। - टेस्टिमोनिज फर द चर्च ५:२८९।

जहाँबाट सुरु गरेतापनि र जसले फैलाएता पनि पास्टरहरूलाई होच्याएर र निन्दा गरेर कहिल्यै पनि नबोल्नु- परमेश्वरले नै स्वीकार्नुभएका हाम्रा पास्टरहरू जिम्मेवारी स्थानहरूमा छन्। तिनीहरूको सुरु कहाँबाट आयो त्यसको पर्वाह छैन, तिनीहरू खेती किसानी गर्नेहरू होलान्, तिनीहरू सिकर्मी जस्ता सिपमूलक पेशाहरूमा लागेका होलान वा कलजे तथा विश्वविद्यालयमा उच्च शिक्षा हासिल गर्ने अवसर पाए होलान्; यदि परमेश्वरले तिनीहरूलाई स्वीकार्नुभएको छ भने तिनीहरूलाई अलिकति पनि हेप्ने आँखाले नहेर्न सतर्क गराइएको छ। कुनै मानिसको खिलाफमा निन्दा कहिल्यै पनि नगर्नु, किनकि त्यो मानिस परमेश्वरको आँखामा महान् हुनसक्छ। जो आफूहरूलाई महान् ठान्दछन् तिनीहरू परमेश्वरको सामु नीच हुनसक्दछ किनभने तिनीहरूको भ्रष्ट हृदयले गर्दा। ख्रीष्टको मुनि झुकिएर बस्नुमात्र हाम्रो सुरक्षा छ। हामी आफ्नै आँखाको सामु झुक्ने गरौँ र परमेश्वरमाथि भरोसा राखौँ; किनभने हामीलाई महान् बनाउने शक्ति उहाँसँग छ - टेस्टिमोनिज फर द चर्च ४:६०७, ६०८।

अरूहरूको प्रतिलिपि हुन नखोज्नुहोस्, परमेश्वरले तपाईँलाई आफ्नै गुणहरूले सम्पन्न पार्नुभएको छ- एउटै मानिसको धारणा र योजनाहरू सर्वोच्च होस् भन्ने परमेश्वरले कहिल्यै पनि चाहनुभएको थिएन। उहाँले भन्नुभएको छ, तिमीहरू परमेश्वरसँग परिश्रम गर्ने सहकर्मीहरू हौ। कसैको निराश र दमनमा कोही मानिस पनि नलागुन्। आफ्ना अस्त्रहरू आफ्नो भाइलाई बोकाउन नखोजियोस्, किनकि उसले बोक्न सक्छ कि सक्दैन भनेर खुबी देखाउन सकेको छैन। र कुनै मानिसको हाउभाउ, आनीबानी, मनस्थिति, भावनाहरु व्यक्त गर्ने र बोल्ने शैलीको पास्टरले कहिल्यै पनि सिको

नगरियोस्। तिनीहरू कुनै मानिसको सोचविचारमा, भावना योजना तर्जुमा गर्नेमा र अरूहरूलाई लाड्ने छायाँ बन्नुहुन्न। यदि परमेश्वरले तपाईंलाई उहाँको वगालको गोठाला बनाउनुभएको छ भने त्यस कामको निम्ति योग्य बन्न उहाँले नै योग्यता दिनुभएको छ। -इभान्जलिजम, ६८५।

कुनै पास्टरहरूले गल्ती गरेका छन् भने तिनीहरूलाई हप्काउनुभन्दा सम्झाउन खोज्नुपर्दछ- तपाईंको पास्टर सहकर्मीहरूसँग व्यवहार गर्ने मामिलामा परमेश्वरले दिनुभएको निर्देशन पालन गर्ने गर्नुहोस्। पावलले भन्दछन्, "आफूभन्दा माथिकालाई वा एल्डरलाई नहप्काउ, बरू बाबुलाई जस्तो सम्झाउ र सानो उमेरका मानिसहरूलाई भाइहरू जस्तो व्यवहार गर।" परमेश्वरको सेवाकार्यमा लामो समयसम्म लागेकाहरूका गल्तीहरूलाई कहिलेकाहीँ औँल्याउनुपर्ने हुन्छ, तर हप्काएर, गाली गरेर, निन्दा गरेर होइन बरू सम्झाएर होस खुलाउनु पर्दछ। आफूभन्दा साना उमेर भएका पास्टरहरूलाई भाइहरूलाई जस्तो व्यवहार गर्नुपर्दछ। जब हामीले एक आपसलाई सहयोग गर्छौँ तब परमेश्वरले पनि हामीलाई सहयोग गरुन्। हामी परमेश्वरसँग जीवित सम्पर्कमा रहिनै रहनुपर्दछ। पवित्र आत्माको बप्तिस्माद्वारा हामी उच्च शक्तिले शक्तिसम्पन्न हुनै पर्छ। हामी उच्च स्तरमा पुग्न प्रयास गर्नैपर्छ; परमेश्वरले चाहनुभएको आत्मिक उच्चस्तरमा रहन उहाँबाहेक हामीलाई कसैले सहायता गर्न सक्दैन। -द रिभ्यु एण्ड हेराल्ड, अप्रिल ५, १८९२।

अवकाश पाएका र उमेर ढल्केका पाष्टरहरूलाई मिसनले वेवास्ता गर्नुहुन्न- अवकाश प्राप्त र वृद्धहरूलाई वेवास्ता गर्नुहुन्न। तिनीहरूलाई हेरबिचार गर्नु चर्चको कर्तव्य हो भन्न म चाहन्छु। जब पास्टरहरू विश्वासमा दिलोज्यान दिएर परमेश्वरको काम गर्छन् जब तिनीहरूको स्वास्थमा कमजोरी हुन्छ तब तिनीहरूलाई विर्सनुहुन्न न त वेवास्ता गर्नुहुन्छ। कामको बोझमा परेर वृद्ध भएका बुढापाका पास्टरहरूलाई मिशनले त्याग्नुहुन्न। परमेश्वरको काम गर्दा गर्दै उमेर ढल्केपछि

यूहन्नालाई पाटमोसको टापुमा रहेका थिए। अनि त्यस एकान्त टापुमा उनले परमेश्वरबाट कतिका आत्मज्ञानहरू पाए जुन उनले जिन्दगी भर पाएका थिएनन्।

जो मानिस आधिकारिक चर्च वा मिशनसँग मनमुताव गरेर र वा भ्रष्ट भएर जान्छन् तिनीहरूसँग कार्यगत एकता गर्न सम्झौता नगर्नु तर तिनीहरूलाई सदाशय र दयालु हिसाबले व्यवहार गर्नु- सैतानको पक्षमा उभिएर उसको चाहना अनुसार काम गर्ने र चर्चलाई फुटाउने तत्वहरूसँग हातेमालो गरेर हामी काम गर्नुहुन्न। अस्ट्रेलियाको आदलेदमा ती खालका मानिसहरूले हाम्रो कामको विरुध गरेका थिए। चेतावनीसाथ सत्यलाई प्रचार गर्नुपर्छ ताकि मानिसहरूहरूको हृदय थरथर काँपोस र परमेश्वरकहाँ नम्र भएर आओस्। परमेश्वरप्रतिको आस्थामा स्पष्ट गवाही दिनुपर्दछ। जो मानिस भ्रष्टभएर चर्चको विरोधमा लाग्छन् ती मानिसहरूसँग सम्झौता गरेर काम अघि बढाउनुहुन्न। तर तिनीहरूलाइ दयापूर्वक व्यवहार गर्नुपर्छ ताकि तपाईंको विरुद्धमा तिनीहरूले केही नराम्रो कुरा गर्न नपाओस। - म्यानुस्कृप्ट रिलिजेव ९:३६३।

पास्टरको गल्तीलाई सकेसम्म सानो झुण्डमा नै बन्द गरिराख्नुपर्दछ- गलत काम र पापको निम्ति बारम्बार हप्काउनु, सम्झाउनु, सच्याउनु वा औँल्याउनु आवश्यक हुन्छ। अरूहरूको मुक्तिको निम्ति काम गरिरहने पास्टरहरूले आफ्ना पास्टर सहकर्मीहरूको पाप वा भुलप्रति आँखा चिम्लनु हुँदैन न त तिनीहरूको गलत काम वा दोषलाई मिशन वा संस्थाको महत्त्वपूर्ण विषय भनेर लिनुपर्दछ। सबैको अगाडि तिनीहरूको कम्जोरीलाई औल्याएर हप्काउनुहुन्न न त भन्डाफोर गर्नुहुन्छ। कसैको गलत काम वा भुललाई प्रार्थमिकता दिएर औँल्याउने मानिसहरूले आफूहरूले त्यो विषयलाई चर्चको समक्ष ल्याउँदा त्यसको असर कस्तो हुन्छ भनेर सोच्नुपर्दछ। के त्यसले भूल गर्ने पास्टरप्रति माया र विश्वास बढाउँछ कि बढाउँदैन सो सोच्नुपर्दछ। तर विशेष गरेर परमेश्वरको काममा लागेका पास्टरका भूलहरूको बारेमा जानकारी

सकेसम्म सानो घेरा वा सानो झुण्ड अर्थात् कमिटीमा राख्नुपर्छ। नत्र उनको भूलले शत्रुहरूले चर्च वा मिशनप्रति औँला ठड्याउँछन् र तिनीहरूले सिकाउने परमेश्वरको वचन र शिक्षालाई दोष दिने बहाना बनाउँछन् र पास्टरहरू पनि अरू मान्छे जस्तै हो भनेर आत्मिक जीवनमा कमजोर भएकाहरूलाई निराशाको भूमरिमा पार्दछ। विशेष गरेर चर्चका विश्वासीहरू भन्दा बाहिरका मानिसहरूलाई पास्टरको भूलको भन्डाफोर गर्नु अन्त्यन्तै निष्ठुर हुन्छ। त्यसले गर्दा भविष्यमा सुसमाचार प्रचार गर्ने काममा पास्टरलाई कमजोर बनाउँछ। अरूहरूको अगाडि आफ्नो पास्टरको आलोचना गर्नाले कहिल्यै पनि भलो हुँदैन बरु हानि हुन्छ। पास्टरहरूको गल्तीलाई अरूहरूको सामु राख्दा परमेश्वर नाराज हुनुहुन्छ। उहाँको काममा अघि बढाउनेहरूप्रति मानिसहरूले आफ्नो विश्वास गुमाइदिन्छ। प्रत्येक पास्टरले आफ्ना सहकर्मी पास्टरहरूको चरित्रलाई बढो होशियारसाथ सुरक्षा गर्नुपर्दछ। परमेश्वरले भन्नुभएको छ: "मैले अभिषेक गरेकोलाई नछुनु, मेरा अगमवक्ताहरूलाई केही हानि नगर्नु।" माया, प्रेम, स्नेह र विश्वसनीयता एकआपसँग सजाएर राख्नुपर्दछ। एक पास्टरले अर्को पास्टरप्रति हुनुपर्ने प्रेम र विश्वसनीयतामा कमी भयो भने कमजोर पास्टरलाई उत्साह बढाउँदैन। त्यसले गर्दा त्यस पास्टरमात्र होइन आलोचना गर्ने व्यक्ति आफू पनि खुशी हुँदैन। अरूको चरित्रलाई सुरक्षा गर्ने व्यक्तिमा प्रेमको ठूलो शक्तिले काम गरेको हुन्छ। प्रेमले सबै वाधा अर्चनहरू हटाइदिन्छ, तर पास्टर र अगुवाको कमीकमजोरी र त्रुटीहरूलाई अरूहरू समक्ष फैलाउनेले सुसमाचार सुनाउने प्रत्येक माध्यमलाई बन्द गरिदिन्छ।-टेस्टिमोनिज फर द चर्च ३:९३।

बिपरित लिङ्गसँग व्यवहार

यो भन्दै नैतिक क्षमता र प्रतिवद्धतामा तपाईँले आफूलाई बाँध्नुहोस, "मेरो मुक्तिदाताको म अपमान वा बदनाम गर्नेछैन"- (एक जना नैतिक आचरणबाट खस्किएको पास्टरले एलेन जी ह्वाइटसँग

सल्लाह माग्दा उनले यो जवाफ दिनुभएको थियो)। “तपाईँले मलाई सोध्नुभयो के म सार्वजनिकरूपमा मेरो पापको स्विकार गरौँ। म भन्छु, अहँ। तपाईँ पर्नुभएको पापलाई सार्वजनिकरूपमा खुलासा गरेर परमेश्वरको बदनाम नगर्नुहोस् किनकि तपाईँ जस्तो परमेश्वरको वचन प्रचार गर्नेले त पाप गर्दा रहेछ भन्ने आभास् जनमाझमा पर्न जान्छ। तपाईँको सेवाकार्यमा बेइज्जत हुन्छ। यस मामिलामा सार्वजनिकरूपमा कहिल्य पनि कुनै हालतमा पनि नखुलाउनुहोस्। परमेश्वरको सम्पूर्ण काममा यसले अन्याय वा अनुचित प्रभाव पार्ने छ। तपाईँले सार्वजनिकरूपमा स्वीकार गर्नुभयो भने तपाईँले गर्नुभएको क्रियाकलापले मानिसहरूको दिमागमा अशुद्ध सोचहरूलाई सृजना गर्नेछ। तपाईँले आफ्नो श्रीमतीसँग पनि यसबारे जानकारी दिएर तपाईँको ओठलाई अशुद्ध नपार्नुहोस्। यसले तपाईँप्रति उनी शर्माउनेछन् र उनलाई शोकित बनाउनेछ। तपाईँको जीवनको अध्यायमा घटेको यो भयानक घट्नालाई परमेश्वरकहाँ लानुहोस् र त्यसकोबारेमा थाहा पाएका विश्वासी दाजुभाइकहाँ आफ्नो मामिला पेश गर्नुहोस्। तपाईँले हृदय खोलेर जे भन्नुपर्ने हो सो भन्नुहोस्। तपाईँको निम्ति प्रार्थना गर्न तिनीहरूलाई अनुरोध गर्नुहोस्। संयता अपनाउने आदत बसाल्नुहोस्। परमेश्वरको सामु होशियारसाथ र प्रार्थना गरेर हिँड्नुहोस्। यो भन्दै नैतिक क्षमता र प्रतिवद्धतामा तपाईँले आफूलाई बाँध्नुहोस, "मेरो मुक्तिदाताको म अपमान वा बदनाम गर्नेछैन”-टेस्टिमोनिज अन सेक्सुयल बिहेभियर, आदल्ट्री, एण्ड डिभोर्स, १२८।

व्यवाहारिक धर्म वा आत्मिक मार्गमा हिँड्नेले आफ्नो अनुराग, नोवेग वा आफ्नो अनुचित भावनालाई नियन्त्रणमा राख्दछ- तपाईँले बौद्धिक स्तरमा सत्यलाई विश्वास गर्नुहोला, तर तपाईँको अगाडि अझ काम गर्न बाँकि छ। तपाईँको जीवनको प्रत्येक क्रियाकलाप र तपाईँको हृदय वा दिमागमा चलखेल गरिरहेको प्रत्येक भावनालाई तपाईँको आस्थामा तालमेल गर्नुपर्दछ। क्रूसमा टाँगिनुभन्दा पहिले आफ्नो चेलाहरूको

निम्ति येशूले प्रार्थना गर्नुभएको थियो: "तपाईँको सत्यले तिनीहरूलाई शुद्ध वा निश्कलङ्क राख्नुहोस्: तपाईँको वचन नै सत्य हो।" सत्यको प्रभावले तपाईँको समझलाई मात्र असर पार्ने होइन तर तपाईँको हृदय, दिमाग र मनोभावलाई पनि असर पार्नुपर्दछ। पक्का र सच्चा व्यवहारिक धर्म वा ईश्वरीय जीवनमा लागिरहने मानिसले आफ्ना सबै मनोभाव, अनुराग, भावना र इन्द्रियहरूलाई नियन्त्रणमा राख्दछ। -टेस्टिमोनि ज फर द चर्च ४:३७१।

पास्टरले नै कसैलाई उत्तेजित गरि फसाउन चाहन्छ भने पनि त्यो पापै हो- यदि बहिनीहरू आफैमा शुद्ध हृदय छ र उच्च आत्मिक मनस्थितिमा छ भने कुनै पनि भ्रष्ट चाल चाहे त्यो पास्टरैबाट नै किन नहोस् त्यो चालप्रति वाक्क हुनेछ र यस्तो सकारात्मक तरिकाले त्यसको विरोध तिनीहरूले गर्नेछन् कि त्यस्तो चाल फेरि नदोहोरियोस्। अनुचित कामबासनामा फसाउन चाहनेहरूका दिमागहरू सैतानको पकडमा भइरहेको हुन्छ। सैतानको कानेखुशी सुनेर अरूलाई फसाउन खोज्ने पास्टरै भएतापनि उनले परमेश्वरको सरल र सकारात्मक आज्ञाहरूलाई तोडिरहेको हुन्छ। प्रेमले भावान्वित भएर चलेको चाल पाप होइन भनेर त्यस खालको दिमागलाई सजाएर ती मानिसहरूले आफूहरूलाई फुस्ल्याइरहेको हुन्छ। के यूहन्नाका शब्दहरू हामीसँग छैन र: "जसले येशूलाई चिनेको छु भनेर दावी गर्छन् तर उहाँका आज्ञाहरू पालन गर्दैनन् भने त्यो फटाहा हो र उसमा सत्यले बास गरेको हुँदैन"? दश आज्ञाले के भन्छ? "तिमीले व्यभिचार नगर्नु।" जब कोही व्यक्ति परमेश्वरको पवित्र व्यवस्थालाई पालन गर्छु भनेर दावी गर्छन् र पवित्र विधिहरूको सेवाकार्य गर्छन् तर उनले आफूलाई दिएको उच्च ओहदाको फाइदा उठाएर आफ्नो घटिया कामवासनामा लाग्ने प्रवृत्ति देखाउँछन् भने परमेश्वरप्रति भक्तिभाव भएको कुनै पनि स्त्रीले उनीप्रति सजग हुन प्रमाण पाइरहेको हुन्छ। त्यो व्यक्ति स्वर्गसम्मै पुग्ने मिशनको उच्च ओहदामा किन नहोस् उनबाट आएको अशुद्ध, भ्रष्ट र अशिद्धि प्रस्ताब ज्योतिको स्वर्गदूत

भनेर दावी गर्ने सैतानबाट हो। चर्चको उच्च ओहदामा बसेर खुब धर्मात्मा देखाउने मानिसलाई धर्मको खोल लगाउन दिएर नैतिक आचारसंहिता तोडन सैतानले उक्साइरहेको हुन्छ। अरूहरूको अज्ञान र असल स्वभावहरूको फाइदा उठाएर भ्रष्ट र कामबासनाको बेदीमा आफूलाई सुम्पिने ती पास्टर वा उच्च ओहदाको मानिसमा परमेश्वरको वचन सजिरहेको हुन्छ भन्ने कुरामा म विश्वास गर्न सक्दिनँ। - टेस्टिमोनिज फर द चर्च २:३५७, ३५८।

तपाईंमाथि भरोसा राखेका र विश्वास राखेका मानिसहरूको कहिल्यै पनि फाइदा नउठाउनुहोस्- जब पास्टरहरूले तिनीहरूमाथि भरोसा र विश्वास राखेका मानिसहरूको फाइदा उठाउँछ तब तिनीहरूले मानिसहरूलाई मुक्तिको पथमा नलाग्न भ्रष्ट बनाउँछ। ती पास्टरहरू उच्च ओहदामा बसेर पनि आफ्नो घटिया चालले अरूलाई बिगार्छ तब ती पास्टर साधारण पापीहरूभन्दा धेरै दोषी हुन जान्छ। जब त्यस दिन स्वर्गमा खाता पल्टाइन्छ तब त्यस पुस्तकमा धेरै पास्टरहरूको नाउँ उल्लेख गरिएको देखिनेछ। तिनीहरू आफूहरू धर्मात्मा र शुद्धछु भनेर सबैको सामु देखावटी रूपमा देखाइरहेका हुन्छन् र तिनीहरूमाथि ख्रीष्टको सुसमाचारको भार दिएको छ भनेर प्रभाव दिइरहेका हुन्छन् तर तिनीहरूले आफ्नो ओहदालाई दुरुपयोग गरेर र परमेश्वरको व्यवस्थालाई भङ्ग गर्दै मानिसहरूलाई कुबाटोमा फसाइरहेका थिए - टेस्टिमोनिज फर द चर्च ५:१४३।

सातौं आज्ञालाई भङ्ग गर्न पास्टरहरूमाथि मानिसहरूको आत्मिक अङ्गरक्षकको जिम्मेवारी दिनुहुन्न- बगालका गोठालाहरू भनेर उभिने ती मानिसहरूबाट मैले केही आशा राख्ने आधार मैले देखेको छैन। ती मानिसहरू वर्षौंसम्म दयालु परमेश्वरको बोझमा हिँडेका हुन्छन्, तिनीहरूलाई दिएको चेतावनी, बिन्तिहरू र सच्याउन अवसरलाई वेवास्ता गर्दै आफ्ना दुष्ट बाटोहरूलाई लुकाउँदै निरन्तररूपमा लागिरहन्छन् र स्वर्गको परमेश्वरको व्यवस्थालाई सरासर भङ्ग गर्दै अरूहरूसँग अनुचित सम्बन्ध राखछन, तिनीहरूबाट हामीले के अपेक्षा गर्ने? डरले थरथर काम्न दिएर तिनीहरूको मुक्तिलाई आर्जन गर्ने जिम्मा तिनीहरूलाई नै छोडिदिऔं। तिनीहरूलाई सुधार्न अनेकौं प्रयास

गर्दा पनि आफूले अपनाउनुपर्ने आचारसहिँतालाई ठाडो उल्लङ्घन गरिरहनेहरूलाई कुनै पनि सुसमाचारीय कामको जिम्मा दिनुहुन्न। एडभेन्टिस्ट भनेर दावी गरेर पास्टरको ओहदामा बस्ने तिनीहरू ढोंगी र झुटा गोठालाहरू हुन्। धेरै वर्षसम्म परमेश्वरको काममा लागिरहेकाहरू महान् आत्मिक जागृतिका अनुभवहरू र विशेष आत्मज्ञानहरू पाएतापनि भ्रष्ट मार्गमा हिँड्ने ती अगुवाहरूप्रति म कस्तो शोकित छु! - टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स, ४२८।

अध्याय १०
व्यक्तिगत वाह्यस्वरूप र सबैले मनपराउने व्यक्तित्व

परमेश्वरको लागि काम गर्नेहरूको पहिरण खेलाँचीको मामिला होइन- हामीहरूका बोलीवचन, व्यवहार, दिनदिनै लगाउने वस्त्र जीवित सुसमाचार प्रचार हो। हाम्रा व्यक्तित्व, रहनसहन र व्यवहारले मानिसहरूलाई कि त आकर्षित गरिरहेको हुन्छन् कि त विकर्षण गरिरहेका हुन्छ हाम्रो व्यक्ति लवाईखवाइ वा रहनसहन खेलाँचीको मामिला होइन। यसलाई ठट्टाको रूपमा लिनुहुन्न। हामीले कस्तो लुगा लगाउनुपर्छ भन्ने विषयमा बढो होशियार हुनुपर्दछ र यस मामिलामा प्रार्थना पनि गर्नुपर्दछ। परमेश्वरलाई विश्वास नगर्ने धेरै मानिसहरूले आफूहरूलाई फेशनको दास बनाउरहेका छन । तर जब तिनीहरूले धर्मको नाउँमा इसाई र उच्च ओहदामा आसिनहुनेहरूले नै संसारको आकर्षित र फेशन अनुसार महंगो वस्त्रहरू पहिरिन्छन् र समाजको तडकभडकसँग रमाउँछन् तब ती विश्वासमा नलागेकाहरूले पनि फेशनमा फजुल खर्च गर्नु मनासिवै देखिन्छ। टेस्टिमोनिज फर द चर्च ४:६४१।

उहाँको सेवाकार्यमा लाग्नेहरूको पहिरणमा परमेश्वरले प्राथमिकता दिनुभएको छ भनेर पवित्रस्थानले देखाएको छ- लुगा लगाउने मामिलामा जथाभावी हुनुहुँदैन। ख्रीष्टको लागि हामी साक्षी भएका हामीहरूको रहनसहन र पहिरणमा उत्कृष्ट हुनुपर्दछ। पवित्रस्थानमा सेवाकार्य गरेर उहाँको सेवा गर्नेहरूको पोशाक कस्तो हुनुपर्छ भनेर उहाँले विस्तृतरूपमा उल्लेख गर्नुभएको थियो। त्यसकारण, उहाँलाई सेवा गर्नेहरूले लगाउने लुगाहरूप्रति उहाँको विशेष चासो छ भनेर हामीलाई सिकाएको छ। हारुनका पोशाकहरू कस्तो हुनुपर्छ भनेर

उहाँले विशेष निर्देशन दिनुभएको थियो। उनको वस्त्र प्रतिकको रूपमा थियो। त्यसकारण, ख्रीष्टका अनुयायीहरूले आफ्नो लुगा पनि प्रतिकको रूपमा हुनुपर्दछ। हाम्रा रहनसहनमा हामी उहाँका प्रतिनिधिहरू हौँ भनेर देखाउनुपर्दछ। हाम्रा बाह्यरूप सफा, सुघ्घर, सरल, शुद्ध र निर्मल हुनुपर्दछ। संसारको फेशनसँग प्रतिस्पर्धा गर्न वा तिनीहरूकै जस्तो हाम्रा लुगाहरू त्यस्तै खालको हुनुपर्छ भनेर परमेश्वरको वचनले अनुमोदन गरेको छैन। येशूभक्तहरू डिजाइनदार लुगाहरू लगाएर महँगो गहनाहरूले सिँगार्नु हुँदैन। -इभान्जलिजम्, २६८।

पास्टरको रूप

तपाईँ पुलपिटमा होस् वा बाहिर होस्, तपाईँ पाष्टर हुनुभएको हैशियतले तपाईँको व्यक्तिगत देखावटले प्रभावित पार्दछ- जुन कामहरूमा हामी संलघ्न भइरहेकाछौँ त्यसमा हाम्रो ठूलो जिम्मेवारी छ र ती कामहरू गरिमामय छ। जो पास्टर परमेश्वरको वचन र शिक्षादीक्षमा लाग्छन् सबै असल कामको निम्ति नमुना हुनुपर्दछ। तिनीहरू पवित्रता, सफासुघर हुनुपर्दछ। तिनीहरूले लगाउने लुगाको परिपाटी अरूहरूको सामु प्रस्तुत गर्न हुने खालको हुनुपर्दछ। परमेश्वरको सेवकको देखाइ चाहे पुलपिटमा होस् वा बाहिर होस् उनी जीवित प्रचारक भएको देखाउनुपर्दछ। उनको ईश्वरभक्तिको उदाहरणले चर्चमा प्रवचन दिनुभन्दा बढि प्रभावित पार्न सक्दछ। तर बाहिरको रहनसहनमा उनले व्यवहारिक भक्ति जीवन देखाउन सकेन भने उनको प्रवचन त्यति प्रभावकारी हुन सक्दैन। परमेश्वरको काममा परिश्रम गर्नेले संसारको अत्यन्तै महान् र उच्च सत्यलाई प्रचार गर्ने जिम्मा दिइएको छ भनेर स्वीकार गर्नुपर्दछ। - टेस्टिमोनिज फर द चर्च १:४४६।

तपाईँको लगाउने लुगाको ढाँचाले तपाईँले मानिसहरूलाई प्रचार गरिरहेको हुन्छ- लुगा लगाउने ढाँचा महत्त्वपूर्ण मामिला हो। यसमा धेरै होशियारी अपनाउनुपर्दछ। यस मामिलामा वर्तमान समयसापेक्षित सत्य सिकाउने पास्टरहरूमा कमी छ। तिनीहरूलाई सुहाँउदो र मिल्ने सरल लुगा लगाउनुपर्दछ। ती लुगाहरूमा गहनाहरू बुनेर भड्किलो भएको र मानिसहरूलाई तिनीहरूको लुगामा आँखा लगाइरहने खालका हुनुहुँदैन। तिनीहरूले लगाउने लुगाको रङ्ग पनि ख्रीष्टको सेवक भएको देखाउने सभ्य रङ्ग हुनुपर्दछ। कुनै पास्टरले सेतो कमिज लगाएर कालो पाइन्ट लगाउँछन् कालो कोट लगाएर सेतो पाइन्ट लगाउँछन्। तर ती लुगामा केही स्वाद हुँदैन र जतन गरेर लगाएको पनि हुँदैन। जब तिनीहरू मानिसहरूको अगाडि उभिन्छन् तिनीहरूको पहिरणले मानिसहरूलाई नरमाइलो बनाउँछन्। पास्टरले लगाउने लुगाको ढाँचा, रङ्ग, लगाउने तरिका र कपडा सिलाइको रूपले मानिसहरूलाई प्रचार गरिरहेका हुन्छन्। चर्चमा आउँदा र मानिसहरूको सामु बोल्दा पास्टरको लुगा उदाहरणीय हुनुपर्दछ। जथाभावी लुगा लगाउनुहुँदैन। खेतबारीमा काम गर्ने जस्तो लुगा लगाउनुहुँदै। उनको लाउने लुगा सफा र मिलेको हुनुपर्दछ नत्र तिनीहरूको लुगा लगाउने तरिकाले नकारात्मक सन्देश अरूहरूलाई दिइरहेको हुन्छ। - टेस्टिमोनिज फर द चर्च २:६१०।

कतिपय पास्टहरूले आफ्नो लुगा लगाउने तरिकालाई वेवास्ता गर्दा कतिपय सभ्य मानिसहरूको भावनालाई चोट पुऱ्याउँछ- कतिपय मानिसहरू आफ्नो पहिरणमा सभ्य र चिटिक्क र मिठो स्वाद दिने खालको हुन्छ, तर पास्टरहरूले आफूले लगाउने लुगामा ध्यान दिएन भने ती मानिसहरूलाई चोट पुऱ्याउँछन्। जो पास्टरहरू यस मामिलामा कमजोर छ भनेर तिनीहरूले आफैलाइ सच्याउनुपर्दछ र लुगा लगाउने मामिलामा बढो गम्भिर र सावधानी अपनाउनुपर्दछ। पास्टरले लगाउने लुगा झुत्रो र सफा भएन भने कतिपय मानिसहरू परमेश्वरतिर आकर्षित हुँदैनन् र तिनीहरूले अनन्त जीवन

गुमाउँछन्। पास्टरको पहिलो भेटमै मानिसहरूलाई प्रभावित पार्दछ। तर उनको रूप वा रहनसहनसँग सत्य तालमेल भएन भने उनले सिकाएका सत्यताहरूले प्रभाव पार्दैन। उनले लगाउने लुगाले नै उनको विरुद्धमा बोलिरहेको हुन्छ; उनले प्रतिनिधित्व गरेका मानिसहरूको समूह आफ्नो लुगा लगाउनेमा वास्ता गर्दैनन् भनेर सुन्ने मानिसहरूलाई प्रभाव पारिरहेको हुन्छ। यस्तो परिवेशमा त्यस खालका मानिसहरूसँग हेमचेम गर्न कतिपयले चासो देखाउँदैनन्। -सेलेक्टेड मेसेजज्,३:२५१।

नसुहाँउदो वा अनुपयुक्त लुगाले तपाईँको प्रभावलाई बिगार्छ- कतिपय पास्टरहरूले नसुहाँदो र अनुपयुक्त लुगा लगाउने बानीले गर्दा तिनीहरूको परिश्रमलाई धक्का पुऱ्याएको हुन्छ। तिनीहरूले लगाउने लुगा सफा र उचित रङ्ग मिलाएर सुहाउँदो हुँदैन। यस खालको लुगा लगाउने पास्टरले अरूहरूलाई कस्तो प्रभाव दिइरहेका हुन्छन्? पास्टरले लगाउने लुगा ठाउँ सुहाउँदो हुनुपर्ने भएकोले परमेश्वरको वचन प्रचार गर्ने पवित्र र उच्च काममा लाग्दा खेतबारीमा काम गर्ने, झुत्रेझाम्रे भएर, दैनिक ज्यालादारीले लगाउने जस्तो लुगा लगाएर आफूलाई प्रस्तुत गर्नुहुँदैन। उच्च तथा पवित्र थोकहरूलाई त्यस्ता पास्टरले आफ्नो उदाहरणद्वारा साधारण स्तरमा झार्दछन्। यस खालका पास्टरहरूको प्रभावलाई परमेश्वरले मन पराउनुहुन्न। -सेलेक्टेड मेसेजेज ३:२५१।

धर्म वा सेवाको नाउँमा आफ्नो शरीरलाई वेवास्ता गर्नेले नम्रता देखाएको हुँदैन न त्यसले स्वर्गको स्वाद दिलाउँछ- स्वइच्छाले आफ्नो शरीरलाई दु:ख दिएर, धर्म र उपासनाको नाउँमा आफ्नो स्वास्थ्यको ख्याल नगर्ने व्यक्ति परमेश्वरको नजरमा नम्रता देखाएको हुँदैन। तर परमेश्वरले मानिसमा हुनुपर्ने नम्रता यो हो: आफ्नो रहनसहन, जीवनशैली र कामहरू आफूले प्रचार गरेको परमेश्वरको सत्यसँग तालमेल भएको हुन्छ। हाम्रो प्रत्येक ठिक, उपयुक्त र

उपयोगीमूलक कामसँग मिलेको र व्यवहारले हाम्रो पवित्र धर्म कस्तो छ भनेर अरूहरूले मूल्याङ्कन गर्दछन्। हामीले लगाउने लुगा नै अविश्वासीहरूको बीचमा सत्यको बारेमा प्रतिबिम्बित गरिरहेको हुन्छ। हामीले लगाएको लुगा आफैले पनि प्रवचन गरिरहेको हुन्छ। -सेलेक्टेड मेसेजेज् ३:२५१।

भद्रता र शिष्ट व्यवहार र शान्तभएर अरूहरूको मर्यादा राख्ने मिजासमा रुचि बढाउनु- पुलपिटमा उभिँदा लगाउने लुगाले, उनको मनस्थिति, उनको बोल्ने शैली र वानी व्यहोराबाट श्रोतावर्ग मन पराउँछन् कि पराउँदैनन् भन्ने कुरामा पास्टर सजग रहनुपर्दछ। पास्टरले शिष्ट र भद्र हुने बानी बसाल्नुपर्दछ। उनको व्यवहारमा मिठासपना हुनुपर्दछ। आफू उच्च बोलावटको जिम्मेवारी बोकेको हुनाले आफ्नो मर्यादालाई शान्तसँग पालन गर्न सक्नुपर्दछ। नम्रतासँग गम्भीर र ईश्वरीय अधिकार मिसाउनुपर्दछ। आफ्नो नितिमा अडिग भएको स्वभाव देखाउने खालको पास्टर हुनुपर्दछ। दैनिक जीवनमा खस्रो, रुखो, झोक्की र अभद्र व्यवहारलाई पोशाउन दिनुहुन्न। विशेष गरेर मानिसहरूको बीचमा रहँदा र परमेश्वरको सेवामा लाग्दा येशूलाई प्रतिबिम्बित नगर्ने मिजासलाई पास्टरले आउन दिनुहुन्न। पास्टरको मनस्थिति वा दिमागको बानी उनले घोषणा गरेको पवित्र सत्यहरूको तालमेलमा हुनुपर्दछ। पास्टरले बोल्ने बोलीमा इमान्दारिता झल्काउनुपर्दछ र के बोल्ने हो सो होशियारसाथ सोचेरमात्र बोल्नुपर्दछ। गस्पल वर्कर्स, १७२।

परिवारको रहनसहन

लुगालाई मूर्ति जस्तो बनाउनु हुँदैन, अर्थात् आफूलाई मूर्तिलाई सजाउने जस्तो महँगो र आकर्षित लुगा लगाउनु हुँदैन। परमेश्वरलाई सुन्दर चरित्रको आवश्यकता छ। सांसारिक फेशनको स्टाइलहरूको नकल गर्नु

आवश्यकता छैन- सत्यलाई मान्ने हाम्रा कतिपय दिदीबहिनीहरूले मानिसहरूलाई आकर्षित गर्न अनेकौँ फेशनको नकल गरेर लुगा लगाउँछन्, तर पास्टर र सुसमाचार सेवकहरूका श्रीमतीहरूले उपयुक्त र सरल वस्त्र लगाएर उदाहरण भएर देखाउनु पर्दछ। तिनीहरूले आफ्ना छोराछोरीहरूलाई परमेश्वरले अनुमोदन गर्नुभएको अनुसार लुगा लगाइ दिनुपर्दछ। जब तिनीहरू चर्चमा आउँछन् तब तिनीहरूको पहिरणले सरलता, साधारण र तिनीहरूलाई सुहाँउदो लुगाहरू लगाएर चर्चमा प्रस्तुत गर्नुपर्छ। मानिसहरूलाई आकर्षित गर्न आधुनिक युगमा अङ्गहरू देखाउने खालका फेसन वा लुगाहरू लगाउन समय बिताउनु भन्दा सुन्दर र मिजासिलो चरित्रहरू कसरी निर्माण गर्ने र प्रभुको बाटोमा कसरी हिँड्ने भन्ने ज्ञान आफ्ना छोराछोरीहरूलाई दिन समय बिताउनु पर्दछ। सदोमका मानिसहरू त्यस्तै अङ्ग प्रदर्शन गरेर वस्त्रहरू लगाउँदा तिनीहरू भ्रष्ट भएका थिए। सदोमको नकल गर्नु जरुरी छैन। -टेस्टिमोनिज अन द केस अभ एल्डर इ.पी. दानिएल, १५ (पिएच ९६)।

लाउने लुगा सरल, सफा, देखावटी नभएको, सजिलो र असल कपडाको हुनुपर्दछ- हाम्रा पास्टरहरू र तिनीहरूका श्रीमतीहरूले साधारण र सरल लुगा लगाउनेमा उदाहरण बन्नु पर्दछ। तिनीहरूले सफा, असल कपडाको, आफूहरूलाई सुहाउँदो र सजिलो लुगा लगाउनुपर्दछ। तिनीहरूले आधुनिक प्रतिस्पर्धामूलक फेशनले निकालेका तडकभडक देखाउने अनेकौँ बुट्टेदार र अङ्ग देखाएर मानिसहरूलाई लालायीत गर्ने जस्ता र महँगो लुगा लगाउनुहुँदैन। यस्तो लुगा तिनीहरूकै बेफाइदाको निम्ति हुन्छ। हाम्रा युवायुवतीहरूलाई सरल, सफा लुगा लगाउन सिकाउनुपर्दछ। अलिकति सस्तो नै भएतापनि अङ्ग प्रदर्शन गर्ने र मानिसहरूको आँखालाई आकर्षित गर्ने जस्ता लुगाहरू तिनीहरूले नलगाओस्। -टेस्टिमोनिज टु मिनिस्टर्स एण्ड गस्पल वर्कर्स, १८०।

सर्वसाधारणको अगाडि आफूलाई सुहाउँदो लुगा लगाउन पैसा छैन

भन्ने जस्तो आभास दिनुहुन्न- बहिनी फानी, तिमी जहाँ गएतापनि, जहाँ रहेतापनि तिम्रो लगाउने लुगाको रङ्ग, दाम र स्थान अनुसारको सुहाउँदो लुगा लगाउनुपर्दछ। तिम्रो उमेर र विश्वासलाई झल्काउने खालको लुगा लगाउनुपर्दछ। तिमीलाई याद छ, जब एल्डर ओल्सन प्रेस्टनमा जाँदा सुहाउँदो लुगा लगाएको थिएनौ र असल लुगा लगाउन पैसा छैन भन्ने आभास दिएका थियौ। मैले जुन वचनहरू बोलें, तिमीले मलाई नबुझेको जस्तो लाग्छ। मेरो कुरा सुन्नु। तिम्रो असल स्वास्थ्यको निम्ति भित्री लुगाहरू सजिलो र न्यानो खालको हुनुपर्दछ। तर तिमीले लगाउने लुगाको स्टाइलप्रति म दु:खित छु। त्यसलाई म अनुमोदन गर्न सक्दिनँ। जब तिमी ठूलो समूहको अगाडि मञ्चमा गएर उभियौ तिमीले लगाउको लुगा हल्का तर भद्दा देखिएको थियो। यसले मलाई दु:खित बनायो। त्यस अवसरको निम्ति त्यो लुगा उपयुक्त थिएन। तिमीले लगाउने लुगाको मामिलामा पहिलोभन्दा तिमी सुधारिएका छौ। म आशा गर्छु कि तिमीले कस्तो लुगा लगाउनुपर्छ भनेर फेशन डिजाइनरसँग त्यस्तो सरल्लाह नलिनुस्। तर तिमीलाई खुशी पार्न र चिप्लो घस्नेसँग होइन तिम्रो हित खोज्नेसँग लुगा लगाउने बारेमा सररसल्लाह लिनु। विश्वासी र अविश्वासीहरूका दिमागहरूमा तिमीले लाउने लुगाबाट राम्रो प्रभाव परोस् भनेर सल्लाह लिएर लुगा लगाउने बानी बसाल। परमेश्वरको आत्मज्ञान भएको दावी गर्ने र बालबालिकाहरूलाई सिकाउने जिम्मेवारी लिएका हामीले हाम्रो लुगा एकदम सरल, सफा र सुहाउँदो हुनुपर्दछ। यस भ्रष्ट संसारमा दिन दिनै नयाँ नयाँ फेशनहरूले मानिसहरूलाई आकर्षित गर्ने जस्तो लुगाहरू लगाएर आफूलाई स्यावास दिनु आवश्यक छैन। बाइबलमा देखाएको अनुसार उचित बोलीबचन र रहनसहनले मानिसहरूलाई उच्च स्तरमा ल्याउन सकिन्छ। मकहाँ आएर कस्तो लुगा लगाउनुपर्छ भनेर नसोध्नु। परमेश्वरको आत्माले सजिएका हाम्रा दिदीबहिनीहरूमा उहाँका नीतिहरूले चलेका हुन्छन्। तिनीहरूसँग, पास्टरका श्रीमती र बाइबल सिकाउनेहरूसँग गएर सरसल्लाह लिनु। तिमीलाई राम्रै सल्लाह दिन तिनीहरू सक्षम् छन्। तिमीले लगाउने

लुगा असल र हतपत नच्यातिने कपडाको हुनुपर्दछ र त्यस लुगाको रङ्ग तिमीलाई सुहाउँदो हुनुपर्दछ। कुनै गहना गुरियाले सजाएर होइन सरल लुगा लगाउने बानी तिमीले बसाल्नुपर्दछ। तिमीले लाउने लुगा तिमीलाइ सुहाउने खालको हुनु आवश्यक छ भन्न म चाहन्छु। -लेटरस् ८,१८०४।

अध्याय ११
व्यक्तिगत आर्थिक व्यवस्थापन

जो मानिसहरू आर्थिक मामिला सम्हाल्न सक्दैन वा व्यवस्थापनमा योग्य हुँदैन, ती मानिसहरू पास्टर हुन सुहाँउदैन- पैसालाई कुनै पनि तवरले सम्हाल्न सक्दिनँ भन्ने बहाना कसैमा हुनुहुँदैन। यदी कुनै मानिसको बारेमा यसो भन्छ, उनी दयालु, मिलनसार, उदार र असल इसाई हुन् तर पैसाको मामिला वा आर्थिक व्यवस्थापनमा उनी योग्य छैन। यस सन्दर्भमा पैसाको मामिलामा उनी केवल बालकमात्र छन्। आफ्ना बाबुआमाबाट स्वाबलम्बीका नीति र व्यवहार हुन उनले सिकेका छैनन्। यस खालका मानिस पाष्टर हुन ठिक छैन। -द युथस् इन्सट्रक्टर, फेब्रूअरू ७, १९०१।

परमेश्वरको काममा पूरै खटाइएको पास्टरले आफ्नो काममा बाधा आउने कुनै पनि व्यापार तथा बित्तिय संस्थामा संलघ्न हुनुहुँदैन- परमेश्वरले बोलाउनुभएको काममा खट्न पाष्टरको सबै शक्ति र स्रोतहरूको आवश्यकता छ। उनमा भएका उत्तम शक्तिहरू परमेश्वरको हो। उनको महान् कामलाई पन्छाउने काममा उनी कहिल्यै पनि संलघ्न हुनुहुँदैन। कुनै व्यापार र वित्तिय संस्थामा उनले हात हाल्नुहुँदैन। पावलले जिकिर गर्दछन्, "सेनामा भर्ना भएको सिपाही अरू धन्धामा अल्झँदैन, किनकि उसलाई भर्ना गर्नेलाई सन्तुष्ट पार्नु नै उसको लक्ष्य हुन्छ।" २ तिमोथी २:४। यसरी प्रभुको सेवा गर्ने खटिएको पाष्टरले कुनै पनि बिचलित नभएर परमेश्वरमा पूरै समर्पित हुनुपर्दछ। जो पाष्टर परमेश्वरको निम्ति पूरै अर्पित भएको छ उनले अरू कुनै आर्थिक मामिलामा हात राख्नुहुन्न नत्र भने उनको बोलावटलाई बाधा आउँछ। यस संसारको मान, कदर र धनसम्पत्तिको लागि उनी प्रयेग गरिरहेको हुँदैन; उनको एउटा लक्ष्य हो, अरूहरूलाई मुक्तिदाताको बारेमा सुनाउनु, जसले मानव प्राणीले अनन्त जीवनको सम्पत्ति पाउनु भनेर आफ्नो ज्यान दिनुभएको

थियो। उनको सर्वोच्च चाहना भनेको यस संसारमा धनसम्पत्ति थुपार्ने होइन, तर परमेश्वरप्रति वास्ता नगर्ने र अनन्त जीवनको वास्तविकताबाट अलग हुन चाहनेहरूलाई उहाँतिर ध्यान फर्काउनु हो। यस संसारमा धेरै फाइदा आउने काममा उनलाई संलघ्न गराउन विभिन्न आर्थिक धन्धामा उनलाई बोलाउलान्, तर यस किसिमको लालचलाई उनले यसरी जवाफ दिनुपर्दछ, "मानिसले सारा जगत् हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ? " मर्कूस ८:३६-३७। - द आक्टस् अभ आपोस्टल्स, ३६५,३६६।

परमेश्वरको काममा जोश र जाँगर नघटाइ पास्टरले अर्को कुनै आर्थिक मामिलामा हात हाल्न सक्दैन- हाम्रो जीवनको गलत बानीहरूले गर्दा हाम्रो मानसिक र शारीरिक संवेदनशीलतालाई कमजोर पारिरहेको छ। परमेश्वरको काममा खट्न सकेसम्म सबै बललाई सञ्चय गर्दै, उचित र ठिक जीवनशैलीमा ढाल्दै स्वस्थ असल जीवन र बिना हस्तक्षेप हामी अघि बढ्नुपर्दछ। परमेश्वरले हामीलाई खटाउनुभएको काममा संलघ्न हुने कोही कमजोरी, लोभी र व्यापारी मामिलामा हात हाल्ने आत्मिक अपाङ्ग भएका मानिसहरूसँग हामी हातेमालो गर्न सक्दैनौँ। हामीसँग भएको सबै बल, बुद्धि, जोश र जाँगर परमेश्वरको काममा अहिले आवश्यक छ। परमेश्वरको काममा पाष्टरले आफ्नो सबै स्रोतहरू परिचालन गर्नु आवश्यक छ। त्यस महान् कामभन्दा बाहिर पाष्टरले अलग पैसा आर्जन गर्ने काममा संलघ्न गरेर उनको समय, दिमाग र शरीरलाई परिचालन गर्नुहुन्न। त्यसो गर्दा उनको जोश र परिश्रमलाई कमजोर बनाउँछ। यस्ता खालका पाष्टरहरूमा प्रार्थना र ध्यानमग्न हुन फुर्सद हुदैन। अरुलाइ सहायता दिन तत्पर हुने पाष्टर आफ्नो बल र दिमागको प्रयोग गर्न स्पष्टतामा हरदम तयार हुनुपर्छ भन्ने कुरा बुझ्नु पर्दछ। पावलले भन्दछन्, "वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक।" २ तिमोथी ४:२। पावलले तिमोथीलाई यो अर्ति दिन्छन्, "यी कर्तव्यहरू पालन गर। तिनीहरूमा नै लागिबस वा ध्यान देऊ, ताकि तिम्रो

प्रगति सबैले देखून्। आफ्नो विषयमा र आफ्नो शिक्षाको विषयमा होशियार बस। यी कुरामा लागिरह। यसो गर्नाले तिमीले आफैलाई र सुन्नेहरूलाई समेत बचाउनेछौ।" १ तिमोथी ४:१५-१६ रूपान्तरित। -टेस्टिमोनिज फर द चर्चा १:४७०।

पास्टरले आफ्नो हैशियतभन्दा अरूहरूलाई अनुमान गराउने धेरै धनसम्पत्ति थुपार्नुहुन्न- चन्दा वा डोनेशन मागेर वा कहाँकहाँबाट पैसा ल्याएर यस्तो धनी भयो भन्ने प्रभावमा तपाईँ पर्नुभएको म चाहन्न। चर्चको नाउँमा पैसा उठाएर आफ्नो बैंकमा पैसा थुपार्नेहरूसँग तपाईँ मिलोमत्तो गर्नुहुन्न। परमेश्वरको काममा अटल हुने र अडिग हुने योद्धाहरूसँग संसारको धनसम्पत्ति एकदम थोरै हुने सम्भावना छ। धेरै थोरै तिनीहरूसँग भएको सम्पत्ति तिनीहरूको मेहनत, लगनशील, इमान्दार र आर्थिक मामिलामा धेरै होशियार गरेर जम्मा गरेका हुन्। तिनीहरू आफ्नो आर्थिक कारोबारमा पारदर्शी भएकोले उनमाथि कसैले शङ्का गर्ने ठाउँ हुँदैन। जो मानिस परमेश्वरको निम्ति परिश्रम गर्छन् र तिनीहरूले पाउनु पर्ने उचित तलब पाउँछन् भने तिनीहरूले आफ्नो आयमा हिफाजत गर्नुपर्छ। तिनीहरूलाई झुत्रे झाम्रे, विपन्न वर्गमा वा ऋणमा पार्न दिनुहुन्न। -टेस्टिमोनिज अन द केस अभ एल्डर इ. पी. दानिएल, ३६ (पीएच ९६)।

चर्चका सदस्यहरूलाई धन कमाउन अनेकौं लोभ्याउने योजना फसाउन दिनुहुन्न- आर्थिक लाभको निम्ति जुन काममा तपाईँ संलग्न हुनुभएको त्यो पाप हो भनेर परमेश्वरले मलाई देखाउनुभएको थियो। तपाईँ परमेश्वरको पुरा समय पाष्टर भएर पनि खानी र घरजग्गाको दलालीमा फस्नुभएको छ तपाईँका चर्चका सदस्यहरूलाई पनि तपाईँको धन्धाहरूमा तानीहरहनुभएको छ। तिनीहरूले तपाईँको योजनामा लगानी गऱ्यो भने धेरै फाइदा हुनेछ भनेर मानिसहरूलाई उक्साइरहनुभएको छ। तपाईँको आफ्नो निजि उद्योगमा तिनीहरूले लगानी गरे तिनीहरूले तेब्बर फाइदा पाउनेछन् भनेर तपाईँले बताइरहनुभएको छ। तिनीहरूले पैसा धेरै कमाए परमेश्वरको काममा

सहयोग हुनेछ भनेर पनि तपाईँले उक्साइरहनुभएको छ। यो सुनौला मौका हो र तिनीहरूले गुमाउनुहुन्न भनेर पनि तपाईँले बताइरहनुभएको छ। फेरि तिनीहरूलाई परमेश्वरको काममा पनि संलग्न हुनुपर्छ भनेर पनि बताइरहनु भएको छ। तपाईँको व्यापारी कलाले धेरै मानिसहरूलाई तपाईँले फसाइरहनुभएको छ। त्यसमा कतिले त आफ्नो पैसा पनि गुमाउनुपरिरहेको छ जुन परमेश्वरको काममा लगानी गर्न सकिन्थ्यो। - टेस्टिमोनिज अन द केस अभ एल्डर इ. पी. दानिएल, ७१ (पीएच ९६)।

सुसमाचार प्रचार गर्न निहुँमा तपाईँलाई फाइदा हुने तपाईँको उत्पादनको विज्ञापन नगर्नुहोस्- वर्तमान समयसापेक्षित सत्यलाई विश्वास गर्छु भन्ने कतिपय मानिसहरूले आफ्नो प्रवचन प्रस्तुत गर्ने श्रृङ्खलाहरूमा आफ्ना उत्पादनहरूको विज्ञापन गर्दछन्, त्यसले गर्दा मानिसहरूको दिमाग तिनीहरूले सुनेको परमेश्वरको वचनमाभन्दा ती उत्पादनमा ध्यान दिन्छन्। यदि त्यसबखत येशू संसारमा हुनुभएको भए ती बेचविखन गर्ने मानिसहरू चाहे पाष्टरहरू हुन् वा सर्वसाधारण विश्वासीहरू हुन् उहाँले तिनीहरूलाई लट्ठीले हान्दै हपारेर पठाउनुहुने थियो जसरी उहाँले मन्दिरमा गर्नुभएको थियो। "येशू परमेश्वरको मन्दिरमा प्रवेश गर्नुभयो। अनि उहाँले मन्दिरमा किनबेच गर्ने सबैलाई धपाउनुभयो, र पैसा साट्नेहरूका टेबिल, र परेवा बेच्नेहरूका आसन पल्टाइदिनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "यो लेखिएको छ, 'मेरो घर प्रार्थनाको घर कहलाइनेछ।' तर तिमीहरूले यसलाई डाँकूहरूका अड्डा बनाएका छौ।" मत्ती २१:१२-१३। मन्दिरमा व्यापार गर्ने साहुहरूले यो बहाना बनाएर सामानहरू नफ्याँक्नुहोस् किनभने यो बलिको निम्ति हो भनेर येशूलाई अनुरोध गर्न सक्थे। तर तिनीहरूको लक्ष्य नै आफ्नो फाइदाको निम्ति थियो र प्रायजसो त्यसबाट धेरै धन कमाउने तिनीहरूको उद्धेश्य हुन्थ्यो। - टेस्टिमोनिज फर द चर्च १:४७१।

आफ्नो निम्ति एक रुपैयाँ पनि परमेश्वरको ढुकुटीबाट लिनु उहाँको पैसाको दुरुपयोग र अपवित्र पारिरहेको हुन्छ- जब परमेश्वरको

सुसमाचार प्रचार गर्ने काममा उहाँको ढुकुटीमा पैसा जम्मा गरिन्छ तब बाइबल अनुसार त्यो पैसा परमेश्वरको निम्ति छुट्याइएको ठहर्छ। त्यो पैसा हाम्रो हुँदैन। यो पैसा परमेश्वरको हो र पवित्र भनेर हामी ठान्नुपर्दछ। परमेश्वरको ढुकुटीबाट पैसा लिएर आफ्नो र सांसारिक कामको निम्ति प्रयोजन गर्नु उहाँको धनको दुरुपयोग गरिरहेको हुन्छ र त्यसलाई अपवित्र बनाइन्छ। यो क्रियाकलाप भइरहेकाछन् र कतिपय पाष्टरहरूले परमेश्वरलाई अलग गरिएको चर्चको ढुकुटीबाट पैसा लिएर आफ्नो व्यक्तिगत काममा प्रयोग गरिरहेकाछन्। यस मामिलामा पाष्टरहरू स्पष्ट हुनुपर्दछ। परमेश्वरको पैसासँग खेलाँची गर्नुहुदैन। त्यो पैसा धार्मिक प्रयोजनको निम्ति हो। आफ्नो व्यक्तिगत फाइदाको निम्ति प्रयोग गर्न कुनै पनि पाष्टरको अधिकार छैन। फेरि परमेश्वरको ढुकुटीबाट पैसा सापटी लिएर पछि तिर्छु भनेर आफ्नो दिमागलाई साम्य पार्नुपनि हुँदैन। तपाईँको खर्च गर्ने काममा कटौटी गर्नु, तपाईँको चाहनामा मितव्ययिता अपानाउनु र आफ्नो हैशियत अनुसार जिउनु तपाईँको निम्ति उत्तम हुनेछ। तर आफ्नो व्यक्तिगत कार्यको निम्ति पवित्र ढुकुटीबाट पैसा लिएर चलाउनु मनासिव हुँदैन। कतिपय पाष्टरहरूले यस मामिलामा गम्भिर ध्यान दिएको देखिँदैन। आफ्नो अस्थाइ खर्चको निम्ति परमेश्वरको ढुकुटीबाट कुनै हालतमा र कुनै वहानामा पैसा लिनुहुन्न। जुन प्रयोगको निम्ति त्यो पैसा राखिएको हो त्यही प्रयोगको निम्ति खर्च गर्नुपर्दछ। -द रिभ्यु एण्ड हेराल्ड, मे २३, १८९३।

जब तपाईँको काम सकिन्छ तब तपाईँले इनाम पाउनुहुनेछ- परमेश्वरको विश्वासी र भरपर्दो गोठालाले आफ्नो सुख र सुविधालाई ध्यान दिँदैन तर आफ्नो बगालको निम्ति परिश्रम गर्दछन्। त्यस महान् काममा आफूलाई बिर्सन्छन्; हराएका भेँडालाई खोजनिति गर्ने काममा उनले आफू थकित, पेलान, कमजोर, जाडो र भोकाएको महसुस गर्दैनन्। उनको नजरमा एउटा कुरो हुन्छ; हराएको र बरालिएको भेँडालाई खोज्नु, त्यो आफ्नै ज्यानलाई बाजिराखेर किन नहुन्। उनले परिश्रममा आफ्नो तलबको ख्याल गर्दैन न त आफ्नो तलब थोरै छ भन्दैमा आफ्नो कर्तव्यबाट उनी बिचलित

हुन्छ। स्वर्गको सर्वोच्च शासकबाट उनलाई काम गर्न खटाइएको छ। जब उनमाथि राखिएको जिम्मेवारी इमान्दारसँग पूरा गर्छन् भने त्यसको इनाम उनले पाउनेछन् भनेर उनले अपेक्षा गर्न राख्नुपर्दछ। -टेस्टिमोनिज फर द चर्च २:३४१।

अध्याय १२
व्यक्तिगत स्वास्थ्य

तनाव

परमेश्वरको निम्ति सेवाकार्य गर्दा थकान र पेलान हुन्छ- यदि कोही पास्टर आफ्नो फुर्सदमा आफ्नो खेतबारी वा बगैँचमा काम गर्छ भने के उनको तलब घटाउनु पर्दछ र? अहँ, कहिल्यै पनि घटाउनुहुन्न। उनले सेवाकार्यमा परिश्रम गर्दा जसरी उनको तलब घटाउनुहुँदैन त्यसरी नै उनको फुर्सदको बेलामा आफ्नो खेतबारी वा बगैँचामा काम गर्दा उनको तलब घटाउनु हुँदैन। कतिपय पास्टरहरू घन्टौँसम्म आराम लिन्छन्, यो मनासिव हो कि तिनीहरू जतिसक्यो त्यति धेरै आराम लिनुपर्दछ। यदि फुर्सदै नहुँदै वा आराम गर्न समय नै नपाएर काम गऱ्यो भने शरीरलाई धेरै भार हुन्छ र सहनै नसक्ने गरेर तनाव दिन्छ। त्यसबाट राहत दिन पास्टरलाई फुर्सद र आराम चाहिन्छ। कतिपय समयमा पास्टरले घन्टौँसम्म चेपिएर काम गर्नुपर्दछ। कतिपय समयमा दिन रात नभनि उनले काम गर्नुपर्दछ त्यसको निम्ति उनले ओभरटाइम तलब पाउँदैन। यदि उनले धेरै घन्टा बिताएर रूखहरू काट्नु परे वा खेतबारी र बगैँचामा काम गर्नुपरेमा त्यो उनको निम्ति ससमाचार प्रचार गर्न पाउनु जस्तै उनले पाउने अवसर हो। पास्टर जहिले पनि प्रचार गर्न र मानिसहरूसँग भेटघाटमा व्यस्त हुन सक्दैन। प्रचार गर्ने र मानिसहरूसँग भेटघाट गर्ने काम पास्टरको निम्ति ठूलो धपेडी र थकाउने काम हो। -इभान्जलिजम, ६६०।

मानसिक तनावको निम्ति विश्राम लिनु नै औषधी हुनसक्छ- तपाईं पास्टर भएको हैशियतले होशियार अपनाएर परिश्रम गर्नुपर्दछ र

बराबर आराम गर्नुपर्दछ। त्यसो गर्दा तपाईँमा भएको शारीरिक र मानसिक जोश जाँगर रहिरन्छ र तपाईँले गर्ने काममा झन क्षमता बढ्नेछ। भाइ एफ. तपाईँ तनावपूर्ण हुनुहुन्छ, हडबडमा काम गर्नुहुन्छ र धेरै पल्ट आवेशमा चल्नुहुन्छ। तपाईँको दिमागमा भएको तनावले तपाईँको काममा धेरै प्रभाव पार्दछ। कतिपय समयमा तपाईँ आफ्नो कामबाट स्वतन्त्र भएको वा छिटै अवकाश पाएपनि हुन्छ भनेर सोच्नुहुन्छ। तपाईँमा भएको जिम्मेवारीले अरू अन्धकारमा रहेका र गलत वा त्यस्तै काममा लागिरहेका मानिसहरूलाई कसरी सम्झाउने, बुझाउने भन्ने पेलानमा हुनुहुन्छ र कहिलेकाहीँ तिनीहरूलाई सम्झाउ जाँदा फाइदाभन्दा धेरै नोक्सान हुन सक्छ । यस्तो अवस्थामा तपाईँ आफूलाई शान्त राख्नुहोस्। वेचैन र तनावको अवस्थाबाट राहत पार्न आराम लिनुहोस्। चुपचाप परमेश्वरको उपस्थितिको अनुभव गर्नुहोस् र उहाँलाई सोध्नुहोस् कि तपाईँमा भएको अरूप्रतिको चिन्ताफिक्री आफैमा त छैन। यदि तपाईँले आफ्नो चिन्ताफिक्री, बोझ र तनाव परमेश्वरमा थुपार्नुभयो भने तपाईँको आफ्नै आत्माले राहत पाउँछ र परमेश्वरको बहमूल्य काममा हानी हुँदैन। -टेस्टिमोनिज फर द चर्च १:६२२।

परमेश्वरको निम्ति बढि बोझ लिएर बढि काम गर्दा बिरामी हुने पास्टरहरूको हेरबिचारको निम्ति बन्दोबस्त गर्नुपर्छ- कतिपय पास्टर र सुसमाचार प्रचारक वा मिशनमा खटेर काम गर्दा बिरामी हुन्छन्। तिनीहरूलाई ज्यादा कामले ढलाउन सक्छ र बिरामी हुनसक्छन। तिनीहरू ताजा हुन विश्राम चाहिन्छ र तिनीहरूले शरीरलाई पुनर्जीवित गर्नुपर्दछ। हुनसक्छ तिनीहरूको उमेर वा कमजोर स्वास्थले गर्दा काम गर्न नसक्ने हुन्छन। कतिपय समयमा पास्टरहरू जोखिमपूर्ण काममा खटाइएको हुन्छन। तिनीहरूलाई थाहा छ कि ती कामहरूले तिनीहरूको स्वास्थलाई असर पार्दछ; तर आफ्नो ज्यानको ख्याल नराखि अरूहरूलाई सहयोग गर्न र आशिष दिन जुनसुकै जोखिम ठाउँमा जान तयार हुन्छन्। अनि केही समयपछि तिनीहरूको स्वास्थ्य

कमजोर भएको तिनीहरूले महसुस गर्न पुगेका हुन्छन्। तिनीहरूको निम्ति सुहाउँदो मौसम भएको ठाउँमा खटाउन सकिन्छ वा फरक काम दिन सकिन्छ, जसले गर्दा तिनीहरूलाई राहत मिल्दछ; अनि तिनीहरूले के गर्न सक्छन् त्यसमा तिनीहरू लाग्न सक्छन, होइन र? गस्पल वर्कर्स, ४२६।

ब्यायाम

व्यायामले शरीरलाई पुननिर्माण गर्दछ र पास्टरको परिश्रममा झन फुर्ति दिन सम्भब बनाउँछ- पूरा शरीरलाई ताजा बनाउन र स्फुर्ति दिलाउन खुला हावामा व्यायाम गर्नु आवश्यक छ। दिनको केही घन्टा खेतबारी वा बगैंचामा काम गर्दा शरिरलाई ताजा बनाउँछ, आराम दिन्छ र दिमागलाई ठन्डा बनाउँछ। यस्तो बानी बसालियो भने साधारण स्वास्थ्यलाई बलियो पार्दछ र त्यसको फलस्वरूप पास्टरले झन लगनशील भएर आफ्नो काम गर्न सक्दछ। खाली पढिनै रहने र लेखिनै रहन बानीले गर्दा कतिपय पास्टरहरू पास्टरीय काममा अयोग्य बनाइदिन्छ। - काउन्सिल अ हेल्थ, १९३।

घरमा सघाउने वा शारीरिक क्रियाकलापमा संलघ्न हुनु आफ्नो मर्यादा र इज्जतमा धक्का लाग्छ भनेर कुनै पनि पास्टरले कहिल्यै पनि सोच्नुहुन- मेरो भाइ बहिनी म तिमीलाई स्पष्टरूपमा भन्न चाहन्छु। तिमीलाइ सिकाउन म यो भन्दा बेसी गर्न सक्दिनँ। तपाईंको काम धन्धामा वेवास्ता गर्नुभन्दा घरायसी काममा सहयोग गर्नुहोस भनेर म बिन्ति गर्न चाहन्छु। तपाईंको श्रीमानलाई सहयोग गर्नु जसले गर्दा तिमी आफैलाई सहयोग गरिरहेका हुनेछौ। यस मामिलामा वेवास्ता नगर्नु। पास्टरले घरायसी वा हाते काम गर्दा उनको मर्यादामा धक्का पर्छ वा उनको इज्जत विपरित हुन्छ भन्ने तपाइहरुको सोच प्रभुको उदाहरणबिपरित छ। हो, पास्टर आफ्नो काममा गम्भिर हुनुपर्दछ, नम्र,

प्रेमिलो, सहनशील, सदाशयी, धिरज, दयालु, भद्र र शिष्ट हुनुपर्छ। उनले जे गर्दछन् त्यसमा सावधान हुनपर्छ, उनको सोचबिचार उच्च हुनुपर्छ र बोलीचाली र पहिरणमा कसैले दोष दिने ठाउँ राख्नुहुन्न। यो सुसमाचारीय मर्यादा हो। थकित भएर आएका पास्टरलाई घरमा कसैले खानपानमा सहयोग गरोस् भन्ने चाहना उनले गर्छन् भने त्यो ठिकै हो। तर म यो पनि भन्न चाहन्छु कि यदि उनको धेरै अरू काम र बोझहरू छैन भने आफ्नो उदाहरणबाट शारीरिक काममा खटेर र उद्योमी भएर देखाउनु पर्दछ। आफ्नो हातलाई प्रयोग गरेर घरमा सघाउँदा वा शारीरिक क्रियाकलापमा लाग्दा उसको मर्यादालाई घटाउँदैन। जब हात चलाएर उपयोगी परिश्रम उनले गर्छन् भने उनको स्वास्थ्य र जीवन झन असल हुन सक्छ। उनको रक्त संचार झन राम्रो हुनेछ। मानसिक कामलाई पन्छाएर शारीरिक क्रियाकलापमा लागियो भने सारा शरीरिमा रक्त संचार सुचारुरूपले चल्न सक्छ। तिम्रो श्रीमानको दिमागलाई राहत दिन उनले धेरै शारीरिक परिश्रम गर्नु आवश्यक छ। शारीरिक व्यायाम वा काममा लागिरहँदा पाचन प्रणाली राम्रो हुनसक्छ। धेरै घन्टासम्म जाने लामो मिटिङ्गहरूलाई बाधा दिएन भने दिन दिनै केही समय शारीरिक कसरतमा लाग्यो भने उनको निम्ति भलो हुनेछ। शारीरिक कसरत वा शरीरलाई चलाउने धन्धामा लाग्दा उनको पास्टरीय वा अगुवाको मर्यादालाई बाधा बनाउँदैन। उनको त्यो उदाहरण हाम्रो प्रभुको चाहनासँग तालमेल भएको हुन्छ। - टेस्टिमोनिज फर द चर्च २:५६८।

निश्चय पनि शारीरिक परिश्रम आशिषमय छ, तर पास्टरीय काममा नियुक्त गरिएको व्यक्तिले खेतबारी, बगैंचा आदिमामात्र समय बिताउँदा उनबाट अपेक्षा गरिएको कामबाट परमेश्वरलाई लुटिरहेको हुन्छ- भाइ डी. जोशिलो हुनुहुन्छ र काम गर्न जोश देखाउनुहुन्छ। तर उनलाई बोलाइएको कामसँग सम्बधित कामको बोझ लिने उनको आदत छ। भौतिक कुराहरूमामात्र उनको दिमाग र समय उनले दिइरहेका छन्। कतिपय पास्टरहरूले येशूको जीवनको मर्यादा अनुसार चलेका

हुँदैनन्। भौतिक आयको निम्ति मात्र शारीरिक परिश्रममा उनी व्यक्ति हुनुहुन्छ। तर उनको विश्वासको कामबाट अपेक्षा गरेको अनुसार अरू सेवाग्राहीहरूको बोझमा उहाँले हात हाल्न चाहनुहुन्न। त्यस मामिलामा उनले ध्यान दिनु जरुरी छ। कोही सेवाग्राहीहरू अस्पतालमा परेका हुन्छन् र कतिलाई स्याहार गरेर राहत दिन सकिन्छ। बिरामीहरूलाई कसरत गर्न लगाउँदा तिनीहरूलाई फाइदा भएको हुन्छ। अरूहरूलाई सहायता गरेर आफूलाई नै भलो हुन सक्छ। तर कतिपय मानिसहरू सबैको दास भएर अस्थायी भौतिक कुरामा मात्र परिश्रम गरिरहेका हुन्छन् तर खास गरेर परमेश्वरले कुन सेवामा तिनीहरूलाई नियुक्त गरिएको हो त्यसमा तिनीहरूले वास्ता गरेका हुँदैनन्। त्यसले गर्दा तिनीहरूले परमेश्वरको काम लापर्वाही र उहाँलाई लुटिरहेको हुन्छ। सानोतिनो कुराहरूले तिनीहरूको अमूल्य समय लगाइरहेको हुन्छ जब तिनीहरूले परमेश्वरको चाहनामा तिनीहरूले समय बिताउनुपर्दथ्यो। - टेस्टिमोनिज फर द चर्च २:६४३।

खुराक तथा खानपिन

खाना त धेरै खाने तर कम व्यायाम गर्दा मानसिक र नैतिका शक्तिलाई कमजोर बनाउँछ- हाम्रा कतिपय पास्टरहरूले मज्जा रमाइला मानेर पेटभरी खान्छन् तर शरीरबाट फ्याँक्नुपर्ने तत्वहरूलाई फ्याँक्न पर्याप्त मात्रामा व्यायाम गर्दैनन्। तिनीहरू टन्न खान्छन् अनि बस्छन्, पढ्छन्, अध्ययन गर्छन् वा लेख्छन्, जब तिनीहरूले नियमित रूपमा शारीरिक परिश्रम गरेर आफ्नो शरीरलाई संन्तुलनमा राख्दैनन्। जस्तो सुकै स्वस्थ खाना भएतापनि हाम्रा पास्टर र प्रचारक अगुवाहरूले ठूलो भाग खाएर पेटले धान्नै नसक्ने गरेर चाहिनेभन्दा बेसी खाना घुसाउनु हुन्न। त्यसो गर्ने बानीले शरीरलाई जोखिममा पार्ने निश्चय छ। कोही कोही भाइबहिनीले त्यसो गरेको मैले देखेको छु। तपाईंहरूको शरीर जोखिममा छ भनेर म तपाईंहरूलाई भन्न

चाहन्छु। चाहिनेभन्दा बढि खाना खाँदा सोच बिचार र मुखमा आउने बोलिहरूको स्वतन्त्र प्रवाहलाई बिगारी दिन्छ। हल्का खानाले दिमागलाई स्वच्छ राख्दछ र श्रोताहरूलाई सुनाउनुपर्ने सत्यलाई सजिलैसँग दिमाग र हृदयबाट प्रवाह गर्न सक्छ। स्वादको दास भएर चाहिनेभन्दा धेरै तन्न खाने बानीले दिमागलाई बादलहरू छाइदिन्छ र सिक्रीहरूले बाँधिदिन्छन् र आत्मको पवित्र भावनाहरूलाई खिया लगाइदिन्छ। हाम्रा कतिपय पास्टर र प्रचारकहरू असंयम खाना र कम शारीरिक कसरतले कमजोर बनाइरहेका छन्। धेरै खाना खानेहरूले आफ्नो भोकलाई मालिक बनाउनुहुन्न र संयम अपनाउने बानी बसाल्नुपर्दछ। शरीरका सक्रिय मांसपेशीहरू र नदविएका मगजहरूका आशिषहरूलाई हाम्रा पास्टरहरूले थामी राख्नुपर्छ। चाहिनेभन्दा बढि खानाले त्यसलाई पचाउन पेटले अरू अङ्गहरूका शक्तिलाई तान्नुपर्ने बनाउँछ, जसले गर्दा सारा शरीरनै अल्छि बनाउँछ। - टेस्टिमोनिज फर द चर्च ३:३१०।

माछा मासुको सट्टा फलफूल र स्वस्थ अन्नका दानाहरू ठिक मात्रामा खाने गर्नुपर्छ- स्वादले गर्दा हाम्रा खानपिनमा स्वस्थ खाना नलिकन जथाभावी खाने बानीले परमेश्वरका सन्देशवाहक भएको हैशियतले कस्तो गवाही हामीले दिइरहेकाछौँ? परमेश्वरका सुसमाचार सुनाउने सेवकहरू भनेर दावी गर्नेहरूले र मरणशील मानिसलाई दिएको सत्यले सम्पन्न भएको व्यक्तिले के आफ्नो पेटलाई फोहरमैला र ढलको थुप्रो बनाउने? परमेश्वरले प्रशस्त मात्रामा फलफूल र अन्नहरू उपलब्ध गराउन भएको छ। तिनीहरूलाई स्वस्थ तरिकाले तयार पारेर उचित परिणाममा खानुपर्दछ। तैपनि पास्टहरले मासु नै निरन्तररूपमा खान किन रुचाउँछन्? यथार्थमा भन्ने हो भने भान्सामा मासुका परिकारहरू तारेर आफू पनि खाने र अरूहरूलाई पनि खान प्रोत्साहन दिने पास्टरहरूप्रति के हामी भरोसा राख्न सक्छौँ र? - पासिफिक युनियन रेकर्डर्स, अक्टोबर ९,१९०२।

स्वस्थ जीवनशैली वा सुधारिएको स्वास्थ प्रणालीलाई प्रचारकहरूले सिकाउनु पर्दछ, तर तिनीहरूको प्रचार गर्ने मूख्य बिषयबस्तु त्यो हुनुहुँदैन- सुधारिएको स्वास्थ पद्धति तेस्रो स्वर्गदूतको सन्देशको कामसँग धेरै नजिक छ, तर तेस्रो स्वर्गदूतको सन्देशको मूल विषयबस्तु यो होइन। स्वस्थ जीवनशैली वा सुधारिएको स्वास्थ प्रणालीलाई प्रचारकहरूले सिकाउनु पर्दछ, तर तिनीहरूको प्रचार गर्ने मूख्य बिषयबस्तु त्यो हुनुहुँदैन। बाइबलका विभिन्न विषयहरूमा यो पनि एक हुनुपर्दछ। बाइबलका ठोस शिक्षादीक्षाहरू सिकाउँदै गरेको बीचमा सुधारिएको स्वास्थ पद्धति वा हाम्रो शरीर परमेश्वरको मन्दिर हो भनेकोले त्यसलाई कसरी सम्हाल्ने भन्ने विषय पनि उल्लेखनीय हुनुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड,मे ७, १९१४।

आफ्नै खानपिनमा ध्यान नदिने र त्यसँग बाझिने भएकोले कतिपय पास्टरहरूले सुधारिएको स्वस्थ जीवनको बारेमा थोरै चासो देखाएको हुन्छ- हाम्रा कतिपय पास्टरहरूले स्वस्थ जीवनशैली अपनाउनुपर्छ र स्वास्थ सुधार गर्नुपर्छ भने कमै किन चासो दिन्छन्? किनभने संयमता अपनाउने नीति निर्देशनहरू र तिनीहरूले अपनाइरहेका अस्वस्थ खानपिन शैलीसँग बाँझेको छ। पास्टरहरूकै जीवनशैलीले गर्दा कतिपय ठाउँहरूमा स्वास्थ सुधारको बारेमा सिकाउन, खोजनिति गर्न र व्यवहारमा उतार्न मानिसहरूको बीचमा तगारो भइरहेको छ। परमेश्वरका सेवकहरूलाई खानपनि वा खुराकको बारेमा आफ्नै जीवनशैलीसँग बाँझ्ने कुनै पनि पास्टरले यस विषयबस्तुलाई प्रचार गर्ने अधिकार छैन। किनभने तिनीहरूको जीवनशैलीले तिनीहरूले वकालत गरेको शिक्षासँग बाँझेको हुन्छ र यसले मानिसहरूलाई अन्योलमा मात्र पार्दछ। स्वस्थ जीवनशैलीमा ध्यान नदिने र सुधारिएको स्वास्थलाई वेवास्ता गर्ने पास्टर प्रभुको समाचारवाहक हुन लायक छैन्। -काउन्सिल अन डायट एण्ड फुडस्, ४५३।

अंध्यारो वा हँसिलो अनुहार नभएको पास्टरहरूले सुधारिएको स्वस्थ शैली सिकाउने शिक्षामा बाधा दिन्छ- जथाभावी अस्वस्थ खाना

खाने बानीले गर्दा कतिपय पास्टरहरू अर्ध पक्षाघात भएको जस्तो देखिन्छ, तिनीहरू अल्छिपाराले हिँड्छन् र निदाउरो अनुहार भएको देखिन्छ। खानपिनमा संयमता नअपनाउने स्वार्थी पास्टरहरू आफ्नै अस्वस्थ जीवनशैलीले गर्दा तिनीहरूका अनुहारहरू हँसिलो देखिन्दै र तिनीहरूमा मुस्कान देखिँदैन। तिनीहरूल स्वस्थ्य जीवनशैली सिकाउन तिनीहरूको नैतिकताले पनि दिँदैन। धेरै कामले थकान र पेलान भएर दु:ख पाइरहेको बेलामा कहिलेकाहीँ एक दुई छाक खाना पनि छोड्नुपर्छ। यसले गर्दा शरीरलाई ठिक ठाउँमा ल्याउन मद्दत गर्दछ। हाम्रा कर्मचारीहरूले सुधारिएको स्वास्थ्यको बारेमा प्रचार गर्नुभन्दा तिनीहरूको जीवनशैलीको उदाहणले धेरै सिकाएको हुन्छ। जब साथीहरूले भोजभतेरमा बोलाउँछन् तब त्यहाँ भएका विभिन्न खाना परिकारहरू खान लोभ लाग्दछ र आफूलाई विर्सनुपनि सक्छ। त्यहाँ भएको विभिन्न स्वादिलो तर अस्वस्थ परिकार, अत्यन्तै गुलियो बस्तु, चिया, कफी वा अरू पेय पदार्थलाई खान अस्वीकार गर्दा तिनीहरू आफैले प्रयोगात्मक स्वस्थ जीवनशैलीका उदाहरण भएर देखाइरहेका हुन्छन्। कतिपय पास्टरहरू जीवनको नीतिहरूलाई भङ्ग गर्दा दु:ख पाइरहेका छन्। तिनीहरूकै जीवनशैलीले गर्दा सेभेन्थ-डे एडभेन्टिस्टले सिकाउन खोजेको स्वस्थ जीवनशैली प्रभावकारी नभएको हुन्छ। -टेस्टिमोनिज फर द चर्च ४:४१७।

संन्तुलित जीवन

यदि शारीरिक शक्तिहरूलाई पनि बराबर गरेर प्रयोग गरे स्वस्थ दिमाग सुरक्षित हुनसक्छ- शारीरिक शक्ति वा बलहरूलाई प्रयोग नगरि केवल दिमागलाईमात्र खेलाउने प्रवृत्ति मनासिव छैन। शरिर विज्ञान र स्वास्थ्यका नियमहरूको बारेमा अनजान भएकाले धेरै परिश्रमी र बुद्धिजीवीहरू पास्टरहरूको असमायीक निधन भएको छ, यदि ती विषयका ज्ञान अनुसार चलेको भय तिनीहरूको आयु लामो

हुनेथियो। दिमाग र शरीरको उचित कसरतले मानिसको सबै शक्ति बलियो हुन्छ र उसको जीवनमा फुर्ति र जाँगरको बिकाश हुँदै जान्छ। पास्टरहरू, सुसमाचार प्रचारकहरू र शिक्षकहरू ती विषयबस्तुको बारेमा ज्ञान हुनुपर्दछ र सिक्ने सिकाउनेमात्र होइन आफ्नै व्यवहारमा पनि लागि हुनुपर्दछ। शारीरिक बल र मानसिक शक्तिहरूलाई संन्तुलन राख्दा शरीरमा रक्तसंचार राम्रो हुन्छ र शरीरको सबै भागमा बराबर पुग्दछ। शरीरको सबै अङ्गहरूको जीवित मशिन स्वस्थ रक्त प्रवाहले सक्रिय राख्दछ। दिमागहरू प्रायजसो दुरुपयोग भइरहेका छन्, एउटा सोचबाट अर्को सोचमा दगुर्‍याइरहेका हुन्छन् र दिमागहरूलाई पेलिरहेका हुन्छन्। दिमागको शक्तिलाई अधिकतम रूपमा प्रयोग गर्ने तर शारीरिक अङ्गहरूलाई नचलाउने वा वेवास्ता गर्नेहरू विभिन्न रोगहरूको शिकार हुन्छ। यदि शरीरको शक्तिलाई पनि बराबर उपयोग गर्दै दिमागमा विभिन्न विषयबस्तुहरूलाई सोचेर चल्दा मानिसहरूको जीवन संतुलन हुन्छ र दिमागलाई झन ताजा बनाउँछ। कतिपय समयमा हाम्रो काममा परिवर्तन हुनुपर्दछ। याद गर्नुहोस्, प्राकृतिक सम्पदा जीवित र स्वस्थ शिक्षक हो। प्रकृतिसँग घुलमिल गरेर हाम्रो दिमाग र शरीरलाई स्वस्थ बनाउन सकिन्छ। - लाइफ स्केचेस् अभ एलेन जी ह्वाइट, ३५३,३५४।

अध्याय १३
सुसमाचार प्रचारमा महिलाहरूको सहभागिता

चर्चको काममा महिलाहरूको सहभागिता हुनुपर्दछ- परमेश्वरको सेवाको निम्ति अर्पित महिलाहरूलाई तिनीहरूको केही समय बिरामीहरूकहाँ भेटघाट गर्न, बालबालिकाहरूलाई हेरबिचार गर्न र आवश्यक परेका गरिबहरूको सेवा गर्न नियुक्त गर्नुपर्दछ। प्रार्थना र तिनीहरूमाथि हात राखेर तिनीहरूलाई त्यस कामको निम्ति अलग राखिनुपर्दछ। कतिपय समयमा तिनीहरूको काममा चर्चका पदाधिकारीहरू वा पास्टरसँग सरसल्लाह लिनुपर्ने हुन्छ; तर कतिपयले आफ्नो भक्ति जीवन र परमेश्वरसँग महत्त्वपूर्ण सम्पर्कलाई कायम राखिराखेका हुन्छन्। तिनीहरू चर्चको भलोको निम्ति सशक्त हुन सक्छन्। महिलाहरूलाई चर्चको काममा संलघ्न गराउँदा चर्चलाई बलियो बनाउने र त्यसको बृद्धि गर्ने अर्को माध्यम हुन सक्छ। परमेश्वरको काममा लाग्न हामीमा विभिन्न हाँगाबिगाहरू हुनुपर्छ। परमेश्वरको महान् काममा अघि बढ्न कसैको हातलाई बाँध्नुहुन्न, कसैलाई निराश पार्नुहुन्न, कसैको आवाजलाई दवाउनुहुन्न, येशूका भक्त हुँ भनेर दावी गर्ने प्रत्येक व्यक्तिले सार्वजनिकरूपमा होस् वा व्यक्तिगत रूपमा होस् अग्रसरता देखाउनुपर्दछ। चर्चका महिला होस् वा पुरुषहोस्, प्रत्येक विश्वासी काँधमा जिम्मेवारी बोकाउनुपर्दछ। तिनीहरूको दक्षतालाई प्रयोगमा ल्याउँदा तिनीहरूको आत्मिक, मानसिक र शारीरिकका गुणहरू बढ्न सक्छ। अन्धकारमा बसेकाहरूलाई ज्योति दिन तिनीहरू परमेश्वरको हातमा प्रभावाकारी माध्यम हुनसकिन्छ। -द रिभ्यु एण्ड हेराल्ड,जुलाई ९, १८९५।

महिलाहरूलाई काममा खटाउन येशू र पावलको उदाहरण अनुसार हुनुपर्दछ- जब महिलाहरूको हृदयमा प्रभुको निम्ति काम

गर्न जाँगर हुन्छ भने तिनीहरू रहेको क्षेत्रमा ठूलो असल काम गर्न सक्छन्। अरूहरूलाई सत्य प्रस्तुत गर्न महिलाहरूको बिषयमा येशूले बोल्नुभएको थियो, सुसमाचारको निम्ति आफूसँग परिश्रम गर्ने महिलाको बारेमा पावलले पनि बढो सराहना गरेर उल्लेख गरेका थिए। यो कति दु:ख लाग्दो छ कि धेरै ठूलो काम गर्न सक्ने ती महिलाहरूलाई सिमितमा राखिएको छ। कतिपय परिवारहरूमा धेरै स्रोतहरू छन् जुन तिनीहरूले पर देशमा प्रभुको सुसमाचार सुनाउन र आवश्यक परेकाहरूलाई सहयोग गर्न सक्छन्। येशूको उदाहरण अनुसार चलेर पुरुष र महिलाहरू सुसमाचार फैलाउने काममा वा मिशिनेरी काममा किन आफूहरूलाई संलघ्न गराउँदैनन्? - द रिभ्यु एण्ड हेराल्ड,जुलाई २१, १८९६।

सेवाकार्यमा महिलाहरुलाई सहभाग गराउनु आवश्यकता- दु:खकष्ट र पीडामा परेका मानव प्राणीहरूलाई सेवा गर्न, विश्वासमा अघि बढाउन, शिक्षित बनाउन र उकास्न महिलाहरूले अग्रज भूमिका खेल्नु सक्दछन्। येशूलाई केवल विश्वास गरेर मुक्ति पाइन्छ भन्ने खबर तिनीहरूले सुनाउन सक्छन्। -इभान्जलिजम, ४६५।

सत्यको प्रचार गर्न महिलाहरूले सघाउनुपर्दछ- चाहे उच्च होस् वा निच, चाहे धनी होस् वा गरिब सत्यलाई सबै वर्गहरूमा, फैलाउने कार्यकर्ताहरू होस् भन्ने परमेश्वरको चाहना हो। यस क्षेत्रमा महिलाले उल्लेखनीय भूमिका खेल्न सक्छन्। यी शब्दहरू पढ्नेहरूलाई परमेश्वरले सद्बुद्धि दिउन् कि तिनीहरूले भित्री हृदयदेखि इमान्दारी भएर समर्पित महिलाहरूलाई सुसमाचारीय क्षेत्रमा सक्रिय हुन ढोका खोलिदिउन्। - म्यानुस्क्रिप्ट रिलिजेज ५:१६२।

मानिसहरूलाई मुक्तिको सुसमाचार सुनाउन महिलाहरूको आवश्यकता छ- पवित्र सेवामा संलघ्न भएर महिलाहरू धार्मिकताको निम्ति औजारहरू हुन सक्छन्। येशूको पुनरुत्थानको बारेमा पहिला

सुनाउन मरियम थिइन्। ईश्वरीय योजना पूरा गर्न मानिसको पुत्र हराएकाहरूलाई खोज्न र उद्धार गर्न येशू आउनुभएको थियो। यस काममा परमेश्वरको पुत्रसँग मिलेर काम गर्नेहरू अत्यन्तै प्रेरणादायी हुन्छन्। यो भन्दा ठूलो र पवित्र काम अरू हुन सक्दैन। परमेश्वरको काममा अहिले एक जनामात्र महिला छ भने त्यहाँ बीस जना भएको भए हामीले धेरै मानिसहरू प्रभुतिर आएका देख्नेछौँ। तर पवित्र मिशनमा लाग्ने अठोट ती महिलाहरूको हृदयमा सजाइराख्नुपर्दछ। इसाई महिलाहरूमा भएको सभ्य, भद्र, मिजासिलो र नरम सत्यलाई प्रचार गर्ने महान् कामको निम्ति आवश्यक छ। बगैँचाका मालिक प्रभुले धेरै बेकारमा बसीरहेका महिलाहरूलाई घचघचाउँदै हुनुहुन्छ, "तिमीहरू किन अल्छी भएर उभिरहेकाछौ?" हाम्रा दिदीबहिनीहरूमा भएको जोश, जाँगर र लगनशीलतालाई सत्यलाई फैलाउन परिश्रम गर्न त्यस काममा धेरै सफलता मिल्थ्यो र त्यसबाट आउने नतिजाहरू पनि चकित पार्ने खालको हुन्थ्यो। धैर्यतासाथ प्रयत्नशील भएर अघि बढ्दै कामलाई पूरा गर्नैपर्छ। दु:खकष्ट पाइरहेका, दविएका र आवश्यकताहरुको निम्ति पवित्र र सामाजिक सेवा गर्न चाहिने दया, सहानुभूति र उदारता हामीमा कमी छ। अहिलेको आवश्यकता भनेको ती महिलाहरूको छ जो आफ्नो भाऊ नखोज्ने, आफ्नै श्रृङ्गारपटारमा समय नबिताउने तर नम्र र झुकिएका हृदयहरू हुनेहरू। मानिसहरूलाई मुक्ति दिलाउने काममा जहाँभएतापनि खट्न ख्रीष्टको नम्रताले सजिएका महिलाहरूको आवश्यकता आजको माग हो। - द रिभ्यु एण्ड हेराल्ड,जुलाई जनवरी २, १८७९।

वैवाहिक जोडी मिलेर सुसमाचारीय सेवाकार्य गर्नु

श्रीमान र श्रीमती दुवै जना एक भएर काम गर्न सकिन्छ- कतिपय महिलाहरू सुसाचार प्रचार गर्ने काममा सहभागी हुनुपर्दछ। कतिपय पास्टरहरू परमेश्वरको वगालकहाँ जाने काममा वेवास्ता गरिरहेका हुन्छन्। यदि महिलाहरू ती घर परिवारमा भेटघाट र सङ्गति गरे

पास्टरहरूले भन्दा धेरै प्रभावकारी काम गर्न सक्दछन्। यस काममा जहाँसम्म सम्भव हुन्छ त्यहाँ श्रीमान र श्रीमती एक भएर काममा जुट्नु पर्दछ। परमेश्वरलाई प्रेम गर्ने र आफ्नो जीवन उहाँलाई समर्पित गर्न चाहने महिलाहरूको निम्ति सुसमाचारीय काम गर्न ढोका खोलिएकोछ। - म्यानुस्क्रिप्ट रिलिजेज ५:३२५,३२६।

पास्टरहरू र तिनीहरूका श्रीमतीहरू एक भएर परमेश्वरको काम गरियोस् भन्ने उहाँको चाहना हो- परमेश्वरको कामको निम्ति अत्यन्तै इमान्दारी र लगनशील भएर काम गर्नुपर्ने उहाँको माग हो। श्रीमान र श्रीमतीहरू एकदम नजिक भएर एकजुट भएर काम गरेको परमेश्वर चाहनुहुन्छ। सेवाकार्यको परिश्रममा श्रीमान र श्रीमती यसरी मिलेर काम गर्न सक्छन् कि तिनीहरू एक आपसमा परिपूरक हुन जान्छ। दुवै एक भएर परमेश्वरको आवाज सुनेको उहाँ चाहनुहुन्छ, तिनीहरू झन झन उहाँमा नजिक भएको उहाँ चाहनुहुन्छ। तिनीहरू दुवै जना लगनशील भएर परमेश्वरको वचन अध्ययन गरेको र नयाँ आत्मज्ञानको आशिष पाएर अरूहरूलाई सुनाउन सक्ने भएको प्रभु चाहनुहुन्छ। विभिन्न सुसमाचारीय भेलामा सहभागी हुन तिनीहरू सकेसम्म स्वतन्त्र हुनुपर्दछ। भेटघाट र अरू व्यक्तिगत सेवाकार्यमा श्रीमती पनि निरन्तररूपमा सहभागी भएर ठूलो सहयोगी हुनसक्छिन्। प्रभुका धेरै सेवकहरूका श्रीमतीहरू मानिसहरूलाई मुक्तिको खबर दिन हृदयदेखिनै एक भएर आफ्ना श्रीमानहरूलाई साथ दिएको मैले देखेको छु। परमेश्वरको कामलाई अघि बढाउन श्रीमतीको निस्वार्थी चासोद्वारा श्रीमानको कामलाई बढि सफलता मिल्दछ। -म्यानुस्क्रिप्ट रिलिजेज ६:४३।

जहाँसम्म सम्भव छ त्यहाँ पास्टर र उनको श्रीमती सँगसँगै काम गरुन्- जहाँ सम्भव छ, परमेश्वरको काममा पास्टर र उनको श्रीमती सँगै मिलेर अघि बढुन्। यस पुणित कामलाई सम्पन्न गर्न श्रीमती आफ्नो श्रीमानसँगसँगै परिश्रम गर्न सक्छिन्। श्रीमती घरहरूमा भेटघाट गर्न जान सक्छिन् र प्रायजसो परिवारहरूमा भएका

महिलाहरूलाई सहयोग गर्न सक्छिन् जुन उनको श्रीमानले गर्न सक्दैन। -इभान्जलिजम, ४९१।

श्रीमतीहरू महिलाहरूको बीचमा काम गर्न सक्छिन् जुन काम पास्टरले गर्न सक्दैनन्- यदि चाहेको खण्डमा पास्टरको श्रीमतीले धेरै काम गर्न सक्छिन्। यदि उनमा स्वार्थत्यागक भावना छ मानिसहरूप्रति परमेश्वरको प्रेम छ भने उनले पनि आफ्नै श्रीमान जतिकै असल काम गर्न सक्छिन्। परिश्रम गर्ने महिला दिदीबहिनीहरूले सत्यलाई बुझेर कतिपय दिदीबहिनीहरूको माझमा रहेर काम गर्न सक्छिन् जुन पुरुष पास्टरले गर्न सक्दैन। - गस्पल वर्कर्स, २०१,२०२।

घरेलु सङ्गति र भेटघाट कार्यक्रमहरूमा पास्टर र जोडी मिलेर जानुपर्दछ- सम्पर्क राख्न चाहिनेहरूको लागत राख्नुपर्दछ। जब तिनीहरूको घरमा भेटघाट गर्न जान्छन् तब तिनीहरूसँगको व्यवहारमा कौशलता र होशियारी अपनाउनुपर्दछ र तिनीहरूसँगको मामिलामा संवेदनशील हुनुपर्दछ। तिनीहरूको निम्ति र तिनीहरूसँग प्रार्थना गर्नुहोस्। सदाशयी, कोमल र प्रेमले सजिएर तिनीहरूलाई सत्य सुनाउनहोस्। त्यसको फल निश्चय नै तपाईंले पाउनु हुनेछ। यदि पास्टर र उनको श्रीमती यस काममा मिलेर गर्न सक्छन् भने मिलेर काम गर्नुपर्दछ। -इमान्जलिजम, ४३७।

पास्टरका श्रीमतीहरूलाई दिनुपर्ने तलब

कतिपय पास्टरका श्रीमतीहरूले तलब पाउनुपर्दछ- पास्टरहरूका श्रीमतीहरू बहिनी स्टार, हास्कल, विलसन र रबबिन्सन, जो सुसमाचार प्रचार गर्न, बाइबल सिकाउन, परिवारहरूसँग प्रार्थना गर्न र आफ्नो व्यक्तिगत प्रयासले इमान्दारसाथ काम गर्न तिनीहरूका श्रीमान जतिकै समर्पित भएका छन्। ती महिलाहरूले तिनीहरूको सम्पूर्ण समय त्यही काममा बिताउँछन् र तिनीहरूको परिश्रमको लागि तिनीहरूले केही

पनि पाउँदैनन किनकि तिनीहरूका श्रीमानहरूले तलब पाउँछन् भनेर मलाई सुनाएको थियो। म मिशनका पदाधिकारीहरूलाई यो सुनाउन चाहन्छु कि तिनीहरूको निर्णयलाई परिवर्तन गरुन्। परमेश्वरको वचनले भन्दछ, "परिश्रम गर्नेले पारिश्रमिक पाउन योग्यको छ।" यदि परमेश्वरको लागि जोत्ने पास्टरका श्रीमतीहरूले तलब पाउँदैनन् भने प्रभुको नाउँमा म असमर्थ जनाउँदछ। मेरै दशांसको भागबाट तिनीहरूको निम्ति कोष खडा गर्ने मेरो कर्तव्य हो भनेर म ठान्नेछु। पास्टरहरूले सुमाचार सुनाउन यताउति जान्छन्, मानिसहरूलाई खोज्छन् र त्यसको लागि तिनीहरूले तलब पाउँछन्। तिनीहरूका श्रीमतीहरूले पनि त्यही सरह काम गर्छन् भने तिनीहरूले किन तलब नपाउने? परमेश्वरको निम्ति विश्वासीलो र भरपर्दो भएर खट्ने ती महिलाहरूलाई तिनीहरूका पास्टर श्रीमानकै अनुपातमा तलब दिनुपर्छ भनेर म जिकिर गर्दछु। ती महिलाहरूले आफ्नो काँधमा मानिसहरूले सुसमाचार थाहा पाउन् भन्ने जिम्मेवारी आएको छ भनेर महसुस गरेका छन् र त्यस काममा तिनीहरू प्रयत्नशील पनि छन्। तिनीहरूलाई अन्याय गर्नुहुन्न। विश्वासमा भर्खर आउनेहरूलाई ती बहिनीहरूले सिकाइरहेकाछन्, र आफ्नै काम गर्न अरू मानिसहरूलाई तबल दिएर खताउँछन्। ती सबै ठिक ठाउँमा राखेर मिलाउनुपर्दछ वा तिनीहरूको कामको मूल्याङ्कन गर्नुपर्दछ र सबैलाई न्यायोचित व्यवहार गर्नुपर्छ। मेरा लेखहरूलाई सच्याउन सच्याउनेको लागि हप्ताको साढे दुई देखि तीन डलर दिन्छौँ। यसको लागि मैले र अरूहरूले तिर्छन्। तर पास्टरका श्रीमतिहरूले ठूलो जिम्मेवारी बोक्दै आफ्नो पूरै समय लगानी गर्छन् तिनीहरूको परिश्रमको निम्ति केही पाउँदैनन्। - म्यानुस्क्रिप्ट रिलिजेज १२:१६०,१६१।

योग्यता भएका श्रीमतीहरूलाई तलब नदिँदा, कतिपय समयमा हामीले तिनीहरूलाई अन्याय गरिरहेका हुन्छौ- आफ्ना श्रीमानहरू जतिकै खटिने र सुसमाचार सेवाकार्यमा समर्पित र परमेश्वरले सेवाकार्यको निम्ति आवश्यकता ठान्नेहरूप्रति कहिलेकाहीँ अन्याय

गरेको हुन्छ। पुरुषहरूलाई चाहिँ पारिश्रमिक दिने तर तिनीहरूसँगै मिलेर काम गर्ने तिनीहरूका श्रीमतीहरूलाई तलब नदिने नीति परमेश्वरको आदेश अनुसार होइन। यदि यस्तो नीति हाम्रा मिशनहरूले चलाए, परमेश्वरको काममा योग्य हुने दिदीबहिनीहरूलाई निराश बनाउँछन्। परमेश्वर न्यायको परमेश्वर हुनुहुन्छ। यदि पास्टरहरूले तिनीहरूको कामको निम्ति तलब पाउँछनु भने तिनीहरूको श्रीमतीहरूले निश्वार्थी भएर काम गर्छन् भने तिनीहरूले नमागेतापनि तिनीहरूका श्रीमानहरूको तलबमा थपेर तिनीहरूलाई दिनुपर्दछ। - गस्पल वर्कर्स, ४५२, ४५३।

महिलाहरूको तलब तिनीहरूले दिएका समय र कामहरूको अनुपातमा हुनुपर्दछ- आफ्ना श्रीमानहरू जतिकै खटिने र सुसमाचार सेवाकार्यमा समर्पित र परमेश्वरले सेवाकार्यकको निम्ति आवश्यकता ठान्नेहरूप्रति अन्याय गरिरहेको हुन्छ। सुसमाचारको निम्ति खट्ने पुरुषहरूलाईचाहिँ तलब दिने तर तिनीहरूका श्रीमतीहरूलाई तबल नदिने परमेश्वरको आदेश अनुसार होइन। यसमा अन्याय भइरहेको छ। यस मामिलामा गल्ती भइरहेको छ। यो परमेश्वरको योजना अनुसार होइन। यदि यस्तो नीति हाम्रा मिशनहरूले चलाए, परमेश्वरको काममा योग्य र संलघ्न हुने दिदीबहिनीहरूलाई निराश बनाउँछन्। सुसमाचार सुनाउने बोझ केवल पास्टरहरूकोमा मात्रै थुपार्ने नीति गलत नीति हो। यो खालको नीति परमेश्वरको दिमागमानै हुँदैन। कतिपय महिलाहरूले तन्नेरी महिलाहरूलाई बाइबल सिकाउन र घरेलु सङ्गति कसरी सफल हुने भनेर सिकाइरहेकाछन्। जब महिलाहरूले परमेश्वरको काममा लाग्दछन् तिनीहरूलाई तिनीहरूले दिएको समयको अनुपातमा तलब दिनुपर्दछ। परमेश्वर न्यायको परमेश्वर हुनुहुन्छ। यदि पास्टरहरूले तिनीहरूको कामको निम्ति तलब पाउँछनु भने तिनीहरूको श्रीमतीहरूले निश्वार्थी भएर काम गर्छन् भने तिनीहरूले नमागेतापनि तिनीहरूका श्रीमानहरूको तलबमा थपेर तिनीहरूलाई दिनुपर्दछ। जब परमेश्वरमा समर्पित

पास्टर र उनको श्रीमती सँगसँगै मिलेर सुसमाचारीय काम गर्दछन् भने ती दुवैले दुईजनामै विशेष कर्मचारीहरूको अनुपातमा तलब पाउनुपर्दछ। त्यसले गर्दा तिनीहरूले पाएको स्रोत परमेश्वरको काममा लगाउन सक्छन्। दुवै जनालाई परमेश्वरले आफ्नो आत्मा राखिदिनुभएको छ। यदी श्रीमानको मृत्यु भएमा परमेश्वरको काममा लागेका श्रीमानको कामलाई निरन्तरता दिन उनी योग्य हुनेछिन्, र उनले परिश्रम गरेको अनुसार उनले तलब पाउनुपर्दछ। - म्यानुस्क्रिप्ट रिलिजेज ५:३२३,३२४।

सुसमाचारको निम्ति खट्ने महिला परिश्रमीलाई तलब दिनुपर्दछ- महिलाको कामलाई सेभेन्थ-डे एडभेन्टिस्टहरूले हेप्ने अधिकार छैन। यदी कुनै महिलाले आफ्नो घरायसी काम कुनै विश्वासीलो र भरपर्दो सहयोगीको हातमा छोड्छिन् र आफ्ना छोराछोरीहरूलाई राम्रोसँग स्याहार गर्न पनि तिनलाई जिम्मा लगाउँछिन् र आफूचाहिँ परमेश्वरको काममा व्यस्त हुन्छन् भने उनले तलब पाउनुपर्छ भन्ने न्यायोचित समझ र बुद्धि मिशनका पदाधिकारीहरूमा हुनुपर्दछ। हाम्रो मुक्तिदातासँग मिलेर उहाँको काममा महिलाहरूले सहयोग गरेका थिए। कतिपय महिलाहरूले असजिलो ठाउँहरूमा गएर सुसमाचार सुनाउँछन् र शिक्षादीक्षा दिन्छन्। तिनीहरूको कामको उपलब्धीले यो देखाउँछन् अरूले वास्ता नगरेका ठाउँहरूमा तिनीहरूले परिश्रम गरिरहेकाछन्। के तिनीहरूको कामको नतिजाले गर्दा राम्रो फसल भएको छ भनेर थाहा पाएपछि के तिनीहरूलाई पनि अभिषेक गरिएका पास्टरहरूसरह हेर्नुपर्दैन र? के तिनीहरूलाई पनि काममा खट्न भर्ना गर्नुपर्दैन र? यी खालका परमेश्वरका कामदारहरूलाई तलब दिएन भने मिशनले तिनीहरूलाई ठगीरहेको हुन्छ। महिलाहरूलाई तलब दिएर काममा खटाउनु हुन्छ कि हुँदैन भन्ने निर्णयको जिम्मा पुरुषहरूको हातमा होइन। यसमा मामिलालाई परमेश्वरले निर्धारण गरिसक्नुभएको छ। सुसमाचारको निम्ति खट्ने र तिनीहरूको कामले परिवारहरूमा सत्यलाई फैलाइरहेको छ भनेर महत्त्वपूर्ण सन्देश महिलाहरूले

दिइरहेका छन् भने तिनीहरूलाई पनि तलब दिनुपर्छ भनेर कर्तव्य ठान्ने मिशनका पदाधिकारीहरूको हो। ती महिलाहरूको काम ठिक छ र तिनीहरूमाथि अन्याय गर्नुहुन्न। कतिपय समयमा महिलाहरूले आफ्ना दिदीबहिनीहरूलाई परमेश्वरको ज्ञान बाँड्न सक्छन् जुन पुरुषले गर्न सक्दैन। सुसमाचारीय काममा महिलाहरूलाई सहभागी गराएन भने परमेश्वरको काममा ठूलो हानी हुन्छ। मलाई बराबर परमेश्वरले देखाउनुभएको छ कि परमेश्वरको काममा महिला शिक्षिकाहरूको पनि त्यतिकै खाँचो छ जसरी पुरुषहरूको छ। मिशनका पदाधिकारीहरू विभिन्न नीति नियम र भावनाहरूलाई प्राथमिकता दिएर कोशमा जम्मा भएका पैसाहरू केवल पुरुष पास्टरहरूलाई मात्र दिनको निम्ति भन्ने मनस्थितिमा रहनुहुन्न।- म्यानुस्क्रिप्ट रिलिजेज ५:३२३,३२५।

पास्टरहरूलाई तलब दिइन्छ। तर तिनीहरूको सहयोगीका परिश्रमहरूचाहिँ केही नठान्ने?– उनको कामको निम्ति पास्टरलाई तलब दिइन्छ, यो उचित छ। तर प्रभुले श्रीमानलाई जस्तै कामको बोझ दिनुभएको छ। यदि उनी आफ्नो समय र बल परिवारबाट परिवारमा गएर, बाइबल सिकाउँछन् भने उनी पनि अभिषेक नगरिएतापनि पास्टरीय सेवाकार्य गरिरहेको हुन्छिन्। तब के उनको काम बेकारको ठान्ने त? -गस्पल वर्कर्स, ४५२।

महिलाहरूको निम्ति पनि परमेश्वरले काम दिनुभएको छ- जसरी पुरुषहरूलाई परमेश्वरले काम दिनभएको छ त्यसरी नै उहाँले महिलाहरूलाई पनि दिनुभएको छ। सङ्कटको समयमा परमेश्वरले तिनीहरूलाई विशेष काम दिनुहुन्छ र तिनीहरूद्वारा उहाँले काम गर्नुहुनेछ। यदि तिनीहरूले परमेश्वरको काम गर्न आफ्नो पनि कर्तव्य हो भनेर आफूहरूलाई घचेडिन्छन् र पवित्र आत्माको प्रभावले तिनीहरू काम गर्छन् भने तिनीहरूलाई समय अनुसार चाहिने आत्मबल र आफूले आफूलाई सम्हाल्ने शक्ति तिनीहरूले पाउनेछन्। ती स्वार्थ त्याग गर्ने महिलाहरूको अनुहारमा मुक्तिदाताले आफ्नो अनुहारको प्रतिबिम्बित पार्नुहुन्छ र मानिसहरूले भन्दा उच्च र गरिमामय

काम गर्न तिनीहरूलाई उहाँले शक्ति दिनुहुन्छ। परिवारहरूको बिचमा तिनीहरूले काम गर्न सक्छन् जुन पुरुषहरूले गर्न सक्दैनन। परिवारहरूको हृदयमा पसेर काम गर्न महिलाहरू सक्षम् हुन सक्छन्। मानिसहरूको पहुँचमा नभएका परिवारका हृदयहरूमा तिनीहरू पस्न सक्छन्। त्यसकारण परमेश्वरको काममा महिलाहरूको आवश्यकता धेरै छ। - द रिभ्यु एण्ड हेराल्ड, अगस्ट २६, १९०२।

अध्याय १४
समयको व्यवस्थापन

पास्टर वा सुसमाचार सेवाग्राहीको सेवाकार्यको सफलता र असफलता उनले आफ्नो समयको व्यवस्थापनमा भरपर्छ- यदि कतिपय मानिसहरू आफ्नो समयको उचित प्रयोग गरेको भए तिनीहरू अहिलेको भन्दा सिद्ध र परिपक्व कामहरू गर्ने थिए। तिनीहरूले बेकारमा खेर फालेको प्रत्येक क्षणको लेखाजोखा परमेश्वरलाई दिनुपर्छख भन्ने भावना पास्टर र सुसमाचार सेवाग्राहीहरूमा हुनैपर्छ। तिनीहरू मेहनती र लगनशील नभएकाले तिनीहरूदेखि परमेश्वर नाराज हुनुभएको छ। आफ्नै आनन्द, सुख, सुविधा, भाऊ खोज्ने प्रवृत्ति, स्वार्थप्रेम र स्वार्थी जीवनमा नै अलमलिन रुचाउने भएकोले धर्मशास्त्रबाट आत्मज्ञान आर्जन गर्न परमेश्वरका कतिपय सेवकहरू सिथिल भएका छन्। यदि तिनीहरू धर्मशास्त्रमा ध्यान दिएर चलेको भए तिनीहरू सबै असल काम गर्न निपुण हुन्थे। कतिपय मानिसहरूले समयको मूल्यलाई सदुपयोग वा वास्ता गर्दैनन्। तिनीहरू घन्टौँसम्म ओछ्यानमा अल्छीभएर त्यसै लडिरहन्छन्। ती समय परमेश्वरको वचन अध्ययन गर्न खर्च गरेको भए तिनीहरूकै निम्ति धेरै हित हुनेथियो। - टेस्टिमोनिज फर द चर्च २:४९९।

विहान सबेरै उठ्ने बानी बसालेर प्रत्येक क्षणलाई जोगाउनु पर्दछ ताकि तपाईँको बाइबल अध्ययन गर्ने समय होस्- बिहान सबेरै उठेर आफ्नो केही क्षणहरूलाई जोगाएर धर्मशास्त्रमा नजिकै खोजनीतिहरू गर्न पास्टरहरूले समय पाउन सक्छन्। तिनीहरूमा लगनशीलता हुनैपर्छ। तिनीहरू कुनै कुराबाट बिचलित नभएर परमेश्वरको वचन पढ्दै आफ्नो समयलाई जोगाउन प्रयास गर्नुपर्दछ। कतिपय मानिसहरूको अथक प्रयास, लगनशील र प्रयत्नशीलद्वारा सत्यहरूलाई पास्टरहरूको हातमा राखिदिएका छन्। कतिपय पास्टरहरू बर्षौँसम्म

अरूहरूलाई सत्य सिकाउन परिश्रम गर्दछन् तर बाइबलको सत्य शिक्षादिक्षाहरूप्रति हाम्रो ठोस अडानहरूको बारेमा तिनीहरू त्यती धेरै परिचित छैन। तिनीहरू अल्छिपनाबाट हटुन् भनि म हार्दिक बिन्ति गर्दछु। व्यक्तिगतरूपमा मोहित भएर बाइबल अध्ययन गर्नुमा अल्छि मान्नु तिनहरूले निरन्तररूपमा खपिरहेको श्राप हो। तिनीहरूले पाएको प्रत्येक क्षण तिनीहरूको निम्ति वा अरूहरूको निम्ति फलदायक बनोस् भन्ने परमेश्वरको आदेश छ। -द रिभ्यु एण्ड हेराल्डस्, मे १२, १८८५।

तपाईँसँग किताब राख्ने बानी बसाल्नुहोस्- पास्टरहरूले आफ्नो समय पुस्तक पढ्न, अध्ययन गर्न, ध्यान, प्रार्थना गर्न अर्पण गर्नुपर्दछ। तिनीहरूको दिमागमा उपयोगी ज्ञानहरूले भरिराख्नुपर्दछ, बाइबलका अंशहरू तिनीहरूले कण्ठ गर्ने गर्नुपर्छ, भविष्यवाणीहरू कसरी पूरा भइरहेको छ त्यसको खोजनीतिमा र येशूले आफ्ना चेलाहरूलाई दिनुभएको शिक्षाहरूलाई तिनीहरूले सिकिरहनुपर्दछ। जब तपाईँ कहीँ यात्रा गर्नुहुन्छ वा केही कामको निम्ति पर्खनु हुन्छ वा कसैलाई पर्खिनुहुन्छ त्यसबेला आफूसँग लगेको किताब पढ्ने बानी बसाल्नुहोस्। तपाईँले पाउनु भएको प्रत्येक क्षणलाई केही न केही कुरामा उपयोग गर्नुहोस्। यसो गर्दा तपाईँको दिमागलाई खेलाइरहने अनावश्यक हजारौँ कुराहरू र परीक्षाहरूका ढोकाहरूलाई प्रभावकारीरूपमा बन्द गर्न सक्नुहुनेछ। -टेस्टिमोनिज फर द चर्च ४:४१२।

चर्चको मामिलाहरूमा, चर्चमा आउने समस्याहरूलाई समाधान गर्न वा लामो समितिहरूमा पास्टरहरूले धेरै समय बिताउनुहुन्न- प्रत्येक मानिसलाई असल कामको जिम्मेवारी दिएकोछ। जो मानिस आफ्नो पूरै जीवन पास्टररीय काममा अर्पित भएकोछ उनको विशेष काम हुन्छ। तिनीहरूले आफ्नो समय प्रार्थना र परमेश्वरको वचन सिकाउन प्रयोग गर्नुपर्छ। चर्चको धन्धाहरूमा तिनीहरूको दिमागहरूलाई बोझ दिनुहुन्न। हाम्रा पास्टरहरू घन्टौँसम्म चर्च संचालन गर्ने वा

चर्चका मामिलाहरूमा तिनीहरूलाई यस्तो व्यस्त पारिरहेकाछन् किन परमेश्वरको कुरा गर्न र पवित्र आत्मासँग सङ्गति गर्न तिनीहरूलाई फुर्सदै हुँदैन। यस मामिलाको बारेमा मलाई परमेश्वरले वर्षौंसम्म सिकाइरहनुभएको छ र हाम्रो पास्टरहरूलाई सतर्क गराउन उहाँले आदेश दिनुभएकोछ। विभिन्न चर्चहरूमा भएको सानोतिनो समस्याह समाधान गर्न पास्टरलाई बोलाइरहन्दा उनको दिमागमा उत्तम आत्मिक परिपाटीको निर्माण गरिरहन सक्दैन। यो कामको निम्ति परमेश्वरले उनलाई नियुक्त गर्नुभएको होइन। उहाँका सन्देशवाहकहरूको प्रत्येक क्षमतालाई तिनीहरूले प्रयोग गरुन् भन्ने परमेश्वरको चाहना छ। लामो रातसम्म भइरहने कमिटी मिटिङ्गहरूमा तिनीहरूलाई बस्न लगाएर तिनीहरूका दिमागहरूलाई थकान र पेलान पार्नुहुन्न। तिनीहरूको दिमागको शक्तिलाई येशू ख्रीष्टमा भएको जोशिलो पाराले प्रचार गर्न र स्पष्टरूपमा सिकाउन प्रयोग गरियोस् भन्ने परमेश्वरको चाहना छ। -इभान्जलिजम, ९१।

जन्मजातै चर्च, मिशन वा अरू सदस्यहरूको आलोचना गरिरहने, गनगन वा गुनासो गरिरहनेसँग समय बरवाद गर्नुहुन्न- येशू ख्रीष्टका पास्टरहरूले आफ्नो अडानमा अडिग हुनुपर्दछ र चर्चको, मिशनको र चर्चका सदस्यहरूको आलोचना र गुनासो गरिरहने सैतानका माध्यमहरूले गर्दा तिनीहरूको काममा वाधा ल्याउनुहुन्न। यस संसारलाई आवश्यक अन्तिम मुक्तिको सन्देश सुनाउने कामलाई रोकाएर पास्टरहरूलाई अन्य कुराहरूमा व्यस्त राख्ने सैतानको नीति हो। ती कुराहरूमा चर्चमा हुने झगडा, विवादहरूमा अल्झाउने, मिशनका अगुवा र विश्वासीहरूको निरन्तररूपमा आलोचना र गुनासो गर्नेहरू चर्चमा कहिल्यै पनि खालि हुँदैन। तिनीहरूको न्यायधिस हुन परमेश्वरले पास्टरहरूलाई अभिषेक गर्नुभएको होइन। यदि सैतानसँग अपवित्र गठन्धनमा लागेर विद्रोही भावनामा सजिएका निरन्तररूपमा गुनासो र आलोचना गर्नेहरूसँग अडान लिन चर्च सक्षम् छैन भने चर्च र ती गुनासोकारी देखि पछी हटे उत्तम हुन्छ किनकि यस संसारमा सयौं मानिसहरू छन्

जसले चर्चलाई सुदृध बनाउन चाहन्छन् र तिनीहरूमा भएका बल, शक्ति, दक्षतालाई प्रयोग गरेर एकताको भोकलाई मेटाउन सक्छन्। - इभान्जलिजम, ३७१।

येशूले उहाँका दिनहरूलाई यसरी संगठित गर्नुभएको थियो कि बेलुकाखेर मानिसहरूको विशेष सेवा गर्न फुर्सद पाउन्- दिनभरी उहाँकहाँ आउनेहरूलाई येशूले सेवा गर्नुभएको थियो; तर बेलुकातिर उहाँले ती मानिसहरूलाई ध्यान दिनुभएको थियो कि जो दिनभरी आफ्नो परिवारलाई धान्न परिश्रम गर्नुपरेको थियो। - इभान्जलिजम, ६५२।

पास्टरहरूले आफ्नो परिवारको निम्ति समय पाउनुपर्छ- यथार्थमा भन्ने हो भने संसारमा वेवास्ता गरेका कतिपय केटाकेटीहरूमा पास्टरका छोराछोरीहरू भएको पाइएको छ। छोराछोरीहरूको साथमा बाबुको फुर्सदै हुँदैन। त्यसको फलस्वरूप तिनी हुर्कन आफ्नै बाटो रोजेका हुन्छन्। अनि ठूलो भएपछि आफ्नै काम र मनोरञ्जनमा लाग्दछन्। - द एडभेन्टिस्ट होम, ३५४।

पास्टरले घरायसी धन्धामा धेरै समय बिताउनुहुन्न- कतिपय पास्टर र सुसमाचारका सेवाग्राहीहरू आफ्नो घर धन्दामा नै व्यस्त हुन्छन्, अनि साबथ भयो कि हतपत चर्चमा जान्छन्, अनि दिनभरीको साबथको क्रियालापमा व्यस्तभएर घर फर्किन्छन्, खेती किसानी वा घरेलु धन्धामा व्यस्त रहदछन्। तिनीहरू हप्ताभरी आफ्नै काममा व्यस्त हुन्छन् अनि बाँकि भएको थाकिएको बल परमेश्वरको सेवाकार्यको निम्ति खर्च गर्न खोज्छन्। तर परमेश्वरको सेवाकार्यहरूको निम्ति यस्तो कमजोरी प्रयासहरू उहाँको निम्ति मान्य छैन। परमेश्वरको कामको निम्ति तिनीहरूसँग मानसिक र शारीरिक बल हुँदैन। अनि तिनीहरूले जतिसुकै राम्रो गर्न खोजेतापनि तिनीहरुको हाऊभाऊले तिनीहरू थकान र पेलान भएको देखाउँछ। तर पास्टरीय वा चर्चका अगुवाका पदहरू सम्हाल्नेहरू हप्ताभरी आफ्नै परिश्रममा व्यस्त हुन्छन् र जीवनका धन्धाहरूमा डुबिरहन्छन् र साबथमामात्र चर्चको

ढोका खोल्ने र कार्यक्रम गर्नेहरू परमेश्वरको उच्च, गरिमामय, पवित्र र महत्त्वपूर्ण काममा तिनीहरू योग्य भएको ठहरिन्दैन। - टेस्टिमोनिज फर द चर्च ४:४७१।

भाग २- सम्बन्धहरू कायम राख्नु

अध्याय १५
पास्टरको परिवारमा कायम राख्नुपर्ने सम्बन्धहरू

घर

पास्टरको वास्तविक चरित्र घरमा प्रकट गर्दछ- पुलपिटको पछाडि उभिएर प्रभावकारी धार्मिक प्रवचनदिने खुबीले हाम्रो खास चरित्रलाई प्रकट गर्दैन तर हाम्रो परिवारको धर्मपरायणताले वास्तविक चरित्रलाई प्रकट गर्दछ। पास्टरको आत्मिक स्थितिको मूल्याङ्कन गर्न उनको श्रीमती, उनका छोराछोरीहरू र उनको परिवारलाई मद्दत गर्न राखेका कामदारहरू अत्यन्तै योग्यका हुन्छन्। असल मानिस घर परिवारको निम्ति आशिष हुन्छ। यदि पास्टरले आफ्नै घरमा सकल आत्मिक चरित्र प्रकट गर्न सक्यो भने उनको श्रीमती, छोराछोरीहरू र घरेलु कामदारहरू पनि धार्मिक चरित्रका हुन्छन् र उनकै निम्ति पनि हित हुन्छ। -द एडभेन्टिस्ट होम, ३५४।

पास्टरको परिवारमा आत्मिक कल्याणले पहिलो प्रार्थमिकता पाउनुपर्दछ- बाहिरी ठूलो घेराको निम्ति भित्री घेरालाई वेवास्ता गर्नु पास्टरको निम्ति कुनै उचित बहाना छैन। परिवारको आत्मिक कल्याणले प्राथमिकता पाउनुपर्दछ। न्यायको दिनमा परमेश्वरले पास्टरलाई सोध्नुहुनेछ कि उनले संसारमा ल्याएकाहरूप्रतिको जिम्मेवारी उनले कसरी बहन गरे। आफ्नै परिवारको हेरबिचार नगर्ने पास्टरले जतिसुकै महान् काम गरेतापनि आफ्नै छोराछोरीहरूप्रतिको ऋण चुक्ता गर्न सक्दैन। -गस्पल वर्कर्स, २०४।

पास्टर परिवारको शिर भएको हैशियतले मानिसहरूलाई सुसमाचार सुनाउनुभन्दा पहिले आफ्नो परिवार दयालु, कोमल र मायालु व्यवहार गर्नु जरुरी छ- तपाईँ पास्टर हुनुभएकोले र परिवारको मुली हुनुभएकोले परिवारमा तपाईँको मिजास र परिवारलाई देखाएको व्यवहार कस्तो छ सो सोच्नु आवश्यक छ। तपाईँको कोमलता, प्रेम, भद्रता, शिष्टता, आदर्श चरित्र, सहनशीलता, मिठो बोली तपाईँको परिवारलाई आवश्यकता छ। यदि तपाईँको स्वभावप्रति तपाईँको परिवार खुशी छ भने प्रभुको निम्ति बाहिर काम गर्न सफल हुनुहुनेछ। -टेस्टिमोनिज फर द चर्च ३:५५६।

कतिपय पास्टरहरू घरकै धन्धाले गर्दा परमेश्वरको काम गर्न फुर्सदै हुँदैन- कतिपय पास्टरहरू आफ्नो पास्टररीय जिम्मेवारीबाट सजिलैसँग बिचलित भएको पाइन्छ। तिनीहरूको घर परिवारले गर्दा तिनीहरू निराश हुनसक्छन् र घरकै धन्धाले गर्दा आफ्नो काममा ध्यान नदिने हुन्छन्। आत्मिक खुराकको निम्ति भोको भएकाहरूको चासो सेलाएर जान्छ। त्यसले गर्दा कतिपय हानी भइरहेको हुन्छ त्यसको अनुमानै गर्न सकिन्दैन। -गस्पल वर्कर्स, ३७१।

श्रीमतीप्रति गर्ने व्यवहार

पास्टरले आफ्नो श्रीमतीसँग कोमल हुनुपर्दछ- आफ्नी श्रीमतीप्रति पास्टरले कोमल र मिठो व्यवहार गर्नुपर्दछ। विवाहको बेलामा बाँधेको सबै बाचाबन्धनलाई तपाईँले प्रतिवद्धता जनाइरहेको उनी चाहन्छिन्। तपाईँको माया र स्याहार उनको निम्ति आवश्यकता छ। उनीप्रति तपाईँको निष्ठामा अलिकति पनि प्रश्न खडा गर्न दिनुहुँदैन। बिवाहको बेलामा तपाईँले सपथ खानुभएको प्रतिज्ञाहरु पूरा गरिराख्ने तपाईँको प्रतिवद्धता हृदयदेखि पुरा गरेको छ भनेर प्रत्याभूति दिइराख्नुपर्दछ।

- म्यानुस्क्रिप्ट रिलिजेज ६:४७।

पास्टरको सफलता र असफलता प्रायजसो उनको श्रीमतीमा भर पर्दछ- सुसमाचार प्रचार गर्ने पास्टरको श्रीमती आफ्नो श्रीमानको निम्ति कि त अत्यन्तै सफल सहयोगी र आशिष हुनसक्छिन् वा उनको काममा ठूलो वाधा दिने। पास्टरलाई माथि उचाल्ने कि थचार्ने, यस मामिलामा श्रीमतीको ठूलो भूमिका हुन्छ। के आफ्नो श्रीमान सबैको सामु उपयोगी भएर उठ्ने कि साधरण स्तरमै डुवाएर राख्ने प्रायजसो श्रीमतीको हातमा हुन्छ- एडभेन्टिस्ट होम, ३५५।

यदि पास्टरहरूका श्रीमतीहरू कच कच गर्ने र असंतुष्ट छन् भने पास्टरहरूको काममा नैराश्यता ल्याउँदछ- ख्रीष्टको जीवनलाई मलाई दर्शनमा देखाइएको थियो। उहाँको स्वार्थत्याग, कष्ट र त्यागको दाँजोमा हाम्रा केही पास्टरहरूका श्रीमतीको दु:ख र कष्ट केही पनि होइन। पास्टरको श्रीमती भएर मैले त्याग गरेको छु भन्ने भावनाले डुवेका श्रीमतीहरूको त्याग प्रभुको अगाडि केही पनि होइन। यदि पास्टरकी श्रीमती कचकच गर्छिन्, असंतुष्ट र निराशका बोलीहरू बोल्छिन् भने उनको श्रीमानको कामलाई नराम्रोसँग बाधा पुऱ्याउँछिन्। उनको परिश्रमलाई नै अपाङ्ग बनाइदिन्छ, विशेष गरेर जब उनको सफलता उनी रहेको वातावरणका प्रभावमा भरपर्दछ। यस्तो मामिलाले गर्दा के परमेश्वरका पास्टरले आफ्नो कामलाई अपाङ्ग बनाउने वा श्रीमतीलाई खुशी पार्ने नाउँमा उनले परिश्रम गर्नुपर्ने खेतलाई धुजाधुजा बनाउने? कतिपय पास्टरहरू तिनीहरूका श्रीमतीहरूकै कारण आफूहरूले गर्नुपर्ने कामबाट पर रहिरहेको हुन्छ। श्रीमतीले आफ्नो चाहनाहरू र आनन्दित हुने कुराहरू कामकर्तव्यसँग मिलोमतो गर्नुपर्दछ। ख्रीष्ट र सत्यको निम्ति तिनी आफू माथि उचलिने हुनुपर्छ। आफ्ना स्वार्थी भावनाहरूलाई त्याग्नुपर्दछ। स्वार्थी र अल्छि भएर बस्ने सहयात्रीहरूको प्रभावद्वारा सैतानले पास्टरहरूका परिश्रमलाई नियन्त्रण गरिरहेको हुन्छ।
- टेस्टिमोनिज फर द चर्च १:४५१।

स्वार्थी र अल्छि भएर बस्ने चाहने सहयात्रीहरूद्वारा सैतानले पास्टरहरूलाई नियन्त्रण गरिरहेको हुन्छ- परमेश्वरको सत्यलाई प्रचार गर्ने र सिकाउने पास्टरहरूलाई निराश र बिचलित पार्न सैतान जहिले पनि भरमग्दुर प्रयास गरिरहेको हुन्छ। घर परिवार र परमेश्वरप्रति समर्पित नभएका पास्टरहरुलाइ परमेश्वरको काममा श्रीमतीहरूद्वारा सैतानले काममा अत्यन्तै प्रभावकारी रूपमा नियन्त्रण गर्दछ। यदि सैतानले चाहेको भए उसले श्रीमतीको दिमागलाई नियन्त्रण गरेर श्रीमानलाई परमेश्वरको कामबाट बिचलित पार्न प्रयास गर्न सक्छ। श्रीमान भने मानिसहरूको मुक्तिको निम्ति परमेश्वरको वचन सिकाउन परिश्रम गरिरहेको हुन्छ तर श्रीमतीले उनको त्यो काम गर्ने जोशलाई धरासयी बनाउन सक्छ। स्वार्थी र तनाव दिने श्रीमतीहरूको प्रभावलाई प्रयोग गरेर पास्टरहरूको परिश्रमहरूलाई नियन्त्रण गर्न सैतानले ठूलो भूमिका खेलिरहेको हुन्छ। -द एडभेन्टिस्ट होम, ३५५।

हरूका श्रीमतीहरू एक्लोपना हुने अवसर कहिल्यै पनि पाउँदैनन्- पास्टरका श्रीमतीहरूको बारेमा परमेश्वरले आत्मज्ञान मलाई दिनुभएको छ। यदि तिनीहरू परमेश्वरको भावनामा रहेर भक्ति जीवन बिताएको भए र उहाँसँग मिलेर परिश्रम गर्ने आफ्नो पनि कर्तव्य हो भनेर बुझेको भए तिनीहरूले सेवा गर्न धेरै मानिसहरू पाउनेछन् र तिनीहरू एक्लोपना वा नियास्रो हुन र स्वार्थी दिमाग खेलाउने फूर्सदै पाउने थिएन। येशूले भन्नुभयो, "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ।" मत्ती ११:२८-३०। जो व्यक्तिहरू येशूका ती वचनहरूलाई आत्मसात् राखेर चल्दछन् तिनीहरूमा गुनासो र कचकच गर्ने दिमाग हुनेछैन न त नियास्रो मान्न। तिनीहरूको कामै ख्रीष्टको इच्छालाई पूरा गर्नु हो। यदि उहाँको चाहना अनुसार

काम गरे तिनीहरूको जीवनमा मिठो शान्ती हुनेछ, मिठासपनाले तिनीहरूको मिजासलाई बेर्नेछ र तिनीहरूको आत्मामा विश्राम पाउनेछ। -म्यानुस्क्रिप्ट रिलिजेज १४:३०७।

खाली आफ्नी श्रीमतीसँगमात्र टासेर बस्ने पास्टर उनको निम्ति हितकर हुँदैन- हाम्रा पास्टरहरूमा एक जना पास्टर हुनुहुन्छ। उहा अत्यन्तै संवेदनशील र कमजोर हुनुहुन्छ। आफ्नो श्रीमानप्रति भएन नभएका कुराहरू गरेर र सुनेर उनको दिमागलाई यातना दिएका थिए। अरूहरूको कुरा सुनेर र कामहरू देखेर आफ्नो श्रीमानप्रति शङ्का गरिरहेकी थिइन्। आफूप्रति लान्छना लगाएको सत्य हो । श्रीमतीको चित्त बुझाउने शैलीले पास्टरको आफ्नी श्रीमतीको चरित्र आफ्नो भन्दा उच्च भएको उनले ठानेका थिए। पास्टरले सोचेकि आफ्नो चरित्रभित्र जानसक्ने श्रीमती आफूभन्दा तिक्ष्ण छिन्। मलाई परमेश्वरले दिनुभएको यो सन्देश त्यस भाइ पास्टर र उनकी श्रीमती बहिनीलाई पठाएको थिएँ तर तिनीहरूले पाएनन्। आफ्नो छुट्याउन सक्ने दिमागभन्दा श्रीमतीको छुट्याउने वा मानिसलाई चिन्ने दिमाग ठूलो छ भनेर उनले विश्वास गरेका थिए र श्रीमतीले जे भने त्यही कुरो परम सत्य हो भनेर पनि उनी सोच्न पुगेका थिए। उनलाई सच्याउन वा उनमा भएको कुनै पनि गल्तीलाई हटाउन प्रयास गर्दा उनलाई धोखा दिन प्रयास गरिरहेको छ भनेर उनले सोचेका थिए। अनि श्रीमतीको अनियन्त्रित जिब्रो उनमाथि निरन्तररूपमा थियो। उनको श्रीमतीको मात्र होइन आफ्नो दिमाग पनि खेलाएर चल्नुपर्छ भनेर कसैले सल्लाह दियो भने त्यो मानिसले उनको ठाउँ लिन खोजेको भनेर उनको श्रीमतीले व्याख्या गर्दथिन्। उनको सहयोगी विश्वासी दाजुभाइहरूले उनलाई श्रीमतीको निरङ्कुसताबाट बचाउन धेरै प्रयास गरेका थिए। तर तिनीहरूको सल्लाहलाई गलत सम्झोस् भनेर उनको दिमागलाई श्रीमतीले धोइदिएकी थिइन्। त्यसको फलस्वरूप उनको घरको प्रभावले परमेश्वरको काममा प्रतिरोध खडा हुन पुगेको थियो। -म्यानुस्क्रिप्ट रिलिजेज १२:३४१।

वैवाहिक जीवनमा समस्या भएका कर्मचारीहरूले आफूहरूलाई श्रीमतीहरूले अन्याय गरिरहेको छ भनेर ठान्दछन् भने कतिपय समयमा आफूहरूले नै तिनीहरूलाई अन्याय गरिरहेका हुन्छन्- तपाईँको वैवाहिक जीवनमा जे खलल् भइरहेको छ त्यसलाई म न्यायोचित ठान्दिनँ। तपाईँले आफ्नी श्रीमती र परिवारलाई छोड्ने चाहना परमेश्वरको सामु अपराध भएको छ। त्यसकारण, तपाईँको कन्फरेन्स अध्यक्ष, एल्डर विलियमको सामु तपाईँको मामिला मैले पेश गर्नेपर्छ। आफ्नो गलत देखेपछि तपाईँ पश्चाताप गरेर आफ्नो निर्णयमा परिवर्तन गरुन् भन्ने मेरो चाहना थियो। तर आर्माडेलमा भएको अनुभवले र त्यहाँ बोकाइएको बोझले गर्दा मलाई ठूलो कष्ट भएको थियो। तपाईँको विगत जीवनमा के भएको त्यस मामिलालाई मलाई खुलाएर देखाइएको थियो। तपाईँले सोच्नुभयो कि तपाईँलाई सुसमाचार सुनाउने पास्टरमा अभिषेक गरिनेछ। तर तपाईँको जीवनको बारेमा मलाई यस्तो दर्शन देखाएको थियी कि यदि तपाईँलाई अभिषेक गरेमा तपाईँले परमेश्वरको काममा बदनाम ल्याउनुहुनेछ। सबैको सामु तपाईँले आफूलाई यसरी प्रस्तुत गर्नुभएको थियो कि तपाईँको श्रीमतीले तपाईँलाई अन्याय गरिरहेकी छिन् तर तपाईँको श्रीमती पो अन्यायमा परेकी मलाई देखाइएको छ। जुन रूपमा तपाईँले उनलाई व्यवहार गरिरहनुभएको छ त्यसरी तपाईँले कहिल्यै पनि गर्नुपर्ने थिएन। स्पष्टरूपमा भन्ने हो भने, तपाईँले नै तपाईँको श्रीमतीलाई दुर्व्यवहार गरिरनु भएको छ। तपाईँले आफ्नो छोराछोरीहरूलाई गरिरहेको दुर्व्यवाहारले नै असह्य भएर तपाईँबाट तपाईँको श्रीमती भाग्न वाध्य हुन पुगेकी थिइन्। तपाईँले उनको हृदयलाई चोट पुऱ्याउनुभएको छ, उनलाई घाइते बनाउनुभएको छ। तपाईँले आफ्नो छोराछोरीहरूलाई कजाउन दमननीति अपनाउनुभएको थियो र तपाईँ घरको निरङ्कुस शासक भएर देखाउनुभएको छ। - टेस्टिमोनिज अ सेक्स्युएल बिहेभियर, अडल्ट्री आन्ड डिभोर्स, २१

छोराछोरीहरू

पास्टरहरूको पहिलो कर्तव्य वा जिम्मेवारी तिनीहरूका छोराछोरीप्रति हुनुपर्दछ- पास्टरको काम नजिक र टाढा हुन्छ तर उनको पहिलो कर्तब्य आफ्ना छोराछोरीहरूलाई सम्हाल्नु हो। बाहिरी काममामात्र उनी त्यस्तो व्यस्त हुनुहुँदैन कि आफ्ना छोराछोरीहरूलाई सिकाउने काममा उनी वेवास्ता गरुन्। आफ्नो घरमा हेर्नुपर्ने काम त्यति महत्त्वपूर्ण छैन भनेर उनले सोच्दछ होला। तर व्यक्तिहरूको र समाजको हितको जग नै पास्टरको घरपरिवारको बन्दोबस्त हो। धेरैजसो पुरुष र स्त्री र चर्चको खुखमय जीवन घरको परिवारमा भरपर्दछ। जीवनको प्रत्येक दिनमा गरिने कामकर्तव्य उचितरूपमा कसरी चलाउँछ त्यसमा परमेश्वरको चासो छ। यस संसारमा ठूला ठूला दिमागहरू भएका मानिसहरूको त्यस्तो आवश्यकता छैन, तर असल मानिसहरू जो आफ्नो घरको निम्ति आशिष हुनसकोस्। - गस्पल वर्कर्स, २०४।

तपाईँको खुबी र दक्षता जतिसुकै महान् भएतापनि यदि तपाईँले आफ्ना छोराछोरीहरूलाई वेवास्ता गर्नुहुन्छ भने तपाईँले परमेश्वरलाई उत्तम तरिकाले सेवा गरिरहेको ठहर्दैन।– कतिपय मानिसहरू भावी पुस्तालाई सुखी र उपयोगीमूलक बनाउन चाहन्छन्। त्यस विषयमा चासो देखाउनेहरूले घरपरिवारलाई कसरी चलाउने भन्ने विषयमा अत्यन्तै गम्भिर भएर अध्ययन गर्नुपर्छ। कतिपय पास्टर, शिक्षक र उच्च ओहदामा बसेका, सम्मानित, शिक्षित र धार्मिक प्रवृत्ति भएका र सबै सुखसुबिधाले सम्पन्न भएकाहरूका छोराछोरीहरू अनुशासनमा नबसी बिग्रेको देखिएको छ भने तिनीहरूभन्दा कम अवसर पाएकाहरूको छोराछोरीहरूको भविष्य के होला भनेर कतिपयले निराशले सोचेका हुन्छन्। तर त्यस मामिलामा यो प्रश्नलाई दिमागमा घुसाउनै पर्दछ: के ती आदरणीय व्यक्तिहरूले तिनीहरूको बालबालिकाहरूको

अधिकारलाई ध्यान दिएका थिए त अर्थात तिनीहरूलाई चाहिने असल अनुसरणीय उदाहरण, घरेलु उचित शिक्षादिक्षा र अनुशासन? ती महत्त्वपूर्ण तत्वहरूलाई वेवास्ता गर्दा बाबुआमाहरूले समाजमा त्यस्ता युवायुवतीहरू दिइरहेकाछन् जो मानसिक असंतुलन, आत्मसंयम नभएका अधैर्यी र व्यवहारिक जीवनमा गर्नुपर्ने काम कर्तव्यहरूप्रति अज्ञान भएकाहरू। यदि कुनै पनि पास्टर शिक्षक वा महापुरुष भनाउँदाहरूले आफ्नो वेवास्ताको कारण ती खालका छोराछोरीहरू संसारलाई दिएर हानी गरिरहेकाछन् भने तिनीहरूले गरेका सबै असल कामहरूको औचित्यप्रति प्रश्न भइरहेको हुन्छ। ती केटाकेटीहरूले आफ्नै बिग्रिएको चरित्रहरूलाई पोषाइरहेका हुन्छन् र तिनीहरूका छोराछोरीहरूलाई पनि त्यही चरित्रको सम्पत्ति सारिएको हुन्छ। फेरि त्यसै बखत तिनीहरूको दुष्ट उदाहरणले समाजको प्रभावलाई भ्रष्ट बनाउँछ र चर्चलाई नै तहस नहस पार्दछ। जो मानिस महान् खुबी भएका, उपयोगीमूलक, विद्वान र आदरणीय भनेर कहलाउँछ जब आफ्ना छोराछोरीहरूको मोलमा अरू उपलब्धी हासिल गरिरहेकाछन् त्यो मानिसले परमेश्वर र संसारलाई सेवा गरिरहेको छ भन्न सुहाउँदैन। - द साइन्स अभ द टाइमस्, फेब्रुअरी ९, १८८२।

पाष्टरहरूका परिवारहरूले देखाइरहेका नकारात्मक प्रभावले तिनीहरूको असल सेवाकार्यमा अंध्यारो पारिरहेको हुन्छ- परमेश्वरको पास्टर भएको हैशियतले भाइ बी. तपाईँमा दोबर जिम्मेवारी आएको छ। तपाईँले आफ्नो घर उचितरूपमा सम्हाल्नुपर्दछ र तपाईँका छोराछोराछोरीहरूलाई उचित अनुशासनमा ल्याउने दुई काम तपाईँको काँधमा आएको छ। तर तपाईँका छोराछोरीहरूको सानोतिनो भूलहरूप्रति तपाईँले आँखा चिम्लिरहनुभएको छ र तिनीहरू सानैछन् भनेर तिनीहरूलाई सच्याउन वेवास्ता गरिरहनुभएको छ। तिनीहरूको भुलभलैयामा तपाईँ खुशी हुनुभएको छ। तिनीहरूको सामु पाप जस्तो देखिन्दैन। तपाईँले आफ्ना छोराछोरीहरूप्रति गर्नुपर्ने कर्तब्यलाई भुल्दा तिनीहरूलाई झण्डै बिगारिरहनुभएको छ र यसले तपाईँप्रति

परमेश्वर खुशी हुनुहुन्न। परमेश्वरको ज्ञानमा तिनीहरूलाई नहुर्काउने तपाईँको आदतले गर्दा परमेश्वरले तपाईँलाई सच्याउन चाहनुहुन्छ र सरसल्लाह दिन चाहनुहुन्छ। विभिन्न ठाउँ र अवसरहरूमा तपाईँको परिवारले देखाएको नकारात्मक प्रभावले तपाईँको पास्टरीय काममा धेरै नराम्रो प्रभाव पारिरहेको छ। तपाईँको परिवारको बारेमा तपाईँ अन्धो हुनुहुन्छ र सैतानले तपाईँलाई धोखा दिएको छ। तपाईँ र तपाईँको परिवारले छोराछोरीहरूलाई छाडा छोड्नुभएको छ। तिनीहरूले जे मनलाग्यो त्यही गर्दछन्। तपाईँ ख्रीष्टको पास्टर भएको हैशियतले यो स्थिति धेरै दु:खलाग्दो छ। छोराछोरीहरूलाई अनुशासनमा नहुर्काउँदा तिनीहरू खराब हुनतिर अग्रसर गराउँछ र तपाईँको उपयोगीमूलक जिम्मेवारीमा ठूलो धक्का आउँछ। -टेस्टिमोनिज फर द चर्च २:६२०।

गोठालाहरूले जब आन्फो घर सम्हाल्न असफल हुन्छन् तब चर्चलाई सम्हाल्न पनि असफल हुन्छन्- जो पास्टर सुसमाचारीय सेवामा संलघ्न हुन्छन् उनी आफ्नो पारिवारिक जीवनमा पनि विश्वासीलो र भरपर्दो हुनुपर्दछ। परिवारको मुली र पिता भएको हैशियतले परमेश्वरले उनलाई दिनुभएको सबै दक्षताहरूलाई विकाश गर्दै लानुपर्ने उनको महत्त्वपूर्ण अभिभारा हो ताकि उनको परिवार स्वर्गको परिवारको प्रतिक होओस्, जसरी आफ्नो सेवाकार्यमा चर्चमा मुक्ति पाएकाहरूलाई थप्न परमेश्वरले दिनुभएको शक्तिहरूलाई उनले प्रयोग गर्छन्। उनी घरको पुजारी भएकोले र चर्चमा ख्रीष्टको राजदूत भएकोले उनको जीवनबाट ख्रीष्टको चरित्रलाई प्रतिबिम्बित गर्दै सबैको निम्ति अनुसरणीय उदाहरण बन्नुपर्दछ। विश्वासीहरूको आत्मिक उन्नतिको निम्ति उनी चनाखो हुनुपर्दछ किनकि परमेश्वरले उनीसँग तिनीहरूको हिसाबकिताब लिनुहुन्छ भन्ने मनस्थितिमा रहेर आफ्नो क्रियाकलापमा होशियार अपनाउनुपर्दछ। उनले गरेको सेवाकार्यमा कुनै पनि लापर्वाही हुनुहुन्न न त वेवास्ता। चर्चको पास्टर भनेर जिम्मा लिएपछि यदि त्यो काम आफूले पाएको पवित्र

जिम्मेवारी हो भन्ने कुरामा आफू स्पष्ट भएन भने र आफ्नो जीवनमा पापलाई पोषाइरहेको छ भने उनले जतिसुकै प्रभावकारी काम गरेपनि परमेश्वरले उनको काममा साथ दिनुहुन्न। आफ्नै घरमा विश्वासिलो गोठालो भएर चिनाउन सकेन भने चर्चको बगाललाई पनि आफू विश्वासिलो र भरपर्दो गोठालो भनेर चिनाउन सक्दैन। -म्यानुस्क्रिप्ट रिलिजा ६:४९।

अध्याय १६
अरूहरूसँग कायम राख्नुपर्ने सम्बन्धहरू

समाजमा

संसार र हाम्रो बीचमा हामीले पर्खाल ठड्याउनुहुन्न- यस युगको महान् माग र आवश्यकता भनेको शुद्ध, निर्मल हृदय र अरूहरूलाई बुझ्नसक्ने क्षमता भएको दिमाग हो। येशू ख्रीष्टको विरोधमा अनेकौं झुटो, हिँस्रक वा खराब र उहाँको चरित्र हत्या गर्ने खालका आरोपहरू उहाँका विद्रोहीहरूले जनमानसको बीचमा फैलाएका थिए। त्यही खालका आरोपहरू परमेश्वरका दश आज्ञाहरूलाई पालन गर्ने विश्वासीहरूको खिलाफमा पनि फैलाउनेछ। ती आरोपहरू झुटो हो भनेर हामीले कसरी प्रमाणित वा खण्डन गर्ने? ती आरोपहरूले गर्दा के हामी समाजबाट अलग भएर समाज र हाम्रो बीचमा पर्खाल खडा गरेर बस्ने? अर्थात् आफू तिनीहरूभन्दा धर्मात्मा र असल छु भनेर देखाउन तिनीहरूबाट अलग भएर बस्ने वा तिनीहरूसँग घुलमिल नगरि छुट्टै बस्ने? त्यसको जवाफमा ख्रीष्टले गर्नुभएको प्रार्थनामा छ, "हे परमेश्वर पिता मेरा चेलाहरूलाई संसारबाट अलग राख्नुहोस् भनेर म प्रार्थना गर्दिन, तिनीहरूलाई दुष्ट तथा खराब तत्वहरूबाट अलग वा सुरक्षित राख्नुहोस् भनि म प्रार्थना गर्दछु।" यूहन्ना १७:१५ रूपान्तरित। हाम्रा कामहरूमा वाधा अर्चन, आरोप र प्रत्यारोप हुने खालका छन्, तर हामीले जे गरे पनि बाइबलका नीति अनुसार हुनुपर्दछ। हामीले गर्ने सबै काममा येशू ख्रीष्टको जस्तो सरल जीवन बिताएर अघि बढ्नुपर्दछ। हामी धैर्यतासाथ, सदाशयी भएर, सहनशील हुँदै परमेश्वरप्रति र ख्रीष्टप्रतिको प्रेमले मोहित भएर काम गरिरहनुपर्दछ। हाम्रो काम भनेको मानिसहरूलाई बुझाउन खोज्नु हो तिनीहरूलाई दोष दिने वा आरोप गर्ने होइन। हाम्रा वरिपरि

रहेका मानव प्राणी हामीमा जस्तै कमीकमजोरी र दुर्वलताहरू छन्। - म्यान्युस्क्रिप्ट रिलिजेज २:१९५।

अरू इसाई सम्प्रदाय (वा धर्महरूको) आलोचना र निन्दा गर्नुहुँदैन- जब कोही मानिस मानिसहरू आफ्नै जोश र जाँगरमा तर परमेश्वरको आत्मा र शक्तिबिना नयाँ क्षेत्रमा काम गर्न जान्छन् तब तिनीहरूले अरू सम्प्रदायका चर्चहरू (वा धर्महरू)को आलोचना र निन्दा गर्न थाल्छन्। अरू चर्चहरू आफूहरूले सिकाएको अनुसार चल्दैनन् तर हामीसँग सत्य छ भनेर सम्झाउन ती मानिसहरूले त्यस्तो कदम चाल्छन्। कुनै अवसरमा त्यो गर्नु आवश्यकता होला, तर साधारणतया वा प्रायजसो अरूहरूको निन्दा र आलोचना गरेर हाम्रो सत्यको बारेमा प्रचार गर्न खोज्दा हाम्रो कामको विरुद्धमा मानिसहरूले पूर्वाग्रह राख्न सक्छन् र हाम्रा वचनहरू सुन्न तिनीहरूले आफ्ना कानहरू बन्द गर्न सक्छन्। तर अरूहरूको आस्थालाई आलोचना नगरि प्रचार गरियो भने हामीमा भएको सत्यलाई सुन्न तयार हुन्छन्। यदि ती प्रचारक र शिक्षकहरू ख्रीष्टसँग नजिक भएको भए अरू मानिसहरूसँग कसरी हेलमेल भएर सत्य सुनाउने भन्ने ईश्वरीय ज्ञानबुद्धि प्राप्त गर्न सक्नेछन्। -टेस्टिमोनिज फर द चर्च ४:५३५।

राजनैतिक वादविवादमा पास्टरहरू फसेर पक्ष वा विपक्ष भनेर मतभेदमा पाष्टरहरू फस्नुहुन्न- जो शिक्षण पेशामा लागेका एडभेन्टिस्ट शिक्षक र बुद्धिजीवीहरू, पाष्टरहरू र परमेश्वरको काममा लाग्नेहरू राजनैतिक संसारमा पसेर लड्नु आवश्यकता छैन। हाम्रो सक्कली नागरिकता स्वर्गमा छ। ती एडभेन्टिस्ट कार्यकर्ताहरू मानिसहरूबाट अलग उभेर विशेष खालका मानिसहरू भनेर देखाउन परमेश्वरले तिनीहरूलाई आह्वान गर्नुहुन्छ। विश्वासीहरूको बीचमा वादविवाद र मतभेदहरू हुनुहुन्न। उहाँका जनहरू मिलनसार हुनुपर्दछ। तिनीहरूले सबैलाई मिलाउने खालको मिजास भएको भनेर चिनाउनु पर्दछ। के संसारको राजनैतिक क्षेत्रमा शत्रुता कमाउनु तिनीहरूको काम हो त?।

अहँ यसमा म कहिल्यै पनि सहमत हुँदिन। तिनीहरू ख्रीष्टको राज्यका नागरिकहरू हुन् भने चिनाएर उभिनुपर्दछ। तिनीहरू यस झण्डामुनि उभिनुपर्दछ जहाँ यो लेखिएको छ, "परमेश्वरका दश आज्ञाहरू पालन गर्ने र येशूमा भएको विश्वास हुनेहरू।" तिनीहरू विशेष कामको बोझमा हुनुपर्दछ र तिनीहरूले विशेष सन्देश बोक्नुपर्दछ। प्रत्येक विश्वासीको व्यक्तिगत जिम्मेवारी छ, र यो जिम्मेवारीलाई विश्व ब्रम्हाण्ड, स्वर्गदूतहरू र आममानिसको अगाडि प्रकट गर्नुपर्दछ। हाम्रा मौलिक नीतिहरूसँग सम्झौता गरेर वा सत्यको मोलमा समाजका विभिन्न वर्गहरूसँग र राजनैतिक दलका मानिसहरूसँग हिमचिम गरेर हाम्रा प्रभावहरू फैलाउन परमेश्वरको चाहना होइन। तर समुनत समाज र विभिन्न वर्गहरूको बीचमा हामी उभिनुपरेता पनि हामी व्यक्तिगत रूपमा विशेष व्यक्तिहरू जसको शिर येशू ख्रीष्ट हुनुहुन्छ भन्ने चिनारी दिएर उभिनुपर्दछ। येशू ख्रीष्ट राजकुमार हुनुहुन्छ र हामी उहाँका जनहरू भएको हैशियतले उहाँले जिम्मा दिनुभएको काम गर्नुपर्दछ। -फन्डामेन्टल अभ क्रिश्चियन एजुकेशन, ४७८।

अरू सम्प्रदायका पाष्टरहरू (वा अरू धर्मगुरूहरू) सँग राख्नुपर्ने सम्बन्ध

परमेश्वरका सेवकहरू अरू सम्प्रदाय वा डिनोमिनेशनहरू (धर्मगुरुहरू) कहाँ पुग्नुपर्दछ- उच्च ओहदा, सम्मानित मानिसहरू कहाँ गएर धेरै काम गर्नुपर्दथ्यो। परमेश्वरले दिनुभएको पतित संसारको निम्ति दयाको अन्तिम सन्देश अरू पाष्टर वा (अरु धर्मगुरुहरू)लाई पनि सुनाउनुपर्दछ। जो मानिसहरू आफ्नो काममा गहिरो चासो राखेर काम गर्छन्, परमेश्वरका सेवकहरू तिनीहरूकहाँ जानुपर्दछ र सत्यलाई सुनाउँदै तिनीहरूको निम्ति प्रार्थना गर्नुपर्दछ। तपाईँहरूले तिनीहरूलाई सत्य सुनाएपछि त्यसलाई अस्वीकार गर्छन् भने त्यसको बारेमा प्रभुलाई बताउनुहोस्, अनि तपाईँले आफ्नो कर्तव्य पूरा गर्नुभएको हुन्छ। -द रिभ्यु एण्ड हेराल्ड, मे ८, १९००।

अरू सम्प्रदाय वा डिनोमिनेशनका अगुवाहरूको निम्ति र तिनीहरूसँग प्रार्थना गर्नुहोस्- हाम्रा चर्चका पाष्टरहरू अरू डिनोमिनेशनका पाष्टरहरूसँग नजिक हुन खोज्नुपर्दछ। ख्रीष्टले पहल गरिरहनुभएका ती मानिसहरूको निम्ति र तिनीहरूसँग मिलेर प्रार्थना गर्नुहोस्। तिनीहरूमाथि गम्भिर जिम्मेवारी छ। ख्रीष्टका सुसमाचारवाहकहरू भएको हैशियतले हामीले आफ्ना बगालका गोठालाहरूप्रति गहिरो र इमान्दार चासो राख्नुपर्दछ। -टेस्टिमोनिज फर द चर्च ६:७८।

साबथको सत्यलाई स्वीकार गरेर आफ्नो चर्च (वा धर्म) बाट वाहिरिन नैतिक साहसको आवश्यक हुन्छ- परमेश्वरका दश आज्ञाहरूलाई शिरोपर गर्न नैतिक साहस वा बहादुरिताको आवश्यक पर्छ। एक जना सत्यको विरोधीले एक जना पाष्टरलाई भनेको थियो, "कमजोर दिमाग भएका, मूर्ख र अज्ञानीहरूमात्र आफ्ना चर्चहरूबाट निस्केर सातौँ दिन साबथ पालन गर्दछन्।" तर साबथ सत्यलाई अङ्गाल्ने पाष्टरले उसलाई जवाफ दिए, "यदि कमजोर दिमाग भएको व्यक्तिले त्यसलाई अङ्गाल्छ भने, तपाईंले त्यसलाई अङ्गाल्न प्रयास गर्नुहोस्।" लोकले हेपिएको समूहको पक्षमा उभिन निस्केर आउन मानिसलाई नैतिक साहस, निश्चयता, अठोट्, निर्णय, लगनशील र धेरै प्रार्थनाहरूको जरुरत पर्दछ। -इभान्जलिजम, २४०।

यदि इमान्दार र सत्यरूपमा हाम्रो सन्देशलाई अरू सम्प्रदायका पास्टरहरूले अङ्गाले तिनीहरू परमेश्वरका हातहरूमा टल्किएका औजारहरू हुन सक्छन्- हाम्रा मानिसहरूको दिमागमा यो घुसेको छ कि शिक्षित र अत्यन्तै बुद्धिजीवि वर्गहरूको बीचमा हामी पुग्न सक्दैनौँ। यसले गर्दा सत्यलाई सुनाउन हामीले धेरै गुमाइरहेकाछौँ। कतिपय समयमा कुनै चर्च वा धार्मिक सम्प्रदायका मानिसहरू व्यक्तिगत कारण वस अलग भएर बसेकाहरूलाई सुसमाचार सुनाउन समय बिताउँछौ तर त्यस्तो प्रभावकारी भएको पाइन्दैन। कतिपयलाई केही हदमा बाइबल थाहा छ यद्यपि त्यस चर्चको शिक्षादीक्षाप्रति आफै स्पष्ट नभएको

कारण वा चर्चमा मानिसहरूसँग अंसन्तुष्ट भएर छुटै हाँगाबिगामा सामेल भएका मानिसहरूलाई हामीतिर तान्न खोज्छौँ। अनि त्यसको नतिजा खासै ठूलो हुँदैन। तर यथार्थमा सुसमाचार सुनाउने बुद्धिमानी तरिकाहरू नजानेर हामी सुसमाचार सुनाउने कामको समय खेर फालिरहेका हुन्छौँ। सुसमाचार सुनाउने प्रत्येक प्रयासमा हाम्रो असल चरित्र देखाउनु पर्दछ र हाम्रो कामको मर्यादालाई देखाउनुपर्दछ। अरू पाष्टर, (धर्मगुरु) र प्रतिष्ठित मानिसहरूकहाँ पुग्न बुद्धिमानी अपनाउनुपर्दछ। तर हाम्रा मानिसहरूले तिनीहरूलाई किन वेवास्ता गरिरहेका छन्? परमेश्वरले दिनुभएको दक्षताहरूको अनुपातमा सुसमाचार पुऱ्याउन हाम्रा मानिसहरूको जिम्मेवारी हो। जसलाई धेरै दिइएको छ त्यसबाट धेरै अपेक्षा गरेको हुन्छ। हामीभन्दा बाहिरका उच्च वर्गहरूकहाँ पुग्न तरिका अपनाउन गहिरिएर अध्ययन गर्नुपर्दैन र? ती वर्गहरूकहाँ पुग्न परमेश्वरसँग धेरै प्रार्थना गर्नुपर्दछ र बुद्धिको माग्नुपर्दछ। ति प्रतिष्ठित वर्गहरूकहाँ पुग्न बुद्धि र कुशल नीतिहरू अपनाउनुपर्दछ। यदि तिनीहरूमा कोही परमेश्वरमा सत्यरूपमा आएदेखि तिनीहरू उहाँको निम्ति टल्किने औजार हुन्छन् र तिनीहरू पनि अरूहरूलाई सत्य सुनाउन अग्रसर हुनसक्छन्। -इभान्जलिजम, ५६२।

अरू देश, संस्कार र संस्कृतिहरूका मानिसहरूसँग सम्बन्ध कायम राखिराख्नु

जो मानिसहरू ख्रीष्टको नजिकमा रहन्छन् तिनीहरू जात, जाती, रङ्ग, धर्म आदिबाट माथि रहन्छन्- कोही मानिस ख्रीष्टसँग नजिक हुन्छ त्यो मानिस कुनै रङ्ग, जाति र जातबाट खडा गर्ने पूर्वाग्रहभन्दा माथि रहेर काम गर्दछ। त्यो मानिसको विश्वास अनन्त वास्तविकतालाई पक्रि राख्दछ। सत्यको सृष्टा प्रभु येशू ख्रीष्टलाई उचाल्नुपर्दछ। हाम्रा हृदयहरू विश्वासले भरिएको हुनुपर्दछ। हामीमा भएको विश्वास प्रेमले धकेलिएको छ र आत्मालाई

शुद्धपारिएको छ। असल सामरीको कामको अनुसरण हामीले गर्नुपर्दछ। -टेस्टिमोनिज फर द चर्च ९:२०९।

जब हाम्रो हृदयमा पवित्र आत्मा आउनुहुन्छ तब हामीमा भएको कुनै पनि पूर्वाग्रह, अरूहरूलाई आलोचनात्मक दृष्टिले हेर्ने, तिनीहरूको जातभात, लिङ्ग, धर्म, संस्कार, बानीव्यहोरा आदि पग्लेर जान्छ र परमेश्वरको सामु हामी सबै एक दाजुभाइदिदीबहिनी हौं भनेर बुझ्नेछौं- जब मानिसको दिमागमा पवित्र आमाले अड्डा जमाउँछ तब सानोतिनी गुनासो, अरूहरूको आलोचना, दोष लगाउने बानीहरू, मानिस वा विश्वासीको बीचमा हुने फाटोहरू पन्छिएर जान्छ। धार्मिकताको सूर्यको चम्किलो र उज्यालो किरण, पवित्र आत्माले अड्डा जमाएको मानिसको दिमाग र हृदयका कोठाहरूबाट चम्किरहनेछ। जब हामी सँगसँगै परमेश्वरको आराधना गर्छौं तब हाम्रो दिमागमा धनी र गरिब, कालो र सेतो, (ठूलो जात सानो जात) भन्ने मनस्थितिले ठाउँ लिन्दैन। सबै पूर्वाग्रहहरू वा अरूहरूलाई आलोचनात्मक दृष्टिले हेर्ने बानी पग्लेर जान्छ। जब हामी परमेश्वरकहाँ आउँछौं तब हामी एकै मानव परिवारका बन्धुहरू हौं भनेर हामी मान्नेहुन्छौं। यस संसारमा हामीहरू यात्रु र विदेशी वा अपरिचित मानिसहरू हौं। हामी उत्तम देश वा स्वर्गतिर यात्रा गरिरहेका छौं। त्यहाँ हामीमा भाऊ खोज्ने प्रवृत्ति, घमण्ड र अहंकार, एक आपसमा धोखा दिने वा एक आपसँग खेलबाड गर्ने प्रवृत्तिहरू सदाको निम्ति अन्त हुनेछ। हामीले लगाएको प्रत्येक मुकुण्डो उघारिनेछ र फ्याँकिनेछ। प्रभु कस्तो हुनुहुन्छ त्यसरी नै उहाँलाई हामी हेर्नसक्ने हुन्छौं। त्यहाँ हाम्रा गीतहरूमा प्रेरणादायी विषयवस्तुहरू हुनेछन् र हाम्रा आवाजहरू परमेश्वरको स्तुति र धन्यवाद चढाउन उठाउनेछौं। -द रिभ्यु एण्ड हेराल्ड, अक्टोबर २४, १८९९।

सामाजिक विभाजनका संस्कारहरूलाई तिरस्कार गर्नुपर्दछ- कलभरी क्रूसको अगाडि समाजले स्थापना गरेका सबै सामाजिक विभाजनहरू ओइलाएर पठाउनुपर्दछ र तिरस्कार गर्नुपर्छ। गोरा

तथा उच्च जातका पापीहरूलाई प्रभुले ग्रहण गर्नुहुन्छ र तिनीहरूका पापहरू क्षमा दिनुहुन्छ र तिनीहरूलाई उच्च जीवनको निम्ति आश्वासन दिनुहुन्छ र मुक्ति पाएका परिवारहरूले स्थान पाउनेछन्, उहाँ बादलमा आउनुहुँदा मरेका धर्मीहरूको पुनरुत्थान हुनेछन् भने के उहाँले काला र तल्लो जातिका पापीहरूलाई पनि ग्रहण गर्नुहुनेछ र तिनीहरूको पापहरू क्षमा हुनेछ भन्ने कुरामा के हामी दुविधा हुनुपर्छ र? सानो जात भएकाहरूलाई उहाँले दिनुभएको आशा के ठुला जातीका मानिसहरूलाई पनि फैलाउनुहुन्न र? यदि तिनीहरूले विश्वास गरे के तिनीहरूलाई पनि उहाँका छोराछोरीहरू भनेर ग्रहण गर्नुहुन्न र? के तिनीहरूको अज्ञान र निम्नवर्गिय स्तरबाट उहाँको योजनामा समावेश हुन उहाँले तिनीहरूलाई पनि उचाल्नुहुन्न र? परमेश्वरको निगाह पाएका साना जाति तर एउटा पिताका छोराछोरीहरू हुन् भन्नेहरूसँगै के उहाँले ती ठुला जातिलाई पनि माथि उचालेर तिनीहरूलाई पनि आदर्श चरित्र उहाँले बनाउनुहुन्न र? - म्यानुस्क्रिप्ट ७०, १९०२ (स्पाल्डिङ्ग एण्ड मेगानको सङ्कलन २२०,२२१ बाट उद्धारण गरिएको)।

रङ्गभेद नीति स्थायी होइन- गोरा र काला जाति (अर्थात् ठूलो जात र तल्लो जातहरू) को बीचमा अलग राख्ने पर्खालहरू खडा गरिएका छन्। जब इसाईहरूले परमेश्वरको वचन पालन गर्छन् र तिनीहरूको प्रेम तिनीहरूको सृष्टिकर्तामाथि सर्वोच्च हुन्छ तब जातजाति, वर्ग र छालाको नाउँमा पूर्वाग्रह ल्याउने सबै पर्खालहरू यरिहोका पर्खालहरू जस्तै भत्किनेछन् र तिनीहरूले सबै खालका आफ्ना छिमेकीहरूलाई बिना पक्षपात माया गर्नेछन्। सत्यलाई आत्मसात् गरेको छु भन्ने चर्चका प्रत्येक सदस्यले हेपिएका, पिछडिएका, तिरस्कार गरिएका निम्न वर्ग वा जातिलाई हेर्ने बानी बसाल्नुपर्दछ। तिनीहरू दास वा नोकरहरू भएकोले तिनीहरूको सोच्ने र आफूहरूलाई उकास्ने अवसरहरूबाट बंचित गराएको छ। - द रिभ्यस एण्ड हेराल्ड, डिसेम्बर १७, १८९५।

अवस्थित रङ्गभेदको कारण पूर्वाग्रह हुने मनस्थितिलाई वेवास्ता गर्न हामीले आँट गर्नुहुन्न- काला जातिहरूको बीचमा काम गर्नुपर्ने विषयमा मलाई ठूलो बोझ भएको छ। चेपिएका र निम्नस्तरमा झारिएका काला जातिहरूलाई (वा निम्नवर्गहरू) सुसमाचार प्रस्तुत गर्नुपर्दछ। तर तिनीहरूलाई माथि उचाल्न ठूलो होशियार अपनाउनुपर्दछ। कतिपय गोरा जातिहरूको बीचमा हब्सी वा काला जातिको विरुद्धमा ठूलो पूर्वाग्रह अझै पनि कायमै छ। यो पूर्वाग्रहलाई वेवास्ता गर्ने हामी चाहन्छौँ होला तर कतिपय समयमा हामी सक्दैनौँ पनि। यदि त्यस पूर्वाग्रह छैन भनेर हामी चल्छौँ भने गोराहरूलाई सुसमाचारको ज्योति पुऱ्याउन नसक्ने हुन्छौँ। जुन परिस्थिति छ त्यही परिस्थिति अनुसार चल्नुपर्दछ र यस मामिलामा बुद्धिमानी तरिकाले समझदारी अपनाउनु पर्दछ। - टेस्टिमोनिज फर द चर्च ९:२०४।

राष्ट्रिय तथा जातिहरूको संस्कार वा संस्कृति (धर्म) र रहन सहनले ल्याउने पूर्वाग्रहको कारण परमेश्वरको कामलाई वाधा दिनुहुन्न- परमेश्वरको काम अगाडि बढाउन जहाँ आवश्यक छ त्यहाँ मानिसहरूको स्थानीय रहनसहन, संस्कार र संस्कृतिलाई तोडेर अघि बढ्नुपर्छ भन्ने परमेश्वरको निम्ति परिश्रम गर्नेहरू अडिग हुनुपर्दछ। राष्ट्रिय वा जातिहरूको नाउँमा अस्वस्थ र बाइबलसम्मत नभएका संस्कारहरूलाई अङ्गालेर परमेश्वरको काम अघि बढ्छ भन्ने छैन। कतिले भन्छन् यदि मानिसहरू देशमा भएका र मानेका संस्कार र रहनसहनमा नपसी परमेश्वरको काम सम्पन्न हुन्न। यस्तो खालको मनस्थितिलाई अङ्गाल्यो भने सुरुदेखि नै मानिसहरू त्यसैमा झुम्मिने हुन्छ। यसले गर्दा विशेष गरेर युरोपमा परमेश्वरको काममा प्रगति गर्न सकेको छैन। बिलायतका मानिसहरू जस्तै रहनसहन गर्ने, लुगा लगाउने, खाने र पिउने, लुगा लगाउने र सुत्ने बानी सुसमाचार प्रचारकहरूले अङ्गाल्नुपर्छ भनेर सिकाउँदा त्यहाँ हामी धेरै वर्ष पछाडि परेका छौ। फ्रान्सका मानिसहरूको संस्कारको अनुसरण गरेर तिनीहरू जस्तै खाने चालचलन वा प्रथाहरू अपनाउनै पर्छ भन्ने हाम्रा मानिसहरूको मनस्थितिले गर्दा त्यहाँ

पनि हाम्रो काममा वाधा भएको छ। हाम्रो भाइहरूले देशको चाल चलन, विधि,प्रथा र संस्कार अपनाएर अघि बढ्नुपर्छ भनेर सुनाउँदा मेरो चित्त दुख्दछ। यस्ता मानिसहरूले विभिन्न राष्ट्रहरूको बीचमा कसरी काम गर्नुपर्छ भन्ने ज्ञान छैन। मानिसहरूलाई के आवश्यकता छ के परमेश्वरलाई थाहा छैन र? के उहाँले उहाँका सेवकहरूलाई यस मामिलामा निर्देशन दिनुहुन्न र? के सबै संसारको निम्ति सत्य एउटै होइन र? के बाइबलको शिक्षा सबै एउटै होइन र? परमेश्वरले आफ्ना सन्देशवाहकहरूलाई बोल्ने बुद्धिज्ञान दिओस्, जसले गर्दा तिनीहरूको काममा परमेश्वरको आशिष असफल नहोस्। -द रिभ्यु एण्ड हेराल्ड, डिसेम्बर ८, १८८५।

विभिन्न राष्ट्रहरूमा भएका विभिन्न संस्कार, संस्कृति, परम्परा आदिहरू अपनाएर मानिसहरूको बीचमा हुने एक संस्कारको पूर्वाग्रह अर्को संस्कारमा हुनेभएकोले त्यसमा नलाग्न म आग्रह गर्दछु- हाम्रा सारा सम्मेलनभरी विश्वासीहरूको बीचमा प्रेम र एकताको महत्त्वलाई अघि बढाउनुपर्छ भनेर सिकाउनुपर्छ भन्ने परमेश्वरको आत्माले मलाई उचाल्नुभएको छ। राष्ट्रहरूका विभिन्न संस्कारहरूप्रति अलगै चासो राखेर विभाजन ल्याउनु खतरा छ भनेर प्रस्तुत गर्न प्रयास गर्दछु- द रिभ्यु एण्ड हेराल्ड, नभेम्बर ३, १८८५।

अध्याय १७
चर्चभित्रका विश्वासीहरुसँग राख्नुपर्ने सम्बन्धहरू

चर्चका कुनै सदस्यहरू कमजोरी छन् र तिनीहरूमा केही दोषहरू छन् भने तिनीहरूलाई धैर्यता, सदाशयता र कोमलता देखाउनुपर्दछ- येशू ख्रीष्टले आफ्नो मान खोज्न आउनुभएन न त आफू ठूलो मानिस भएर अरूहरूको सेवा खोज्नु नै भयो, तर सकेसम्म झुकेर अरूको सेवा गर्न आउनुभएको थियो। यदि उहाँकै प्रेम हामीमा सजिएको छौ भनेर हृदयदेखि नै खुशी भएर उहाँको अनुसरण हामी पनि गर्छौं। यदि मानिसहरुले अरूहरू प्रति र हामीसँग गरेको आनीबानी, निर्दयी र अन्याय व्यवहार हामीले आफ्नो दिमागमा सो खेलाइरह्यौ वा अड्डा जमाउन दियौँ भने जसरी येशूले हामीलाई प्रेम गर्नु भयो त्यसरी तिनीहरूलाई प्रेम गर्न असम्भव हुन्छ। जहिले पनि जहाँ पनि चर्चमा होस्, परिवारमा होस् वा बाहिर होस् त्यहाँ कोही न कोही मानिसहरू हुन्छन् जसको स्वभावै मिलनसार हुँदैन, हठी, निष्ठुर, स्वार्थी र अरूकै मोलमा भएतापनि आफ्नो मान खोज्नेहरू हुन्छन् वा हामीले चाहेको अनुसार चल्दैनन्। हामीमध्ये जतिसुकै धर्मात्मा, आत्मियता र ज्ञानीहरू भएतापनि हामीमा कुनै न कुनै ती अप्रिय स्वभाव वा मिजासहरू हुन्छन्। कतिपयको निम्ति हामी मिनलसार नहौँला र प्रिय नहौँला। जब हामीले साथीहरू बनाउँछौँ तब सिद्ध नभएकोले हामीमा भएका कमीकमजोरी र दोषले गर्दा हामीप्रति धिरज र सदाशयता देखाउँदै हामीबाट टाढा नहुनेहरूलाई साथी बनाउनु पर्दछ। एक आपसमा सहनशील हुन र सदाशय देखाउनुमा पारस्परिक समझदारी हुनुपर्दछ। अरूहरूको कमीकजोरी, दोष, अभद्र व्यवहार, अमिल्दो मिजास हामीले देख्न वाध्य भएतापनि हामीले एक आपसमा प्रेम गर्न सिक्नुपर्दछ। येशू भावनामा सहभागि हुनु भनेको वा उहाँको मिजास हुनु भनेकै त्यही हो। अरूहरू माथि आउन्

भनेर हामीमा नम्रता र हामी झुक्ने बानीलाई हाम्रो जीवनमा उमार्नै पर्दछ। मै ठिक छु भनेर आफूमाथि मात्र भरोसा राख्ने बानी पनि त्याग्नुपर्दछ। अरूहरूको कमी कम्जोरी र दोषी स्वभावहरूप्रति हामी धिरजी, कोमल र सदाशयी हुनै पर्दछ। यसले गर्दा हामीभएका सबै संकुचित, स्वार्थ, आफ्नो मान खोज्ने जस्ता कुभावनाहरू बिलाएर जान्छन् र हाम्रा हृदयहरू ठूलो र फराकिलो भएर उदार हुन सक्छन्। - द साइनस् अभ द टाइम्स, मार्च ५, १८८५।

येशूका प्रतिनिधीहरू

येशूभावनामा भावित भएका आफ्ना पास्टरहरूद्वारा येशू प्रत्यक्ष रूपमा यस पृथ्वीमा घुमफिर गर्नुहुन्छ- येशू ख्रीष्टका राजदूतहरूलाई गम्भिर, महत्त्वपूर्ण र उल्लेखनीय कामको जिम्मा लगाइदिएका छन्। तर दुर्भाग्यवस, कतिले त्यसलाई हलका रूपमा लिइरहेका छन्। येशू ख्रीष्टले स्वर्गको पवित्रस्थानमा हाम्रो निम्ति अहिले पहल गरिरहनुभएको छ भने, उहाँले उहाँका प्रतिनिधिहरू मार्फत यस पृथ्वीमा भएको उहाँको चर्चको निम्ति सेवा गरिरहनुभएको छ। उहाँले नियक्त र अभिषेक गर्नुभएका उहाँका जनहरूद्वारा मानिसहरूलाई बोल्नुहुन्छ, र तिनीहरूसँग मिलेर आफ्नो कामलाई अघि बढाउनुहुन्छ, जसरी उहाँ यस संसारमा मानव जीवनमा रहनुहुँदा प्रत्यक्षरूपमा नम्र भएर मानिसहरूको बीचमा हिँड्नुभएको थियो। हुन त शताब्दीयौँ बितिसके, तैपनि येशूले आफ्ना चेलाहरूलाई दिनुभएको प्रतिज्ञा समयअनुसार पनि परिवर्तन भएको छैन: "संसारको अन्तसम्म म तिमीहरूको साथमा रहनेछु।" ख्रीष्टको स्वर्गारोहणदेखि अहिलेसम्म परमेश्वरले अभिषेक गर्नुभएका जनहरूलाई सत्य र विश्वासका शिक्षकहरू हुन अधिकारसम्पन्न गराउनुभएको छ। येशू सत्य र मूल गोठाला हुनुहुन्छ। पास्टरहरू उहाँका सहयोगी गोठालाहरू हुन्। तिनीहरूलाई नै औजार बनाउनुभएर येशूले आफ्नो कामको प्रवन्ध मिलाउनुहुन्छ। त्यसैकारण, बाइबल सिकाउन र शिक्षादीक्षा दिने

तिनीहरूको काम अत्यन्तै पुण्य र महत्त्वपूर्ण छ। येशूको सट्टामा ती पास्टरहरूले मानिसहरूलाई परमेश्वरसँग मिलाउन खोज्दछन्। - टेस्टिमोनिज फर द चर्च ४:३९३।

प्रेत्येक पास्टर जसको हृदयमा येशूप्रति सच्चा प्रेम छैन, तिनीहरूकै क्रियाकलाप र मिजासले प्रकट गर्दछ- कहीँबाट राहत पाउन असफल हुँदा दिदी एलेन ह्वाइटकहाँ गुहार माग्न आउने ती बिचरा मानिसहरूदेखि मलाई दु:ख लाग्दछ। बगालको गोठालाहरूले परमेश्वरको बगाललाई हेरचाह गर्नेछन् भन्ने कुरामा तिनीहरूलाई विश्वस्त तुल्याउन चाहन्छु। येशूका प्रत्येक पास्टर जसको हृदयमा येशूप्रति अमूल्य प्रेम छैन उनकै चर्तिकला वा हाउमानले उनी केवल देखावटी पास्टर भइरहेको भनेर देखाउँदछ। प्रत्येक मानिसलाई उहाँको पवित्र वचनबाट अमूल्यका पाठहरू सिकाउन् भनेर जिम्मेवार दिनुभएको छ। हाम्रो नमुना प्रभु येशू हुनुहुन्छ। जो मानिसहरू येशूलाई आफ्नो जीवन समर्पण गर्दछन् तिनीहरूको सम्पूर्ण चरित्रमा ख्रीष्टको स्वरूपको छाप परेको हुन्छ। तिनीहरूको मानसिक र शारीरिक शक्तिहरू दिनदिने पुननविकरण हुँदै ताजा भइरहेछ। दिनदिनै परमेश्वरको पुत्रको शरीर खाइरहेको हुन्छ र रगत सत्य विश्वासीले पिइरहेको हुन्छ। येशूले भन्नुभयो, "मासु खानाले तिमीहरूले केही पनि फाइदा हुँदैन; तर जुन वचनहरू म तिमीहरूलाई भन्दैछु तिनीहरू आत्मा र जीवन हुन्।" यूहन्ना ६:६३। -एलेन जी ह्वाइट राइटिङ्गस् ८८ १२७६।

येशूसँग हिँड्नु पर्छ, उहाँको बारेमा चर्चा गर्नुपर्छ र उहाँको अनुसरण गरेर देखाउनु पर्दछ- पास्टरको काम केवल प्रचार गर्नु र बाइबल सिकाउनुमात्र होइन (हा!हा! त्यो काम अहिले मोबाइल र युट्युबले पनि गरिरहेकाछन्! अनुवादक)। पास्टरलाई दिएको पवित्र र महत्त्वपूर्ण काम पूरा गर्न उनमा अनन्तको ज्ञान र चासोको भार हुनुपर्दछ। उनी सबैको सामु धर्मपरायणता वा उनको जीवनमा परमेश्वरले काम गरिरहेनुभएको छ भनेर देखाउनुपर्दछ, नत्र उनका परिश्रमहरूलाई परमेश्वरले स्वीकार्नुहुनेछैन। आफू उच्च ठाउँमा आशिन भएको छ

भनेर आफूले आफूलाई स्याबास दिने खालको हुनुहुँदैन। आफ्नो खुबी, दक्षता र योग्यताप्रति उनले फुर्ती लाउनुहुन्न। येशूको अतुलनीय दया र प्रेममा उनी हराएको हुनुपर्दछ। अनि उनी परमेश्वरको नजिक आउँदछ। उनी जहाँ जहाँ गएपनि उनको जीवनले देखाएको धर्मपरायणता र सत्य पवित्रताले बुनिएको उनका कामहरूले उनी सफल, सिपालु, सक्षम् र कर्मठ गोठालो हुन् भनेर देखाउने छ। उनी येशू ख्रीष्टसँग सहकर्मी भएर काम गरिरहेका हुन्छन, र उनलाई नियुक्ति गरेको अनुसार विश्वासिलो र भरपर्दो भएर काम गरिरहेको हुन्छ जसरी येशू पनि उहाँको काममा भरपर्दो र विश्वासीलो हुनुहुन्छ। येशूमा समर्पित पास्टरले आफ्नो वोलि र कामद्वारा आफू ठूलो हुँ भनेर देखाउँदैन। जब उनी कसैसँग व्यक्तिगत सम्पर्क गर्छन् तब उनले येशूको बारेमा चर्चा गर्ने छ; हरदम जहाँ भएपनि ख्रीष्टको उपस्थितको अनुभव गरेर उनले उहाँसँग प्रार्थना गर्नेछन र उहाँको बारेमा प्रचार गर्नेछन। यस खालको सेवा कामले उनी परमेश्वरको कर्मी हो भनेर उनले प्रमाणित गरिरहेको हुन्छ र उनको पवित्र कामले उनलाई परमेश्वरले चुन्नुभएको हो भनेर मानिसहरूले प्रत्याभूति पाइरहेको हुन्छन्। - द रिभ्यु एण्ड हेराल्ड, फेब्रुअरी २२, १८८७।

पास्टरहरू किताबहरूबाट भन्दा ख्रीष्टको ज्ञानमा भरपर्नुपर्दछ- येशू ख्रीष्ट स्वर्गको बादलहरूबाट आउनुभन्दा पहिलेको यस युगमा प्रभुले ती मानिसहरूलाई बोलाउनुहुन्छ जो इमान्दारसाथ परमेश्वरका जनहरूलाई प्रभुको महान दिनको निम्ति तयार पार्दछन्। घन्टौँसम्म किताबहरू अध्ययन गर्ने कतिपय मानिसहरूले तिनीहरूका जीवनहरू द्वारा अन्तिम समयको निम्ति आवश्यक सेवाकार्यहरू गम्भिर भएर सच्चा दिलले गरेको देखिदैन। परमेश्वरको वचनबाट सरल र सिधा गवाही तिनीहरूले सुनाएको देखिदैन। पास्टर र वि द्यार्थीहरूमा परमेश्वरको आत्माको प्रवेश गर्न आवश्यक छ। जब कोही सन्देशवाहक प्रार्थना र सच्चा दिलले हृदयदेखि बोल्छ तब श्रोताको दिमागमा यो सत्य सिक्नुपर्ने हो भन्ने भावनाको सृजना

हुन्छ। ठुला ठुला पढेलेखेका विद्वान र बाइबलमै डिग्री हासिल गरेकाहरू पण्डितहरूबाट मात्र मानिसको हृदयमा सत्य चाहनालाई सृजना गर्न सक्छ भन्ने छैन किनभने तिनीहरू परमेश्वर र उहाँले पठाउनुभएको येशू ख्रीष्टको ज्ञानभन्दा आफ्ना वौद्धिक क्षमतामा भर परिरहेको हुन्छ। प्रत्येक व्यक्ति जसले सच्चा दिलले सत्य र जीवित परमेश्वरलाई चिनेको हुन्छ उसले उहाँको प्रियपुत्र येशूलाई चिन्नेछ र येशू ख्रीष्ट क्रूसमा टाँगिनु भएको बारेमा प्रचार गर्नेछ। - सेलेक्टेड मेसेजेज २:१५२।

ख्रीष्टमा केन्द्रित भएका पास्टरहरूका चर्चहरू बढ्ने संख्या कायम हुन्छ- चर्चहरूका यथास्थिति देख्दा मलाई बेदना भइरहेको छ। चर्चमै कतिपय यस्ता विश्वासीहरूछन्। तिनीहरू आफ्नै मोजमज्जामा लागिरहेकाछन्। मिशनको ठूलो क्षेत्रमा प्रभुको काममा प्रगति गर्नु र उच्च पवित्र स्तरमा जानुको सट्टा आत्मिक वातावरण निरन्तररूपमा झरिरहेको छ। चर्चका पास्टरहरू पनि आफ्ना चर्चहरूको अवस्थालाई उचाल्न कमै परिश्रम गरिरहेका छन्, किनभने तिनीहरूले सेवा गरिरहेका मानिसहरूको आत्मिक अवस्थाप्रति धेरै चासो राखेका छैनन्। ती पास्टरहरूको आफ्नै हृदयहरू सत्यले धोएर पवित्र भएको छैन। ओहो, हाम्रा चर्चहरूमा निष्ठावान, भरपर्दो, विश्वासिला, इमान्दारी, सच्चा दिल, भक्त र स्वार्थ त्याग गर्नेहरूको कस्तो आवश्यक छ ताकि तिनीहरूले सत्य र ख्रीष्टको बारेमा आत्मियतामा सजिएर प्रचार गरुन् र तिनीहरूको जीवन जीवित ख्रीष्ट होउन्! ओहो, चर्च वा मिशनका सबै कर्मचारीहरू परमेश्वरको निम्ति मिलेर र एकमत भएर काम गरिरहेको भए, गनगन गरेर समयलाई बरबाद नगरेको भए, आफूहरूलाई दिएको पवित्र जिम्मेवारीहरू खेर नफाली काम गरेको भए, मानिसहरूका भविष्यको निर्धारण गर्ने सत्यहरू निर्णायकरूपमा प्रचार गरेको भए हाम्रो चर्चको उन्नति कस्तो हुने थियो होला! पास्टरहरूले सबै थोकहरूमा ख्रीष्टको प्रतिनिधित्व गर्दै, तिनीहरूले हेरबिचार गरेका बगालका आत्मिक जीवन लेखा तिनीहरूले

दिनुपर्छ भनेर आत्मसात् गर्दै दिन दिनै, घन्टौ आत्मज्योतिको किरण फैलाउने माध्यम भएको भए चर्चको कस्तो उत्थान हुने थियो! पास्टरबन्धुहरू, चर्चहरूका रक्षाको निम्ति, सहर र गाउँहरूमा धार्मिकताको सूर्यका किरणहरू फैलाउने प्रयत्नमा लाग्नुहोस् भनि म हार्दिक अनुरोध गर्दछु। त्यसो गर्न तपाईँले आफ्नो धेरै समय प्रार्थना गर्न बिताउनै पर्छ। निरन्तररूपमा प्रार्थना गर्ने आदत बसाल्नुपर्दछ। जब तपाईँहरू सामाजिक भेटघाट र कार्यक्रममा भाग लिनुहुन्छ तिनीहरू जस्तै खेलाँची पाराले व्यवहार गरेर, असावधानी अपनाएर अरूहरूलाई पन्छाएर तिनीहरूको स्तरमा झर्नुहुन्न। तर त्यसबेला परमेश्वरसँग प्रार्थना गर्नुहोस् ताकि तपाईहरूका आत्माहरूलाई परमेश्वरको अनुग्रह र ख्रीष्टप्रतिको प्रेमले भरिएर बसोस्। जब पास्टरहरू समाजमै घुलमिल हुनपरेतापनि सामाजिक अवसरमा सहभाग भएतापनि परमेश्वरको अनुग्रह र येशूप्रतिको प्रेमले सुसज्जित भएर बस्ने खुबीले परमेश्वरको निम्ति काम गरेको भए मिशन राज्यको प्रत्येक चर्च निरन्तररूपमा बृद्धि हुने थियो। - सेर्मनस एण्ड टकस्, २:७३,७४।

धेरै पास्टरहरूले चर्चको शिक्षादीक्षाको बारेमा सिकाउँछन्, तर आफूहरू भने ख्रीष्टले सिकाउनुभएका पाठहरूबाट अजान छन्- आफूसँग नभए कुरा पास्टरले अरूहरूलाई दिन सक्दैन। यदि उनको हृदयमा ख्रीष्ट नसजिएको भए अरूहरूको सामु प्रेमका वचनहरू एकै सुरका भएर कसरी प्रस्तुत गर्न सक्छन् र? धेरै पास्टरहरू चर्चको शिक्षादीक्षाको बारेमा सिकाउन सक्छन् तर येशूले नै सिकाउनुभएका पाठहरूको बारेमा अनभिज्ञ छन्। यस्ता खालका पास्टरहरू न त चर्चमा न त बाहिर आशिसीत हुनसक्छन्। - द रिभ्यु एण्ड हेराल्ड, सेप्टेम्बर २: १८९०।

यदि येशूप्रति सच्चा र पक्का प्रेम छ भने त्यसले परमेश्वर व्यवस्था अर्थात् दश आज्ञाहरूको हृदयदेखिन नै पालन गर्न रुचाउनेछ- कतिपय इसाईहरू ख्रीष्टसँगको प्रार्थना र उहाँको अनुग्रहप्रति आनन्द मनाइरहेका

छौँ भनेर दावी गर्दछन् । तर तिनीहरू पिताका आज्ञाहरूप्रति हृदयमा विद्रोह जगाइराखेका हुन्छन । तिनीहरूको जीवन त्यसप्रति तालमेल भएन भने आत्मिकरूपमा तिनीहरूको खास केही उपलब्धी हुनेछैन। भित्री हृदयदेखि सच्चा र पक्का रूपमा येशू ख्रीष्टप्रति प्रेम कसैको छ भने त्यसले परमेश्वरको व्यवस्थालाई पालन गर्न सिधै प्रेरित गर्नेछ, र जब त्यसबाट बिचलित हुन्छ तब गहिरो पश्चातापतिर अग्रसर गराउँछ र उसको उदाहरणद्वारा परमेश्वरका सानो भन्दा पनि सानो आज्ञा भङ्ग गर्नुहुन्न भनेर उदाहरणद्वारा अरूहरूलाई सिकाउनेछ। कोही पनि पास्टरहरू जब परमेश्वरको आज्ञा भङ्ग गर्नेहरूको माझमा आफ्नो विवेकलाई मेचेर खुशियाली मनाउँछन्, तिनीहरू खराबमा आनन्द मनाइरहेको ठहर्छ। जब आफ्नो न्यायको आशनमा बस्दै येशू ख्रीष्ट आउनुहुन्छ तब जतिसुकै निष्ठावान, बलियो हृदय भएका देखाउनेहरू र धार्मिकतामा उच्चस्तर हासिल गरेका छौँ भनि फुर्ती लगाउँछन् तर तिनीहरूले परमेश्वरको व्यवस्थालाई भङ्ग गरिरहेको छ भनेर तिनीहरू मुर्छा पर्नेछन् र तल झर्नेछन्। तिनीहरूले गरेका प्रत्येक बहानालाई चुप लाग्न दिनेछ, प्रत्येक भ्रष्ट र अनाआज्ञाकारिताको पर्दाफास हुनेछ। परमेश्वरको व्यवस्थालाई भङ्ग गरेकोले ती मानिसहरू आफ्नै साथीहरूसँग दोषारोपणमा भाग लिनुपर्नेछ। तर सबभन्दा ठूलो दोष ती विश्वासघात गर्ने पास्टरहरूलाई लगाइनेछ किनकि तिनीहरूलाई मानिसहरूको सामु मुक्तिको सन्देश सुनाउन पठाइएको भनेर दावी गर्छन् तर इसाई भएपछि दश आज्ञा पालन गर्नुपर्दैन भने दश आज्ञाको गरिमालाई कुल्चन्छन्। परमेश्वरको आज्ञालाई पालन गर्नु पर्दैन भनेर सिकाउने र त्यसलाई विश्वास गरेर दश आज्ञालाई मिच्नेहरूले दण्ड पाउनेछन्। तिनीहरूले बहन गरेको जिम्मेवारीमा परमेश्वरको व्यवस्था पालन गर्नुपर्दैन भनेर सिकाउँदै र त्यसै अनुसार गलत बाटोमा हिँड्नेहरू आफ्नो फल अनुसारको दण्ड भोग्नेछन्। परमेश्वरले नियाल्नुभएका सबै अपराधहरूमा ती मानिसहरूको अपराध गम्भिर हुन्छ जसले अरूहरूलाई पाप गर्न लालायीत गर्छन् र प्रोत्साहन दिन्छन्। आफूहरू परमेश्वरको

साथमा छु भनेर निर्णायक भएर बस्ने पास्टरहरू सबै ठाउँमा उहाँले खटाउनुभएको हुन्छ। यस विद्रोही संसारमा उहाँका दश आज्ञाहरूप्रति सत्यनिष्ठा र बफादार भएर अडिग हुने पास्टरहरू परमेश्वरको सत्यमा नहिँड्नेहरूको निम्ति अवरोध भएर खडा भइरहेका हुन्छन्। परमेश्वरका आज्ञाहरू पालन गर्न स्वभावैले दिँदैन वा गाऱ्हो छ भनेर सिकाउने इसाईहरूको निम्ति सेभेन्थ-डे एडभेन्टिस्ट पास्टरहरू दोषारोपण गर्नेहरू भनेर विश्वास गर्नेछन्। प्रभुले सिधै भन्नुभएको छ, "जसले मलाई सम्मान गर्छन् तिनीहरूलाई म सम्मान गर्नेछु।" परमेश्वरप्रति सत्यवादी र विश्वासीलो हुने र उहाँको शिक्षाको गरिमालाई उचाल्नेहरूलाइ उहाँले निगाहासाथ आफ्नो नजर लगाउनुहुन्छ। - द साइन्स अभ द टाइम्स, मे २०, १८८०।

उहाँका दश आज्ञाहरू कुल्चिनेहरू ख्रीष्टको धार्मिकताको लुगा लगाउन सुहाँउदैन- पाप र धर्मलाई औँल्याउने परमेश्वरको दश आज्ञा मान्नु जरूरी छ भन्ने नीति प्रत्येक क्षेत्रमा विद्वामान छ। कुनै न कुनै तवरले प्रत्येक मानिसको विवेकमा दश आज्ञाको गरिमाले अड्डा जमाएको हुन्छ। तर पापीहरू त्यसबाट स्वतन्त्र हुन चाहन्छन् र विभिन्न सम्पदायका इसाई र इसाई अगुवाहरू आफूहरू इसाई भनेर दावी गर्छन् र बाहिर येशूको धार्मिकताको खोल लगाउँछन् तर परमेश्वरले देखाउनुभएको महान् नीति वा दश आज्ञाहरू जसले कुन ठिक र बेठिक छ भनेर छुट्याउँछन् तिनीहरूलाई तिनीहरूको खुट्टाले कुल्चन्छन्। ती इसाईहरू चाहे कोही विद्यवान र मै हुँ भन्ने धर्मगुरुहरू पापी र ढोँगी वा पाखण्डी हुन्। तिनीहरू राजा बालकसँग मिलेर बालमले परमेश्वरको आराधना गरेको भनेर मानिसहरूलाई झुक्याउँछन्। यस्तो कार्य परमेश्वरको सामु ठूलो आपत्तिजनक छ। - द साइन्स अभ द टाइम्स, डिसेम्बर २, १८८०।

चर्चका सदस्यहरू- पास्टरको भूमिका

असल गोठालाहरूले आफ्ना भेँडाहरूलाई माया गर्छन्- अन्तिम दिनहरूको सत्यलाई बोक्ने पास्टर र सुसमाचार प्रचारकहरू सर्वसाधारण मानिस वा विश्वासीहरूभन्दा केही हदमा फरक भएर आफूहरूलाई प्रस्तुत गर्नुपर्दछ। उनको जीवनले आफू व्यवहारिक रूपमै मूख्य गोठालासँग बिशेष सम्बन्ध कायम गरिरहेको छ भनेर आफ्नो जीवनशैलीले देखाउनुपर्दछ। नक्कल र सक्कल गोठालोको बीचमा आफ्नो धर्मपरायण जीवनले आफू सकल गोठालो हो भनेर देखाइरहनुपर्दछ। हराएकोलाई खोज्न र उद्धार गर्न असल गोठालो आउनुभएको थियो। उहाँले आफ्नो कामद्वारा उहाँको भेँडालाई कस्तो माया गर्नुहुन्छ भनेर देखाउनुभएको थियो। सबै पास्टर वा गोठालाहरू जो मूख्य गोठालोको मातहतमा रहेर काम गर्दछन् तिनीहरू उहाँका यी विशेष चरित्र र मिजासहरूले सजिएको हुनुपर्दछ: तिनीहरू आफ्नो मान नखोज्ने, आफ्नो कदर र सम्मान नखोज्ने नम्र र नरम हृदय भएर अरूको उत्थानको निम्ति आफू झुक्ने चरित्र हुनुपर्दछ। बालकको जस्तो विश्वास र भरोसाले आत्मालाई विश्राम दिन्छ, प्रेमद्वारा घचेडिएर अरूहरूको हितको निम्ति काम गर्दछ र अरूहरूप्रति सधैँ आफ्नो चासो देखाइरहेको हुन्छ। यदि प्रभु येशूको आत्मा, भावना र मर्मले तिनीहरूको हृदय सजिएको छ भने तिनीहरू येशू जस्तै हुनेछन् र येशूले गर्नुहुने काम तिनीहरूले पनि गर्नेछन्। - टेस्टिमोनिज फर द चर्च ५:३७७।

गोठालाहरू तिनीहरूका भेँडाहरूलाईभन्दा आफूहरूलाई बढि हेर्ने हुनसक्छन्- भाइ आर, परमेश्वरको वचनले देखाएको अनुसार चल्दा तपाईको परिश्रम हुनुपर्ने भन्दा बिपरित भइरहेको छ। तपाईँको बोलीवचन र रहनसहनलाई राम्रोसँग वास्ता गर्नुभएको छैन वा होशियारीपना अपनाउनु भएको छैन। कस्तो गोठालो पायौँ भनेर तपाईँका भेँडाहरूले तपाईँको बारेमा चिन्त गर्न वाध्य हुनुपरिरहेको छ। तपाईँ गोठालो भएतापनि तिनीहरूले तपाईँलाई चेतावनी दिनु चाहन्छन्, सच्याउन र अर्ती दिन चाहन्छन् र तपाईँको जथाभावी व्यवहारले

तिनीहरूलाई रुवाइरहेकाछन्। तपाईँ पास्टर हुन्छु भनेर जिम्मेवार बोकेपछि तपाईँ परमेश्वरको प्रवक्ता हुनुभएकोछ। तैपनि तपाईँको बिचरा भेँडाहरूलाई भन्दा आफूलाई बढि पोषिरहनुभएको वा तपाईँ आफ्नो मान बढाउनप्रति अग्रसर भइरहनुभएको छ। मानिसहरूप्रति तपाईँले बोझ महसुस गर्नुभएको छैन अर्थात् तिनीहरूको आत्मिक चासोमा तपाईँले वेवास्ता गरिरहनुभएको छ। पापीहरू पश्चाताप गरेर प्रभुतिर आउन् भनेर तपाईँ रुँदै र प्रार्थना गर्दै परिश्रम गरिरहनुभएको छैन। यदि तपाईँले ती गर्नुभएको भए तपाईँले बिउहरू छर्नुहुन्थ्यो जुन धेरै दिनपछि उम्रेर परमेश्वरको महिमाको निम्ति फल फलाउँथ्यो । - टेस्टिमोनिज फर द चर्च ३:२३४।

जब पास्टरहरू आफै परमेश्वरमा समर्पित छैन र हचुवा चालमा चल्छन् भने सदस्यहरू धेरै निराश र हतोत्साह हुन्छन्- भाइ आर, तपाईँको मामिलामा यस्तै छ। तपाईँ येशूको सेवक पास्टर भएर संसारमा आउने न्यायको बारेमा मानिसहरूलाई चेतावनी दिनुभयो कि भएन भन्ने कामको लेखाजोखा दिनुपर्नेछ। याद गर्नुहोस्, सर्वसाधारण मानिसले आफ्नो रोजीरोटीको निम्ति काम गर्नुभन्दा तपाईँको काम बढि महत्त्वपूर्ण छ, किनकि सर्वसाधारण मानिसहरू यस संसारमा जिउनमात्र काम गर्छन् भने तपाईँ तिनीहरूको अनन्त जीवनको निम्ति काम गरिरहनुभएको छ। आफूले गर्नुपर्ने कर्तव्यबाट बिचलित भएर आफ्नै मिजास र झुकाव वा भावना अनुसार चल्ने पास्टर उनको आत्मिक बल अनुसार नचली आफ्नै सुखसुविधामात्र हेर्ने हुन्छ। अरूहरूको आत्मिक जीवनप्रति आँखा चिम्लेर चलेको हुन्छ। तपाईँ परमेश्वरलाई विश्वासघात गरेर मानिसहरूको आत्मिक जीवनमा वेवास्ता गरेर चलिरहनुभएको हुँदा न्यायको दिनमा ती मानिसहरू तपाईँको विरुद्धमा आवाज उठाउनेछन्। ती मानिसहरूको रगत तपाईँको वस्त्रमा देखिनेछन्। आफ्नो काममा गम्भिर नहुने र प्रभुमा समर्पित नभएको पास्टरमा अस्थिरता, झोकि हुने, आवेगमा चल्ने, काममा वेवास्ता गर्ने वा लगनशील नहुने, चर्चको उत्थान

गर्न नरुचाउने, चर्चलाई विविन्न तर्कहरूले टुक्राउने, निरासामा पार्ने, उदास बनाउने र हतोत्साह गर्ने जस्ता मिजासलाई सानोतिनो ठानेर वेवास्ता गर्छन् तपाईँकै कारण सत्यमा लागेकाहरू तपाईँको विरुद्धमा उठ्नेछन्। मुक्तिको निम्ति परिश्रम गरिरहनेहरूबाटै विश्वास गुमाउनु भनेको धेरै दु:ख लाग्दो कुरो हो। हचुवा भरले काम गरेर मूर्खतापूर्ण स्वभावले चलेका पास्टरले ल्याउने परिणाम परमेश्वरले देख्नुभएको अनुसार देखेन भने उनले कहिल्यै पनि थाहा पाउनेछैन । - टेस्टिमोनिज फर द चर्च ३:२४३।

आफ्नो बगाल लठालिङ्ग पारेकोमा पास्टर गोठालोको जवाफ के छ?- बगालको वरिपरि चाहे इसाई वा एडभेन्टिस्ट भनेर दावी गर्नेहरू किन नहुन् भँडाका पोशाक लगाएक ब्वाँसाहरू घुमिरहेका हुन्छन्। तिनीहरूले ती बगाललाई टुक्राउन र नाश गर्न सुरिरहेका हुन्छन्। ती खतराबाट नजोगाउने हो भने पास्टर गोठालोको औचित्य के छ र? आफ्नो सत्य चर्चबाट बरालिएर दु:ख पाइरहेका र छरिएका सदस्यहरूलाई ब्वाँसो जस्तो ती इसाई भनाउँदा अगुवाहरूले हसुर्नदिने पास्टरले न्यायको दिनमा कुन बहाना देखाएर उम्किने? बरालिन गएका भँडाहरूको बारेमा पास्टरको जवाफ के छ? तिनीहरूले आफ्नो गोठ वा चर्च छोडेका छन् र आफ्नै तालमा हिँडेका छन्। यदि पास्टर गोठालोले आफ्नो बगालको हेरबिचार गर्ने क्षमता छैन भने उनलाई के भनेर मान्ने? आफ्नो बगाललाई विश्वाससाथ रेखदेख गर्न र बिचलित भएकाहरूलाई ठिक बाटोमा ल्याउन सकेन भने त्यस पास्टर गोठालोप्रति भएको विश्वास, भरोसा स्व:त बिलाएर जानेछ। - टेस्टिमोनिज फर द चर्च १:३१४,३१५।

आफ्ना गल्तीहरू स्वीकार्दा चर्चका विश्वासीहरूमा पनि गल्ती स्वीकार्न प्रेरणा दिन्छ- जो परमेश्वरका सेवक भनेर दावी गर्छन् तिनीहरू सबैको सेवक हुनु जरुरी छ। अरूभन्दा आफू ठूलो छु वा मान खोज्ने भन्दा तिनीहरूमा दया, शिष्ट र भद्रता र नम्रताको भावनाहरू हुनुपर्दछ। यदि तिनीहरूले गल्ती गरे भने त्यसको राम्रैसँग

स्वीकार गर्नु जरुरी छ। आफूले नजानी गल्तीहरू गरेको भनेर चुपचाप बस्दा त्यसलाई नस्वीकारी बस्नुको केही बहाना हुँदैन। परमेश्वरका सन्देशवाहकले गल्ती स्वीकार गर्दा उनमाथि विश्वासीहरूको भरोसा कम हुँदैन। बरु उनले असल उदाहरण प्रस्तुत गरिरहेको हुन्छ। चर्चको सामु आफ्नो गल्ती स्वीकार्दा चर्च उत्साहित हुन्छ र त्यसको फलस्वरूप चर्चमा मिठो पुनमिलन हुन्छ। परमेश्वरको शिक्षादीक्षा सिकाउने शिक्षकहरूमा अनुसरणीय स्वभाव र चरित्रहरू हुनुपर्दछ। ती चरित्रहरूमा धर्मपरायणता वा परमेश्वरको धार्मिकताको नीतिमा चल्ने, नम्रता, अरूहरूको भलाइको निम्ति आफू झुक्न सक्ने मिजास, दयालु, करुणा, सदाशयता, मायालु र स्नेही आदि हुन। यी गुणहरूले परमेश्वरका जनहरू सुसज्जित भए तिनीहरूले येशूको निम्ति बाइबललिय सत्यको निम्ति मानिसहरूको मन जित्न सक्छन्। आफ्ना बोलीवचन र व्यवहारमा पास्टर मिलनसार र निश्चल हुनुपर्दछ। उनले कहिल्यै पनि यो बिर्सनुहुन्न की उनले प्रेरणादायी पवित्र परमेश्वरको वचनलाई चलाइरहेका छन्। उनले यो पनि याद गरिराख्नुपर्दछ कि बगालको मामिलाहरू येशूकहाँ ल्याउनुपर्दछ र जसरी येशूले पितासँग हाम्रो बारेमा अनुनय बिन्ती गर्नुहुन्छ त्यसरी नै उनले पनि तिनीहरूको निम्ति अनुनय बिन्ती गरिरहनुपर्दछ। - अर्ली राइटिङ्गस्, १०२।

आफ्नो आत्मिक संवर्धनको निम्ति पास्टरमै भरपर्नुपर्छ भन्ने होइन भनेर पास्टरले आफ्ना चर्चका सदस्यहरूलाई बुझाउन सक्नुपर्दछ- जुन काम गर्नुपर्ने क्षेत्रमा मैले हेरेँ त्यहाँको अवस्था देखेर मेरो हृदय धेरै दु:खित भएको छ। त्यहाँ सुसमाचारको पकड किन छैन? त्यसको अर्थ के हो? येशूका प्रतिनिधीहरू भनेर उभिरहने को हुन्? सत्यलाई नआङ्गालुञ्जेल सुसमाचार सुनाइरहनुपर्ने बोझ कोसँग छ? हाम्रो पास्टरहरू चर्चमामात्र घुमिरहेका हुन्छन् मानौँ दयाको स्वर्गदूले मानिसहरूलाई उद्धार गर्न वेवास्ता गरिरहेकाछन्। अन्धकारमा रहेकाहरूको आत्मालाई सुसमाचार नसुनाउने पास्टरहरूको वेवास्तालाई

परमेश्वरले लेखाजोखा माग्नुहुनेछ। डाक्टरको आवश्यकता नभएको ठाउँमा जान उहाँले तपाईँहरूलाई अन्हाउनुहुन्न। जब तपाईँहरूले चर्चहरू स्थापना गर्नुहुन्छ तब ती चर्चहरूले सधैँ पास्टरहरूले नै सिकाउनुपर्छ भन्ने अपेक्षामा तिनीहरूलाई छोड्नुहुन्न। तिनीहरूसँग सत्य छ; तिनीहरूलाई सत्य के हो सो थाहा छ। सत्यको जरा तिनीहरूमा हुनुपर्दछ। तिनीहरू आफै सत्यमा गहिरिएर जानुपर्दछ ताकि तिनीहरू आत्मिक जीवनमा उच्च भएर जाउन्। तिनीहरू विश्वासमा जरो गाडिनुपर्छ र सत्यमा अडिग हुन अठोट् गर्नुपर्दछ। - एलेन जी ह्वाइट राइटिङ्गस् ८८ १७५२।

चर्चका सदस्यहरू- विश्वासीहरूले खेल्नुपर्ने भूमिका

पास्टरहरूको निम्ति चर्चका सदस्यहरूले घनघोर प्रार्थना गर्नुपर्दछ- भाइ बहिनीहरू हो, महान् क्षेत्रमा परिश्रम गरिरहने पास्टरहरूको निम्ति तपाईँहरूले घनघोर प्रार्थना गर्नुपर्छ भन्ने के बिर्सनुभयो? जब कोही युवाहरू सुसमाचार प्रचार गर्न बाहिर निस्कन्छन् तिनीहरूसँग प्रार्थनामा समय बिताउनुपर्दछ। परमेश्वरले तिनीहरूलाई बुद्धि, अनुग्रह र ज्ञान दिउन् र उहाँसँग तिनीहरूले सम्पर्क जारी गरिराखुन् भनेर प्रार्थना गर्नुहोस्। सैतानको जालोबाट तिनीहरूलाई सुरक्षित राखुन् र तिनीहरूको सोच र हृदय सफार पवित्र राखु भनेर प्रार्थना गर्नुहोस्। परमेश्वरप्रति श्रद्धा राख्दै तपाईँहरूले पास्टरहरूको सत्कारको लागि र स्वाद मेटाउन खानपिनको मात्र बेकारमा धेरै समय र परिश्रम नगर्नुहोस् भनि म हार्दिक अनुरोध गर्दछु। तपाईँका पास्टरहरूको निम्ति मिलिजुली प्रार्थना गरेर परमेश्वरसँग संघर्ष गर्नुहोस्। जसरी हारुन र हुरले मोशाका हातहरू उचालेका थिए, त्यसरी नै तपाईँहरूले तिनीहरूको हात उचाल्नुहोस् - टेस्टिमोनिज फर द चर्च ५:१६२।

चर्चका सदस्यहरू तिनीहरूका पास्टरहरूसँग मिलेर काम गर्नुपर्दछ।

तिनीहरूलाई मात्र बोझ बोकाउने होइन।– मेरा भाइ बहिनीहरू हो, येशूको बलमा भरपर्न म अनुरोध गर्दछु। तपाईँमा भएका अन्यौल, बोझ र दु:खकष्टहरूले तपाईँहरूका पास्टरहरूको काँधमा नबिसाउनुहोस्। तपाईँहरूको बोझ बोक्न येशूकहाँ आउन उहाँले तपाईँहरूलाई आग्रह गर्नुभएको छ। यदि तपाईँ आफैमा भएको अविश्वास र परमेश्वरप्रति समर्पित नभएको बोझहरू तपाईँका पास्टरहरूलाई बोकाउनु भयो भने परमेश्वरको सुसमाचर सुनाउने बोझ र समय तिनीहरूमा भएकोमा तपाईँले झन तपाईँको बोझ थपिदिनुहुन्छ। भाइहरू हो, सत्यलाई खोजि गर्नेहरूलाई सुसमाचार सुनाउने ख्रीष्टका राजदूतहरूसँग मिलेर के तपाईँ काम गर्नुहुन्न र? जब तपाईँ गुनासो गर्न, अविश्वास र निराश हुने बाटोमा अघिसर्दा परिक्षा आउँछ तब तपाईँभन्दा अन्धकारमा परेकाहरूलाई विश्वास र सत्यको बारेमा चर्चा गर्दा तपाईँहरूलाई नै राहत मिल्नेछ। तपाईँका छिमेकीहरूकहाँ तपाईँ जानुहोस् र जसले सुसमाचार कार्यक्रमहरूमा भाग लिन सकेका छैनन् तिनीहरूकहाँ गएर उत्साह दिनुहोस्। पानीहरूमा सत्यका बिउहरू रोप्नुहोस्। जब परमेश्वरका सेवकहरू तपाईँकहाँ भेटघाट गर्न आउँछन् तपाईँहरू अल्छि भएर केही नगरिबसेको भन्ने आभास् नदिनुहोस्, बरू एक जना र बढि मानिसहरूलाई अन्धकारबाट उज्यालोमा ल्याउने काममा तपाईँ संलघ्न भइरहनुभएको छ भनेर होशला दिने खालको कुराहरू सुनाउनुहोस्। यस संसारमा चेतावनी स्वरूप दिएको गम्भिर सन्देश प्रस्तुत गर्ने परमेश्वरका जनहरूमा उहाँको आशिष परोस् भनेर दिनदिनै प्रार्थना गर्ने बानी बसाल्नुभयो भने तपाईँ आफै निराश र शङ्काभन्दा माथि रहने वातावरणमा पार्न सक्नुहुन्छ। परमेश्वरका सेवकहरूसँग तपाईँको प्रार्थना धारिलो हँसिया जस्तै होओस। उहाँका जनहरूको निम्ति हृदयदेखि गरेको प्रार्थना परमेश्वरले सुन्नुहुनेछ। विश्वासको प्रार्थनाले परमेश्वरको पाखुरलाई हल्लाउँछ। - द साइनस् अभ द टाइम्स, सेप्टेम्बर ४, १८७९।

चर्चका सर्वसाधारण विश्वासीहरूले आफूहरूले गर्न सक्ने

काम तिनीहरूका पास्टरले गरोस् भन्ने अपेक्षा गर्नुहुन्न- सर्वसाधारण विश्वासीहरूले गर्न सक्ने कामलाई पास्टरहरूले गर्नु आवश्यक छैन। अरूहरूले गर्न सक्ने काम वा अरूहरूले नगरोस् भनेर आफूहरूले नै गरेर थकान र पेलान हुनु आवश्यक छैन। चर्चमा के काम गर्नुपर्छ वा कसरी सघाउनुपर्छ, समाजमा कसरी काम गर्नुपर्छ र चर्चको उत्थानको निम्ति के गर्नुपर्छ, प्रार्थना सङ्गतिहरू कस्तो रोचक बनाउनुपर्छ र सुसमाचार सुनाउने खुबी कसरी हुनुपर्छ भन्ने कुराहरूमा पास्टरहरूले चर्चका सर्वसाधारण सदस्यहरूलाई सिकाउनुपर्दछ र तालिम दिनपर्दछ। चर्चका सदस्यहरूले पास्टरहरूको क्रियाकलापमा सहयोग गर्नुपर्छ र आफू रहेको क्षेत्रमा सुसमाचारको निम्ति परिश्रम गर्नुपर्छ भन्ने कुरालाई आत्मसात् गर्नुपर्छ। कोही चर्चहरू कमजोर छन् वा थोरै सदस्यहरू छन् भने अरू बहिनी चर्चहरूले सघाउनुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, अक्टोबर १२, १८८६।

चर्चका सदस्यहरू आफ्नो जोश जाँगरको निम्ति तिनीहरूको पास्टरमा भरपर्छ भने तिनीहरूमा जोश जाँगर र शक्ति नै सिथिल हुन्छ- चर्चको सफलता जीवित पास्टरको परिश्रम, जोश र जाँगरमा भरपर्दैन तर चर्चको प्रत्येक सदस्यको धर्मपरायणतामा भर पर्दछ। जब आफ्नो पास्टरनै आफूहरूलाई चाहिने शक्ति, जोश र जाँगरको स्रोत हो भनेर चर्चका सदस्यहरू उनीमाथि भर पर्दछन् तब तिनीहरू आफै असक्षम् सदस्यहरू हुन थाल्दछन्। तिनीहरूले उनकै भावना र आवेगहरूमा चल्न थालेको हुन्छ र उनका तर्कहरूलेमात्र तिनीहरू जब उत्तेजित हुन थाल्छन्। जब त्यो पास्टर तिनीहरूलाई छोड्छन् तब तिनीहरू पहिलाको भन्दा असहाय भएको अनुभव गर्ने छन्। पहिला तिनीहरू आफै सक्रिय भएर चल्दा जस्तो जोश थियो त्यो तिनीहरूमा हराएर गएको तिनीहरूले महसुस गर्न थाल्छन्। म आशा गर्छु हाम्रो देशका कुनै पनि चर्चहरूका सदस्यहरूले आफ्ना आत्मिक जागृति र निर्माणको निम्ति पास्टरमाथि मात्र भरोसा राख्ने नहोस्। यसरी आत्मिक जीवनको निम्ति केवल पास्टरमाथि मात्र भरपर्नु

खतरा छ। विश्वासी भाइ बहिनीहरू, यदि परमेश्वरले तपाईँहरूले केही नयाँ आत्मिक ज्ञान पाउनुभएको छ भने त्यसको निम्ति उहाँलाई धन्यवाद स्तुति चढाउनुहोस्। तर तपाईँ केवल तपाईँहरूको पास्टरको मात्रै सम्मान गरेर उनीमात्र तपाईँहरूको आत्मिक ज्ञानको गुरु हो भनेर उनलाई उचाल्न थाल्नुभयो भने तपाईँहरूको आत्मा सुख्खा हुनेछ। जब चर्चका सदस्यहरू कुनै चर्चको पास्टरको परिश्रम अत्यन्तै खाँचो छ र त्यो पास्टर तिनीहरूसँगै रहनुपर्छ भन्ने सोचमा पुग्छन् तब त्यो पास्टरको सरुवा गर्नु आवश्यक हुन्छ। परमेश्वरले दिनुभएको खुबीहरूलाई सर्बसाधारण विश्वासीहरूले प्रयोग गर्नुपर्दछ। मानिसहरूलाई काम गर्न दिनुपर्दछ। तिनीहरूले पाएको हौशलाप्रति परमेश्वरलाई धन्यवाद दिइहोस्। तिनीहरूले पाएको हौशलाले नै तिनीहरू असल काम गर्न सकेका थिए भनेर तिनीहरूले आफ्नै कामद्वारा देखाउन सकुन्। चर्चको प्रत्येक सदस्य परमेश्वरको निम्ति जीवित र सक्रिय माध्यम हुन सकोस्। तिनीहरू चर्चभित्र र बाहिर सक्रिय हुनुपर्दछ। चर्चका सबै सदस्यहरूलाई आत्मिकरूपमा स्वावलम्बी बनाउनु पर्दछ। तिनीहरू चर्चको पास्टर वा मिशनको अगुवामाथि मात्रै भरपर्ने दिने हुनुहुन्न, नत्र तिनीहरू आत्मिकरूपमा असहाय र बेकार हुन्छन्। चर्चका सबै सदस्यहरूले यो देख्न सकुन् कि पास्टर होइन तर येशू ख्रीष्ट चर्चको मूली हुनुहुन्छ। चर्चका सदस्यहरू येशूको शरिरका अङ्गहरू हुन् र तिनीहरूले आ आफ्नै भाग खेल्नुपर्दछ। यदि तिनीहरूले चर्चमा आफ्नो सक्रियता देखाएर आफ्नो काम देखाएन भने तिनीहरू चर्चका विश्वासीलो सदस्यहरू हुन् भन्न सुहाउँदैन। चर्चको प्रत्येक सदस्यले परमेश्वरले दिनुभएको काम सम्पन्न गरुन्। तिनीहरूले चर्चमा आफ्नो प्रयास यसरी जारी राख्नुपर्दछ कि ख्रीष्टले आफ्नो स्वरूप तिनीहरूमा प्रतिबिम्बित भएको देख्न सकुन्। - द साइन्स अभ द टाइमस्, जनवरी २७,१८९०।

आफ्नो काम र जिम्मेवारीमा लापर्वाही गरेर चल्ने पास्टरहरू र सदस्यहरूले एक आपसलाई हतोत्साह दिन्छन्- लापर्वाही गरेर चल्ने

पास्टरहरूले गर्दा चर्चको सदस्यहरू हतोत्साहीत हुन्छन्। तर चासो नदेखाउने, चर्चको कार्यक्रममा जाँगर नदेखाउने, त्यागी मन नभएका स्वार्थी र धन्यवादी नहुने चर्चका सदस्यहरूले गर्दा पनि पास्टरहरू निरुत्साही भएका हुन्छन्।- टेस्टिमोनिज फर द चर्च ५:२५७।

अलगिने प्रवृत्ति

जब पास्टर र मानिसहरूको बीचमा अलग बस्ने प्रवृत्ति हुन्छ तब त्यस मामिलाको बारेमा लागि तुरन्तै केही गर्नुपर्दछ- येशूमा भावनात्मक भएर सेवा गर्नु भनेको केहो भनेर मानिसहरूको दिमागमा नयाँ आत्मज्ञानले भरिदिनुपर्दछ। यस विषयमा तपाईँहरूलाई परमेश्वरको वचन पढ्न हार्दिक अनुरोध गर्दछु। यदि पास्टरले केही गल्ती गरिरहेको छ भने नम्र र प्रेमले सुसज्जित भएर उनकहाँ जानुपर्छ र के भयो सो उनको सामु भन्नुपर्दछ। उनको काम र नियतको बारेमा तपाईँसँग ठिक ज्ञान नहोला। अनि उनलाई नबुझ्दा उनीप्रति चिसो हुन थाल्दछ र तपाईँको हृदय उनको निम्ति बन्द गर्न थाल्नुहुन्छ। उनीप्रति तपाईँको दृष्टिकोण गलत भएकोले उनले दिइरहेको सन्देश तपाईँको मगजमा घुस्दैन र उनको कामको बारेमा तपाईँले सराहना पनि गर्नु हुन्न। जब पास्टर र सदस्यहरूको बीचमा फाटो हुन्छ तब त्यस बेला केही न केही नराम्रो भइरहेको छ भनेर सोच्नुपर्दछ। त्यो फाटो उनकै कारणले वा चर्चका सदस्यहरूको कारणले हो सो पत्ता लगाएर तुरन्तै सुधार्नुपर्दछ। त्यो फाटो कसले गर्दा भएको हो त्यसको ख्याल गर्नु आवश्यक छैन। चर्चका सदस्यहरू आफूसँग किन चिसो र अलग हुन थालेको हो भन्ने कुरामा पास्टर चुपचाप बस्नु हुन्न। मानिसहरूको हृदयमा आफू किन पस्न सकेको छैन, परमेश्वरको सन्देश सुन्न मानिसहरूले किन वास्ता गर्दैन, उनको निम्ति मानिसहरूका हृदयहरूको ढोका किन बन्द गरियो, मानिसहरूले उनीप्रति किन स्नेह देखाएन र जसको निम्ति परिश्रम गर्न पठाएको हो तिनीहरूसँग किन सङ्गति गर्न सकिरहेको छैन जस्ता प्रश्नहरू

पास्टरको मनमा हुनु अर्थहिन होइन। तर उनले आत्मआलोचना पनि गर्न सक्नुपर्दछ। के उनले कसैलाई केही ठेस पुग्ने गरि भनेका त छैन्न जसको कारण मानिसको दिमागमा चिसो पस्यो? तपाईँले केही त्यस्तो काम गर्नुभयो जसले गर्दा मानिसको चित्त तपाईँले दुखाउनुभयो? कसैले के भन्यो होला वा के गऱ्यो होला तपाईँको चित्त दुखेको छ सो तिनीहरूलाई थाहा नहोला। तब त्यो व्यक्ति तपाईँकहाँ आओस् वा तपाईँ उसकहाँ जानु होस्। तपाईँहरूको बिचमा भएको दोष के हो व्यक्तिगतरूपमा छलफल गर्नुहोस्। र तपाईँहरूको बिचमा थाहै नपाइकन सृजना भएको चिसोपना र तितोपना एक आपसको सदभाव, आदर र प्रेम देखाएर परिवर्तन गर्नै पर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, जुलाइ २५, १८९३।

तपाईँसँग असहमत हुनेसँग सदाशय र दया देखाउनुहोस्- जब पास्टरले प्रचार गर्ने बेलामा श्रोताहरूमा कसैले तपाईँप्रति अनुहार लगाएर तपाईँको वचनप्रति असहमत जनाएको तपाईँले आभास् पाउनुभएको छ भने तपाईँले उसलाई नदेखेको जस्तै गर्नुहोस्। तपाईको वचनमा कसैले हँस्सी उडाउँछ र तपाईँप्रति अशिष्ट हुन्छ भने पास्टरले आफ्नो आवाज र हाउभाउले त्यही खालको मनस्थिति नदेखाउनुहोस्। त्यस खालको हतियारसँग सामना गर्न तपाईँको चासो छैन भनेर देखाउनुहोस्। - टेस्टिमोनिज टु मिनिस्टर एण्ड गस्पल वर्कर्स, २४८।

पास्टरहरूको कार्यअवधी

कतिपय पास्टरहरूको चरित्रमा भएको दोषले गर्दा चर्चका सदस्यहरूले तिनीहरूमाथि विश्वास गुमाउनुभन्दा अघि नै तिनीहरूलाई सरुवा गर्नुपर्दछ- भाइ एफ. जब तपाईँ आफ्नो पास्टरिय काम सुरु गर्नुभयो तब प्रायजसो मानिसहरूले तपाईँप्रति विश्वास देखाएका थिए। तर जब तपाईँको मिजास र चरित्रका दोषसँग तिनीहरू परिचित हुन थाले तब तपाईँप्रति तिनीहरूको विश्वास गुमाउन थालिएका

थिए। यस खालको वातावरण केवल एडभेन्टिस्टहरू मात्र होइन सबै सम्प्रदायका पास्टरहरूमा नभएको होइन। तपाईँ जहाँ भएपनि छोटो अवधिसम्म मात्र काम गर्नुभयो तपाईँको इज्जतमा धक्का हुँदैन। तपाईँले आफ्नो दिलोज्यान दिएर काम गर्ने सिलसिलामा कसैले तपाईँप्रति विरोध जनाए भने तपाईँको कामको व्यस्तताले गर्दा त्यसतर्फ दिमाग लगाउन फुर्सद पनि नहुन सक्छ। जब तपाईँको काम सकिन्छ तब त्यसको बारेमा तपाईँ सोच्न थाल्नुहुन्छ। अनि केटाकेटी जस्तै त्यस व्यक्तिसँग रिस उठाउन थाल्नुहुन्छ र आवेगमा बोल्न थाल्नुहुन्छ जसले गर्दा परमेश्वरको काममा वाधा हुन जान्छ। यही खालको प्रवृत्ति तपाईँले चर्चमा पनि देखाउनुहुन्छ र यसरी चर्चको समाजमा तपाईँप्रतिको सम्मानमा यसरी धक्का लाग्नु थाल्छ कि त्यसको लागि औषधी नै हुँदैन। तपाईँले प्रायजसो केटाकेटीपनाको रिस देखाउनुभएको छ। तपाईँले सुसमाचार सुनाएर मानिसहरूलाई येशूतिर तान्ने क्रममा पनि त्यही खालको प्रवृत्ति देखाइरहनुभएको छ। त्यसले गर्दा तपाईँप्रति नराम्रो प्रभाव परिरहेको हुन्छ। अब तपाईँले दुईवटामा एउटा काम गर्नु जरुरी छ; तपाईँ घरमा, परिवारमा र चर्चमै परमेश्वरमा कि त समर्पण गर्नपर्छ र कोमल र धैर्यता देखाउनुपर्दछ वा तपाईँ त्यस चर्चमा रहिरहनु ठिक हुँदैन किनकि तपाईँको दोषी चरित्र मानिसहरूको सामु उदाङ्ग भएको छ र तपाईँले मान्नुभएको मुक्तिदाताको प्रेम र उहाँको सेवा गर्ने काममा तपाईँले अपमान गर्नुभएको छ वा बेइज्जत गर्नुभएको छ। - टेस्टिमोनिज फर द चर्च ४:३४४।

यदि पास्टरहरू एउटै चर्चमा लामो समयसम्म काम गरिरहे भने मानिसहरूले परमेश्वरलाई भन्दा तिनीहरलाई हेर्ने बानी बसाल्न थाल्दछन- पास्टरहरू एकै क्षेत्रमा बर्षौं बर्षसम्म रहनु ठिक छैन भनेर मलाई देखाइएको थियो। चर्चको कुनै पनि निकाय-कन्फरेन्स, सेक्सन आदिमा धेरै वर्षसम्म त्यही अध्यक्ष पदमा रहनुपनि उचित छैन। उपहारको परिवर्तन हाम्रा कन्फरेन्स, सेक्सन र चर्चहरूको

निम्ति असल छ। कतिपय पास्टरहरू आफूहरू सरुवा हुन चाहेको देखिन्दैनन्, तर यदि तिनीहरूले त्यो सरुवा हुनुको कारण के छ सो थाहा पाएको भए तिनीहरू हट्ने थिएनन्। कतिपयले कमसेकम एक वर्षसम्म त यही क्षेत्रमा काम गर्न देऊ भनेर बिन्ति गर्दछन्। प्रायजसो त्यो अनुरोधलाई माथिल्लो निकायले स्वीकारेको हुन्छ। कतिपय समयमा एक वर्ष बढि काम गर्न पाए धेरै काम गर्न सकिन्थ्यो भनेर तिनीहरूले सोच्दछन्। तर त्यो वर्षको अन्त्यमा पहिलाको भन्दा खराब अवस्था हुन गएको हुन्छ। यदि पास्टरले आफ्नो जिम्मेवारी विश्वास र भरपर्दोसाथ काम गरेन भने एक वर्ष थप भएर पनि उनले सुधार्न सक्छन् भन्ने छैन। कतिपय समयमा चर्चहरूले एकै जना मानिसको व्यवस्थापनमा चल्न बानी बसालेको हुन्छ, त्यसको फलस्वरूप तिनीहरूले परमेश्वरलाई भन्दा त्यस पास्टरलाइ हेर्न थाल्दछन्। - गस्पल वर्कर्स, ४२०।

कन्फरेन्स (वा सेक्सन अर्थात् चर्चको माथिल्लो निकाय)

माथिल्लो निकायका पदाधिकारीहरूले स्थानीय पास्टर वा गोठालाहरूलाई लापरवाही साथ व्यवहार गरेको कहिलेकाहीँ पाइन्छ- हामी पापी र अयोग्य मानव जाति भएतापनि ख्रीष्टसँगको सक्रिय सम्बन्धमा राखिरहँदा हामी उहाँको ज्ञान र सच्चा पवित्रतामा दिनदिनै नविकरण भइरहन सक्छौँ। यसले गर्दा हाम्रो सृष्टिकर्ता र मुक्तिदाताको महिमा र स्वरूपलाई प्रतिबिम्बित गर्न सक्छौँ र उहाँका भेँडा र पाठाहरूलाई स्याहार गर्न हामी सक्षम् हुन सक्छौँ। भेँडा र पाठाहरूलाई मात्र कतिपय समयमा कठोर व्यवहार गरेको देखिन्छ, तर तिनीहरूलाई मात्र होइन गोठालाईहरूलाई पनि लापरवाही साथ व्यवहार गरेको देखिएको छ। तिनीहरूको बारेमा यस्तो तल्लो स्तरमा गएर मूल्याङ्कन गरेको हुन्छ कि परमेश्वरले अभिषेक गर्नुभएको पास्टरहरूलाई दिनुपर्ने सम्मान वा शिष्टतामा माथिल्लो र तल्लो निकायमा कमी देखिएको पाइन्छ। परमेश्वरको वचन सुनाउने र

वर्षौंसम्म उहाँको लागि काम गर्नेहरूलाई दिनुपर्ने आदर चर्चका सदस्यहरूकै दिमागमा चिसो भइरहेको वा देखुन भनेर प्रभाव दिएको पाइन्छ। तर पास्टरहरू र परमेश्वरको परिवारका सदस्यहरूलाई चर्चका माथिल्लो वा तल्लो निकायहरूले नराम्रो व्यवहार गर्ने बानीमा परिवर्तन हुनुपर्दछ। परमेश्वरसँग मिलेर काम गर्नेहरूलाई कम आदर गरेर देखाउने कसैलाई पनि उहाँको आशिषको उपभोग गर्न पाउँदैन। - द रिभ्यु एण्ड हेराल्ड, अक्टोबर २४, १८९३।

चर्चका सहकर्मीहरूबाट स्वतन्त्र भएर पास्टरले आफू खुशी निर्णय गर्नुहुन्न - हामी प्रत्येकलाई व्यक्तिगत काम र व्यक्तिगत उत्तरदायित्व परमेश्वरले दिनुभएको छ, तर चर्चको हितको निम्ति सहकर्मी दाजुभाइ दिदीबहिनीहरूले जे भनेतापनि वा नभनेतापनि हामी आफैले स्वतन्त्र मूल्याङ्कन, निर्णय वा फैसलामा काम गर्नुहुन्न। यसले गर्दा चर्चमा गडबड उत्पन्न हुन्छ। तिनीहरूका सहकर्मीहरूको निर्णयलाई सम्मान गर्नु पास्टरहरूको कर्तव्य हो। तिनीहरूको बीचको सम्बन्ध र शिक्षादीक्षा दिने काममा कसैले पनि जाँच्नु आवश्यकता पर्दैन। यदि हाम्रा हृदयहरू शिक्षा, अर्ति वा सुझावहरू लिन तयार छन् भने हामीमा कुनै मतभेद वा एक आपसमा अलग भएर बस्नै प्रवृत्ति हुँदैन। कतिपय एडभेन्टिस्टहरू नियममा बस्न नचाहेको देखाइएको छ, र हाम्रो आस्थाका खम्बाहरूबाट बिचलित भएका छन्; सारा पास्टर र अगुवाहरू एउटै आत्मा र एउटै शिक्षामा एक होउन् भनेर परमेश्वरले आफ्नो गति चालिरहनुभएको छ - टेस्टिमोनिज टु मिनिस्टर्स एण्ड गस्पल वर्कर्स, ३०।

पास्टर अध्यक्ष

पास्टर र चर्चका माथिल्लो निकायका पदाधिकारी वा अध्यक्षहरूसँग तालमेल हुनै पर्छ- हाम्रो कन्फरेन्सका पास्टर र अध्यक्षहरूको बीचमा तालमेल हुनै पर्छ भनेर परमेश्वरले मलाई विगत ४० वर्षदेखि

देखाइरहनुभएको छ। कन्फरेन्सको अध्यक्षले परमेश्वरसँग मिलेर परिश्रम गर्नेहरूलाई आदर दिने काममा होशियारी हुनुपर्दछ। एकै जनाको दिमाग र निर्णयले कसैलाई नियन्त्रण गर्नुहुन्न। जो पास्टरहरू अध्यक्षसँग मिलेर काम गर्दछन् तिनीहरूलाई आदर देखाउनुपर्दछ र माया गर्नु पर्दछ; आलोचना र गुनासो गर्ने बानी परमेश्वरका जनहरूको बीचमा हुनुहुँदैन। एक आपसमा हुने डाहा, ईष, चरित्र हत्या गर्ने खालका अफवाहहरू र गिराउने खालका प्रवृत्तिहरू हृदयदेखि नै निकाल्नुपर्छ। विश्वासी विश्वासीको बीचमा र चर्चका पदाधिकारीहरूको बीचमा हुने बादविवाद, मतभिन्नता र एक आपसलाई गिराउने बोलीवचनहरूले परमेश्वरको आत्मालाई अत्यन्तै दु:खित पार्दछ। चर्चको उन्नति र हाम्रो परिश्रमलाई सफल बनाउन परमेश्वरको निम्ति काममा खट्ने विश्वासी दाजुभाइदिदीबहिनीहरूका बिचमा एकता हुनैपर्छ। चर्चका पास्टर र पदाधिकारीहरू सबै जना हामी जस्तै इमान्दारी र आफ्नो मान नखोजिकन परिश्रम गरिरहेकाछन्। कतिपयको चरित्र वा स्वभावमा एकनास नहोला, तर ख्रीष्टको निम्ति मिलिजुली काम गर्नेहरूप्रति परमेश्वर खुशी हुनुहुन्छ। यो दुख लाग्दो छ कि कतिपय पास्टर वा अगुवाहरू नै आफ्नो तर्क र निर्णयलाई अरूहरूले नमानेकोले एक आपसमा टाढा रहन मन पराउँछन्। - द जनरल कन्फरेन्सी बुलेटिन, फेब्रुअरी ११, १८९५।

कन्फरेन्सका अध्यक्षहरूले पाष्टरहरू कसरी मिलिजुली काम गर्नुपर्छ सो कुरामा उत्साह दिरहनुपर्दछ- कन्फरेन्सका अध्यक्षहरूमा तिनीहरूको जिम्मेवारी के हो त्यसप्रति चासो देखाउन कसरी प्रेरित गराउने? तिनीहरूलाई दिएको पदले तिनीहरूको जिम्मेवारी झन चर्को भएर बढेको छ भनेर तिनीहरूले महसुस गर्नु जरुरी छ। यदि कन्फरेन्स वा उच्च निकाएका अध्यक्षले आफ्नो दक्षता र कौशलतालाई प्रयोग गरेर पास्टरहरूले गर्नुपर्ने काममा सहयोग हुने योजनाहरू बनाए र त्यसको निम्ति आफूसँग भएको स्रोतहरूलाई परिचालन गरेको भए प्रत्येक कन्फरेन्समा ठूलो परिवर्तन आउन

सक्छ। स्वर्गमा सबै मानिसहहरूको कामलाई गम्भिर हुँदै केलाएर निर्णय गरिनेछ भन्ने कुरालाई के ती पदाधिकारीहरूले महसुस गरेका छन् त? जब हाम्रो प्रभु स्वामी जानुभयो तब उहाँले प्रत्येक युगको मानिस र प्रत्येक पुस्तालाई काम दिएर जानुभएको थियो; र उहाँले भन्नु हुन्छ, "काममा लागिरहनु।" येशूको ती शब्दहरूको अर्थ हाम्रा पास्टरहरूले कति बुझेका छन् त? ती शब्दमा तिनीहरू र मृत्युको बीचमा केवल एक कदममात्रछ। तिनीहरूको भरोसामा राखिएको पवित्र जिम्मालाई निरन्तररूपमा बुद्धिमानीसाथ सुधार गर्दै लानुपर्छ र त्यसको लेखाजोखा दिनुपर्छ भन्ने कुरालाई के तिनीहरूलाई थाहा छ? दुरुपयोग गरेका दक्षता र प्रतिभाहरू, बेकारमा घन्टौँसम्म समय खेर फाल्ने बानी, पाएका अवसरहरू गुमाउने, गर्नुपर्ने काम नगर्ने, घाइते र बिरामी चर्चहरूलाई आवश्यक समयमा चाहिँदो खँदिलो खाना नख्वाउँदा चर्चका पास्टर र अगुवाहरूले नै चर्चलाई अधोगतिमा पुऱ्याइरहेकाछन्। - अपिल एण्ड सजेसन्स टु कलफरेन्स अफिसरस् (पिएच २) २०,२१।

कन्फरेन्स (वा सेक्सन)को अध्यक्षको काम आफू खट्ने होइन तर चर्चको उच्चतम हितको निम्ति अरूहरूले काम गरिरहेकाछन् कि भनेर रेखदेख गर्ने हो- लडाकु पाराले काम गरिरहने चर्च विजयी वा सफल चर्च होइन, तर परमेश्वरमा समर्पित गल्ती गर्नेहरू नै किन नहोस् पुरुष र स्त्रीहरूको जमात हो। जसरी सेनामा सैनिकहरू सक्रिय कामको निम्ति तालिम लिनुपर्दछ र अनुशासनमा बस्नुपर्दछ, त्यसरी नै ख्रीष्टका सिपाहीँहरूलाई शिक्षित बनाउनुपर्दछ र उहाँको कामको निम्ति उपयोगी बनाउनुपर्दछ। अरूहरूलाई काममा खटाउनुभन्दा कन्फरेन्स (वा सेक्सन) को अध्यक्षले आफै काम गर्नु सजिलो होला, तर उनको क्षेत्रको रेखदेख गर्ने उनको कर्तव्य हो र सबै जना उच्चत्तम हितको निम्ति काम गरिरहेका छन् भनेर हेर्नु हो। जवान युवायुवतीहरू आफ्ना दक्षता, प्रतिभा, खुबीहरूलाई प्रयोग गरेर भविष्यको निम्ति उपयोगी हुन आफूहरूलाई तयार गर्नुपर्दछ। पाको र अनुभवी पास्टहरूले अरूहरूले गर्ने कामलाई

आफैले गरेर आफ्नो बललाई घटाइरहनु आवश्यक छैन। चर्चका भावी अगुवा युवायुवतीहरूलाई पर्याप्त जिम्मा दिएर काम गर्ने वातावरण बनाउनु पर्दछ कि तिनीहरू जहिले पनि चर्चका पास्टर वा पाको अनुभवी भएकाहरूले के गर्नुपर्छ भनेर अन्हाइरनुहोस। - द रिभ्यु एण्ड हेराल्ड, अप्रिल २२, १८८४।

कन्फरेन्स (वा सेक्सन) अध्यक्षहरूले पास्टरहरूलाई आफ्ना सदस्यहरूलाई शिक्षित बनाउन शिक्षा दिनुपर्दछ- प्रदेशीय कन्फरेन्सकाको अध्यक्षले उनको जिम्मवारी अनुसार उनको मातहतमा रहेका पास्टरहरूलाई शिक्षित बनाइरहनुपर्दछ। तिनीहरू दुवै मिलेर चर्चका सदस्यहरूलाई पनि आवश्यक आत्मज्ञानका शिक्षाहरू दिइरहनुपर्दछ। स्थानीय चर्चमा केही कठिन परिस्थितिहरू उब्जियो वा मतभेदहरू भयो भने अरू क्षेत्रका पास्टरहरूलाई बोलाएर त्यसको समाधानको बाटो खोज्नुपर्दछ। यदि कन्फरेन्सका पदाधिकारीहरू परमेश्वरको विश्वासीलो, भरपर्दो सेवकहरू भएर परमेश्वरले दिनुभएको अभिभारा अनुसार काम गरे भने हाम्रा कन्फरेन्सहरू अन्यौलताका बन्धनहरूमा लाग्ने थिएन। यदि परमेश्वरको ठोस र जिम्मेवारी व्यक्तिहरू एक आपसमा मिलेर काम गरे चर्चमा कठिन परिस्थितिहरू आउँदा पनि मानिसहरू निराश हुने थिएन - गस्पल वर्कर्स, ४१९।

तपाईको अध्यक्षलाई हौशला दिनुहोस। जब उनले भुल गर्दछन् तब उनीप्रति सदाशयता देखाउनुहोस्- जब तपाईँको अध्यक्षले केही काममा वेवास्ता गरे र गर्नुपर्ने काम गरेन भने तपाईँ पास्टर भएको हैशियतले उनलाई हौशला दिने मनस्थितिमा तपाईँ रहनुभएको छैन। जो परमेश्वरको मानिस भनेर उनको माथिल्लो निकायमा बसिरहेको हुन्छ उनले परिस्थिति अनुसार तपाईँको अध्यक्षलाई सच्याउनुपर्दथ्यो, अर्ती दिनुपर्दथ्यो र हौशला दिनुपर्दथ्यो। उनको माथिल्लो निकायले उनको बारेमा के भन्छ सो स्वीकार्ने वा नस्वीकार्ने तपाईँको काम होइन। तर कतिपय समयमा जब उनी निराश भएका थिए। तपाईँ परमेश्वरको

विश्वासीलो पास्टर भएको हैशियतले तपाईँलाई चाहिने सहयोग उनले दिन सकेन्न। तपाईँलाई परमेश्वरको बाटोमा अघि बढाइरहने काममा उनले चासो देखाएन्न र समय अनुसार तपाईँको काम औँल्याउन, शिक्षा दिने र अगुवाइ गर्ने काममा उनी असफल भए। तर तपाईँ पास्टर भएको हैशियतले तपाईँको अध्यक्षले तपाईँप्रति देखाएको वेवास्तालाई तपाईँ हतोत्साह हुनुहुँदैन। उनको चर्तिकलाले तपाईँले गर्नुपर्ने काममा वेवास्ता गर्न तपाईँले कुनै पनि बहाना बनाउनुहुँदैन। तपाईँबाट नै झन बढि जोश, जाँगर, बफादार, इमान्दारीको अपेक्षा गरिएको हुन्छ। - टेस्टिमोनिज फर द चर्च ५:२८१।

कन्फरेन्स (वा सेक्सन) अध्यक्षलाई नियुक्त गर्न ठूलो होशियारी अपनाउनुपर्दछ- हाम्रा पास्टरहरूको अभिषेक र तिनीहरूको काम र कर्तव्यको बारेमा परमेश्वरले मलाई धेरै कुराहरू देखाउन उहाँ धेरै खुशी हुनुभएको थियो। त्यही सन्दर्भमा हाम्रा कन्फरेन्सहरूका अध्यक्षहरू कसरी नियुक्ती गर्ने भन्ने नीतिहरू पनि उहाँले मलाई देखाउनु भएको थियो। अध्यक्ष जस्तो गरिमामय र जिम्मेवारी, विश्वसनीय देखाउने पदमा चुन्नुपर्दा ठूलो होशियारी अपनाउनु पर्दछ। परमेश्वरबाट इस्वरीय ज्ञानबुद्धिको निम्ति घोर प्रार्थना गर्नुपर्दछ। परमेश्वरको बगाललाई रेखदेख गर्न नियक्त गरिएका व्यक्तिहरू प्रशंसनीय चरित्रको हुनुपर्दछ, तिनीहरू केवल बाइबलको ज्ञानमामात्र निपुण छ भनेर देखाउने होइन तिनीहरूमा विश्वासको अनुभव परिपक्व छ भनेर देखाउनुपर्दछ, सत्यको प्रतिवाद गर्नेलाई धैर्य र नम्र भएर सिकाउन जान्नेहरू हुनुपर्दछ। तिनीहरू इमान्दारी र काममा परिपक्वता देखाउने हुनुपर्दछ; तिनीहरू खेलाँची र हचुवाको भरमा चल्ने खालको हुँदैन, तिनीहरू वौद्धिकस्तरमै बाइबलको विद्यार्थी हुनुपर्दछ, अरूहरूलाई पनि सिकाउन सक्ने हुनुपर्दछ। बाइबलको ढुकुटीबाट नयाँ र पुराना धन निकाल्न सक्ने हुनुपर्दछ। तिनीहरू चरित्रवान, बोलीको मानिस, आफ्नो लुगा लगाउनेमा भद्र हुनुपर्दछ। तिनीहरूको रहनसहनले नै ख्रीष्टको काममा सम्मान वा इज्जत

बढाउने खालको हुनुपर्दछ। तिनीहरूले सत्यलाई सिकाउन जान्ने हुनुपर्दछ, सत्य अनुसार नै जीवन जिउने र येशूको कदमा अघि बढिरहने हुनुपर्दछ। त्यसको अर्थ उनमा भएका सबै दक्षताको बिकाश गर्नुपर्दछ र बलियो बनाउनुपर्दछ र तिनीहरूलाई प्रयोगमा ल्याउनुपर्दछ। त्यसले गर्दा जुनसुकै काम आएतपनि र जतिसुकै कामको बोझ तिनीहरूमाथि परेपनि तिनीहरू बोक्न सक्ने हुनुपर्दछ। - गस्पल वर्कर्स, २३२।

आफ्नो नेतृत्वकलामा अध्यक्षहरू कहिलेकाहीँ कठोर, नलचकिने र संकुचित हुन सक्छन्- कन्फरेन्सको अध्यक्ष भाइ एम, तपाईँले आफ्ना साधारण व्यवस्थापनमा तपाईँलाई दिएको जिम्मेवारी राम्रोसँग बहन नगरेको देखाइएको छ। तपाईँ धेरै परम्परावादी हुनभएको र तपाईँका तर्कहरू संकुचित भएको तपाईँले देखाउनुभएको छ। तपाईँले गर्नुपर्ने काममा आधा पनि गर्नुभएको छैन। यदि तपाईँले आफ्नो काममा जोश, जाँगर र सत्यनिष्ठ देखाउनु भएको भए पूरै काम गर्न सक्नुहुन्थ्यो। अहिलेको भन्दा तपाईँ बढि दक्ष र धेरै अनुभवी हुनसक्नुहुन्थ्यो। तपाईँमाथि नै ठूलो भरोसा राखेर यस पुनीत वा पवित्र र महान् काम गर्न तपाईँलाई नियुक्त गरिएको थियो। तपाईँको व्यवस्थापन वा काममा सफल पार्न तपाईँ राम्रोसँग तयारी हुन सक्नुहुन्थ्यो। तर तपाईँको क्षेत्रमा रहेका अरू पास्टर भाइहरूले जस्तै परमेश्वरको काममा अघि बढ्न तपाईँ असफल भइरहनुभएको छ; तपाईँको हृदयमा पवित्र आत्माले गहिरो गरि प्रभाव पारेको छ भनेर तपाईँले देखाउन सक्नुभएको छैन, जसले गर्दा आफ्ना जनहरूलाई तपाईँद्वारा परमेश्वरले बोल्नु भएन र तपाईँको त्यस संकट मनस्थितिले गर्दा तपाईँका चर्चहरूमा शङ्का र निराश उब्जीरहेका छन्। तपाईँकै कारण मानिसहरू हर्षोउल्लाससाथ जाँगरिलो भएर अरू पास्टरहरू र विश्वासीहरू अघि बढ्न सकेका छैनन्। त्यसको लागि परमेश्वरले तपाईँलाई जिम्मेवारी ठहराउनुहुनेछ। के सहरमा तपाईँका पास्टरहरूले हात हाल्नुहुन्न भनेर सिकाउन परमेश्वरले

तपाईँलाई स्पष्टरूपमा देखाउनुभएको छ? त्यस सहरमा ख्रीष्टका हातहरू राख्नुभएको छ भनेर के तपाईँलाई थाहा छैन? यदि तपाईँ परमेश्वरको ज्योतिमा उभिरहनुभएको छ भने तपाईँको विश्वासद्वारा त्यस लक्ष्यमा अघि बढ्नु अरु भाइहरूलाई हौशला दिनुहुनेछ - टेस्टिमोनिज फर द चर्च ५:३७०।

अरू पाष्टरहरू भन्दा कन्फरेन्स (सेक्सन) अध्यक्षहरू पवित्र जीवन बिताउन बढि अनुसरणीय हुनुपर्दछ- कन्फरेन्सका (वा सेक्सन) का अध्यक्षहरू परमेश्वरको काममा पूरै भरोसा राख्न सक्ने खालको हुनुपर्दछ। तिनीहरू इमान्दारी, निस्वार्थी, परमेश्वरमा समर्पित, सक्रिय इसाईहरू हुनुपर्दछ। यदि तिनीहरूमा ती गुणहरूमा कम भयो भने तिनीहरूका मातहतमा भएका चर्चहरूको उन्नति र बृद्धि हुनेछैन। अरू कुनै पास्टरहरूभन्दा तिनीहरू पवित्र जीवन र निस्वार्थी भएर जिएर देखाउनुपर्दछ। तिनीहरू परमेश्वरको काममा उत्साहित भएर चासो देखाउने हुनुपर्दछ ताकि तिनीहरूलाई उदाहरणको रूपमा हेर्ने मानिसहरू विचलित नहुन्। तर कतिपय समयमा तिनीहरू दुवै परमेश्वर र सैतान दुवैलाई सेवा गर्न खोजिरहेको पाइन्छ। तिनीहरूमा त्यागको भावना छैन। तिनीहरू आफ्नो मानमात्र खोज्ने प्रवृत्ति छ। मानिसहरू सुसमाचार सुनुन् भन्ने बोझ तिनीहरूमा छैन। तिनीहरूको विवेक संवेदनशील छैन; जब परमेश्वरको कामलाई असफल बनाउँछ तब तिनीहरूको दिलमा चोट लागेको हुँदैन। तिनीहरूको हृदयमा परमेश्वरले दिनुभएको गवाहीहरू (एलेन जी. ह्वाइटका लेखहरू) को बारेमा प्रश्न गर्छन् र शङ्का उठाउँछन्। तिनीहरू आफै ख्रीष्टको क्रूस बोकिरहेका हुँदैनन्। तिनीहरूको हृदयमा येशूप्रतिको मोह छैन। तिनीहरूले रेखदेख गर्न दिएको बगालको निम्ति तिनीहरू विश्वासिलो र भरपर्दो गोठालाहरू भएका छैनन् भनेर तिनीहरूले प्रमाणित गरिरहेका छन्। तिनीहरूको बारेमा राखिएको लेखामा परमेश्वरको दिनमा खुशी हुने कारण हुँदैन। - टेस्टिमोनिज फर द चर्च ५:३७९, ३८०।

जो कन्फरेन्स (वा सेक्सन) का अध्यक्षहरू परमेश्वरकहाँ साना

बालकहरू झैं आउँछन् तिनीहरूलाई परमेश्वरले ज्ञानबुद्धि दिनुहुन्छ- कन्फरेन्सका अध्यक्षज्युहरू, यदि तपाईंहरू परमेश्वरकहाँ आउने निर्णय गर्नु भयो भने तपाईंहरूले धेरै ज्ञानबुद्धि पाउनुहुनेछ। उहाँलाई विश्वास गर्नुहोस्। उहाँले तपाईंहरूका प्रार्थनाहरू सुन्नुहुनेछ। तपाईंलाई सहायता गर्न उहाँ तपाईंकहाँ आउनुहुनेछ। तपाईंहरू सर्बसाधारण वा विज्ञ मानिसहरूकहाँ गएर घन्टौंसम्म यात्रा गरेर, धेरै पैसा खर्च गरेर बुद्धि खोज्नुभन्दा परमेश्वरले नै तपाईंलाई तिनीहरूको भन्दा उत्तम बुद्धि दिनुहुन्छ। उहाँले नै तपाईंको निम्ति निर्णय गर्न सक्नुहुनेछ। उहाँले यो प्रतिज्ञा गर्नुभएको छ, "यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्कीकन दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ।" याकूब १:५। यदि तपाईंहरूले इमान्दारिसाथ आफ्ना हृदयहरूलाई नम्र बनाउँदै उहाँकहाँ झुक्दै आउनुभयो र आफूलाई आफ्नो मान खोज्ने प्रवृत्ति रिक्त पारेर आफ्ना स्वभाव वा चरित्रका स्वभाविक खोटहरू र दमन गर्ने आफ्नो प्रवृत्तिलाई पन्छाउनुभयो भने, र परमेश्वरकहाँ साना बालकहरू जस्तै भएर आउनुभयो भने उहाँले तपाईंहरूलाई उहाँको पवित्र आत्मा प्रदान गर्नुहुनेछ। जब दुई वा तीन जना कुनै कुरामा सहमत भएर प्रभुसँग येशूको नाउँमा प्रार्थना गरे भने उहाँले तिनीहरूको मनोरथ पूरा गरिदिनुहुनेछ। -टेस्टिमोनिज टु मिनिस्टर एण्ड गस्पल वर्कर्स, ३२३,३२४।

तलब

ढुकुटीमा थोरै पैसा छ भन्दैमा परमेश्वरको काममा पूरै खट्नेहरूलाई कम पारिश्रमिक दिनुहुँदैन- तलब दिने कुरामा छुच्चा हुनुको सट्टा यो याद गर्नुपर्दछ कि "परिश्रम गर्नेहरू पारिश्रमिकको निम्ति योग्य छन्" (लूका १०:७)। परमेश्वरको सामु पैसा वा दशांस र भेटीको मामिलामा पारदर्शी हुनुपर्छ भनेर चर्चका सदस्यहरूलाई सिकाउनु पास्टरको कर्तव्य हो। यदि तिनीहरूले दशांस र भेटीहरू दिएन

भने तिनीहरूले परमेश्वरलाई धेरै नराम्रोसँग लुटिरहेका छन् आभास् तिनीहरूलाई दिनुपर्दछ। जब परमेश्वरको निम्ति काम गर्नेहरूलाई दिनुपर्ने तलबको बारेमा लेखा जोखा गर्नुपर्छ तब ढुकुटीमा पैसा छैन भनेर तिनीहरूलाई थोरै पैसा दिएर जबरजस्ती चित्त बुझाउन खोज्नुहुन्न। यस कुरामा धेरैलाई अन्याय भइरहेको छ। जसरी जागिर खाने मानिसहरूको तलब नदिइकन राख्छन् र त्यसलाई अपराध मानिन्छ त्यसरी नै प्रभुको निम्ति काम गर्नेहरूलाई तलबको विषयमा अन्याय गर्नेहरू परमेश्वरको सामु अपराधी हुन जान्छन्। -टेस्टिमोनिज फर द चर्च ५:३७४।

नपुग्ने तलबहरू दिँदा पास्टरहरूलाई अपमान वा अनादर गरिएको ठहरिन्छ- जब आयस्रोतहरूको लेखा जोखा गरिन्छ वा अडिट गरिन्छ तब स्वार्थी मानिसहरूले आफ्नो कलम चलाएर कर्मचारीको तलब सिमित राख्दछ वा घटाउँछ तब उसलाई निराश र उदाश बनाउँछ। प्रत्येक पास्टरलाई चाहिँदो तबल दिनुपर्दछ ताकि उनले गर्ने काममा केही लगानी गरोस् र परमेश्वरको काममा जोश र जाँगरसँग अघि बढ्न सकोस्। उहाँले हामीलाई भन्नुभएको छ, "मकै निकाल्ने गोरुको मुखमा बुजो नलागाउनु।" यो चित्रण परमेश्वरको आँखाको सामु हामीलाई दिइएको छ। परमेश्वरको काममा खट्नेहरू गोरुले जस्तै खट्छन्। तिनीहरूले यस संसारकै कुराहरूमामात्र अलमलिन चाहनेहरूका दिमागहरू उचाल्न परिश्रम गर्दछन्। ती मानिसहरूलाई परमेश्वरले प्रेम गर्नुहुन्छ र तिनीहरूको अधिकारबाट तिनीहरू बंचित भएको परमेश्वर चाहनुहुन्न। - इस्ट मिशिगन बानर, मार्च २९, १९०५।

चर्चका अरू कर्मचारीहरू

चर्चमा भएको विभिन्न दक्षता र प्रतिभा भएका दिमागहरूलाई उहाँको काममा मिसिन प्रवन्ध गर्नुभएको छ- परमेश्वरको कामलाई कुनै

मानिस, न त शिक्षक, न त पास्टर, न त डाक्टर, न त विद्यानले मात्र सम्पूर्णता दिन सक्छ भनेर आशा गर्न सकिन्छ। अर्थात् चर्च चलाउन वा सुसमाचार फैलाउन एक्लैले गर्न सकिन्छ भन्ने कसैले पनि आँट गर्नुहुन्न। परमेश्वरले प्रत्येक मानिसलाई कुनै न कुनै दक्षता वा खुबीहरू दिनुभएको छ। मानिसहरूमा भएका विभिन्न दक्षता, खुबी, प्रतिभा र दिमागहरू परमेश्वरको सेवामा मिसाउन वा संलघ्न हुन उहाँले नै अभिषेक गर्नुभएको छ। विभिन्न दिमागहरू भएका चर्चका सदस्यहरू एकै थलोमा रहेर काम गऱ्यो भने आ आफ्ना दिमाग जागृत हुनसक्छ र क्षमताहरू पनि बढ्न सक्छन्। एक जनामा भएको दक्षता वा खुबीको कमीलाइ अर्कोमा भएको बिशेष दक्षता वा खुबी मिलाएर परमेश्वरको काममा अघि बढाउन सकिन्छ। - काउन्सिल टु पारेन्टस्, टिचर्स, एण्ड स्टुडेन्टस्, ५२१।

पास्टर, शिक्षक, मेडिकल मिसिनेरी र सुसमाचार तथा स्वास्थका पुस्तकहरूको विक्रेताहरूको बीचमा सदभावना, आदर हुनुपर्दछ र सराहना गर्नुपर्दछ- सुसमाचारको माध्यमबाट सारा संसारलाई चेतावनी दिन परमेश्वरले नै प्रबन्ध गर्नुभएको थियो। विश्वासिलो शिक्षक परमेश्वरको बगालको गोठालो भनेर बाइबलमा उल्लेख गरिएको छ। त्यस शिक्षकलाई आदर गर्नुपर्छ र उनको कामलाई प्रशसा गर्नुपर्छ। त्यसरी नै सच्चा मेडिकल मिसिनेरीको काम पनि सुसमाचार फैलाउने काममा बाँधिएको हुन्छ। सुसमाचार र स्वास्थ्यका पुस्तकहरू बेच्ने पनि मेडिकल सेवाकार्य र अरू सेवाकार्यहरूमा समावेश हुनुपर्दछ। -टेस्टिमोनिज फर द चर्च ६:३२३।

मेडिकल मिसिनेरी वा स्वास्थकर्मीहरू

मेडिकल मिसिनेरी वा स्वास्थकर्मीहरू र सुसमाचार प्रचार गर्ने काममा अलग हुनु हुन्न- स्वास्थकर्मीहरू सुसमाचार प्रचारको सेवाकार्यसँग हातमालो गरेर अघि बढ्नुपर्दछ। परमेश्वरका सबै

जनहरू एक भएर हिँड्नुपर्दछ। उहाँको काममा कोही पनि अलग भएर चल्नुहुँदैन। चर्चका विभिन्न सेवाग्राही निकायहरू इमान्दारी भएतापनि समय र स्रोत उपयोग गरेर आ आफ्नै लक्ष्यमा मात्र अघि बढिरहेको देखिन्छ। यसो गर्नु प्रभुको चाहना होइन। उहाँले पहिला बाऱ्ह जना चेलाहरूलाई सुसमाचार प्रचार गर्न पठाउनुभयो त्यसपछि सत्तरी जनालाई पठाउनुभएको थियो। उहाँले तिनीहरूलाई केवल सुसमाचार प्रचार गर्नमात्र होइन बिरामीहरूलाई निको पार्न र भुतहरूलाई उहाँको नाउँमा निकाल्न शक्तिसम्पन्न गराउनुभएको थियो। सुसमाचार सुनाउने र बिरामीहरूलाई निको पार्ने कामलाई अलग राख्नुहुन्न। ती दुई कामहरूलाई फरक पार्न सैतानले अनेकौँ उपायहरू तेर्साउन सक्दछ। सैतानको योजना अनुसार हामी बिचलित भएर चल्नुहुन्न। मेडिकल मिसिनेरी काम तेस्रो स्वर्गदूतको सन्देशसँग सम्बन्ध राखेर चल्नुपर्छ जसरी हातसँग शरीर जोडेर चल्दछ। चर्च र चर्चले गर्ने सेवाकार्यहरूसँग सम्बन्ध राखेर चलुञ्जेल सम्म मेडिकल मिसिनेरी विद्यार्थीहरूको शैक्षिक तालिम पूरा हुँदैन। -काउन्सिल अन हेल्थ, ५५७।

पास्टरहरू र स्वास्थकर्मीहरू एक आपसमा हातेमालो गरेर चल्नुपर्छ- चर्चका विभिन्ने निकायहरूले काममा एक आपसी तालमेल गरेर चल्न प्रभुले आफ्ना जनहरूलाई आह्वान गर्नुहुन्छ। जो स्वास्थको काममा संलघ्न हुन्छन् तिनीहरु सुसमाचार प्रचारको कामसँग एक भएर लाग्नुपर्छ भनेर उहाँले आह्वान गर्नुहुन्छ। पास्टरहरूपनि स्वास्थकर्मीहरूलाई सहयोग गरेर काम गरोस् भन्ने उहाँले आह्वान गर्नुहुन्छ; र सम्पूर्ण चर्चले नै तिनीहरूलाई खटाइएको काममा लाग्न परमेश्वरले आह्वान गर्नुहुन्छ। तिनीहरू आ आफ्नो क्षेत्रमा सत्य र सुधारिकएको जीवनको स्तर उचालिरहनुपर्दछ। तालिम प्राप्त र अनुभवी कर्मचारीहरू नयाँ नयाँ ठाउँहरूमा जान अघि बढ्नुपर्दछ। - टेस्टिमोनिज फर द चर्च ६:२९२।

परमेश्वरलाई विश्वास गर्ने डाक्टर पास्टरले गर्ने प्रार्थना जस्तै दावी

गर्न सक्ने हुनुपर्दछ- डाक्टरका कामहरू कठिन छन्। आफ्नो काममा डाक्टरको मानसिक र शारीरिक तनाव कतिको हुन्छ भनेर थोरैले मात्र महसुस गर्नसक्छन्। रोग र मृत्यसँग प्रत्येक बल र दक्षतालाई एकत्रित पारेर अत्यन्तै तनावपूर्ण चिन्तित भएर लड्नुपर्दछ। आफ्नो हातको एउटा कमजोर चालबाट वा अलिकति सानो भुलले अनन्त जीवनको निम्ति तयार नहुने मानिसको ज्यान जानसक्छ भन्ने कुरो उनले महसुस गरिरहनुपर्दछ। विश्वासिलो डाक्टरहरूको निम्ति परमेश्वरका जनहरूको सहानुभूति र प्रार्थनाको धेरै खाँचो हुन्छ। डाक्टरको काम कुनै पनि अत्यन्तै येशूभक्त पास्टर र मिस्नेरी कर्मचारी भन्दा कम छैन भनेर प्रभुले दावी गर्नुहुन्छ। कतिपय समयमा उनी निन्द्रा र भोकलाई त्यागेर काम गर्दछन्। तिनीहरूलाई विश्राम र निन्द्राको आवश्यकता पर्दछ। कहिलेकाहीँ साबाथमा हुने धार्मिक कार्यक्रमबाट पनि उनलाई आराम दिनुपर्दछ। उनलाई दिनदिनै ताजा अनुग्रहको दोबर आशिषको आवश्यकता हुन्छ। यदि उनी धेरै थकित र पेलान भएर खटिरहँदा उनको परमेश्वरमाथिको पकड कमजोर हुनसक्छ र चर्चका अरू कर्मचारीहरूलाई भन्दा उनी आत्मिक क्षेत्रमा झन झन अन्धकारमा पस्निन सक्छन्। तैपनि कतिपय समयमा उनले खेप्नु नपर्ने आरोपहरूको सामना गर्नुपरिरहेको हुन्छ। सैतानको भयानक परिक्षाहरूसँग सामना गर्न आफू एक्लै भएको उनले महसुस गर्छन्। कतिपय समयमा उनको बारेमा मानिसहरूले गलत धारणा र आफूलाई साथीहरूले पनि धोका दिए भन्ने मनस्थितिमा उनी लाग्न सक्छन्। - टेस्टिमोनिज फर द चर्च ५:४४६।

शिक्षकहरू

इसाई शिक्षकहरूको प्रभाव इसाई पास्टरहरू जतिकै हुन्छ- जो मानिसहरू अरूहरूलाई शिक्षित बनाउने पेशामा लाग्छन् तिनीहरूमा धैर्यताको आवश्यक हुन्छ। आफ्ना विद्यार्थीहरूलाई वौद्धिक र आत्मिक स्तरमा चढाउन शिक्षकहरूको ठूलो भूमिका हुन्छ। शिक्षकहरूले नै दिने

शिक्षामा विद्यार्थीहरूलाई एक स्तरबाट अर्को स्तरमा अघि बढ्न सहयोग गर्दछन्। जो मानिसहरू विभिन्न पेशाहरूमा लागेका छन् तिनीहरूमाथि ठूलो जिम्मेवारी सुम्पिएको हुन्छ भनेर महसुस गर्नुपर्दछ। तिनीहरूको आफ्नो दृष्टिकोण फराकिलो हुनुपर्दछ। तिनीहरूको काम र प्रभाव इसाई पास्टरको जस्तै हुन्छ भनेर सोच्नु आवश्यक छ। बेलाबलामा सम्मेलन वा सभाहरू बोलाइरहनुपर्दछ, त्यसबेला सिकाउनुपर्ने र निर्देशन दिनुपर्ने कुराहरू सिकाउनुपर्दछ, यस्तो वातावरणहरूको सृजना गर्नुपर्दछकि विभिन्न मानिसहरूमा भएको दक्षता अनुसार आफूहरूसँग भएको ज्ञानहरू बाँड्नुपर्दछ। सबै जना मिलिजुली पास्टरहरूसँग मिलेर सारा देशहरूमा, भाषाहरूमा र मानिसहरूमा सुसमाचार सुनाउनुलाई अत्यन्तै महत्त्वपूर्ण लक्ष्य मान्नुपर्दछ। जे जति सभा सम्मेलन, कार्यक्रम वा कार्यशाला हुन्छ, हामीले माया गरेका छौँ भनेर दावी गरेको सत्यलाई उचालीराख्ने उद्धेश्यलाई मध्यनजरमा राख्नुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, मे २०, १८९०।

पाष्टर, डाक्टर र शिशकहरूको बीचमा कचकच र फाटो हुनुहुँदैन- यो मेरो प्रार्थना हो, "हाम्रा डाक्टर, पास्टर र स्कूलका शिक्षकहरूमा उब्जिने झगडा र फाटो हटाइदिनुहोस्।" हामीमध्ये कोहीमा पनि आफ्नो भाऊ खोज्ने प्रवृत्ति वा मेरो मात्र पेशा ठूलो छ भनेर अभिमान गर्ने बानीले हाम्रो दिमागमा अड्डा जमाउन दिनुहुँदैन। -लेटसर ८, १९१० (६ बायोग्राफी २७०बाट उतारिएको)।

शिक्षकहरूको सेवा- कतिपय समयमा धेरै विद्यार्थीहरूको दिमाग र हृदयहरूमा परमेश्वरको वचनले थोरै प्रभाव पार्छ भनेर शिक्षकहरूले सोच्दछन्; तर यदि उनको काम परमेश्वरबाट आएको हो भन्ने मनस्थिति उनीमा रहेको छ भने सत्यका पाठहरू जुनसुकै अलमलिएका विद्यार्थीहरूको दिमागमा खेलिरहेको हुन्छ। पवित्र आत्माले तिनीहरूमा भएको सत्यको बिउलाई पानी छर्नुहुन्छ, र धेरै दिनहरूपछि त्यो उम्रिन्छ र परमेश्वरको महिमाको निम्त फल फलाउँन थाल्दछ। - काउन्सिल टु पारेन्टस्, टिचर्स, एण्ड स्टुडेन्टस्,

४३५।

शिक्षकसँग पवित्र आत्मा काम गर्नुहुन्छ- जब शिक्षकले परमेश्वरसँग प्रार्थना गरेर भर पर्नुपर्दछ, तब उनमाथि ख्रीष्टको आत्मा आउँदछ, र उनीद्वारा परमेश्वरले काम गर्नुभएर मानिसहरूमा सत्य मन पराउने चाहना पवित्र आत्माले राखिदिनुहुनेछ। बाइबलबाट देखाइएका चित्रण, कथा र अर्तीहरूद्वारा शिक्षकको हृदय र दिमागमा मिठो आशा र साहस भर्ने काम पवित्र आत्माको हो। अनि उनले युवायुवतीहरूलाई आफ्नो हृदयमा भएका ज्ञानलाई सिकाउँदछन्। - क्राइस्ट अब्जेक्ट लेसनस्, १३१,१३२।

सुसमाचार तथा स्वास्थका सामग्रीहरू बिक्री गरेर सुसमाचार फैलाउनु

क्यानभास वा एडभेन्टिस्ट साहित्यहरू बिक्री गर्नेसँग मिलेर पास्टरले काम गर्नुपर्छ- मानिसहरूले जीवित प्रचारकको सन्देश सुनेका मानिसहरूको बीचमा घरघरमा गएर एडभेन्टिस्ट साहित्य बिक्रेता पास्टरसँग मिलेर काम गर्नुपर्छ भनेर मलाई सिकाइएको थियो। कतिपय समयमा पास्टरले सुसमाचार विश्वासपूर्वक सुनाउँछन् तर मानिसहरूको दिमागमा राख्न असमर्थ हुन्छ। मानिसहरूको हातमा एडेभन्टिस्ट साहित्यहरू राख्नु धेरै महत्त्वपूर्छ छ, किनकि जब मानिसहरूले पढ्छन् तब वर्तमान समयको निम्ति चाहिने सत्यको महत्त्वपूर्ण सन्देशले तिनीहरूको दिमाग जगाइ दिन्छ। त्यतिमात्र नभएर तिनीहरूमा सत्यको जग हृदयको गहिऱ्याइसम्म बसालिदिन्छ र अनि असत्य वा गलत शिक्षासँग प्रतिबाद गर्न तिनीहरूलाई सक्षम् बनाइदिन्छ। किताब, पर्चा आदिहरू यस समय मानिसहरूको माझमा सत्यको सन्देशलाई जगाइ राख्ने परमेश्वरका माध्यमहरू हुन्। हाम्रा पुस्तक सामग्रीहरूले मानिसहरूको दिमागमा सत्यको आत्मज्ञानको ज्योति बाल्दछ र तिनीहरूलाई स्वीकार गर्नेहरू सुसमाचार सुन्नेहरू

भन्दा बढि प्रभावित हुनसक्छन्, अर्थात् प्रचारकले गर्न नसकेको काम हाम्रा पुस्तकहरूले गर्न सक्छन्। मानिसहरूको घरघरमा बितरकहरूले पुऱ्याइएका नबोल्ने साहित्य सामग्रीकाहरूले सुसमाचारको सेवाकार्यमा हरतरहले बल पुऱ्याउँदछ; किनकि ती पुस्तकहरू पढ्नेहरूको दिमागमा पवित्र आत्माले प्रभाव पार्नुहुन्छ। जसरी सुसमाचार सुन्नेलाई पवित्र आत्माले घचघच्याउनुहुन्छ त्यसरी नै हाम्रा लेखन सामग्रीहरू पढ्नेहरूलाई उहाँले घचघच्याउनुहुन्छ। ती स्वर्गदूतहरू जो पास्टरको काममा सघाउँछन् ती स्वर्गदूतहरू नै हाम्रा साहित्य बितरकहरूलाई सघाउँछन्। - टेस्टिमोनिज फर द चर्च ६:३१५।

एडभेन्टिस्ट प्रकाशनहरू बिक्री बितरण गर्ने व्यक्ति सुसमाचार प्रचार गर्ने पास्टरकै तहमा हुन्छ- हाम्रा प्रकाशनहरू बिक्रि गर्न परिश्रम गर्नेहरू महत्त्वपूर्ण क्षेत्रमा लागिरहेको हुन्छ। परमेश्वरको भय मान्ने, बुद्धिजीवि र सत्यलाई प्रेम गर्ने हाम्रा पुस्तक विक्रेता सुसमाचार सुनाउने पास्टरको बराबरीमा हुन्छ। जसरी अभिषेक गरिएका पास्टर स्वार्थीभावनामा चल्दैन, के एडभेन्टिस्ट पुस्तक विक्रेता पनि स्वार्थी भावनामा चल्नु जायज छ त? सुसमाचार प्रचार गर्ने नीतिहरूप्रति बफादारी नभएर सत्य आत्मज्ञान दिने पुस्तकहरू बिक्री गर्नुको सट्टा आफूलाई धेरै पैसा आउने भएकोले विक्रेता केबल लोकप्रिय र मनबहालाउने पुस्तकहरूमात्र बेच्नु ठिक छ त? -टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्क।र्स, ३१७, ३१८

असल र सक्षम् पुस्तक एडभेन्टिस्ट साहित्य विक्रेताहरूलाई पास्टर बन्न सकिन्छ भनेर चिप्लो घसेर असंक्षम पाष्टरहरू बन्न कर गर्नुहुन्न- सबै क्षेत्रहरूको निम्त क्यानभास गर्ने मानिसहरू चुन्नुपर्दछ। तर तिनीहरू समाजको जो कोही व्यक्ति वा केही काममा जाँगर नहुने र कुनै सफलता हासिल नगरेकाहरूबाट हचुवाको भरमा "ल किताबहरू बिक्री गर्न जाऊ" भनेर अऱ्हाउनुहुन्न। तर राम्रो मिजास, स्वभाव, कुराकानीमा निपुण, दुरदृष्टी र सक्षम् भएकाहरूलाई हाम्रो साहित्य विक्री गर्न नियुक्ती गर्नुपर्दछ। ती गुणहरू क्यानभास गर्ने,

हाम्रा साहित्यहरू बिक्री गर्ने जस्ता माध्यमहरूमा आवश्यकता छ। यस्ता सक्षम् मानिसहरूले आफ्नो काम इमान्दारितासाथ गर्छन् तर कतिपय बिचार नपुगेका पास्टरले तिनीहरूको प्रतिभा कुनै अफिस काममा प्रयोग गरे हुन्छ किन किताबहरू बिक्री गर्ने भनेर फुल्याउँछन्। यसले तिनीहरूको कामलाई हेपेको ठहरिन्छ। तिनीहरू यदि घरघरमा गएर परिवारहरूलाई भेटेर, पुस्तकहरू देखाएर कुराकानी गर्दै प्रार्थना गर्न सक्षम छन् भने तिनीहरूलाई पास्टर बनायो भने कमसल पास्टहरू हुन सक्छन्। घरघरमा पुस्तक पुऱ्याउनेहरूको आवश्यकता छ जसले गर्दा सुसमाचार पुऱ्याउने काम सम्पन्न हुन सक्छ, तर दुर्भाग्यवस यस कामलाई वेवास्ता गरिरहेकाछन्। यदि आफ्नो काम विश्वाससाथ र सिपालु भएर काम गर्छन् भने पुस्तक विक्रेता र पास्टहरूलाई तिनीहरूको सेवाको निम्ति आवश्यक तलब दिनुपर्दछ। - टेस्टिमोनिज फर द चर्च ४:३८९।

कोषाध्यक्ष

प्रचार गर्न छुट्याइएका मानिसहरूबाट चर्चको कोष संचालन गर्नुपर्दछ- चर्चको आयव्ययको उचित व्यवस्थापन आर्थिक मामिलामा दक्षता भएका मानिसहरूले गर्नुपर्दछ; तर पास्टर र सुसमाचार प्रचारकहरू अर्कै काममा खटाइएका हुन्। चर्चको आर्थिक मामिला सुसमाचार प्रचारका निम्ति नियुक्त गरिएका भन्दा पनि अर्कैले व्यवस्थापन गरियोस्। ठूला ठूला सहरहरूमा सुसमाचार प्रचार गर्ने कार्यमा खटिएका हाम्रा पास्टरहरूमा आर्थिक मामिलाको भार बोकाउनुहुन्न। जो हाम्रो कन्फरेन्स (वा सेक्सन) का संचालकहरू हुन् तिनीहरूले सक्षम् कोषाध्यक्षहरू नियुक्त गरुन्। तिनीहरूले सहरमा होस् वा जहाँ होस् सुसमाचार कार्यक्रमको निम्ति आर्थिक व्यवस्थापन गरियोस्। यदि चर्चमा आर्थिक मामिलामा दक्ष जनशक्ति छैन भने चर्च भित्रै कसैलाई छनौट गरेर तालिम दिने प्रावधान गरियोस्। सुसमाचारको निम्ति खटिनेहरूमा आर्थिक बोझ थुपार्नुहुन्न। - द रिभ्यु एण्ड हेराल्ड, अक्टोबर ५, १९०५।

अध्याय १८
समाजको आवश्यकताप्रति सजगता

(संकलनकर्ताहरुको टिप्पणी: इभान्जलिज पुस्तकमा यस विषयमा बिस्तृत लेखिएकोले यस विषयमा केवल अति आवश्यक जानकारीहरुमात्र संक्षेप्तमा दिइएको छ)।

भिँडको ध्यान आकर्षित गर्न येशूले विभिन्न तरिकाहरू अपनाउनुभएको थियो- सुसमाचार सुनाउने कार्यमा ख्रीष्टले अपनाउनुभएको धेरै तरिकाहरूद्वारा हामी महत्त्वपूर्ण पाठहरू सिक्न सक्छौँ; विभिन्न तरिकाहरूद्वारा उहाँले भिँडको ध्यान आफूतिर खिँच्नुभएको थियो, जब तिनीहरूको ध्यान आफूतिर खिँच्न उहाँ सफल हुनुभयो, तब उहाँले सुसमाचारका सत्यताहरू सुनाउनुभएको थियो। उहाँको मूख्य काम नै गरिब, विपन्नवर्ग, आवश्यक भएकाहरू र अज्ञानीहरूलाई सेवा गर्नु थियो। उहाँले सरलतरिकाले परमेश्वरका आशिषहरू सुनाउनुभएको थियो ताकि तिनीहरूले ग्रहण गर्न सकुन्। अनि उहाँले मानिसहरूको हृदयमा सत्य जो जीवनको रोटी हो, त्यसको निम्ति भोक सृजना गर्नुभएको थियो। - द रिभ्यु एण्ड हेराल्ड, डिसेम्बर २४, १९१४।

<u>सामाजिक सेवा</u>

आवश्यक परेका प्रत्येकलाई करुणा र दयाको सेवा गरेको येशूलाई नै गरेको ठहर्छ- परमेश्वरपिताको सामु शुद्ध, निर्मल र निष्खोट धर्म यो हो: "अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु।" याकूब १:२७। असल कामहरू ख्रीष्टका फलहरू हुन् जुन हामी सबैबाट उहाँले अपेक्षा गर्नुभएको छ: मिठो बोली, मनलाई हलका बनाउने वचन, उदारका कामहरू, गरिब

र विपन्न वर्ग, आवश्यकता परेकालाई र कष्टमा रहेकालाई कोमल र दया देखाउनु। यी सबै येशूभावनामा भावित भएका येशूभक्तका गुणहरू हुन्। जब निराश र शोकले लादिएका हृदयहरूप्रति येशूभक्तहरूको हृदयहरू सहानुभूतिले भर्दछ, जब नाङ्गोलाई वस्त्र पहिऱ्याइ दिन्छ, जब अपरिचित मानिसहरू तपाईँको बैठकमा स्वागत गरिन्छ र तपाईँको हृदयमा ठाउँ दिन्छ, तब स्वर्गदूतहरू धेरै नजिक आउँछन् र तिनीहरुका सुस्केराहरूलाई परमेश्वरले सुनिदिनुहुन्छ। प्रत्येक न्यायी, दया, करुणा र उदार वा खुला दिलको कामले स्वर्गको सङ्गीतमा मिठो स्वर बज्छ। परमेश्वरपिताले उहाँको सिंहासनबाट तल हेर्नुहुन्छ र जब उहाँका जनहरूले करुणा, दयाका कामहरू गर्छन् तब उहाँले आफ्ना अत्यन्तै बहुमूल्य सम्पत्तिहरूमा गन्नुहुन्छ र भन्नुहुन्छ, "तिनीहरू मेरा हुन्। त्यस दिनमा मेरा हारहरू तिनीहरू नै हुनेछन्।" आवश्यक परेको र दु:खमा परेकोलाई गरेको प्रत्येक दयालु र करुणाको काम येशूलाई नै गरेको ठहर्छ। जब तपाईँले गरिबलाई सहयोग गर्नुहुन्छ र दविएका र कष्ट पाएकाहरूलाई राहत दिनुहुन्छ र अनाथहरूसँग साथी बनाएर घुलमिल गर्नुहुन्छ तब तपाईँ येशूको सम्बन्धमा नजिक आउनुहुनेछ। -टेस्टिमोनिज फर द चर्च २:२२५।

कतिपय पास्टरैले पनि गरिब, विपन्न वर्ग, आवश्यक परेका र अज्ञानीहरूतर्फ संवेनदशील नभएको पाइएको छः मानिसको गरिब अवस्थालाई हेरेर ख्रीष्टको हृदय गदगद हुन्छ। गरिब भन्दा: सबै मानिस जो दुर्व्यवाहारमा परिन्छ नितीहरू प्रायजसो नम्र हुन्छन्; कतिपय धार्मिकताको निम्ति भोकाएका तिर्खाएको वा आत्मज्ञानमा गरिब छन् र त्यसलाई कसरी आर्जन गर्ने सो तिनीहरूलाई थाहा नभएको पनि हुन सक्छ। जुन स्थितिहरूले धेरै पास्टरहरूलाई निराश बनाउँछन, त्यही परिस्थितिहरू ख्रीष्टको निम्ति स्वागतयोग्य भएको देखिन्छ। देखावटी धर्मपरायणतालाई उहाँले सच्च्याउनु हुन्छ। जो अज्ञानी र विपन्न छन् तिनीहरूप्रति संवेनशील भएका पुरुष र स्त्रीहरूलाई येशूले तिनीहरूलाई माथि उठाउन बोझ दिनुहुन्छ।

गरिब र आवश्यकता परेकाहरूलाई उचाल्नु नै सत्य येशूभक्तको कर्तव्य हो भन्ने अर्ति येशूले दिनुहुन्छ। परमेश्वरका कामदारहरू जो ती मानिसहरूलाई सहयोग गर्न चाहनुहुन्छ तिनीहरूलाई प्रभुले सिकाउनुहुन्छ। जब ती क्षेत्रहरूमा स्वास्थकर्मी भएर कोही जान्छ भने तिनीहरूको निम्ति ढोका खोलिएको तिनीहरूले पाउनेछन् र त्यसले तिनीहरूलाई उत्साहित बनाउनेछन्। आफूमा कमै विश्वास भएतापनि तिनीहरूले परमेश्वरलाई महिमा दिन सक्छन् र ढोका खोलेकोमा त्यसको श्रेय प्रभुलाई नै दिन सक्छन्। ती स्वास्थकर्मीहरूको हात सुरुमा सफा नहोला र काममा दक्षता नहोला तर तिनीहरूका हृदयहरू दयाले भरिएका हुन्छन्; दु:खमा परेकाहरूले केही न केही गर्ने चाहना हृदयदेखि नै उब्जिएका हुन्छन्; तिनीहरूलाई सहयोग गर्न तिनीहरूसँग ख्रीष्टको उपस्थिति हुन्छ। जो दयनीय र सबै थोक गुमाएका विपन्न वर्गलाई दया देखाएर काम गर्न चाहन्छन्, तिनीहरूद्वारा प्रभुले काम गर्नुहुन्छ। कहिलेकाहीँ परमेश्वरसँग हुनुहुन्न भनेर आभास् पाइएला, काम गर्ने वातावरणमा कठिन हुन जाला, के गरुँ के गरुँ भन्ने मनस्थितिले अलमिलिन्छ होला र आफ्नो काम असफल भएको अनुभव होला, तब त्यसै बखत परमेश्वरले तिनीहरूलाई आफ्नो बुद्धिज्ञान दिनुहुन्छ र तिनीहरूलाई सफल बनाउनुहुन्छ। -काउन्सिलस् अन हेल्थ, २६।

सार्वजनिक सम्बन्ध

गलत सोचमा परेकाहरू र विरोध गर्नेहरूसँग कारोबार गर्नु उत्तम उपाय नै तिनीहरूलाई सत्य प्रस्तुत गर्नु हो- हामीले सार्वजनिक स्थलमा भेट्ने वा सर्वसाधारणसँग कारोबार गर्नुपर्दा हामीसँग विरोधाभास् राख्नेहरूसँग तर्क बेतर्क नगरि हामीमा भएको वर्तमान समय सापेक्षित सत्य प्रस्तुत गर्नुनै उत्तम उपाय हो। त्यसो गर्दा हाम्रो सत्य पाउनेहरूलाई निर्णायक क्षणमा उभ्याउँछन्। सत्यको विपरित प्रत्येक बुद्धिजीविले गल्तीलाई देख्नेहुन्छन्। सत्यप्रति घोर

विरोध गर्नेहरू र मानिसहरूलाई धोखा दिन सुरिनेहरू नै पछि गएर सत्यको पक्षमा उभिएर प्रचार गर्न थाल्छन्। तर सैतानको कुरा सुनेर सार्वजनिक स्थलमा सुसमाचार सुनाउने अवसरलाई गुमाउँन कोही चाहन्छ भने सैतानको राज्यमा खुशीयाली हुन्छ। - टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स, १६५।

मानिसलाई रिझाउन आफ्नो येशूभावना लुकाउनु हुन्न- मानिसहरूलाई रिझाउन तिनीहरूको अगाडि हाम्रो आस्था र निष्ठा लुकाउनु हुन्न। परमेश्वरको गलत प्रतिनिधित्व गर्ने र आफ्नो मान खोज्न वा निगाह खोज्न आफ्नो आत्मिक प्रतिवद्धतालाई ढाँट्नु वा खेलाँची गर्नु परमेश्वरको निम्ति निन्दनीय छ। भनाइ र काम गराइमा फरक गर्ने मानिसलाई उहाँ सहनुहुन्न। अत्यन्तै उत्तम र इज्जतदार कारोबार गर्नु नै हाम्रो व्यवाहारमा उचित, इमान्दारी र पारदर्शी देखाउनु हो। - इभान्जिलजम, १३२।

सञ्चार माध्यम

महत्त्वपूर्ण प्रवचनहरू अखबारमा छापियोस्- हाम्रा कतिपय मानिसहरूले लोकप्रिय प्रचारकहरूको सत्यलाई बँग्याएर र गलत प्रतिनिधित्व गरेर प्रचार गरेको सुन्न वाध्य हुन्छन् तर तिनीहरूसँग सामना गर्न चाहे पनि कसरी गर्ने भन्ने ज्ञान तिनीहरूमा हुँदैन। त्यसकारण जीवित प्रचारकले प्रस्तुत गरेको प्रवचन सकेसम्म छोट्करीमा भएपनि छाप्नु पर्दछ र धेरै ठाउँहरूमा बितरण गर्नुपर्छ। सम्बभ भएमा सार्वजनिक शिविरहरूमा प्रस्तुत गरेका प्रवचनहरू अखबारमा छापेर वितरण गर्नुपर्दछ। यसरी सिमित मानिसहरूले पाएको सत्य धरैको हृदयमा घुसाउन पाइनेछ। र जहाँ सत्यलाई गलत तरिकाले प्रस्तुत गरिएको छ त्यहाँ पास्टरले प्रस्तुत गरेको सत्यलाई मानिसहरूले तुलना गर्न अवसर पाउनेछन्। - इभान्जिलजम, १३०।

अध्याय १९
सर्वसाधारणको बीचमा सुसमाचारीय काम

येशूले आफूलाई पछ्याउन आह्वान गर्नुहुँदा पहिला मानिसहरूको आवश्यकताको सेवा गर्नुभयो- मानिसहरूलाई सुसमाचार सुनाउने तरिकाहरूमा येशूको तरिका मात्र उत्तम र सफल तरिका हो। मानिसहरूको सर्वोत्तम हित चाहनुहुने आभास् दिनुभएर मुक्तिदाता मानिसहरूसँग घुलमिल गर्नुभएको थियो। मानिसहरूलाई उहाँले सहानुभूति देखाउनुभयो, तिनीहरूको आवश्यकताको सेवा गर्नुभयो, र तिनीहरूको विश्वसनीयता जित्नुभयो। अनि उहाँले भन्नुभयो, "मेरो पछि लाग।" - द मिनस्त्री अभ हिलिङ्ग, १४३।

मानिसहरू जहाँ छ त्यही पुग्ने तरिका तथा योजनाहरू बनाउनु पर्छ- परमेश्वरको बगैंचामा काम गर्ने प्रत्येक कर्मीले मानिसहरू जहाँ छन् त्यहीँ कसरी पुग्ने भनेर अध्ययन गरोस्, योजना बनाओस् र तरिकाहरू निकालोस्। मानिसहरूकै साधारण क्रियाकलापबाट नै केही उपायहरू पत्ता लगाएर तिनीहरूकहाँ पुग्नुपर्दछ। तिनीहरूको ध्यान आकर्षित गराउन हामीले खोज्नै पर्दछ। तर हामी जे गर्दछौँ त्यसमा हामी हृयददेखि चासो राख्नुपर्दछ, गम्भिर र इमान्दार हुनुपर्दछ। हामी संकट र अन्त्यको दिनको ढोकैमा छौँ। त्यो अवस्था कस्तो हुनेछ सो हामीले अनुमान पनि गर्न सक्दैनौँ। -इभान्जलिजम, १२२,१२३।

अत्यन्तै व्यस्त हुने चर्चमा समाजमा पुग्नु बहुपक्षिय योजना हुन्छ- अमेरिकाको न्यु योर्क राज्यमा भएको सान फ्रान्सिस्को सहरका परेको चर्चका विश्वासीहरू केही वर्षदेखि माहुरीहरू जस्तै अत्यन्तै व्यस्त भइरहेका छन्। इसाई क्षेत्रसँग सम्बधित धेरै कामहरू हाम्रा दाजुभाइ दिदी बहिनीहरूले गरिरहेकाछन्। तिनीहरू बिरामी र दयनीय

अवस्थामा रहेका मानिसहरूकहाँ पुगिरेहेकाछन्, टुहुराहरूको निम्ति घर भेट्टाइरहेका छन् काम नहुनेहरूको निम्ति सघाइरहेका छन्, बिरामीहरूको स्याहार गरिरहेका छन्, घरघरमा गएर सिकाइरहेकाछन्, हाम्रा प्रकाशनहरू बाँडिरहेकाछन्, र स्वस्थ जीवन कसरी बिताउने र बिरामीहरूको कसरी सेवा गर्ने भनेर कक्षाहरू संचालन गरिरहेकाछन्। लगुमा स्ट्रिट मिटिङ्गहाउसको भुईतलामा बालबालिकाहरूको निम्ति कक्षा संचालन गरिरहेकाछन्। केही समय मानिसहरूका घरमा गएर सघाइरहेका थिए र स्वास्थसेवा संचालन गरेका थिए। सार्वजनिक हलको अगाडि रहेको मार्केट स्ट्रिटमा हाम्रो अस्पताल सेन्ट हेलेना सानिटोरियमबाट स्वास्थ शिबिर संचालन गरेको थियो। कुनै ठाउँमा स्वस्थ खाने परिकार बेच्न पसल खोलेको थियो। सहरको बीचमा शाकाहारी काफे खोलेको थियो, जुन हप्ताको छ दिन खोलिन्थ्यो र साबथभरि बन्ध हुन्थ्यो। नदीको किरानामा डुँगाद्वारा सेवाकार्य गरेको थियो। धेरै पल्ट हाम्रा पास्टरहरूले सहरको ठूला ठूला सार्वजनिक हलहरूमा प्रवचन दिएका थिए। धेरैले चेतावनीको सन्देश दिएका थिए। - द रिभ्यु एण्ड हेराल्ड, जुलाई ५, १९०६।

भ्याउँदा आनन्द नहुञ्जेल मानिसलाई खोज्नु पर्दछ- ख्रीष्टले हामीलाई सिकाउनुभएको अनुसार हामी हाम्रो विश्वासमा प्रयत्नशील र लगनशील भएर परिश्रम गरिरहनुपर्दछ। हराएको भेँडाको कथामा शोकित भएर खाली हात फर्केको गोठालोको चित्रण येशूले हामीलाई प्रस्तुत गर्नुभएको छैन। गोठालोले आफ्नै भेँडा नभेट्टाउञ्जेल आफ्नो खोज जारी राखेको थियो। हराएको सिक्का खोज्ने स्त्रीले आफ्नो सिक्का नपासम्म खोजीरहेकी थिइन्। ती अर्तीकथाहरूले असफलताको बारेमा बताउँदैन तर हराएको थोक पाउँदा आफू सफल भएको ठानेर तिनीहरूले बढो आनन्द मनाएका थिए। यहाँ एक जना पनि हराएको मानिसलाई परमेश्वरले छोड्नुहुन्न भनेर उहाँले वचन दिनुभएको पाउँछौँ। कोही मानिस पनि हराउँदा त्यसै छोडिएको हुँदैन भनेर ती अर्तिकथाहरूले हामीलाई बताउँछ। हराएकाहरूलाई

खोज्ने हाम्रो सबै प्रयासमा येशू ख्रीष्टले हामीलाई साथ दिनुहुन्छ। - (अस्ट्रेलेशियन) युनियन कन्फरेन्स रिकर्ड, जुलाई १, १९००।

हाम्रो प्रकाशनहरू

जब मानिसहरूले हाम्रा प्रकाशित सामग्रीहरू पढ्छन् तब त्यसले बाइबलतिर चासो बढाउँछन्- हाम्रा प्रकाशित सामग्रीहरूको वितरणले कतिसम्मको काम गरिरहेको छ सो थोरैसँग मात्र ठिक धारणा छ भनेर मलाई देखाइएको थियो। वर्तमान सत्यको बारेमा छापिएका हाम्रा प्रकाशित सामग्रीहरू वितरण गर्नु आफैमा मिसिनेरी काम हो। यसले जतातते सत्यलाई अङ्गाल्न मानिसहरूको दिमाग खोलिरहेको छ। प्रत्यक्ष प्रचारकहरू पुग्न नसक्ने ठाउँमा हाम्रा प्रकाशित पुस्तकहरूले सुसमाचार सुनाइरहेको। हाम्रा पास्टरहरूले सुसमाचार प्रचार गरेको कारण धेरै मानिसहरू प्रभुलाई ग्रहण गर्न सफल भएका छन् भनेर हामी ठान्दछौँ। धेरैजसो हाम्रा प्रकाशित सामग्रीहरू पढेर मानिसहरूको दिमागमा आत्मज्ञानको ज्योति पाएको हुन्छ र तिनीहरूमा भएको पूर्वाग्रह पनि हट्न गएको हुन्छ। त्यसकाण, पास्टरको सुसमाचारीय कार्यक्रममा सफल हुनुमा हाम्रा प्रकाशित साहित्यहरूको ठूलो भूमिका हुन्छ। त्यसैका आधारमा धेरैले सत्यलाई ग्रहण गर्न पुग्छन् जब तिनीहरूको सामु सत्यलाई प्रस्तुत गर्दछ। - द पब्लिशिङ्ग मिनिस्त्री, ३९८।

पढ्ने मानिसहरूको हातमा कितावहरू राख्नुपर्दछ- प्रत्येक महत्त्वपूर्ण र सार्वजनिक ठाउँमा हाम्रा प्रकाशित सामग्रीहरूको निम्ति ठाउँ हुनुपर्दछ। यदि कुनै पनि विश्वासीले हाम्रो सत्यलाई हृदयदेखिनै सराहना गर्छ भने उसले हाम्रा प्रकाशित पुस्तकहरू पढोस् भनेर तिनीहरूको हातमा राखिदिनेछ। - टेस्टिमोनिज फ द चर्च १:४७३।

हाम्रा किताबहरू सस्तो मोलमा बेच्ने गरेर प्रकाशित गर्नुपर्दछ- धेरै

पैसा खर्च गरेर छापेको पुस्तकहरूबाट फाइदा उठाउनुपर्छ भन्ने प्रलोभनमा हामी पर्नुहुन्न। यस मामिलामा परमेश्वर सहमत हुनुहुन्न। विभिन्न रङ्गीचङ्गी चित्रहरू समावेश गरेर लाखौँ रुपैँया खर्च गर्नको सट्टा साधारण प्रकाशन गरेर किताबहरू सस्तोमा बेच्न सकिन्छ। जब पास्टरहरूले आफ्नो सुसमाचार प्रचार गर्छन् तब तिनीहरूले हाम्रा प्रकाशित सामग्रीहरू सस्तो भन्दा सस्तोमा बेच्ने अवसर पाउनुपर्दछ। किताब छापेको पैसाबाट नाफा पाएपछि त्यसबाट कितावहरू किन्नुपर्दछ कि ती कितावहरू किन्न पैसा नहुने हाम्रा विश्वासीहरूलाई दिन सकोस् वा येशूलाई विश्वास नगर्नेहरूलाई सितैँमा बितरण गर्न सकियोस्। यसरी तिनीहरूकहाँ सत्य आत्मज्ञान पुग्ने वातावरण बन्दछ। - काउन्सिल टु राइटर्स एण्ड एडिटरस्, १६८, १६९।

स्वास्थसेवाद्वारा सुसमाचारको प्रचार

परमेश्वरको वचन प्रचार गर्ने र मेडिकल मिसिनेरीलाई दुवै मिलाएर काम गर्दा हामी सबै वर्गका मानिसहरूसमिप पुग्न सक्छौं- बिरामी र स्वस्थ मानिसहरूलाई सत्यको सन्देश सुनाउन संगठित भएको संस्था सुसमाचार सेवा हो। यस निकायमा दुवै मेडिकल मिसिनेरी र सुसमाचार फैलाउने कार्यक्रम जोडिन्छ। ती दुई निकायहरू मिलेर काम गर्दा समाजका सबै वर्गहरूमा सुसमाचार सुनाउन र हामीसँग भएको आत्मज्ञान बाँड्ने अवसर पाउँछ। चर्चका सदस्यहरू र पास्टरहरू दुवै मिलेर मेडिकल मिसिनेर काममा निर्णयक कदमहरू चालेर अघि बढुन् भन्ने परमेश्वरको चाहना हो। - टेस्टिमोनिज फ द चर्च ६:३००,३०१।

यदि पास्टरहरूले पहिला स्वास्थसम्बन्धि चर्चका गर्दा कहिलेकाहीं श्रोतावर्गहरूमा बाइबलको शिक्षाप्रति चासो उठाउन सक्दछ- हाम्रा सानिटोरियम वा अस्पतालहरूमा सुसमाचार प्रचार र शिक्षा दिनेमा परिश्रम गर्ने पास्टरहरूले संयमका नीतिहरूको बारेमा छोटो

चर्चा गर्नुपर्दछ। शरीर पवित्र आत्माको मन्दिर हो र परमेश्वरले किन्नुभएको सम्पत्ति भएको हैशियतले त्यसलाई हिफाजत गर्नु सबै मानिसहरूको जिम्मेवारी हो ताकि पवित्र आत्माले बास गर्न भएको होस भनेर मानिसहरूको ध्यान तान्नुपर्दछ। जब यसरी चर्चा गर्दा मानिसहरू बाइबलको शिक्षाप्रति चासो देखाउन थाल्नेछन्। - टेम्परान्स, २४५।

यदि डाक्टरहरू र पास्टरहरू सँगसँगै मिलेर सत्यलाई प्रस्तुत गरे धेरै मानिसहरूको चासो बढाउनेछ- तपाईँ डाक्टर हुनुभएर सहरमा जसरी सुसमाचार प्रचार गरिरहनुभएको छ त्यसमा स्वर्गको अनुमोदन छ। हाम्रा डाक्टरहरू र हाम्रा पास्टरहरू मिलेर काम गर्दा मानिसहरूलाई सत्यको बारेमा प्रभावकारी रूपमा प्रस्तुत गर्न सकिन्छ भनेर तपाईँले देखाउनुभएको छ। यसरी मिलेर काम गर्दा पास्टर एक्लैले गरेको भन्दा बढि मानिसहरू प्रभावित हुनसक्छ। तपाईँको उदाहरण हाम्रा अरू डाक्टरहरूले पनि अनुसरण गरोस् भन्ने मेरो चाहना छ। - काउन्सिल अन हेल्थ, ५४३।

पारिवारिक सुसमाचारीय सेवाकार्य

मानवतालाई उत्थान गर्ने काम घरबाट सुरु हुन्छ- मानवताको पुनर्स्थापना र उचाल्ने काम घरबाट सुरु हुन्छ। सबै असल कामको जग घरको बाबुआमाबाट नै सुरु हुन्छ। समाज परिवारहरूको समूह हो, र परिवारका असल मुलीहरूमा असल समाज स्थापना हुन्छ। "जीवनका सबै स्रोतहरू" (हितोपदेश ४:२३) हृदय नै हुन्; समाज, चर्च र देशको मुटु नै घरपरिवार हो। सुयोग्य समाज, चर्चको सफलता र येशूको सम्मुन्नता घरपरिवारको प्रभावमा भरपर्दछ। - द मिनिस्त्री अभ हिलिङ्ग, ३४९।

अध्याय २०
योजना बनाउनु र रणनीति

जो पास्टरहरू सुसमाचार सुनाउने बोझ बोक्दछन् तिनीहरूले परिश्रमको फल देख्नेछन्- येशू ख्रीष्टको अनुग्रहद्वारा परमेश्वरका पास्टरहरू आशिष र आत्मज्ञानका सन्देशवाहकहरू बनाइएको छ। पास्टरहरू इमान्दार र गम्भिर हुँदै, पवित्र आत्माको बरदानले प्रार्थनामा निरन्तर लाग्दै मानिसहरूलाई सुसमाचार सुनाउने बोझ बोक्ने हुनुपर्दछ। तिनीहरूका हृदयहरू क्रूसको विजय र जोशले भरेको भएको कारण तिनीहरूले परिश्रमको फल देख्नेछन्। यदि आफ्नो भाऊ खोज्ने र मानिसको बुद्धिज्ञानमा भर नपरि तर परमेश्वरमानै भर परेर अघि बढेमा सैतानका आक्रमणहरूसँग सामना गर्न सक्नेछन्। ती पास्टरहरूले धेरै मानिसहरूलाई अन्धकारबाट ज्योतितिर फर्काउन सक्ने हुनेछन् र धेरै चर्चहरूको स्थापना गर्नेछन्। मानिसहरूको औजार हुन होइन ख्रीष्टको औजार हुन मानिसहरू उहाँतिर फर्किनेछन्। स्वार्थलाई पृष्ठभूमिमा राखिनेछ; ती पास्टरहरू जहाँ गएपनि कलभरीको मानव येशूको उपस्थिति तिनीहरुसँग भएको सबैले अनुभव गर्नेछन् - द रिभ्यु एण्ड हेराल्ड, अगस्ट २४, १९११।

सुसमाचार सुनाउने समय

मानिसहरूलाई उद्धार गर्ने एउटा लक्ष्यमा पास्टरले आफ्नो दिमाग केन्द्रित गर्नुपर्दछ- कतिपय पास्टरहरू आफ्नो काममा सजिलैसति बिचलित र निराश हुन्छन्। घरको वातावरणले तिनीहरूलाई तानिराखेको हुन्छ। आफ्नै भूमरिमा परेकोले आफ्नो कामप्रति चासो मर्दै गइरहेको तिनीहरूलाई महसुस हुँदैन। यसले गर्दा ल्याउने हानीको लेखाजोखा गर्नै सक्दैन। जब सत्यलाई अघि बढाउने काम सुरु हुन्छ तब आधिकारिक

प्रमाणित पास्टरले त्यस सत्यलाई सफलतापूर्वक अघि बढाउने आफ्नो जिम्मेवारी भएको महसुस गर्नुपर्दछ। यदि उनको परिश्रम खेर गइरहेको भनेर उनले महसुस गर्छन् भने घनघोर प्रार्थना गरेर के भएको थियो भनेर पत्ता लगाउन खोज्नुपर्दछ। आत्मआलोचना गरेर नम्र हुँदै परमेश्वरको सामु आफ्नो हृदय पोखाउनुपर्दछ, र विश्वासद्वारा उहाँका प्रतिज्ञाहरूलाई पक्रिनै राख्नुपर्दछ। नम्र र कोमल भएर आफ्नो प्रयास जारी राख्नुपर्दछ। आफ्नो काम विश्वाससाथ गरिरहेको छ भनेर आफू ढुक्क हुनुपर्दछ र आफ्नो शक्तिले भ्यायसम्म सबै प्रयास गरिरहेको छु र त्यसको नतिजा असल होस् भन्ने कामना गरिनै रहनुपर्दछ। - टेस्टिमोनिज फ द चर्च ४:४२६५।

पास्टरहरूमाथि भर पर्ने चर्चहरू हानिकारक छ- आत्मिक जीवन नभएका चर्चहरूले आफ्नो आत्मिक दक्षता गुमाएकोले पास्टरहरूलाईमात्र बोलाएर सहयोग माग्दछन् र तिनीहरूलाई पुनर्जीवित पारुन् भनेर बिन्ति गरिरहेका हुन्छन्। तर चर्चका विश्वासीहरूले यो सिक्नुपर्छ कि पास्टरहरूको अरू काम पनि छ। सत्यलाई नजान्नेहरूकहाँ गएर तिनीहरूले सन्देश दिनुपर्दछ। खाली आफ्नै चर्चहरूमामात्र झुमिरहने स्पष्ट नीतिहरू नभएका पास्टरहरू दुई धारे तरवार जस्ता हुन्छन्। यसले दुवैतिरबाट काट्दछन्। तिनीहरूले चर्चलाई हानी पुऱ्याइरहेको हुन्छ। सत्यलाई थाहा नपाएर मुक्ति नपाइकन मरिरहेकाहरूका निम्ति काम गर्न ती पास्टरहरूको चासो हुँदैन। तिनीहरू आफै पनि आत्मिकरूपमा मर्न थाल्छन् र तिनीहरूले सहयोग गर्न खोज्ने मानिसहरू नै अलमिन्छन् र निराश हुन्छन्। म्यानुस्क्रिप्ट रिलिजेज ६:६५।

येशूतिर मन जिताएर मानिसहरूलाई उहाँकहाँ ल्याउने पाष्टरहरूले पनि आफ्ना चर्चका सदस्यहरू सुसमाचार प्रचारक बनाउँछन्- जब चर्चले आफ्ना पास्टरहरू आफ्नो काममा जोश र जाँगरले चम्किरहेको हुन्छ तब चर्चका सदस्यहरूले सत्यको उर्जाले गहिरोसँग काम गरिरहेको देख्छन्। अरूहरूलाई पनि सुसमाचार सुनाउन ती सदस्यहरू

जागरुत हुन्छन् जसको फलस्वरूप तिनीहरूमा नयाँ जीवन र जाँगर भरिन्छ। यस संसारमा सेभेन्थ-डे एडभेन्टिस्ट वर्ग जसको अरू कोही पनि छैन जसले आफ्ना स्रोतहरू त्यागेर परमेश्वरको कामको निम्ति प्रयोग गर्छन्। यदि पास्टरहरू आफै सक्षम् भए, आफ्नै स्वार्थमा रमाएर नबसेर आत्मिकरूपमा जागृत भएर काम गरे भने चर्चका अरु सदस्यहरू पनि जागृत हुन थाल्छन् र तिनीहरू पनि फलको आशा राखेर सुसमाचार फैलाउन जागरुत हुन्छन्। टेस्टिमोनिज फ द चर्च ३:४९।

चर्चको उत्थानको निम्ति बनाउने योजना

चर्चमा तपाईँको योजना प्रस्तुत गर्दा यस्तो खालको होस् जुन सदस्यहरूको चासो र सहयोग जित्ने खालको होस्- आजको चर्चमा नेहमियाको आवश्यक छ, प्रार्थना गर्ने र प्रचार गर्ने मानिसहरूमात्र होइन, तर ती मानिसहरू जसका प्रार्थनाहरू र प्रवचनहरू जोशिलो लक्ष्यमा अडिक रहनेहरू होस्। आफ्नो योजना पूरा गर्न हिब्रू राष्ट्रप्रेमीले चालेको कदम हाम्रो चर्चका पास्टर र अगुवाहरूले सिक्नुपर्दछ। जब पास्टर वा अगुवाहरूले योजना बनाउँछन् तब तिनीहरूले चर्चको सामु यसरी प्रस्तुत गर्नुपर्दछ कि चर्च सदस्यको चासो र सहयोग उब्जियोस्। चर्चका सदस्यहरूले योजनाहरू थाहा पाउन् र तिनीहरूको सहयोग पनि समावेश होस्। यसो गर्दा सर्वसाधारण चर्चका सदस्यहरूले आफ्नो व्यक्तिगत चासो राख्दछ र चर्चको उन्नतिको निम्ति सहयोग पुऱ्याउदछन। - द एसडिए बाइबल कमेन्टरी ३:११३७।

तपाईँका योजनाहरूको बारेमा चर्चका सदस्यहरूलाई जानकारी दिइ राख्नुहोस्- चर्चलाई सक्रिय राख्न चर्चका सदस्यहरूलाई बिरामी भेट्न र आवश्यक सहयोग गर्न किन समावेश नगर्ने? यसो गर्दा सबै जना पास्टरको योजनामा आफू पनि नजिक भएको अनुभव गर्नेछ र पास्टरले चाहेको बेलामा जहिले पनि तिनीहरूको सहयोग माग्न

सक्दछ र तिनीहरू उनीसँग बुद्धि पुऱ्याएर परिश्रम गर्न रुचाउने छन्। चर्चका सबै सदस्यहरू परमेश्वरसँग मिलेर काम गर्नुपर्दछ र आफूलाई चाहेको बेलामा मद्दत गर्ने सहयोगीहरू रहेछन् भनेर पास्टर पनि ढुक्क हुनसक्दछ। पास्टरले आफ्नो काममा सहयोग गरेर राम्रै लक्ष्यमा पुऱ्याउने चर्चका सदस्यहरूलाई प्रंशसा गर्दै उनी तिनीहरूमाथि विश्वास राख्न सक्छन् भनेर उनले बराबर सुनाउन सक्नुपर्छ वा धन्यवाद दिनुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, जुलाई ९, १८९५।

चर्चका पदाधिकारी र सदस्यहरूको विश्वास पास्टरले जित्नुपर्छ र उनले आफ्नो कामको बारेमा तिनीहरूलाई सुनाउनुपर्छ- चर्चका धेरै सक्षम सदस्यहरूले पाउनु पर्ने अनुभवहरूबाट तिनीहरू बंचित भएका छन् किनकि पास्टरले सबै काम गर्नुपर्छ र चर्चको बोझ उनलेमात्र बोक्नुपर्छ भन्ने भावना पास्टर र सदस्यहरूमा दुवै छ। कि त सबै बोझहरू पास्टरलाई थुपारेको हुन्छ, कि त सदस्यहरूले गर्न सक्ने काम गर्न सक्दैनन् भन्ने मनस्थितिमा पास्टर हुन्छ। आफ्ना पदाधिकारीहरू र चर्चका सदस्यहरूलाई पास्टरले विश्वासमा लिनु पर्दछ र प्रभुको निम्ति कसरी परिश्रम गर्ने भनेर सिकाउनुपर्दछ। यसो गर्दा पास्टरले सबै भारी आफूलेमात्र बोक्नु पर्दैन, फेरि चर्चका सदस्यहरू पनि हातेमालो गरेर चल्न सके चर्चले ठूलो फाइदा उठाउन सक्दछ र परमेश्वरको योजना अनुसार चर्चका सबै सदस्यहरूले काम गर्नुपर्छ भन्ने जिम्मेवारीमा तिनीहरू जाग्न थाल्नेछन्। - द रिभ्यु एण्ड हेराल्ड, जुलाई ९, १८९५।

अध्याय २१
निर्णयहरूको निम्ति आह्वान

जम्मा हुन धेरै पर्खिरहेकाछन्- इथियोपियाको अर्थमन्त्रीले ठूलो वर्गको प्रतिनिधित्व गर्दछ जसले फिलिप जस्ता सुमसाचार प्रचारकहरूले सिकाउन सक्दछन्। ती मानिसहरूको आवश्यकता छ जसले परमेश्वरको आवाजलाई सुन्दछन् र उहाँले खटाउनुभएको ठाउँमा जान राजी हुन्छन्। धेरै मानिसहरूले बाइबल पढिरहेकाछन् तर त्यसमा भएका सत्यताहरू तिनीहरूले बुझ्न सकेका छैनन्। सारा संसारका मानिसहरू स्वर्गतिर आँखा लगाइरहेकाछन्। अनुग्रह, आत्मज्ञान र पवित्र आत्माको निम्ति भोकाहरूको प्रार्थना र आँशुहरू स्वर्गमा उचलिरहेकाछन्। धेरै मानिसहरू स्वर्गमा जान ठिक भइरहेकाछन् र तिनीहरू जम्मा गरिन तयार छन्। -द आक्टस अभ द आपोस्टलस्, १०९।

सबैका आत्मापरिवर्तनहरू एकै खालको हुँदैन- सबै मानिसको रचना एकै खालको हुँदैन। तिनीहरूको मानसिक, आत्मिक र अझ भौतिक संरचना पनि फरक फरक हुन्छन। त्यही अनुरूप जब कोही आफ्नो जीवन परिवर्तन गरि येशूमा आउँछन् तिनीहरूको परिवर्तनको प्रक्रिया पनि एकै खालको हुँदैन। प्रभु येशूले मानिसको हृदयमा प्रभाव पार्नुहुन्छ, अनि पापीले आफ्नो अवस्था थाहा पाएर स्वइच्छाले परिवर्तन भएर नयाँ गरि जन्मिन्छ र नयाँ जीवन पाउँदछ। कतिपय समयमा मानिसहरू येशूतिर आकर्षित हुन्छन् तब त्यसबेला तिनीहरूको आत्मा छियाछिया भएर रोइकराइ नगर्ला वा त्राही त्राही भनेर नउफ्रेला तर तिनीहरूमा ठुलो जागृति आउन सक्छ, येशू संसारमा हुनुहुँदा आफ्नै माझमा हिँड्नुभएको येशूतिर मानिसहरूले हेरेका थिए। तिनीहरूले आफ्नो आत्माको आवश्यकताको महसुस

गरे र मुक्तिदातानै तिनीहरूको निम्ति पर्याप्त भएको तिनीहरूले देखे, र "मेरो पछि लाग," भन्ने उहाँको आवाज तिनीहरूले सुने र तिनीहरू उठेर उहाँको पछि लागे। तिनीहरूको परिवर्तन सच्चा थियो। तिनीहरूको धार्मिक जीवन सधैँ सुखमय र आनन्दमय थिएन, तिनीहरूमा कतिपयले पीडा, कष्ट, बेदना र हिँसा खप्नु परेको थियो। - सेलेक्टेड मेसेजेज १:१७७।

कतिपय समयमा येशूलाई विश्वास गर्ने निर्णय ढिला होला तर निराश हुनुहुँदैन- येशूको ईश्वरीय शक्तिलाई पुजारीहरूले स्वीकारेका थिए। सत्यलाई जान्ने अवसर तिनीहरूलाई दिइएको थियो र आत्मज्ञानको ज्योतिबाट तिनीहरूलाई हुने फाइदा देखाइएको थियो। यदि तिनीहरूले अस्वीकार गरे त्यो अवसर तिनीहरूले फेरि पाउनेछैन भनेर तिनीहरूलाई थाहा थियो धेरै मानिसहरूको हृदय हल्लिएको थियो तर तिनीहरूले चुपचापै रहेका थिए। येशूको जीवनभरि पुजारी, धर्मगुरु, पण्डित र शिक्षकहरूले उहाँको प्रेमप्रति कमै चासो देखाएका थिए; तर उहाँको पुनरुत्थान पछि "धेरै पूजारीहरूको समूह विश्वासमा आज्ञाकारी हुन पुगेका थिए।" - द डिजाएर अभ एजेज्, २६६।

सार्वजनिक स्थलहरूमा

येशूप्रति निर्णय लिन मानिसको कुनै तर्क, शिद्धान्त, वाद र दर्शनभन्दामाथि राख्नै पर्छ- हाम्रा धेरै पास्टरहरूले धेरै प्रवचनहरू दिएका छन् जुन सत्यलाई विवादप्रतिवाद वा तर्कवितर्क मिसाउँछन्।यो ठूलो भुल हो। हो, कतिपय मानिसहरू सत्यको बारेमा विभिन्न तर्कहरू वा अरू सिद्धान्त र शिक्षाहरूभन्दा उच्च छन् भनेर प्रमाणित गरेर प्रस्तुत गर्दा प्रभावित त होला तर ती विवादास्पद तर्कहरू प्रस्तुत गर्नुभन्दा उक्त समय येशू ख्रीष्ट संसारको मुक्तिदाता हुनुहुन्छ भनेर प्रस्तुत गरेमा पास्टरले रोपेको बिउ उम्रेर परमेश्वरको

महिमाको निम्ति फल फलाउँथ्यो होला। तर धेरै प्रवचनहरूमा मानिसहरूको सामु येशूको क्रूसलाई प्रस्तुत गरेको पाइन्न। कतिपयले अन्तिम प्रवचन सुनिरहेका होलान्, तर कतिपय मानिसहरू त्यस परिस्थितिमा नपुग्न सक्छन जसले सत्य ज्ञानहरू कहिल्यै सुनेकै छैन तिनीहरुले बचनको अरु प्रयोगको बारेमा सुनेर हृदयमा सजाउन सक्दैन्न। जसले गर्दा पास्टरले येशूको प्रेमलाई सुनाउने सुनौलो अवसर सदाको निम्ति गुमाइएको हुन्छ। यदि पास्टरले सत्यको सिद्धान्त सिकाउने बेलामा येशूको उद्धार गर्ने प्रेमलाई उचालेको भए त्यस पास्टर परमेश्वरको पक्षमा रहेको ठहरिन्थ्यो। - टेस्टिमोनिज फ द चर्च ४:३९३।

भाषण कलाले सत्यलाई मुकुण्डो लगाइदेला तर त्यसले श्रोतावर्गलाई निर्णायक घडिहरूमा ल्याउँछन् भन्ने छैन- भाषण कलाले कुशल्ता साथ प्रस्तुत गरेको वचन मानिसहरूले सुन्दा मोहित हुनसक्छन् तर सत्यलाई तिनीहरूले बिर्सिन सक्दछ। जब उत्तेजित प्रबचन चिसो हुन्छ तब प्रस्तुत गरेको वचन मानिसको दिमागमा गाडिएको नहुन सक्छ, न त तिनीहरूले केही कुरो बुझ्न नै सक्छन्। चर्चबाट बाहिर आएर वचन प्रस्तुतकर्ताको भाषण कलाको बारेमा तारिफ गर्छन् होला तर तिनीहरू सत्यतिर नजिक नआउन सक्छन् र सत्यलाई अङ्गाल्ने निर्णय पनि नगर्न सक्छन्। तिनीहरूले सुनेका प्रवचन नाटकमा पात्रहरूले बोलेको जस्तै सम्झेलान् त्यही खालको नाटकिय ढङ्गले प्रस्तुत गरेको प्रवचन सुन्न तिनीहरू फेरि आउला तर आत्मिकरूपमा प्रभावित नभएर भोकै फर्किन्छन्। -भ्वाइस इन स्पिच एण्ड सङ्ग २८३।

सार्वजनिक सुसमाचार अभियानमा सन्देशपछि मानिसहरूलाई अगाडि आउन आह्वान गर्नुपर्छ- आइतबार अपरान्ह सुसमाचारीय कार्यक्रममा बोल्न पाउँदा परमेश्वरले विशेष गरेर आशिष दिनुभएको थियो। सबैले अत्यन्तै चासोसाथ ध्यान दिएर सुनेका थिए। प्रचवन पछि जो येशूलाई ग्रहण गर्न चाहन्छ तिनीहरू सबैलाई अगाडि आउन

आमन्त्रण गरिएको थियो। कतिपय मानिसहरू जो परमेश्वरसँग जीवित सम्बन्ध नभएको अनुभव गरेकाहरू अगाडि आए। पापबाट क्षमा पाउन र परिक्षाहरूसँग भिँड्न प्रार्थनामा तिनीहरू सबै एक भए। युरोपमा भएका हाम्रा दाजुभाइ दिदी बहिनीहरूको निम्ति यो नयाँ अनुभव थियो, तर तिनीहरू अगाडि आउन हिचकिचाएनन्। त्यहाँ भेला भएका सारा जनसमूह नै उठिरहेको आभास् भएको थियो, र बसेरै भएपनि सबै जना मिलेर आफ्नो हृदयमा प्रभुलाई खोज्दै थिए। सारा श्रोताहरू नै आफ्नो पाप पन्छाउन प्रतिवद्धता जनाइरहेका थिए। प्रत्येक पल्ट जब सुसमाचार प्रचार गरिन्छ त्यसबैला जहिले पनि दुई वर्गहरू हुन्छन्। आफू सबै ठिक छु, मलाई येशूको साथको आवश्यकता छैन भन्ने र आफ्नो पापले गर्दा आफूलाई धिक्कार ठान्नेहरू। पहिलो वर्गमा सुसमाचारप्रति मोह हुँदैन। तिनीहरूको लापर्वाही जिवनबाट अलग हुन प्रवक्ताले आह्वान गरिरहेकाछन् भनेर तिनीहरूले सोच्न सक्दछन्। तिनीहरूको आफैमा विशेष उच्च मानिएको नैतिकता छ त्यसकारण त्यसभन्दा माथि आउनु आवश्यक छैन भनेर तिनीहरूले सोचिरहेका हुन्छन्। तर धेरै जसोले येशूको सिद्ध र निर्मल चरित्र देख्दछन् तिनीहरू आत्मज्ञान पाएर आफू अपूर्ण वा असिद्ध भएको महसुस गर्दछन् र आफ्नो जीवनदेखि निराश हुन्छन्। यस भेलामा यही खालको अवस्था भएको थियो। धेरैलाई आवश्यकता भएको अनुसार प्रभुले सच्याउनुभयो, सान्त्वना दिनुभयो र आशिष दिनुभयो। दिलैदेखि सबैको निम्ति प्रार्थना गरिएको थियो। तर त्यहाँ कुनै उत्तेजित भएर उफ्रेर आफ्ना भावनाहरू व्यक्त गरेका थिएनन्। तर तिनीहरू सबैमा आफू पापी भएको सच्चारूपमा महुसु गरेका थिए र येशूका मानिसहरूको निम्ति प्रायश्चितको बलिदानबिना आफ्नो जीवन निराश भएको सबैले अनुभवा गरेका थिए। यसबेलामा जस्तो तिनीहरूको निम्ति येशू प्यारो हुनुभएको कहिल्यै पनि थिएन। सारा मानिसहरू रोइरहेका थिए। सबैले यो प्रतिज्ञालाई पक्रेका थिए, "जो व्यक्ति मकहाँ आउँछ म उसलाई पन्छाउँदिन।" यदि त्यहाँ पर्दा उघारिको थियो भने स्वर्गदूतहरू नम्र र पश्चातापी हृदय भएकाहरूलाई सेवा गरिरहेका

हामीले देख्ने थियौँ। तिनीहरूमा धेरैले परमेश्वरको कुराहरूमा सच्चा, पक्का र वास्तविक अनुभव गरिरहेका थिए भनेर देखाएका थिए।
- द रिभ्यु एण्ड हेराल्ड, नभेम्बर ३, १८८५।

व्यक्तिगत चासो

व्यक्तिगत रूपमा पाँच शब्दहरू बोलेको सार्बजनिक रूपमा पूरै प्रवचन सुनाउनु भन्दा ठूलो प्रभावकारी हुन्छ- जब सार्वजनिक सुसमाचारीय कार्यक्रम सिद्धिन्छ तब त्यहाँ भेला भएको प्रत्येक मानिसप्रति व्यक्तिगत चासो देखाउनुपर्दछ। यदि प्रत्येकले सुनेका सन्देशलाई आफूले कसरी लिएको छ र आफ्नो जीवनमा कसरी लागु गर्ने भनेर सोध्नुपर्दछ। अनि तिनीहरूको चासो के छ त्यसमा तपाईँले ध्यान दिनुपर्दछ। व्यक्तिगतरूपमा ति मानिसहरुसँग बोलेका पाँच शब्दहरू सार्बजनिक रूपमा पूरै प्रवचन सुनाउनु भन्दा ठूलो प्रभावकारी हुन्छ।
- इभान्जलिजम, २८५।

प्रत्येक मानिसको आ–आफ्नै फरक मिजास, बानी, स्वभाव र तरङ्ग हुन्छ, पास्टरहरूले ती स्वभाव र बानीप्रति संवेदनशील भएर व्यवहार गर्नुपर्छ- जसरी डाक्टरले प्रत्येक रोगीको फरक फरक रोगलाई उपचार गर्छन् त्यसरी नै पास्टरले पनि आत्मिक बिरामी भएको मानिसलाई सम्हाल्ने सेवाकार्यमा संलग्न हुनुपर्दछ। पास्टरको काम डाक्टरको भन्दा धेरे महत्त्वपूर्ण छ किनकि डाक्टरले यस सांसारिक भौतिक जीवनको उपचार गर्दछन् भने पास्टरले अनन्त जीवनको निम्ति सेवा गर्दछन्। पास्टरले अनगिन्ती फरक मिजास, स्वभाव, बानी र तरङ्ग भएका मानिसहरूसँग कारोबार गर्नुपर्दछ। आफूले सिकाएका वचनहरू कस्तो छ भनेर प्रत्येक परिवारको सदस्यलाई सोध्ने बानी बसाल्नुपर्छ ताकि मानिसहरू सही बाटोमा तर्फ जान उत्तम प्रभाव तिनीहरूमा होस्।
- गस्पल वर्कर्स, ३३८।

बाइबल कक्षा संचालन

चासो देखाउनेहरूलाई बाइबल कक्षा संचालन गर्न विशेष कार्यक्रमहरू गर्नुपर्दछ- एक पछि अर्को भारी प्रवचन तुरन्तै दिनुहुँदैन। प्रवचनहरूको बिचमा केही समय खाली होस्, ताकि तिनीहरूले सुनेका सत्यतालाई दिमागमा घुसाउन सकुन। सुन्ने श्रोताहरू र सुनाएका पास्टरहरूले ध्यान गर्ने वा सोच्ने र प्रार्थना गर्ने समय पाउनुपर्दछ। यस प्रक्रियाले धार्मिक ज्ञान र अनुभव बढ्नेछ। बाइबल अध्ययन गर्ने समय दिनुपर्दछ। विश्वास गर्ने र नगर्ने सबैले प्रश्नहरू वा नबुझेका कुराहरू सोध्ने अवसर पाउनुपर्दछ। जो सत्यमा अगाडि छ भनेर दावी गर्छन् तिनीहरूले पनि यस्तो प्रश्न गर्नुपर्दछ कि तिनीहरूले पाएका जवाफहरूमा बर्तमान समय सापेक्षित सत्यमा बढि ज्ञान थप्न सकियोस्। यदि कोही न कोही बढि जान्नेभएर अलमल पार्ने वा शङ्का उब्जाउने प्रश्न गर्छ भने त्यस्ता प्रश्नबाट अलग रहनुपर्छ कि मानिसहरू ख्रीष्टको सत्यमा आउन सकून् भन्ने उसलाई सल्लाह दिनुपर्छ। हामी कुन समय बोल्ने वा कुन समय चुप लाग्ने सो सिक्नुपर्छ र सत्यको बिउ कहिले छर्ने त्यो पनि थाहा पाउनुपर्दछ। मानिसहरूलाइ अन्धकारको बारेमा होइन परमेश्वरको आत्मज्ञानको बारेमा सोच्ने अवसर दिनुपर्दछ। सत्यप्रति चासो देखाउने र अझ सिक्न चाहनेहरूको निम्ति विशेष कक्षाहरू संचालन गर्नुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, जुन २३, १८९१।

सुसमाचारीय कार्यक्रमको विषयबस्तुसँग सम्बधित बाइबल कक्षा संचालन गर्नुपर्दछ- बाइबलका विभिन्न शिक्षाहरू छिटो छिटो सिकाउनु खतरापूर्ण छ। सकेसम्म छोटो पाठहरू सिकाउनु पर्छ र घरीघरी सिकाउनुपर्दछ। तपाईँको काम केवल प्रचार गर्नु वा प्रवचन दिनुमात्र होइन तर सेवा गर्नु पनि हो। तपाईँको परिश्रमको ठूलो भाग परिवार र व्यक्तिगत सेवाको निम्ति खट्नुपर्दछ। जब तपाईँले बाइबलको खानीबाट बहुमूल्य हिराहरू निकालेर मानिसहरूको सामु राख्नुहुन्छ

तब तपाईँले प्रस्तुत गर्नुभएको विषयमा चासो देखाउनेहरूलाई सिकाउने ठूलो काम बाँकि हुन्छ। छोटो शिक्षा दिएपछि तपाईँले शिक्षा दिने शैलीमा परिवर्तन गर्नुहोस्। कोही बढि सिक्न चाहन्छन् भने उनीहरुको लागि अवसर दिनुपर्दछ। कोही कार्यक्रमपछि छलफल गर्न पर्खिछन् भने बाइबल कक्षमा जान सुझाव दिनुहोस्। ताकि तिनीहरूले नबुझेका वा समस्या दिइरहेका प्रश्नहरू सोध्ने र जवाफ पाउने अवसर पाउनेछन्। पास्टरसँग मिलेर काम गर्ने सुसमाचारीय सहकर्मीहरूले मानिसहरूको चासोप्रति र सत्यलाई बुझ्न चाहनालाई दयालु र धैर्यतासाथ सिकाउन विशेष प्रयास गर्नुपर्दछ। यदि केवल एक जनामात्रले चासो देखाएको छ र विश्वास गरेको छ भने उसलाई राम्रोसँग सिकाउनुपर्दछ ताकि उसले आफूले पाएको ज्ञान अरूहरूलाई बाँड्न सकोस्। बाइबलमा भएका सत्यताहरु बारम्बार बताउनु पर्दछ ताकि मानिसहरूको दिमागमा सत्य रहिरहोस। यस सत्यतामा तिनीहरू निर्माण भएर तिनीहरूको जीवनको निम्ति सबै थोक हुन सकोस। - स्पटी-ए ७,७।

मानिसहरूका चासोहरूलाई जित्नु

जबसम्म मानिसहरूको सत्यप्रति चासो भइरन्छ तबसम्म तिनीहरूलाई सिकाइरहनु, तिनीहरूको निर्णयलाई स्वीकारेर बप्तिस्मा लिएर चर्चमा समावेश नहुञ्जेल तिनीहरूलाई नछोड्नु- यस बिषयमा परमेश्वरले धेरै वर्षदेखि आत्मज्ञान मलाई दिनुभएको छ। जब कसैले सन्देशप्रति चासो देखाउँछ तब सत्यप्रति तिनीहरू भर नपरुञ्जेल तिनीहरूलाई छोड्नुहुन्न। तिनीहरूले बप्तिस्मा लिन आफ्नो जीवन परिवर्तन भएको छ भनेर अनुभव गर्नुपर्दछ वा आभास् पाउनु पर्दछ। अनि बप्तिस्मा लिएपछि चर्चप्रति आबद्ध हुने प्रतिबद्धता तिनीहरूबाट लिनुपर्दछ सकेसम्म चर्चलाई बढाउन तिनीहरू आफैले समूह खडा गर्न पनि हौशला दिनुपर्दछ। सत्यलाई प्रस्तुत गरेपछि त्यसपछि चासो देखाउने मानिसहरू पास्टरको निम्ति ठूलो महत्त्व हुन्छ। यथार्थमा

बिमार र मृत्यु पनि पास्टर वा सुमाचारीय बोझ बोकेकाहरूको निम्ति कम महत्त्वको हुनपुग्छ जब तिनीहरूले मानिसहरूको मुक्तिको निम्ति येशूले गर्नुभएको महान् बलिदानकोबारेमा आत्मसात् गरिरहन्छन्। - टेस्टिमोनिज फर द चर्च २:५४०।

चिराख बोक्नेमात्र होइन बत्ति बाल्ने पनि हुनुपर्दछ- धेरै ठूलो सुसमाचारीय शिबिर हुनुभन्दा पनि सानो सानो सुसमाचारीय प्रचारको कार्यक्रम गर्नुपर्छ। जब सुसमाचार प्रचार गरिएको ठाउँमा विश्वासीहरूको झुण्ड हुन्छ भने तिनीहरूको निम्ति चर्चको निर्माण गरुन्। यसो नगरेमा हाम्रो प्रयास खेर जानेछ। यदि चर्च खडा गरेनौँ भने राती चिराख बोक्ने जस्तै हामी हुनेछौँ। चिराख बोक्नेहरू बत्तीमा दिन्छन् तर त्यस चिराखबाट बत्ती बाल्छ भन्ने छैन। आफैमा बत्ती बाल्ने भयो भने अरूहरूको पनि बत्ती बाल्न सक्छ वा सुसमाचार सुनाउन सक्छ। - म्यानुस्क्रिप्ट रिलिजेज १५:२५०।

अध्याय २२
सुसमाचारीय काममा व्यक्तिगत भूमिका

मानिसहरूको सेवा गर्न व्यक्तिगत कामलाई दोस्रो दर्जामा राख्नु सकिदैन- येशू ख्रीष्टका पास्टरहरू मानिसहरूसँग केवल हल्का सम्बन्ध मात्र राख्ने खालको हुनुहुँदैन। चर्चमा प्रवचन दियो वा हप्ताको एक दिन साबथमा केही घन्टा चर्चमा बितायो भन्दैमा तिनीहरूको काम सिद्धिन्दैन। जसरी डाक्टरले बिरामीहरूको शारीरिक समस्या र हालखबरप्रति चासो राख्दै तिनीहरूलाई सोध्दछन्, त्यसरी नै पास्टरहरूले पनि आफ्ना प्रत्येक विश्वासीको आत्मिक स्वास्थको बारेमा ख्याल राख्नुपर्दछ। तिनीहरू व्यक्तिगत रूपमा आफ्ना विश्वासी सदस्यहरूसँग कुराकानी गर्नुपर्दछ र प्रत्येक व्यक्तिगत आवश्यकता अनुसार सहयोग गर्नुपर्दछ। यस खालको व्यक्तिगत चासो देखाएर चर्चका सदस्यहरूको हित खोज्नु पास्टरको काममा दोस्रो महत्त्वपूर्ण काम हो यस कार्यलाइ पन्छाउनु हुन्न। मूख्य गोठालो येशूले पास्टरलाई आफ्नो मातहतको मुनिको सहगोठालो भनेर नियुक्त गर्नुभएको छ। त्यसकाण आत्मिकरूपमा विरामी, परिक्षमा परेका र गल्ती गर्नेहरूको सेवा गर्नु उनको कर्तव्य हो। यस खालको काम चर्चको सबै वर्गहरू र स्थानहरूमा आवश्यक छ। -द रिभ्यु एण्ड हेराल्ड, मार्च ११, १९०२।

जोशिलो पाराले प्रचार गरेर मानिसहरू जोशको आधारमा येशूलाई विश्वास गर्नेहरूको बीचमा व्यक्तिगत काम गर्नुपर्दछ- जोशिलो र उत्तेजित गराएर सुसमाचार प्रचार गर्दा केवल थोरैले मात्र सच्चारूपमा हृदयदेखि गम्भिर भएर येशूलाई अङ्गाल्न पुग्छन् भने खोजि अनसुन्धानले पत्ता लगाएको छ। तर विगतको अनुभवको बावजुद पनि तपाईँहरूले आफ्नो अनुभवबाट सिक्नुभएको छैन वा तपाईँहरूले

प्रचार गर्ने शैलीमा परिवर्तन नगरेको देखिएको छ। विगतको अनुभवलाई सच्याएर भविष्यमा कसरी अघि बढ्ने भन्ने मामिला सिक्न तपाईँहरू ढिलो हुनुहुन्छ। त्यसको कारण तपाईँहरू प्रचार गर्दा उन्मत्त भएर भावनात्मक वातावरण मन पराउनुभएको छ। जँड्याहाले रक्सी थपेर आफ्नो आवेशलाई उत्तेजित गराउन खोजेको जस्तै सुसमाचार प्रचारमा तपाईँले मानिसहरूलाई उत्तेजित पार्न तपाईँ चाहनुहुन्छ। यसखालको बानी जसले चर्चमा उत्तेजना सृजना गर्छ यो परमेश्वरको निम्ति गलत जोश हो यसले सत्यप्रति सही प्रेमको जग बसाल्दैन। तपाईँहरूको काममा परमेश्वरको आत्माले काम गरुन् भन्ने चाहनुहुन्छ तर तपाईँहरू आफैमा त्यसको कमी छ। यदि तपाईँहरूको क्रियाकलापमा परमेश्वर हुनुहुन्छ र तपाईँमा मानिसहरूप्रति बोझ छ ताकि तिनीहरू ख्रीष्टको राज्यमा आउन् भन्ने चाहनुहुन्छ भने मानिसहरूलाई उत्तेजित पारेर हुल्न नखोजेर कुशलतापूर्वक ज्ञान र सत्य सिकाएर काम गर्नुहुनेछ। उत्तेजित वातावरणबाट तपाईँहरूको शैलिलाई मानिसहरूले महिमा दिनुसट्टा वा तिनीहरूलाई छक्काउनुको सट्टा परमेश्वरलाई कसरी महिमा दिने र उहाँको निम्ति कसरी फल फलाउने भन्ने निर्णयहरूमा तपाईँहरू हुनेछन्, अनि तपाईँहरूको परिश्रम फलदायी हुनेछ। जब तपाईँहरूले अरूहरूको सामु सत्यलाई प्रस्तुत गर्नुहुन्छ तब तपाईँ आफै सत्यको आत्माले तपाईँको अनुहार उज्यालो हुनुपर्दछ। जब तपाईँहरूले मानिसहरूको मनस्थितिलाई परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई मान्न तयार पार्नुभयो, पश्चाताप गरेर परमेश्वरकहाँ आउने सिकाउनुभयो र येशूप्रति विश्वास गर्ने शिक्षादीक्षा दिनुभयो भने तपाईँहरूको काम सुरुमात्र भएको हुन्छ। तपाईँहरूले केही न केही बहाना बनाएर तपाईँहरूले गर्नुपर्ने काम अरूहरूलाई बोकाएर जानुहुन्छ। तपाईँहरूले भन्नुहोला गोठालोको भार बोक्नु तपाईँ योग्य छैन। तब गोठालोको भारहरू बोक्न जति छिटो योग्य हुनुभयो तब तपाईँहरूको बगाल र सहकर्मीहरूको निम्ति उत्तम हुनेछ। - टेस्टिमोनिज फर द चर्च ३:२२७।

येशूलाई विश्वास नगर्ने वा अरू इसाईहरूसँगको भेटघाट

व्यक्तिगत रूपमा कसैसँग भेटघाट गर्न जाने आदतले मानिसहरूको विश्वास जित्नु प्रचार गर्नुभन्दा ठूलो प्रभावकारी हुन्छ- जब केवल बेलुकामात्र सेवासङ्गतिहरू चर्चमा हुन्छन् भने तब भएको समयलाई घर घर गएर मानिसहरूकहाँ भेटघाट गर्न जानु उत्तम हुन्छ। त्यसो गर्दा मानिसहरू जहाँ छन् त्यहीँ गएको हुन्छ। यदि ख्रीष्टका पास्टरहरू पवित्र आत्माका अनुग्रहहरूले सुसज्जित भएका छन् भने, यदि तिनीहरूले महान् उदाहरणको अनुसरण गरे भने तिनीहरूले ख्रीष्टको निम्ति मानिसहरूको मन जित्न सक्दछन्। अन्तिम दयाको सन्देश हुने कतिपय पास्टरहरू टाडै बस्न रूचाउँछन्। तिनीहरूले येशूलाई विश्वास नगर्नेहरूसँग घुलमिल गर्ने र तिनीहरूको बिश्वास जित्ने अवसरलाई कसरी सुधार गर्ने भन्ने कुरा ध्यान दिएको पाइन्दैन। तिनीहरूको अनुसरणीय रहनसहन, जीवनशैली, अरूहरूप्रति देखाएको निस्वार्थी चासो, दया, माया, करुणा, सहनशीलता, नम्र मिजास र भद्र वा शिष्ट व्यवहारले सर्वसाधारण मानिसहरू आकर्षित हुन्छन्। यी पवित्र आत्माका फलहरूले पास्टरहरूका हृदयहरू सजियो भने चर्चमा प्रचार गर्नुभन्दा ठूलो प्रभावकारी हुन्छ। सुसमाचारलाई प्रभावकारी बनाउन पास्टरहरू परिवारहरूमा गएर व्यक्तिगत भेटघाट गर्ने आदत बसाल्नुपर्दछ। समयसापेक्षित सन्देशलाई प्रचार गर्दा मानिसहरूबाट तिनीहरूले पाएको सत्यको जानकारी लिनुपर्दछ। घरघर गइकन व्यक्तिगत प्रयास गरेपछि चर्चमा प्रचार गर्दा त्यो प्रचार प्रभावकारी हुनसक्दछ, र मानिसहरू सत्यतिर आकर्षित हुन्छन्। -टेस्टिमोनिज फर द चर्च ३:२३३।

मानिसहरूसँगको भेटघाटमा साधारण विषयबस्तुको चर्चा गरेर समय खेर फाल्नुहुँदैन- पास्टरको परिश्रममा आफ्ना श्रोताहरूलाई पहिला के कुरामा बढि चासो देखाउनुपर्छ भनेर शिक्षित बनाउनुपर्दछ। पास्टरले बहुमूल्य सत्यका मोतीहरू व्यक्तिगत मानिसलाई प्रस्तुत गर्नुपर्छ र आफ्नो काम केवल प्रचार गर्ने वा प्रचारको निम्ति तयार

पार्नमात्र समय बिताउनु हुन्न। उनले मानिसहरूको सेवा गरुन्। चर्चमा उनको प्रवचन सुन्नेहरूको घरमा पास्टर जानुपर्छ र घरको मानिसले बोलाउछन भनेर पर्खिनुहुन्न। तर आफूलाई परमेश्वरले पठाउनुभएको हो भन्ने आभास् पास्टरले दिनुपर्छ। मानिसहरूको घरमा आफै गएर कोमल र नम्र मिजासले आफू आउन सकिन्छ कि भनेर अनुमति माग्नुहोस्। अनि पाप क्षमा गर्ने मुक्तिदातालाई चिनाउनुहोस्। जब पास्टर मानिसहरूको घरमा भेटघाट गर्न जान्छन् तब आफ्नो अमूल्य समय दैनिकी कुराकनी आदिको चर्चा गरेर समय फाल्नुहुन्न, तर आफ्नो अत्यन्तै प्रिय मित्रलाई चिनाउने अवसरलाई पर्खनुपर्दछ। कतिपय समयमा मानिसहरू यताउतिको कुरा गर्छन् तर आत्मिक कुरामा चासो नदेखाएको देखिन्छ। तैपनि यस खालका मानिसहरूलाई मिठो बोली र आवश्यक छोटो सन्देश सुनाउँदा असल माटोमा बिउ छरेको जस्तै हुनेछ। - रिभ्यु एण्ड हेराल्ड, मार्च ११, १९०२।

पास्टरले मानिसहरूलाई आफ्नो विशेष र तिनीहरूले ठान्ने अनौठो तर्कहरू मान्न पहिलो भेटघाटमा कर गर्नुहुन्न- पास्टरहरू, सुसमाचार पुस्तक विक्रेताहरू र मिसिनेरीहरूलाई एउटा अर्ति छ। तपाईँहरूले कतिपय समयमा नाथानियल जस्तो सत्यको बारेमा पूर्वाग्रह भएका मानिसहरू भेट्नुहुनेछ। तपाईँको तर्कहरुलाई कर गरेर प्रस्तुत नगर्नुहोस्। तिनीहरूसँग सहमत भएका विषयहरूको बारेमा पहिला चर्चा गर्नुपर्छ। अनि प्रार्थना गर्नुहोस् र परमेश्वरको अनुग्रहको सिंहासनमा तपाईँलाई चाहिने बुद्धिको निम्ति नम्रतासाथ बिन्ति पठाउनुहोस् त्यसो गर्दा पूर्वाग्रह कमजोर हुन्छ र तपाईँको कुरा सुन्न मानिस तयार हुन्छ। - इभान्जलिजम, ४४६।

<u>बाइबल अध्ययन</u>

जब सुसमाचार प्रचार गर्दा कसैले सत्यप्रति चासो देखाउँछ भने

त्यस व्यक्तिको घरमा उसलाई भेट्न जानुपर्छ र बाइबल अध्ययनमा सरिक गराउनुपर्दछ- पास्टरले प्रवचन दिन रमाउनु; निश्चयनै पास्टरीय कामको रमाइलो पक्ष हो, र प्रायजसो यो काम सजिलो पनि हुनसक्छ; तर कोही पनि पास्टर उनको भाषण कलाको खुबी अनुसार मूल्याङ्कन गरिनुहुँदैन। तर पास्टरको निम्ति गाऱ्हो काम त जब आफ्नो प्रवचनको र चर्चको कार्यक्रम सकिन्छ त्यसबेला सुरु हुन्छ। उनले रोपेको बिउलाई हुर्काउनु मलजल दिनु त्यो उनको चुनौतिपूर्ण काम हो। जब कसैले प्रभुतिर चासो देखाउँछ भने पास्टरले त्यस व्यक्तिको निम्ति व्यक्तिगत परिश्रम गर्नुपर्दछ, उनलाई उनको घरमा भेट्न जाने, बाइबल पढ्न सहयोग गर्ने, बाइबलमा भएका सत्यताहरू खोज्न सिकाउने, परिवार र चासो देखाउनेहरूसँग प्रार्थना गर्ने र हृदय र विवेकमा परमेश्वरको बारेमा गहिरो प्रभाव पार्न प्रयास गर्नुपर्दछ। - टेस्टिमोनिज फर द चर्च ५:२५५

पास्टरहरूका श्रीमतीहरूले तिनीहरूका श्रीमानले जस्तै बाइबल अध्ययन सफलतापूर्वक दिन सक्छन्- पास्टरका यी श्रीमतीहरूको म सराहना गर्दछु, बहिनी स्टार, हास्कल, विलसन र रबिन्सन। तिनीहरूले भक्तिसाथ, दिल खोलेर परमेश्वरको निम्ति पूरै समर्पित भएका छन्। तिनीहरू परिवारहरूकहाँ गएर बाइबल सिकाउँछन् र तिनीहरूसँग प्रार्थना गर्छन् र तिनीहरूको श्रीमानहरूले जस्तै सफल भएर व्यक्तिगत प्रयासद्वारा मानिसहरूलाई परमेश्वरतिर आकर्षित गराइरहेकाछन्। - म्यानुस्क्रिप्ट रिलिजेज २१:३६०।

साथी बनाएर येशूतिर तान्नु

जब चर्चका सदस्यहरू साथीहरूकहाँ गएर येशूसँग तिनीहरूको व्यक्तिगत अनुभव सुनाउँछन् तब चर्चले सफलता पाउँछ- कतिपय समयमा चर्चको वातावरण अत्यन्तै चिसो र औपचारिक हुन्छ कि सुरुमा स्वर्गबाट दिएको आत्मिक जागरण र फुर्तिहरू कतिपयले पचाउन सक्दैनन् न त रहिरन्छन्। तिनीहरूको पहिलो प्रेम कठ्यांग्रिएको छ।

यदि तिनीहरू पवित्र आत्माको बप्तिस्माले भिजेन भने तिनीहरूमा भएको दियो तिनीहरूबाट हटाइने छ। तर त्यसो नहुन तिनीहरू पश्चाताप गर्नुपर्छ र सुरुमा भएको प्रेम र काम गर्न राजी हुनुपर्दछ। सुरुका चेलाहरूले आफ्ना साथीहरू, आफन्त र चिनेजानेकाहरूलाई भेटेर प्रेमले भरिएका हृदयहरूबाट अनुहारमा मुस्कान राखेर येशूको कथा तिनीहरूलाई सुनाएका थिए र तिनीहरूको निम्ति येशू कस्तो हुनुभएको थियो वा येशूले गर्नुभयो सो बताएका थिए। - टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स, १६७।

परिवारहरूको आवश्यकतालाई हेरबिचार गर्न पास्टरले भन्दा साथीहरूले धेरै गर्न सक्छन्- सत्यका बिउहरू रोप्ने सबभन्दा महत्त्वपूर्ण काम पास्टरहरूलेमात्र गरुन् भन्ने परमेश्वरको लक्ष्य होइन। सुसमाचारीय सेवाकार्यमा पूरै संलघ्न हुन नियुक्ति नभएका सर्वसाधारण विश्वासीहरू पनि आफ्नो खुबी अनुसार प्रभुको निम्ति सेवाकार्य गर्नुपर्दछ। सयौँ चुपचाप बस्ने पुरुष र महिलाहरू विश्वासी तिनीहरूले स्वीकार्य सेवा गर्न सक्छन्। छिमेकी र साथीहरूको घरघरमा गएर सत्य बोकेर जाँदा प्रभुको निम्ति ठूलो काम गर्न सकिन्छ। परमेश्वर पक्षपाती हुनुहुन्न। ती भक्त इसाईहरूलाई उहाँले प्रयोग गर्नुहुन्छ जो नम्र छन् र तिनीहरूको हृदय सत्यले भरिएका हुन्छन् र येशूलाई प्रेम गर्छन्। यी मानिसहरू घरघरमा गएर परमेश्वरको निम्ति सेवामा संलघ्न होउन्। मानिसहरूको कोठामा गएर तिनीहरूसँग कार्य गर्दै नम्र, चनाखो र ईश्वरभक्तिको आभास् तिनीहरूलाई दिन सक्यो भने पास्टरले भन्दा बढि सेवा तिनीहरूले गर्न सक्छन्। - द रिभ्यु एण्ड हेराल्ड, अगस्ट २६, १९०२।

अध्याय २३
सार्बजनिक स्थलमा सुसमाचार प्रचार

आफूलाई लुकाएर वा आफ्नो मानसम्मानलाई छोपेर येशूलाई उचाल्दै मानिसहरूको मन जित्नुपर्दछ- ख्रीष्टको महिमाको निम्ति काम गर्नेहरू वा उहाँप्रति चासो राख्ने पुरुष र महिलाहरू अत्यन्तै विवेकशील हुनुपर्छ र तिनीहरू सावधानी हुनुपर्दछ। तिनीहरूको शिक्षादीक्षा वा आस्थालाई नबुझ्ने मानिसहरूले तिनीहरू कट्टरबादी होइन, तिनीहरू रमाइलो मिजासका हुन् र तिनीहरू आवेशमा चल्ने मानिसहरू होइनन् भनेर आदर गरुन्। जब तिनीहरू मानिसहरूसँग छलफल गर्छन् र मिजासिलो भएर मित्रवर रुपमा व्यवहार गर्छन्, तब पाष्टरहरू वुद्धिजीवि, मजबुत चरित्र भएका र स्वर्गको परमेश्वरप्रति श्रद्धा र प्रेम गर्नेहरू रहेछ भनेर तिनीहरूले निश्कर्ष निकाल्छन्। पाष्टरहरूले मानिसहरूको मन जितेर विश्वास लिन खोज्नुपर्दछ ताकि जब तिनीहरूले प्रचार गर्छन् मानिसहरूले थाहा पाउनेछन् कि तिनीहरू कुनै धर्मान्ध भएका, काल्पनिक कथाहरू चलाखीसित बुनाएर आएका, आफ्नै दर्शनलाई घुसाउन खोज्नेहरू होइनन् भनेर महसुस गर्नेछन्। तिनीहरूले बोलेका वचनहरू सुन्न लायकका छन् र तिनीहरूको गवाही र वचनले दिमागलाई आकर्षित गर्छन्, त्यसकारण त्यसतिर ध्यान दिनु जरुरी छ भनेर मानिसहरू सोच्न पुग्छन्। तपाईँ पाष्टरहरूले येशूलाई उचालेको देखुन् र तपाईँ आफै उहाँमा लुकिएको देखुन्। - द रिभ्यु एण्ड हेराल्ड, अप्रिल २६, १८९२।

साबथ र अमर जीवनको बारेमा सुनाउनुभन्दा पहिले मानिसहरूको विश्वास पहिला जित्नुहोस्- आफ्ना प्रयासहरूमा हाम्रा पाष्टरहरूले मानिसहरूले चासो नराखेका, नसोधेका र विवादस्पद विषयबस्तुहरू छिटोछिटो बताउन खोजेको मलाई देखाइएको थियो। कतिपय सत्यता

मानिसहरूका दिमागमा दिनदिनै घुसाइरहनुपर्छ ताकि समय आएपछि तिनीहरू साबथ र अमर जीवनको बारेमा तिनीहरूले सोच्न सकुन्। जब तपाईँहरू स्पष्ट नीति र जानकारी भएका, तर्कसम्मत र बाइबलको बारेमा थाहा पाएका मानिसहरू हो भनेर तिनीहरुले थाहा पाउँछन तब तपाईँहरूले मानिसहरूको मन जित्नुहुनेछ। र साबथ र अमर जीवनको बारेमा सार्वजनिकरूपमा सुनाउन तपाईँहरूले मानिसहरूको समय पाउनुहुनेछ। - इभान्जलिजम, २४६।

कूसेड वा सार्वजनिक सुसमाचार कार्यक्रम

येशूको तरिका अपनाइयो भने भिँडलाई आकर्षित गर्न सकिन्छ- जसले येशूको सिकाउने तरिकालाई अध्ययन गर्छन् र आफूहरू पनि उहाँको तरिका अनुसार आफैलाइ शिक्षित बनाउँछन्, तब तिनीहरूले येशूको समयमा जस्तै धेरै मानिसहरूलाई आकर्षित गर्न सक्छन्। जो पाष्टरहरु आफूले मन पराएको सत्यलाई प्रयोगात्मक स्वभावमा मानिसहरूका सामु प्रस्तुत गर्दछन, तब तिनीहरूले त्यस सत्यताप्रति विश्वास जगाउँछ किनकि तिनीहरूका हृदयहरूमा पवित्र आत्माले प्रभाव पार्नुहुन्छ। - इभान्जलिजम, १२४।

सुसमाचार प्रचार गर्ने टीममा सहयोगीहरूलाई भाग लगाउन दिएर तालिम दिनुपर्दछ- जब महत्त्वपूर्ण ठाउँमा सत्यको बारेमा प्रचार गर्न सुसमाचारीय कार्यक्रम आयोजना गरिन्छ, तब पाष्टरहरूले आफ्ना सहयोगीहरूप्रति विशेष ध्यान दिनुपर्दछ र तिनीहरूलाई तालिम दिनुपर्दछ। पुस्तक विक्रेताहरूको आवश्यक त्यसबेला हुन्छ। बाइबल सिकाउने योग्य भएका तिनीहरूले मानिसहरूलाई बाइबल सिकाउन सक्छन्। पाष्टरहरूले बाइबल र शिक्षाहरू सिकाउन परिश्रम गरिरहेको बेलामा तिनीहरूले मानिसहरूको दिमागमा सत्यतिर ढल्काइरहन सक्दछन्। - द पब्लिशिङ्ग मिनिस्त्री, ३०७।

सांसारिक लोकप्रिय गाएकहरू र चलचित्र वा नाटककारहरू

ल्याएर मानिसहरूको चासो सुसमाचरीय कार्यक्रम जगाउनु खोज्नु हुन्न- सुसमाचारीय कार्यक्रमको आयोजना गर्दा मानिसहरूलाई आकर्षित गर्न परमेश्वरका जनहरूले संसारका उपायहरू अपनाउनुहुन्न। सुसमाचारीय कार्यक्रम सांसारिक लोकप्रिय गाएकहरू र चलचित्र वा नाट्यशालाका मानिसहरू ल्याएर तिनीहरूको तडकभडकद्वारा मानिसहरूको चासो बढाउन खोज्नुहुन्न। परमेश्वरको वचनमा चासो नराख्नेहरू, बाइबल कहिल्यै नपढ्नेहरू र सत्यप्रति चासो नराख्ने ती लोकप्रिय गाएकहरू पवित्र आत्माबाट प्रेरित भएर मानिसहरूलाई बुझाउन हेतुले गाउने के तिनीहरूबाट अपेक्षा गर्न सकिन्छ र? पवित्र गीतका शब्दहरूमा तिनीहरूका हृदयहरू कसरी तालमेल हुनसक्छ र? त्यस किसिमको सङ्गीतमा स्वर्गका गीति समूह कसरी सामेल हुन सक्छ र? - टेस्टिमोनिज फर द चर्च ९:१४३।

सम्मेलन

छलफल गरेर सिकाउनु नै हाम्रो सन्देश फैलाउन अत्यन्तै प्रभावकारी माध्यम हो- बिगतको समयमा भाइ गेमेटले घोडा र पशुहरूको ठूलो गोठहरूमा मानिसहरूलाई जम्मा गरेर बाइबल सिकाएका थिए। जब हामी त्यहाँ थियौँ त्यबेला उनले हप्ताको दुई पटक टोर पेलिस भन्ने ठाउँबाट बाऱ्ह किलोमिटर जति टाढा गोठहरूमा बाइबल सिकाइरहेका थिए। मानिसहरूको चासो राम्रो थियो। प्रायजसो चालिसदेख पचास जना मानिसहरू त्यस अध्ययनमा सहभागि भएका थिए। गोठको भुइँमा परालका सुकुलहरू थिए, कोही बाकसहरूमा बस्दथे। मानिसहरू एक वा दुई घन्टा बाइबल अध्ययन गर्दथे। अनि अध्ययन सकेपछि कोही मानिसहरू आफूहरूले सिकेका बारेमा सोधपुछ गर्न बस्दथे। - हिस्टोरिकल स्केचेस अभ द फरिन मिसन्स अभ द सेभेन्थ-डे एडभेन्टिस्टस्, २४८।

येशू केन्द्रित भएको तर विवाद नगर्ने वातावरणमा दानिएल र प्रकाश पुस्तक अध्ययन गरियोस्- हामीसँग खेर फाल्ने समय छैन;

परमेश्वरसँग लेखाजोखा दिनुपर्ने मानिसहरूप्रति संवेदनशील हुन उहाँले हामीलाई अन्हाउनुभएको छ। नयाँ नयाँ शिक्षाहरू ती पुस्तकहरूबाट भेट्टाउनुपर्छ र सत्यलाई स्पष्टरूपमा दिमागमा घुसाइ राख्न प्रयास जारी नै राख्नुपर्छ। तर तर्कवितर्क गर्न प्रयास गर्नुहुन्न। हुनसक्छ कतिपय समयमा हामीले मानिसहरूलाई चित्त बुझाउन नसकिएला। तर हामी आफूले जानेको सत्यमा अडिग भइरहनुपर्छ र परमेश्वरको सन्देशलाई पर्खिनु पर्दछ। दानिएलमा बताएका, प्रकाशमा बताएका सत्य के हो त्यो बताउनुपर्दछ। तर दानिएल र प्रकाशबाट जे विषयबस्तुलाई प्रस्तुत गरेपनि ती दुवै पुस्तकले हाम्रो आशाको केन्द्रविन्दु येशूलाई उचाल्नु हो भनेर ठम्याओस्। "उहाँनै दाउदको जरा र विरुवा हुनुहुन्छ, उहाँ नै बिहानको चम्किलो तारा हुनुहुन्छ". - टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स, ११८।

अध्याय २४
सानो समूह सुसमाचार टोली

परिवारहरूसँग र सानो समूह जम्मा गरेर बाइबल अध्ययन गर्ने र प्रार्थना गर्ने बानी बसाल्नुपर्दछ- मेरा प्रचारक भाइहरू, मानिसहरूको बीचमा प्रवचन दिनुमात्र तपाईंको काम हो भनेर नसम्झनुहोस्। सिकाउनु र शिक्षित बनाउनु तपाईहरूको सबभन्दा असल काम हो। जब अवसर आउँछ तब कोही परिवारसँग बसिबियालौं गर्नुहोस् र तिनीहरूले तपाईंसँग सोधपूछ गरोस्। अनि नम्र र धैर्य भएर तिनीहरूको प्रश्नको जवाफ दिनुहोस्। यो तपाईंको सार्वजनिक सुसमाचार सुनाउने प्रयास हो भनेर सोच्नुहोस्। कम प्रचार गर्नु होस् र बढि बाइबल अध्ययन टोली खडा गरेर मानिसहरूलाई शिक्षित बनाउनुहोस्। परिवारहरूसँग र सानो सानो समूहसँग प्रार्थना गर्नुहोस्। - द रिभ्यु एण्ड हेराल्ड, डिसेम्बर ८, १८८५।

चर्चका सदस्यहरूले साथी र छिमेकीहरूलाइ घरमा आउन अनुरोध गर्नुपर्छ र पास्टले तिनीहरूसँग भेटेर बोल्नुपर्दछ- कतिपय समयम भर्खर विश्वासमा आएकाहरू आत्मिक कुरोमा जागृत भइरहेका हुन्छ र तिनीहरूले आफूले सिकेका सत्यतालाई सुनाउन तिनीहरूले आफना साथी र छिमेकीहरुलाइ बोलाउन सक्छन्। अनि तिनीहरूसँग सदभावना स्थापना गरेपछि तिनीहरूलाई बाइबल सिकाउन हाम्रा पास्टरहरूलाई बोलाउन सकिन्छ। यस खालको आत्मिक वातावरण धेरै रमाइलो हुन्छ।- म्यानुस्क्रिप्ट रिलिजेज १६:४५।

परिवारहरू र तिनीहरूको छिमेकीहरूसँग बाइबल अध्ययन गर्न समय बिताउनुपर्दछ- परम्परागत चर्चको शैलीभन्दा हाम्रा चर्चहरूमा फरक शैली अपनाउन आवश्यक छ। कतिपय पास्टर र गस्पल वर्करहरू साबथमा चर्च खोल्नु, प्रचार गर्नु वा साबथ स्कूल पाठ

सिकाउनुमात्र हो र अरू समयमा केही गर्नु आवश्यकता छैन भनेर हप्ताभरी हात बाँधेर बस्छन्। त्यो मनस्थिति तोड्नुपर्दछ। तिनीहरू गम्भिर र इमान्दार भएर घर परिवारहरूमा भेटघाट गरेर आत्मिक संरचना बनाउनु पर्दछ। विश्वासी परिवारले पनि आफ्ना छिमेकीहरूलाई बोलाउनुपर्दछ र पास्टरलाई बोलाएर बाइबल सिकाउन समय दिनुपर्दछ। तिनीहरूमा एक आपसमा चिनाचानी गराउनुपर्दछ। हाम्रा चर्चहरूमा कम प्रचार र धेरै पास्टरीय काम गर्नु आवश्यक छ। यस्तो काम गर्न खुबी नभएका विश्वासीहरूले त्यस कामको निम्ति आफूहरूलाई शिक्षित बनाउनुपर्दछ, अनि येशूको काम गर्ने शैलीमा तालमेल हुन खोज्नु पर्दछ।- द होम मिसिनेरी, नभेम्बर १, १८९०।

अध्याय २५
विशेष स्थानहरूमा सुसमाचार प्रचार गर्ने प्रवन्ध

सहरहरूमा

घर बहालमा लिएर सहयोग पुऱ्याउने व्यक्तिहरू ल्याएर सहरहरूमा काम गर्न सकिन्छः सहरको अत्यन्तै असल ठाउँमा भाइ र बहिनी हास्कलले घर बहालमा लिएका छन्। त्यस घरमा तिनीहरूले सहयोगीहरू जम्मा गरेका छन्। तिनीहरू दिनदिनै बाइबल सिकाउन जान्छन्, हाम्रा प्रकाशनहरू बेच्छन् र मेडिकल मिसिनेरी काम पनि गर्छन्। जब तिनीहरू घरमा आराधना गरिन्छ तब दिनभरी काम गर्नेहरू आफ्नो दैनिक अनुभवहरू बताउँछन्। नियमित रूपमा घरमा बाइबल अध्ययनहरू गराउँछन्। मिसनसँग सम्बधित युवा र युवतीहरू बाइबल सिकाउने र हाम्रा प्रकाशनहरू बिक्री गर्ने काममा व्यवहारिक तालिम पाइरहेकाछन्। परमेश्वरले तिनीहरूको परिश्रमलाई आशिष दिनुभएको छ। धेरैले सत्यलाई अङ्गालेका छन्, र अरू धेरै मानिसहरू बाइबल अध्ययनमा गहिरो चासो देखाएका छन्। - द रिभ्यु एण्ड हेराल्ड, सेप्टेम्बर ७, १९०५।

तन्नेरी कार्यकर्ताहरू अनुभवी कार्यकर्ताहरूसँग मिलेर सहरमा काम गर्नुपर्दछ- घरमा ठिक तालिम पाएका युवाहरूले नयाँ ठाउँहरूमा सेवा गर्नेहरुलाइ तालिम दिनुपर्दछ र सत्यलाई उचाल्न र हौशला दिनुपर्दछ। तर त्यसको लागि राम्रो कार्ययोजना बनाउनुपर्छ र विश्वाससाथ काम गर्न प्रतिवद्धता जनाउनुपर्दछ। हाम्रा पास्टर र अनुभवी कर्मचारीहरूसँग मिलेर काम गर्दा तिनीहरूले अत्यन्तै उत्तम तालिम प्राप्त गर्न सक्छन्। परमेश्वरको अगुवाइ र प्रखर प्रार्थनामा सम्हालिरहने अनुभवी कर्मचारीहरूको अगुवाइमा ती युवाहरूले असल र आशिषमय काम गर्न सक्दछन्। जब तिनीहरू पुरानो अनुभवी

कर्मचारीहरूसँग एक भएर परिश्रम गर्छन् तब तिनीहरको युवा जोश र जाँगर फूर्तिलो हुन्छ र स्वर्गका दूतहरू तिनीहरूलाई साथ दिनेछन्। तिनीहरू परमेश्वरको सहकर्मी भएर काम गर्दा गीत गाउनु, प्रार्थना गर्नु, विश्वासमा अघि बढ्नु तिनीहरूको निम्ति अवसर हुनेछ। परमेश्वर र उहाँका अनुभवी जनहरूसँग मिलेर काम गर्दा साहस आउँछ र एक किसिमको स्वतन्त्रता पनि अनुभव गरिन्छ। स्वर्गका माध्यमहरूको उपस्थितिले तिनीहरूलाई भरोसा दिन्छ र विश्वस्त बनाउँछ। त्यसले गर्दा उहाँको निम्ति काम गर्नेहरू प्रार्थना, स्तुति र सरल तर सत्य विश्वासमा अघि बढ्न सक्छन्। -टेस्टिमोनिज फर द चर्च ९:११९।

जब सहरमा काम गरिन्छ तब तालिक दिने स्कूलहरू र सार्वजनिक सुसमाचारीय सभाहरू सँगसँगै मिलाएर जानुपर्दछ- जुन सहरमा सुसमाचारमा खट्नेहरूको निम्ति बाइबल तालिम दिने स्कूल छ त्यहाँ सुसमाचार प्रचार गरिन्दा ती तालिम लिनेहरूलाई सार्वजनिक सुसमाचार कार्यक्रममा भाग लिन लगायो भने हाम्रो काममा संतुलन हुन्छ वा काम उपलब्धीमूलक हुनसक्छ। जब सहरका सुसमाचारीय निकाय र तालिम दिने स्कूलका विद्यार्थीहरू सँगसँगै सम्पर्क राखेर काममा अघि बढ्छ तब ती विद्यार्थीहरूमा आत्मिक समझशक्ति बढ्न सक्छ र तिनीहरू प्रभुको निम्ति अनुभवी बाइबलीय कामदारहरू हुन सक्छन्। तिनीहरूले चाहना गरेकाहरूलाई दिनदिनै बाइबल सिकाउन सक्छन् र सार्वजनिक सुसमाचारीय कार्यक्रममा दिलोज्यान दिएर खट्न सक्छन्। जब पुरुष र स्त्रीहरू सत्यतिर लाग्न आफ्नो जीवन परिवर्तन गर्दछन्, तब मिसनका उच्च पदाधिकारीहरूले धेरै प्रार्थना गरि ती नयाँ मानिसहरूलाई हृदयमा सत्यको शक्तिलाई कसरी अनुभव गर्ने भनेर देखाउन सक्दछन्। यस खालको कार्यक्रम जहाँ बुद्धि पुऱ्याएर संचालन गरिन्छ त्यहाँ अन्धकार भएतापनि परमेश्वरको ज्योति चम्किन्छ। गस्पल वर्कर्स, ३६४, ३६५।

जब सहरमा काम गरिन्छ त्यहाँ स्वस्थ रेस्टुराँहरू संचालन गर्नुपर्छ र

स्वस्थ जीवनशैलीको बारेमा मानिसहरूलाई व्याख्या गरेर सिकाउनुपर्दछ- हाम्रा सहरहरूको निम्ति सन्देश हाम्रो प्रभुसँग छ। यो सन्देश सुमाचारीय सभा, सार्वजनिकरूपमा गरिने प्रयासद्वारा र हाम्रा प्रकाशनद्वारा फैलाउनुपर्दछ। सहरहरूमा स्वस्थ रेस्टुराँहरू स्थापना गर्नुपर्दछ र त्यसको साथै स्वस्थ जीवनशैली र संयमको सन्देश सुनाउनु पर्दछ। रेस्टुराँहरूसँग मिलेर स्वस्थ जीवनशैलीको बारेमा सभाहरू गर्न सकिन्छ। जब सम्भव हुन्छ तब विज्ञहरूलाई बोलाएर स्वस्थ्य विज्ञान र इसाई स्वस्थ जीवनको बारेमा वाख्याहरू गर्न कोठा उपलब्ध गराउनपर्दछ। त्यहाँ कसरी स्वस्थ खाना परिकार बनाउने र अरू महत्त्वपूर्ण विषयहरूका बारेमा ग्राहकहरूलाई सिकाउन सकिन्छ। ती सभाहरूमा प्रार्थना, भजन र स्वास्थ्यको बारेमामात्र चर्चा नगरी उपयुक्त बाइबलका विषयहरूमा पनि सिकाउन सकिन्छ। जब जनमानसहरूलाई आफ्नो स्वास्थलाई कसरी हिफाजत गर्ने भनेर सिकाइन्छ तब परमेश्वरको राज्यको निम्ति सुसमाचारका धेरै बिऊहरू रोप्ने अवसर पाउन सकिन्छ। - काउन्सिलस् अन डायट एण्ड फुडस्, २७६, २७७।

<u>झ्यालखानाहरूमा</u>

कारागारमा थुनिएकाहरूलाई सान्त्वना र उत्साह दिनुपर्दछ- तपाईँले यस वर्ष तपाईँको डायरीमा के लेख्नुभएको छ? के तपाईँको डायरीमा दु:खकष्ट, गरिब, बिपन्न वर्ग र आवश्यकताहरूलाई सेवा गर्दा तपाईँले पाउनुभएको अनुभवको बारेमा लेख्नुभएको छ? कारागारमा कतिपय अपराधी गनेका ख्रीष्टको निम्ति दु:ख पाइरहेका हुन्छन्। तिनीहरूले सत्यलाई झुटसँग साट्न चाहेका हुँदैनन् बरु झ्यालखानमा नै कष्ट पाउन राजी भएक हुन्छन्। तिनीहरूलाई सान्त्वना र हौशला दिनुपर्छ। हाम्रो भविष्य यस कामले पनि निर्धारण गर्दछ। विश्वासमा अडिग भएर यस खालको सेवाकार्य गर्नेहरूलाई बहुमूल्य इनाम पर्खिरहेको हुन्छ। तिनीहरू जो येशूलाई प्रेम गर्छन्

र उहाँको आगमनको निम्ति पर्खिरहेका हुन्छन् तिनीहरूको निम्ति भवनहरू तयार पार्न जानुभएको येशूले घर उपलब्ध गराउनु हुनेछ। - द युथस इन्स्ट्रकटर, अगस्ट १९, १८९७।

झ्यालखानामा परेकाहरूलाई भेटघाट गर्न वास्ता नगर्ने तर ख्रीष्टका सेवकहरू भनेर दावी गर्छन् तिनीहरू स्वर्गमा पुग्दा सुरक्षित हुँदैन- मानिसप्रति हाम्रो कर्तव्य के हो भनेर परमेश्वरको व्यवस्थाले स्पष्टरूपमा किटान गरेको छ। ख्रीष्टले अत्यन्तै सानाभन्दा साना उहाँका भाइहरूलाई वेवास्ता गर्नेहरूको लेखा तिनीहरूको बिरुद्धमा चढाइएको हुन्छ। "तिम्रो छिमेकीलाई आफू जस्तै प्रेम गर्नु" भन्ने उहाँको यो विशेष आज्ञालाई वेवास्ता गर्नेहरूले दु:खकष्ट, आवश्यकतामा परेकाहरू र घाइतेहरूप्रति तिनीहरूले आँखा चिम्लिरहेका हुन्छन्। तिनीहरू ख्रीष्टको पक्षमा उभिएका छैनन् भनेर तिनीहरूले तिनीहरूकै उदारणले पुष्टि गरिरहेको हुन्छ। येशूलाई विश्वास गर्छु भनेर दावी गर्ने तर कष्ट पाएका इसाई बन्धुहरूलाई सरासर वेवास्ता गर्ने इसाईहरू परमेश्वरको शत्रुको पक्षमा उभिरहेका हुन्छन्। नाङ्गालाई लुगा दिन वेवास्ता गर्ने, भोकाएकाहरूलाई नख्वाउने, झ्यालखानामा परेकाहरूलाई भेट्न नजानेहरूको मनस्थिति वा बानी कस्तो छ भनेर तिनीहरूले देखाइरहेको हुन्छ। यस खालका इसाईहरू स्वर्गमा लाँदा त्यहाँ सुरक्षित हुँदैन; किनभने तिनीहरूको स्वार्थीपना र कठोर हृदयले तिनीहरूले यस संसारमा भएका येशूका भाइहरूलाई सराहना गरेका छैनन् भनेर तिनीहरूले स्पष्टरूपमा देखाइरहेका हुन्छन्। तिनीहरूले परमेश्वर र उहाँका पुत्र र परमेश्वरको राज्यमा भएका सन्तहरूको सराहना गरेका छैनन् भनेर आफैले किटानी गरिरहेकाछन्। - द होम मिसिनेरी, अक्टोबर १, १८९७।

एलेन जी ह्वाइट झ्यालखानामा जानुहुन्थ्यो र कैदीहरूसँग बोल्नुहुन्थ्यो- जब म अरिगन राज्यमा थिएँ त्यहाँ सालेममा रहेको झ्यालखानामा म जान्थेँ र अपराधीहरूलाई झ्यालखानाको चर्चमा सम्बोधन गरेको थिएँ।

- द साइन्स अभ द टाइम्स, जुलाई २५, १८७८।

बिपन्नवर्ग वा समाजबाट तिरस्कार भएकाहरूको सेवा

आशारहितहरूको निम्ति आशा ल्याउन पनि चर्चहरू स्थापना भएको हो- चर्चले गर्नुपर्ने काम कतिलाई थाहा छैन। हो, सुसमाचारीय काममा संलघ्न हुनेहरूलाई हाम्रो स्रोतहरूले सहयता गर्नुपर्छ ताकी परमेश्वरको राज्यमा धेरै मानिसहरू जम्मा गरेर हामी आनन्दित होऔँ। यो ठिक छ, तर त्यहाँ अर्को काम पनि छ जसलाई चर्चले छोएको छैन तर छुनै पर्दछ। यस संसारमा येशू आउनुको लक्ष्य बिरामीहरूलाई निको पार्नु, आशारहितहरूलाई आशा दिनु र उत्साह दिन्, टुटिएका हृदयहरूलाई मर्मत गर्नु पनि हो। यस पुनर्स्थापना गर्ने काम आवश्यकता भएका, कष्टमा परेकाहरूको बीचमा सक्रिय हुनु हो। तपाईँको उदारतामात्र परमेश्वरलाई आवश्यकता छैन तर तपाईँको हँसिलो मुस्कान, मनलाई हलुको पार्ने शब्दहरू र तपाईँको हात दिनु पर्दछ। परमेश्वरका कोही दु:ख पाएकाहरूलाई राहत दिनुपर्छ। कतिपय बिरामी छन् र तिनीहरू निराशको बादलमा छन्। तिनीहरूलाई सूर्यको किरण ल्याउनु पर्दछ। कतिपय मानिसहरू निराशले गर्दा उदाश भएकाछन्; तिनीहरूसँग कुरा गर्नुहोस, तिनीहरूको निम्ति प्रार्थना गर्नुहोस्। कतिपयलाई जीवनको रोटीको आवश्यकता छ। तिनीहरूलाई परमेश्वरको वचनबाट सुनाउनु पर्दछ। कतिपय मानिसहरू आत्मिक र मानसिक रूपमा बिरामी छन्, तिनीहरूलाई कुनै पनि औषधीले निको पार्न सक्दैन। तिनीहरूको निम्ति प्रार्थना गर्नुपर्छ, र तिनीहरूलाई येशूतिर ल्याउनुपर्दछ। यस खालको सबै कामहरूमा मानिसहरूका हृदयहरूमा छाप लगाइदिन ख्रीष्टको उपस्थित हुनेछ।
- वेलफ्यर मिनिस्त्री, ७१।

येशूले जस्तो सेवा गर्नु भनेको वेदना र पीडामा परेकोलाई सेवा गर्नु हो- मन्दिरको परिसरमा पीडादायी मानिसहरूको हुल थियो।

त्यहाँ मानिसहरूले जे देखे त्यो देखेर तिनीहरू छक्क परेका थिए। येशूले गरिब, विपन्नवर्ग, दु:ख, कष्ट, वेदना र पीडामा परेकाहरूको सेवा गर्नुहुँदै थियो। आफ्ना दु:ख कष्ट र पापबाट तिनीहरूले राहत नपाएकोले चित्कार गरिरहेका थिए। तिनीहरूले मानव पुत्र येशूको बारेमा सुनेका थिए। तिनीहरूले उहाँको करुणा र मायाको बारेमा सुनेका थिए। उहाँले बिरामीहरूलाई निको पार्नुभएको, अन्धाहरूका आँखा खोल्नुभएको, लङ्गडोहरू हिँड्न सक्ने बनाउनुभएको तिनीहरूले सुनेका थिए। त्यसकारण तिनीहरूका ओठहरूबाट येशूसँग दयाको भिष मागीरहेका थिए। एक एक गरेर तिनीहरूको व्यथा प्रभुलाई सुनाइरहेका थिए। जसरी आमाको कोमल आँखा आफ्नो दु:खमा परेको बालकलाई हेर्दछिन्, त्यसरी नै उहाँले एक एक गरेर ती दु:खमा परेका मानिसहरूलाई हेरिरहनुभएको थियो। बिरामी र पीडामा परेकाहरूलाई आफूकहाँ स्वास्थ र शान्तिको निम्ति बोलाइरहनुभएको थियो। दु:ख पाएकाहरूलाई उहाँले कोमल सान्त्वना दिनुभएको थियो। उहाँले साना बालबालिकाहरूलाई आफ्नो काखमा लिनुभएको थियो। तिनीहरूमा भएका दु:ख र रोगहरू हट्न उहाँले आदेश दिनुभएको थियो। उहाँले अन्धाहरूको आँखा खोलिदिनुभयो, बहिराहरूलाई सुन्ने गराउनुभयो, रोगीहरूलाई निको पार्नु भयो, र पीडामा परेकोले सान्त्वना दिनुभयो। - द रिभ्यु एण्ड हेराल्ड, अगस्ट २७, १८९५।

दु:खकष्ट परेकाहरू, अन्धा र लङ्गडा र विपिन्न वर्गहरूलाई सेवा गर्नु हाम्रो कर्तव्य हो- जब खानपिन गरिरहेको बेलामा येशूले कुरा गरिरहनुभएको थियो, तब उहाँले कुनै नयाँ सत्यको बारेमा बोल्नु भएको थिएन, न त नयाँ सिद्धान्त र नीतिहरूको बारेमा चर्चा गर्नुभएको थियो। उहाँले पहिला मोशालाई दिनुभएको पुरानो आज्ञाहरू नै उहाँले दोहोऱ्याउनुभएको थियो। आफ्नो शिक्षाले पहिलाका दश आज्ञाहरूको प्रभावकारितालाई कमजोर बनाएको छैन भनेर उहाँले तिनीहरूले बुझोस् भन्ने चाहनुभएको थियो। जब पुजारी, फारिसी, पण्डित, शासक र गन्यमान्य व्यक्तिहरूले दिने भोजभतेर आफ्नो

स्वार्थलाई रमाइलो गर्नमात्र दिन्थे। तिनीहरूले तिनीहरूको मन पर्ने, धनी नातेदार र साथीहरूलाई भोजमा बोलाउँथे। अनि भोज खानेहरूले पनि ख्वाउनेहरूलाई खान बोलाउँथे। भोजमा प्रसस्त परिकारहरू हुन्थ्यो। तर जब येशूले गरिब, लङ्गडो, अन्धा र विपन्न वर्गहरूलाई खान बोलाउनुपर्छ भनेर सुनाउनुहुँदा तिनीहरूलाई सेवा गर्नु जहिले पनि मानवीय कर्तव्य हो भनेर मानिसहरूले बुझोस भन्ने उहाँको चाहना थियो। दु:ख, कष्ट, पीडा र शोकमा परेकाहरूको सेवा नगर्दा जोसुकै इसाई भनेर दावी गरेतापनि तिनीहरूले पाउने इनाम पाउनेछैन भनेर उहाँले सम्झाउन खोज्नुभएको थियो। - द साइनस् अभ द टाइम्स, मे १४, १८९६।

पीडा वा वेदनामा परेकाहरूको प्रार्थना ख्रीष्टले सुन्नुभएको छ भनेर प्रमाणित गर्न उहाँले उहाँका भक्तहरूलाई पठाउनुहुन्छ- कसैलाई भोकाएको छ वा कोही तिर्खाएको छ वा नाङ्गो छ भने उहाँले स्वर्गबाट सिधै मन्ना, पानी वा लुगाहरू पठाउनुहुन्न। एलियालाई जस्तो कौवाहरूलाई पठाएर खान दिनुहुन्न; तर उहाँले मानिसहरूको हृदयमा आश्चर्य कामहरू गर्नु हुन्छ, तिनीहरूको हृदयबाट स्वार्थी भावनाहरू खोतलेर निकाल्नुहुन्छ र कठोर हृदय भएकाहरूलाई दानी बनाउनुहुन्छ। आफ्ना भक्तजनहरूले उहाँलाई कतिको प्रेम गर्दछन् भनेर पीडा र दु:खमा परेकाहरू, गरिब र टुहुराहरूप्रति तिनीहरूको हृदय कतिको कोमल छ भनेर उहाँले जाँच्नुहुन्छ। तिनीहरूलाई ख्रीष्टले विशेष गरेर हेर्नुहुन्छ र तिनीहरूलाई वेवास्ता गर्दा उहाँले आपत्ती जनाउनुहुन्छ। प्रत्येक दयाको काम उहाँको नाउँमा गरेको उहाँलाई नै गरेको उहाँले ठान्नुहुन्छ। दु:खमा परेको मानव जीवनसँग उहाँ आफै परिचित हुनुहुन्छ र येशूलाई सेवा गर्ने महान् काम आवश्यकता र कष्ट पाएकाहरूलाई सेवा गर्ने जिम्मा उहाँले चर्चलाई सुम्पनुभएको छ। दिल खोलेर सेवा गर्नेहरूको निम्ति परमेश्वरको आशिष परिरहेको हुन्छ। - द रिभ्यु एण्ड हेराल्ड, जुन २७, १८९३।

दु:खकष्ट र पीडामा परेकाहरूलाई स्वाबलम्बन हुन सिकाउनुपर्दछ-

यसको अर्थ तिनीहरूको र विपन्न वर्गहरूको आर्थिक समस्या उकास्न जरुरी छ। हजारौँ विधुवाहरू र टुहुराहरू, युवा र वृद्धहरू, पीडा र अपाङ्गहरूलाई आफूहरूलाई कसरी हेविचार गर्ने भनेर सिकाउनुपर्दछ। धेरै मानिसहरू औछ्यानमै परिरहेको हुनसक्छ र काम गर्न असमर्थ छन्। तर कतिपय गरिब र विपन्न वर्गहरूलाई यो सन्देश दिनुपर्दछ कि यदि तिनीहरूले काम गरेन भने तिनीहरूले खान पनि अधिकार छैन। आफ्नो खानको निम्ति तिनीहरूले पैसा तिर्नुपर्छ ताकि तिनीहरूले पैसाको मूल्य, ताकत र समयमा थाहा पाउन्। यस किसिमको उदारवादी नीतिले महत्त्वपूर्ण पाठहरू मानिसहरूले सिक्छन्। गरिब र विपन्न वर्गहरूको आवश्यकतालाई सेवा गर्नुमात्र होइन तिनीहरू आफूले आफूलाई कसरी हेरबिचार गर्न सकिन्छ त्यो पनि सिकाउनु आवश्यकता छ। - म्यानुस्क्रिप्ट १५६ए, १९०१ (बाट्टल क्रिक लेटर्स, ४६)।

भाग ४

सर्वसाधारण विश्वासीहरूलाई तालिम

अध्याय २६

स्वयंसेवकहरूलाई भर्ना र तालिम

अहिले काम गर्ने केवल एक जनामात्र छ भने पछि हजार जनाभन्दा बढि हुनुपर्दछ- येशूले हामीलाई भनिरहनुभएको छ, "हे अल्प विश्वासीहरू हो।" हाम्रा हृदयहरू पवित्र आत्माद्वारा काम गर्नैपर्छ। हामी जस्तो छौँ त्यस्तै प्रभुकहाँ आउनुपर्छ भनेर हामीले विश्वास गर्नैपर्छ। हामी ढिलो नगरि उहाँकहाँ आएर विश्वासद्वारा उहाँसँग प्रार्थना गरेर हामीसँग उहाँले काम गरोस् भनेर पुकार्नुपर्दछ। उहाँका जनहरूको बीचमा आफ्नो शक्ति प्रकट गर्न प्रभु चाहनुहुन्छ। अहिले एक जनालेमात्र काम गरिरहेको ठाउँमा हजार जना भन्दा बढिले काम गर्नुपर्दछ। केवल अभिषेक गरिएका पास्टरहरू भनेर मैले सम्बोधन गरेको छैन, तर ती मानिसहरू जो बप्तिस्माको बेलामा परमेश्वरको काममा सघाउँछु भनेर सपथ खानेहरू प्रार्थना र विश्वास साथ उहाँको निम्ति काम गर्न अग्रसरता देखाउनुपर्दछ। - म्यानुस्क्रिप्ट रिलिजेज ५:३३६।

सत्यलाई अङ्गाल्ने प्रत्येक एडभेन्टिस्ट व्यक्तिगत तर्फबाट उहाँको सेवा गरेको उहाँ अपेक्षा गर्नुहुन्छ- उहाँको सत्य बोक्ने प्रत्येक एडभेन्टिस्टले आफ्नो व्यक्तिगत तर्फबाट उहाँको सेवा गरेको उहाँले अपेक्षा गर्नुभएको छ। त्यसबाट कोही पनि बंचित हुने बहाना छैन, चाहे चर्च वा मिसनको कर्मचारी होस् वा गैर सर्वसाधारण विश्वासी होस्। "मैले दशांस र भेटी दिएकै छु। त्यसबाटै मेरो जिम्मा पूरा हुन्छ," भनेर कतिले ठानेर चर्चको काममा चासो देखाएको

हुँदैन। यस मामिलामा तिनीहरूले आफूहरूलाई नै धोखा दिइरहेका हुन्छन्। दशांस र भेटी दिएरमात्रै आफ्नो इसाई जिम्मेवारी पूरा हुन्छ भन्ने मामिला परमेश्वरको लागि अमान्य छ। दशांस, भेटी र उपहारहरू दिएर परमेश्वरको आवश्यकता पूरा हुँदैन तर त्यो केवल आधा इसाई हुनुमात्र हो। तपाईँको व्यक्तिगत जीवनभन्दा अरू उहाँले केही चाहनुहुन्न। अरूहरू पनि सुसमाचारमा सहभागी हुन भनेर तपाईँहरू सक्रिय हुनैपछ। सबै जना बिदेश वा आफ्ना गाउँघर छोडेर काम गर्न खटिन्छ भन्ने छैन। तर तपाईँहरू आफ्नै घर, परिवार र छिमेकीहरूमा मिशनेरी हुन सक्नुहुन्छ। - द साइन्न अभ द टाइम्स, सेप्टेम्बर ४, १८७९।

परिपक्व, सच्चा इसाईहरू तिनीहरूको उपयोगिताद्वारा देहाउँदछ- हाम्रो चर्चमा ठूलो कमजोरी भएको मलाई प्रभुले देखाउनुभएको छ भनेर म बताउन चाहन्छु। हाम्रा मानिसहरू परमेश्वरलाई भन्दा एक आपसको खुबी, दक्षता आदिहरूमा धेरै भर परिरहेको मलाई देखाइएको छ। जसरी असल रूखको महिमा र शान यसले फलाएको मूल्यवान फलले देखाउँछ, त्यसरी नै सच्चा, पक्का र येशूलाई भित्री हृदयदेखि माया गर्ने येशूभक्त उसको उपयोगिताले देखाउँदछ। उसले केवल आफू धर्मी छु भनेर देखावटीरूपमा फुलेर देखाउँदैन तर फलद्वारा नै कतिको शक्तिशाली र बफादार छ भनेर देखाउँदछ। नदीको किनारमा उम्रिएको रूखमा हाँगा मर्दैन न त सुकेर जान्छ, त्यसरी नै येशूको अनुग्रहको नदीमा उम्रिरहेको उहाँको जन हुन्छ। फलहरू विभिन्न खालको भएर फल्दछन्। तिनीहरू बिदेशमा वा आफ्नै गाउँ घर वा सहरमा मिसनको काम गर्दछन्। ख्रीष्टको धार्मिकताको सूर्यको किरणमा उसका फलहरू फलिरहेको हुनसक्छ। येशूले भन्नुभयो, "तिमीहरूले धेरै फल फलायौ भने मेरो पिताको महिमा हुन्छ अर्थात् उहाँको इज्जत थाम्छ।" - एसपीटी-ए११,२८।

चर्चमा धेरै खुबी, प्रतिभा र दक्षता भएका मानिसहरू छन् जसलाई प्रयोग गर्नुपर्दछ- चर्चको प्रत्येक निकायमा परमेश्वरको निम्ति काम

गर्ने ढोका खोलिएको हुन्छ यदि मानिसहरू स्वामीको चरित्र अनुसार नम्र मिजास भएर काम गर्न चाहन्छ भने। प्रत्येक क्षेत्रमा सहयोगको निम्ति आवाजहरू आइरहेका हुन्छन्। चर्चमा प्रसस्त खुबी, प्रतिभा र दक्षता भएका मानिसहरू छन् जसलाई प्रयोग गर्नुपर्दछ। कतिपय पुरुष र स्त्रीहरू अनेकौँ खुबी भएका छन् जो परमेश्वरको काममा उहाँले ग्रहण गर्नुहुन्छ। तर "तिमीहरू काम गर्न सक्दैन वा योग्य छैन," भन्ने सैतानको कारण बहन गर्न सक्ने जिम्मेवारीबाट पन्छिरहेका छन्। ब्युटी पार्लरमा काम गर्ने महिलाले इमान्दार भएर चलाखी अपनाउँदै संसारको पाप क्षमा गर्ने परमेश्वरको थुमालाई औँल्याउन सक्ने अवसर आफ्नो ग्राहकलाई दिन सकुन् भनेर उहाँसँग घुँडा टेक्दै अनुनय बिन्ति गर्न सक्छिन्। उनको हाउभाउले उनमा येशूको चमक छ भनेर देखाउ सक्छ। ओहो! परमेश्वरको निम्ति कति काम छ र मानिसहरूलाई सुसमाचार सुनाउने काममा कति मन्द गति भइरहेको छ किनकि यसको निम्ति क्रूस बोक्नुपर्छ, तर कतिपय मानिसहरू आ–आफ्नै मोजमज्जा र स्वार्थी चासोमा काम गरिरहेका छन्। - द रिभ्यु एण्ड हेराल्ड, अक्टोबर ७, १८८४।

येशूलाई माया गर्ने र हृदयलाई सजाइराख्ने प्रत्येक येशूभक्तले सेवा गर्न सक्छ- सबै जना प्रखर प्रचारक नहोला, तर सबै जना आ–आफ्नो क्षेत्रमा रहेर प्रभुको निम्ति सेवा गर्न सक्छ। अरूहरूलाई कमसेकम सरसफाइद्वारा र आशा देखाउने भएर सेवा गर्न सकिन्छ। हाम्रो हँसिलो र सहयोगी भावनामा कुनै पनि मानिसको सामु उभिन्दा हामी उसको आत्मा र शरीरको निम्ति औषधी जस्तै हुनसक्छौँ। यसरि हामी मानिनसहरूका एक अनुग्रह पछि अर्को अनुग्रह थप्न सक्छौँ। हाम्रै कारण सबै जना सबै जनालाई स्वर्गको राज्यमा योग्य बनाउन सक्छौँ र हाम्रो आत्मियताले गर्दा हामी नै स्वर्गको राज्यमा पस्न योग्य हुन जान्छौँ। म यो पत्र पठाउँदैछु कि तपाईँले यसलाई चर्चमा पढेर सुनाओस्। - पत्र १०६, १८९८ (एलेन जी ह्वाइटको पत्रहरूको पावलसनको सङ्कलन, ४९)।

बप्तिस्माको समयमा सपथ खाएर अरूहरूलाई सुसमाचार सुनाउने प्रतिवद्धता देखाउने तर त्यो प्रतिवद्धतामा चिसो भइरहने एडभेन्टिस्टहरू विश्वासमा निरन्तररूपमा तल झरिरहेको हुन्छ- जो एडभेन्टिस्टहरू येशूलाई विश्वास गरेको छ र सत्यलाई हृदयमा सजाइराखेको छ भनेर दावी त गर्छन् तर अरूहरूलाई सुसमाचार सुनाउने आफ्नो जिम्मेवारी नठानेकाहरू विश्वासबाट निरन्तररूपमा पछाडि चुकीरहन्छन्। तिनीहरूको आस्था दुर्घटनामा नपरोस् भनेर पास्टरले आफ्नो समय र बल तिनीहरूलाई दिनुपर्ने हुन्छ। पास्टरहरूले साथी, छिमेकी र येशूलाई नचिन्नेहरूसँग परिश्रम गरिरहनुपर्नेमा चर्चभित्रै विश्वासमा चुकीरहेका विश्वासीहरूको सेवा गरिरहनु वाध्य हुनु दु:खदको कुरो हो। परमेश्वरको काममा लागिरहेको छु भनेर दावी गर्ने सयौँ पुरुष र स्त्रीहरूले दश भागको एक भागपनि प्रयास गरिरहेको छैन। तर परमेश्वरले दिनुभएको सबै शक्ति र क्षमताहरूलाई सुधार्दै र बढाउँदै लगियो भने अहिले काम गरिरहेको भन्दा धेरै काम तिनीहरूले गर्न सक्छन्। बप्तिस्मा लिएपछि कतिले त सत्यको निम्ति केही नगरि हात बाँधेर बसिरहेका हुन्छन्, र तिनीहरूकै उदाहरणले अरूहरूलाई पनि तिनीहरूकै मनस्थितिमा पुऱ्याउँछन्। सुसमाचारीय काम आफ्नो जिम्मा होइन भनेर बस्नेहरू बेकारका एडभेन्टिस्टहरू हुन् र तिनीहरूकै कारण धेरै मानिसहरू चर्च पनि छोड्छन्। यस्ता खालका मानिसहरू धेरै छन्। तिनीहरू आफ्नै बारेमा मात्र सोचिरहेका हुन्छन् र योजना बनाइरहेका हुन्छन्। बाबु र आमाहरू पनि आफ्नो छोराछोरीहरूलाई आफ्नै संसारमा हराइदिइरहेका हुन्छन्। तिनीहरूमा भएका सबै शक्ति र स्रोतहरू "मलाई र मेरो" मा मात्र केन्द्रित भएको हुन्छ। अनि प्रत्येक वर्ष तिनीहरू संकुचित हुँदै जान्छ र आफ्नो घेरा वा पारिवारिक र इस्टमित्रहरूको घेरा पनि सानो हुँदैजान्छ। तिनीहरूले ख्रीष्टको प्रेम र अनुग्रहको निम्ति तिनीहरूका हृदयहरू खोलाएका हुँदैनन्। आफन्त वा मित्र बन्धुहरूको माया र सहानुभूति पाउन तिनीहरू ख्रीष्टप्रतिको माया र नीतिहरूलाई त्याग्दै गइरहेको हुन्छ। उदारवादीको नाउँमा तिनीहरू असत्यसँग सम्झौता गरिरहेका हुन्छन्।

- द रिभ्यु एण्ड हेराल्ड, जुन १०, १८८०।

मित्र र आफन्तहरूको बीचमा काम गर्दा चर्चको सदस्यले आफ्नै विश्वासलाई बढाउँदै जान्छ- केवल थोरै चेलाहरूमामात्र इसाई चर्च स्थापना भएको थियो। चेलाहरू व्यक्तिगतरूपमा सुसमाचारीय कार्यक्रममा सरिक हुँदा चर्चको गौरब बढेको थियो। बप्तिस्मा दिने यूहन्नाले आफ्ना दुई जना चेलाहरूलाई येशूतिर डोऱ्याएका थिए। अनि तिनीहरूमा एक जनाले आफ्नो भाइलाई भेटेर ख्रीष्टकहाँ ल्याउँछन्। अनि उनले येशूको पछि लाग्न फिलिपलाई आग्रह गर्छन्, अनि फिलिपले नाथनियललाई खोज्छ जान्छन्। येशूका सबै भक्तहरूको निम्ति एउटा पाठ यहाँ छ। यसमा व्यक्तिगत प्रयास कतिको मतबल रहेछ भनेर देखाउँदछ। व्यक्तिगत प्रयासद्वारा नै आफन्त, साथी र चिने जानेकाहरूलाई येशूतिर तानिन्छ। कतिपय एडभेन्टिस्टहरू जीवनभर येशूलाई चिनेको छ वा माया गरेको छ भनेर दावी गर्छन् तर एक जनालाई पनि येशूलाई चिनाउन आफ्नै नैतिक वाध्यता नभएको तिनीहरूले सोचिरहेका हुन्छन्। सुसमाचार प्रचार गर्ने काम पास्टरको मात्र हो भनेर ती मानिसहरूले उनमाथि सबै काम थुपार्छन्। आफ्नो काम गर्न पास्टर सुयोग्य हुन सक्छन्, तर चर्चका सदस्यहरूलाई परमेश्वरले दिनुभएको जिम्मा उनले गर्न सक्दैन। कतिपय एडभेन्टिस्टहरू मुखले ठिक पारेर अरूहरूको मुक्तिको निम्ति आफ्नो पनि चिन्ता छ भनेर चर्चा गर्छन् तर परमेश्वरले दिनुभएको अनुग्रहका फाइदाहरू आफूहरूलेमात्र प्रयोग गर्न संतुष्ट भइरहेका हुन्छन्, तर तिनीहरू आफैले मानिसहरूलाई येशूतिर ल्याउन प्रयास गर्दैनन्। परमेश्वरको बगैंचामा सबैको निम्ति काम हुन्छ। निश्वार्थी, आफ्नो मान मात्र नखोज्ने, सुसमाचार सुनाउन चासो देखाउने र विश्वाससाथ काम गर्नेहरूले यस बगैंचामा उहाँको अनुग्रहको अनुभव गर्न सक्दछन्। आउने जीवनमा उहाँले तिनीहरूलाई इनाम दिनुहुनेछ। पक्का र सच्चा विश्वास कसैसँग छ भने उसले असल कामहरू गरेर देखाउँछ। उसमा भएको विश्वासको

आधारमा नै उसलाई उत्साह र आशा बढ्न सक्छन्। कतिपय एडभेन्टिस्टहरू ख्रीष्टका भक्तहरू हौँ भनेर दावी गर्छन् तर तिनीहरूमा फुर्तिलो, चम्किलो र जीवित अनुभव भइरहेको हुँदैनन् किनकि त्यो पाउन तिनीहरूले केही पनि नगरी बसेका हुन्छन्।। प्रत्येक एडभेन्टिस्टलाई परमेश्वरले दिनुभएको खुबी, दक्षता र अवसरलाई प्रयोग गरेर उहाँको काममम्मा संलग्न भयो भने तिनीहरूको आस्था र विश्वास बढ्दछ, र तिनीहरू आत्मिक जीवनमा प्रगति गर्न सक्छन्। - द स्पिरिट अभ प्रोफेसी २:६६।

पास्टर र सेभेन्थ-डे एडभेन्टिस्टहरू मिलिजुली चर्चमा गर्नुपर्ने काम

चर्चका सदस्यहरूले आफूहरूले गर्न सक्ने काम पास्टरहरूले गर्छन् भनेर तिनीहरूको मुख ताकेर बस्नुहुन्न- एडभेन्टिस्ट विश्वासीहरूले आफूहरूले गर्नसक्ने कामलाई पास्टरको मुख ताकेर बस्नु जायज छैन। मूर्ख कन्याहरू जस्तै एडभेन्टिस्टहरू सुत्ने बानी बसाल्नुहुन्न। तिनीहरूको दियोको निम्ति थप तेल थिएन। तपाईँको दियो ख्रीष्टको अनुग्रहको तेलले भर्न दिनुहोस्। यदि परमेश्वरले निर्धारण गर्नुभएको चर्चका सबै सदस्यहरूले आ–आफ्नो दियो बालेको भए कति काम हुन्थ्यो। जीवित चर्च सक्रिय चर्च हुनेछ। तपाईँहरूका सबै शक्ति र खुबीहरू येशूकहाँ ल्याउनुहोस्; तिनीहरूलाई परिचालन गर्नुहोस्। सोच्नुहोस्, ध्यानमग्न हुनुहोस्, चनाखो हुनुहोस र प्रार्थना गर्नुहोस्। यदि तपाईँहरू येशूसँग नजिकै सम्पर्क राख्न सक्नुभयो भने तपाईँहरूले धेरै असल काम गर्न शक्तिसम्पन्न हुनसक्नुहुन्छ। तपाईँहरूको वौध्दिक क्षमता बलियो हुनेछ। विश्वासीहरूको विश्वास र चर्चप्रतिको प्रतिवद्धता समयले जाँच्दछ। जब त्यो समय आउँछ हामीले गरेको निर्णयको निम्ति बोलिदिनुहुने वा सैतानलाई हप्काउने कोही हुनुहुनेछ। - द रिभ्यु एण्ड हेराल्ड, सेप्पेम्बर २२, १८९६।

बप्तिस्मा लिने चर्चको प्रत्येक सदस्यको केही न केही काम गर्न सक्दछ- परमेश्वरको कामको निम्ति प्रगति गरुन् भन्ने आजको समयको माग हो। चर्चका सदस्यहरूमा भएको निर्णायक प्रतिवद्धता र विश्वासलाई सक्रिय पार्नुपर्दछ। चर्चको प्रत्येक सदस्यले धैर्यता, सहनशीलता, स्वार्थत्याग र आफ्नो मान नखोज्ने प्रवृत्तिलाई प्रकट गर्नुपर्दछ। प्रत्येक एडभेन्टिस्ट जसले येशूलाई माया गर्छु भनेर दावी गर्छ, ख्रीष्टको नैतिक बगैँचामा काम गर्नसक्ने हुनुपर्दछ। परमेश्वरलाई हृदयदेखि माया गर्ने र श्रद्धा राख्ने सदस्यले आफ्नो व्यक्तिगत प्रयासद्वारा पास्टरहरूले भन्दा धेरै काम गर्न सक्दछ। कतिपय पास्टरहरू घरघरमा जान नपाउलान् वा फुर्सद नहोला तर चर्चका सर्वसाधारण सदस्यहरू आफ्नो समय मिलाएर घरमा मानिसहरूलाई भेटघाट गर्न जान सक्छन्। हाम्रा पास्टरहरूले आफूहरूले गर्न सक्ने काम गर्नुपर्दछ तर चर्चका सदस्यहरूले सबै काम तिनीहरूलेमात्र गर्नुपर्छ भन्ने अपेक्षा गर्नु एडभेन्टिस्ट सदस्यहरूलाई सुहाउँदैन। प्रत्येक विश्वासीलाई प्रभुले काम दिनुभएको छ। घरघरमा भेटघाट गर्ने, प्रार्थना गर्ने, सहानुभूति प्रकट गर्ने दया देखाउने, समाजमा हातेमालो गरेर अघि बढ्ने काममा चर्चका सबै सदस्यहरू संलघ्न हुन सक्छन्। तर प्रभुको निम्ति काम गर्ने भन्ने दिलमा राख्नुपर्दछ। तपाईँहरू तपाईँहरूका साथीहरूसँग बसिबियालोँ गरेर रमाइलो र सामाजिक वातावरणमा बाइबलका बहुमूल्य सत्यहरूलाई बाँड्न सक्नुहुन्छ। - द रिभ्यु एण्ड हेराल्ड, अगस्ट १४, १८८९।

अल्छि पाराले लोसे भएर चल्ने एडभेन्टिस्टहरूप्रति प्रभु खुशी हुनुहुन्न- परमेश्वरको निम्ति भनेर सँगसँगै काम गर्नेहरू उहाँको निम्ति जागरुक हुन्छन्। तिनीहरू थोरै काम गर्नुभन्दा धेरै काम गर्न सुरसार कस्छन, बलिरहेको आगोबाट मानिसहरूलाई उद्धार गर्न तिनीहरू तम्सिरहेका छन्। सत्यको ज्योति छ भन्ने वा एडभेन्टिस्ट हुँ भनेर दावी गर्ने तर परमेश्वरको काममा चासो नदेखाइ लोसे भएर बस्ने ती एडभेन्टिस्टहरूप्रति परमेश्वर बेखुशी हुनुहुन्छ। समय भनेको सुन हो। जीवित विश्वाससाथ परमेश्वरलाई पक्रिराख्नु पर्दछ, आफूसँग भएका

खुबी र बल सकेसम्म फैलाउनुपर्दछ, परमेश्वरको आत्माले तपाईँहरूको गवाहीलाई फुर्तीलो बनाउनुहोस्, पापीले आफूहरू खतरामा छ भन्ने आभास् दिलाउनुपर्दछ। तपाईँहरूको अनुभवमा विश्वासलाई बुन्नुहोस्। हामी खतराको समयमा छौँ भनेर प्रत्येक विश्वासीले महसुस गरुन्। निन्द्राबाट तिनीहरू ब्वुँझिएर र मिशनमा काम गर्ने कर्मचारी वा पास्टरले मात्र सुसमाचार सुनाउने काम होइन भनेर प्रत्येक विश्वासीले महसुस गरुन्। परमेश्वरको काममा सबैले हातेमालो गर्नुपर्छ भनेर प्रत्येक विश्वासीले महसुस गर्नैपर्छ। बप्तिस्मा लिएर चर्चमा सरिक हुने प्रत्येक विश्वासी सुसमाचारीय काममा सरिक हुनैपर्छ। येशूले आफूमाथि श्रद्धा राख्नेहरूलाई भन्नुभएको थियो, "तिमीहरू संसारका ज्योति हौ।" उहाँले केवल पास्टर र मिसनका कर्मचारीहरूलाई मात्र भन्नुभएको छैन, तर प्रत्येक मानिस जसले येशूलाई विश्वास गर्छ उसलाई पनि येशूले सम्बोधन गर्नुभएको हो। तपाईँहरू जहाँ जहाँ चर्चहरूमा जानुहुन्छ त्यहाँ त्यहाँ येशूको निम्ति जीवित र सक्रिय कार्यकर्ता हुनुपर्दछ। के तपाईँहरू तपाईँका छिमेकीहरूसँग चिनाजानी गर्नुभएको छ? तपाईँको घर नजिक भएकाहरूलाई सुसमाचार सुनाउनुभएको छ? के तपाईँहरूसँग येशूको प्रेम छ? यदि छ भनेर येशू मर्नुभएकाहरूको निम्ति तपाईँको धेरै चासो हुनेछ। शुद्ध धर्म र निष्खोट जीवन भनेको सक्रिय नीतिहरूमा चल्नु हो। यसले घरका पर्खालहरूभन्दा बाहिर पुग्दछ। यस खालको धर्म र जीवन हुनेहरू अरूहरूको आवश्यकतामा सहयोग गर्न हात अघि बढाउँछन्। यसले बाटोघाटो र जङ्गल र संसारका उच्च ठाउँहरूमा ज्योति चम्काइरहन्छ र जो तपाईँहरूको सम्पर्कमा आउँछ तिनीहरूले तपाईँहरूमा भएको आत्मज्ञानको ज्योतिको अनुभव गर्दछन्। हराएका भेँडाहरू मेहनतसाथ खोज्दछन् र बरालिएकाहरूलाई बगालमा ल्याउँदछन्। - द रिभ्यु एण्ड हेराल्ड, मार्च ८: १८८७।

चर्चका धेरै विश्वासीहरू आत्मिक खुराकको निम्ति केवल तिनीहरूको पाष्टरमा मात्र भर परिरहेका हुन्छ जब तिनीहरू आफैले पनि

अरूहरूलाई सेवा गर्नु पर्ने थियो- चर्चमा भयानक दोष थुप्रिएको छ त्यसको लागि चर्च वा चर्चका विश्वासीहरू नै जिम्मेवार छन्। जोसँग ज्योति छ तिनीहरू अरूहरूको निम्ति किन ज्योति बन्न गइरहेको छैन? तिनीहरूलाई थाहा छ युगको अन्त्य हुन लागेको छ। लाखौँ मानिसहरू दिनदिनै परमेश्वरको व्यवस्थालाई कुल्चिरहेको तिनीहरूले हेरिरहेका छन्; र तिनीहरूलाई थाहा छ कि ती मानिसहरू व्यवस्थालाई वेवास्ता गर्नेहरू स्वर्गको राज्यमा सहभागी हुन सक्दैनन्। तर तिनीहरू आफ्नै व्यापार, खेती किसानी, घर धन्धा, किनमेल, लुगाफाटा, मेच टेबुल आदिमा बढि चासो देखाइरहेका छन्, तर न्यायको दिनमा लेखाजोखा दिनुपर्ने मानिसहरूको निम्ति वास्ता गर्न तिनीहरूलाई फूर्सद हुँदैन। जो मानिसहरू सत्य छ भनेर दावी गर्दछन् तिनीहरू सुतिरहेका छन्। यदि तिनीहरू ब्वुँझिएको भए तिनीहरू सजिलैसँग बस्दैनथे। तिनीहरूको हृदयबाट सत्यप्रतिको प्रेम चिसो हुँदैछ। यस संसारमा भएका मानिसहरूलाई भन्दा तिनीहरूसँग प्रगतिशील सत्य छ भनेर तिनीहरूको उदाहरणले मानिसहरूलाई देखाइरहेको छैन न त तिनीहरूदेखि मानिसहरू प्रभावित भइरहेकाछन्। यही समयमा तिनीहरू दिनदिनै जीवित अनुभवद्वारा परमेश्वरसँग बलियो हुनुपर्नेमा तिनीहरू कमजोर छन्, आफ्नो जिम्मेवार वहन गर्न हिचकिचाइरहेका छन् र सबै सहायताको निम्ति पास्टरहरूमा भर परिरहेको हुन्छ, तर तिनीहरू हृदय, दिमाग र आत्मादेखि अरूहरूको सेवा गर्न तिनीहरूको आवाज, कलम, समय र स्रोतहरू प्रयोग गरिरहनुपर्ने थियो। - टेस्टिमोनिज फर द चर्च ५:४५७।

जब आफ्ना विश्वास अरूहरूलाई बाड्छन् तब चर्चका सदस्यहरू र पाष्टरहरूको बीचमा हौशला बढ्दछ- मेरो भाइ र बहिनीहरू, येशूको बलमाथि भर पर्न म अनुनय बिन्ति गर्दछु। तपाईँहरूको दु:खकष्ट, अन्यौलता र बोझहरू पास्टरलाई नथुपार्नुहोस्। आफूकहाँ आउन येशूले तपाईँहरूलाई आग्रह गर्नुभएको छ। उहाँ नै तपाईँहरूको बोझ बोक्नेहुनुहुन्छ। यदि तपाईँहरूमा भएको अविश्वास र परमेश्वरप्रतिको

समर्पणताको कमजोरीपना तपाईँहरूका पास्टरहरूमा थुपार्नुहुन्छ भने तपाईँहरूले आफ्नो समय र बलको बोझ पास्टरमा बोकानुहुन्छ जब तिनीहरूको समय र बल सुसाचार थाहा नपाउनेहरूलाई प्रयोग गरिरहनुपर्ने थियो। भाइहरू हो, मानिसहरूलाई सत्यमा ल्याउन के तपाईँहरू ख्रीष्टका राजदूतहरूसँग एक भएर काम गर्न चाहन्नु हुन्न र? जब विश्वासमा ढलमलिनुभयो भने वा निराश हुनुभयो भने अरूहरूलाई प्रभुको बारेमा सुनाउँदा तपाईँको लागि असल औषधी हुनसक्छ। अन्धकारमा रहेकाहरूलाई येशूको उज्यालो देखाउँदा तपाईँ आफै पनि उज्यालो हुनुहुनेछ। तपाईँ आफ्ना छिमेकी र मित्रहरूकहाँ सेवा पुऱ्याउनुहोस् जो सुसमाचार प्रचारमा भाग लिने अवसरहरू पाउँदैनन्। सबै पानीको किनाराहरूमा सत्यको बिउहरू रोप्नुहोस्। जब परमेश्वरका सेवकहरू तपाईँहरूकहाँ आउँछन् तब तपाईँ चुपचाप बसिरहनुभएको छैन भनेर देखाउँदै उनीहरूलाई उत्साह दिनुहोस्। तपाईँहरूको प्रयासले कमसेकम एक जना वा बढि येशूकहाँ ल्याउन सफल हुनुभयो भन्ने खबर दिएर तपाईँहरूलाई भेट्न आउने पास्टरलाई सुनाउनुहोस् ताकि उनको हृदय खुशीले गदगद हुनेछ। - द साइन्स अभ टाइम्स, सेप्टेम्बर ४, १८७९।

यदि बाइबलको बारेमा कसैले सोध्न आउँछ भने चर्चका सदस्यहरूले त्यसको लागि सहयोग गर्न पास्टरहरूलाई पर्खिनुहुन्न- यदि परमेश्वरका सर्वसाधारण विश्वासीहरू ख्रीष्टको प्रेमले उज्यालो हृदय हुँदै व्यक्तिगत प्रयास गरे अन्धकार र विग्रिएको संसारमा परिरहेकाहरूलाई सहयोग पुऱ्याउन सक्थ्यो। धेरै मानिसहरू व्यक्तिगत रूपमा कोही आउँछ किन भनेर पर्खिरहेका हुन्छन्। नम्र भएर तिनीहरूसँग कुराकानी गर्नुहोस्, तिनीहरूसँग प्रार्थना गर्नुहोस्। जब तपाईँहरूको बीचमा आत्मियताको निर्माण हुन्छ तब प्रभुको लागि सफल कार्यकर्ता तपाईँहरू हुन जान सक्छ। तर कतिपय एडभेन्टिस्टहरू प्रभुलाई पछ्याउँछु भनेर दावी गर्छन् तिनीहरू अरूहरूकहाँ गएर हौशला दिनुको सट्टा अरूहरू वा पास्टर तिनीहरूकहाँ आओस् भनेर पर्खिरहेका

हुन्छन्। यसरि परमेश्वरले तिनीहरूलाई दिनुभएको कामलाई तिनीहरूले वेवास्ता गरिरहेका हुन्छन्। तर परमेश्वरको काम कसरी गर्न सकिन्छ भनेर कुनै नीति वा विधिहरू बनाएर चल्ने नभएर प्रभुसँग नजिकै सम्बन्ध राखेर चल्दा उहाँले नै विश्वासीहरूका दिमागहरूमा उपाय बताउनुहुन्छ। सबैले एकैनास गरेर सुसमाचार प्रचार गर्न सक्दैन, प्रत्येक समय, ठाउँमा व्यक्तिलाई प्रभुको बारेमा सुनाउने तरिका भिन्नै हुन्छ र आ–आफ्नै विशेषता हुन्छ। - द रिभ्यु एण्ड हेराल्ड, जुन १०:१८८०।

अस्थायी खालको सेवाकार्यको निम्ति पाष्टरहरूलाई सकेसम्म दुःख दिनुहुन्न- जुन तरिका र पद्धति येशूका चेलाहरूले अपनाएका थिए त्यही तरिका र पद्धति आजको चर्चमा पनि अपनाउन सकिन्छ। चर्चमा विभिन्न निकायहरू छन् जुन खुबी भएका मानिसहरूले चलाउँछन्। जो मानिसहरू विशेष गरेर सत्यको लागि मरिमेट्न चुनिएका अगुवाहरू हुन्छन्, तिनीहरूले चर्चको आत्मिक जीवनमा हेरबिचार गरेतापनि दैनिक जीवनमा विश्वासहरूलाई चाहिने स्याहार र अस्थायी कुराका अन्यौलताहरूमा तिनीहरूलाई अलमल्याइ रहनुहुन्न। परमेश्वरको वचन र शिक्षादीक्षामा सरिक हुनेहरू ध्यान दिन, प्रार्थना गर्न र बाइबल अध्ययन गर्न समय पाउनुपर्दछ। चर्च र चर्चका सदस्यहरूले सम्हाल्न सक्ने मामिलाहरूमा दैनिक काममा तिनीहरूले हात हाल्न लगाए तिनीहरूमा हुनु पर्ने आत्मिक खुबी कमजोर हुन जान्छ। चर्चमा विभिन्न निकाय वा पदाधिकारीहरू छन्। अस्थायी स्वभावका कठिन मामिलाहरू तिनीहरूकहाँ ल्याउनुपर्छ र तिनीहरूसँग मिलेर आफ्ना समस्याहरू सुल्झाउन खोज्नुपर्दछ। यदि तिनीहरूले ती मामिलाहरू सुल्झाउन सकेन वा कठिन छ भनेर तब त्यस मामिलालाई परिषद वा चर्चको कमिटीमा ल्याउनु पर्छ जसले चर्चको सबै मामिलामा रेखदेख गर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, फेब्रूअरी १६: १९११।

पास्टरको जिम्मेवारी

यदि चर्चको मामिलामा पास्टरहरूलाई हातहाल्न दिएन र तिनीहरूले गर्ने काम तिनीहरूलाई नै गर्न दियो भने कतिपय चर्चहरू फलिफाप हुनसक्छ- कतिपय समयमा पास्टरहरू चर्चहरूमा गएर चर्चका मामिलामा हात हाल्न आफ्नो समय र बल खर्च गर्छन् तर त्यसको खास उपलब्धी हुँदैन। कतिपय समयमा पास्टरहरूकै विनासहयोगमा चर्चहरूले आफ्नै प्रगति गरिरहेका हुन्छन्। चर्चहरूलाई आफ्ना मामिला आफैलाई सुल्झाउन दियो भने भने ती चर्चहरूको भलो हुन्छ। चर्चले आफ्नो समस्या वा मामिलाहरू सुल्झाउने अवसर तिनीहरूले नै पाउनुपर्दछ। यदि चर्चहरूले नमागेको सरसल्लाह दिन थाल्यो भने चर्च सुध्रिनुको सट्टा भट्किन सक्छ। कतिपय समयमा चर्चमा सत्यको सिद्धान्त बराबर सुनाइन्छ तर परमेश्वरको फुर्ती दिने शक्ति त्यहाँ समावेश भएका हुँदैन। यदि ती चर्चहरूमा कुनै न कुनै कुरामा कचकच र एक आपसमा मनमुताव भइरहन्छ भने अरूहरूलाई सुसमाचार सुनाउने चाहना र बोझ तिनीहरूले गुमाउन थाल्दछन्। यस किसिमका चर्चहरूमा पास्टहरूले जतिसुकै प्रचार गरेतापनि चर्चकै सदस्यहरूको जीवनशैलीले गर्दा मानिसहरूमा आत्मिक जीवन सिथिल हुन थाल्छ। यी चर्चहरूलाई छोडेर नयाँ क्षेत्रहरूमा गएर काम गर्दै नयाँ चर्चहरू खडा गर्न सक्यो भने ती पास्टरहरूले आफ्नो खुबीलाई चिन्न सक्ने हुन्छन् र मानिसहरूलाई प्रभुकहाँ ल्याउने प्रयासको मूल्य तिनीहरूले महसुस गर्नेछन्। नयाँ ठाउँहरूमा अथक प्रयास र प्रार्थना पछि स्थापना गरेको चर्चमा आफ्नो अनुसरणीय उदाहरण देखाएर चर्चका सदस्यहरूलाई उत्साहित बनाउँछन्। तिनीहरूलाई निरुत्साह र कमजोर पार्न पास्टरहरूको समय नै हुँदैन। "हरेक मानिसले आफ्नो कामद्वारा योग्यता देखाओस्। अनि अरूहरू होइन तिनीहरू नै आनन्दित हुने अवसर पाउनेछन्।" - टेस्टिमोनिज फर द चर्च २:३४०।

बगालको हेरबिचार गर्नुभनेको तिनीहरूलाई काम देखाउनु पनि हो- "हे सुरक्षा गार्ड हो, रातमा के गर्ने हो र?" के रातमा सतर्क गराउन सुरक्षा गार्डले विगुल वा सिट्टी बजाएर कसैलाई उठाउन सक्छ र? के गोठालाहरूले आफ्नो बगाललाई विश्वासपूर्वक सेवा गरिरहेका छन् जसको लेखाजोखा तिनीहरूले दिनुपर्ने छ? के परमेश्वरका पास्टरहरूले मानिसहरूको आत्मिक जीवनप्रति सजग भएका छन्? तिनीहरूलाई रेखदेख गर्न दिएको बगाल के ख्रीष्टको रगतले किनेको हो भनेर तिनीहरूले महसुस गरिरहेकाछन्? यस संसारमा धेरै कामहरू गर्नुपर्दछ र त्यस कामलाई सम्पन्न गर्न हाम्रो प्रयास कस्तो छ? चर्चमा धेरै भाषण वा प्रवचनहरू सुनेका छन्; तर के ख्रीष्ट मर्नुभएकाहरूलाई कसरी उद्धार गर्ने भनेर चर्चका विश्वासीहरूलाई सिकाएका छन्? के चर्चमा त्यस्तो कार्यक्रम र योजना बनाएका छन् जहाँ प्रत्येक व्यक्तिले परमेश्वरको काममा सहभागी हुन आवश्यकताको महसुस गर्न पाएका छन्? - टेस्टिमोनिज फर द चर्च ६:४३१।

पास्टरहरूले नयाँ नयाँ विश्वासीहरूलाई बढाउन भन्दा अघि पहिला सुसमाचारको निम्ति काम गर्ने फौज तयार पार्नुपर्दछ- सत्यको सफलताको निम्ति गम्भीर र थाहा नै नपाउने तगारो त हाम्रै चर्चहरूमा पाइन्छ। येशूलाई विश्वास नगर्नेहरूलाई सुसमाचार सुनाउने कार्यक्रमपछि हाम्रा चर्चका सदस्यहरू तमासा हेरेर बस्दछन्, मानौँ त्यहाँ के भइरहेको छ त्यसको चासो तिनीहरूसँग छैन, र जे गर्नुपर्ने हो त्यो सबै काम पास्टरको मात्रै हो भनेर टाढै उभिरएर बस्छन्। यसैले गर्दा हाम्रा पास्टरहरूको प्रयासमा कम उपलब्धी हासिल गरेको पाइन्छ। सुसमाचारीय कार्यक्रममा मानिसहरूलाई चाहिने अत्यन्तै प्रवचन प्रचार गर्लान् तैपनि कतिपय समयमा मानिसहरूले ख्रीष्टलाई विश्वास गर्न आकर्षित भएका हुँदैनन्। जब सुसमाचारीय कार्यक्रमको आयोजना हुन्छ तब त्यस आयोजना गर्ने क्षेत्रमा भएको धेरै वा थोरै विश्वासीहरूलाई पहिला भेला गर्नुपर्छ। पास्टरको पहिलो कदम

नयाँ विश्वासीहरूलाई भित्राउने नभएर भएकाहरूलाई कार्यकर्ताको रुपमा फौज तयार पार्नुपर्दछ। पास्टरले पहिला चर्चका सदस्यहरूलाई व्यक्तिगत सम्पर्क राखेर तिनीहरूमा हुनुपर्ने गहिरो आत्मिक चासोलाई उठाउन खोज्नुपर्दछ। अनि अरूहरूको निम्ति काम गर्न सहायता समूह ती नै विश्वासीहरूबाट खडा गर्न प्रयास गर्नुपर्छ। जब स्थानीय चर्चका सदस्यहरू प्रार्थना र परिश्रमद्वारा पास्टरको कामलाई सघाउँछन् तब त्यहाँ सुसमाचारीय कार्यक्रम सफल हुनसक्छ। - गस्पल वर्कर्स, १९६।

आ–आफ्नो खुबी, दक्षता र सीप देखाएर गवाही दिनु

विभिन्न दक्षता, सीप र खुबी भएका चर्चको प्रत्येक सदस्यले पास्टरले जस्तै सुसमाचारीय काममा संलग्न हुनसक्छ- जब पास्टरले आफ्नो प्रयासद्वारा कोही मानिसहरूलाई येशू ख्रीष्टकहाँ ल्याउँछन् र "अब मेरो काम सक्यो" भनेर आफ्नै दैनिक धन्धामा लागेर आफ्नो पवित्र काममा वेवास्ता गर्छन् तब त्यस खालको पास्टरलाई भ्रष्ट भनेर कहलाइन्छ। चर्चमा भएको विभिन्न सीप, दक्षता र खुबी भएकाहरूलाई सुसमाचार कसरी सुनाउने भनेर तालिम दिएन भने परमेश्वरले पास्टरबाट त्यसको लेखाजोखा लिनुहुनेछ। चर्चमा व्यापारी, खेतीकिसानी, मेकानीकहरू, साहुहरू, वकिल, शिक्षक आदिहरू हुन्छन्। तिनीहरूका व्यवसाय र दक्षताहरू फरक फरक भएतापनि र फरक फरक ठाउँमा गरेतापनि जब तिनीहरूले येशूलाई विश्वास गर्छन् र उहाँको नाउँमा बप्तिस्मा लिएर चर्चमा सरिक हुन्छन् तब तिनीहरू स्व:त ख्रीष्टका सेवकहरू हुनपुग्छन्। जब तिनीहरूले आफ्नो व्यक्तिगत प्रयासद्वारा आ–आफ्नो क्षेत्रमा परमेश्वरको काममा वा सुसमाचार सुनाउन अघि बढ्न जिम्मेवारी लिन्छन् तब तिनीहरूको कामले गर्दा तिनीहरूको मर्यादा पास्टरको भन्दा कम हुँदैन। सुसमाचार प्रचार गर्ने पास्टरलाई धिक्कार भनिनेछ यदि उनले विभिन्न दक्षता भएकाहरूलाई सुसमाचारीय काम गर्न संलग्न गराउन असफल भयो वा वेवास्ता गऱ्यो भने।

कतिपय ती व्यापारी, मेकानिक, शिक्षक, वकिल, साहुमहाजन वा समाजमा आ–आफ्नो सीप अनुसार विभिन्न पेसामा लागेकाहरूले आफूहरूले सुसमाचार सुनाउने काममा सरिक हुनुपर्छ भन्दा यो त गाऱ्हो कुरो छ भन्ला तर यो सत्य हो। येशूलाई पछ्याउँछ भन्छ तर आफ्नो जीवनशैलीले येशूको नीतिमा नहिँड्ने अरूहरूको निम्ति उदाहरण नबन्ने कोही पनि मानिस सच्चा इसाई भन्न सुहाँउँदैन। - टेस्टिमोनिज फर द चर्च, ४:४६८।

परमेश्वरप्रति निष्ठावान भएका जो कोही पनि विश्वासी आ–आफ्नै सीप, दक्षता, खुबी र पेसाद्वारा परमेश्वरको सेवा गर्छन्- हामी येशूले भरिको जीवन हुनुपर्दछ अनि सांसारिक थोकहरूलाई परमेश्वरको ज्ञानले हेर्नेहुन्छौँ। जब हामी खेती किसानी गर्छौँ, व्यापार गर्छौँ, आ–आफ्नो खुबी अनुसार विभिन्न पेसाहरूमा लाग्छौँ तब हामीहरू परमेश्वरबाट अलग भएर बस्न सक्दैनौँ। हामीले गर्ने काममा सही लक्ष्य हुन्छ र त्यही अनुसार हामी उत्साहीत काम गर्दछौँ। सबै थोकको मालिक परमेश्वरनै हुन्छ भनेर स्वीकार्दै हामीले जे गर्छौँ त्यो परमेश्वरको महिमा र इज्जत थाम्न गर्छौँ भनेर चल्दछौँ र हाम्रो जुनसुकै काम भएतापनि हाम्रो काममा अझ राम्रो दक्षताको निम्ति परमेश्वरसँग बुद्धिज्ञान र बल माग्दछौँ। हामी जे गर्छौँ अल्छी र हचुवा पाराले गर्दैनौँ तर जोशिलो भएर परमेश्वरको निम्ति हो भनेर हामी दिलैदेखि खुशी भएर काम गर्दछौँ। अनि हामीहरूको प्रभावले हाम्रा सम्पर्कमा आएका मानिसहरूले आशिषको अनुभव गर्नेछन्। हाम्रा दिमागहरू स्वर्गको थोकहरूमा हुनेछन् र मानौँ हामी हरदम येशूको उपस्थितिमा छौँ। हामी जहाँ गएतापनि हामीले उज्यालो लैजान्छौँ। सच्चा र पक्का इसाई जीवनको मोल छ। त्यो हो, हाम्रो सोचबिचार पार्दर्शिक हुन्छ, बाइबलमा सत्यहरू खोजीरहने मन भइरहन्छ र अत्यन्तै इमान्दार र लगनशील भएर प्रार्थनामा लागिरहनेछौँ। हामी केवल औपचारिक पूरा गर्न वा बिना लक्ष्य हल्का प्रार्थना हामी गर्ने हुन्नौँ तर पापको भूमरिमा रमाइरहनेहरूको निम्ति ख्रीष्टसँग अनुनय

बिन्ति गरिनै रहनेछौँ। मानिसहरूलाई मुक्ति दिलाउन हामी जुनसुकै पेसामा लागेतापनि येशूको निम्ति सेवा गर्ने प्रयासमा लागि नै रहने हुन्छौँ।- इम्पोर्टान्ट टेस्टिमोनिज टु आवर ब्रेदरेन एण्ड सिस्टरस इन न्यु योर्क (पीएच ३९) ९, १०।

आत्मिक बरदानहरू

प्रत्येक येशूभक्तलाई पवित्र आत्माले कुनै न कुनै बरदान, खुबी, दक्षता वा प्रतिभा दिनु हुन्छ ताकि परमेश्वरको राज्यको निम्ति प्रगति गर्न सकुन्- वर्तमान समय नै हामीले भरोसा राख्नुपर्ने दिन हो। प्रत्येक व्यक्तिलाई कुन कुनै विशेष बरदान, प्रतिभा, खुबी वा दक्षता सुम्पिएको छ जसलाई प्रयोग गरेर मुक्तिदाताको राज्यको आगमनको निम्ति हतार गर्न सकुन्। चर्चमा भएका सबै जिम्मेवारी मानिसहरू, चाहे निम्न वा साना भन्दा साना वर्गको होस्, चाहे कसैले नचिन्ने भएर बस्ने हो वा उच्च पदका किन नै नहोस्, कुनै न कुनै असल काम गर्ने खुबी परमेश्वरले दिनुभएको छ। मानिसहरूले मुक्ति पाउन् भनेर सुसमाचार प्रचार गर्ने जिम्मा केवल पास्टरलाईमात्र सुम्पिएको छैन। जोसँग साना भन्दा साना बरदान वा दक्षताहरू छन् त्यसलाई अत्यन्तै असल तरिकाले उपयोग नगर्नेहरुलाई केही बहाना छैन। जति आफ्नो खुबी वा दक्षताहरू चलायो त्यति ती बढ्दै जान्छन्। नैतिक जिम्मेवारीसँग खेलवाड गर्नु ठिक छैन, न त आफूसँग भएको खुबी, दक्षता वा प्रतिभाहरूलाई सानो र कसैलाई मतलब छैन भनेर खुम्चिएर बस्नु। मानिसहरूको धान्न सक्ने विभिन्न योग्यता र क्षमताको अनुपातमा परमेश्वरले विभिन्न बरदान, खुबी, दक्षता र प्रतिभाहरू सुम्पन्नु भएको छ। आफूसँग नभएको प्रतिभा वा दक्षताले परमेश्वरको महिमा गर्न सक्दैन भनेर कोही पनि शोकित हुनुहुन्न। आफूहरूलाई दिएको खुबीचाहीँ लुकाउने र नभएको जिम्मेवारीलाई पाएन भनेर हिस्स भएर बस्ने कतिको जायज छ त? - टेस्टिमोनिज फर द चर्च ४:६१८।

चर्चमा भएका विभिन्न विश्वासीहरूको खुबी र दक्षताहरूलाई पहिल्याएर तिनीहरू विशेष कामको निम्ति परमेश्वरले दिनुभएको हो भनेर पास्टरहरूले हौशला दिनुपर्दछ- जब पास्टरहरू र (सेक्सन) वा कनफरेन्स मिसनहरूका अध्यक्षहरू सबै काम आफूहरूले गर्ने र मानिसहरूमाथि थोरै विश्वास वा भरोसा राख्ने प्रवृत्ति खतरापूर्ण छ। मानिसहरूलाई यसरी शिक्षित बनाउनुपर्दछ कि तिनीहरूले बाइबलमा भएका सत्यहरूलाई खोजीखोजी गरेर पढ्ने बानी बसाल्न सकोस्। प्रत्येक मानिसलाई येशूको स्वरूपमा ढाल्ने काम पवित्र आत्माको हो। उहाँको चर्चद्वारा परमेश्वर काम गर्नुहुन्छ भनेर स्वीकार नगर्दा हामीले ठूलो भूल गरिरहेका छौँ। चर्चमा भएको प्रत्येक व्यक्ति र विशेष कामको लागि खटिएकाहरूको खुबी, दक्षता र प्रतिभालाई झन तिखार्न पास्टरहरूले प्रसस्त हौशला दिनुपर्दछ ताकि गलत बाटो लागिरहनेलाई तिनीहरूले अगुवाइ गर्न सकुन्। - म्यानुस्क्रिप्ट रिलिजेज ९:१४६।

चर्चका सदस्यहरूलाई पवित्र आत्माको अगुवाइ अनुसार चर्चको उत्थानको निम्ति विभिन्न काम गर्ने स्वतन्त्रता पास्टरहरूले दिनुपर्छ- परमेश्वरले "प्रत्येक मानिसलाई काम" दिनुभएको छ। पास्टर र मिशनका अध्यक्ष वा पदाधिकारीहरूले त्यो किन महसुस गर्दैनन? चर्चका विश्वासीहरूले व्यक्तिगत प्रयासद्वारा चर्चलाई सघाउनेहरूलाई ती अगुवाहरूले किन सराहना गर्दैनन्? चर्चका सदस्यहरू ब्युझिउन्। तिनीहरू पास्टरहरूसँग हातेमालो गरेर परमेश्वरको काममा अघि बढाउन सकुन्। प्रत्येक सदस्यमा भएका विभिन्न खुबी, दक्षता, प्रतिभा र सीपलाई एक आपसमा तुलना गरेर एक आपसलाई गिराउने काम कहिल्यै पनि गर्नुहुन्न। यो कोही मानिसमा परमेश्वरप्रति अगाध निष्ठा छ र उहाँको सामु नम्र भएर हिँड्छ र उसमा कमै शिक्षा छ र कतिले कमजोर भनेर पन्छाएतापनि त्यो व्यक्ति परमेश्वरले दिनुभएको काम गर्न सक्छ। यस मामिलामा त्यो व्यक्ति कुनै पनि शिक्षित भएको कार्यकर्ता भन्दा परमेश्वरको सामु कम हुँदैन। पवित्र आत्माको प्रभावलाई आनकानी नगरि उहाँलाई समर्पण गर्ने व्यक्ति

प्रभुको निम्ति काम गर्न अत्यन्तै योग्य ठहरिन जान्छ। चर्चका पदाधिकारीहरू नभएका र उच्च स्थानमा नभएका र ठूलो जिम्मेवार नबोकाइका मानिसहरूलाई परमेश्वरले प्रेरणा दिनुभएर आफ्नो काममा खटाउनुहुनेछ। यदि पास्टर र माथिल्लो ओहदामा बसेकाहरू ती गैर मिसन कर्मचारी वा लेमानहरूलाई बाधा दिएन भने पवित्र आत्मा तिनीहरूको दिमागमा काम गर्नुहुनेछ। तिनीहरूलाई परमेश्वरले आफ्नो महिमाको र इज्जतको निम्ति प्रयोग गर्नुभएर तिनीहरूले के गर्ने हो सो उहाँले निर्देशन दिनुहुन्छ। पवित्र आत्माले अगुवाइ गर्नुभएको अनुसार मानिसहरूले आफ्नो काममा स्वतन्त्र छोड्नुपर्दछ। परमेश्वरले प्रयोग गर्नुभएका नम्र मानिसहरूलाई चर्चका विभिन्न भारहरू बोकाउन दिनुहुन्न। चर्चको एउटै पदहरूमा वर्षौं सम्म त्यही जिम्मेवार बोक्नेहरूले आफूहरूसँग भएका खुबीहरूलाई निरन्तररूपमा विकास गर्न नसक्ने हुन्छ। पछि गएर तिनीहरू काममा अयोग्य हुन जान्छ। चर्चमा आउने नयाँ विश्वासीहरूको खुबी, दक्षता र प्रतिभाको कसरी बिकास गर्ने भन्ने ज्ञानमा ती अगुवाहरू सिथिल हुँदै जान्छ। - द रिभ्यु एण्ड हेराल्ड, जुलाई ९, १८९५।

चर्चको प्रत्येक योग्य सदस्यलाई पवित्र आत्माले प्रयोग गर्नुहुन्छ भनेर उहाँमाथि भरोसा राख्नुपर्दछ- चर्चको प्रत्येक सुयोग्य व्यक्तिलाई परमेश्वरले उहाँको महिमाको निम्ति शक्ति सम्पन्न गराउनुभएको छ भने परमेश्वरको शक्तिप्रति प्रश्न उठाउन न त (सेक्सन) वा कन्फरेन्स पदाधिकारी न त पास्टरलाई परमेश्वरले आह्वान गर्नुभएको छ। परमेश्वरको काममा कुनै ढिलासुस्ती नहुन सबै जना चनाखो हुनुपर्दछ। औपचारिक शिक्षा नभएकाहरूलाई परमेश्वरले आफ्नो काममा प्रयोग गर्न तिनीहरूलाई सक्षम् बनाउन सक्नुहुन्छ। खालि पढेलेखेका वा डिग्री पाएकाहरूलेमात्र परमेश्वरको काम गर्न सक्छन् भनेर अरूहरूको खुबीप्रति शङ्का गर्नु नै परमेश्वरको शक्तिमा शङ्का गर्नु हो। त्यसले परमेश्वरको सर्वशक्तिमान शक्तिलाई सिमित पारिदिएको हुन्छ। परमेश्वरको सामु कुनै पनि असम्भव छैन भनेर सबैले याद

गरिरहनुपर्दछ। औपचारिक शिक्षा नपाएका र चर्चका विपिन्न वर्गले परमेश्वरको काम गर्न सक्दैन भन्ने मनस्थिति राख्नु अपवित्र हो र परमेश्वरमाथि नै विश्वास नभएको ठहर्छ। त्यस्तो कहिल्यै नहोस्। यस खालको मनस्थितिले गर्दा दुर्भाग्यवस चर्चमा भएका असंख्य उर्जाहरू दविएर बसेका छन् र चर्चले प्रयोग गर्न सकिरहेको छैन। यसो गर्दा पवित्र आत्मालाई नै काम गर्न नदिने हुन्छ। प्रभुको निम्ति परिश्रम गर्न चाहनेहरूलाई यस खालको मनस्थितिले अल्छि बनाउँछ। यदि राम्रो अवसर दिएमा फुर्तिसाथ काम गर्न चाहनेहरूलाई त्यस मनस्थितिले निराश बनाउँछ। चर्चमा कतिपय सर्वसाधारण विश्वासीहरू हुन्छन् जसले चर्चमा र संसारमा समर्पित मानिसहरूको ठूलो खाँचो छ भनेर महसुस गर्छन्। तिनीहरू एकान्त ठाउँमा गएर परमेश्वरसँग गोप्य प्रार्थना गर्न अग्रसर हुनुपर्दछ। तिनीहरूलाई अगुवाइ गरेको अनुसार काममा अघि सर्नुपर्छ र परमेश्वरले तिनीहरूलाई आशिष दिनुहुनेछ र तिनीहरू अरूहरूको निम्ति आशिष हुनेछन्। यस खालका चर्चका सक्रिय विश्वासीहरूले चर्चलाई बल दिन्छ र चर्चको स्थायीत्व सृजना गर्दछ। चर्चका सदस्यहरूमा सक्रिय आत्मिक जीवन नहुनु नै चर्चलाई कमजोर र निश्क्रिय बनाउँछ; तैपनि म सोध्न चाहन्छु, यसको लागि जिम्मेवारी को छ? - द रिभ्यु एण्ड हेराल्ड, जुलाई ९, १८९५।

जब कोही वप्तिस्मा लिएर चर्चको सदस्य हुन्छ तब प्रत्येक इसाई सुमाचार सुनाउन लक्ष्यको निम्ति ख्रीष्टले अभिषेक गर्नुभएको हुन्छ- इसाई हुँ भनेर दावी गर्ने एडेन्टिस्ट चर्चका प्रत्येक विश्वासीले एउटा कुरामा स्पष्ट हुनु जरुरी छ: त्यो हो सुसमाचार सुनाउने जिम्मा केवल पास्टरकोमात्र होइन तर चर्चको प्रत्येक सदस्यको पनि अभिभारा हो। चर्चको प्रत्येक सदस्यले आ–आफ्नो संसारमा ख्रीष्टको प्रतिनिधि भएर उभिनुपर्दछ। तिनीहरूले येशूबाट ज्योतिको किरण पक्रनुपर्दछ र गलत बाटोमा हिँड्ने र झुटो दर्शन र वादहरूमा मोहनी लागेकाहरूको निम्ति ख्रीष्टको ज्योतिलाई प्रतिविम्बित बनाइ दिनुपर्दछ। तिनीहरूले परमेश्वरको दश आज्ञामात्र धार्मिकताको सत्य मापदण्ड हो भनेर

त्यसलाई उचालिराख्नुपर्दछ जब संसार र कतिपय इसाई भनाउँदाहरूले नै दश आज्ञाभन्दा अरू नै धार्मिकताको मापदण्ड भनेर उचालि राखिरहेको छ। अन्धकारलाई ज्योति र ज्योतिलाई अन्धकार, सत्यलाई असत्य र असत्यलाई सत्य भनेर सैतानले मानिसहरूलाई सिकाइरहेको छ। परमेश्वरको सिंहासनबाट आइरहेको प्रत्येक किरणलाई उसले निभाउन चाहन्छ र त्यसमा अन्धकार राखिदिन चाहन्छ। तर परमेश्वरका छोराछोरीहरू यस संसारमा छन् जसले परमेश्वरको ज्योतिलाई चम्काइरहेका छन। जति आत्मज्ञानलाई तिरस्कार गर्दछ, विरोध गर्दछ र दोष लगाउँछ त्यति धेरै त्यसको दिव्यज्ञानलाई प्रमाणित गर्दछ र अरूहरूलाई ज्योति फैलाउन सहयोग गर्दछ। परमेश्वरका जनहरूले उहाँबाट नै मानिसहरूलाई धार्मिकता, सत्य र स्वर्गतिर अगुवाइ गर्न आदेश पाएका हुन्छन्। सत्यको ज्योति मन परेका र मन नपरेका आँखाहरूको सामु बलिररहेको हुन्छ। जब येशू स्वर्गमा उचालिनुभयो तब चर्च र उहाँको माध्य वा प्रतिनिधि हुन नियुक्त गर्नुभएको थियो। चर्चको काम वा चर्चका समुच्च सदस्यको काम यस संसारमा उहाँको ज्योति सञ्चार गर्नु हो। येशूले भन्नुभयो, "तिमीहरू संसारका ज्योति हौ।" यस संसारमा भएका प्रत्येक इसाई जीवित र चहकिलो ज्योति हुन परमेश्वरले अपेक्षा गर्नुभएको छ। गोप्य प्रार्थना गर्दै उसले परमेश्वरसँग भिँड्नुपर्दछ; अनि ऊ ख्रीष्टको आत्माले सुसज्जित भएर मानिसहरूसँग कुराकानी गर्न सक्ने हुन्छ। सुसमाचार सुनाउन अभिषेक गरिएको कारण प्रत्येक इसाईले अरूहरूको अगाडि स्वर्गको वातावरणको आभास् दिन्दछ। उसले बोल्दा होशियार पुऱ्याएर बोल्दछ, उसको अनुहार उसको स्वामीको स्वरूपलाई प्रतिबिम्बित गरिरहेको हुन्छ। येशूको भावनामा भावित भएको मानिस परमेश्वरको जीवित पत्र हुन्छ र सबैले उसलाई पढिरहेका हुन्छन्। - द रिभ्यु एण्ड हेराल्ड, मार्च ८, १८८७।

चर्चको प्रत्येक विश्वासी आ–आफ्नो खुबी, दक्षता र प्रतिभा अनुसार शिक्षित बनाएर काममा लगाउनु पर्छ- प्रत्येक साबथ मानिसहरूले

जीवित प्रचारकको आवाज सुन्दछन्, तर तिनीहरूले सिकेका सत्यलाई आफ्नो दैनिक जीवनमा कतिले उतारेकाछन् र अर्थात् व्यवहारमा लगाउन आवश्यक ठान्दछन्? तपाईँहरूले पाउनुभएको आत्मज्ञानको ज्योति अरूहरूलाई पनि प्रतिबिम्बित गर्नेपर्छ भनेर तपाईँहरूमध्ये कतिले महसुस गर्नुभएको छ? चर्चमा विभिन्न दक्षता र पेसा भएका मानिसहरू छन् र तिनीहरू हप्ताभरि आ–आफ्नै धन्धामा लाग्छन् तर आफू जहाँ भएपनि वा जे गरेपनि आफूसँग भएको आत्मज्ञानको कसरी महसुस अरूहरूलाई पनि गराउनुपर्छ भनेर सिकाउनु जरुरी छ। यदि पास्टरले आफ्ना मानिसहरूलाई यस मामिलामा मानिसहरूलाई शिक्षित बनाउन सक्यो भने सङ्कटको समयमा वा आवश्यक परेका बेलामा परमेश्वरको कामको निम्ति उनलाई सघाउन फौज हुनसक्छ। चर्चको प्रत्येक सदस्य आ–आफ्नो खुबी अनुसार चर्चको उत्थानको निम्ति काम गर्नु आवश्यक छ। तिनीहरू चर्चको क्रियाकलापमा तालमेल गरेर चल्नुपर्दछ। ख्रीष्टको कामको निम्ति आफूसँग भएको बल, जोश र जाँगरलाई प्रत्येक सदस्यले चलाउन सक्यो भने उहाँको कामको निम्ति चर्चको प्रत्येक सदस्यले आफ्नो महत्त्वपूर्ण चासो देखाएको छ भनेर प्रमाणित गर्दछ। त्यसले त्यो चर्च जीवित चर्च भएको देखाउँदछ। - द होम मिसिनेरी, सेप्टेम्बर १, १८९२।

स्वयंसेवकहरूलाई प्रेरित गर्नु

जब आमूल परिवर्तन हुने शक्ति परमेश्वरबाट आउँछ तब चर्चका सबै सदस्यहरू उहाँको कार्यकर्ताहरू हुँदछन्- कतिपय इसाईहरू इजकिएलले देखेका दर्शनका मानिसहरू जस्तै छन्। तिनीहरू उपत्यकामा भएका सुख्खा हाडहरू जस्तै छन्। कतिपय इसाईहरू सुरुमा जोश र जाँगर देखाएर चर्चमा समावेश हुन्छन् तब समय बितेपछि ती जोश र जाँगर हराएर जान्छन्। जो मानिसहरूमा सत्यका ढुकुटीहरू सुम्पिएका छन् तर आफ्नै पाप र अधर्मले गर्दा मुर्दा भएर बस्छन् भने तिनीहरूमा येशू ख्रीष्टद्वारा फेरि नयाँ सृष्टि

हुनु आवश्यक छ। आजभोलि चर्चमा खास जोश र जाँगर भएको देखिन्दैन। त्यसले गर्दा तिनीहरू परमेश्वरका जनहरू हुन् भनेर देखाउन परिश्रम गर्नु पर्ने देखाउँदछ। यथार्थमा जब जीवन परिवर्तन गर्ने शक्ति मानिसहरूमा आयो भने त्यसले तिनीहरूलाई सक्रिय बनाउँदछ। तिनीहरू सबै जना परमेश्वरका कार्यकर्ताहरू हुनेछन् र संसारको सम्मान र धनसम्पत्ति भन्दा येशूको इज्जत थाम्नुपर्ने जोशमा तिनीहरू चल्ने हुन्छन्।- द रिभ्यु एण्ड हेराल्ड, जनवरी १७, १८९३।

यदि कोही व्यक्तिको जीवन पक्का वा सकलीरूपमा आमूल परिवर्तन भएको छ भने उसले अरूहरूलाई येशूको बारेमा सुनाउनु उत्सुक हुन्छ- जब कोही येशूलाई विश्वास गरेर आफ्नो जीवन परिवर्तन गर्छ तब उसको हृदय उसको बहुमूल्य मित्रको बारेमा सुनाउन जागीरहेको हुन्छ। आफूले पाएको पवित्र उद्धार हुने सत्यलाई हृदयमा उसले गुम्साएर राख्न सक्दैन। उसको हृदयबाट ख्रीष्टको ज्योति चम्किरहेको छ भने उसको क्रियाकलापद्वारा उहाँको किरणलाई फैलाइरहेको हुन्छ। उसको अगाडि आउने कोही पनि व्यक्ति जो अन्धकारमा छ भनेर उसको उपस्थितिले उसलाई उज्यालो बनाइ दिन्छ। यो नुन जस्तो हुन्छ जसमा सुरक्षित राख्ने गुणहरू हुन्छ वा अखमिर जस्तै हुन्छ, उसको प्रभावले कसैलाई थाहै नपाइकन परिवर्तन गर्ने शक्तिले काम गरिरहेको हुन्छ। - टेस्टिमोनिज फर द चर्च ४:३१८,३१९।

आत्मिकरूपमा सिथिल भएका सुसमाचार सुनाउन चासो नदेखाएकाहरूकहाँ भेटघाट गर्न जानुपर्दछ- चर्चका पास्टरहरू र जिम्मेवार व्यक्तिहरू चर्चका ती सदस्यहरूकहाँ भेटघाट गर्न जाओस् र आत्मिकरूपमा बढ्न चाहन्छन् भने तिनीहरूलाई प्रभुले दिनुभएको कामको बोझलाई बोकिनै रहनुपर्दछ, अर्थात् अरूहरूलाई सत्यमा ल्याउने बोझ हुनुपर्दछ। जो मानिसहरू सत्यमा आएका छैनन् तिनीहरूलाई सत्यमा ल्याउन तिब्र चाहना जगाउन चर्चका

विश्वासीहरूलाई सिकाउनुपर्दछ। परमेश्वरले दिनुभएको कामको अवसरलाई कसैले नगुमाओस्। जो सदस्यहरू आत्मिकरूपमा सिथिल छन् र सुसमाचार सुनाउनेप्रति चासो देखाउँदैनन् तिनीहरूलाई घरघरमा गएर भेटेर होशला दिनुपर्दछ, तिनीहरूसँग प्रार्थना गर्नुपर्दछ र तिनीहरूसँग मिलेर काम गर्नुपर्छ ताकि तिनीहरू ख्रीष्टको अनुग्रहलाई विश्वाससाथ जतन गर्न सक्ने होउन्। पास्टरहरू माथि मात्र भर पर्ने गरेर मानिसहरूलाई सिकाउनुहुन्न। जसले सत्यलाई अङ्गाल्छ उसको दक्षता, सीप, पेसा वा प्रतिभाहरूलाई प्रयोग गरेर अरूहरूलाई कसरी सुमाचार सुनाउनुपर्छ उसलाई सिकाउनुपर्दछ। यसरी मानिसहरू स्वइच्छाले प्रभुको काममा संलघ्न भयो भने परमेश्वरका स्वर्गदूतहरू पनि तिनीहरूलाई सहायता गर्न सक्छन्। तिनीहरूले धेरै महत्त्वपूर्ण अनुभवहरू गर्न सक्छन् जसले गर्दा तिनीहरूको आस्था बढ्दछ र परमेश्वरलाई बलियोसँग पक्रिराख्ने बल मिल्दछ। - म्यानुस्क्रिप्ट २१ए, १८९४ (नोटबुक लिफलेटस् १:१२७, १२८)।

सुसमाचारको निम्ति कार्यकर्ताहरू भर्ना गर्न असफल भएकोदेखि प्रभु येशू निराश हुनुभएको छ तर त्यस काममा हताश नहुनु भनेर उहाँले उत्साह दिनुहुन्छ- यदि सुसमाचार सुनाउने हाम्रा कार्यकर्ताहरू ख्रीष्टको आत्माको बप्तिस्मा पाएको भए अहिलेको भन्दा पचास गुणा बढि काम तिनीहरूले गर्न सक्थे र अरूहरूलाई पनि तालिम दिन सक्थे। एक दुई जना वा धेरैमा पवित्र आत्मा नखनिएर जोशसाथ काम गरिरहेको नदेखिएतापनि हामीले हाम्रो प्रयासमा कमी ल्याउनुहुन्न। ख्रीष्टको निम्ति हामी सबै मिलेर काम गर्नै पर्छ। मानिसका विग्रिएका हृदयहरूले गर्दा मुक्तिदाता निराश त हुनुभएको छ। उहाँले आफ्नो काममा सफल भएको नदेखिएतापनि आफ्नो काममा उहाँले जारी नै राख्नुभएको थियो। हामीले पनि त्यसरी नै हाम्रो कामलाई जारी राख्नुपर्दछ। यदि हामीमा प्रतिवद्धता, धैर्यता र प्रेम भएको भए अहिले एक जनामात्र कार्यकर्ता छ भने सय जना हुनुपर्दथ्यो। हामीले पाएका अवसरहरूलाई प्रयोग नगर्दा, हामीहरूमा भएका दक्षता आदिको

अझ पदोन्नति नगर्दा हाम्रा नाउँहरू त्यस लेखामा चढाएको हुन्छ जसले ईष, डाहा र परमेश्वरको विरुद्धमा विद्रोह गर्ने गर्नेहरूसँग हुन्छ। विदेशका सुसमाचार प्रचार गर्ने हाम्रो चाहना वर्षौंसम्म बरवाद पारिरहेका छौं। केवल थोरैमात्र इमान्दारी कार्यकर्ताहरू छन्; तर तिनीहरूको धेरै समय ती मानिसहरूसँग बिताउन वाध्य भएकाछन् जसले सत्यलाई अङ्गालेको छु भनेर दावी गर्छन् तर त्यसप्रति सक्रिय नहुँदा तिनीहरूको विश्वासको जहाज दुर्घट्नाग्रस्त पारिरहेकाछन्। यदि यी मानिसहरू आफ्नो आस्था अनुसार सक्रिय भएर अरूहरूको मुक्तिको निम्ति सक्रिय भइरहेको भए तिनीहरूले अरूहरूलाई प्रभुमा पनि ल्याउँन सक्थे र आफ्ना दु:खकष्टहरू पनि बिर्सिन्थे, अनि तिनीहरू अरूहरूलाई सहायता गर्न बल पाउँथे। जो मानिसहरू परमेश्वरको कामको निम्ति जागरुत छन् तिनीहरूलाई पनि हामीले समावेश गर्न सक्यो भने हामीले सुसमाचार सुनाउने काममा अहिलेको भन्दा धेरै सफल हुन्थ्यौं। तर कतिपय विश्वासीहरू निस्क्रिय भएर केही गर्न चाहन्दैनन्; त्यसो भएतापनि हामीले काम गर्न छोड्नुहुन्न। एक जना योग्य र परमेश्वरप्रति अगाढ श्रद्धा राख्ने कतिपय निश्क्रिय एडभेन्टिस्टहरूको निम्ति सोध भर्ना हुनसक्छ। - द रिभ्यु एण्ड हेराल्ड, डिसेम्बर १५, १८८५।

पास्टरहरू प्रशिक्षकहरूको रूपमा

प्रवचनद्वारा होइन तर तिनीहरूको निम्ति योजना बनाइदिएर तपाईंहरूले तपाईंहरूका सदस्यहरूलाई धेरै सहयोग गर्न सक्नुहुन्छ- पास्टरहरूले प्रवचनद्वारा होइन तर तिनीहरूको निम्ति योजना बनाइदिएर आफ्ना चर्चका सदस्यहरूलाई धेरै सहयोग गर्न सकिन्छ। चर्चको प्रत्येक सदस्यलाइ एक आपसमा केही न केही गर्ने जिम्मा लगाइ दिनुपर्छ। परमेश्वरको अनुग्रह पाउने सबैले उहाँको निम्ति खट्नुपर्छ भनेर सबैलाई आभास् दिनुहोस्। सबै जनालाई प्रभुको निम्ति कसरी कार्यकर्ता हुने भनेर सिकाउनुपर्दछ। विशेष गरेर नयाँ

आगन्तुक विश्वासीलाई परमेश्वरको काममा सबै जना हातेमालो गरेर अघि बढ्नुपर्छ भनेर सिकाउनुपर्दछ। यदि प्रभुको महिमाको निम्ति संलघ्न भए निराश हुनेहरू निराश हुन बिर्सिन थाल्छन्; कमजोरीहरू बलियो हुन्छन्, र अज्ञानीहरू बुध्दिजीवि हुन्छन्, र येशूमा भएको सही र सकली सत्य सबैको सामु प्रस्तुत गर्न सक्ने हुन्छन्। त्यस परिस्थितिमा तिनीहरूको सामु उहाँकहाँ आउनेलाई कहिल्यै पनि नछोड्ने भन्ने प्रभुको प्रतिज्ञा जीवित भइरहेको हुन्छ। - टेस्टिमोनिज फर द चर्च ६:४९।

प्रचवन दिनेमा कम समय दिनुपर्छ तर अरूहरूलाई प्रभुको काममा कसरी खटाउने भन्ने विषयमा ज्ञान बढाउन धेरै समय लगाउपर्दछ- हाम्रा पास्टरहरू शिक्षक र प्रचारकहरू हुनै पर्छ। मानिसहरूलाई पास्टरहरूमाथि होइन ख्रीष्टमाथि भर पर्ने पास्टरहरूले सिकाउनै पर्छ। दुई घन्टा प्रवचन दिने समयको सट्टा त्यसलाई घटाएर एक घन्टा थप समय गम्भीर भएर अध्ययनशील भएर अरूहरूलाई प्रभुको कार्यकर्ता कसरी बनाउने भनेर सिक्न सके चर्चको हित हुनेछ। - द साइन्स अभ द टाइम्स, मे १७, १८८३।

पास्टरहरूले आफ्ना सदस्यहरूलाई प्रभुको निम्ति कसरी ज्योति बोक्ने भनेर सिकाउनु पर्दछ- जब येशू स्वर्गमा उक्लिनुभयो तब यस संसारमा सुसमाचारको ज्योति पाउने सबैलाई कामको जिम्मा लगाउनुभएको थियो। काम पूरा नहुञ्जेल तिनीहरू अग्रसर भइरहनुपर्दछ। उहाँको चर्चलाई बाहेक उहाँले अरू कुनै निकायलाई सत्यको घोषणा गर्ने जिम्मा लगाउनुभएको छैन। उहाँले यो आदेश दिनुभएको छ, "सारा संसारमा गएर प्रत्येक मानिसलाई सुसमाचार सुनाउनु।" उहाँले यो प्रतिज्ञा थप्नुभएको छ, "हेर, म युगको अन्तसम्म म तिमीहरूको साथमा हुनेछु।" येशूको यो गम्भीर आदेश यस युगमा हामीकहाँ पनि आएको छ। यो आदेश पालना गर्ने कि नगर्ने त्यो जिम्मा उहाँले उहाँकै चर्चलाई सुम्पिनुभएको छ। धेरै एडभेन्टिस्टहरू चुपचाप बस्छन् मानौँ त्यो आदेश पालन गर्न

स्वर्गबाट नै कोही आएर ठूलो स्वरले चेतावनी दिनेछ; स्वर्गदूतहरूको आ–आफ्नै काम छन्, र अन्धकारमा रहेकाहरूलाई बाइबलको सत्य सिकाउने काम हामीले गर्नुपर्छ। के तपाईँहरूको चासो स्वार्थसाथ केवल तपाईँहरूको परिवार र चर्चमामात्र सिमित भएको छ? तपाईँहरूको त्यो संङ्कुचित दिमागको निम्ति उहाँले दया देखाउनु हुनेछ। सारा संसारलाई घेर्ने अपार र कहिल्यै अन्त नहुने प्रेमको जोश तपाईँहरूमा भइरहनुपर्ने थियो। जो येशूभक्तहरू विदेशमा गएर सुसमाचार प्रचार गर्न बोलाइएको छैन भने तिनीहरू आफ्नै सिमानाभित्र रहेर काम गर्न सक्दछन्। आ–आफ्ना चर्चहरूमा चासो देखाएर चर्चहरूको काममा सघाउन सकिन्छ। त्यसको लागि पनि तिनीहरूले आत्मिक र स्वार्थ त्याग गर्नुपर्ने हुन्छ, तिनीहरूको स्रोतद्वारा र दिलैदेखि प्रार्थना गरेर कठिन क्षेत्रमा जानेहरूलाई सहायता गर्न सकिन्छ। - द रिभ्यु एण्ड हेराल्ड, अक्टोबर १२, १८८६।

आ–आफ्नो प्रतिभा, दक्षता र खुबीहरू प्रयोग गरेर अरूहरूको सेवा कसरी गर्ने भनेर हाम्रा चर्चका विश्वासीहरूलाई सिकाउनै पर्दछ- अरूहरूलाई परमेश्वरको ज्योति चम्काउने काम केवल पास्टरहरूकोमात्र होइन, तर प्रत्येक व्यक्ति जो इसाई हुँ भनेर दावी गर्छ र बप्तिस्मा लिएर चर्चमा सरिक हुन्छ उसको पनि काम हो। सारा संसारमा ख्रीष्टको सुसमाचार सुनाउने जिम्मा प्रत्येक येशूभक्तलाई सुम्पिएको छ। अरूहरूको प्रभावकारी ढँगमा कसरी सेवा गर्ने भनेर हाम्रा चर्चा सदस्यहरूलाई सिकाउनै पर्छ। कतिपय अभिषेक गरेका पास्टरहरू छन् जसले परमेश्वरको बगाललाई कहिल्यै हेरचाह नगरि बसीरहेका हुन्छन्। चर्चका सदस्यहरूको आत्मिक जीवनप्रति तिनीहरूले खास चासो पनि देखाएका हुँदैनन्। त्यसको लागि तिनीहरूले लेखाजोखा दिनै पर्छ। चर्च र विश्वासमा निस्क्रिय भएर बस्नेहरूलाई शिक्षित बनाएर सक्रिय बनाउने जिम्मा परमेश्वरले चर्चलाई जिम्मा दिनुभएको छ ताकि तिनीहरू पनि सुसमाचारीय क्षेत्रमा लगनशीलताका साथ परिश्रम गर्न सकुन्। परमेश्वरका जनहरूलाई त्यस्तो शिक्षादिक्षा वा

तालिम दिनुपर्दछ कि जसले गर्दा सयौँ मानिसहरू आफ्ना महत्त्वपूर्ण प्रतिभा र दक्षताहरू प्रयोग गरेर येशूको ज्योति फैलाउन सकुन्। तिनीहरूको समर्पित जीवनले ती मानिसहरू उत्पादन गर्न सकिन्छ जो जिम्मेवार र प्रभावकारी ओहदामा बस्न पुगेका हुन्छन् र तिनीहरूले प्रभुको निम्ति महान् असल कामहरू गर्न सक्नेहुन्छन्।- अपिल टु आवर चर्चेज इन बिहाफ अभ होम मिसिनेरी वर्क (पीएच ७) १४।

मानिसहरूलाई प्रभुकहाँ कसरी ल्याउने भनेर चर्चका सदस्यहरूलाई शिक्षित बनाउनुपर्दछ- चर्चमा केही खतराहरू उत्पन्न भइरहेका छन् त्यसप्रति हामी चनाखो हुनुपर्दछ। चर्चका कतिपय उच्च ओहदामा बस्नेहरूले खुबी र प्रतिभा भएकाहरूलाई उचाल्न वेवास्ता गरिरहेका हुन्छन्। फेरि तिनीहरूले नै ख्रीष्टको निम्ति थोरै वा केही काम पनि गर्दैनन् साथै परमेश्वरको काममा अग्रसर हुनेहरूलाई तिनीहरूले निराश पनि बनाउँछन्। यस्तो प्रवृत्ति चर्च र चर्चका कुनै पनि पदाधिकारीहरूमा हुनुहुँदैन। येशूले आकर्षित गरेका प्रत्येक भक्त मुक्तिको निम्ति खोला बन्न सकुन् भनेर शिक्षित बनाउनुपर्दछ। केवल अभिषेक गरिएका थोरै पास्टरहरूले मात्र परमेश्वरको वचन सिकाउनुपर्छ भन्ने छैन। प्रत्येक येशूभक्तले सत्यलाई नदीको किनाराहरूमा रोप्नै पर्दछ। - सोइन्ड्ग बिसाइड अल वाटर्स, ३७ (पीएच ७८)।

मेडिकल मिसिनेरी वा स्वास्थ सेवामा संलन्घ हुन चर्चको सबै सदस्यहरूलाई तालिम दिनुपर्दछ- पास्टर र शिक्षकहरूले बुद्धिपुऱ्याएर आफ्नो काममा लाग्नुपर्छ साथै चर्चको सदस्यहरूलाई (कमसेकम प्राथमिक उपचार गर्न सिकाएरभएपनि) मेडिकल मिसिनेरी भएर कसरी काम गर्ने भनेर तालिम दिनुपर्दछ। जब येशूलाई आफ्नो जीवनमा छ भनेर कसैले दावी गर्छ भने उसले उहाँले गर्नुभएको काममा आफू पनि लाग्न जाँगर देखाउँछ। तिनीहरू निस्क्रिय भएर वा हात बाँडेर बस्ने तिनीहरूको दिमागैले नै दिनेछैन। तिनीहरूले गर्ने काम प्रसस्त छ। जब तिनीहरू चर्चको छातामूनि रहेर चर्चसँग ऐक्यवद्धतासाथ काम गर्छन् तब तिनीहरूले

परमेश्वरको ज्योति अत्यन्तै प्रभावकारीरूपमा फैलाउन सक्नेहुन्छन्। - वेलफेयर मिनिस्त्री, १२३।

यदि पास्टरले चर्चका सदस्यहरूलाई मिलेर काम गर्न सिकाएन भनेर त्यो पास्टर असफल हुन्छ- यदि पास्टरहरूले परमेश्वरमाथि भरोसा राखेर चर्चको काममा कसैलाई बीचमा भित्राएन भने चर्चको वातावरण स्वस्थ हुनसक्छ। केवल प्रचार गर्नेहरूमात्र होइन चर्चका स्वयंसेवकहरूको परिश्रमको पनि आवश्यक छ। पास्टर वा प्रचारकहरू र अरूहरू मिलेर प्रभुको काम गर्नैपर्छ। सुसमाचार कार्यक्षेत्रमा यो प्रमाणित गरिएको छ कि प्रचारकहरूको प्रचार गर्ने जस्तोसुकै खुबी वा प्रतिभा भएतापनि यदि तिनीहरूले मानिसहरूको बीचमा गर्नेपर्ने परिश्रम गरेन भने, यदि कसरी काम गर्नुपर्छ भनेर चर्चका सदस्यहरूलाई सिकाएन भने, सुसमाचारीय सभाहरू कसरी संचालन गर्न सदस्यहरूलाई सिकाएन भने, सुसमाचारीय काममा कसरी परिश्रम गर्न सिकाएन भने, मानिसहरूसँग कसरी सफलपूर्वक आदानप्रदान गर्ने खुबी सिकाएन भने पास्टरहरूको परिश्रम खेर जाने सम्भावना धेरै छ। साबथ स्कूल समयमा विश्वासीहरूलाई आ–आफ्नो जिम्मेवारी सिकाउनुपर्ने धेरै काम छ। येशूलाई विश्वास गर्नु भनेको के हो र उहाँको प्रेम फैलाउनुमा आफ्नो जिम्मेवार के हो भनेर विश्वासीहरूलाई महसुस गराउनु पर्दछ। उहाँको निम्ति काम गर्न परमेश्वरले आह्वान गर्नुहुन्छ। यस प्रयासमा पास्टरहरूले अगुवाइ गर्नुपर्दछ। - टेस्टिमोनिज फर द चर्च ५:२५६।

यदि चर्चका पास्टरहरूले आफ्ना मातहतमा रहेका चर्चका सदस्यहरूलाई उचित शिक्षादीक्षा दियो भने जब ती पास्टरहरू छोड्छन् तब चर्चको काम भताभुङ्ग हुँदैन- परमेश्वरका राजदूतहरूको काम र जिम्मेवारी मानिसहरूले सोचेको भन्दा अपार छ। जबसम्म सेवाको निम्ति तम्तयार हुने इसाईहरू खडा गराएर परमेश्वरको सामु प्रस्तुत गर्दैनन् तब पास्टरहरू आफ्नो काममा संन्तुष्टी हुनुहँदैन। पास्टरहरूले परमेश्वरको आशिषले सुसज्जित भएर अथक प्रयास

गरि ती मानिसहरूको समूह खडा गर्नुपर्छ जो परमेश्वरको काममा जिम्मेवारीपूर्वक हृदयदेखि नै लागिरहेका हुन्छन्। उचित प्रयास र तालिमले पुरुष र स्त्री चर्चको शक्रिय कार्यकर्ताहरू हुनसक्छन्। तर तिनीहरू चरित्रमा र विश्वासमा बलियो हुनुपर्दछ। तिनीहरू हृदयदेखिनै आफूले गरेको विश्वासमा अडिग हुनुपर्दछ। तिनीहरूमा कुनै स्वार्थभावना हुनुहुँदैन जसले गर्दा तिनीहरूको काममा वाधा आओस्, तिनीहरूको विश्वासमा कमी होस् वा तिनीहरूको काम कर्तव्यमा बिचलित होस्। यदि पास्टरहरूले आफ्नो मातहतमा रहेका चर्चहरूका सदस्यहरूलाई उचित तवरले स्याहार गरे र तालिम दिए जब तिनीहरू अर्कै क्षेत्रमा सरुवा हुन्छन् तब चर्च भताभुङ्ग हुँदैन र तिनीहरूको काममा चर्चका सदस्यहरूले निरन्तरता दिनेछन्। जबसम्म विश्वासीहरू सत्यलाई अङ्गालेर त्यस अनुसार आफ्नो जीवनलाई आमूल परिवर्तन ल्याएर जीवन र चरित्रमा बदलाभ ल्याउँदैन तबसम्म सनातन चट्टानमा जरो गाड्न सक्दैन; र जब परिश्रम गर्ने पास्टर छोडेर अन्त जान्छ वा काम गर्न छोड्छन् तब चर्चको मौलिकता पनि हराउँछ। मानिसहरूमा भएका छापहरू पनि बिलाएर जान्छ। चर्चमा सत्यप्रतिको मोह पनि हराएर जान सक्छ। तिनीहरूले परमेश्वरको पवित्र प्रभाव मानिसहरूमा पार्न सक्दैनन् र तिनीहरू इसाई हुँ भनेर दावी गर्न पनि नसुहाउने हुन्छ। - टेस्टिमोनिज फर द चर्च ४:३९८।

सबैलाई सक्रिय हुन सिकाउनुपर्दछ

चर्चका भावी कार्यकर्ताहरू उत्पादन गर्न पास्टरहरूले चर्चका सदस्यहरूको खुबी र प्रतिभाको विकास गर्न प्रयास गर्नुपर्दछ- हरेक कर्मचारीको आ–आफ्नै खुबी र दक्षता हुन्छ। एउटाले गर्न सक्ने काम अर्कोले गर्न सक्छ भन्ने छैन। चर्चका कतिपय कर्मचारीहरू विश्वासका विभिन्न ओहदाहरूमा नियक्ति हुन्छन्। यदि तिनीहरू आफै अनुशासित भएन भने तिनीहरूले गर्न सक्ने काम पनि गर्न नसक्ने हुन्छन्। दिनदिनै माग अनुसार कामको चाप पनि

तिनीहरूले व्यहोर्न नसक्ने हुन्छ। तिनीहरूको स्थानमा अरूहरूलाई राखियो भने तिनीहरूले दक्षता पूर्वक आफ्नो काम गर्न सक्छन्, तर कतिपय समयमा तिनीहरूलाई हौशला दिएको हुँदैन। तिनीहरूमा धैर्यता, दया, सहनशीलता र सदाशयता होला र तिनीहरूलाई सिकाएर जिम्मेवारी कसरी वहन गर्ने भनेर सिकाएमा तिनीहरूले आफ्नो काम कुशलतापूर्वक गर्न सक्ने हुन्छन्। यस खालका मानिसहरूलाई पास्टरहरूले भित्री हृदयदेखि इमान्दारितासाथ सहयोग गर्नुपर्छ ताकि तिनीहरू आफ्नो काममा सफल हुनसकोस्। तिनीहरूको खुबी र दक्षताहरूको विकास गर्न पास्टरहरू लगनशील भएर सिकाउनुपर्दछ। कम अनुभवी कर्मचारीहरू बुद्धिमान अगुवाहरूको आवश्यकता पर्दछ, जसले प्रार्थना र व्यक्तिगत प्रयासले मानिसहरूलाई हौशला दिएर ख्रीष्टको निम्ति केही कुरामा अभाव नभएका परिपक्व सेवकहरू उत्पादन गर्न सकोस्। सुसमाचारका प्रत्येक पास्टरले यस काममा संलघ्न हुनुपर्दछ, तर दुर्भाग्यवस कोही पास्टरमा केही गर्ने जाँगर पनि हुँदैन।- द रिभ्यु एण्ड हेराल्ड, डिसेम्बर १, १९०१।

सेवाको काममा कसरी लाग्ने भनेर चर्चका विश्वासीहरूलाई सिकाउनु पर्दछ- पास्टरहरूले चर्चका विश्वासीहरूलाई कसरी काम गर्नुपर्छ भनेर सिकाउनुपर्दछ। तिनीहरूमा भएको धन वा शिक्षामा वा बलमा तिनीहरू उपयोगी हुनसक्ने होइन भनेर तिनीहरूलाई सिकाउनु पर्दछ। तर तिनीहरू ख्रीष्ट र उहाँको काममा समर्पित र दिलोज्यान दिने हुनुपर्छ भनेर तिनीहरूलाई सिकाउनुपर्दछ। विगत समयमा परमेश्वरले नम्र र गरिब इसाईहरूलाई प्रयोग गर्नुभएको थियो। प्रायजसो तिनीहरूको विश्वास र भक्तिको कारणले देखावटी काम गर्ने इसाईहरू भन्दा धेरै प्रगति गर्न सकेका थिए। तिनीहरूले आफ्नो कमजोरीको महसुस गरेका थिए र परमेश्वरमा भरपर्नु भन्दा अरू उपाय नभएको तिनीहरूले स्वीकारेका थिए। तिनीहरूको पत्रले, तिनीहरूले पर्चाहरू बाँडेर, तिनीहरूको व्यक्तिगत प्रयासले सुसमाचार सुनाएर, तिनीहरूको अनुशासित र भक्तिभावको कुराकानीले धेरै

मानिसहरूलाई गलत बाटोबाट ठिक बाटोमा ल्याएका थिए। तिनीहरूकै प्रयासमा कतिपयलाई व्यवस्था भङ्ग गर्नेबाट पालन गर्न लगाका थिए। " भाइ हो, जब तिमीहरू बोलाइएका थियौ, तिमीहरू कस्ता थियौ? सो विचार गर। सांसारिक स्तरअनुसार तिमीहरूमध्ये धेरै जना बुद्धिमान्, धेरै जना शक्तिशाली र धेरै जना खानदानी थिएनौ। तर बुद्धिमान्हरूलाई शर्ममा पार्न परमेश्वरले संसारका मूर्ख कुराहरूलाई छान्नुभयो, र शक्तिशालीलाई शर्ममा पार्नलाई परमेश्वरले संसारका निर्बल कुराहरूलाई छान्नुभयो। परमेश्वरले संसारका नीच र तुच्छ ठहरिएका कुराहरूलाई चुन्नुभयो। यहाँसम्म कि नगण्य कुराहरूलाई पनि चुन्नुभयो, यस हेतुले कि जुन कुरा छन् ती व्यर्थ ठहरिऊन्, र कुनै प्राणीले परमेश्वरको सामुन्ने अहङ्कार नगरोस्। परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरूका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो। यसैले लेखिएको छ, "गर्व गर्नेले प्रभुमा नै गर्व गरोस्।" १ कोरिन्थी १:२६-३१। - द रिभ्यु एण्ड हेराल्ड, जुन २४, १८८४।

यदि चर्चका सदस्यहरूले एक आपसलाई सहायता गर्न सक्यो भने तिनीहरूमा भएको शङ्काहरू हराएर जान्छ- हो, हाम्रा पास्टरहरू चर्चमा जान सक्छन्, दु:खकष्ट र शोकमा परेकाहरूलाई सार्वजनिकरूपमा प्रार्थना गर्न सक्छन्, मानिसहरूमा भएका शङ्काहरू हटेर जाओस भनेर परमेश्वरसँग प्रार्थना गर्न सक्छन् र अन्धकारमा रहेकाहरूलाई आत्मज्ञानको ज्योति बाल्न सक्छन्। तर त्यतिले तिनीहरूको काम प्रभावकारी हुनै पर्छ भन्ने छैन। चर्चमा भएका सक्षम् र स्रोत भएका विश्वासीहरूलाई नै परिचालन गरेर दु:ख, कष्ट, शोकमा परेका पापको बोझले लादिएका र शङ्कामा परेकाहरूलाई सहयोग गर्ने तरिकाहरू पास्टरहरूले सिकाउनु पर्दछ। कतिपय विश्वासीहरू अरूहरूको अभावमा सहयोग गर्न सक्छन्। यदि तिनीहरूले एक आपसमा सहयोग गर्ने भावनामा जागृत भएर बस्यो भने तिनीहरूमा भएका सबै अन्धकारहरू हटेर जानेछन्। - द रिभ्यु एण्ड हेराल्ड, मे ५, १९०४।

आराधना र विशेष सेवाकार्यक्रमहरू

अध्याय २७
बप्तिस्मा

बप्तिस्माले येशूको पुनरुत्थान र उम्मेदवारको पुनर्जन्मको स्मरण गराउँछ- येशू ख्रीष्ट मर्नुभएको थियो र पुनरुत्थान हुनुभएको थियो भन्ने स्मृतिलाई निरन्तररूपमा कायम राख्न बप्तिस्माको बिधिले देखाउँछ। जब हामी बप्तिस्माको निम्ति पानीमा डुब्छौँ तब हामी येशूसँगै गाडिएका हुन्छौँ, र जब पानीरूपि चिहानबाट निस्किन्छौँ तब हामी येशूको पुनरुत्थानमा सहभागी भएर नयाँ जीवन बिताउनेछौँ भनेर प्रतिवद्धता जनाउँछौ। - अर्ली राइटिङ्गस्, २१७।

बप्तिस्माको निम्ति उम्मेदवारलाई तयार पार्नु

बप्तिस्माको अर्थ के हो भनेर प्रत्येक उम्मेदवारलाई पास्टरले बुझाउनुपर्दछ- मानिसहरूका शिक्षादीक्षा, दर्शनहरूलाई चर्चमा घुसाउँदा हाम्रा चर्चहरू कमजोर भइरहेकाछन्। कतिपय मानिसहरू बिना पश्चाताप र मानिसको बहुआयामिक परिवर्तन बिना चर्चमा ग्रहण गरिरहेका छन्। बप्तिस्माको गम्भीर विधिको बारेमा राम्रोसँग नसिकाइ र नबुझाइ पुरुष, स्त्री, युवायुवती र बालबालिकाहरू बप्तिस्मामा भाग लिन दिइरहेकाछन्। बप्तिस्मालाई विधिलाई हल्कारूपमान नलिइकन यसको अर्थ गहिरो छ भनेर सिकाउनुपर्दछ। हाम्रा पास्टरहरूले यस विधिमा भाग लिने प्रत्येक उम्मेदवारलाई बप्तिस्माको सरल अर्थ र यसको गाम्भीर्यताको बारेमा होशियार साथ सिकाउनै पर्दछ।

- द रिभ्यु एण्ड हेराल्ड, अक्टोबर ६, १९०४।

आत्म तथा बहुआयामिक परिवर्तन नभइकन चर्चको सदस्यमा नाउँ चढाउनुको खास अर्थ केही हुँदैन- चाहे ठूलो हुन, चाहे सानो हुन, यदि आत्मपरिवर्तन नभइकन चर्चमा सरिक हुन्छन् भने तिनीहरू एउटै दिर्घामा हुन्छन्। यदि येशूलाई नै प्रेम गरेर उहाँको पवित्र आत्माको प्रभावमा कोही आत्मपरिवर्तन भएन भन बप्तिस्मा नै लिए पनि मानिसहरू एउटा शिक्षाबाट अर्को शिक्षामा दिमागमा परिवर्तन हुन सक्छदैन। एडेभन्टिस्टहरू नै एक समूहबाट अर्को समूहमा सर्ने हुन्छन् र यो प्रक्रिया जारी नै रहन्छ। कतिपय रोमन क्याथोलिक चर्चका मानिसहरू सुधारवादी वा प्रोटेस्टेन्टमा आउँछन् तर तिनीहरू किन एक चर्चबाट अर्को चर्चमा सरे भन्ने ज्ञान तिनीहरूमा हुनै पर्छ भन्ने छैन। "नयाँ हृदय म तिमीहरूलाई दिन्छु," भन्ने प्रभुको वचनको अर्थ कतिपय मानिसहरूको दिमागमा घुसेकै हुँदैन। सिद्धान्त वा रायहरूलाई ठिकै छ भन्दै चर्चमा सरिक हनु जाँदा कोही मानिस पनि नयाँ जीवन पाएको हुन्छ भन्ने छैन। चर्च सत्य जगमा बसालिएको भएतापनि राय मिलेको भनेरमात्रै चर्चमा संलघ्न हुनुको खास केही अर्थ छैन। सही आत्म परिवर्तन चर्चसँग सम्बन्धले ल्याउँदैन। यदि हृदय वा बहुआयामिक सत्य परिवर्तन मानिसमा भएन भने चर्चमा नाउँ दर्तागर्नुको कुनै मान्यता छैन।
- द रिभ्यु एण्ड हेराल्ड, फेब्रुअरी १४, १८९९।

बप्तिस्मा लिएपछि शिक्षादीक्षा र विश्वासमा मात्र अघि बढ्नु होइन आफूले पाएका ज्ञानलाई व्यवहारमै उतारेर देखाउनुपर्दछ- बप्तिस्मा लिन चाहने उम्मेदवारले आफूले के गर्दैछु भन्ने कुरामा पक्कापक्की ज्ञान हुनुपर्दछ। तिनीहरूलाई हल्का पाराले वा औपचारिक पूरा गर्न हतारहतार बप्तिस्माको शिक्षादिक्षा सिकाउनु हुँदैन। तिनीहरूलाई विश्वासमा अझ बलियो बनाएर बप्तिस्माको बारेमा ज्ञान सिकाउनुपर्दछ। सत्यलाई अङ्गाल्न नयाँ मानिसहरूले इसाई जीवनका नीतिहरू स्पष्टरूपमा सिकाउनु पर्दछ। विश्वास गरेको छ भनेर

दावी गर्दैमा तिनीहरू ख्रीष्टसँग आवद्ध भएका छन् भनेर देखाउँदैन। मौखिक विश्वासले येशूको मुक्तिदिने सम्बन्धमा कोही व्यक्ति पनि हुँदैन। हामीले केवल "म विश्वास गर्छु" मात्र भन्ने होइन तर हामीले पाएको सत्यलाई प्रयोगात्मक रूपमा उतार्नुपर्दछ। हाम्रा बोलीवचन, जीवनशैली, चरित्र, मिजास र सम्मानजनक व्यक्तित्व परमेश्वरको चाहनासँग तालमेल भयो भनेमात्र हामी उहाँसँग आवद्ध भइरहेकाछौँ भनेर देखाउन सक्छौँ। जब कोहीले पापलाई त्याग्दछ यस संसारको आज्ञा भङ्ग गर्छ त्यो व्यक्ति परमेश्वरको राज्यको तालमेलमा आउँछ र परिपक्व र सच्चा रूपमा आज्ञाकारी भएर आफ्नो जीवन उहाँमा ढाल्न थाल्दछन्। यो पवित्र आत्माको काम हो। जब वचनको ज्योतिलाई ध्यानपूर्वक अध्ययन गरिन्छ, उसको विवेकमा बोलिएको आवाज सुन्न थाल्दछ, पवित्र आत्मालाई आफ्नो जीवनमा काम गर्न दिइन्छ तब उसको हृदय येशूप्रतिको सच्चा प्रेमले भरिन थाल्दछ। मानिसको पूरै जीवन, शारीरिक, आत्मिक, मानसिक र भावनामा परिवर्तन आएर मुक्ति पाओस् भनेर येशूले आफ्नो जीवनलाई बलि चढाउनुभएको थियो। परमेश्वरलाई प्रेम गरेको छ भनेर देखाउन त्यो व्यक्ति आज्ञाकारी भएर देखाउँदछ। परमेश्वरलाई प्रेम गरेर उहाँका आज्ञाहरू पालन गर्ने र उहाँका आज्ञाहरूलाई वेवास्ता गर्नेहरूको बीचमा सिधा धर्को भएको दुई समूह स्पष्टरूपमा बिभाजित भएको सबैले देख्नेछन्। - टेस्टिमोनिज फर द चर्च ६:९१।

पानीले होइन पवित्र आत्माले मानिसलाई परिवर्तन गर्ने हुनाले बप्तिस्मा लिनुभन्दा पहिले उम्मेदवारले आफूमा आमुल परिवर्तन भएको महसुस गराउन सक्नुपर्दछ- जब बप्तिस्माको समय आउँछ तब कोही व्यक्ति येशूको सच्चा चेला भएको छ कि छैन भनेर त्यसबेला जाँचिन्दैन न त कसैलाई थाहा नै हुन्छ। सबैको लहैलहैमा लागेर आफूपनि बप्तिस्मा लिएर सेभेन्थ-डे एडभन्टिस्ट हुने कि प्रभुको साथमा उभिएर संसारबाट अलग भएर घृणित थोकहरूलाई नछुने प्रतिवद्धता व्यक्त गरेर बप्तिस्मा लिने भन्ने बुझ्नुपर्दछ।

जब उम्मेदवारहरूले आफूले कसलाई र किन विश्वास गरेको छ भन्ने कुरो पूरै बुझेको प्रमाण दिएपछिमात्र तिनीहरूलाई ग्रहण गर्नुपर्दछ। तर तिनीहरू संसारकै नीति, चालचनल, फेशन, मनोवेग र संस्कारमा चलिरहेकाछन् भन्ने देखाउँछ भने तिनीहरूलाई त्यसै अनुसार सम्हाल्नुपर्दछ। यदि तिनीहरूको व्यवहारमा परिवर्तन गर्ने कुनै चाहना वा बोझ छैन भने तिनीहरूलाई चर्चको सदस्यमा स्वीकार गर्नुहुन्न। उहाँको चर्चमा सरिक हुनेहरू सत्यवादी, ख्रीष्टको अनुग्रहको विश्वाससाथ हिफाजत गर्नेहरू भएको प्रभुले चाहनुहुन्छ। - टेस्टिमोनिज टु मिनिस्टर एण्ड गस्पल वर्कर्स, १२८।

बालबालिकाहरू

आफ्ना छोराछोरीहरूको बप्तिस्मामा बाबुआमाहरूको उल्लेखनीय भूमिका हुन्छ- जो छोराछोरीहरू बप्तिस्मा लिन चाहन्छन् तिनीहरूका बाबुआमाको ठूलो भूमिका हुन्छ, तिनीहरूले आफ्ना छोराछोरीरहरूलाई बाइबलीय ज्ञान नियमित र विश्वाससाथ सिकाउनुपर्दछ र तिनीहरू बप्तिस्माको निम्ति तयार छन् कि छैनन् भनेर आफूले आफैलाई जाँच्न दिनुपर्दछ। इसाई जीवनमा बप्तिस्मा अत्यन्तै पवित्र र महत्त्वपूर्ण विधि हो, र त्यसको अर्थ सबैले राम्रोसँग बुझेको हुनुपर्दछ। यसको अर्थ पापबाट पश्चाताप र येशू ख्रीष्टमा नयाँ जीवन लिएर पस्निनु हो। बप्तिस्माको मोल छ भनेर बाबुआमा र छोराछोरीहरू दुवैले थाहा पाउनुपर्दछ। जब बाबुआमाहरूले आफ्ना छोराछोरीहरूको बप्तिस्माको निम्ति अनुमोदन गर्दछन्, तब तिनीहरूले आफ्ना छोराछोरीहरूको विश्वासिलो सञ्चयकर्ता भएको र तिनीहरूको चरित्र निर्माणमा आफूहरूले अगुवाइ गर्ने प्रतिबद्धता जनाएको हुन्छ। बगालका ती पाठाहरूको विशेष हेरचाह र रक्षा गर्न चासो देखाउँछु भनेर तिनीहरू कटिवद्ध हुनुपर्दछ। बाबुआमा र छोराछोरीहरूले विश्वासमा वा प्रभुप्रतिको निष्ठामा कहिल्यै अपमान नगर्ने भनेर हृदयदेखि सपथ खानुपर्दछ। - टेस्टिमोनिज फर द चर्च ६:९३।

बप्तिस्माको बिधि

बप्तिस्मा दिने बेलामा हेर्नेहरू आफूहरूलाई शिक्षित बनाइरहेका हुन्छ- जसले बप्तिस्माको पवित्र विधिलाई संचालन गर्दछ, त्यो गम्भिर अवसर हो र दर्शकहरूमाथि पवित्र प्रभाव पर्छ भन्ने कुराप्रति सजग हुनुपर्दछ। चर्चमा हुने प्रत्येक विधिले मानिसहरूलाई आत्मियतामा उचाल्ने खालको वातावरणमा सम्पन्न गर्नुपर्दछ। यसलाई कहिल्यै पनि हल्का, हचुवा, औपचारिकता पूरा गर्ने वा साधारण बिधि भनेर नगन्य स्तरमा राख्नुहुन्न। परमेश्वरको नाउँमा सेवाकार्य गर्ने कुनै पनि विधिलाई ठूलो आदर र श्रद्धासाथ हेर्नुपर्छ भनेर हाम्रा चर्चका विश्वासीहरूलाई सिकाउनुपर्दछ। जब परमेश्वरको आराधना कार्यक्रममा पास्टरहरूले सेवासंचालन गर्दछन् तब तिनीहरूले मानिसहरूलाई उहाँतिर ध्यान फर्काउन शिक्षित बनाइरहेका र तालिम दिइरहेका हुन्छन्। अनन्त जीवनको निम्ति शिक्षित बनाउने सानोतिनो कामले मानिसहरूलाई शिक्षित बनाइरहेका हुन्छ, तालिम दिइरहेको हुन्छ र अनुशासित बनाइरहेको हुन्छ। यसले चर्चलाई उचाल्ने र पवित्र बनाउने कुरामा धेरै फरक पार्दछ। - इभान्जलिजम, ३१४।

बप्तिस्माको निम्ति रोबहरू राम्रोसँग सिलाउनुपर्दछ- रोबहरूको निम्ति कपडा असल र बढि टिकाव खालको हुनुपर्छ र कालो वा गाढा रङ्गको हुनुपर्छ ताकि पानीले नबिगारियोस्। रोबहरू तलसम्म सिएको हुनुपर्दछ। त्यो सफा र राम्रो तरिकाले सिलाएको हुनुपर्छ। सबैको सामु उचित ठहरिएको पाटर्न वा खाका अनुसार हुनुपर्दछ। ती रोबहरू झकिझकाउ र आकर्षित सजिसजावट खालको हुनुहुँदैन। रोबहरूलाई श्रृगारपतार गरेर सिलाएको अमान्य छ। व्यक्तिगतलाई खुशी पार्ने खालको विशेष रोब हुनु कसैको चाहना हुनुहुँदैन। फेरि सस्तो, हलका र कमसल खालका पनि हुनुहुँदै यो परमेश्वरको निम्ति आपत्ती जनक छ। पवित्र विधिसँग सम्बन्धित प्रत्येक प्रक्रिया सकेसम्म जतनसाथ

तयार गरिएको र सिद्धतालाई प्रकट गरिएको हुनुपर्दछ।- टेस्टिमोनिज फर द चर्च ६:९८।

प्रत्येक चर्चको बप्तिस्माको निम्ति आ–आफ्नै रोब हुनुपर्दछ- अरू चर्चसँग रोब सापत लिएर चलाउनु ठिक होइन। त्यसो गरियो भने आवश्यक भएको बेलामा रोब तत्कालै उपलब्ध हुँदैन; कतिपय समयमा सापटी लिनेले फिर्ता नदिने बानी हुन्छ। यस मामिलामा प्रत्येक चर्चले आ-आफ्नै आवश्यकता अनुसार सामग्रीहरू हुनुपर्छ। यसको निम्ति चन्दा सङ्कलन गरुन्। यदि चर्चका सबै विश्वासीहरू यस मामिलामा एक भयो भनेर चर्चको निम्ति भारी हुँदैन। - टेस्टिमोनिज फर द चर्च ६:९८।

भजनले बप्तिस्माको अवसरलाई प्रभावकारी बनाउँदछ- बत्तिस जना उम्मेदवारहरू बप्तिस्मामा प्रभुसँग गाडिएका थिए र नयाँ जीवनको निम्ति बौरि उठेका थिए। यो दृश्य परमेश्वरका स्वर्गदूतहरू बढो आनन्दसाथ हेरिरहेका थिए। ठूलाहरूसँग धेरै साना साना युवायुवतीहरू बप्तिस्मा लिएका थिए। बराबर भजनको पङ्क्तिहरू गाउँथे। त्यहाँ कुनै हतार र अलमल थिएन। त्यस बिधिको पूरै समय प्रभावकारी थियो। - द रिभ्यु एण्ड हेराल्ड, फेब्रूअरी ७, १९०७।

तलाउ वा खोला बप्तिस्माको निम्ति उपयुक्त ठाउँ हो- सम्भव भएसम्म तलाव वा नदिमा बप्तिस्माको विधि चलाओस्। त्यसबेला बप्तिस्माको अवसरको महत्त्व र गाम्भीरतालाई सबैको सामु आकर्षित गरुन्। यस अवसरमा परमेश्वरका स्वर्गदूतहरू जहिले पनि उपस्थित हुन्छ। - टेस्टिमोनिज फर द चर्च ६:९७।

आपतकालिन परिस्थितिमा नुहाउने बाथटब पनि ठिकै हुन्छ- एक जना बयोबृद्ध दाजुको बप्तिस्माको निम्ति उनलाई पायक पर्ने गरेर बप्तिस्मा संचालन गर्नुपरेको थियो। उहाँ खोला वा तलाउमा जान सक्नुहुन्न। उहाँको लागि केवल बाथटबमात्रै उपयुक्त थियो जहाँ उहाँ पानीमा डुवेर बाहिर निस्कनसक्नु भएको थियो। -इभान्जलिजम, ३१५।

अध्याय २८
बाल समर्पण

पास्टरहरूले साना बालबालिकाहरूलाई आफ्ना पाखुराहरूमा लिएर तिनीहरूलाई आशिष देओस्- आमाहरूले आफ्ना बालबालिकाहरूलाई आशिष दिन येशूकहाँ ल्याएका थिए। त्यो एकदम उचित थियो। येशूले भन्नुभएको हामीले याद गर्नुपर्छ, "साना बालबालिकाहरू मकहाँ आउन देउ। तिनीहरूलाई नरोक। स्वर्गको राज्य तिनीहरू जस्तैको निम्ति हो।" आमाहरूले आफ्ना छोराछोरीहरूले येशूतिर डोऱ्याउन्। सुसमाचारका पास्टरहरूले आफ्ना छोराछोरीहरूलाई आफ्ना पाखुराहरूमा लिउन्, र येशूको नाउँमा तिनीहरूलाई आशिष दिउन्। कोमल र मायाका बोलीहरू ती सानाहरूलाई बोलुन्। येशूले बगालका पाठाहरूलाई आफ्ना पाखुराहरूमा लिएर तिनीहरूलाई आशिष दिनुभएको थियो। - द रिभ्यु एण्ड हेराल्ड, मार्च २४, १८९६।

बालक येशूलाई मन्दिरमा समर्पण गरिएको थियो- पुजारीले परम्परा अनुसार विधि पूरा गरेका थिए। उनले बालकलाई आफ्ना पाखुराहरूमा लिएर बेदीको सामु उचालेका थिए। आमालाई बालक दिएपछि उनको जेठो छोरोलाई "येशू" भनेर आफ्नो जेठाहरूको सूचीमा लेखेका थिए।- द डिजाएर अभ एजेज्, ५२।

जन्मैदेखि हन्नाले आफ्नो बालकलाई परमेश्वरमा सपर्पण गरेकी थिइन्- संसारको कुनै मानिससँग बाँड्न नसक्ने बोझ परमेश्वरसँग पोखाएकी थिइन्। आमा बन्न नसक्दा आफूलाई धेरै हेपेकोले त्यो हेपाहा परमेश्वरले हटाइदिउन् भनेर उनले रोइकराइ बिन्ति

गरेकी थिइन् र उनलाई बहुमूल्य बालकको उपहार दिउन् जसलाई उहाँकै निम्ति तालिम दिन सकून् भनेर प्रार्थना गरेका थिए। उनले हृदयदेखि गम्भीर भएर यदि उनलाई बालकको दियो भने त्यो बालकलाई जन्मैदेखि परमेश्वरमा अर्पण गर्ने भाकल गरेकी थिइन्। - पाट्रियार्क एण्ड प्रोफेटस, ५७०।

हन्ना र उनको श्रीमानले आराधनाको विधि गरेर आफ्ना छोरालाई परमेश्वरमा अर्पण गर्न एक आपसमा सहमति भएका थिए- यदि परमेश्वरले प्रार्थना सुन्नुभएर आफूले बालक पायो भने उसलाई परमेश्वरको सेवामा समर्पण गर्ने सपथ खाएकी थिइन्। उनको श्रीमानलाई यो भाकल सुनाएकी थिइन्। शिलोह छोड्नुभन्दा अघि गम्भीर आराधनाको समयमा हन्नाको चाहनालाई अनुमोदन गरेका थिए।- द साइन्स अभ टाइम्स, अक्टोबर २७, १८८१।

बाबुआमाहरूले आफ्ना छोराछोरीहरूलाई परमेश्वरमा अर्पण गर्नुपर्दछ- बाबुआमाहरू हो, तपाइहरूका छोराछोरीहरूलाई परमेश्वरमा अर्पण गर्नुहोस्। तिनीहरू परमेश्वरको हो भनेर जहिले पनि तपाईँहरूले आफ्नो मनमा राखिछोड्नुहोस्। तिनीहरू येशू ख्रीष्टको बगालका पाठाहरू हुन्। उहाँ असल गोठालोले ती बालबालिकाहरूलाई हेरबिचार गर्नुहुन्छ। हन्नाले बालक शमूएललाई परमेश्वरमा अर्पण गरेकी थिइन्। अनि शमूएलको बारेमा यसरी लेखिएको छ, "शमूएल हूर्कन्दै गयो र प्रभु उसँग हुनुहन्थ्यो, र परमेश्वरले उनबाट बोल्नुभएको कुनै वचन पनि खेर गएको थिएन। शमूएल इस्राएलका अगवक्ता र न्यायकर्ता भएका थिए। जब बाबुआमाले परमेश्वरले मिलेर बालकलाई हुर्काउँछन् र परमेश्वरमा अर्पण गर्छन् तब त्यसको नतिजा कस्तो हुनेरहेछ भनेर शमूएलको कथाले हामी माझ ज्वलन्त उदाहरण प्रस्तुत गर्दछ। - काउन्सिलस् टु पारेन्टस्, टिचरस, एण्ड स्टुडेन्टस्, १४३।

घरको परिवारको प्रत्येक सदस्यलाई प्रभुमा अर्पण गर्ने बाबुको जिम्मा हो- बाबुले घरको मुलीमात्र भएर होइन पुजारीको भूमिका पनि खेल्नुपर्दछ। पौराणिक इस्राएलमा यदि बाबुको मृत्यु भए जेठो छोरोले बाबुले गर्नुपर्ने जिम्मवारी लिनुपर्थ्यो। यदि बुबाको मृत्यु भएमा निस्तार चाडमा ढोकाको चौकोसमा जेठो छोरोले ने रगत छर्किनुपर्दथ्यो। प्रत्येक परिवारले प्रतीकको रूपमा त्यो काम गर्नुपर्दथ्यो। त्यसरी नै इसाई परिवारमा बाबुआमाहरूले आफ्ना छोराछोरीहरू एककृत गरेर ख्रीष्टमा अर्पण गर्नुपर्दछ। येशू ख्रीष्ट निस्तार चाडको बलि हुनुहुन्छ। घरमा भएको परिवारको प्रत्येक सदस्यलाई बाबुले परमेश्वरमा समर्पण गर्नुपर्दछ। यो काम निस्तार चाडको प्रतीक हो। बाबुले गर्नुपर्ने यो गम्भीर काम अरूहरूको हातमा सुम्पिन्दा परिवारमा खतरा हुनसक्छ। यसको उदाहरण एउटा यहूदी परिवारमा भएको प्रसिद्ध कथाले देखाउँछ। इस्राएलीहरू मिश्रदेशबाट निस्कनै लागेको बेलामा निस्तारचाडको स्थापना भएको थियो। जसजसको घरको चौकोसमा रगत हुन्थ्यो त्यसबेला मृत्युको दूत त्यस ढोकाबाट पार भएर जान्थ्यो। किवदन्तीको अनुसार त्यस घरको जेठी छोरी बिरामी थिइन्; तर उनलाई थाहा थियो कि प्रत्येक परिवारले पाठोलाई मार्नुपर्थ्यो र त्यसको रगत घरको ढोकाको चौकोसमा छर्किनुपर्थ्यो। त्यसो गर्दा प्रभुले त्यस ढोकाको चौकोसमा हेर्नुहुन्थ्यो र मृत्युको दूत त्यस घरमा पस्न दिनुहुन्नथ्यो जसले घरको जेठो छोरा वा छोरीलाई मार्दथ्यो। जब बेलुकी भयो त्यस छोरीले चिन्ता गर्न थालिन्। ओहो, मृत्युको दूत आफ्नो घरतिर आयो भने के हुने होला भनेर चिन्ता गर्न थालिन्। उनले आफ्नो बुबालाई बोलाइन् र सोधिन्, "बुबा ढोकाको चौकोसमा रगत छर्किनुभयो?" बुबाले जवाफ दिए, "छ, मेलै यो काम अरूलाई जिम्मा लगाइसकेँ। चिन्ता नगर्नु नानी, मृत्युको दूत हाम्रो घरमा पस्ने छैन। रात भयो र त्यस बालिकाले आफ्नो बुबालाई फेरि सोधिन्, "बुबा के चौकोसमा रगत राखेको तपाईँलाई विश्वास गर्नुभएको छ?" बुबाले उनलाई चिन्ता नगर्नु भनेर फेरि सुनाए। आफूले विश्वास गरेका नोकरहरूले आफ्नो आदेश पालन

गर्नेछन् भने कुरामा ढुक्क हुनु भनेर छोरीलाई सम्झाइन्। जब राती भयो, छोरीले फेरि बिन्ति गरेर सोधिन्, "बुबा, मलाई विश्वास लाग्दैन। मेरा पाखुराहरू समातेर चौकोसमा रगतको छाप छ कि छैन भनेर मलाई नै हेर्न दिनुहोस् अनि म विश्राम लिनेछु। छोरोको कुरो बुबाले मानेर छोरीलाई डोऱ्याएर घरको ढोकामा ल्याए; तर चौकोसमा रगत थिएन। उनी डरले थुरथुर काम्न थाले र आफ्नो घर पनि रुवावासीको घर हुने छ भनेर उनी त्राही त्राही भए। उनले हतपत आफ्नै हातले हिसपलाई रगतमा चोपलेर ढोकाको चौकोसमा छर्के। अनि आफ्नी बिरामी छोरीलाई त्यो रगतको दाग देखाए। - द रिभ्यु एण्ड हेराल्ड, मे २१, १८९५।

अध्याय २९
प्रभुभोजको विधि

प्रभुभोजले दुई प्रसिद्ध चाडहरूलाई औंल्याइएको थियो अर्थात् ती चाडहरूको प्रतीक थियो- पौराणिक इस्राएलको प्रभुको घरमा गरिने विभिन्न विधिहरू प्रतीकको रूपमा थिए। तिनीहरू बुझ्न सरल थियो र बुझ्न चाहने जसले पनि स्पष्टरूपमा बुझ्न सकिन्थ्यो। मन्दिरमा हुने विभिन्न प्रथाहरूमा सत्यहरू लुकेको भएकोले हाम्रो निम्ति गहिरो चासोको विषय हो। निस्तार चाडको बिकल्पमा येशूले प्रभुभोजको स्थापना गर्नुभएको थियो। मानिसको निम्ति आफ्नो महान बलिको सम्झनालाई निरन्तरता दिन येशुले चर्चलाई जिम्मा दिनुभएको थियो। "मेरो सम्झनाको निम्ति यो गर," भनेर आफ्ना चेलाहरूलाई येशूले आदेश दिनुभएको थियो। यो दुई महान् चाडहरू र आर्थिक कारोबारको अन्तरालमा यो भोज स्थापना भएको थियो। निस्तार चाड सदाको निम्ति अन्त्य भएको थियो र प्रभुभोज उहाँको मृत्युको स्मारकको रूपमा खडा हुने पर्व निरन्तररूपमा जारी हुने थियो। - द रिभ्यु एण्ड हेराल्ड, मे ३१, १८९८।

कोही अयोग्य ठरिएको व्यक्ति चर्चमा उपस्थित भएतापनि प्रभुभोजमा कुनै पनि सदस्यलाई वञ्चित गराउनुहुँदैन- चर्चमा कोही अयोग्य व्यक्तिको उपस्थिति भएतापनि चर्चका कोही सदस्यहरू प्रभुभोजबाट अलग राखिनुहुन्न। येशूका प्रत्येक भक्ति सार्वजनिकरूपमा भाग लिनुपर्दछ, र उहाँ तिनीहरूको व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ भनेर प्रभुभोजमा भागलिएर गवाही दिनुपर्दछ। यो प्रभुभोज आफ्ना जनहरूसँग भेटघाट गर्न येशू आफैले नियुक्त गर्नुभएको थियो। त्यसबेला उहाँको उपस्थितिले उहाँका जनहरूलाई उर्जा दिन्छ। हुनसक्छ अयोग्य हृदय र हात भएकाहरूले प्रभुभोजको बिधि संचालन गर्ला, यद्यपि आफ्ना जनहरूको सेवा गर्न ख्रीष्टको उपस्थित त्यसबेला

हुन्छ। विश्वासद्वारा उहाँकहाँ आउने सबै जनाले प्रभुभोजमा भाग लिन्दा आशिष पाउनेछन्। यस महान अवसर गुमाउने वा वेवास्ता गर्नेलाइ केही न केही हानी हुनसक्छ। आफ्ना चेलाहरूलाई औँल्याएर उहाँले भन्नुभएको थियो, "तिमीहरू सबै सफा वा निर्दोषी छैनौ।" - द डिजाएर अभ एजेज, ६५६।

सबैले देख्ने गरेर गरेको पाप लागेका मानिसहरूमात्र प्रभुभोजमा भाग लिन दिनुहुन्न- हो, येशूको उदाहरणले प्रभुभोजमा कसैलाई वञ्चित गराउनुहुन्न भनेर देखाइएको छ। जानाजानी पाप गर्नेहरू आफै यसबाट अलग रहन चाहन्छ। यस मामिलामा पवित्र आत्माले नै संभाल्नुहुन्छ। हामीले कसैको न्याय गर्नुहुन्न। प्रभुभोजमा कसले भाग लिनसक्छ वा सक्दैन भन्ने निर्णय गर्न कुनै मानिसलाई पनि दिएको छैन। कसले मानिसको हृदय पढ्न सक्छ र? कसले सामा र गहुँलाई छुट्याउन सक्छ र? यस मामिलामा पावलले यसरी व्यक्त गर्दछन्, "यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र रगतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ। हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस्। किनकि प्रभुको शरीरलाई नचिनिकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ। यसैकारण तिमीहरूमध्ये धेरै जना दुर्बल र रोगी छौ, र कति जनाचाहिँ मरिसकेका छन्। तर हामी साँच्चै आफैले आफैलाई जाँचेका छौं भने हामी न्यायमा पर्नेछैनौं। तर जब प्रभुले हाम्रो न्याय गर्नुहुन्छ, तब हामीलाई ताड़ना दिनुहुन्छ, ताकि संसारसँग हामी दोषी नठहरिऔं।" १ कोरिन्थी ११:२७-३२। - द डिजाएर अभ एजेज, ६५६।

प्रभुभोज कहिलेकाहीं वा वर्षको एक पल्टमात्र मनाउने होइन- येशूको शुद्ध गर्ने रगतले निरन्तररूपमा हृदयहरूमा प्रयोग गर्नुमानै मानिसहरूको मुक्ति भर पर्दछ। त्यसकारण प्रभुभोज कहिलेकाहीं वा वर्षको एक पल्टमात्र मनारउने विधि होइन। वार्षिक निस्तार चाड

भन्दा बराबर मनाउनु पर्दछ। यो गम्भीर र पवित्र विधि मिश्रबाट इस्राएलीहरूलाई मुक्त गर्नुभन्दा ठूलो अर्थ छ। त्यो उद्धार केवल प्रतीकमात्र थियो। तर प्रभुभोजले संसारका सम्पूर्ण आफ्ना जनहरूलाई जीवन दिनुभएर पश्चातापको विधि अपनाउँदै पापबाट उद्धार गर्नुभएको थियो भनेर देखाउँछ।- द एसडिए बाइबल कमेन्टरी ६:१०९०।

नम्रता अर्थात् पाउहरू धुने विधि

नम्रता अर्थात् एक आपसका पाउहरू धुने येशूले धार्मिक विधिको रूपमा स्थापना गर्नुभएको थियो- जब चर्चका विश्वासीहरू प्रभुभोजको निम्ति जम्मा हुन्छन् तब पाउहरू धुने विधि पनि धार्मिक विधिको रूपमा स्थापना गर्नुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, जुन २१, १८९८।

पाउ धुने विधिले येशूको नम्र मिजास सिकाउँदछ र यसले गर्दा यसमा सहभागी हुनेहरूको बिचमा कोमल हृदय बनाउँछ- कतिपय समयमा यो विधि औपचारिक पूरा गर्नमात्र गरिन्छ। कतिपयहरूको लागि एक आपसमा नम्र हुनुपर्छ, एक आपसको हितको निम्ति झुक्न सिक्नुपर्छ र आफ्नो भाउ खोज्ने प्रवृत्ति हृदयबाट निकाल्नुपर्छ भनेर येशूले सिकाउनुभएको पवित्र शिक्षालाई परम्पराको नाउँमा इसाईहरूकै दिमागमा घुसाउन नसकेको देखिन्छ। यो विधि येशूले नै स्थापना गर्नुभएको हो र उहाँका अमूल्य ढुकुटीहरूले भरिएका उहाँका सेवक पास्टरहरूलाई यो विधि चलाउन अधिकार सम्पन्न गराउनुभएको छ। यो विशेष विधिको प्रवन्ध गर्न ती पास्टरहरूको जिम्मा हो। यो विधिले युगको अन्तसम्म निरन्तरता पाउनुपर्दछ। यही विधिहरूमा येशू तिनीहरूको बीचमा सरिक हुनुहुन्छ र उहाँको व्यक्तिगत उपस्थितिले मानिसहरूलाई उर्जा दिनुहुन्छ। हुनसक्छ यो विधि संचालन गर्ने मानिसहरू अयोग्य होला, हृदय र हातहरू अपवित्र होला, तैपनि मानिसहरूका हृदयहरूमा काम गर्न येशूको

उपस्थिति त्यहाँ हुन्छ। सबै जना जो यस विधिमा भाग लिन्छन् तिनीहरूले, येशू मानिसहरूलाई उचाल्न कति सम्म झुक्नुभयो वा नम्र हुनुभयो भन्ने कुरो मनमा राखिरहनुपर्दछ। तिनीहरू आफै नम्र हृदयहरूले सजिएको हुनुपर्दछ। मानिसले होइन परमेश्वरले नै स्थापना गर्नुभएको साँचो पवित्र स्थानमा सम्पन्न गरिने यस विधिमा भागलिने कोही पनि आशिष बिना रहन्दैन। प्रत्येक पल्ट गरिने नम्रताको विधि र प्रभुभोजमा गरिने प्रवचनले मानिसलाई आत्मिक बल मिल्दछ। ती विधिहरू एक लक्ष्य लिएर स्थापना गर्नुभएको हो। येशूका भक्तहरूले आफ्ना दिमागहरूमा उहाँको नम्र मिजासको उदाहरणलाई घुसाइ राख्नु अनिवार्य छ। यसले मानिसलाई नरम र नम्र हुन हौशला दिन्छ, तर यसलाई कहिल्यै पनि अपमानजनक रूपमा लिनु हुन्न। यसले मानिसलाई निच बनाउनेको रूपमा लिनुहुन्न। यो विधि, कसैले कसैलाई दवाउन होइन बरू एक आपसमा कोमल, दयालु र स्नेही बनाउन प्रभुले स्थापना गर्नुभएको हो। - द रिभ्यु एण्ड हेराल्ड, मे ३१, १८९८।

यो पाउ धुने विधिले समाज वा चर्चमा एक मानिस अर्को भन्दा ठूलो हो भन्ने कुनै पनि मनस्थिति वा संस्कारलाई हटाउने अर्थले स्थापना भएको हो- यस विधिको लक्ष्य हो कि हाम्रो प्रभुको नम्रतालाई विश्वासीको हृदयमा हरदम राखिराखोस्। येशू आफैले चेलाहरूका पाउहरू धुनुभएर उहाँ उदाहरण बन्नुभएको थियो। एक भाइ भन्दा अर्को ठूलो हुने, आफ्नो मानमात्र खोज्ने, अरूहरूको वास्ता नगरि आफ्नै भलाइ मात्र खोज्ने, अरूहरूको मोलमा आफू उच्च ओहदामा जान तँछाडमछाड गर्ने, डाह, ईष, शत्रुभाव, एक आपसमा चिढिने, सानो तिनो कुरामा पनि एक आपसमा टाढा भएर बस्ने जस्ता प्रवृत्तिहरूले सबै मानिसका दिमागहरूमा अड्डा जमाइराखेका छन्। मानिसहरू एक आपसमा नबुझेर गलत ठान्ने प्रवृत्तिलाई हटाउन, मानिसहरूलाई आफ्नो स्वार्थी कोठाबाट निकाल्न, आत्मआलोचना गरेर आफ्नो मान खोज्ने प्रवृत्तिलाई पन्छाउन र नम्र भएर आफ्नो

भाइको खुट्टा धुने चलन गरिमामय प्रभुभोजभन्दा अघि गरिनलाइ स्थापना गरिएको हो। कोही मानिस आफू अयोग्य भएको कारणले यो विधिमा भाग नलेओस् भन्ने प्रभुको योजना नै होइन। येशूलाई गद्दारी गर्ने यहूदा जस्तोको पाउ त उहाँले धुनुभयो। यहूदाको कुनियत थाहा पाएतापनि येशूले आफ्नो खाने टेबुलबाट हटाउनुभएन। उहाँलाई थाहा थियो कि प्रभुभोज पछि यहूदाले येशूको बिरुद्धमा महान् गद्दारी गर्नेछ। त्यसकारण, पाउ धुने विधिमा को योग्य छ को योग्य छैन भन्ने फैसला गर्ने छुट प्रभुले कसैलाई पनि दिनुभएको छैन। मानिसहरूको हृदयमा भएका गोप्य कुरा कसैले पनि पढ्न सक्दैन। यदि चर्चमा यस्तो खाले मानिस छ र ती विधिहरूमा भाग लिन्छन् भने अयोग्य भएर यस विधिमा भाग लिने अधिकार कसैलाई पनि छैन। फेरि कोही मानिस पनि म यी विधिहरूमा भाग लिनुहुन्छ वा हुँदैन भन्ने निर्णय गर्ने छुट प्रभुले दिनुभएको छैन। - द रिभ्यु एण्ड हेराल्ड, मे ३१, १८९८।

पहिला थाहा नपाएका मानिसहरूलाई पाउधुने विधिको बारेमा ध्यान दिएर सिकाउनुपर्दछ- यस विधिलाई कसरी र किन पालन गर्नुपर्छ भनेर बाइबलमा निर्देशन दिएको छ। यस विधिले परमेश्वरका जनहरूलाई नम्र मिजासमा राखिछोड्छ र संसारबाट अलग राखिन्छ। त्यतिमात्र नभएर यस बिधिलाई पालन गर्ने भक्तहरूलाइ विश्वासको परिक्षाबाट पनि जोगाउँछ। कतिपय नामधारी चर्चहरू छन् जसले यो विधिलाई पालन गर्दैनन्। पाउ धुने विधि र प्रभुभोज बराबर गर्नुपर्दछ। येशू आफू उदाहरण बनेर देखाउनुभएको थियो। उहाँले जसरी यो विधि सुरु गर्नुभयो त्यही अनुसार चल्न हामीलाई उहाँले आदेश दिनुभएको छ। उहाँले जसरी सिकाउनुभयो त्यसरी नै गर्नुपर्छ भनेर मलाई देखाइएको थियो। तर कतिपय भाइबहिनीहरू यस मामिलामा उपयुक्त तरिकाले नचलेको मैले देखेको छु, त्यसले गर्दा अन्यौलता आएको छ। कतिपय अन्य चर्चहरूले पाउ धुने विधि पूर्वाग्रहको रूपमा लिएका हुन्छन्। तिनीहरूको बीचमा र नयाँ

ठाउँहरूमा येशूको शिक्षा र उदाहरणलाई ध्यानपूर्वक सिकाउनु पर्दछ र परमेश्वरसँग बुद्धि माग्नुपर्दछ। अन्य चर्चका विश्वासीहरू इमान्दार भएतापनि तिनीहरूको पास्टरहरूले नसिकाएको कारण यस विधिलाई पूर्वाग्रहको रूपमा मात्र होइन, यो त मानिसलाई निच बनाउने विधि हो भनेर पन्छिन चाहन्छन्। त्यसकारण यस विधिको बारेमा उपयुक्त समय र तरिकाले नयाँ मानिसहरूलाई सिकाउनुपर्दछ। - अर्ली राइटिङ्गस्,११६।

रोटी र रस

(बाइबलमा उल्लेखित अङ्गुरको रसलाई वाइन वा मदिरा भनेर सम्बोधन गरिएको छ। अङ्गुरको ताजा रसलाई पनि बाइन नै भन्छ भने अङ्गुर वा अरू अन्नहरूमा खमिर वा कुहाउने तत्वलाई राखेर प्रशोधित पेय पदार्थ वा रक्सीलाई पनि वाइन वा मदिरानै भनिन्छ। दुवै खालको पेय पदार्थहरूलाई मदिरा भनेको हुनाले प्रायजसो इसाईहरूले नै रक्सीलाई पिउनुहुने बहाना बनाइ पिउँछन् र कतिपय इसाई चर्चहरूमा अन्न वा अङ्गुरलाई कुहाएको रसलाई प्रभुभोजमा प्रयोग गर्छन्। जसरी प्रभुभोजमा अखमिरी नभएको रोटी खाइन्छ त्यसरी नै नकुहाइएको वा अखमिर नराखेको ताजा दाखको रस प्रयोग गर्नु पर्छ भन्ने सेभेन्थ-डे एडभनेन्टिस्ट जिकिर गर्दछ। -अनुवादक)।

नकुहाइएको रसमात्र प्रभुभोजमा प्रयोग गर्नुपर्छ- येशू ख्रीष्टले आफ्नो शिक्षालाई बाझ्न दिनुभएन। विवाहको भोजमा पाहुनाहरूलाई पियाउन जुन रस वा मदिरा प्रभुले उपलब्ध गराउनुभएको थियो त्यो अन्न वा अङ्गुर कुहाएर अखमिरी हालेर बनाइएको रस थिएन बरू ताजा र स्वस्थ पेय पदार्थ थियो। यही खालको ताजा रस हाम्रो मुक्तिदाताले पहिलो प्रभुभोजमा आफ्ना चेलाहरूको निम्ति प्रयोग गर्नुभएको थियो। प्रभु येशूको रगतको प्रतिकमा यही खालको ताजा

वा फलफूल नकुहाइएको रस जहिले पनि प्रयोग गर्नुपर्दछ। यो पवित्र विधि, विश्वासीको आत्मालाई ताजा बनाउन र जीवन प्रदान दिने लक्ष्यले स्थापना गरिएको हो। यस विधिमा कुनै पनि खराब तत्व सामेल गराउनुहुन्न न त खराब तत्वसँग सम्बन्ध राख्नु हुन्छ। - द मिलिस्त्री अभ हिलिङ्ग, ३३३।

प्रभुभोजको रोटीमा कुनै अखमिरी वा सोडा राखेर पकाएको प्रयोग गर्नु हुँदैन- टुक्रा गरिएको रोटी र शुद्ध अङ्गुरको रसले टुक्रिएको शरीर र बगाइएको परमेश्वरको पुत्रको रगतलाई इङ्गित गर्दछ। अखमिरी वा सोडा हालेको रोटी प्रभुभोजमा कहिल्यै पनि प्रयोग गर्नुहुन्न; अखमिर वा सोडा नहालेको रोटीमात्र प्रभुभोजको ठिक वा शुद्ध प्रतिनिधित्वा गर्दछ। कुनै पनि कुहाएको वा लठ्ठ पार्ने रक्सीलाई प्रभुभोजमा प्रयोग गर्नुहुन्न। केवल ताजा फलको रस र अखमिरी वा सोडा नहालेको रोटीमात्र प्रभुभोजमा प्रयोग गर्नुपर्छ। -द रिभ्यु एण्ड हेराल्ड, जुन ७, १८९८।

अध्याय ३०
अन्त्येष्टिको कार्यक्रम

मानिस मरेको देख्दा येशू रुनुभएको थियो। यस मामिलामा उहाँ हाम्रो उदारण हुनुहुन्छ- कतिपय मानिसहरूले कति कुराहरू चानचुन वा नगण्ये ठानेर वेवास्ता गर्दछन् भने येशूले सबै थोकलाई नजिकैबाट हेर्ने र त्यसप्रति संवेदनशी हुने उहाँको मिजास थियो। उहाँ सहयोग गर्न जहिले पनि तत्पर हुनुहुन्थ्यो। निराश भएका र शोकमा परेकाहरूलाई आशा र सहानुभूति प्रकट गर्न उहाँ जहिले पनि तत्पर हुनुहुन्थ्यो। कतिपय समयमा भिँडले गर्दा उहाँ उभिने ठाउँ पनि हुँदैनथ्यो, तर उहाँले गुनासो गर्नुभएन। जब उहाँले मलामीलाई भेट्नुभयो तब उहाँले "संसार यस्तै छ," भनेर आँखा चिम्लेर जानुभएन। मानिस मरेको देख्दा उहाँको अनुहारमा दु:खले पोतिएको थियो र रुनेहरूसँग उहाँ पनि रुनु भयो। - द अपवार्ड लुक, ५७।

जीवनदाताको सामु मृत्यु केवल अस्थायी मात्र हो- सबैले सुन्ने गरेर स्पष्ट र आधिकारिक आवाजमा येशूले युवा मुर्दालाई बोल्नुभएको थियो, "हे युवा, म तिमीलाई भन्छु, उठ।" उहाँको त्यो आवाजले मरेको युवाको कानहरूमा छेडेको थियो। त्यस मूर्दा युवाले आफ्ना आँखाहरू खोले। उसको हात लिएर येशूले उलाई उठाउनुभएको थियो। त्यसको साथमा रोइरहने आमाप्रति उहाँले आफ्नो नजर राख्नुभयो। आमा र छोराको पुर्नमिलन भयो र एक आपसमा हर्ष र आनन्दले अङ्कमाल गरे। सारा भिँडमा सन्नाता छायो। कसैले चुँक पनि बोल्न सकेन। "त्यसबेला सबैमा भयको महसुस भयो।" एकदम चुप भएर श्रद्धापूर्वक सबैजना एक छिन टक्क उभिए। तिनीहरू परमेश्वरको सामुनै उभिएको आभास पाए। सबैले परमेश्वरको महिमा गर्दै भने, हाम्रो बीचमा महान् अगमवक्ता रहनुभएकोछ; र आफ्ना जनहरूकहाँ परमेश्वर भेट्न आउनुभयो।" रुवावासी गरेको

नाइनको मलामी अब खुशियाली जमातमा परिणत भयो। "यहूदिया र सारा क्षेत्रहरूमा येशूले गर्नुभएको त्यस कामको बारेमा फैलियो।" - द डिजाएर अभ एजेज्, ३१८।

इसाई अन्त्येष्टि कार्यक्रम येशूको बारेमा प्रभावकारी गवाही हुनसक्छ- एक जना विरामी युवकको बारेमा राती सम्पर्क गरेका थियौँ। त्यो युवक जीवनको अन्तम अवस्थामा थियो। उसको मरणशील शरीर पीडाले क्षतिविक्षत भएको थियो। उसको निम्ति हामी प्रार्थना गर्‍यौँ। उसले लामो लामो सास फेर्‍यो र अन्तमा चुपचाप भयो। हामीहरू रोइरहेका थियौँ। विरामीको कोठामा परमेश्वरको आशिष भएको हामीले महसुस गर्‍यौँ। त्यस कोठामा स्वर्गदूतहरूको उपस्थिति भएको हामीलाई आभास् भएको थियो। केही क्षण त्यस बिरामीलाई सञ्चो भएको जस्तै भएको थियो, तर उसलाई थाहा थियो कि ऊ मर्दैछ। भविष्यको आशाको बारेमा हामीलाई उसले बुझाउन खोजेको थियो। मृत्यु उसको निम्ति अनिश्चित अन्धकार होइन भनेर उसले हामीलाई बुझाउन खोजेको थियो। उसको मुखबाट निस्केको फाट्टफुट्ट शब्दहरूले उसले भन्न खोजेका थियो कि पहिलो पुनरुत्थानमा ऊ सहभागी हुनेछ अनि ऊ अमर हुनेछ। उसले भन्यो, "दाजु बेट्सलाई यो भन्नुहोस् कि म उहाँलाई भेट्नेछु।" अनि उसको लरबरिएको जिब्रोले त्यो प्यारो नाउँ उसले उच्चारण गर्‍यो जो मर्न लागेको इसाईको निम्ति अत्यन्तै प्यारो नाउँ थियो येशू जसमाथि सबैको आशा केन्द्रित भएको छ। हामीहरूले उसको घर छोडेको केही घन्टापछि ऊ येशूमा सुत्यो। मेरो श्रीमानले अन्त्येष्टिमा भाग लिए। त्यस अन्त्येष्टिमा भाग लिनेहरू धेरै थिए र तिनीहरूले आशा र विश्वासका वचनहरू सुनेका थिए। उसको विश्वासको कारण कतिपयले उनलाई तिरस्कार गरेका थिए र उनलाई हेपेका थिए। तिनीहरू पनि त्यहाँ उपस्थिति थिए। तिनीहरूले मरेको युवाको अनुहार हेरे। उसको अनुहारमा मुस्कान थियो। ती मानिसहरूले उसलाई देखेपछि आँखाबाट आँशु चुहाए। त्यो युवा मरेपनि उसले बोलिरहेको हामीले सोच्यौँ। मरेको मानिसको

त्यो उज्यालो र मायालु अनुहार देख्न सक्नु सबैको निम्ति गवाही थियो। उसलाई गाड्ने चिहानसम्म हामी गयौं र त्यहाँ उसलाई राख्यौं जहाँ धर्मी मृत्यु अमरत्व धारणा नगरुञ्जेले बिश्राम पाइरहन्छ। - स्पिरिच्युएल गिफ्टस् २:९२।

अन्त्येष्टि कार्यक्रम धेरै स्वाङ्ग र तडकभडक देखाएर संचालन गर्नुहुँदैन- इस्राएलको प्रधान पुजारी हारुनको अन्त्येष्टिको बारेमा केवल यी सरल लेखमात्र राखिएको छ, "त्यहाँ हारुनको मृत्यु भयो, र उनलाई गाडियो।" व्यवस्था १०:६। आजभोलिको अन्त्येष्टि कार्यक्रमहरूमा विभिन्न संस्कार वा चालनचनहरू भित्राएर बाइबलमा व्यक्त गरेको भन्दा भिन्नै तरिकाले गर्दछन्। बर्तमान समयमा उच्च ओहदाको मानिसको मृत्यु अनेको तडकभडक र विभिन्न देखावटी चलनहरू अपनाएर अन्त्येष्टि गरिन्छ। इस्राएलको इतिहासमा बाँचेका धेरै उल्लेखनीय व्यक्तिमा एकजना अत्यन्तै उल्लेखनीय व्यक्ति हारुनको मृत्यु भयो र उनलाई गाडियो, तब उनको सबभन्दा नजिकको दुई जना व्यक्तिहरूमात्र उपस्थिति थिए। अनि उनलाई गाडिएको चिहान होर पहाडको एकान्त ठाउँमा इस्राएलीहरूबाट सदाको निम्ति लुकिएको थियो। अनेकौं चलनहरू भित्राएर, ठूलो समारोह गरेर, धेरै पैसा खर्च गरेर कसैको अन्त्येष्टि गर्दा परमेश्वरको महिमा र आदर हुँदैन किनकि त्यो शरीर धुलैमा फर्किन्छ। - पाट्रियार्क एण्ड प्रोफेटस, ४२७।

अध्याय ३१
आराधना कार्यक्रमको योजना र अगुवाइ

सार्वजनिकरूपमा परमेश्वरको आराधना गर्न कसैले पनि वेवास्ता गर्नुहुन्न- सार्वजनिक रूपमा परमेश्वरको आराधना सेवा नगर्नु गम्भीर भुल हो। साबथको दिनमा हुने मूख्य आराधनाको कार्यक्रम हल्कारूपमा लिनुहुन्न। जो बिरामीहरू छन् तिनीहरू यस अवसरमा भाग लिन असमर्थ हुनसक्छन्, तर तिनीहरू परमेश्वरको आराधनाको घरमा अनावश्यक रूपमा अनुपस्थिति हुनुहुँदैन। - द मिनिस्त्री अभ हिलिङ्ग, ५११।

यदि ताजा हावा नभएको उकुसमुकुस कोठा र कोचाकोच गरिएर परमेश्वरको उपासना गरियो भने चर्चका कार्यक्रम उपलब्धीमूलक हुँदैन- कतिपय समयमा पास्टर वा प्रवचन दिने आगन्तुक व्यक्तिले आफ्नो वचनप्रति मानिसहरू प्रभावित नभएको देख्दा छक्क पर्न सक्दछन्। तर कस्तो ठाउँमा त्यो कार्यक्रम भइरहेको छ सो बुझ्नु आवश्यक छ। यदि आराधना कोठामा ताजा हावा नभएर मानिसहरूलाई उकुसमुकुस पारिरहेको छ भने जुन विषयवस्तुको सम्बोधन गरिरहेको हुन्छ त्यसलाई पचाउन धेरै गाह्रो हुनजान्छ। चर्चमा ताजा हावा नभएर मानिसहरूलाई उकुसमुकस पाछे भने चर्चका धेरै कार्यक्रमहरू उपलब्धी नभएको पाइएको छ। कोठा वा चर्चको वातारणले नै मानिसहरूलाई ब्युँझाइ राख्न सक्दैन।- द साइन्स अभ द टाइम्स, सेप्टेम्बर २३, १८९७।

शुद्ध

जब आराधना वा उपासना कार्यक्रम हुन्छ त्यो बढो भक्ति र

श्रद्धा पूर्वक गरिनुपर्छ। परमेश्वरको महानता र उहाँको भक्तिभावले नै शुद्ध उत्पन्न हुन्छ र त्यसबेला उहाँको उपस्थितिको आभास् सबैले पाउँदछ- परमेश्वरले मानिसहरूलाई धेरै बहुमूल्य अनुग्रहहरू प्रदान गर्नुभएको छ, त्यसमा आराधनाको समयमा होशियारसाथ श्रद्धालाई हृदयमा सजाउनु पनि एक हो। परमेश्वरको असीमित महानता र उहाँको उपस्थितिलाई महसुस गर्न सकियो भने उहाँप्रति सत्य भक्तिभाव र श्रद्धा जाग्दछ। प्रत्येक भक्त बालकको हृदयमा अदृश्य परमेश्वरको उपस्थिति गहिरोरूपमा सजाएर राख्नुपर्दछ। प्रार्थना र सार्वजनिक सेवाकार्यको समय पवित्र छ किनकि परमेश्वरको उपस्थिति छ भन्ने आभास् प्रत्येक बालबालिकालाई सिकाउनुपर्दछ। व्यक्तिको मनस्थिति वा मिजास र आराधनामा चल्ने बानीले त्यो मानिस परमेश्वरप्रति कतिको श्रद्धा र भक्ति छ भनेर देखाउँदछ। - एजुकेशन, २४२,२४३।

परमेश्वरको आराधना गर्ने स्थल स्वर्गको द्वार हो- "जागा रहो, प्रार्थना गर, र परीक्षामा नपर।" मत्ती २६:४१। परमेश्वरप्रति श्रदा राख्न नचाहनु मानिसको सबभन्दा ठूलो कमजजोरी र परीक्षा हो। परमेश्वर अति उच्चमा हुनुहुन्छ र पवित्र हुनुहुन्छ; नम्र र विश्वास गर्ने भक्तको निम्ति यस पृथ्वीमा उहाँको उपासना गर्ने ठाउँ उहाँको घर हुन्छ। त्यहाँ उहाँका जनहरू उहाँको आराधनाको निम्ति भेला हुन्छन्। जब उहाँको श्रद्धापूर्वक आराधना त्यहाँ गरिन्छ तब त्यो ठाउँ तिनीहरूको निम्ति स्वर्गद्वारी हुन जान्छ। त्यसबेला स्तुति प्रशंसा गरिन्छ, ख्रीष्टका पास्टर वा अगुवाहरूले बोलेका वचनहरू परमेश्वरले नियुक्त गर्नुभएका माध्यमहरूबाट बोलेका हुन्छन्। माथिको चर्चको निम्ति तयार हुन ती वक्ताहरूले मानिसहरूलाई तयार पार्दछन्। स्वर्गमा भएको चर्चमा हुने गरिमामय आराधनामा कुनै पनि अपवित्र र अशुद्ध तत्व हुँदैन। - मेसेजेज टु योङ्ग पिपुल, २६५।

भजनहरू प्रेरणादायी हुनुपर्दछ- मानिसहरूले हृदय खोलेर गाएका भजन र त्यसका धुनहरू स्पष्ट र प्रेरणादायी हुनुपर्दछ।

मानिसहरूलाई उद्धार गर्न प्रयोग गरिने औजारहरूमा यो पनि एउटा हो। चर्चमा आयोजना गर्ने सबै कार्यक्रमहरू गम्भिर र भक्तिभावले भरिएको हुनुपर्दछ। आराधनाको समयमा परमेश्वरको प्रत्यक्ष उपस्थित भएको सबैले महसुस गर्नुपर्दछ। - टेस्टिमोनिज फ द चर्च ५:४९२, ४९३।

आराधकहरू नै अप्रत्यक्ष परमेश्वरको प्रत्यक्ष उपस्थिति भएको आभास दिनुपर्दछ- आराधनाको सुरुको समयमा जब प्रार्थना गरिन्छ, तब सबै जना नचली चुपचाप हुनुपर्दछ। ख्रीष्टको शान्ति गुमाउन नपरोस् भन्ने आभास हुनुपर्दछ। त्यहाँ कुनै हल्लीखल्ली गरेर ठूलो ठूलो स्वरले कराउनुहुन्न र यताउति घुम्नुहुँदैन। तिनीहरूको माझमा परमेश्वरको उपस्थिति भएको छ र उहाँको आँखा तिनीहरूमाथि छ भनेर तिनीहरूले महसुस गर्नुपर्छ। भक्तहरू आफै प्रत्यक्ष परमेश्वरको उपस्थित भएको आभास् हुनुपर्दछ। आराधनाको समयमा उठबस गरेर यताउती चल्नुहुन्न, त्यसबेला गपसप पनि गर्नुहुन्न मानिसहरू बाहिर जानुपरे हुलमुल गरेर तिनीहरूलाई रोक्नु हुन्न। चर्च भनेको सामाजिक भेला स्थल होइन जहाँ पुराना साथीहरू भेटेर दैनिक मामिला वा कारोबार गरिन्छ। ती सबै चर्चभन्दा बाहिर हुनुपर्दछ। कतिपय समयमा चर्चमा भएको लापर्वाही व्यवहार, हल्लीखल्ली, हँसीमजाक र हिँडडुलले परमेश्वर र उहाँका दूतहरूको अपमान भइरहेको हुन्छ। - टेस्टिमोनिज फ द चर्च ५:४९३, ४९४।

औपचारिक र अनौपचारिक कार्यक्रम

आराधनाको दुवै रोचक र आकर्षित हुनुपर्दछ- हाम्रा आराधनाका कार्यक्रमहरू अत्यन्तै रोचक हुनुपर्दछ। त्यसबेला स्वर्गको वातावरण ती कार्यक्रमहरूमा छाउन दिनुपर्दछ। केवल समय बिताउन लामो लामो नियास्रो लाग्ने खोक्रो भाषणहरू आराधना कार्यक्रममा हुनुहुँदैन। त्यहाँ कुनै केवल औपचारिक पूरा गर्न प्रार्थना पनि गर्नुहुन्न। आरधानाको

कार्यक्रममा आ–आफ्ना भागहरू पूरा गर्न सबैजना तयार हुनुपर्दछ। जब आराधना कार्यक्रमहरू सिद्धिन्छ तब उचित रूपमा समाप्त गर्नुपर्दछ। श्रद्धापूर्वक गरिएका कार्यक्रमहरूले लामो समयसम्म प्रभाव पार्दछ। यस खालको आराधना परमेश्वरको निम्ति स्वीकार्य हुन्छ। उहाँको निम्ति गरिने सेवाकार्यहरू रोचक, आकर्षित र प्रेरणादायी हुनुपर्छ। त्यहाँ मानिसहरूलाई नियास्रो पार्ने र निन्द्रा लगाउने जस्तो घटिया कार्यक्रमहरू हुनुहुन्न। - टेस्टिमोनिज फ द चर्च ५:६०९।

आराधनाको कार्यक्रममा अनियन्त्रितरूपमा हल्ला गर्नुहुन्न- परमेश्वरका जनहरूले उहाँको दिमाग र लक्ष्यलाई कुन् प्रेरणादायी रूपमा सञ्चार गरेर मानिसहरूलाई प्रभाव पार्छन् त्यसको अनुमान गर्न नै सक्दैन। इन्डियाना राज्यको एउटा चर्चमा के भइरहेको छ सो तपाईंले मलाई सुनाउँदा परमेश्वरले दिनुभएको परिक्षण काल समाप्त भएपछि कस्तो हुनेछ सो मलाई प्रभुले देखाउनुभएको थियो। परमेश्वरको महिमा भन्दा मानिसहरूको महिमा गर्ने खालका सबै अनौठो क्रियाकलापहरू त्यसबेला चर्चमै हुनेछन्। अनेको बाजा गाजा, ड्रमहरूको ठूलो ठूलो स्वर, अनेकौँ किसिमको सङ्गीतहरू र नाचगानहरू चर्चमा भित्रिनेछन्। मानिसहरूका सोच्ने दिमाग र परमेश्वरप्रति मन लगाउने खालको वातावरण नै हुँदैन। मानिसहरूले के ठिक के बेठिक त्यो निर्णय गर्नुमा नै अलमल हुन्छ। चर्चमा उफ्रिने, चिच्याउने जस्ता क्रियाकलपाहरूलाई मानिसहरूले पवित्र आत्माको चलखेल भइरहेको छ भनेर विश्वास गर्नेछन्।- सेलेक्टेड मेसेजेज् २:३६।

चर्चको आराधना कार्यक्रममा उपस्थित सदस्यहरूको सहभागिता

जुन चर्च ज्योतिमा हिँडिरहन्छ त्यस चर्चका विश्वासीहरू हँसिलो हुन्छन् र परमेश्वरको वचनहरू सुन्दा हृदयदेखि नै गदगद भएर तिनीहरूलाई ग्रहण गर्दछन् र आनन्दसाथ स्तुतिप्रशंसा गर्छन् र

त्यसमा भाग लिन्छन्- परमेश्वरको वचन प्रचार गर्ने उहाँका पास्टरहरू आफै पवित्र आत्माको जोश र जाँगरले चलोस् भन्ने उहाँ चाहनुहुन्छ। तिनीहरूका प्रवचनहरू सुख्खा हुनुहुँदैन ताकि सुन्ने मानिसहरू नियास्रो मानेर निन्द्राले लठ्ठ होस्। पास्टरहरूले खाली मेचहरू वा चकटीहरूलाई प्रचार गर्नु आवश्यक छैन। प्रवचन सुन्ने मानिसहरू चनाखो भएर सुन्ने हुनुपर्दछ। येशूलाई विश्वास गर्ने कतिपय मानिसहरू चर्चमा औपचारिक पूरा गर्न आउँछन् र खास गरेर आत्मिक जीवनप्रति त्यस्तो चासो नराख्न सक्छ। जब आराधना कार्यक्रम सकिन्छ तब त्यस कार्यक्रमले तिनीहरूमाथि कस्तो प्रभाव हुन्छ सो सोच्नु आवश्यक छ। यदि पास्टर वा वक्ताहरूका प्रवचनहरू नियास्रो खालका छन् येशूको आस्थाप्रति आकर्षित हुँदैनन्। मन्द र आफ्नो आस्थामा वेवास्ता गरि हिँड्ने औपचारिक इसाईहरू जब संसारिक जीवन वा धन कमाउनमात्र व्यस्त हुन चाहन्छन् तब परमेश्वरको वचन सुन्न त्यति जोश, चाहना र जाँगर हुँदैनन्; सांसारिक थोकहरूले मात्र तानीरहेकाहरूलाई स्वर्गका महत्त्वपूर्ण सन्देशहरूले हल्लाउन मुश्किल हुन्छ। उहाँका सन्देशवाहकहरूद्वारा गाउने भजनहरू रमाइलो नै होला; तर वचनहरूद्वारा दिइने पवित्र चेतावनी, अर्ती, प्रोत्साहन ती औपचारिक इसाईहरूको दिमागमा नै घुस्दैनन्। यस संसारका माया र मोहले तिनीहरूलाई लठ्ठ पारेका छन्। यस्ता खालका पत्थरका कानहरू भएका मानिसहरूलाई जस्तोसुकै आत्मालाई उचाल्ने वचनहरू बोलेपनि तिनीहरूको हृदयमा प्रभाव पार्दैन। तर जागरुत र येशूलाई भित्री हृदयदेखि माया गर्ने सदस्यहरू सक्रिय हुनु पर्दछ र चर्चका कार्यक्रमहरूमा सक्रियसाथ भाग लिनुपर्दछ। ख्रीष्टका पास्टरहरूलाई उत्साह दिनुपर्दछ र तिनीहरूलाई उचालि राख्नुपर्दछ। मानिसहरूलाई प्रभुकहाँ ल्याउन ती पास्टरहरूसँग जीवित सदस्यहरू सहकार्य गर्नुपर्दछ। यदि येशूको आत्मज्ञान र ज्योतिमा चर्च हिँडिरहन्छ भने त्यस चर्चका सदस्यहरू हँसिलो हुन्छ र प्रवचन सुन्न जागिरहन्छन् र आनन्दसाथ हृदयदेखि नै परमेश्वरको स्तुतिप्रशंसामा भाग लिनेहुन्छ। - टेस्टिमोनिज फर द चर्च ५:३१८।

चर्चमा आराधना गर्ने आराधकहरू जब वचन सुन्छन् तब एक कानले सुनेर अर्को कानले पठाउने हुनुहुन्न- भजनका लेखकबाट परमेश्वरले यो घोषणा गर्नुभएको थियो, "जसले मेरो स्तुतिप्रशंसा गर्छ उसले मेरो महिमा गर्छ वा मेरो इज्जत थाम्दछ।" आराधना कार्यक्रमको प्रायजसो प्रमुख भाग भनेको स्तुति, प्रशंसा र प्रार्थना गर्नु हो। येशूको प्रत्येक भक्त यसमा सक्रियतासाथ भाग लिनुपर्दछ। त्यहाँ प्रवचनको कार्यक्रम पनि हुँदछ। त्यसबेला आराधकहरूलाई परमेश्वरको वचनबाट शिक्षा दिइन्छ। सबै जनालाई बाइबलबाट शिक्षादीक्षा दिन नबोलाइएता पनि तिनीहरू नियास्रो मानेर मनलाई चिसो पार्दै परमेश्वरको वचन सुन्न ध्यान नदिने श्रोतावर्ग हुन आवश्यक छैन। पौराणिक कालमा जब मोशाद्वारा परमेश्वरले बोल्नुभयो तब उहाँले उनलाई अऱ्हाउनुभयो, "सबै मानिसहरूले, आमेन, भनोस्।" जुन रूपले जागरुक भएर वचन सुन्दा मानिसहरूले प्रतिक्रिया व्यक्त गरे त्यसले ती वचनहरू मानिसहरूले बुझेका थिए र वचनहरूप्रति चासो हृदयदेखि चासो देखाएका थिए भनेर प्रमाणित गरेका थिए। - द साइनस् अभ द टाइम्स, जुन २४, १८८६।

आराधना कार्यक्रमको सुरुवात

जब पास्टर र चर्च कार्यक्रमका संचालकहरू मञ्चमा जान्छन् तब आराधकहरू शान्तभएर प्रार्थना गर्नुपर्छ- जब पास्टरहरू मञ्चमा आउँछन् तब त्यसबेला तिनीहरूका अनुहारहरू पवित्र गम्भीर हुनुपर्दछ र मर्यादापूर्वक आफ्नो स्थान लिनुपर्दछ। पास्टरले अगाडि आएर पहिला आफू हृदयदेखि परमेश्वरसँग सहायता माग्दै प्रार्थना गर्नुपर्दछ। यसले चर्चमा कस्तो आत्मिक प्रभाव पार्दछ सो सराहनीय छ। त्यसबेला आराधकहरू गम्भीर हुँदै परमेश्वरप्रति श्रद्धा र भक्ति चढाउँछन्। तिनीहरूको पास्टरले परमेश्वरसँग संवाद गर्दैछन् परमेश्वरको जनहरूको सामु उभिन आँट गरेकोले त्यसको निम्ति आफूले

उहाँलाई समर्पित गर्दै हृदयदेखि उनले गुहार माग्दछन्। त्यसबेला सबैमा विधिपूर्वक भक्तिभाव हुन्छ र परमेश्वरका स्वर्गदूतहरू धेरै नजिक आउँदछन्। पास्टर र अगुवाहरू मञ्चमा प्रवेश गर्न बित्तिकै परमेश्वरप्रति श्रद्धाभक्ति हुनेहरू सबै जना शिर झुकाएर हृदयदेखि प्रार्थना गर्नुपर्छ। त्यसबेला परमेश्वरको उपस्थितिले चर्चमा उहाँको अनुग्रह होस् ताकि उहाँका सत्य वचन बोल्न मानव ओठहरूलाई शक्ति प्रदान गरुन्।- टेस्टिमोनिज फर द चर्च ५:४९२।

मञ्चमा सरिक हुनेहरूमा प्रार्थनाको मनस्थिति हुनुपर्दछ- कतिपय समयम पवित्र मञ्चमा के भइरहेको छ त्यो खास अमान्य छ। कतिपय समयमा पास्टर नै अर्कोसँग कुरा गरिरहेको र हँसी ठट्टा गरिरहेको पाइएको छ। तिनीहरूमा पवित्र कामको बोझ नभएको देखाउँछ। तिनीहरूले सत्यलाई अपमान गरिरेहा हुन्छन्। यदि मञ्चमा हुनेहरू मानौँ सामाजिक भेटघाट जस्तो क्रियाकलाप देखाए पवित्र कार्यक्रम साधारण स्तरमा झार्दछन्। यस चलनको मूख्य लक्ष्य मानिसहरूमा भएको परमेश्वरप्रतिको श्रद्धा हटाउने हो। सुसमाचारको गरिमालाई बढाउन मर्नुभएको येशूबाट मानिसहरूको ध्यान खलबलाउनु हो। जब मञ्चमा पास्टर र संचालकहरू जान्छन् तब तिनीहरू त्यहाँ जानेबित्तिकै शिर झुकाएर परमेश्वरबाट सहायताको निम्ति याचना गर्नुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, मे ३०, १८७१।

सङ्गीत

आराधनाको समयमा सङ्गित हँसिलो तर अन्तरआत्मामा प्रेरित गर्ने खालको हुनुपर्दछ- साबथको आराधना कार्यक्रमको भाग भजन गाउन अगुवाइ गर्नेहरूले उपयुक्त धुन भएका भजनहरू गाउनु पर्छ। ती भजनहरू हँसिलो र प्रेरणादायी हुनुपर्छ। अन्त्येष्टिमा गाउनु धुनहरू जस्तो हुनुहुँदैन। तर हृदयलाई छुने र अर्थपूर्ण भएको गम्भीर सङ्गितले साथ थिएको हुन्छ। गाउने आवाज ठिक, नरम खालको र

दिमागमा आत्मिक जागरण दिने खालको हुनुपर्दछ तर ठूलो ठूलो स्वरले भजनको शब्दहरूलाई नै दवाउने खाल गाउनु उपुयुक्त छैन।- द साइनस् अभ द टाइमस्, जुन २२,१८८२।

आराधनाको समयमा प्रयोग गर्ने बाजाहरू कतिपय समयमा यस्ता ठूला ठूला स्वरहरू हुन्छन् कि मानिसको इन्द्रियहरूलाई नै हल्लाइ दिन्छ, मनोवेगलाई उत्तेजित पार्दछ र उपासनाको श्रद्धालाई बिगारी दिन्छ र दवाइ दिन्छ।– यस तरिकाले पवित्र आत्मा कहिल्यै पनि प्रकट गर्नुहुन्न। हल्लीखल्ली, मानसिक जोश र उत्तेजना दिने वातावरणमा उहाँ हुनुहुन्न। शुद्ध, इमान्दारी, आदर्शमय, स्वर्गतिर उचाल्ने, पवित्र पार्ने सत्य र प्रेरणादायी वातावरणलाई दवाओस् भनेर नै यस्ता बाजागाजालाई चर्चमा भित्राएर मानिसहरूलाई परमेश्वरलाई भन्दा आफ्ना साङ्गीत प्रतिभालाई आविश्कार गर्ने सैतानको काम हो। विगत जनवरीमा हाम्रो सुसमाचारको शिविरमा सङ्गीतका बाजाहरूले जसरी आत्मिक वातावरणलाई दवायो त्यसले गर्दा त्यस शिबिरमा ती बाजाहरू कहिल्यै नहोस् भन्ने म चाहन्छु। मानिसहरूको बीचमा उत्तेजना पैदा गरेर सत्यलाई घुसाउन खोज्नु आवश्यक छैन न त तिनीहरू गहिरो हृदयदेखि गम्भीर भएर परमेश्वरमा फर्किन्छ। पागलखानाको जस्तो हल्लाले इन्द्रियहरूलाई धक्का पुऱ्याउँछ र वचन सुन्ने ध्यानलाई नै दवाइ दिन्छ। यदि यस्तो नगरी पवित्र र शान्तमय बातावरणमा आराधना कार्यक्रम गरियो भने सबैले आशिषको उपभोग गर्न सक्छन्। ठूलो ठूलो स्वरले चिच्याएर, उत्तेजित भएर, जात्रामा जस्तै बाजागाजा बजाएर जब भजन किर्तन गर्दछन् तब सैतानका शक्तिहरू त्यहाँ मिसिन्छन्। त्यस उत्तेजनात्मक वातावरणलाई कतिपय समयमा इसाईहरूले पवित्र आत्माले काम गरिरहेको छ भनेर अर्थ लगाउँछन्। - सेलेक्टेड मेसेजेज्, २:३६।

आराधकहरू भजनमा भाग लिनु

जब चर्चमा भजन गाउन समूहले अगुवाइ गर्छ तब अत्यन्तै उत्तम गायकहरू त्यस समूहमा हुनुपर्दछ- चाहे सुसमाचार शिविरमा होस् वा अन्त कतै आराधनाको समयमा होस् भजन गाउने विषयलाई ध्यान दिनुपर्दछ। चर्चका सहभागीहरूलाई थाहा नभएको वा नौलो गीतहरू गाउन पास्टरले कर गर्नुहुन्न। भजनमा अगुवाइ गर्ने व्यवस्था गर्ने व्यक्तिले चर्चका मानिसहरूलाई थाहा भएको भजन चुन्नुपर्दछ। भजन गाउँदा त्यसको अर्थलाई पनि बुझ्ने गरेर हृदयदेखि जोश निकालेर गाउनुपर्दछ। परमेश्वरको आराधना गर्ने कार्यक्रममा भजन गाउनुपनि एक हो। तर जथाभावी र योजना नगरि गाउने भजनले सत्य र परमेश्वरको अपमान गर्दछ। परमेश्वरको अरू कुनै कामको लागि पद्धति वा तरिकाहरू हुन्छ त्यसरी नै भजन गाउने मामिलामा पनि सिस्टम वा पद्धति हुनुपर्दछ। अत्यन्तै मिठो स्वर भएका गायकहरूको समूह बनाउनु पर्छ र तिनीहरूले नै चर्चका सहभागीहरूले गाउन अगावाइ गर्नुपर्छ। गीत गाउँदा धुन मिलाएर सबैको स्वर तालमेल गरेर गाउनुपर्दछ; तिनीहरू पहिला अभ्यास गर्नुपर्छ, ताकि तिनीहरूले गाउने भजनमा र अगुवाइ गर्ने कलाले परमेश्वरको महिमा होस्। - द रिभ्यु एण्ड हेराल्ड, जुलाई २४, १८८३।

भजन गाएर आराधना गर्नु पनि प्रार्थना गरेर परमेश्वरको उपासना गर्नु जस्तै हो- स्वरलाई तालिम दिनु पनि शिक्षाको एक महत्त्वपूर्ण विषय हुनुपर्दछ। कक्षाहरूमा स्वर तालिमलाई वेवास्ता गर्नुहुन्न। धार्मिक सेवाकार्यको एक भाग भजन गाउनु हो। यसले प्रार्थना जतिकै भूमिका खेल्दछ। - पाट्रियार्क एण्ड प्रोफेटेस्, ५९४।

भजनमा बाजाहरूको प्रयोग

भजन गाउन सहयोग गर्न बाजाले साथ देओस्- उपयुक्त सङ्गित वा वाजा असल कामको निम्ति प्रभाकारी हुन सक्छ। तर हामीहरूको सबै आराधना कार्यक्रममा बाजाहरू चलाउँदैनौँ। बाजाहरू मिसाएर भजन गाउँदा प्रायजसो भावनालाई उत्तेजित पारेर गाउने हुन्छ।

कतिपय समयमा बाजागाजा प्रयोग गरेर भजन गाउँदा बाजाको ठूलो स्वरले गाउनेहरूको दिमागमा आवश्यक प्रभाव पार्दैन। सङ्गितमा सौन्दर्यता छ, यसले हृदयमा मायाको भावना जगाउँछ र यसमा शक्ति छ। तर आराधकहरूले आफ्नो भित्री हृदयदेखि स्वर निकालेर परमेश्वरको भजनहरूद्वारा प्रशंसा र भक्ति देखाउन्। यदि व्यवहारिक छ भने भजनमा बाजा समावेश गरियोस, र सबै जनाको एकै स्वर र धुन परमेश्वरतिर उभो जाउन, यस खालको भेटी परमेश्वरको निम्ति स्वीकार्य छ।- इभान्जलिजम, ५०५।

आराधनाको समयमा गितारलाई प्रयोग गर्न सकिन्छ- युरोपको स्विडेनमा आराधनाको समयमा गितार प्रयोग गरेको मैले देखेको छु। यो हाम्रो निम्ति नौलो बाजा हो। स्विडेनको चर्चमा अर्गान वा पियानो नहुँदा गितार प्रयोग गरेको थियो। गितार बजाउने महिला यस बाजामा अत्यन्तै निपुण थिइन् र उनको मिठो र सङ्गितमय आवाजसँग गितार बजाएर प्रभुको स्तुति गरेकी थिइन्। सार्वजनिक आराधना कार्यक्रममा गीति समूह र अरू बाजा नभएकोले त्यस महिलाले भजनमा गितार प्रयोग गरेर सबैको स्वर त्यसमा मिलाएकी थिइन्। हाम्रो सुसमाचार कार्यक्रममा गितार बजाउँदै भजन गाएर सभा सुरु गरियोस् भने उनलाई अनुरोध गरिएको थियो।- हिस्टोरिकल स्केचेस अभ द फरिङ्ग मिसन अभ द सेभेभेन्थ-डे एडभेन्टिस्ट १९५।

तडकभडक देखाउन होइन

कतिपय समयमा सङ्गीतद्वारा मानिसको अहंकार, महत्त्वाकाँक्षा प्रदर्शन गर्ने हुन्छ- यदि बाजाहरू उचित र उपयुक्त तरिकाले प्रयोग गरे तिनीहरूले हानी गर्दैन। तर कतिपय समयमा बाजागाजाहरू खराब तत्वको स्रोत पनि भएको पाइएको छ। परमेश्वरलाई भन्दा बाजागाजाले मानिसहरूको प्रतिभातिर आकर्षित गर्छ। मानिसको गौरब वा घमण्ड र महात्वाकाङ्लाई फुलाउँछ। यस खालको

देखावटीको निम्ति प्रदर्शन गर्ने बाजागाजाको प्रयोगले परमेश्वरको स्तुति गाउनेहरूले उहाँको भक्तिलाई कमै ध्यान दिन्छन्। - द भ्वाइस इन स्पिच एण्ड सङ्ग, ४२२।

कतिपय समयमा परमेश्वरको आराधनालाई सङ्गितीय र अरू समारोह वा कार्यक्रमले डुवाइ दिन्छ- जब इसाई हुँ भनेर दावी गर्ने कोही इसाईहरू तिनीहरू पुग्नपर्ने उच्च आत्मिक स्तरमा पुग्छन् जुन तिनीहरूको निम्ति अवसर हो, तब तिनीहरूको आराधनामा ख्रीष्टको सरलतालाई कायम राख्दछ। चर्चको बल भनेको अनेकौँ समारोह, मानिसहरूलाई आकर्षित गर्ने विधि र विभिन्न बाजा गाजाहरू होइन। यद्यपि यहूदीहरूको आराधनामा जस्तै हाम्रै चर्चमा ती चलनहरू भित्राएका छन् र परमेश्वरप्रति हुनु पर्ने प्रेरणादायी आराधना ओझेलोमा पारिएको छ। - इभान्जलिजम् ५१२।

सार्जजनिक स्थलमा गरिने प्रार्थना

प्रार्थनाले परमेश्वरका पाखुराहरू हल्लाइ दिन्छ- हाम्रो प्रार्थनाले सर्बशक्तिमान परमेश्वरको पाखुरा हल्लाइ दिन्छ। उहाँको पाखुरा वा हातले नै विश्वब्रम्हाण्डका अनगिन्तियौ नक्षेत्रहरूमा तारा वा तारापुञ्ज, ग्यालेक्सीहरूलाई लस्करमा राख्नुभयो, उहाँकै शब्दले समुद्रको गहिऱ्याइका छालहरूलाई नियन्त्रण गर्नुहुन्छ, त्यही असीमित अनन्तको परमेश्वरले उहाँको जनहरूको पक्षमा काम गर्नुहुनेछ, तर उहाँलाई चलाउन उहाँका जनहरूले विश्वासद्वारा उहाँप्रति निष्ठावान हुँदै प्रार्थना गर्नुपर्दछ, उहाँसँग हाम्रो जीवनलाई अगुवाइ गर्न माग गर्नुपर्दछ। जबसम्म सारा संसारमा उहाँको चेतावनी (प्रकाश ६:१२) फैलिन्दैन, र त्यस चेतावनीप्रति सजग भएर उहाँका जनहरू उहाँको आगमनको निम्ति तयार हुँदैन तबसम्म उहाँले अन्धकारका सम्पूर्ण शक्तिहरूलाई रोकि राख्नु हुनेछ। - द रिभ्यु एण्ड हेराल्ड, डिसेम्बर १४, १९०५।

सार्वजनिक प्रार्थनामा प्रभुले उहाँका चेलाहरूलाई सिकाउनुभएको प्रार्थनाका तत्वहरू समावेश हुनुपर्दछ- भित्री हृदयदेखि कुनै छलकपट नराखि चित्कार गरेका ओठहरूले गरेको प्रार्थनामात्र सकली छ भनेर येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभएको थियो। त्यस खालको प्रार्थना गर्ने योद्धामाथि स्वर्गबाट आशिष खनिनेछ भनेर येशूले भन्नुहुन्छ। आफ्ना चेलाहरूलाई छोटो तर बुझ्न सकिने प्रार्थना सिकाउनुभएको थियो। यो सरलताको सौन्दर्यता भएको प्रार्थना अतुलनीय छ। व्यक्तिगत र सार्वजनिक स्थलमा यो प्रार्थना सिद्ध छ; यो गरिमामय र हामीलाई स्वर्गतिर उचाल्ने प्रार्थना हो। यो यस्तो सरल प्रार्थनाको ढाँचा हो कि आमाको घुँडामा बस्ने बालबालिकले बुझ्न सक्दछ। परमेश्वरका छोराछोरीहरूले यो प्रार्थना शताव्दीयौँसम्म डोऱ्याराइ रहेकाछन्, तैपनि यसको मिठासपना मधुरो भएको छैन। बहुमूल्य पत्थर जस्तो यो प्रार्थना सारा इसाईहरूले प्रेमपूर्वक हृदयमा सजाइ राखेका छन्। यदि यस प्रार्थनामा सम्मिलित तत्वहरू समावेश गरेर कसैले प्रार्थनाहरू गर्छन् भने कुनैको प्रार्थना पनि बेकारको हुँदैन। सार्जजनिक स्थलमा हाम्रो प्रार्थना छोटो हुनुपर्छ। हृदयका चाहनाहरूमात्र व्यक्त गर्नुपर्दछ। हामीलाई आवश्यक भएको थोकलाई सरलतापूर्वक परमेश्वरमा विश्वास राखेर प्रार्थना गर्नुपर्दछ। नम्र र दु:खित भएको हृदयले गरिने प्रार्थना धार्मिकताको निम्ति भोकाएको मानिसको निम्ति महत्त्वपूर्ण र उर्जा दिने परमेश्वरको सास हुन्छ। - द साइनस् अभ द टाइम्स, डिसेम्बर ३, १८९६।

पवित्र आत्माले संञ्चालित भएको जीवनले सार्वजनिकरूपमा प्रार्थना गर्दा त्यो प्रभावकारी हुन्छ- मेरा पास्टर भाइहरू हो, तपाईँहरूले गर्ने प्रार्थनाको तरिकामा सुधार गर्नुहोस् भनि म अनुरोध गर्दछु। तपाईँहरूले गर्नुहुने प्रार्थनाको तरिकामा तपाईँहरूले सुधार्न सक्नुहुन्छ र सुधार्नै पर्दछ। म तपाईँहरूलाई यो भन्न चाहन्छु, यदि तपाईँहरूले आत्मा र जोश नभएको प्रार्थना गर्नुहुन्छ भने आराधनमा भेलाहुनेहरूको निम्ति असलनै हुनेछ। कतिपय प्रार्थनाहरूमा परमेश्वरको आशिषको आभास् पाएको हुँदैन, किनभने ती प्रार्थनाहरू लामो र स्वाङ्ग पार्ने हुन्छ।

परमेश्वरले तपाईँलाई घचेडिरहनुभएको छ भनेर महसुस गर्नुभएको छैन भने सार्वजनिक स्थलमा लामो प्रार्थना गरेर समय नबिताउनुहोस्। सार्वजनिक स्थलमा गरिने प्रार्थना छोटो र स्पष्ट होस् तर हृदयदेखि चित्कार गरेको होस्। धर्मी मानिसको प्रयत्नशील प्रार्थना प्रभावकारी हुन्छ। तर मन्द स्वरले, नियास्रो र औपचारिक र जोश वा परमेश्वरको आत्माले परिचालित नभएको प्रार्थना परमेश्वरको निम्ति अमान्य छ। बोझ र आवश्यकताले भरिएका हृदयहरूको प्रार्थना परमेश्वरमा पुग्नुपर्दछ। तपाईँहरूको जीवनमा पवित्र आत्माको पुनर्जागरण होस् ताकि तपाईँहरूले गर्नुहुने प्रार्थनामा स्वर्गको शक्तिले भरिएको होस्। - द रिभ्यु एण्ड हेराल्ड, जनवरी १४, १९०२।

साबर्जनिक स्थलमा प्रार्थना गर्दा बिस्तारै सबैले सुन्ने गरेर चिच्याएर होइन तर ठूलो स्वरले प्रार्थना गर्नुपर्छ ताकि सुन्ने सबैले एक साथ आमेन भन्न सकुन्- जब तपाईँहरूले चर्चमा प्रार्थना गर्नुहुन्छ तब तपाईँहरूले परमेश्वरलाई सम्बोधन गरिरहनुभएको छ भनेर सम्झिनुपर्दछ। प्रार्थनामा उपस्थित हुने सबैले तपाईँले गर्नुभएको प्रार्थना स्पष्ट र सबैले सुन्न सकिने होस ताकि तिनीहरूले हृदयदेखि गरेको प्रार्थना तपाईँहरूको प्रार्थनसँग गाभिन सकोस्। हतार हतारमा र भद्रगोल तरिकाले उच्चारण गरेको प्रार्थनाले परमेश्वरको मान हुँदैन र सुन्नेहरूलाई पनि केही फाइदा हुँदैन। पास्टरहरू र सार्वजनिक स्थलमा प्रार्थना गर्नेहरूले यस्तरी प्रार्थना गरियोस् कि परमेश्वरको महिमा होस् वा उहाँको इज्जत बढोस र सुन्नेहरूले पनि आशिष पाउन्। विस्तारै र स्पष्टरूमा सबैले बुझ्न सक्ने गरेर प्रार्थना गरियोस् ताकि सबै मानिसहरू एक भएर आमेन भन्न सकुन्। - टेस्टिमोनिज फर द चर्च ६:३८३।

सार्वजनिक प्रार्थनामा सरल र सबैले बुझ्ने भाषा प्रयोग गर्नुपर्छ- अलङ्कारित भाषा प्रयोग गरेको प्रार्थना उचित छैन। त्यो प्रार्थना चाहे चर्चमा पुल्पिट गरेको होस्, परिवारमा होस् वा व्यक्तिगत प्रार्थनामा नै किन नहोस्, बुट्टा भरिएको प्रार्थनाले परमेश्वरलाई

प्रभावित पार्दैन। विशेष गरेर सार्वजनिक रूपमा गरेको प्रार्थनामा सरल भाषा र सबैले बुझ्ने भाषा प्रयोग गर्नुपर्छ ताकि तिनीहरूको प्रार्थना पनि तपाईँले गर्नुभएको प्रार्थनामा समावेश हुन सकोस्। -द साइनस् अभ द टाइम्स, नभेम्बर १८, १९०२।

प्रायजसो प्रार्थना गर्दा घुँडा टेक्ने बानी बसाल्नुपर्दछ- दुवै व्यक्तिगत र सार्वजनिक प्रार्थनामा परमेश्वरको सामु हाम्रा घुँडाहरू टेक्नु हाम्रो कर्तव्य हो। (कतिपय समयमा चर्चका सेवाकार्यक्रमहरूमा एलेन जी ह्वाइटले पुल्पिट पछाडि उभेर समर्पणको प्रार्थना गरेकि थिइन्-सेलेक्टेड मेसेजेज ३:२६६-२७०)। यस मामिलामा पनि येशू हाम्रो उदाहरण हुनुहुन्छ, यसरी लेखिएको छ "उहाँ घुँडा टेक्नुभयो र प्रार्थना गर्नुभयो।" उहाँका चेलाहरूले पनि प्रार्थनामा त्यही चलन प्रयोग गरेका थिए। स्टिफन आफू मर्नुभन्दा अघि घुँडा टेकेर प्रार्थना गरेका थिए। पावलले खुला रूपमा घोषणा गर्दछन्, "हाम्रा प्रभु येशू ख्रीष्टको पिताको सामु म घुँडाहरू टेक्दछु।" इस्राएलीहरूको पाप परमेश्वरको सामु स्वीकार गर्नुभन्दा पहिले एज्राले घुँडा टेकेका थिए। दानिएलले पनि "दिनको तीन पल्ट घुँडा टेकेर प्रार्थना गरेर उनको परमेश्वरलाई धन्यवाद चढाएका थिए।" भजनका लेखकले पनि यही आह्वान गर्दछन्, "आउनुहोस्, हामी आराधना गरौँ र शिर निहुराऔँ; हाम्रो सृष्टिकर्ता परमेश्वरको सामु घुँडा टेकौँ।"- द रिभ्यु एण्ड हेराल्ड, नभेम्बर ३०, १९०५।

भेटीको निम्ति अनुरोध

जब भेटीको निम्ति अनुरोध गरिन्छ तब त्यसको व्यवहारिक आवश्यकता र दिन आत्मिक नियत समावेश हुनुपर्दछ- नियमित रूपमा परमेश्वरको मन्दिरमा भेलाहुनेहरूलाई म यो अनुरोध गर्दछु: के परमेश्वरको भवनमाको ऋणलाई चुक्ता गर्न भेटीहरू ल्याउनुहुन्न र? बाट्टल क्रिकमा (अर्थात् एडभेन्टिस्ट शिक्षण संस्थामा) जहाँ

हामीसँग मिलेर तिनीहरूका छोराछोरीहरू परमेश्वरको आराधना गर्छन्, तिनीहरूलाई पठाउने बुबाआमाहरूसँग म अनुरोध गर्दछु: परमेश्वरको भवनको निम्ति ऋणमा परेको चर्चलाई सहायता गर्न के तपाईँहरू हामीसँग नमिल्ने? यस समयमा सबै विश्वासीहरू उदार हुन म हार्दिक अनुरोध गर्दछु। खुशीसाथ हृदयदेखि उदार भएर प्रभुको निम्ति भेटी ल्याओस्। हामी को हौँ र हामीमा जे छ ती सबै परमेश्वरमा समर्पण गरौँ।- द रिभ्यु एण्ड हेराल्ड, जनवरी ४, १८८१।

जब भेटीको निम्ति अनुरोध गरिन्छ तब त्यसबेला कति दिने भन्दा पनि कुन नियतले दिने त्यसमा जोड गर्नुपर्दछ- आराधनाको समयमा परमेश्वरको वचन हाम्रो ठाउँमा सुन्नु हाम्रो अवसर हो; तर यो भवन जुन हामीले परमेश्वरको भवन भन्छौँ, यसको धेरै ऋण छ। के परमेश्वरको महिमा गर्ने यस भवनको ऋणलाई चुक्ता गर्न हामी उदारवादी नहुने? गरिबहरूले हृदयदेखि इमान्दारी र हँसिलो भएर आफ्नो हैशियतले दिएको थोरै पैसा पनि धनीले दिएको हजारौँ भन्दा पनि परमेश्वरको निम्ति स्वीकार्य छ भनेर तिनीहरूलाई हौशला दिनुपर्दछ। गरिब विधवीले प्रभुलाई दिएको थोरै रुपैँयालाई प्रभुले स्वीकार गर्नुभएको थियो। उनमा भएको सबै पैसा त्यतिनै थियो। ती बिधुवाले दिएको थोरै रुपैँया धनीले चढाएकोभन्दा पनि धेरै भएको प्रभुले भन्नुभएको थियो। कति पैसा दिएको छ त्यसको आधारमा भेटीको मूल्य उहाँले गन्नुभएन, तर त्यसको नियत, हँसिलो र शु द्धहृदयले गरेको कामलाई येशूले श्यावासी दिनुभएको थियो। - द रिभ्यु एण्ड हेराल्ड, जनवरी ४, १८८१।

धर्मशास्तत्र बाइबलबाट वचन पढ्न

क्रिष्टमसको समयमा येशूको निम्ति विशेष उपहारहरू ल्याउनु पर्दछ- हिजो क्रिष्टमस थियो। के ज्ञानी मानिसहरूले येशूलाई ल्याएका उपहारहरू जस्तै तपाईँहरूले पनि ल्याउनुभएको छ?

वा के शत्रुले यस अवसरमा येशूको आराधना गर्नुको साटो आफैको आराधना गर्न बङ्गाइदियो कि? हाम्रो निम्ति महान् बलि हुनभएको येशूलाई भन्दा धेरै उपहारहरू साथीलाई दिएको मैले देखेको छु। उपहारमा खर्च गर्ने सबै पैसा अर्कै माध्यमा प्रयोग गर्नु जरुरी छ, त्यो माध्यम हो मानिसहरूको मुक्तिको खर्च दिने। - अपवार्ड लुक, ३७४।

जब चर्चको समयमा औपचारिक रूपमा बाइबल पढिन्छ तब त्यो स्पष्ट तरिकाले सुनाउनु आवश्यक छ- बोलीको वकरदानलाई कतिपयले कमै सराहाना गरेको देख्दा मलाई पीडा हुन्छ। जब चर्चमा वा सार्वजनिक स्थलमा बाइबल पढिन्छ, प्रार्थना गरिन्छ, गवाहीहरू सुनाइन्छ अत्यन्तै स्पष्टरूपमा सबैले बुझ्ने र सुन्ने गरेर पढ्नु आवश्यकता भएको के हामीले बुझ्नुपर्दैन र?- काउन्सिल टु पारेन्टस्, टिचर्स, एण्ड स्टुडेन्टस्, २४१। पास्टरहरूले बाइबल यस्तरी प्रभावकारी रूपमा पढ्न सक्दछन् कि सुन्नेहरूले कहिल्यै बिर्सन सक्दैन- जब म केवल ११ वर्षकोमात्रै थिएँ एक जना पास्टरले प्रेरितको पुस्तकमा लेखिएको विवरण अनुसार पत्रुसलाई झ्यालखानमा राखिएको पढेका थिए। जब उनले यस्तो प्रभावकारी रूपमा त्यो विवरण पढेका थिए कि त्यस कथाको वास्तविकता मेरो आँखा अगाडि गइरहेको मैले महसुस गरेको थिएँ। उनले पढेको तरिकाले मेरो दिमागमा त्यस कथा यस्तरी गाढिएको थियो कि मैले कहिल्यै पनि बिर्सेको छैन। - भ्वाइस इन स्पिच एण्ड सङ्ग, ३९२,३९३।

अध्याय ३२
नियमित प्रार्थना सभा वा सङ्गति

चर्चले बारम्बार प्रार्थना गर्नुपर्छ- येशूले प्रार्थना गर्नुभयो! सारा जगतको महाराजा र सृष्टिकर्ताले त प्रार्थना गर्नुभयो! मानिसहरूको निम्ति उहाँ प्रार्थना गर्नुभयो। निष्ठासाथ इमान्दार भएर हृदयदेखि चित्कार गरेको प्रार्थनाले त्यस पाखुरालाई हल्लाइ दिन्छ जसले यस पृथ्वीलाई सम्हाल्नुहुन्छ र चलाउनुहुन्छ। यदि परमेश्वरको ताजा उपस्थितिको अनुभव गर्न चाहनुहुन्छ भने ख्रीष्टका पास्टरले प्रार्थना गर्नैपर्छ। यदि चर्च ज्योतिमा हिड्न चाहन्छ भने चर्चका सदस्यहरू प्रार्थनामा तल्लिन हुनुहुनुपर्दछ किनकि उहाँ ज्योति हुनुहुन्छ। -द साइनस् अभ द टाइम्स, जनवरी १५, १८८०।

शरीररूपि चर्चको मुटुको धड्कन प्रार्थना सङ्गति वा भेला हो- चर्चका सदस्यहरू कतिको आत्मिक र अनन्तको बारेमा हृदयदेखि सकली चासो छ भनेर देखाउने प्रमाण नै प्रार्थना सभा हो। शरीर मुटुको चालले चल्दछ; त्यसरी प्रार्थना सभाले चर्चको सही आत्मिक परिस्थितिको चाल देखाउँछ। अजीवित वा फुर्ती नभएको र आत्मिकरूपमा तल झरिरहने चर्च वा चर्चका सदस्यहरूले प्रार्थना सभाप्रति केही चासो नै देखाउँदैन। - सेलेक्सन फ्रम टेस्टिमोनिज टु द म्यानेजरस् एण्ड वर्कर्स इन आवर इन्टिच्युशनस् (पिएच १४९) ३२।

चर्चका सदस्यहरूले प्रार्थना भेलालाई उच्च प्रार्थमिकता दिनुपर्दछ- कतिपय मानिसहरू मनोरञ्जन, फजुल भेटघाट वा अरू कामहरूमा व्यस्त हुन चाहन्छन्। तिनीहरूले प्रार्थना भेलामा सहभागी हुनुपर्ने त्यतिको महत्त्व ठान्दैनन्। स्वर्गबाट परमेश्वरका सेवकहरूलाई दिनुभएको सन्देश सुन्नबाट तिनीहरूले आफूलाई बंचित बनाइराखेका छन्। ख्रीष्टले तपाईंहरू कहाँ भएको चाहनुहुन्छ त्यहाँ हुनु तपाईंहरूको

निम्ति सुरक्षित छ। जो मानिसहरू ख्रीष्टका वचनहरूको सराहना गर्दछन् र ती प्रति मोह छ तिनीहरू प्रार्थना भेलाबाट अनुपस्थिति हुँदैन। त्यसबेला प्रभुका सेवकले अनन्त जीवनको बारेमा भक्तहरूलाई सन्देश दिन उभेका हुन्छन्। येशूले यो आश्वासन दिनुभयो, "जहाँ दुई वा तीन जना मेरो नाउँमा भेला हुन्छन्, तिनीहरूको माझमा म हुन्छु। ख्रीष्टको उपस्थितिला वेवास्ता गरेर के तपाईंहरू आफ्नै तालमा हिँड्न निर्णय गर्न चाहनुहुन्छ त? जब तपाईंहरू आत्मिक ज्ञानलाई भन्दा भौतिक र सामाजिक ध्यान दिनुहुन्छ तब तिनीहरूले तपाईंहरूको जीवन र चरित्रलाई परमेश्वरबाट अलग भइरहन चाहनुभएको देखाइरहनुहुन्छ। त्यसले तपाईंको ईष्टमित्रहरूलाई पनि प्रभाव पार्दछ। यदि सबै जना एडभेन्टिस्ट हौँ भनेर दावी गर्छन् भने तिनीहरू सत्य र कामले पनि देखाउनुपर्दछ, तिनीहरूमा येशूमा भएको दिमाग वा मिजास हुनुपर्दछ, र परमेश्वरको काम तिनीहरूले गरेर देखाउनेछ। आफ्नै मोजमज्जामा हिँड्ने चाहनालाई तिनीहरूले रोक्दछन्। प्रार्थना भेलामा येशूलाई भेट्नुको सट्टा यस संसारका क्षणिक मोजमज्जाहरू तिनीहरूलाई रमाइलो लाग्दैन भनेर तिनीहरूले देखाउनेछन्। प्रार्थना भेलामा चासो देखाउनेहरूले अरूहरूलाई पनि प्रभावित पार्दछ, र तिनीहरूकै उदाहरणले अरूहरूलाई पनि तान्ने हुन्छ। -द युथ इन्स्ट्रकटर, अप्रिल २३, १९१२।

जो मानिसहरू परमेश्वरसँग आदानप्रदान गर्न चाहन्छन् तिनीहरू प्रार्थना भेलामा देखा पर्नेछन्- प्रार्थनामा मेहनत गर्नु र लगनशील हुनु धेरै आवश्यक छ; यसबाट तपाईंहरू कसैले बंचित नराखोस्। येशू र तपाईंको आफ्नै हृदयलाई सम्पर्क जारी राख्न तपाईंहरूले सबै प्रयास गर्नुपर्छ। जहाँ प्रार्थना सभा हुन्छ त्यहाँ जाने प्रत्येक अवसर नगुमाउनुहोस्। परमेश्वरसँग हृदयदेखि नै आदानप्रदान गर्न चाहनेहरू प्रार्थना सभामा देखा पर्नेछन्। तिनीहरू आफ्नो काममा निष्ठावान हुन्छन् र भित्री हृदयदेखिनै परमेश्वरबाट दिने ज्ञान पाउन चिन्तित हुन्छन् ताकि तिनीहरू आत्मिकरूपमा जतिसक्यो त्यति

फाइदा उठाउन चाहने हुन्छन्। स्वर्गबाट आउने आत्मज्ञान पाउने प्रत्येक अवसरमा भाग लिन तिनीहरू भरमग्दुर प्रयास गर्नेछन्। -स्टेपस् टु क्राइस्ट, ९८।

जब प्रार्थना सभामा भाग लिने प्रत्येकले यसमा सफल बनाउन आफ्नो पनि देन छ भनेर महसुस गर्छन् तब त्यो सभा प्रभावकारी हुन्छ- घर छोडेर बाहिर जानुभन्दा पहिले परमेश्वरकहाँ जानुहोस् र गोप्यरूपमा प्रार्थना गर्नुहोस्। उहाँको आशिषको निम्ति अनुनय बिन्ति गर्नुहोस्। उहाँ जसले तपाईंको भित्री मनलाई देख्नुहुन्छ तपाईंलाई खुलारूपमा आशिष दिनुहुनेछ। ख्रीष्टप्रती नरम भएको हृदय लिएर प्रार्थना सभामा जानुहोस्। त्यस सभाको सफलताको निम्ति तपाईं व्यक्तिगतरूपमा जिम्मेवारी हुनुहुन्छ भन्ने मनमा राखेर जानुहोस्। यदि केवल थोरैमात्र भेला हुन्छ भने तपाईंको जिम्मेवारी झन दोबर हुन्छ। तपाईं परमेश्वरको सेवामा हुनुहुन्छ। तपाईंको कौशल, दक्षता, खुबी, शीप र प्रतिभालाई प्रयोग गरेर उहाँको आराधना कार्यक्रम रोचक बनाउनुपर्दछ। - द साइनस् अभ द टाइम्स, डिसेम्बर ४, १८८४।

प्रार्थना सभा फिका, नियास्रो, जोशरहित र अनाकर्षक वा रोचकबिहिन हुनु आवश्यक छैन- परमेश्वरको आराधक इसाईहरूले सार्वजनिक रूपमा सधैँ महत्त्व दिएको पाइँदैन। यस मामिलामा तिनीहरूको जिम्मेवारीको महसुस गरेको पाइन्दैन। कतिपय समयमा प्रार्थना सभा औपचारिकमात्र भएको, नियास्रो र फिका, रोचक नभएको र जोश जाँगर नभएको पाइएको छ। तर त्यसो हुनु आवश्यक नै छैन। प्रार्थना सभालाई मन पराउने केवल थोरैलेमात्र भाग लिएपनि यसलाई रोचक र फाइदाजनक बनाउन सकिन्छ। येशूले आफ्नो उपस्थिति केवल धेरै मानिसहरूको भेलामामात्र सिमित राख्नुहुन्न। - द साइनस् अभ द टाइम्स, डिसेम्बर ४, १८८४।

यदि प्रार्थना भेलामा मानिसहरूले जीवनको रोटी भेट्टाउँछन् भने त्यसलाई पाउन तिनीहरू जानेछन्- प्रार्थना सभा अत्यन्तै रोचक, रमाइलो र सबैलाई जाउँ जाउँ जस्तो गर्ने हुनुपर्दछ; तर

दुर्भाग्यवस कतिपय समयमा त्यसलाई राम्रोसँग व्यवस्थितरूपमा नचलाएको कारण धेरै मानिसहरू साबथको प्रवचन कार्यक्रममा सरिक हुन्छन् तर प्रार्थना सभालाई वेवास्ता गरेका हुन्छन्। यहाँ पनि सोच्नु आवश्यकता छ। परमेश्वरबाट ज्ञान र बुद्धि पाउन खोज्नुपर्छ साथै प्रार्थना सभा रोचक, रमाइलो र आकर्षित गरेर संचालन गर्न योजना बनाउनुपर्दछ। मानिसहरू जीवनको रोटीको निम्ति भोकाएका छन्। यदि तिनीहरूले प्रार्थना सभामा जीवनको रोटी पाउँछन भने त्यसलाई पाउन त्यहाँ मानिसहरू जानेछन्। - टेस्टिमोनिज फर द चर्च ४:७०।

गवाहीहरू प्रस्तुति

आराधना समयमा गवाही दिने चलन सबै सभाहरूमाभन्दा अत्यन्तै महत्त्वपूर्ण समय मान्नपर्दछ- येशूका भक्तहरूको यी सानो भेलाहरू कस्तो महत्त्वपूर्ण गम्भिर र गहिरो प्रभावकारी हुन्छन्! येशू ख्रीष्ट, आफ्नै रगतले तिनीहरूको मुक्तिको मुल्य तिर्नुभएको थियो, र जब तिनीहरू परमेश्वरको आराधना गर्छन् तब उहाँ तिनीहरूको बीचमै उपस्थित हुनुन्छ। जतिसुकै साधारण र मामुली ठाउँहरूमा तिनीहरू भेला भएतापनि सारा जगतका अधिपति ती विश्वासीहरूको भेलामा चासो देखाइ आफूलाई परिचित गराउनुहुन्छ। जहाँ भएतापनि जब तिनीहरू भेला हुन्छन् तिनीहरू एक आपसमा बोलीचाली गर्नुपर्छ र येशूको नाउँमा बोल्दै उहाँप्रतिको प्रेम र आभारको बारेमा सोच्दै एक आपसमा व्यक्त गर्नुपर्दछ। जब गवाही दिइन्छ र सुनिन्छ त्यसबेला परमेश्वरको महिमा हुन्छ र उहाँको इज्जत हुन्छ। त्यसकारण गवाहीको समय सबै आराधना भेलाहरूमा अत्यन्तै बहुमूल्य समय भनेर सबै येशूभक्तहरूले महसुस गर्नुपर्दछ। - आवर हाइ कलिङ्ग, १६८।

जब प्रत्येकले प्रभुको निम्ति केही न केही बोल्छ तब आराधनाको

समय बढो रमाइलो, रोचक र प्रेरणादायी हुन्छ- साबथ पालन गर्ने आराधकहरूले गर्ने आराधनाको सेवकार्यहरू बढो रोचक, प्रेरणादायी र रमाइलोसाथ संचालन गर्नुपर्छ भनेर प्रभुले मलाई देखाउनुभएको थियो। यस मामिलामा चर्चले अझ बढि चासो देखाइ उर्जा प्रयोग गर्नुपर्ने ठूलो आवश्यकताको महसुस गर्नुपर्दछ। सबै उपासकहरूले प्रभुको बारेमा केही न केही भन्न सक्नुपर्छ, यसले गर्दा तिनीहरूले आशिषको अनुभव गर्न सक्दछन्। भेला हुन नबिर्सिने र एक आपसमा प्रेरणादायी बार्तालाव गर्नेहरूको नाउँ सम्झनाको पुस्तकमा लेखिएको हुन्छ। परमेश्वरका केही सन्तान थुमाको रगत र तिनीहरूको गवाहीले सैतानको शक्तिसँग मुकाबिला गरेर विजय प्राप्त गर्नुपर्दछ। आफूले परमेश्वरको महिमाको निम्ति केही प्रयास नगरि केवल थुमाको रगतले विजयी जीवन बिताउन अपेक्षा गरेको हुन्छ। मानिसलाई बोल्ने शक्तिको विशेष बरदान दिनुभएको दयालु परमेश्वरले दिनुभएको मैले देखेको थिएँ। उहाँले हामीलाई जिब्रो दिनुभएको छ र त्यसलाई हामीले कसरी प्रयोग गर्ने त्यसको लेखाजोखा हामीले दिनुपर्दछ। हाम्र ओठहरूले परमेश्वरको महिमा गर्नुपर्दछ, उहाँको सत्यको सम्मान गर्दै उहाँको असिमित दयाको बारेमा बोल्नुपर्दछ र थुमाको रगतले हामीलाई कस्तो विजयी जीवन दिनुभएको छ भन्ने गवाही दिएर र सुनेर हाम्रो आत्मिक जीवनलाई विजयको मार्गतिर लगाइरहनु पर्दछ। -अर्ली राइटिङ्गस्, ११४।

गवाहीहरू छोटो, मिठो र सुन्नेहरूलाई उत्साह दिने खालको हुनुपर्दछ- एक आपसमा विशेष सहयोग गर्न र उत्साह दिन सङ्गति र प्रार्थनाको समयलाई प्रयोग गर्नुपर्दछ। यसमा सहभागी हुने सबैले शुभअवसरको रूपमा लिनुपर्दछ। येशूको नाउँ हृदयमा सजाइराख्ने सबैले उहाँको बारेमा केही न केही भन्ने बानी बसाल्नुपर्दछ। त्यसबेला बोल्ने गवाही छोटो र मिठो हुनुपर्दछ ताकि सुन्ने सबैले आशिष पाएको अनुभव गर्न सकुन्। तर बीस र तीस मिनेट सम्म लामो गवाहीले भक्तिभावलाई नै मार्दछ। यसले आराधनाको समयलाई नै निराशजनक बनाउदछ।

जसले गर्दा आराधना समयको आत्मियतालाई नै जोखिममा पार्दछ। - गस्पल वर्कर्स, १७१।

औपचारिक र मनलाई नै चिसो पार्ने खालको प्रार्थना र लामो गवाहीहरूले प्रार्थना भेलामाथि छायाँले ढाकिदिन्छ- मलाई भन्नुपर्दा असजिलो लाग्छ, कतिपय मानिसहरूले आफ्ना समस्याहरू व्यक्तिगत प्रार्थनाद्वारा परमेश्वरकहाँ नलगि प्रार्थना सभाको निम्ति थुपारिराखेको हुन्छ। यसले गर्दा धेरै दिनसम्म प्रार्थना गर्ने समय नै खाइ दिन्छ। यस्तो खालको स्वभावले प्रार्थना सभाको उद्धेश्य नै मारिदिन्छ। यसबाट कुनै आत्मज्ञानको ज्योति निस्किन्दैन; कसैको पनि महिमा हुँदैन। कठाङ्ग्रिएको चिसो र लामो गवाहीहरूले आराधना समयलाई नै खल्लो पार्दछ। गवाहीहरू भनेपछि त्यसको अन्त्य भएको सबै खुशी हुन्छन्। त्यस्तो लामो प्रार्थना र लामो गवाहीले ल्याउने निराशा मानिसहरूको दिमागबाट हटाउन निकै गारो पर्दछ। प्रार्थना सभामा लामो लामो प्रार्थना र अर्ती दिने खालको हुनुहुँदैन। मलाई दिएको ज्ञान अनुसार हाम्रा प्रार्थनाका भेलाहरू आत्मिक, प्रेरणादायी र छोटो हुनुपर्दछ। मानिसलाई खुशी पार्ने, अहम् देखाउने, स्वाङ्ग पार्ने र अरूहरूलाई झटारो हान्ने खालको मिजासलाई घरमै छोड्नुपर्छ। यी भेलाहरूमा एक आपसमा भएको मनमुटाव, कचकच, पूर्वाग्रहहरूलाई घुस्न दिनुहुन्न। एकत्रित परिवार भएको हैशियतले दाजुभाइ र दिदीबहिनीहरूको हृदयहरूमा सरलता, कोमलता, नम्रता, विश्वसनीयता र प्रेम सजाइ राख्नुपर्दछ। जब तिनीहरू भेला हुन्छन् तब त्यहाँ, स्फुर्ती दिने, प्रेरणा दिने र आत्मिकरूपमा जोशिलो बनाउने वातावरण हुनुपर्छ। एक आपसमा भएको आत्मज्ञानको ज्योति एक आपसमा बाल्न सक्नुपर्छ। -टेस्टिमोनिज फर द चर्च २:५७८।

प्रार्थना भेलामा नियास्रो खालको, आलोचनात्मक र गनगनाउने मिजास ल्याउनुहुन्न- कतिपय प्रार्थना सभामा गर्ने प्रार्थना र गवाहीहरू परमेश्वरको आत्माको निम्ति भोकभोकै भएको देखिन्छ। ती भेलाहरू सुख्खा स्पन्ज जस्तै हुन्छ। त्यहाँ भेला हुने मानिसहरूको हृदयहरूमा

येशू सजिएको हुँदैन। यसले गर्दा प्रार्थना भेला चिसो र मुर्दा जस्तो हुन्छ, त्यसको फलस्वरूप बालबालिकाहरू प्रार्थना सभादेखि दिक्क लाग्छ र त्यो कहिल्यै नहोस् भन्ने सोचमा तिनीहरू पुग्छन्। प्रार्थनाको समयमा न्यास्रोपना र अरूहरूप्रति गुनासो पोखाउने मिजासले आउनुहुन्न। तपाईँको जीवन कस्तो दु:खलाग्दो छ भनेर सुनाउने नियत प्रार्थना सभामा ल्याउनुहुन्न। मानिसहरूको आ-आफ्नो जीवनमा बेसुर कुराहरू प्रसस्तै छ। प्रार्थना सभामा हामी साना बालबालिकाहरू जस्तै भएर आउनुपर्छ, हामी आफ्नै तालमा कमजोर छौँ भन्ने विवेकसहीत आउनुपर्दछ र परमेश्वरले खटाउनुभएका ईश्वरीय शिक्षकहरूबाट सिक्ने मनस्थितिमा आउनुपर्दछ। अनि हाम्रा हृदयहरू येशूप्रतिको प्रेमले भरिन्छ र उहाँको अतुलनीय गुणहरूको बारेमा सुनाउन हामी उत्सुक हुनेछौँ। यस वातावरणमा हामीले आ-आफ्नै स्वार्थको कुराहरू सुनाउन रोक्नेछौँ। हाम्रा दु:खकष्ट र परिक्षाहरू कस्तो सानो हुन्छ कि त्यसको बारेमा उल्लेख गर्न पनि हामी याद गर्दैनौँ। परमेश्वरले हामीलाई धेरै आशिषहरू दिनुभएको छ। परमेश्वरप्रति आभारि हुने बानी बसालौ र उहाँको गुण र भलाइको बारेमा चर्चा गर्न उत्सुक होऔँ।
- द साइनस् अभ द टाइम्स, डिसेम्बर ४, १८८४।

अध्याय ३३
प्रवचन

यदि पास्टरले आफ्नो जीवन परमेश्वरमा अर्पण गरे भने, उनले बोलेको प्रत्येक प्रवचनमा उनीद्वारा पवित्र आत्मा बोल्नुहुनेछ र त्यो प्रवचन प्रभावकारी पनि हुनेछ- पवित्र आत्माले नै परमेश्वरको वचन सिकाउन सिपालु बनाउनुहुन्छ। जब ख्रीष्टले पास्टरद्वारा वचन सुनाउनुहुन्छ, तब श्रोताहरूमा त्यो वचन सुनाउन पवित्र आत्माले नै तिनीहरूको हृदय तयार गर्नुहुन्छ। पवित्र आत्मा हाम्रो सेवक होइन तर उहाँ शक्तिलाई नियन्त्रण गर्नुहुन्छ। जब पास्टरले आफूलाई परमेश्वरको क्रियाकलाप अनुसार चल्न आफूलाई समर्पण गर्दछन्, तब उनले बोलेका प्रत्येक प्रवचनमा मानिसहरूका दिमागहरूमा उहाँले नै सत्यले चम्काएर क्रियाशील बनाउनुहुन्छ। पवित्र आत्माले नै मानिसको हृदयमा पवित्र वातावरण सृजना गर्नुहुन्छ र संसारको पाप उठाइ लैजानेलाई उहाँले नै औँल्याइ दिनुहुन्छ। - गस्पल वर्कर्स, १५५।

आफूलाई नै नपचेको सत्य अरूको सामुन्ने प्रस्तुत गर्नुहुन्- कतिपय पास्टरहरूले औपचारिक रूपमा एडेभेन्टिस्ट सिद्धान्तहरूलाई प्रस्तुत गर्छन्, तर आफ्नै हृदयहरूमा पवित्र आत्माको शक्तिको अनुभव गरेका हुँदैनन् किनभने तिनीहरूले प्रस्तुत गरेका वचनहरू आफूहरूलाई नै स्पष्ट भएको हुँदैन। कतिपयमा परमेश्वरप्रतिको प्रेम हृदयमा सजिएको हुँदैन। तिनीहरूका हृदयहरूलाई नरम, कोमल र तिनीहरू हुनुपर्ने ढाँचाको निर्माण गर्ने त्यही प्रेम हो। तिनीहरूको जीवनलाई आदर्श र उच्चस्तरमा राख्न पहिला तिनीहरूको हृदयमा परमेश्वरको प्रेमले भरिनुपर्छ। - टेस्टिमोनिज फर द चर्च ४:५२६।

बारम्बार त्यही प्रवचनहरू दोहोर्याएर दिने आदतले हामीलाई संतुष्ट

पार्नुहुन्- भाइहरू हो, यदि प्रार्थनाद्वारा परमेश्वरसँग कुस्ती खेल्न हामीले पहिला अर्पण गरेनौँ भने प्रवचन सुनाउन हामी कहिल्यै पनि चर्चमा उभिनु हुँदैन। दश, प्रन्ध्र वा बिसौँ वर्षसम्म दिएका वचनहरू बारम्बार सुनाएर हामी कहिल्यै पनि संतुष्ट हुनुहुन्दैन। परमेश्वरको वचनको ढुकुटीबाट ताजा र नयाँ सामग्रीहरू खिँच्न जान्नुपर्दछ। जब हामी पवित्र स्थानमा उभिन्छौँ तब हाम्रो साथमा परमेश्वरका स्वर्गदूतहरू उभिएको चाहना गर्नुपर्दछ। जब सत्यलाई महिमित रूपमा उघाछौँ परमेश्वरले नै श्रोताहरूको दिमागमा प्रभाव पारोस् भन्ने प्रार्थना गर्नुपर्छ। प्रस्तुत गरेको सत्य परमेश्वरको बगालको निम्ति चाहिने बेलामा खँदिलो खाना होस् र प्रस्तुत गरिएको वचन पवित्र आत्माबाट नै प्रस्तुत गरिएको सुन्नेहरूले आभास् पाउनुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, जुन ४, १८८९।

औपचारिक मात्र पूरा गर्ने र कम प्रयत्नशील हुने प्रचारकहरू जब चर्चमा बोल्न उभिन्छन् तब स्वर्ग तिनीहरूदेखि लज्जित हुन्छन्- कमजोर रूपमा वा दिलो ज्यान नदिएर खट्ने कतिपय कार्यकर्ताहरूदेखि स्वर्ग लज्जित भएको हुन्छ, तर विशेष गरेर ती पास्टरहरू जो दिलोज्यान दिएर सबभन्दा उत्तम काम गर्न खट्दैनन्। कतिपय पास्टरहरू पत्र पत्रिका, मन बहलाउने किताबहरू पढ्छन (वा वर्तमान परिवेशमा टीभी हेर्छन् वा मोबाइलमा समय बिताउँछन्), तर गहिरो बाइबल अध्ययन गर्न वेवास्ता गर्छन्। तिनीहरू एकान्त रहेर परमेश्वरसँग कुस्ती खेल्दैनन्। तिनीहरूलाई चाहिने सहायता केवल उहाँलेमात्र दिन सक्नुहुन्छ। तिनीहरू जोश र जाँगर, र ख्रीष्टबिना नै चर्चमा अगाडि उभिन्छन्। कतिपय पास्टरहरू पुरानो र धेरै पल्ट प्रयोग गरेका प्रवचनहरू यताउतीबाट तानेर वा मिलाएर चर्चमा प्रस्तुत गर्छन्, तर मानिसहरूलाई मौसम अनुसार ताजा आत्मिक भोजन दिन असफल हुन्छन्। यसरी तिनीहरू सुख्खा, नियास्रो र विवादस्पद विषयहरू प्रवचनको रूपमा प्रस्तुत गर्छन्, तर परमेश्वरको वगाल भोकभोकै हुन्छ। - रिभ्यु एण्ड हेराल्ड, मे २०, १८९०।

बाइबलमा आधारितमात्र प्रवचन दिनुपर्दछ

धेरै पास्टरहरूले पावलको पत्रबाट केही पदहरू लिन्छन् र अखबारबाट प्रवचन दिन्छन्- मानिसहरूलाई मनमुग्ध पार्ने वा दिमागलाई रमाइलो पार्ने खालको प्रवचनले अनिकाको मारमा परेको प्रभुको बालकको भोक मर्दैन। "चतुर वा मनोवेगलाई उत्तेजित गराउने प्रवचनहरूले" धेरै मानिसहरूका अन्तर्आत्माको तिर्खालाई मेटाउँदैन। एक जना बुद्धिजीवि श्रोताले यसरी व्यक्त गरेका थिए, "मेरो पास्टरले अलङ्कारिक शब्दहरू प्रयोग गर्ने, वा एकदम तेजिलो देखाउने र बौद्धिक दिमागको चलखेललाई संन्तुष्ट पार्ने खालका प्रवचनबाहेक मेरो अन्तर्आत्माको तिर्खा मेटाउने खालको प्रवचन दिए कस्तो हुन्थ्यो। मेरो आत्मा जीवनको रोटीको निम्ति अनिकाल भएको महसुस गरिरहेको छ। बाइबलामा आधारित सरल तर पोषिलो सन्देश म सुन्न चाहिरहेको छु।" अङ्ग्रेजी शब्दकोष "वेब्सटर डिस्नेरी" को लेखक दानिएल वेबस्टरले यी प्रभावकारी शब्दहरू व्यक्त गरेका थिए, "यदि आजभोलिका हाम्रा पास्टरहरूले सुसमाचारको सरल सत्यतिर फर्केको भए र भिँडलाई भन्दा व्यक्तिगत मानिसहरूलाई प्रचार गरेको भए सत्य धर्म पतित हँदैछ भनेर कसैले गुनासो गर्ने थिएन। आजभोलिका धेरै पास्टरहरूले पावलका एक दुई पदहरू लिन्छन् र अखबारहरूबाट प्रचार गर्छन्। जब तिनीहरू त्यो विधिले प्रचार गर्छन् तब तिनीहरूलाई सुन्नुभन्दा चुपचाप आफ्नै दिमागमा सोचमग्न हुन्छु। सुसाचारको जोशले मेरो पास्टर मकहाँ आएर यो सुनाएको म चाहन्छु, "तपाईँ मरणशील मानिस हो। तपाईँको परिक्षण काल छोटो छ। तपाईँको काम छिटै गर्नुपर्दछ। तपाईँ परमेश्वरको न्याय छिटै आओस् भनि काम गरिरहनुभएको छ। न्यायमूर्ती प्रभु ढोकैमा हुनुहुन्छ।" द रिभ्यु एण्ड हेराल्ड, जुन २३, १८९१।

यदि सबै ज्ञानहरूको श्रेष्ठता वा विशिष्टता बाइबल हो भनेर स्वीकार गरेन भने गोठालाहरू जतिसुकै महाविद्धान तथा धर्मविज्ञान

वा थियोलोजीमा धेरै डिग्रीहरू हासिल गरेपनि तिनीहरूले तिनीहरूको बगालको भोकलाई भोकै राख्न सक्छन्- आजभोली धेरैले परमेश्वरको सिधै रुपमा वेवास्ता गरिरहेकाछन्। ती वेवास्ता बाइबलको ज्ञान छ भनेर कतिपय दावी गर्नेहरूले नै गरिरेहेका छन्। कतिपय कलेज र विश्वविद्यालयबाट डिग्रो हासिल गरेर बाइबलको बिद्वानहरू भनेर कहिलाउँछन्, तर ती गोठालाहरूले परमेश्वरको बगाललाई ख्वाउन जाँदैनन्। बाइबलको विशिष्टता र श्रेष्ठतामा लुकिएको ढुकुटीमा भएका बहुमूल्य हारहरू निरन्तररूपमा खनेर भेट्टाउपर्छ भनेर ती विद्वानहरूले सिकाउनुपर्दछ। -सेलेक्टेड मेसेजेज् १:१५।

मानिसहरूका अनुमानहरूको खास कुनै मूल्यमान्यता छैन। मानिसहरूलाई परमेश्वरको वचनलाई नै बोल्न दिनुपर्छ- जतिसुकै मै हुँ भन्ने पास्टरहरू नै किन नहुन् जब मरणशील मानिसहरूलाई गम्भीर सन्देशहरू प्रचार गर्छन् तर सत्यलाई मिचेर प्रचार गरे तिनीहरू आफ्नो काममा विश्वासघात गरिएको ठहरिन्छ, र तिनीहरू भँडा र पाठाहरूका झुटा गोठालाहरू भएको प्रमाण दिइरहेका हुन्छन्। मानिसका अनेकौँ अडकल वा अनुमानित शिक्षाहरूको केही मूल्य छैन। परमेश्वरको वचनले नै मानिसहरूलाई बोलोस्। परम्परा र मानिसहरूका शिक्षादीक्षा, उखान र नीतिहरूमात्र सुन्नेहरूले परमेश्वरको आवाज सुनोस्। उहाँका वचन वा प्रतिज्ञाहरू ख्रीष्टमा कि त हो, कि त होइन। यदि गोठालाको चरित्र, मिजास, रहनसहन र जीवनशैली मानिसहरूको निम्ति जीवित सुसमाचारको पत्र हो भनेर सत्यलाई अङ्गाल्ने मानिसहरूले देख्न सके उनको कामलाई प्रभुले अनुमोदन गर्नुहुनेछ र त्यसमाथि उहाँको लालमोहर लगाउनुहुनेछ। यस किसिमको आत्मिक वातावरण भएको पास्टरले गर्दा मानिसहरूको बीचमा सत्य मित्रता गाँसिनेछ, र गोठालो र बगाल एक हुनेछ र येशू ख्रीष्टमा भएको साझा आशामा सबै जना कसिन जानेछ। -द रिभ्यु एण्ड हेराल्ड, मार्च ११, १९०२।

जो प्रचारकहरू प्रार्थनापूर्वक बाइबल पढ्छन् तिनीहरूले जहिले पनि बाइबलका हरफहरूमा नयाँ सौन्दर्यता देख्न पाउनेछन्- सत्यलाई सफलतापूर्वक प्रस्तुत गर्न चाहन्छ भने पास्टरहरूले ठूलो लगनशील भएर बाइबल अध्ययन गर्नुपर्छ। परमेश्वरको वचन पूरै अध्ययन गर्ने बानी बसाल्नुपर्दछ। बाइबलको तुलनामा अरू सबै पढ्ने सामग्रीहरू कम स्तरका हुन्छन्। तर होशियारसाथ बाइबल अध्ययन गर्यो भन्दैमा अरू धार्मिक सामग्रीहरू पढ्नुहुन्न भन्ने छैन। तर प्रार्थनापूर्वक बाइबल अध्ययन गर्न सक्यो भने बाइबलको गरिमाबाट फर्काउन खोज्ने सबै अध्ययन सामग्रीहरूबाट अलग हुनुपर्दछ। यदि बुझ्नको निम्ति प्रार्थना गर्दै बढो चासो लिएर परमेश्वरको वचन हामीले अध्ययन गर्यौं भने प्रत्येक हरफमा नयाँ सुन्दर सन्देश भेट्न सक्नेछौं। हाम्रो दिमागमा बहुमूल्य सत्यलाई परमेश्वरले स्पष्टरूपमा प्रकट गर्नुहुनेछ र भित्री हृदयदेखि बाइबल पढ्न मज्जा लाग्नेछ। चासो दिएर बाइबल अध्ययन गर्नेहरूलाई विशेष सत्यहरू उघार्दै जान्छ र उत्साहित बनाउँछ। - टेस्टिमोनिज फर द चर्च २:३३७।

अरूहरूको आत्मज्ञानको प्रगतिको निम्ति बाइबलमा नयाँ र पुराना सत्यहरू खोज्नु आवश्यक छ- ख्रीष्टको सुसमाचारको पास्टरले आफूले लेखा दिनुपर्ने मानिसहरूको आत्मिक स्थितिहरूको बारेमा सजग हुनुपर्दछ। उनी प्रायजसो घुँडा टेकेर प्रार्थनामा तल्लिन हुनुपर्दछ। आफ्नो चर्चमा रहेका विश्वासीहरू जसको बत्ती निभ्नै लागेको छ त्यसलाई बालि राख्न परमेश्वरसँग बल र ज्ञानबुद्धि माग्नुपर्दछ। जब पास्टर परमेश्वरको चाहना अनुसार जिउँदछ उनले आफूलाई ईश्वरीय शक्तिमा पारिरहेको हुन्छ। उनको अगुवाइको निम्ति परमेश्वरको वचन हुनुपर्दछ। त्यस वचनमा धेरै प्रतिज्ञा, निर्देशन, चेतावनी छन् र अनुशासनमा चल्न अर्तीहरू छन्, जुन आफूलाई चाहेको बेलामा उनले प्रयोग गर्न सक्दछन्। नम्र हृदय र वचन पालन गर्न चाहने दिमाग लिएर बाइबलको ढुकुटीमा भएका नयाँ र पुरान सत्यहरूलाई खोजिखोजि निकाल्न सक्नुपर्दछ। त्यसले आफूलाई मात्र होइन अरूहरूलाई पनि फाइदा दिन सक्छ।

व्यक्तिगल हिसाबले नै सत्यलाई खोज्न अरूको दिमागलाई उनले प्रोत्साहन दिइरहुनपर्दछ। येशूमा भएको सत्य नभएकोले धेरै मानिसहरू आत्मिक रूपमा खतम हुन वा मर्न नै लागिरहेको हुन्छ। - द रिभ्यु एण्ड हेराल्ड, जनवरी २१, १९०२।

अहिलेसम्ममा बाइबलका सत्यहरू कमजोररूपमा बुझिएका छन्- मानिसहरूलाई र हाम्रा चर्चहरूमा प्रवचन दिने पास्टरहरूको येशूको जस्तो तारिफ सुन्न पाएको भए कस्तो हुने थियो, "अनि उहाँले तिनीहरूको समझ शक्ति खोल्नुभयो, ताकि तिनीहरूले धर्मशास्त्र बुझुन्!" परमेश्वरसँग थुर थुर काम्दै म यो भन्न चाहन्छु कि अहिलेसम्म मुक्तिको महान् योजना बारेमा सम्बधित बाइबलीय सत्यहरूलाई कमजोर रूपमै मानिसहरूले बुझेका छन्। सत्य निरन्तररूपमा उघार्दै गएको हुन्छ, बढ्दै गइरहेको हुन्छ र यसको प्रगति भइरहेको हुन्छ, किनभने बाइबलको सत्य यसको लेखक परमेश्वर जस्तै ईश्वरीय छ। - सेलेक्टेड मेसेजेज् ३:१८८।

भविष्यवाणीको बारेमा प्रचार गर्नु पर्छ र त्यसको केन्द्रविन्दु येशू ख्रीष्ट हुनुपर्दछ- सेभेन्थ-डे एडभेन्टिस्ट आस्थाको जग नै भविष्यवाणीको निश्चित सन्देश हो। पास्टरहरूले विश्वासीहरूको समक्ष यो सत्यलाई प्रस्तुत गर्नुपर्दछ। दानिएल र प्रकाशको पुस्तकमा लेखिएका भविष्यवाणीहरू होशियारसाथ अध्ययन गर्नुपर्दछ, तर, "हेर परमेश्वरको थुमा, जसले संसारको पापलाई उठाइ लानुहुन्छ" (यूहन्ना १:२९) सँग जोडेर अध्ययन गर्नुपर्दछ। - इभान्जलिजम, १९६।

व्यक्तिगतरूपमा आफै अध्ययनमा लाग्नुपर्दछ- कतिपय हाम्रा पास्टरहरूले प्रस्तुत गर्ने विषयबस्तुहरू आधा जस्तो स्पष्ट छैन र जुन उद्धेश्यले विषयलाई प्रस्तुत गर्नुपर्ने हो त्यो नभएको देखिएको छ। तिनीहरू बाइबलका गुरुहरू भनेर दावी त गर्छन्, त र दुःख लाग्दो त यही छ कि तिनीहरू आफैले बाइबलमा खोजिखोजि पढ्दैन। अरूहरूले परिश्रम गरेर सत्यहरूलाई खोजिखोजि तयार गरेका किताब

र पर्चाहरूबाट उतारेर प्रवचन दिन तिनीहरू संतुष्ट हुन्छन्, तर तिनीहरू आफैले ती सत्यहरूलाई कर गर्न लगाएर अध्ययन गर्न चाहँदैनन्। आफ्नो पास्टरीय सेवाकार्यमा निपुण हुन तिनीहरू आफैले धर्मशास्त्रमा लगनशील भएर विभिन्न विषयबस्तुहरू खोजिखोजि अध्ययन गर्नु जरुरी छ। अरूहरूको ज्ञान, सोचबिचारमा मात्र तिनीहरू संतुष्ट हुनुहुँदैन। बाइबलको ढुकुटीमा लुकिएका सत्यहरूलाई खोतलेर आफैले निकाल्न सक्नुपर्छ। अरूहरूको दिमागबाट निकालेका धारणाहरू जम्मा गर्नु अत्यन्तै उपयुक्त भएतापनि अरूलाई सिकाउँदा सुगाले दोऱ्याएको जस्तै ती ज्ञानहरूलाई मानिसहरूको सामु प्रस्तुत गर्नुहुन्न। भाइहरू हो, ती धारणाहरूलाई आफ्नै बनाउनुहोस्, तपाईँहरूको दिमागमा सत्यको बारेमा गरिएको वादविवादलाई आफ्नै ढाँचामा ढाल्नुहोस्। आफ्नै अध्ययन र खोजअनसुन्धानले सत्यहरूलाई तपाईँहरूका दिमागहरूका खम्बाहरू बनाउनुहोस्। अरू मानिसहरूका मगजहरूको उत्पादन र कलमलाई सापटी नलुनुहोस्, मानौँ तपाईँहरूले पाठ घोकिरहनुभएको छ। तर परमेश्वरले तपाईँहरूलाई दिनुभएको प्रतिभा, दक्षता र दिमागको शक्तिलाई सकेसम्म आफैले धेरै प्रयोग गर्न प्रयास गर्नुहोस्।- द रिभ्यु एण्ड हेराल्ड, अप्रिल १८८६।

येशू ख्रीष्टमा केन्द्रित सुसमाचार

येशूको बारेमा अध्ययन गर्नुपर्छ र सिक्नुपर्छ- सुसमाचार सुनाउने पास्टर कहिल्यै पनि अत्यन्तै मनमुग्ध पार्ने चलाख र लोकप्रिय वक्ताको हुन परिश्रम गर्नुपर्छ भन्ने कर छैन। तर पास्टरलाई पावलको आदेश यो छ, "शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर। भक्तिहीन बकबक त्याग, किनकि यसले मानिसहरूलाई झन् बढ़ी भक्तिहीनतातिर लानेछ।" २ तिमोथी २:१५-१६। प्रत्येक येशूभक्त जो सुसमाचार सुनाउने बोझ छ उसले पावलले भनेका ती वचनहरू दिमागमा अड्डा

जमाइ राखोस् भन्ने म बिन्ति गर्दछु। हामी सबै जना परमेश्वरसँग परिश्रम गरिरहेकाछौँ। यदि कोही पास्टर वा सुसमाचार सुनाउने अगुवाहरू जसले परमेश्वरको वचनलाई ग्रहण गर्छ, तर दिनदिनै येशूको जुआ बोकेर उहाँका बोझहरू उचाल्न अस्वीकार गर्छन् भने, तिनीहरू अर्कै पेशामा लागे तिनीहरूको निम्ति उत्तम हुनेछ। - दिस डे विथ गड ११९।

येशू ख्रीष्टको चरित्र, स्वभाव र मिजासहरू अध्ययन गर्नुपर्छ- मुहानबाट जीवित पानी तानीरहन सक्छ र त्यसको आपूर्ति कहिल्यै पनि सुक्दैन। यदि प्रभु येशूलाई जहिले पनि आफ्नो अगाडि राख्यो भने, र येशूको पूजनिय र अनुसरणीय चरित्र अध्ययन गर्न आफ्नो समय बिताउन सक्यो भने सुसमाचारका पास्टरहरू शक्तिशाली मानिसहरू हुन सक्छन्। यदि तिनीहरूले यो गरेमा आत्मिक भ्रष्ट हुने सम्भावना हुँदैन, तिनीहरू कहिल्यै पनि मिसनसँग छुटिएर काम गर्ने दिमाग हुँदैन। तर दुर्भाग्यवस, कतिपय पास्टर र चर्चका अगुवा तथा शिक्षित वर्गहरू आफ्नै मान खोज्ने प्रवृत्ति र भोगबिलासमा फसिरहेकाछन् जसले गर्दा परमेश्वरको काममा बेइज्जत गरिरहेकाछन् र येशूलाई खुलारूपमा लज्जित पारिरहेका छन्। सुसाचार सुनाउने भनेर प्रतिवद्धता गर्दै अभिषेक भएको प्रत्येक पास्टरमाथि ठूलो व्यक्तिगत जिम्मेवारीहरू छन्: आफ्नो शिक्षादीक्षा र शक्तिले भ्याएसम्म विश्वासीहरूलाई ख्रीष्ट येशू आफ्नो व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ भन्ने विषयमा शिक्षित बनाउने अठोट गर्ने, तिनीहरूको जीवनमा नै उहाँको अस्तित्वलाई देखाइ दिएर तिनीहरूको जीवनको उदाहरण वा नमुना केवल उहाँमात्रै हुनुहुन्छ सिकाउने, येशूबाट सिक्न सिकाउने, उहाँलाई मात्र विश्वास गर्न शिक्षित बनाउने र उहाँको इज्जत थामेर उहाँको तारिफ गरेर उहाँलाई उचाल्ने। पास्टर आफै पनि येशूको चरित्र र मिजासको बारेमा अध्ययन गर्नुपर्दछ। उनले सत्यको बारेमा ध्यान गर्न सिक्नुपर्छ र विशेष गरेर यस समयमा उहाँको मध्यस्थकर्ताको काम सहित उहाँको रहस्यमय मुक्तिको बारेमा गहिरो चिन्तन गर्नु

पर्छ। -सेलेक्टेड मेसेजेज्, ३:८७।

प्रत्येक प्रवचनको बोझ नै ख्रीष्टद्वारा मुक्ति पाउँछ भन्ने विषयबस्तु हुनुपर्दछ- मुक्तिको योजनाको विज्ञान सिकाउनु नै प्रत्येक प्रवचनको बोझ हुनुपर्दछ। चर्चमा सरिकहुनेहरूलाई यस विज्ञानलाई आफ्नो दिलको धड्कन बनाइ राख्न बराबर विन्ति गर्नुपर्दछ। परमेश्वरको वचन सुनाउने क्रममा परमेश्वरको वचन, त्यसको शक्ति र ख्रीष्टको विकल्पमा अरू कुनै विषयबस्तु ल्याउनुहुन्न। स्वर्गको मुनि उहाँको नाउँलेमात्र मुक्ति पाइन्छ भन्ने सुनाउनु आदत प्रवचनमा बसाल्नुपर्दछ। प्रत्येक प्रवचनमा उहाँलाई उचाल्नुपर्दछ। साबथ स्कूलमा येशूलाई उचाल्ने विगुल बजाउनु पर्दछ। सुसमाचारको विज्ञान र वचन कला नै येशू ख्रीष्ट हुनुहुन्छ र उहाँका पास्टरहरूले जीवनको वचनलाई सबैको सामु माथि उचाल्नु पर्दछ। कष्टकर जीवन बिताइरहेकाहरूलाई उहाँ नै आशा हुनुहुन्छ भनेर औँल्याइराख्नुपर्दछ, अलमल र उदासमा परेकाहरूलाई उहाँ नै शान्ति हुनुहुन्छ र विश्वास गर्नेहरूलाई उहाँको अनुग्रह र बल नै पर्याप्त छ भनेर उत्साहित बनाइ राख्नुपर्दछ। - द भ्वाइस इन स्पिच एण्ड सङ्ग, ३३७।

सकल र इमान्दारी प्रचारकले पापीहरूको आशा केवल येशूमात्र हुनुहुन्छ भनेर उहाँलाई उचाली राख्दछ- यदि कोही व्यक्ति परमेश्वरले आफूलाई पास्टर बन्न चुन्नुभएको छ भनेर महसुस गर्यो भने उनले आफूलाई नम्र बनाउँदै येशूबाट सिक्ने बानी बसाल्नुपर्दछ। यसो गरेमा उनी ख्रीष्टको निम्ति सत्य र सकल प्रचारक हुनेछ। यदि उनको ओठहरूमा बेदीबाट जीवित अङ्गारले छोएको छ भने पापीको आशा केवल येशूमात्रै हुनुहुन्छ भनेर उनले उहाँलाई बताउन सक्दछ। जब वक्ताको हृदय सत्यले पवित्र गरेको छ भने उनको वचन जीवित वास्तविकता आफ्नो र अरूहरूको निम्ति हुनेछ। जो मानिसहरूले उनको वचन सुन्छ तब सुन्नेहरूले उनी त परमेश्वरको साथमा रहेको भनेर आभास् दिन्छ। उनी निरन्तर प्रार्थनको व्यक्ति भनेर चिनिनेछ। पवित्र आत्मा उनमाथि परेको छ, उनको आत्मा जोशिलो छ, उनी

स्वर्गको आगोले जलिरहेको व्यक्ति र आत्मिक कुराहरू आत्मिक कुरासँग तुलना गर्न समर्थ भएको व्यक्ति भनेर चिनिनेछ। सैतानको बलियो किल्लालाई भत्काउने शक्ति उनलाई दिइनेछ। परमेश्वरको प्रेमको बारेमा प्रस्तुत गर्दा मानिसहरूका हृदयहरू छियाछिया हुनेछ र धेरैले यो सोध्नेछ, "मैले मुक्ति पाउन के गर्नुपर्छ?" -द रिभ्यु एण्ड हेराल्ड, अप्रिल १५, १९०२।

कुराकानीमा सुन्ने मानिसहरूले स्पष्टसँग बुझ्न चाहन्छन्- पास्टरहरूले सत्यलाई मानिसहरू सामु स्पष्ट र सरल तरिकाले प्रस्तुत गर्नुपर्दछ। ख्रीष्टलाई स्वीकार गर्न सरल र स्पष्ट कदमहरू कसरी चाल्ने भनेर चर्चमा कतिपय श्रोताहरू उत्सुक भइरहेको हुन्छ। कतिपय मानिसहरू आफूलाई थाहा छ भन्ने ज्ञानमा नै अज्ञान भइरहेका हुन्छन्। कलेज, विश्वविद्यालयमा डिग्री हासिल गरेर विद्वान कहलाएकाहरू, प्रखर वक्ताहरू, राजनेताहरू र उच्च ओहदामा बस्नेहरूले अरू विभिन्न विषयहरूमा ठूलो ध्यान दिएका हुन्छन् तर अमर जीवनको बारेमा सबभन्दा महत्त्वपूर्ण विषयप्रति अनभिज्ञ नै हुन्छन् वा वेवास्ता गर्छन्। जब चर्चमा ती आदरणीय व्यक्तिहरू सरिक हुन्छन् तब पास्टरले तिनीहरूको दिमागलाई मन पर्ने भनेर वौद्धिक स्तरको प्रवचन दिन्छन् तर येशूलाई प्रकट गर्न असफल हुन्छन्। मुक्तिको योजनको बारेमा उनले स्पष्ट धारणा राखेका हुँदैनन्। यदि राखियो भने श्रोताहरूको हृदय छुने हुन्छ, उनले मानिसहरूलाई मुक्ति दिलाउन ख्रीष्ट मर्नुभएको थियो भनेर तिनीहरूले औँल्याउन पाउनेछन्। -गस्पल वर्कर्स, १७०।

क्रूसमा टाँगिनुभएको, स्वर्गमा उक्लिनुभएको र फेरि आउनुहुने येशूको बारेमा पास्टरको हृदय गदगदले सजिएको हुनुपर्दछ। ती सत्यहरू नै मानिसहरूलाई सुनाउन उनी खुशी हुनुपर्दछ- सुसमाचारको कार्यमा परिश्रम गर्ने मेरा सहकर्मीहरूलाई के कुरामा प्रभावित गर्न चाहन्छु त्यो व्यक्त गर्न मसँग भाषा भएको भए कस्तो हुन्थ्यो! मेरा भाइहरू तपाईंहरूले जीवनका वचनहरू सम्हालि रहनुभएको छ; यदि ठिकतिर

मोडाउन सक्नुभयो भने तपाईँहरूले ती मानिसहरूको दिमागहरूसँग कारोबार गरिरहनुभएको छ जुन उच्चस्तरमा विकास गर्न उत्सुक छन्। तर जब प्रवचन दिइन्छ तब धेरैले आफ्नो वाचनकलाबाट आफूहरूतिर आकर्षित पार्न चाहन्छन्। क्रूसमा टाँगिनुभएको, स्वर्गमा उक्लिनुभएको र फेरि आउनुहुने येशूको बारेमा ज्ञान थाहा पाएर पास्टरको हृदय नरम र गदगदले सजिएको हुनुपर्दछ। उनको दिमागमा सुसमाचारले भर्नुपर्दछ र उनले सत्यहरूलाई प्रेमले ओटप्रोट भएर इमान्दारीतासाथ प्रस्तुत गर्नुपर्दछ। अनि येशूको महानताको सामु पास्टर हराउने हुन्छ। ती सोच्नुपर्ने सत्यका विषयहरू सुनेर मानिसहरू यस्तो प्रभावित हुनेछन् कि तिनीहरूको दिमागमा ती विषयहरू नै जमिरहेको हुन्छ र परमेश्वरको केवल प्रचारक पास्टरलाई भन्दा ती सत्यको तारिफ तिनीहरूले गर्नेछन्। - टेस्टिमोनिज फर द चर्च ४:३९९।

ख्रीष्ट केन्द्रित प्रवचनहरू ख्रीष्ट केन्द्रित प्रचारकहरूबाट आउँछन्- मानिसहरूको महिमा नगर्ने प्रतिवद्धता के मेरा भाइहरूले गर्नुहुन्छ र? मानिसहरूको हृदयमा ख्रीष्टले काम गर्नुहुन्छ तपाईँहरूले होइन भनेर के तपाईँहरूले स्वीकार्न चाहनुहुन्छ? के मेरा पास्टर भाइहरूले गोप्य प्रार्थनामा लागेर परमेश्वरको शक्ति र उपस्थितिको निम्ति उहाँसँग अनुनय बिन्ति गर्नुहुनेछ? तपाईँको लागि ख्रीष्ट को हुनुहुन्छ सो अनुभव नगरिकन अर्को प्रवचन नदिन म चुनौति दिन्छु।- टेस्टिमोनिज टु मिनस्टरस् एण्ड गस्पल वर्कर्स, १५४,१५५।

परमेश्वरप्रतिको आस्थालाई जीवनमा उतार्नु

विश्वासीहरूको घरघरमा भेट्न जाँदा पास्टरहरूले बगालाई कसरी ख्वाउने भनेर सिक्न सक्छन्- चर्चको मञ्चभन्दा बाहिर परिवारको घरहरूमा गएर भेटघाट गर्न जाँदा अन्त्यन्त महत्त्वपूर्ण र आन्नदको अनुभवहरू गर्न सकिन्छ। यसरी विश्वासीहरूको आत्मिक अवस्थालाई

हेरेर तिनीहरूलाई के सन्देशको खाँचो छ त्यो पास्टरले थाहा पाउन सक्छन् र त्यसै अनुसार तिनीहरूलाई वचन ख्वाउन सक्नेछन्। यदि चर्चमा नआउने र आत्मिक जीवनमा पछाडि विश्वासीहरू परिरहेका छन् भने के सत्यको खाँचो छ भनेर पास्टरलाई थाहा हुन्छ। त्यसै अनुसार परमेश्वरको वचन बाँधेर विश्वासीहरूलाई चित्त बुझाउन सकिन्छ। उन्नानसय जनालाई छोडेर एक जना हराएको भेँडा पछि उनी लाग्न सक्छन् यदि गोठालाले बगालको घरमा भेट्न गएन भने तिनीहरूको अवस्था मात्र थाहा नहुने होइन, तिनीहरूको सामु के सत्यहरू सुनाउने त्यो पनि थाहा हुँदैन र तिनीहरूलाई सुहाँउदो कुन उपयुक्त वचन सुनाउने हो त्यो पनि उनलाई थाहा हुँदैन। - अपिल एण्ड सजेसन्स टु कन्फरेन्स अफिसरस्, १८ (पिएज २)।

प्रयोगात्मक वा व्यावाहारिक शिक्षादीक्षा

प्रत्येक प्रवचनमा व्यवाहारिक धर्म वा आत्मज्ञान समावेश हुनुपर्दछ- जब पास्टरले सार्वजनिक रूपमा परिश्रम गर्दछन् तब मानिसहरूमा धर्मपरायणताको विकास गर्न उनले निरन्तररूपमा प्रयत्न गरिरहनुपर्दछ। भविष्यवाणीमा मात्रै आधारित एक प्रवचनपछि अर्को प्रवचन दिनुहुँदैन। प्रत्येक प्रवचनमा प्रयोगात्मक धार्मिकता पनि समावेश सहुनुपर्दछ। धर्म भनेको व्यवहारिक हुनुपर्दछ। -द साइनस् अभ द टाइम्स, मार्च १६, १८८२।

दैनिक जीवनमा संघर्ष गरिरहेका येशूभक्तहरूले प्रवचन सुन्दा तिनीहरूको मनस्थितिलाई बलियो र आशावादी बनाउन सक्ने खालको हुनुपर्छ- पावल प्रखर वक्ता थिए। येशूलाई विश्वास गर्नुभन्दा पहिले उनले श्रोताहरूलाई उनको भाषण कलाले मुग्ध पार्न खोजेका थिए। अब उनले ती सबै अलग राखे। पावलले अलङ्कारिक र कवितामय शैलीमा मानिसहरूको कल्पना र मनोवेगलाई मुग्ध पार्न विभिन्न कपोलकल्पित चित्रण गरेर भाषण दिन छोडेका थिए। ती सबैले

मानिसको दैनिक जीवनसँग सरोकार थिएन। महत्त्वपूर्ण सत्यलाई श्रोताहरूको हृदयमा छुवाउन उनले सरल र सबैले बुझ्ने भाषा प्रयोग गरेका थिए। अनेकौँ कपोलकल्पित उखान वा चित्रणहरू प्रयोग गरेर मानिसहरूलाई मुग्ध गर्न खोज्दा दैनिक जीवनमा संघर्ष गरिरहेका विश्वासीहरूलाई बलियो बनाउने खाना हुन्छ भन्ने छैन न त आत्मबललाई नै बलियो पार्दछ। इसाई शिक्षाको आधारभूत मौलिक नीतिहरूलाई सिकाएर संघर्ष गरिरहेका विश्वासीलाई व्यवहारिक र संतुलित प्रवचन दिनुपर्दछ। तिनीहरूको तत्काल आवश्यकता भनेको संघर्षमय जीवनमा पनि येशूलाई कसरी पक्रि राख्ने भन्ने पिरलाई पास्टरले सम्बोधन गर्न सक्नुपर्दछ।- द आक्टस अभ आपोस्टल्स २५१।

अनुपयुक्त कथा तथा चित्रणहरू

धेरै चित्रणहरू र ठट्यौली पाराका कथाहरूले पवित्र प्रवचको गरिमालाई तल झार्दछ- परमेश्वरको वचनको सेवा गर्ने लक्ष्य र मानिसहरूलाई शिक्षादीक्षा दिने विशेष पवित्र कामबाट हामी बिचलित हुन चाहन्दैनौँ। सत्यका वचनहरू मानिसहरूको सामु प्रस्तुत गर्नु पास्टरहरूको काम र कर्तव्य हो। परमेश्वरबाट दिएको सत्य गम्भिर, सोचनीय र पवित्र छ। कतिपय पास्टरहरूले आफ्नो प्रवचनमा मानिसहरूलाई खुशी पार्न, ठट्यौली गर्दै हाँसो उठ्ने खालका कथा, उखान, रोचक र काल्पनिक घुसाउँछन्। तर यस विषयमा होशियार अपनाइएन भने परमेश्वरको पवित्र वचन सुन्नेहरूको दिमागमा उहाँको वचन होइन ठट्यौलीहरूले अड्डा जमाइ राखेका हुन्छन्। परमेश्वरको वचनलाई नै ओझेलोमा पार्दछ। यस किसिमको प्रवृत्तिले मानिसहरूलाई परमेश्वरको वचन दिइरहेको छैन भन्ने ठान्नुपर्दछ। धेरै धेरै लघुकथा वा चित्रणहरू भरेरकक प्रवचन दिँदा त्यसले परमेश्वरको वचनप्रति उचित प्रभाव पार्दैन; यी तरिकाहरू अपनाएर मानिसहरूको सामु परमेश्वरको वचन प्रस्तुत गर्दा वचनको पवित्र

मर्यादा र महत्त्वलाई तल्लो स्तरमा झार्दछ।- द रिभ्यु एण्ड हेराल्ड, फेब्रुअरी २२, १८८७।

उत्तेजित भाषणहरू र उपयुक्त नभएका कथा, चुट्किलाहरूले पापीलाई पश्चाताप गर्न सघाउँदैन- मानवीय अलङ्कारका भाषा शैलीहरू अपनाएर मानिसहरूलाई रमाइलो पारेर सत्यलाई लुकाउनु पास्टरहरूलाई सुहाउँदैन। आफ्ना प्रवचनहरूमा भाषण कला प्रयोग गरेर मानिसहरूलाई मनमुग्ध पारेर परमेश्वरतिर तान्न सकिन्छ भनेर कोही पनि पास्टरले अनुमान गर्नुहुन्न। जसले अरूहरूलाई सिकाउँछन् आफूहरूलाई पवित्र आत्माले नै उत्साहित बनाउन् भनेर दिलोज्यान दिएर प्रार्थना गर्नुपर्दछ। ख्रीष्टलाई उचालेर पापीहरूको केवल एउटै आशा उहाँ हुनुहुन्छ भनेर सिकाउने खुबीको निम्ति प्रभुसँग बिन्ति गर्नुपर्दछ। अनेकौँ अलङ्कारिक शब्दहरू प्रयोग गरेर, मानिसहरूलाई रमाइलो पार्ने कथाहरू र उपयुक्त नभएका चित्रण वा उपमाहरू प्रयोग गरेर पापीको हृदय परमेश्वरतिर तान्छ भन्ने छैन। लोकप्रिय तथा सामाजिक कार्यक्रमहरूमा मानिसहरूले ती सुन्छन् र रमाइलो खालका गीतहरू पनि सुन्छन्। तर पापीले सुन्नुपर्ने सन्देश यो हो, "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो, जसले उहाँलाई विश्वास गर्छ कोही नाश नहोस् तर उसले अनन्त जीवन पाऔस्।" -इभान्जलिजम, १८९।

असल वा उपयुक्त उदाहरण तथा अर्ती कथाहरू

ख्रीष्टको उदाहरण, अर्तीकथा, चित्रणहरूले सत्यलाई सरल बनाउन सहयोग गरेको थियो- मानिसहरूको सामु काम गर्न येशूले सबै मानव माध्यमहरु र मानवीय प्रभाव तथा स्रोतहरू प्रयोग गर्न उहाँको अधिकार थियो। उहाँले मानिसकै तर्क तथा अवधारणाहरू र मानवीय माध्यमहरू प्रयोग गरेर मानिसहरूलाई शिक्षा दिनुभएको थियो,

र उहाँका सेवकहरूको व्यक्तित्व वा आफ्नै खुबीलाई उहाँले नाश गर्नुभएको थिएन। उहाँले तिनीहरूमा पवित्र आत्मा राखिदिनुहुन्छ र त्यसमा आफूलाई लुकाउनुहुन्छ। त्यसले गर्दा तिनीहरूमा ख्रीष्टको दिमाग र मिजास हुन्छ, उहाँसँग सहकर्मी बन्न जान्छ। मानिसहरूसँग परिचित र जानेका कथा, चित्रण, चित्र, तर्क र ज्ञानलाई प्रयोग गर्नुभएर उहाँले चाहनुभएको सत्यलाई मानिसहरूको सामु प्रस्तुत गर्नुभएको थियो। ती चित्र, चित्रण, अर्तीकथाहरूलाई प्रयोग गर्न पवित्र आत्माले नै येशूलाई सहयोग गर्नुभएको थियो। -बीइ अगस्ट १९, १८९५।

येशूले प्रयोग गर्नुभएका चित्रण तथा अर्तीकथाहरू

येशूले प्रयोग गर्नुभएका विभिन्न उदाहरण, चित्रण र अर्तीकथाहरूले मानिसहरूको ध्यान आकर्षित गर्नु भएको थियो, तिनीहरूको दिमागमा अनेकौं कल्पनाहरू जागेको थिए र ती कथा आदिहरूबाट सिकेका पाठहरू तिनीहरूले बारम्बार दोहोर्याएका थिए- उहाँको दयाका सन्देशहरू उहाँका श्रोताहरूलाई सुहाउँदो फरक फरक तरिकाले प्रस्तुत गर्नुहुन्थ्यो। "थकितहरूलाई तिनीहरूको समय सुहाउँदो वचन," उहाँले बोल्नुहुन्थ्यो। उहाँका ओठहरूबाट अनुग्रह पोखिन्थ्यो। सत्यको ढुकुटीहरूमा भएका सन्देशहरू मानिसहरूको सामु अत्यन्तै आकर्षित रूपमा उहाँले प्रस्तुत गर्नुहुन्थ्यो। पूर्वाग्रहले भरिएका दिमागहरूलाई उहाँले निपुणतापूर्वक सम्बोधन गर्नुहुन्थ्यो। तिनीहरूलाई नै छक्क पार्ने चित्रण तथा अर्तीकथाहरू प्रयोग गरेर उहाँले आकर्षित बनाउनु हुन्थ्यो। विभिन्न तर्क र सोच तथा चिन्तनहरू प्रयोग गर्नुभएर उहाँले तिनीहरूको ध्यान खिँच्नुभएको थियो। उहाँले प्रयोग गर्नुभएको दृष्टान्त वा अर्तीकथाहरू मानिसहरूले नै अनुभव गरिरहेका दैनिक जीवनबाट लिनुभएको थियो। तिनीहरू सरल भएतापनि तिनीहरूमा भएका गहिरो अर्थहरू अचम्मको थियो। आकाशका चराहरू, चौरका फूलहरू, बिउ, गोठालो र भेँडाहरूबाट उहाँले आफ्नो पाठ सिकाउनुभएको थियो। ती

थोकहरूबाट उहाँले अमर सत्यलाई चित्रण गर्नुभएको थियो। जब उहाँका श्रोताहरूले ती बस्तुहरू पछि देख्दा उहाँका शब्दहरूको याद तिनीहरूलाई दिलाउँथ्यो। येशूका चित्रण र अर्तीकथाहरूबाट सिकेका पाठहरू तिनीहरूले बारम्बार दोहोऱ्याएका थिए। - द डिजाएर अभ एजेज्, २५४।

मानिसहरूका दैनिक जीवनका चालचलन, प्रथा र अनुभवहरूबाट नै येशूले विभिन्न चित्रणहरू गर्नुभएर तिनीहरूबाट अर्ती सिकाउनुभएको थियो- ख्रीष्टले मानिसहरूलाई कहिल्यै पनि झुक्याउनु भएन वा अनावश्यकमा तारिफ गर्नुभएन; मानिसहरूका कल्पना र तर्कहरूलाई उचाल्ने खालका शब्दहरू उहाँले कहिल्यै पनि प्रयोग गर्नुभएन। मानिसहरूका चलाखी काम कार्यवाहीहरूको बारेमा उहाँले कहिल्यै पनि तारिफ गर्नुभएन। तर पूर्वाग्रह नभएका र गहिरो चिन्तकहरूले उहाँका बोलिहरूलाई ग्रहण गर्नुभएको थियो। उहाँका वचनहरूले तिनीहरूको दिमागमा ज्ञान राखेर आत्मिक सत्यहरूलाई बुझ्न तिनीहरूले धेरै कोशिश गर्दथे। उहाँले बोल्नभएको सरल भन्दा सरल भाषा पनि तिनीहरूको निम्ति गहिरो थियो। सही धर्ममा के समावेश भएका छन् त्यसको बारेमा संसारका प्रायजसो महान् विद्यान, दार्शनिकहरू पनि अनभिज्ञ छन, त्यसकारण तिनीहरूलाई सरल भाषामा सम्बोधन गर्नु उपयुक्त थियो, किनभने तिनीहरूको दिमागमा घुसाउन सत्य वचनका शक्तिहरू नै काफी छ। दुवै शिक्षित र अशिक्षित वर्गहरू स्पष्ट र सरल भाषामा सम्बोधन गर्नु आवश्यक छ। सत्यको बारेमा बोल्नेहरूले संसारको मुक्तिदाताबाट सिक्नु आवश्यक छ। संसारका सबभन्दा महान् गुरुले सिकाउनुभएको ढाँचा नै धेरै उपयुक्त छ। उहाँले जस्तो अरू कोही मानिस पनि बोल्नुभएको थिएन। ख्रीष्टले प्रयोग गर्नुभएको भाषा सरलै भएतापनि अत्यन्तै शिक्षित मानिसहरूले उहाँको शिक्षण शैलीले गर्दा मुग्ध भएका थिए। अशिक्षितहरूले जहिले पनि उहाँका प्रवचनहरूबाट फाइदा नै उठाएका थिए। मानिसहरूको दैनिक जीवनका अनुभव, देखिने थोक

र चालचलन तथा संस्कारहरूमा आधारित विषयबस्तुहरू जम्मा गरेर त्यसबाट पाठहरू सिकाउनुहुन्थ्यो। जब उहाँका श्रोताहरूले प्रकृतिका ती परिचित थोकहरू देख्दथे तब तिनीहरूले ख्रीष्टका पाठहरू सम्झन्थे। आकाशका चराहरू, बगैंचाका लिली फूलहरू, बगालका गोठालाईहरू र दैनिक जीवनमा चलनचल्तीमा आइरहेका विभिन्न साधारण थोकहरूबाट पाठ र अर्तीहरू उहाँले सिकाउनुहुन्थ्यो। यसले गर्दा येशूको पाठहरू सरल थिए र सर्बसाधारण मानिसहरूले बुझ्न सक्थे। ठूला ठूला महत्त्वपूर्ण विषयहरू सानो थोकहरूमा बुनिएकाबाटै शिक्षा दिनुहुन्थ्यो। उहाँले सिकाउनुभएका पाठ र अर्तीहरू यति सरल र स्पष्ट थियो कि कसैले पनि गलत बुझ्न सकिन्दैनथ्यो। शास्त्री र फरिसीहरूले मात्र उहाँका शिक्षाहरू बुझ्न अप्ठ्यारो छ भनेर गुनासो गर्दथे; तिनीहरू पूर्वाग्रहले भरिपूर थिए, र उहाँका शब्दहरू गलत सम्झिन तिनीहरू निर्णय गरेका थिए। सर्वसाधारण मानिसहरू उहाँलाई खुशीसाथ सुन्दथे, र गरिबहरूलाई पनि सुसमाचार सुनाइएको थियो, र तिनीहरूको गवाही यो थियो कि उहाँले जस्तो कुनै मानिसले बोल्नुभएको थिएन। - साबथ-स्कूल वर्कर्स, जनवरी १, १८९५।

विभिन्न चित्रण, अर्तीकथा वा दृष्टान्तहरू र येशूको मानव अवतारको अर्थ थाहा पाएकाहरूबाट थाहा नपाएका मानिसहरूलाई सत्यहरू सिकाउनु हो- येशूले सिकाउनुभएको दृष्टान्त वा अर्ती कथाहरूमा त्यही नीति देखिन्छ जुन् यस संसारमा उहाँ आउनुको लक्ष्यलाई देखाइएको थियो। हाम्रो स्वभाव लिनुभएर हाम्रो बीचमा ख्रीष्ट रहनुभएर उहाँको ईश्वरीय चरित्र र जीवनसँग हामी परिचित हुन सकोस् भन्ने उहाँको इच्छा हो। ईश्वरीय चरित्र मानवताबाट प्रकट भएको थियो; अदृश्य महिमा मानवरूपमा देखिएको थियो; स्वर्गका थोकहरू पृथ्वीका थोकहरूबाट प्रकट भएको थियो। मानिसको रूप धारण गरेर परमेश्वर प्रकट हुनुभएको थियो। त्यसकारण ख्रीष्टको शिक्षामा थाहा नपाएका थोकहरू थाहा पाएका चित्रणहरूबाट सिकाइएको थियो। मानिसहरूलाई संसारका अत्यन्तै परिचित

थोकहरूबाट ईश्वरीय सत्यहरूको बारेमा सिकाइएको थियो। - क्राइस्ट अबजेक्ट लेसनस्, १७।

नकारात्मकको विकल्पमा सकारात्मक

आज्ञाकारी भक्तहरूलाई पास्टरहरूले हौशला दिनुपर्दछ र आज्ञा वा शिक्षादीक्षालाई वेवास्ता गर्ने हिँड्नेहरूलाई पास्टरहरूले सतर्क गराउनुपर्दछ- प्रत्येक पास्टरले आफ्नो पद र काम कतिको पवित्र छ भनेर महसुस गर्नुपर्दछ। एलियाले देखाएका साहस उनले पनि देखाउनुपर्दछ। परमेश्वरले नै नियुक्त गर्नुभएको सन्देशवाहक भएकोले पास्टरहरूको जिम्मेवारी गरिमामय र श्रद्धामय छ। तिनीहरूले विश्वासीहरूलाई हप्काउनुपर्दछ, सच्याउनुपर्दछ, अर्ती दिनुपर्दछ तर सहनशीलता र सदाशयता देखाएर। तिनीहरू स्वर्गका रहस्यमय खजानाहरूको सञ्चयकर्ता वा स्टोर किपर भएर येशूको बदलीमा काम गर्नुपर्दछ। आज्ञाकारीहरूलाई तिनीहरूले हौशला दिनुपर्दछ र परमेश्वरको आज्ञा नमानी आफ्ने तालमा हिँड्नेहरूलाई चेतावनी दिनु सक्नुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, सेप्टेम्बर ११, १९१३।

नकारात्मक दोषी भएर हिँड्ने, गलत काम गर्न रुचाउने र पापमा नै रमाउने प्रवृत्ति लेओडेकियाको सन्देश हो र कुनै पनि एडभेन्टिस्ट पास्टर वा प्रचारकले त्यसलाई वेवास्ता गर्नुहुन्न- बर्तमान समय सापेक्षित सत्यलाई प्रचार गरिररहने पास्टरहरूले लेओडेकियाहरूलाई गम्भिर सन्देश सुनाउन बेवास्ता गर्नुहुन्न। सत्य साक्षीको गवाही त्यतिको रहर लाग्दो सन्देश होइन (यसलाई तितो सत्य भने पनि हुन्छ)। प्रभुले तिनीहरूलाई यो सुनाउनुहुन्न, "तिमीहरू ठिक छौ। तिमीहरूले दु:खकष्ट र गाली पायौ जुन तिमीहरूले पाउनु आवश्यक थिएन। तिमीहरू अनावश्यकरूपमा साहैं निराश हुनुपरेको थियो। तिमीहरूलाई सच्याइएका तिमीहरूका गल्ती र पापहरूबाट तिमीहरू निर्दोष छौ।" - द रिभ्यु एण्ड हेराल्ड, सेप्टेम्बर १६, १८७३।

कसैलाई पनि चित्त नदुख्ने तर रहर लाग्दो विषयबस्तुहरू चुनेर मानिसहरूलाई मख्ख पार्न खोज्नुहुन्न- कतिपय पास्टरहरूले कसैको चित्त नदुखोस् भनेर रहर लाग्दो प्रवचनहरू दिन्छन्। यसले ख्रीष्टको क्रूसलाई बेवास्ता गरिरहेको देखाउँछ। चर्चमा मानिसहरूकै चर्तिकलाले विभिन्न प्रवृत्ति भएका मानिसहरू तपाईँ देख्नुहुन्छ: कोही स्वार्थी र आफ्नो मात्र हित खोज्ने, घमण्ड वा आवेशले नियन्त्रण गरेका, आफ्नो मात्र मान खोज्नेहरू, दशांस र भेटीमा परमेश्वरलाई लुटिरहेका र कतिपय विश्वासीहरू शङ्का र विश्वास नगरेका आदि। ती सैतानले अन्धो बनाउन चाहने र धोखामा परेकाहरूलाई त्यसै नछोड्नुहोस्। तिनीहरूको आत्मिक अवस्थालाई यथास्थितिमा नछोड्नुहोस्। ती प्रत्येकको निम्ति परमेश्वरको वचनमा विशेष सन्देश छ। तपाईँले प्रस्तुत गर्नुहुने सन्देशको निम्ति प्रार्थना गर्नुहोस् ताकि तिनीहरूको चरित्र कतिको कमजोर रहेछ भनेर देख्न सकुन्। परमेश्वरको सत्य तहमा तिनीहरू आउन तिनीहरूले के गर्नु पर्छ सो तिनीहरूले बुझ्न सकुन्। तिनीहरूबाट पास्टरहरूले विश्वास र स्नेह जित्नुहोस्। तिनीहरूका हृदयहरूलाई छुने येशूमा भएको सत्य अगाडि ल्याउनुहोस्; किनभने मानिसको विश्वासलाई अटल बनाइ राख्ने उहाँको शक्ति बाहेक अरू कसैको हुँदैन । - द रिभ्यु एण्ड हेराल्ड, जुन १७, १८८४।

सकारात्मक

हामीसँग जीवित आशा छ भनेर हामीले देखाऔं- भजनसंग्रहमा हामीलाई उत्साहित बनाउने धेरै अर्ती वा शिक्षाहरू छन् मलाई परमेश्वरको आत्माले औँल्याउनुभएको थियो। यदि हाम्रा पास्टरहरू परमेश्वरको नजिक हुन हृदयदेखि नै धेरै चाहनाले भरिएको भए उहाँका जनहरूले भजनसंग्रहबाट साहस र उत्साहलाई पक्रि राख्दथे, र त्यसको फलस्वरूप तिनीहरूका ओठहरूबाट परमेश्वरको प्रशंसा र धन्यवादका बोलीहरू उमार्दथे। थकान, पेलान र निराश भएका येशूका विश्वासीहरूले भनजसंग्रह पुस्तक पढे धेरै उत्साह र आशा पाउँदछन्।

यदि हाम्रा जनहरूले विश्वास र प्रार्थना बढाउन के सम्भाव्यताहरू छन् सो महसुस गरेका भए, हाम्रा चर्चहरूमा निर्णायात्मक परिवर्तन हुने थियो। जो मानिसहरू उदास र चिन्तित छन्, तिनीहरू आफ्नो नैराश्यताबाट उक्लिने थिए र परमेश्वरमा आनन्दित हुने थिए। भाइ बहिनीहरू हो, हामीमा जीवित आशा छ र हाम्रा सेवाकार्य जीवित सेवाकार्य हो भनेर जनमानसमा देखाउन सकौँ। - (अस्ट्रेलेशिएन) युनियन कन्फरेन्स रेकर्ड, अप्रिल २९, १९०७।

ख्रीष्टको न्यानो प्रेम पाउन अनुनय बिन्ति गर्नुपर्दछ- कतिपय पास्टरहरू आलोचक हुन मन पराउँछन्। वादविवाद वा तर्कवितर्क गर्न तिनीहरू खप्पिस छन् भनेर देखाउन चाहन्छन्। एक साबथ पछि अर्को साबथ गुज्रिन्छ तर चर्चका श्रोताहरूका दिमाग र हृदयहरूमा ख्रीष्टको अनुग्रहको छाप वा प्रभाव विरलै पाइएको छ। यसो गर्दा पास्टरीय काम त्यस्तो उल्लेखनीय काम होइन भन्ने आभास् पास्टर आफैले पाउँदछन्। हामीले यो बिर्सनुहुन्न कि सारा स्वर्ग नै पापीहरूको मुक्तिको निम्ति क्रियाशील भइरहेको छ; र मानव परिवारको गरिब भन्दा पनि गरिब व्यक्ति परमेश्वर पिताकहाँ हराएको छोरो जस्तै नम्र र पश्चातापी हृदयले शिर झुकाउँदै आउँछ भने स्वर्गको फौजमा आनन्द फैलिन्छ। स्वर्गमा न्यानो र भद्रपना वा शिष्टता र प्रेम छ। परमेश्वरको सामु प्रार्थना गर्दै, तिनीहरूका पापहरू स्वीकार्दै साना बालकको सरलताले सजिएर आफूलाई चाहिने आशिषहरू माग्दै तिनीहरू जाओस्। येशू ख्रीष्टको न्यानो मायाको निम्ति बिन्तिभाउ गरियोस् र आफूहरूले दिन प्रवचनहरूमा त्यो न्यानो र मिठासपना आउन सकोस् भनेर चाहना गरियोस्। कसैले पनि हाम्रा पास्टरहरू मानव कष्टप्रति संवेदनशील नभएको, सहानुभूति नभएको, कठाङ्ग्रिएको र प्रेमै नभएको भन्न नपरोस्। -टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स, १५३, १५४।

हृदयदेखि चित्त बुझाउनु

जब येशूले आफ्ना वचनहरू सुनाउनुभयो तब मानिसहरूको विवेक छेडिएको हुन्थ्यो र तिनीहरूको भित्री सोच र नियतहरू प्रकट हुन्थ्यो- जब येशूले प्रचार गर्नुभयो तब उहाँको सन्देश दुई धारे तरवार जस्तो तिखो थियो, यसले मानिसहरूको भित्री चेतना तथा विवेकलाई छेड्थ्यो र मानिसहरूको भित्री हृदय र दिमागमा के खेलिरहेको छ सो भन्डाफोर हुन्थ्यो। जुन काम येशूले गर्नुभयो त्यही काम उहाँका विश्वासी र भरपर्दो सन्देशवाहकले गर्नुपर्दछ। परमेश्वरको वचन सरल, शुद्धता र कडा इमान्दारितासाथ प्रचार गरिनुपर्दछ। जो परमेश्वरको वचन र शिक्षादीक्षामा परिश्रम गर्दछन्, तिनीहरूलाई दिएको जिम्मेवारीमा तिनीहरू विश्वासीलो र भरपर्दो हुनुपर्दछ। मानिसहरूको आत्मिक जीवनप्रति चनाखो हुनुपर्दछ किनकि पास्टरहरूले तिनीहरूको लेखाजोखा दिनैपर्दछ। मानिसहरूलाई फसाउने र मानवीय तर्क तथा बुद्धिहरू घुसाएर "परमेश्वरले मलाई यसो भन्नुभएको छ," भनेर परमेश्वरका सन्देशवाहकले कहिल्यै पनि भन्नुहुन्न। यदि "परमेश्वरले मलाई यो भन्नुभएको छ," नीति लिएर वचन प्रचार गरियो भने वचनको जीवित उर्जालाई नाश गर्दछ, यसलाई कमजोर र शक्तिविहिन बनाउँछ र सुन्ने मानिसहरूले आफ्नो पापको बारेमा ज्ञान हुँदैन र पश्चाताप गर्दैन वा आफू पापी हुँ भनेर स्वीकार्दैन। पवित्र आत्माको अगुवाइमा बोलेको प्रत्येक शब्दले मानिसहरूको दिमागमा आफूहरूलाई मुक्ति चाहिने रहेछ भनेर त्यो चाहनाको पूरै गहिरो छाप पार्दछ। - सेलेक्टेड मेसेजेज्, २:१५९।

भावना

प्रचार गर्दा दुवै दिमाग र हृदयमा पुग्ने खालको हुनुपर्दछ- जब परमेश्वरको वचन प्रचार गरिन्छ तब मानिसहरूको वौद्धिक क्षमतालाई असर पार्ने खालको हुनुपर्दछ। वचनबाट आत्मज्ञान मानिसहरूमा

सारिनुपर्दछ। तर अझ यो भन्दा बढि हुनुपर्दछ। जब पास्टरले बोल्दछ, त्यो यस्तो प्रभावकारी हुनुपर्दछ कि श्रोताहरूको हृदयभित्रै घुस्ने खालको हुनुपर्दछ। - गस्पल वर्कर्स, १५२।

औपचारिक पूरा गर्न वा बासी प्रवचनले मानिसलाई परमेश्वरतिर तान्दैन, निदाउने पास्टरहरूले निदाइरहने मानिसहरूलाई प्रचार गरेको जस्तै हुन जान्छ- औपचारिक पूरा गर्न र त्यही कुरा घरिघरि दोहोऱ्हाएर सत्यलाई प्रस्तुत गर्छ भने न त पास्टर हल्लिन्छ न त सुन्नेहरू नै हल्लिछन्। यस खालको प्रवचनले कहिल्यै पनि मानिसहरूलाई येशूतिर तान्दैन। यस खालको प्रवृत्ति भएको पास्टर नोहा जस्तै लामो आयु भएर बाँचेतापनि तिनीहरूको प्रयास अर्थहिन हुन जान्छ। त्यसकारण पास्टरहरूमा मानिसहरूप्रतिको प्रेम प्रगाढ हुनुपर्दछ र तिनीहरू निरन्तररूपमा जोशिलो हुनुपर्दछ। जोश जाँगर र भावनाबिहिन तथा एकसुर तरिकाले प्रस्तुत गरेको सत्यलाई पुरुष र स्त्रीहरूलाई कहिल्यै पनि उठाउन सक्दैन। त्यसले मानिसहरूलाई मर्ने खालको निन्द्रामा झुलाउँछ। जब पास्टरहरूले प्रचार गर्दछन् तब तिनीहरूको हाउभाउ, तिनीहरूको क्रियाकलाप, बोलीवचनहरूले, र तिनीहरूको प्रवचन दिने र प्रार्थना गर्ने तरिकाले ख्रीष्ट ढोकैमा हुनुहुन्छ भनेर विश्वास गर्न पुग्छन्। मानिसहरू परिक्षण कालको अन्तिम घडीमा छन्, यद्यपि तिनीहरू वास्ता गर्दैनन् र परमेश्वरको ज्ञानबुद्धिको चाहना नगर्दै मूर्खकै धुनमा छन्, आफै निन्द्रामा परेका प्रचारकहरूले तिनीहरूलाई उठाउन शक्ति पनि हुँदैन। कतिपय चर्चहरूमा निदाउने पास्टरहरूले निदाइरहेका मानिसहरूलाई प्रचार गरिरहेकाछन्! - टेस्टिमोनिज फर द चर्च, २:३३७।

निर्णय

प्रायजसो, प्रवचन दिने बेलामा परमेश्वरलाई विश्वास गर्न सिधै अनुरोध गरिएको हुँदैन- पवित्र आत्माको उपस्थितिबिना दिएको

प्रवचनले के गुमाइरहेको छ सो कसैलाई पनि थाहा हुँदैन। प्रत्येक पल्ट चर्चमा आराधना कार्यक्रम हुन्छ, त्यसबेला आफ्नो जीवन परमेश्वरलाई सुम्पिने कि नसुम्पिने भनेर संघर्ष गरिरहेका मानिसहरू हुन्छन्। तर कतिले त निर्णय नै गर्न पनि निधोमा पुगिरहेका हुन्छन्। त्यसबेला परमेश्वरलाई विश्वास गर्ने कि नगर्ने भन्ने निर्णयहरू गरिसकेका हुन्छन्; तर कतिपय समयमा पास्टरको प्रवचनमा शक्ति र आत्मा हुँदैन र जीवन र मरणको बीचमा अन्यौल भइरहेको बेलामा परमेश्वरको पक्षमा उभिन सिधै अनुरोध गर्दैनन्। - गस्पल वर्कर्स, १५१।

सत्यको सिद्धान्त र ख्रीष्टको मुक्तिदिने प्रेमलाई मिलाएर प्रवचन दिनुपर्दछ ताकि मानिसहरूले निर्णय गर्न सक्दछन्- कतिपय समयमा पास्टरहरूले आफ्ना प्रवचनहरू तर्कवितर्कमात्र प्रस्तुत गरेर प्रवचन दिन्छन्। कतिपय मानिसहरूले सत्यको सिद्धान्त सुन्छन्, र त्यसको प्रमाणहरू थाहा पाउँदा तिनीहरू प्रभावित पनि हुन्छन्, तर यदि येशूलाई संसारको मुक्तिदाता भनेर प्रस्तुत गरे मानिसहरूको हृदयमा बिउ उम्रिन सक्छ र परमेश्वरको महिमाको निम्ति फल फलाउन सक्छ। तर प्रायजसो कलभरीको क्रूस मानिसहरूको अगाडि प्रस्तुत गरेको पाइन्दैन। श्रोताहरूमा कतिपय होला जसले अन्तिम पल्ट प्रवचन सुन्न गइरहेका हुन्छन्। अनि ख्रीष्टलाई नउचाल्दा सुनौलो अवसर सदाको निम्ति गुमिएका हुन्छन्। यदि प्रचवचनमा सत्यका विषयबस्तुहरू सैद्धान्तिकरूपमा प्रस्तुत गर्ने सिलसिलामा ख्रीष्ट र उहाँको मुक्तिदिने प्रेम पनि घोषणा गरियो भने ती मानिसहरू येशूतिर फर्कन सक्छन्। -गस्पल वर्कर्स, १५८।

<u>प्रवचन प्रस्तुत गर्ने बेलामा प्रयोग गर्न शब्दहरू।</u>

सरल भाषामा र हृदयलाई छुने मार्मिक तरिकाले येशूमा भएको सत्यलाई प्रस्तुत गर्नुपर्छ- पास्टरहरूले प्रवचन दिँदा अझ स्पष्ट, सरल

भाषा र सरल तरिकाले येशूमा भएको सत्यलाई प्रस्तुत गर्नुपर्छ। जो पास्टरहरू प्रवचन दिँदा यी तरिकाहरू नअपनाउनेहरू आफै आत्मिकरूपमा परिवर्तन हुनुपर्दछ, अनिमात्र प्रवचन दिन आँट गर्नुपर्दछ। जसका हृदयहरू येशूको प्रेमले भरिएको हुन्छ, तिनीहरूले परमेश्वरको ढुकुटीबाट नयाँ र पुरानो बहुमूल्य सत्यहरू खोतलेर निकाल्न सक्नेहुन्छन्। कतिपय पास्टरहरूले आफ्नो भाषण कलालाई मानिसहरूबाट तारिफ पाउन अनेकौँ चुटकिला र कथाहरूद्वारा मानिसहरूलाई माथि उचाल्न खोज्छन् तर सक्दैनन्। तर, ईश्वरभक्त पास्टरहरूले हृदयलाई छुने तरिकाले सरल भाषा प्रयोग गरेर येशूमा भएको सत्यतालाई मानिसहरू समक्ष प्रस्तुत गर्दछन्।- सेलेक्टेड मेसेजेज्, १:१५७।

पास्टरहरूले प्रवचन दिन शब्दहरू छानीछानी प्रस्तुत गर्नुपर्छ र तिनीहरू स्पष्ट वक्ता हुनुपर्दछ- प्रवचन दिने पास्टरले सुहाउँदो लुगा लगाउनुपर्छ र मानिसहरूको सामु उभिन्दा जथाभावी लुगा लगाउनुहुँदैन। आफ्नो मनस्थिति पनि ठिक हुनुपर्दछ। उनि अनुशासित भएको र उच्चस्तरमा इज्जतदार र तिखारिएको व्यक्तित्व भएको भनेर जनसमक्ष देखाउनुपर्दछ। परमेश्वरलाई ग्रहण योग्य कामलाई स्वीकार गर्नेहरू आफ्नो काममा जिम्मेवार भएको उहाँ चाहनुहुन्छ। परमेश्वरकै मुखबाट वचनहरू लिएर मानिसहरूलाई दिएको भन्ने महसुस तिनीहरूले गर्नुपर्दछ। परिस्थिति सुहाउँदो चेतावनी र अर्तीहरू, आवश्यक परेमा सच्याउने र आश्वासन दिने वचनहरू पास्टरहरूले बोल्नुपर्दछ। यस संसारमा परमेश्वरको प्रतिनिधिहरू भएकोले पास्टरहरूले उहाँसँग दिनदिनै वार्तालाव गर्नुपर्दछ। तिनीहरूले बोल्नेबेलामा शब्दहरू छानेर बोल्नुपर्छ र तिनीहरू स्पष्ट वक्ता हुनुपर्दछ। प्रायजसो पास्टरहरूले मुखमा जे आयो त्यो बोल्ने बानी हुन्छ। यस खालको बानीले सुसाचारको मर्म र इमान्दारितालाई सधैँको निम्ति लत्याउछ दिन्छ। - टेस्टिमोनिज फर द चर्च २:७०६।

प्रवचन दिने बेलामा देखाउने हाउभाउ

प्रवचन दिने बेलामा उभिन्दा पास्टरहरूको मनस्थिति उच्च बलको हुनुपर्दछ र तिनीहरुले कुन हाउभाउले वचन बोल्दछन् त्यसको लेखाजोखा स्रोताहरूले गरिरहेको हुन्छ- परमेश्वरको चाहना अनुसार चल्न पास्टरीय काममा ठूलो सुधार हुनु आवश्यक भएको मैले महसुस गरेको छु। सुसमाचारको निम्ति अभिषेक भएका पास्टरहरूले प्रवचन दिँदा नाटकिय ढँग अपनाएर मानिसहरूलाई आकर्षित गर्न आवश्यक छैन। रङ्गमञ्चमा नायकहरूले अभिनय गरेर देखाएको जस्तै गरेर पास्टरहरूले बोल्दा मानिसहरूको दिमागमा आत्मिक कुराहरू घुस्न सक्छन् भन्ने अनुमान तिनीहरूले गर्नुहुन्न। पवित्र मञ्चमा तिनीहरू नाटककार वा नायकहरू भएर उभेका होइनन्, तर तिनीहरू गम्भिर सत्यका शिक्षकहरू हुन्। कतिपय सन्की र उत्तेजित प्रचारकहरू छन्, जसले ख्रीष्टको बारेमा प्रचार गर्दा हुरीबतास जस्तै फाँइफुइँ गर्छन्, मञ्चमै तलमाथि उफ्रिन्छन्, तिनीहरूको नजिक भएको टेबुल वा पुलपिट बजार्छन्, मानौँ तिनीहरूको शरीरको हाउभाउ फाइदाजनक छ। यस किसिमको चर्तिकलाले सत्यहरूमा बल पुग्दैन, बरू त्यसको विपरित सत्यको गरिमालाई उच्च स्तरमा राख्ने र मूल्याङ्कन गर्ने पुरुष र महिला श्रोतावर्गहरू दिक्क मान्छन। विभिन्न हाउभाउ गर्र, खस्रो र उफ्रिएर कुरा गर्नुछ भने कमसेकम चर्चबाट बाहिर गर्नुपर्दछ। -इभान्जलिजम, ६४०।

पुलपिटको अगाडि उभिन पास्टरले आफ्नो मर्यादा देखाउन् र आफ्नो व्यवहारमा सभ्य होउन्- परमेश्वरको मानिस ख्रीष्टको सेवक हो। पास्टर ख्रीष्टको सेवक भएको हैशियतले आफ्नो सबै असल काममा पक्का हुनुपर्दछ। पास्टर भएर आकर्षित पोशाक लगाएर हाउभाउमा रवाफिलो हुने बानि जतिसुकै मर्यादित देखिएतापनि प्रवचन दिने असल कामको निम्ति त्यो आवश्यकता छैन। तर मानिसहरूको सामु परमेश्वरको वचन दिन उभिँदा सभ्य र आफ्नो पद अनुसारको शोभा दिने हुनुपर्दछ। सुसमाचारको सेवकले आफ्नो दिमाग जता मन लाग्यो

उतै घुमाउनुहँदै। आफ्नो मनस्थिति ठेगानामा राख्नुपर्दछ। यदी उनी ख्रीष्टको प्रतिनिधि हो भने उनले लाउने लुगा, उनको मनस्थिति, उनको हाउभाउ यस्तो हुनुहुँदैन जसले हेर्ने मानिसलाई वाक्क लागोस् र परमेश्वरतिर ध्यान दिन लगाउनुभन्दा उनीतिर ध्यान जाओस्। पास्टरको ओहदा मर्यादित छ। त्यसकारण आफ्नो आनीबानी सभ्य र सुधारिएको हुनुपर्दछ। उनी अनुसरणीय हुनुपर्दछ। सबै खालका अनौठो व्यवहार, असंतुलन मनस्थिति र मानिसहरूलाई दिक्क बनाउने हाउभाउ त्याग्नुपर्दछ। आफ्नो विनम्र ओहदाको मर्यादामा रहन पास्टरले प्रतिवद्धता जनाउनुपर्दछ। - टेस्टिमोनिज फर द चर्च १:६४८, ६४९।

वचन दिने बेलामा प्रयोग गर्ने आवाज र वाक्य संरचना

अप्राकृतिक वा ठूलो ठूलो स्वर मच्चाएर प्रवचन दिँदा दुवै प्रचारक र स्रोताहरूलाई थकित बनाउँछ- कतिपयको प्रवचन दिने धार्मिक विधिहरूमा मानिसहरूलाई प्रभावित पार्न लामो लामो प्रार्थना गर्ने, लामो प्रचार गर्ने र ठूलो ठूलो स्वरले चिच्याउने बानी हुन्छ। यो गलत हो। पुलपिटमा पास्टरले अनेकौँ नाटकीय ढँग अपनाएर वा उफ्रिएर प्रचार गर्दा उनलाई पनि थकित बनाउँछ र सुन्नेलाई पनि असजिलो पार्दछ। यो गर्नु आवश्यक छैन। पास्टरले बोल्दा त्यस्तो किसिमले बोल्नुपर्छ जसले गर्दा मानिसहरूमा परमेश्वरको सन्देशको गहिरो प्रभाव पारुन्। ख्रीष्टका शिक्षाहरू प्रभावकारी र गम्भिर थिए; उहाँको आवाज मधुरो, शान्तमय, सुरिलो र मिठो थियो। के हामी पनि येशूको जस्तै मिठो र सुरिलो आवाज निकालेर वचन दिने बानी बसाल्नु हुन्न र? - टेस्टिमोनिज फर द चर्च २:६१७।

उचित तरिकाले बोल्ने कलाका नियमहरू जानेर पास्टरले आफूलाई उपयोगी बनाउन सुरक्षित राख्नुपर्द- हाम्रा कतिपय प्रतिभाशाली र खुबी भएका पास्टरहरूले बोल्ने कलामा खोट र कमीकजोरी देखाएको

हुन्छ। प्रवचन दिने शैलीमा होशियार नबन्नु वा जथाभावी बोल्नु ठूलो हानीकारक छ। दश आज्ञा वा नैतिक शिक्षा पालन गर्नु मानिसहरूको कर्तव्य हो भनेर सिकाउने क्रममा पास्टरहरू आफैले असल स्वास्थ्य र जीवनको बारेमा परमेश्वरले दिनुभएको नीतिहरूलाई भङ्ग गरेको देखाउनुहुन्न। जब पास्टरहरू मानिसहरूको अगाडि बोल्न उभिन्छन् तब तिनीहरू सिधा उभिनुपर्दछ, विस्तारै, अडिग भएर सबैले बुझ्ने तरिकाले स्पष्टरूपमा बोल्नुपर्दछ। तिनीहरूले उच्चारण गरेको प्रत्येक वाक्य प्रेरणा दिने खालको हुनुपर्दछ। पेटको मांशपेशी हल्लाएर आवाजहरू निकाल्न सक्नुपर्द। यदि बोल्ने कलामा पास्टरहरूले सरल नीति अपनाएर सुस्वास्थ्यको जीवनशैली अपनाउने बानी बसाल्न सक्यो भने तिनीहरूले आफ्नो जीवनलाई सुरक्षित र उपयोगीमूलक बनाउन सक्छ र अरू पेशाका मानिसहरूभन्दा लामो आयु हुनसक्छ। तिनीहरूको छाती फराकिलोहुनेछ। बोल्ने बेलामा वक्ताले नाटकीय पाराल थोत्रो वा रुखो स्वर निकालेर मानिसहरूलाई प्रभाव पार्नु आवश्यक छैन। - गस्पल वर्कर्स, ९०।

पास्टरहरूले आफ्नो आवाज तथा भाषण कलालाई यस्तरी तालिम दिनुपर्दछ छ कि त्यसलाई उच्च खुबीको साथ प्रयोग गर्न सकुन्- परमेश्वरको वचन र शिक्षादीक्षा दिन परिश्रम गर्नेहरूले आफ्नो आवाज र भाषाको शैलीमा पक्का बनाउन प्रयत्न गर्नुपर्दछ। आफ्नो दिमागमा भएको भावनाहरूलाई व्यक्त गर्ने कलामा ठूलो प्रभाव हुन्छ, तैपनि धेरैले आफ्ना बोल्ने आवाजको कलालाई तालिम दिएको हुँदैन ताकि त्यसलाई उच्च खुबीको साथ प्रयोग गर्न सकोस्। यस मामिलामा येशू हाम्रो उदाहरण हुनुहुन्छ। उहाँको आवाज सङ्गीतको धुन जस्तै थियो, उहाँले कहिल्यै पनि चिच्याउनुभएन। जब उहाँले मानिसहरूलाई बोलिरहनुहुन्थ्यो उनका वचनहरूमा कुनै तनाव थिएन न त कस्सिएको हुन्थ्यो। उहाँले छिटोछीटो बोल्नु भएन। उहाँलाई बुझ्न कठिन हुने गरेर उहाँले बोल्नु हुँदा धेरै शब्दजालहरू हुँदैनथ्यो। सबैले सुन्न र बुझ्न सक्ने गरेर उहाँले प्रत्येक शब्द स्पष्टरूपमा उच्चारण गर्नुहुन्थ्यो

अर्थात् उहाँ स्पष्ट वक्ता हुनुहुन्थ्यो। उहाँलाई सुन्नेहरूले नै यो गवाही दिएका थिए, "यस मानिसले जस्तै अरू कुनै मानिसले बोलेको छैन।" - द रिभ्यु एण्ड हेराल्ड, मार्च ५, १८९५।

प्रवचन बोल्ने लम्बाइ

मानिसहरूले याद गर्न सक्नेभन्दा धेरै लामो प्रवचन दिनुहुँदैन- यस समयमा प्रस्तुत गर्ने सन्देश लामो नहोस्। प्रवचन दिने विषयमा अध्ययनशील हुनुपर्दछ, तर प्रवचन दिने समयमा छोटो र ठिक विषयबस्तुलाई औँल्याउने खालको हुनुपर्दछ। लामो लामो प्रवचनहरूले वक्ताको शक्तिलाई कमजोर बनाउँछ र सुन्ने मानिनहरूको धैर्यता पनि खस्किन्छ। यदि वक्ताले आफूसँग महत्त्वपूर्ण सन्देश छ भनेर महसुस गर्छन् भने उनले आफ्नो शारीरिक शक्तिलाई थकित पार्ने गरेर नबोल्न होशियार हुनुपर्दछ, र मानिसहरूले सम्झन सक्ने भन्दा बढि बोल्नुपनि हुँदैन। - गस्पल वर्कर्स, १६७।

यदि प्रवचन लामो भयो भने पछिल्लो भागले पहिलो भागलाई बिर्सिदिन्छ- छोटो वचन दिनुपर्दछ। पास्टरहरूका प्रवचनहरू प्रायजसो चाहिनेभन्दा दोबर लामो खालका हुन्छन्। वचनको स्वादलाई नबिर्साउन वचनहरूलाई छोटो र मिठो बनाउन सक्छ। जब प्रवचन लामो हुन्छ तब पछिल्लो भागले पहिलो भागको प्रभाव र चासोलाई बिचलित पार्दछ। वचन प्रचार गर्दा यताउति घुमाउने बानी बसाल्नुहुन्न, तर विषयलाई ठिक र चिटिक्क पार्ने गरेर औँल्याएर टुङ्ग्याउनुपर्दछ। - टेस्टिमोनिज टु मिनिस्टर्स एण्ड गस्पल वर्कर्स, ३११।

प्रवचनको सुरुमा सम्बोधन गर्ने विषयबस्तु त्यसलाई टुङ्ग्याइएको समयको भन्दा महत्त्वपूर्ण हुन्छ- परमेश्वरको प्रवक्ता भनेर महसुस गर्नेहरूले आफ्ना ओठहरू बेदीबाट जलिरहेको आगोले छोएको छ भन्ने आभास् पाउनुपर्दछ, र सत्यलाई प्रस्तुत गर्ने

बेलामा पवित्र आत्माको उपस्थिति भएको देखाउनुपर्दछ। तर लामो लामो प्रवचनहरू वक्ताहरूलाई नै धेरै थकान र पेलान गर्दछ र सुन्नैहरूको धैर्यता पनि गुमाउँछ। वक्ताले बोलेका आधा सम्बोधन जति उपयुक्त हुन्छ उनले लामो भाषण गरेर धेरै शब्दका गुच्छाहरू बुनेर थप समय लिएर बोलेको त्यति फाइदा हुँदैन। कतिपय समयमा बोलेका वचनहरू थोरै भएपनि गहन र सोचनिय हुन्छन्। - टेस्टिमोनिज टु मिनिस्टर्स एण्ड गस्पल वर्कर्स, २५६।

अध्याय ३४
पवित्र विवाह

प्रथम पवित्र विवाहमा स्वर्गदूतहरू सरिक भएका थिए- मैले धेरै पल्ट पढेको छु: "विवाह चिट्ठा हो" वा "भाग्यको खेलबाड।" कतिपले यस कथनलाई विश्वास गरेको देखिन्छ र तिनीहरूको दाम्पत्य जीवनले त्यसको चरितार्थ गरेर देखाउँछ। तर सत्य वा सकल विवाह चिट्ठा होइन (न त भाग्यको खेल)। आदमको सृष्टिपछि परमेश्वरले भन्नुभयो, "मानिस एक्लै रहनु ठिक छैन: मैले उसलाई सुहाउँदो सहायोगी बनाउनेछु।" जब परमेश्वरले हव्वालाई आदमको सामु प्रस्तुत गर्नुभयो तब त्यस समारोहमा साक्षी बस्न परमेश्वरका स्वर्गदूतहरू थिए। तर वर्तमान परिप्रेक्ष्यमा विवाहको समारोहमा केवल थोरैलेमात्र श्रीमान र श्रीमती एक हुन् भनेर प्रभुले उच्चारण गर्नुभएको आशिषलाई आत्मसात् गरेको पाइन्छ। केवल मुखले मात्र औपचारिकरूपमा विवाहको बेलामा खाएको सपथले दुई जना एक हुनैपर्छ भन्ने छैन। विवाहपछिको जीवनले तिनीहरू एक आपसमा मिसिएको हुनुपर्दछ। यदि एक आपसमा हृदयदेखि नै सच्चा र पक्का स्नेहमा दम्पत्ति गुटमुटिएको छ भने पवित्र विवाह साँच्चिकै सुखी र आनन्दमय जीवन हुनुसक्छ।- म्यानुस्क्रिप्ट रिलिजेज्, १०:१८४।

विवाहको समारोहमा येशू सरिक हुनुहुँदा उहाँ पूर्णरूपमा सहानुभूति दिएर निश्चल आनन्दित हुनुभएको थियो- विवाहमा सरिक हुनुभएर येशूले विवाहको समारोहलाई सम्मान गर्नुभएको थियो। जुन रूपमा सक्रिय हुनुभएर विवाहको समारोहमा भाग लिनुभएको थियो त्यसले यो प्रमाण दिँदछ कि परिवार र पाहुनाहरूको खुशियालीमा बादल ल्याउन उहाँ आउनुभएको होइन। उहाँको उपस्थितिले यो जनाउनुभएको थियो कि विवाहको संस्थासँग आफू

तालमेल हुनुभएको छ। शुद्ध, खुशियाली, प्रिय र असल समारोहमा आफ्नो पवित्र आशिष छ भनेर येशूले देखाउनुभएको थियो। - म्यानुस्क्रिप्ट रिलिजेज् १०:२०६।

विवाहको समारोहमा सरिक हुनुभएर आफ्नो सेवाकार्य सुरु गर्नु भएकोले यो देखाएको थियो कि मानिसहरूको खुशियाली र सुखको निम्ति उहाँले सेवा गर्न चाहनुहुन्छ- यरुशलेमको सानहिड्रन परिषदबाट कुनै महान् काम गरेर येशूले आफ्नो सेवाकार्य सुरु गर्नुभएको थिएन। तर सानो गालिलको गाउँको घरमा जम्मा भएका मानिसहरूको वैवाहिक भोज समारोहमा आफ्नो शक्ति देखाएर उहाँ आनन्दित हुनुभएको थियो। यसरी मानिसहरूको खुशियालीप्रति उहाँ संवेदनशील हुनुभएको र तिनीहरूको खुशीको निम्ति सेवा गर्न आफू तत्पर रहेको उहाँले देखाउनुभएको थियो। उजाड स्थानमा भएको परीक्षामा उहाँ आफैले दु:खकष्टको कचौरा पिउनुभएको थियो। मानिसहरूलाई आशिषको कचौरा दिन उहाँ आउनुभएको थियो। मानव जीवनको सम्बन्धलाई पवित्र पार्न उहाँले आशिष दिनुभएको थियो। - द डिजाएर अभ एजेज, १४४।

आफ्नै घरमा भएको विवाह समारोहमा दिदीमाँ एलेन जी ह्वाइट सहभागी हुनुभएको थियो- मङ्गलबार ११ वजे बिहान हाम्रो ठूलो भान्सा कोठामा विवाह समारोहको निम्ति तयार पारिएको थियो। भाइ स्टारले त्यस समारोहको संचालन गर्नुभएको थियो र त्यो समारोह रमाइलो तरिकाले सम्पन्न भयो। दिदीमाँ एलेन जी ह्वाइटले विवाह समारोहको समापनमा प्रार्थना गरियोस् भनेर भाइ हिलक्सले अनुरोध गरेका थिए। परमेश्वरले मलाई विशेष स्वतन्त्रता दिनुभयो। परमेश्वरको आत्माले मेरो हृदय नरम र कोमल भएको थियो। यस समारोहमा कुनै हँसीठट्टा वा कसैको मजाक उठाउने वातावरण थिएन। विवाह समारोहसँग सम्बन्धित सबै कार्यक्रम पवित्र र गम्भीर थियो। सबै थोक उच्च र आदर्शमय स्वभावको थियो र सबैमाथि गहिरो प्रभाव परेको थियो। - म्यानुस्क्रिप्ट रिलिजेज १०:१९६।

विवाहको समारोहमा एलेन जी ह्वाइटले दिनुभएको वचनमा सबै थोक तालमेल गरेर एक हुन अनुरोध गरिएको थियो- अब म यस भाइको हात समात्न समय लिएको छु...हामी तपाईंको हातमा साथ दिन्छौं; उनको श्रीमती र उनी मिलेर एक हुँदै परमेश्वरको काममा अघि बढ्न म अनुरोध गर्दछु। परमेश्वरलाई नै तपाईंहरूको सल्लाहकार बनाउनुहोस्। तपाईंहरू दुवै जना मिसिएर एक हुनु होस्। - द एडभेन्टिस्ट होम, १०२।

पवित्र विवाह समारोह पवित्र कार्यक्रम हो, यसबेला हँसीठट्टा गर्ने समय होइन- विवाह समारोहमा हँसी ठट्टा र मजाक उठाउने जस्तो वातावरण कहिल्यै पनि उपयुक्त नभएको देखिएको छ। यो सामाजिक रमझमको कार्यक्रम होइन। अहँ। यो विधि परमेश्वरले नै नियुक्त गर्नुभएको हो, र यसबेला ठूलो आत्मिक अस्तित्व भएको अनुभव गर्नुपर्छ। विवाहको मामला गम्भिर छ। जब यस पृथ्वीमा पारिवारिक सम्बन्ध स्थापना हुन्छ, तब यसले स्वर्गमा कस्तो परिवार हुनेछ भनेर देखाउनुपर्दछ। पारिवारिक जीवनमा परमेश्वरको इज्जत र महिमाले प्राथमिकता पाउनुपर्दछ। - द एडभेन्टिस्ट होम, १०१।

धेरै तडकभडक र फजुल खर्च गरेर विवाह सम्पन्न गर्नु हुँदैन- विवाह समारोहमा कतिपयले आफ्नो प्रतिष्ठा र सम्पन्नता देखाउँछन् र मानिसहरूलाई प्रभाव पार्न खोज्छन्। अनेकौ फजुल खर्च गरेर मानिसहरूलाई संतुष्ट पार्न भोजभतेर गर्दछन्। विवाह गर्ने जोडी परिवार धार्मिक विधि र व्यवहारमा सहमत भयो भने सबै थोक तालमेल गरेर चल्नुपर्दछ। विवाहको समारोह देखावटी र फजुल खर्च नगरि सम्पन्न गर्ने भन्ने सहमतीमा आउनुपर्दछ। यस युगमा पवित्र विवाह परमेश्वरलाई अप्रसन्न पार्ने खालको हुनुहुँदैन। - द एडभेन्टिस्ट होम, १००

भाग ६

पास्टरले गर्नुपर्ने स्याहार र आत्मिक पालन पोषण

अध्याय ३५

चर्चमा नयाँ सदस्यहरूलाई ग्रहण गर्नु

सुरुमा जोश देखाएर प्रचार गरेर मानिसहरूलाई उत्तेजित पारेर चर्चमा हुल्दछन् तर पछि तिनीहरूको आत्मिक जीवनलाई लथालिङ्ग पार्ने पास्टरहरूलाई त्यो कामबाट अलग राख्न आवश्यक हुन सक्छ- सत्यलाई ग्रहण गर्ने सबैले परमेश्वरको महिमाको निम्ति फल फलाउनुपर्छ भनेर पास्टरहरूले सिकाउनुपर्दछ। दिनदिनै स्वार्थ त्याग गर्नुपर्छ भनेर चर्चका सदस्यहरूलाई तिनीहरूले सिकाउनुपर्दछ; धेरै अति प्यारो भएर हृदयमा सजाएर राखेकाहरू त्याग्नुपर्छ भनेर तिनीहरूले सिकाउनुपर्दछ र कतिपय काम तथा कर्तव्यहरू मन नपरेतापनि गर्नुपर्छ तिनीहरूलाई सिकाउनुपर्दछ। उद्योग, व्यापार, सामाजिक क्षेत्रमा आफ्नो मान खोजेर रमाइलो गर्ने मोह, लोसे पाराले चल्नु वा चल्तापूर्जा नभइ चल्ने आदत, सम्मान र कदर खोज्नु, आफ्नो इज्जत खोज्नु सबै थोक ख्रीष्टको प्रभुत्त्वमा हुनुपर्छ। विश्वासीहरूको सबै कामकार्वाही र व्यवहारमा ख्रीष्टले प्राथमिकता पाउनुपर्दछ अर्थात् उहाँलाई इज्जत दिने खालको हुनुपर्दछ। धर्मपरायणतामा फुर्ती नहुने तर जोशले मानिसहरूको चासोलाई हल्लाउने तर आत्मिक क्षेत्रमा लथालिङ्ग छोड्ने पास्टरहरू असफल मान्नुपर्दछ। तिनीहरूको काम पूरा नगरि छोड्दा अरूहरूले पूरा गर्न तिनीहरूलाई मुश्किल हुन्छ। यी पास्टरहरू कस्तो हुन् तिनीहरूकै क्रियाकलापले देखाउँछ। यदि तिनीहरूले आफ्नो काम लगनशील र विश्वाससाथ सम्पन्न गरेन भने विस्तारै तिनीहरूलाई निकम्मा र विश्वासघाती पहरेदार भनेर अलग पारिनेछ। - टेस्टिमोनिज फर द चर्च ४:३१७।

नयाँ विश्वासी सदस्यहरूले केही न केही गर्न दिनुपर्छ- जो विश्वासीहरू सक्रियरूपमा मानिसहरूलाई येशू ख्रीष्टकहाँ ल्याउन चासो देखाउँछन् तिनीहरूको आत्मियता र ईश्वरभक्तियता उत्कृष्टरूपमा विकाश हुन्छ। तिनीहरूको सक्रिय कामले नै तिनीहरूको आत्मियतालाई देखाउँदछ। धेरै ज्ञानगुणबाट पाएको धर्मको गहिन्याइ हराउने खतरा छ। लामो लामो प्रवचनहरूको सट्टामा विश्वासमा नयाँ आउनेहरूलाई बरु बौद्धिक शिक्षादिक्षा दिनु आवश्यक भएको पास्टरहरूले महसुस गर्नुपर्दछ। केही न केही काम जिम्मेवारी दिएर तिनीहरूलाई सिकाउनुपर्दछ। कुनै न कुनै आत्मिक जिम्मेवार तिनीहरूलाई दिनुपर्दछ ताकि तिनीहरूले पाएको पहिलो प्रेम नगुमाओस् र आफ्नो आत्मिक जीवनप्रति तिनीहरूको चासो बढोस्। तिनीहरू चर्चकै ईसारा र भरोसामा चल्ने परनिर्भर हुने प्रवृत्तिबाट स्वावलम्बन बनाउनुपर्छ। सत्यमा नै जग बसालिएर चल्न सक्ने तिनीहरूलाई बनाउनुपर्दछ। चर्चका विभिन्न सदस्यहरूको विभिन्न प्रतिभा, खुबी र चासोहरू हुन्छन्। तिनीहरूलाई कुनै न कुनै रूपमा चर्चलाई सहयोग गर्न उपयोग गरेको भए तिनीहरू परमेश्वरको नजिक आउन सक्छन्। तिनीहरू चर्च वा मिशनको बाहिर नै बसेर आ-आफ्नो खुबी अनुसार परमेश्वरको महिमाको निम्ति सक्रिय भए तिनीहरू आफ्नो मात्र होइन चर्चकै फाइदाको निम्ति पनि काम गरिरहेको देखाउन सक्छन्। - इभान्जलिजम, ३५६, ३५७।

शिक्षादीक्षामा जग बसाल्न दिन

एडभेन्टिस्टको विशेष शिक्षादीक्षामा मानिसहरूको जग बसाल्नु नयाँ विश्वासीहरू सत्यमा पूरा र बलियो हुन बाइबल अध्ययन गराउनुपर्छ- सबैलाई अगुवाइ गर्ने र नियन्त्रण गर्ने येशूतिर मानिसहरूको दिमाग लगाउन प्रयास गर्नुपर्छ। विश्वासमा भर्खर आएकाहरूका निम्ति येशू नै आत्मिक शित र मन्ना हुनुहुन्छ। उहाँमा कुनै अन्धकार छैन। आत्मिक समझमा सजिएका पास्टरहरूले तिनीहरूलाई

बाइबल सिकाउनु पर्दछ। पवित्र आत्माको शक्तिमा कसरी सुम्पिने सो सिकाउनुपर्दछ। यदि तिनीहरू सत्यमा पूर्णरूपमा बलियोसँग जग बसालिए तिनीहरूबाट नै परमेश्वरको शक्ति प्रकट गरिनेछ। -इभान्जलिजम, २८४।

नयाँ विश्वासीहरूसँग विशेष सङ्गति गर्नुपर्छ- जो विश्वासीहरू जवानहरूभन्दा ठूलो भएकाछन् तिनीहरू बाइबलीय सत्यको बारेमा अझ राम्रोसँग बुझ्नुपर्छ भन्ने मनशाय हुनुपर्दछ। तिनीहरूको निम्ति चर्चको पास्टरले गर्नुपर्ने कर्तव्य छ। के तिनीहरूमा बाइबलसम्मत नभएका गलत आनीबानी र व्यवहार छन्? यस खालका विश्वासीहरूको निम्ति पास्टरले विशेष सङ्गति गर्नुपर्दछ। तिनीहरूलाई बाइबल पढ्न दिनुपर्दछ, तिनीहरूसँग कुराकानी गरेर प्रार्थना गर्नुपर्छ र तिनीहरूमाथि परमेश्वरको दावी के छ सो सिकाउनुपर्दछ। आमूल र मौलिक आत्मपरिवर्तन हुने भनेको केहो सो बाइबलबाट तिनीहरूलाई देखाउनुपर्दछ। परमेश्वरमा रहेको जीवनको फल के हो र तिनीहरूले उहाँलाई प्रेम गर्छन् भन्ने प्रमाण के छ सो देखाउन सिकाउनुपर्दछ। सत्य आत्मपरिवर्तन भनेको हृदय, सोचबिचार र लक्ष्यहरूको परिवर्तन हो भनेर तिनीहरूलाई देखाउनुपर्दछ। खराब आदत र बानीहरू त्याग्नुपर्दछ। अरूहरूको कुरा काट्ने, खराब बोलीहरू बोल्ने, डाहा र ईष गर्ने र परमेश्वरको नीतिहरूलाई वेवास्ता गर्ने जस्ता प्रवृत्तिहरू छोड्नुपर्दछ। आफूमा भएको प्रत्येक खराब तत्व र नियतहरूलाई निकाल्न आफैसँग युद्ध गर्नुपर्दछ। विश्वास गर्नेले येशूले भन्नुभएको यो प्रतिज्ञालाई दावी गर्न सक्नुपर्छ, "माग त म तिमीहरूलाई दिनेछु।" - टेस्टिमोनिज फर द चर्च ६:९५।

नयाँ विश्वासीहरूलाई बाइबल अध्ययन गर्न सिकाउनुपर्दछ- सबै नयाँ विश्वासीहरूलाई यो सत्यले प्रभावित पार्नु जरुरी छ: यदि लगनशील र प्रयत्नशील भएर इमान्दारपूर्वक हृदयदेखिनै परमेश्वरको वचनप्रति मोह भएर बाइबल अध्ययन गर्यो भने तिनीहरू निरन्तररूपमा ज्ञानले सजिएको हुनेछौ। प्रायजसो भर्खर विश्वासमा आएकाहरू र

बप्तिस्मा लिएकाहरू पहिले नै बाइबल मेहनत गरेर पढेको हुँदैन। कतिपय लोकप्रिय चर्चहरू जहाँ जोशको भरमा येशूलाई विश्वास गर्न उक्साउँछन् तिनीहरूले परमेश्वरको वचन अध्ययन गर्न कमै जोड दिन्छन्। त्यस्ता खालका चर्चहरूका विश्वासीहरू पास्टरहरूमा नै भरपर्छन् र पास्टरहरूले नै बाइबल अध्ययन गरेर तिनीहरूलाई सिकाओस् भन्ने चाहन्छन् अर्थात् आफै पढ्न मन लगाउँदैनन्। -इभान्जलिजम, ३६७।

पढ्ने बानी बसाल्यो भने सत्यमा जग बसाल्न सहयोग गर्दछ- कतिपय समयमा पास्टरले विश्वासपूर्वक मेहनत गरेर प्रवचन दिन्छन्, तर उनले सिकाएको सबै वचन मानिसहरूको दिमागमा अड्केर बसेको हुँदैन। त्यसकारण छापीएका आत्मिक पुस्तक, पत्रिका र पर्चाहरू पढ्ने बानी बसाल्नु धेरै महत्त्वपूर्ण छ। ती पढेर महत्त्वपूर्ण सत्यप्रति मानिसहरूको आत्मिक जागरणमात्र हुँदैन तर सत्यमा नै जरा गाडिएर स्पष्टरूपमा अडिग हुन सहयोग गर्दछ। संसारमा धोखा दिने खालका विभिन्न भ्रामक दर्शन, वाद, र गलत तर्कहरू छन्। तर येशूमा केन्द्रित पुस्तक र पठन सामग्रीहरू परमेश्वरका माध्यमहरू हुन् जसले मानिसहरूलाई आत्मज्ञानमा निरन्तररूपमा आँखा लगाइराख्छन्। मानिसहरूलाई आत्मज्ञानको ज्योति दिन र तिनीहरू सत्यमा हिँडिरहेकाछन् कि छैनन् भनेर अनुमोदन गरिराख्न हाम्रा प्रकाशन सामग्रीहरूले ठूलो भूमिका खेल्छन्। आकलझुकलमात्र बाइबलको वचन सुनेर विश्वासमा लाग्नुभन्दा आफैले पढेर विश्वासमा अडिग भएर बस्ने विश्वासीहरूको विश्वास अटल हुन्छ। - टेस्टिमोनिज फर द चर्च ६:३१५।

शिक्षादीक्षा दिने क्रममा चारवटा विषयबस्तुहरूमा प्रायजसो वेवास्ता गरेको पाइन्छ- पास्टरहरूले प्रायजसो यी विषयबस्तुहरूलाई वेवास्ता गरिएको पाइन्छ, स्वास्थ सुधार, आत्मिक बरदान, नियमित उदारता र सुसमाचार प्रचारको निम्ति गठन भएका महान् निकायहरू। पास्टरहरूको परिश्रमले धेरै मानिसहरू सैद्धान्तिक रूपमा सत्यलाई

अंगाल्न सक्छन्, तर समय बित्दै जाँदा तिनीहरूले सत्यलाई आफ्नो जीवनमा प्रमाणित गरेर देखाउन नसक्ने हुन्छन्। पास्टरले जग त बसाल्यो तर त्यो जगले मानिसहरूलाई परमेश्वरको वचनमा अड्काउन सकेन भने त्यो जग पराल, दाउरा र ठुटाठाटाहरूमा बसालेको हुन्छ। त्यसको फलस्वरूप अलिकति दु:खकष्ट, परीक्षा आयो वा आफ्नो मान पाएन भने ती जगहरू आगोले भष्म हुन्छ। यदि कोही विश्वासीहरू सुन, चाँदी र बहुमूल्य पत्थर भएर प्रमाणित गर्न सके भने तिनीहरू सत्यलाई जसरी भएपनि पक्रेर राख्ने हुन्छन्। यदि नयाँ विश्वासहरूलाई सत्य सिकाउने शिक्षकहरूले जे सिकाउनुपर्ने थियो त्यो सिकाएर त्यस सत्यप्रति ती विश्वासीहरूको जिम्मेवार के छ सो पनि सिकायो भने पछि गएर विश्वासमा पछि हट्न चाहनेहरू पनि झस्केर परमेश्वरमा आउन सक्ने हुन्छन्। हल्का पाराले चर्च चलाउने कतिपय पास्टरहरू सरुवा भएर जान्छन् अनि अर्को पास्टर आउँछन्। यस पास्टरले परमेश्वरप्रतिको गहिरो श्रद्धा, व्यवहारिक ज्ञान र आफ्ना जनहरूप्रति परमेश्वरको दावी कस्तो छ भनेर सिकाउन थाल्दा कतिपय विश्वासीहरू यसो भनेर हच्किन्छन्, "खोइ, हामीलाई सत्यमा ल्याउने हाम्रो पास्टरले त ती कुरा सिकाएनन्। हामीलाई त धोखा पो दिए। ती सत्यहरूलाई त्यस पास्टरले लुकाइ पो राखे।" अनि कतिपय समयमा त बाइबलप्रति पनि चासो नदेखाउन सक्छ। कतिपयले दशांस दिनेको कुरालाई अस्वीकार गर्छन्; नियमितरूपमा उदारचित्तले दिने कुराप्रति वेवास्ता गर्छन् र भन्छन् "यो चर्चले देऊ देऊमात्र भन्छन्" भनेर चर्च पनि छोडेर सत्यलाई विश्वास गर्ने र प्रेम गर्नेसँग हिँडन् पनि छोड्छन्। जब तिनीहरूलाई सुमाचार सुनाउने बाटो खोलिदियो भने तिनीहरूले यो पनि भन्छन्, "खोइ, त्यस्तो काम गर्न त हामीलाई सिकाएनन्," अनि त्यसका कार्यमा संलघ्न हुन तिनीहरू पछि हट्छन्। यदि पास्टरहरूले विश्वासपूर्वक र पक्का गरेर ती नयाँ विश्वासीहरूलाई ती महत्त्वपूर्ण विषयहरूको बारेमा शिक्षित बनायो भने चर्चमा थोरै भएपनि तिनीरहरू चर्चको प्रगतिको निम्ति परिश्रम गर्न सक्ने हुन्छन्।

- द रिभ्यु एण्ड हेराल्ड, डिमेम्बर १२, १८७८।

नयाँ विश्ववासीहरूले तिनीहरूको पास्टरको अनुसरण गर्दछन्

काँचो इसाई वा भर्खर येशूलाई विश्वास गर्नेहरूले तिनीहरूको पास्टरको अनुसरण गर्दछ जब पास्टरहरू परमेश्वरसँगसँगै हिँड्छन् तब तिनीहरूको सक्रियतामा येशूलाई विश्वास गर्नेहरूले तिनीहरूको आत्मियता र मिजासको अनुसरण गर्दछन् भर्खर येशूलाई विश्वास गरेकाहरू विश्वासमा काँचै हुन्छन्। तिनीहरूको आत्मिक जीवनको स्तर तिनीहरूका पास्टरहरू भन्दा माथि कमै हुन्छन्। त्यसकारण, ती शिक्षकहरूको आदत नै परमेश्वरमाथि भरोसा राख्ने हुनुपर्दछ। आफूले परिश्रम गरेर येशूलाई विश्वास गर्नेहरूमा परमेश्वरको शक्ति प्रकट होउन् भनेर पास्टरहरूले निरन्तररूपमा प्रार्थना गर्नुपर्दछ। ती नयाँ विश्वासीहरू नम्र, कोमल होस्, आफ्नो मान नखोज्ने होस्, अध्यात्मिक दिमाग होस् र परमेश्वरसँग निरन्तररूपमा सञ्चार जारी रहोस् भनेर पास्टरहरूले कामना गरिरहनुपर्दछ। अनि ती नयाँ विश्वासीहरू पास्टरहरूको मातहतमा रहेर तिनीहरूकै आत्मिक जीवन र मिजासमा सहभागी हुनेछन् र तिनीहरूका अनुग्रह अर्थात् चरित्रहरूको नक्कल गर्न सक्नेछन्।
- द रिभ्यु एण्ड हेराल्ड, अगस्ट ८, १८७८।

यथास्थिति अवस्थामा नयाँ विश्वासीरूले आफ्नो माया र स्नेह येशूलाई भन्दा तिनीहरूको पास्टरमाथि राख्न सक्छन- पास्टरप्रति सराहना र उनको तारिफ गर्यो भन्दैमा उनी परमेश्वरको आत्माले प्रभावित भएको छ भन्न सकिन्दैन वा उनको तारिफ गर्ने प्रवचन परमेश्वरको आत्माबाट प्रेरित भएको छ भन्न सकिन्दैन। प्रायजसो नयाँ विश्वासीहरू येशूभक्तभन्दा पास्टरभक्त हुन सक्छन्। त्यसकारण, यदि तिनीहरू होशियार भएन भने तिनीहरूको माया, भक्ति र नजर येशूलाईभन्दा तिनीहरूको पास्टरमाथि राखिन सक्छ। पास्टरको

परिश्रम वा प्रयासले तिनीहरूले ठूलो फाइदा पाएको तिनीहरूल महसुस गर्दछन्। आफूहरूभन्दा पास्टरमा असाधारण खुबी र शोभाहरू भएको तिनीहरूको दिमागमा घुसाएका हुन्छन्। उनी जस्तो अरू कोही पनि छैन भनेर तिनीहरूले तारिफ गर्ने हुन्छ। त्यसको फलस्वरूप मानिस र उसका परिश्रमहरू वा स्वभावहरूप्रति विश्वासीहरू अनावश्यकमा तासिन पुग्छन्। यसले आफ्नो पास्टरलाई आइडल, नक्कल गर्नुपर्ने आदर्श व्यक्तिमा लिन्छन्। यो प्रवृत्तिले मानिसहरूलाई परमेश्वरलाईभन्दा पास्टरलाई उच्च स्थानमा राख्न गएको हुन्छ। यसरी पास्टरले विश्वासीहरूलाई परमेश्वरतिर तान्नुभन्दा आफूतिर तान्ने वा आकर्षित गर्ने मिजासप्रति परमेश्वर प्रसन्न हुनुहुन्न न यस खालको पास्टर परमेश्वरको अनुग्रहमा बढ्न सक्छन्। विशेष गरेर सुसमाचार प्रचारको निम्ति योग्य हुन थालेका युवा पास्टरले विश्वासीहरूलाई आफूतिर टाँस्न लगाउने वा आकर्षित गर्ने प्रवृत्तिले आत्मिकरूपमा ठूलो हानिकारक छ।-इभान्जलिजम, ३३०।

अध्याय ३६
चर्च अनुशासन

अनुशासनको आवश्यकता

चर्चमा दुष्ट तथा गलत तत्वहरूलाई सच्चाउन नचाहने पास्टरहरूले लेखा दिनुपर्दछ- चर्चका कतिपय सदस्यहरूमा आलस्यपना छ र तिनीहरूले गलत कामहरू गरिरहेकाछन् भने पास्टरहरूले सच्चाउन खोज्नुपर्दछ। परमेश्वरको चर्च वा परिवारलाई शुद्ध राख्न पास्टरहरूले चासो देखाउनुपर्दछ। चर्चलाई गरिमामय स्थानमा नराख्दा त्यहाँ खराब तत्वहरू घुस्न सक्छन्। यदि पास्टरहरूले चर्चलाई निष्कलङ्क राख्न वेवास्ता गरे त्यसको लेखाजोखा परमेश्वरको सामु बुझाउनुपर्ने हुन्छ। यदि हामी चर्चको अभिभावक भएर वा चर्चका बुबाआमा भएर चर्चमा भएका दुष्ट कुराहरूलाई टुलुटुल हेरेर बस्ने भयौँ भने हामी आफै पनि त्यही खराब तत्वहरूसँग सहभागी भइरहेको प्रमाणित गर्नेछ। - पाट्रियार्क एण्ड प्रोफेटस्, ५७८।

गलत प्रवृत्ति र तत्वहरूलाई निर्मूल पार्ने अभियान आमरूपमा कहिल्यै नहोला- यस संसारमा वा चर्चमै भएका गलत प्रवृत्ति, पाप र खराब तत्वहरूलाई निर्मूल पार्ने अभियान आमरूपमा कहिल्यै नहोला। तर अनुशासित र सुधारिएको जीवन बिताउने आवाजलाई मत्थर पार्नुहुन्न। धार्मिकताको निम्ति परमेश्वरले अलग गरिएका पास्टरहरूको गम्भिर जिम्मेवारी छ, त्यो हो मानिसहरूका पापहरूलाई पाप भनेर औँल्याएर त्यसलाई सच्चाउन खोज्नु। पावलले तितसलाई यो आदेश दिएको थियो, "यी कुराहरूको घोषणा गर, पूरा अधिकारसहित अर्ती-उपदेश देऊ र हप्काऊ। कसैले तिम्रो अवहेलना नगरोस्।" तीतस २:१५। पापलाई पाप भनेर औँल्याएर हप्काउन आँट गर्नेलाई मानिसहरूले हेला वा तिरस्कार गर्लान्। तर चर्चका

सदस्यहरूलाई आवश्यक परेको खण्डमा तिनीहरूको गलत बाटोलाई औँल्याउनुपर्दछ र हप्काउनु पनि पर्दछ अर्थात् सहि बाटोमा ल्याउन प्रयास गर्नुपर्दछ। पावलले तितसलाई केही वर्गका मानिसहरूलाई हप्काउ ताकि तिनीहरू सम्मिलित र पक्का विश्वासमा रहनसकुन्। मानिसहरूलाई कसरी हप्काउने वा अनुशासनमा रहन अराउने त? पावलले नै जवाफ देऔस्, "सहनशील र सदाशयी भएर शिक्षा, अर्ती दिने गर।" गलत काम गर्नेले आफै परमेश्वरको वचनमा तालमेल गरेर नचलेको स्वीकार गरुन्। तर परमेश्वरका जनहरूले गलत कामहरू गर्छन् भने पास्टरहरू कहिल्यै पनि चुपचाप बस्नुहुन्न। आफ्नो काम जिम्मेवारीपूर्वक गर्दा कसैले आपत्ति जनाएता पनि वा अरूहरूलाई सहि बाटोमा ल्याउन खोज्नु अप्रिय भएता पनि पास्टर भएर त्यसतिर ध्यान दिनु आफ्नो कर्तव्य भएको देखाए भने तिनीहरूले परमेश्वरबाट आशिष पाउनेछन्। - द साइनस् अभ द टाइम्स, सेप्टेम्बर १६, १८८०।

चर्चमा भएका गलत गतिविधिप्रति आँखा चिम्लिने पास्टरहरूलाई सम्मान गर्नु आवश्यक छैन- कसैको चित्त नदुखोस् भनेर आँखा चिम्लेर बस्ने पास्टरलाई कतिपयले कति राम्रो पास्टर त भन्ला तर त्यसले पास्टरलाई मात्र होइन मानिसहरूलाई पनि तहसनहस पार्न सक्दछ। मानिसहरूको गलत आत्मिक क्रृयाकलाप प्रति चुपचाप लागेर बस्ने पास्टरलाई त कतिपयले भगवान नै भनेर आदर गर्लान्। कतिपय समयमा परमेश्वरको विश्वासिलो ईश्वरभक्त सेवकले चर्चका सदस्यहरूको गलत कामलाई औँल्याउँदा त्यस पास्टर ठिक छैन भनेर पनि औँल्याउन सक्छन् किनकि तिनीहरूले आफ्ना कामहरू नै ठिक छन् भनेर अडिग भएर बसेका हुन्छन्। चर्चमा भएका गलत तत्वहरूलाई पास्टरले औँल्याउँछन् र ठिक पार्न खोज्छन्, यसले गर्दा उनमाथि क्रोध पनि बज्रिन सक्छ, र उसको अधिकार र अर्तीहरूलाई ती मानिसहरूले पन्छाउँछन् र कुल्चिन पनि सक्छन्। यस खालका पास्टरहरूलाई हेप्ने बानी औपचारिक इसाई अर्थात् परमेश्वरकै सन्तान

हौँ भनेर दावी गर्नेहरूले गर्दछन्। तर तिनीहरूका हृदयहरूलाई कसले छाम्न सक्छ, तिनीहरूलाई दया, कोमल, नम्र र विश्वासपूर्वक सहि बाटोमा ल्याउन खोज्दा पनि यदि तिनीहरूले वेवास्ता गर्छन् भने? -द रिभ्यु एण्ड हेराल्ड, जुलाई २५, १८९३।

यदि चर्चका सदस्यहरू चरित्रहिन वा कमजोर चरित्रका छन् भने त्यसप्रति पास्टरहरूले बोझ भएको ठान्नुपर्दछ- अरूहरूलाई बाइबल सिकाउने व्यक्तिको के काम हो भनेर हामीले देखाएकाछौँ। यो काम अत्यन्तै गम्भिर र पवित्र काम हो। यस काममा लाग्ने प्रार्थनाका मानिसहरू हुनुपर्दछ। पास्टर भएर हप्ताको एक दिन मानिसहरूको सामु उभेर प्रवचन दिनेमात्र उनको काम होइन। साबथमा प्रवचन दिएपछि खास गरेर उनको काम अब सुरु हुन्छ। उनले पास्टरीय काम गर्नुपर्दछ। उनले सहनशील र सदाशयी भएर मानिसहरूलाई शिक्षादीक्षा दिनुपर्दछ, चाहेको खण्डमा हप्काउनु पर्दछ र अर्ती दिनु पर्दछ। विश्वासीहरूको चरित्रमा के कमजोरीहरू छन् भनेर बाइबलबाट नै स्पष्ट पारेर देखाउनुपर्दछ। यदि ख्रीष्टका अनुयायीहरू हौँ भनेर दावी गर्नेहरूमा चरित्रको खोट छ भने त्यसको बोझ पास्टरमा हुनुपर्दछ। त्यसको अर्थ यो होइन कि उनले परमेश्वरको सन्तानमाथि हैकमवाद चलाउनु पर्दछ। मानिसका दिमागहरूसँग कारोबार गर्ने काम अत्यन्तै मिठो काम हो जुन् मरणशील मानिसलाई सुम्पिएको छ। - सेरमन एण्ड टकस्, १:६१।

मानिसहरूलाई मनमुग्ध पारेर मिठो मिठो प्रवचन दिएर रमाइलो गर्न खोज्ने पास्टरहरूलाई परमेश्वरले निको मान्नुहुन्न- येशू दोस्रो पल्ट आउनुहुँदा अघि अहिले हामी डरलाग्दो समयमा छौँ, त्यसकारण, परमेश्वरका विश्वासीलो गोठालाहरूले बप्तिस्मा दिने यूहन्नाको भन्दा पनि कडा सन्देश दिनु आवश्यक छ। तिनीहरूको सामु महत्त्वपूर्ण र जिम्मेवारीपूर्ण काम छ। जसले मनमोजी खालका सन्देशहरू दिन्छन् तिनीहरूलाई परमेश्वरले आफ्नो गोठालो भनेर मान्नुहुन्न। मानिसहरू चित्त दुखाउला भनेर तिनीहरूलाई

खुशी पार्ने खालका प्रवचन दिनेहरू धिक्कारका पात्रहरू हुन्। -टेस्टिमोनिज फर द चर्च १:३२१।

चर्चले कायम गर्नुपर्ने अनुशासन रमाइलो नहोला तर यो सुसमाचार प्रचार सेवाको आवश्यक भाग हो- पावलले तिमोथीलाई वचन प्रचार गर भनेर आह्वान गरेका थिए, तर त्यहाँ अर्को काममा पनि उनलाई जिम्मा दिएका थिए,- "हप्काउ, सम्झाउ र सहनशील र सदाशयता अपनाएर शिक्षा र अर्ती देऊ।" आफ्नो सुरक्षाको ख्यालमा राखेर यो काममा वेवास्ता गर्नुहुन्न। मौसममा होस् वा वेमौसममा होस् पास्टरहरू तयार हुनुपर्छ। मानिसहरूको आत्मिक जीवनप्रति चनाखो हुनुपर्छ किनकि पास्टरहरूले तिनीहरूको हिसाबकिताब दिनु पर्छ। तिनीहरू धेरै होशियार हुनुपर्दछ। सबै कुराहरूप्रति तिनीहरू चनाखो हुनपर्छ। सैतानले फसाउने विभिन्न उपायहरूप्रति तिनीहरू सजग हुनुपर्दछ, नत्र पास्टरहरूनै आफूले गर्नु नहुने काममा फस्न सक्छन्। गार्हो छ भन्दैमा पास्टरहरू निराश हुनुहुँदैन न त त्यसले थिच्न दिनुपर्छ। विश्वासमा दर्हिलो भएर दिमागलाई ठिक ठाउँमा राख्दै आफ्ना चरित्रहरूलाई ठेगानामा राख्नुपर्छ। समस्याहरूको सामना गर र तिनीहरूलाई जित्न खोज्नुपर्छ जसले गर्दा तिनीहरूले उल्लखेनीय अनुभवहरू प्राप्त गर्न सक्छन्। - द रिभ्यु एण्ड हेराल्ड, सेप्टेम्बर २८, १८९७।

स्वभावैले नरमाइलो होला तर पास्टरले चेतावनीहरू दिनुपर्छ, पापहरूको निन्दा गर्नुपर्छ र गलत कामहरू सच्याउनु पर्दछ- आवश्यक परेकाहरूलाई कतिपय समयमा स्पष्ट र सरलरूपमा तितो सत्य बोल्नुपर्ने हुन्छ। जब परमेश्वरले आफ्ना गोठालाहरूलाई उहाँको काम सुम्पिनु हुन्छ तब विश्वासीहरूको आत्मिक स्थितिप्रति बोझ हुनुपर्छ किनकि तिनीहरूको लेखाजोखा पास्टरहरूले दिनुपर्छ। जब आवश्यक भएका चेतावनीहरू दिन्छन्, पापहरूको निन्दा गर्छन्, गलत काम र त्रुटीहरू सच्याइन्छ ती चर्चको मञ्चबाटमात्र होइन व्यक्तिगतरूपमा पनि परिश्रम गर्नुपर्दछ। यो ईश्वरीय काम हो। पास्टरहरूको निम्ति यो रमाइलो काम त होइन तर मानिसहरूको कानमा सिधा सत्य

भन्नै पर्ने हुन्छ जो तितो सत्य पनि हुन जान्छ र मानिसहरूले सुन्दा झस्किन पनि सक्छन्। परमेश्वरलाई प्रेम गर्नुभन्दा मनमौजीमा व्यस्त हुनेहरूको मनस्थितिलाई उघार्नै पर्दछ। तिनीहरूले आफ्नो जीवन खतरा र जोखिममा पारिरहेका हुन्छन् र तिनीहरूको निम्ति बिनाश पर्खिरहेको हुन्छ। तिनीहरूले पाउनु पर्ने सन्देश नरमाइलो होला र स्वभावैले चुप लाग्न चाहन्छ होला र सुन्नेहरूले निको नमान्ला तर पाप, गलत तत्व र खराब कुरो चर्चमा फैलिरहेको छ भने त्यसलाई उचित तवरले गम्भिर भएर सम्बोधन गर्नै पर्छ। द रिभ्यु एण्ड हेराल्ड, सेप्टेम्बर ६, १८९२।

जब चर्चका विश्वासीहरू पाप गरेर खस्किरहेका हुन्छन् र पास्टरहरूले जानाजानी सहेर चुपचाप बस्छन् तब त्यसले विश्वासीहरूलाई ठूलो नोक्सान पुऱ्याउन सक्छ- विश्वासीहरूको पापहरूलाई सहने र त्यसमा भाग लिने तर तिनीहरूको गलत कामलाई त्यसै छोड्ने सुसमाचारका पास्टरहरूले कतिपय समयमा ठूलो हानी गरिरहेका हुन्छन्। परमेश्वरले नै दोषी ठहऱ्याउनु भएका कतिपय प्रवृत्तिहरूलाई अनेकौँ बहाना बनाएर छोडिदिन्छन्। यस प्रवृत्तिहरूलाई हप्काउन परमेश्वरले दिनुभएको आदेशलाई मत्थर गरिराख्दा पछि गएर पास्टरहरूले तिनीहरूलाई नै तारिफ गर्ने अन्धो बाटोमा लाग्न सक्नेछन्। यसबाट सुरक्षित हुने केवल एउटै उपाय हो ईश्वरीय धैर्यतामा परमेश्वरप्रति श्रदा, उहाँको चरित्र र व्यवस्था थप्नुपर्छ। पास्टरहरूले परमेश्वरप्रतिको भय सधैँ आफूमा राख्नुपर्दछ। तिनीहरू परमेश्वरसँग संवाद जारी राख्नुपर्छ जुन प्रार्थना र बाइबल अध्ययनबाट हुन्छ। हामीमा उहाँको चरित्रको पवित्रताको भावना उब्जाइ राख्नुपर्दछ पापलाई उहाँले देखेको अनुसार देख्न सक्ने हुनुपर्दछ। - द आक्टस् अभ आपोस्टल्स, ५०४।

कतिपय समयमा गल्ती गरेका विश्वासीहरूलाई ठिक ठाउँमा राख्ने सजिलै काम नै किन नहोस् धेरै पास्टरहरूले अरू पास्टरहरूलाई उत्त मामिलालाई हेरोस् भनेर सुम्पदिने बानी छ- कतिपय पास्टरहरूले

आफ्नो सम्पर्कमा आएकाहरूसँग विश्वासपूर्वक कारोबार गर्न वा तिनीहरूको आत्मिक स्वास्थ्यको वेवास्ता गर्छन्। आफ्नो सम्पर्कमा आएका मानिसहरूलाई आफूले नै नसम्हालेर अरू पास्टरहरूले गरोस् भनेर छोडिदिन्छन्। विश्वासीहरूलाई ठिक पार्ने काम अरू पास्टरहरूले नै गरोस् भन्ने तिनीहरू चाहन्छन्, किनभने आफूले परिश्रम गरेर चर्चमा भित्राएका मानिसहरूसँग भएको मित्रता तोड्ने जोखिममा आफूलाई पार्न तिनीहरू चाहन्दैनन्। यदि गल्ती गर्ने विश्वासीहरूलाई पास्टरहरूले उपयुक्त समयमा सम्हाल्न सक्यो भने, गल्तीहरू थुप्रिने थिएन र तिनीहरू मृत्युबाट बचाइन्थ्यो। यदि एक जना पास्टरले सच्याउनु पर्ने विश्वासीलाई सच्याएन भने, सच्याउन खोज्ने अर्को पास्टरप्रति नराम्रो प्रभाव हुन्छ र गल्तीलाई नसच्याउने पास्टर असल थियो। तर यो मामिला ठिक छैन। यदि पापलाई थाहा पाएर पनि पास्टरले आँखा चिम्लि राखे भने ति पास्टर परमेश्वरसँग काम गरिरहेको हुँदैन, उनी केवल प्रचारकमात्र हुन जान्छ। नम्र र सदाशय अपनाएर पास्टरले आफू पास्टरीय सेवाको निम्ति खटिएको हो भनेर प्रमाण दिएर काम गर्नुपर्दछ। यदि कसैले पाप गऱ्यो भने त्यस पापप्रति हृदयदेखिनै दुःख व्यक्त गर्नुपर्छ। तर विश्वासीलाई ठिक ठाउँमा ल्याउन कुनै अपवित्र आवेग आएर गलत कार्य गर्नु हुन्न। पास्टरले बाइबलकै शिक्षालाई आधार बनाएर सहनशील र सदाशय भएर गलत बाटोमा लागेको विश्वासीसँग कारोबार गर्नुपर्छ। यदि पास्टरको प्रयासमा उल्लेखनीय नतिजा भएन भने निराश हुनुहुँदैन। यस अनुभवले पास्टरलाई सहनशील धैर्य हुन र सदाशयी भन्न सिकाउँदछ। विश्वासीहरूको गल्तीलाई ठिक पार्ने प्रयास जारी राख्नुपर्छ, तर विवेकशील, शिष्ट वा भद्र हुनुपर्छ। बस्तुस्थिति राम्रोसँग बुझेरमात्रै कसैलाई सच्याउन कोशिश गर्नुपर्छ। पास्टरले कहिले बोल्ने र कहिले चुपलाग्ने भन्ने ज्ञान हुनुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, सेप्टेम्बर, २८, १८९७।

अनुशासनमा रहेको विश्वासीहरूप्रति आफू दुःखी भएको भनेर

देखावटी सहानुभूती प्रकट गर्ने तर ठिक बाटोमा ल्याउनुबाट पछि हट्नेहरूले सहयोग गरिरहेको हुँदैन- तपाईँ पास्टरको मामिला मैले देखेको छु। तपाईँ आफ्नो पास्टरीय काममा अडान लिइरहनुहुँदा कतिपय अरू पास्टरहरूले तपाईँप्रति ईख गरेको हुन सक्छ। ती पास्टरहरूले तपाईँसँग ठिक र उचित व्यवहार नगर्ला भन्ने त्रास तपाईँमा भएको मैले देखेको छु। तिनीहरूले तपाईँको काममा हस्तक्षेप गर्नुबाट रोकिनु पर्दछ। तिनीहरूको आफूनै गलत काम गरिरहेको हुन सक्छ र त्यसको स्वीकार तिनीहरूले गर्नुपर्छ। यदि तपाईँले गलत काम गर्नुभएको छ भने त्यसको जिम्मेवारी तपाईँकै काँधमा हुनुपर्छ। तपाईँले आफ्नै आत्मआलोचना गरेर अनुशासनमा बसेको परमेश्वर चाहनुहुन्छ। यदि तपाईँले गल्ती गर्नुभयो भने तपाईँले नै हृदयदेखि स्वीकारेर पूर्णरूपमा पश्चाताप गर्नुपर्छ। कतिपयले तपाईँको आफ्नो गलत कामलाई सच्याउनुको सट्टा "बिचरा, "मात्र भनेर पछि हटेर सहानुभूति दिनेले तपाईँलाई सहयोग गर्न सक्दैन। ती मानिसहरू आफै पनि आफू विश्वासमा कसरी पछि परिरहेकाछन् सो आत्मआलोचना गरेर पश्चाताप गर्नु आवश्यक छ।

कठिन मामिलाहरूलाई सम्हाल्न घोटिरहँदा खतरा उत्पन्न हुन सक्छ- कतिपय समयमा सत्यलाई हृदयदेखि विश्वास गर्नेहरूलाई सच्याउन खोज्दा तिनीहरू दु:खित हुन्छन्। अनि आफ्नो कष्ट र दु:ख झन बढेको महसुस गर्छन्। आफूहरूमा भएका खराब तत्वहरूलाई निराकरण गर्न खोज्दा खोज्दै पनि पास्टरले हस्तक्षेप गर्छ भने तिनीहरू आफू र पास्टरप्रति रिस पनि उठ्न सक्छ, तिनीहरूको चित्त पनि दु:ख्न सक्छ र निराश हुन सक्छ। तर यस्तो अवस्था सम्हाल्न परमेश्वरले उहाँका सेवकहरूलाई होशियारपूर्वक प्रभुले सिकाउनुहुन्, उहाँले भन्नुभएको छ, हामी सँगसँगै मिलेर काम गरौँ।" जबरजस्ती सामालाई उखाल्न खोज्नुहुन्न। त्यसो गर्दा सँगै उम्रिरहेको बहुमूल्य गहुँ पनि उखेलिन सक्छ। दुवै पास्टर र चर्चका सदस्यहरू धेरै होशियार हुनुपर्दछ। तिनीहरू जोशले कुनै गल्तीलाई सम्हाल्न खोज्नुहुन्न। तिनीहरू परमेश्वरको ज्ञानले सम्पन्न भएर अपठ्यारो समस्याहलाई

सम्हाल्न खोज्नुपर्दछ। चर्चमा भएका कठिन परिस्थितिहरूलाई मात्र सम्हाल्न समय बिताउनु खोज्नु खतरा छ। कतिपय समयमा यदि त्यस परिस्थितिलाई त्यसै छोड्यो भने आफै सम्हालिन जान सक्छ। चर्चको कुनै पनि कठिन मामिला राम्रोसँग जानीनबुझी सम्हाल्न खोज्नु खराब नीति हो। हामीले चाहेको जस्तै काम भएन भने त्यसलाई सम्हाल्न ठूलो होशियारी अपनाउनुपर्द, धैर्यता र आत्मनियन्त्रणको खाँचो पर्दछ। - टेस्टिमोनिज फर द चर्च ३:११३।

अनसुशासनप्रति धारणा

अनुशासन चलाउने मनस्थिति गल्ती गर्नेहरूलाई येशूले कोमल र प्रेम देखाएर सिकाउनुभएको थियो- गोठालोले आफ्नो हराएको भेँडा र उडन्त पुत्रको कथा मेरो दिमागमा याद आउँछ। ती अर्तीकथाहरूले मेरो हृदय र दिमागमा प्रभाव पारोस् भन्ने म चाहन्छु। गलत बाटोमा जाने र पतित मानिसप्रति येशूले कस्तो प्रेम, कोमलता र सदाशयता अपनाउनुभएको थियो, त्यसको बारेमा म सोच्दछु। तर कतिपय समयमा गल्ती गर्ने, पापमा र परीक्षामा फस्ने व्यक्तिलाई अर्को भाइ कठोर भएर आलोचना गर्दा मेरो मुटु नै दु:ख्दछ। यस्ता मानिसको हृदय फलाम भएको म देख्दछु। उसको हृदय मासुको होस् वा नरम होस् भनेर प्रार्थना गर्नुपर्दछ। येशू ख्रीष्ट आउनुभएको म कस्तो चाहना गर्छु! सबै ठोक ठिक ठिकमा उहाँले नै राखोस् भन्ने म कस्तो चाहना गर्छु! प्रभु येशू, छिटै आउनुहोस्, यो मेरो बिन्ती छ - म्यानुस्क्रिप्ट रिलिजेज १६:३३९।

गल्ती गर्नेको आत्मसम्मानमा धक्का दिनुहुँदैन, तर त्यसलाई मलहमपट्टी लगाएर निको पार्न खोज्नु पर्छ- परमेश्वर पिता आफै येशूमा रहनुभएर उहाँको स्वार्थ त्याग, मानवहित र दयाबाट हामीले पाठ सिक्नुपर्छ। अरूहरूलाई सहानुभूति र प्रेम कसरी गर्ने भन्ने ज्ञानको अध्ययन हामी गर्नु पर्दछ। जब हामीले यस बहुमूल्य उपहार

सिक्छौँ तब अरूलाई बाँड्नुपर्दछ। हामी प्रेम र दयाले सजिएर कसरी चल्नुपर्छ सो सिक्नुपर्दछ। अरूप्रति कठोर र आलोचना गरेर हामी चल्नुहुन्न। यदि गल्ती गर्नेले आफूले गल्ती गरेको छु भन्ने कुरामा चेतनशील छ भने उसको आत्मसम्मानलाई खोस्न प्रयास गर्नुहुन्न। उसलाई टुक्रा टुक्रा गर्न खोज्नुहुँदैन, तर उसलाई मलहमपट्टी लगाएर निको पार्न खोज्नुपर्दछ। तपाईँको भाइमा कतिपय गलत स्वभावहरू होला। आफू गलतमा छु भनेर उसलाई महसुस नहोला। त्यस परिस्थितिलाई कसरी सम्हाल्ने सो मुश्किल हुन सक्छ। तर तपाईँ ऊ भन्दा उच्च, धर्मात्मा र असल हुनुहुन्छ भन्ने आभास् उसलाई कहिल्यै पनि नदिनुहोस्। तपाईँका भावनाहरू, तपाईँको लक्ष्य वा नीतिहरू, तपाईँको संघसंस्था उसको भन्दा उच्च कोटी छ भनेर तपाईँले सोच्नु होला। यस्तो मनस्थितिले गल्ती गर्नेलाई छोप्न खोज्नुहुँदैन। यस्तो खालको प्रवृत्ति सही सभ्यताको प्रतिकूल छ र आदर्श चरित्रको बिपरित छ। गल्ती गर्नेहरूको मनलाई हामीले छियाछिया पार्नुहुन्न। तर तिनीहरूकहाँ नम्र, कोमल र प्रार्थनाले सजिएर जानुपर्दछ। जब सुसमाचारको पास्टर ख्रीष्टको अनुग्रह र प्रेमको नियन्त्रणमा हुन्छ, तब उनी मानिसहरूका दिमागहरूसँग कारोबार गर्न पुग्छन तब उनले आफूमा भएका श्रेष्ठ तथा आदर्श गुणहरू प्रकट गर्नु पर्दछ। ती मानिसहरूमा भएका आशा र साहसलाई नाश गर्ने होइन तर प्रेरणादायी विश्वासले विश्वास नहुनेलाई होशला दिनुपर्दछ। तिनीहरूका झुकिएका हातहरूलाई उचाल्न खोज्नुपर्दछ र तिनीहरूको कमजोर घुँडाहरूलाई बलियो बनाउन खोज्नुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, नभेम्बर २१, १८९९।

असल गोठालोले हराएको भेँडा भेटिन्दा हप्किदप्की गरेर र हैकमवाद चलाएर आफ्नो काबुमा राख्न खोज्जहुन्न तर नम्र, सदाशयी देखाएर मनलाई शान्त हुने खालको बोली बोलेर उसको मन जित्नु पर्दछ- गोठालोको जीवन जोखिम र संघर्षले भरिएको हुन्छ। यदि ऊ विश्वासिलो र भरपर्दो गोठालो भएको भए उसले वेवास्ता

गरेर चल्दैन र आरामसँग बस्दैन, तर हुरी र बतासको बीचमा बरालिएको भेँडालाई खोज्नेछ। शायद उसको हराएको भेँडा कुनै गहिरो खाल्डोमा परेको हुन सक्छ र त्यहाँबाट कसरी उम्किने उसलाई थाहा नहोला। उसलाई डर र त्रासले घेरेको होला। असल गोठालोले रिस र गाली गर्दै तर्सिएको भेँडाकहाँ आउँदैन, बरु दयालु, सान्त्वना दिने, मलाई हलुका पार्ने खालको वचन बोल्दै उसलाई आफूतिर ल्याउन खोज्नुपर्दछ। अनि मायालु स्वरले डाकेको आवाज सुन्दा त्यो भेँडा उसतिर लाग्दछ। यदि झार र पत्थरहरूले उसलाई थिचि राखेको छ भने त्यहाँबाट ऊ निस्कन नसक्ला। अनि भेँडाले आफूलाई छुटकारा गर्न चिच्याएको स्वर सुनेर गोठालो त्यसलाई छुटकारा दिन उसको पछि लाग्छ। जब असल गोठालोले त्यो हराएको भेँडालाई पाउँछ, तब बरालिएर गएको भेँडालाई आफ्नो काँधमा राख्छ र अत्यन्तै खुशी हुँदै उसलाई बगालमा ल्याउँदछ। -द युथ इनस्ट्रक्टर, अप्रिल २८, १८८९।

अध्याय ३७
सरसल्लाह वा परामर्स

सरसल्लाह दिने व्यक्तिमा येशू ख्रीष्टको जस्तो दिमाग र मिजास हुनु आवश्यक छ- विशेष गरेर ती मानिसहरू जो चर्चका निकायहरूको निर्देशक बन्ने ओहदा स्वीकार गर्दछन् र अरूहरूलाई सरसल्लाह वा परामर्श दिनु आफ्नो जिम्मेवारी हो भनेर महसुस गर्छन् तिनीहरू हरतरहमा इसाई भद्र मिजासको हुनुपर्दछ। जब अरूहरूसँग कारोबार गर्छौं वा तिनीहरूलाई सरसल्लाह दिनुपर्ने हुन्छ तब हामी कहिल्यै पनि रूखो, कठोर भएर तिनीहरूभन्दा हामी धर्मात्मा छौं भनेर देखाउनुहुन्न। याद गर्नु होस्, येशूका प्रत्येक भक्त जो तपाईंको सम्पर्कमा आउँछ र तपाईंको सरसल्लाह र सहायता माग्छ त्यो व्यक्ति प्रभुले किन्नुभएको निजी धन हो। त्यसले गल्ती गरेमा हामी झोंकी भएर हतार हतारमा जे मुखमा आयो त्यो बोलेर उसको चित्त दुखाउनुहुँदैन। हाम्रो ओठबाट अनादर अर्थात् असभ्य शब्दहरू निकाल्नुहुन्न। पास्टर भाइहरू हो, मानिसहरूलाई परमेश्वरको स्वरूप भएको मानिसहरू जस्तै गरेर व्यवहार गर्नुहोस्। तिनीहरू तपाईंका नोकरहरू होइन। तिनीहरू तपाईंको खटनमा रहेर तपाईंले जे भन्नुहुन्छ त्यही गर्नु आवश्यक छैन। तिनीहरूमाथि हैकमवाद नचलाउनुहोस्। जो मानिस रूखो वचन बोल्छ, अरूलाई धम्काउने र दमन गरेर फुर्ती देखाउँछ वा आफू हाकिम भएकोले अरूहरू उसको खुट्टामूनि बस्नुपर्छ भन्ने मिजास देखाउँछ त्यो व्यक्ति मोशा जस्तो पहिला भेँडा गोठालो भए उत्तम हुन्थ्यो। भेँडाबाख्राहरूलाई चराउँदा कमसेकम कस्तो कोमल गोठालो हुनुपर्छ भनेर त उसले सिक्न सक्छ। मोशा मिश्रदेशको शक्तिशाली राज नेता थिए, एउटा शासकले पाउनुपर्ने सबै शिक्षादीक्षा उनले हासिल गरेका थिए, उनमा कुनै अधिकारको कमी थिएन र उनी मिश्र देशको फौजको सेनापति थिए। तर सही मानेमा महान् हुनु

भनेको के हो त्यो उनले त्यहाँबाट उनले सिकेका थिएनन्। उनले झुकेर नम्र भएर धेरै काम कर्तव्यहरू गर्नुपर्ने सिक्नुपरेको थियो। त्यसले गर्दा प्रत्येक व्यक्तिप्रति कोमल भएर, सदाशयी देखाएर र सेवाग्रही हुन सिक्न आवश्यक थियो। उनी आफ्नो ससुरा यथ्रोको गोठाला हुन पुग्नुपरेको थियो। भेँडा र पाठाहरूलाई माया र ममता देखाउनु आवश्यकता भएको उनले महसुस गरेका थिए। तिनीहरू परमेश्वरका सृष्टीहरू हुन् र बढो कोमल भएर तिनीहरूलाई स्याहार्नुपर्छ र रक्षा गर्नुपर्छ भन्ने ज्ञान गोठालो भएर सिक्नुपरेको थियो। तिनीहरूले कहिल्यै गुनासो नगर्ला, तिनीहरूलाई गरिएको दुर्व्यवहारप्रति तिनीहरू चुपचाप होला, तर तिनीहरूको मनस्थितिले तिनीहरूलाई अन्याय गरिरहेको छ भनेर देखाइरहेको हुन्छ। परमेश्वरले सृष्टि गर्नुभएको सबै सृष्टीहरूप्रति उहाँले चासो राख्नुहुन्छ। यसरी भेँडा चराउने जस्तो निम्न स्तरमा काम गर्नु परमेश्वरको लागि नै गरिरहेको भनेर महसुस गरेपछि, मोशा इस्राएल बगालको कोमल गोठालो हुन सिक्न पुगेका थिए। -एसपीटी ए ५,१८,१९।

मानिसहरूका कहिल्ये अन्त्य नहुने विभिन्न स्वभाव, आनीबानी, प्रकृति र मिजासहरू हुन्छन् जसलाई पास्टरले बुझ्नु आवश्यक छ- जसरी डाक्टरले रोगीको उपचारमा ध्यान दिन्छन्, त्यसरी नै पास्टरले पनि आत्मिक रोग भएको मानिसलाई उपचार गर्नु पर्ने हुन्छ। उनको काम डाक्टरको भन्दा पनि बढि महत्त्वपूर्ण छ। डाक्टरहरूले यस संसारको अस्थायी भौतिक जीवनलाई सुलभ बनाउन उपचार गर्छन् तर पास्टरले आत्मिक बिरामीहरूको आत्मिक उपचार गर्नुभनेको तिनीहरूको अनन्त भविष्यलाई निर्धारण गर्नु हो। पास्टरले अनेकौँ मिजास, स्वभाव र प्रकृति भएका मानिसहरूसँग कारोबार गर्नुपर्नुपर्ने हुन्छ। चर्चका परिवारहरूका ती मिजासहरूप्रति परिचित हुनु पास्टरको धर्म हो। यदि पास्टरले संवेदनशील भएर अरूहरूको स्वभावसँग परिचित भएर काम गर्ने खुबी भएमा उनले सिकाउने शिक्षादीक्षाहरूप्रति तिनीहरूले पनि चासो देखाउने हुन्छ। अनि त्यसै अनुसार विश्वासीहरूलाई कुन

ठिक निर्देशनमा लाने हो भनेर पास्टरले डोऱ्याउन सक्ने हुन्छन्। - गस्पल वर्कर्स, ३३८।

परिवारलाई

परिवार परिवारलाई सरसल्लाह दिने पास्टरले परमेश्वरको वचनप्रति सजग हुनुपर्दछ- बाबुआमा सुधारिनुपर्दछ; पास्टरहरू सुधारिनु पर्दछ; तिनीहरूको घर परिवारमा परमेश्वरको खाँचो छ। यदि परिवारहरू मौलिक नीतिबाट फरक भएर चलेको छ भने तिनीहरूले परमेश्वरको वचनलाई नै सरसल्लाह दिने परामर्शदाता भनेर मान्नुपर्छ। तिनीहरूले आफ्ना छोराछोरीहरूलाई बाइबल परमेश्वरको आवाज हो र त्यसलाई बिना रोकतोक मान्नुपर्छ भनेर सिकाउनुपर्दछ। तिनीहरूले आफ्ना छोराछोरीहरूले धैर्य भएर बाइबल सिकाउनुपर्दछ, दयालु, सदाशयी र कोमल हृदयले नथाकिकन सत्यलाई सिकाउनु पर्छ। परमेश्वरलाई प्रशन्न पारेर जीवन बिताउन सिकाउनुपर्दछ। यस संसारमा परमेश्वरलाई विश्वास नगर्ने अनेकौँ संस्कार र प्रवृत्तिहरूले छोराछोरीहरूलाई तान्दछन्। तिनीहरूबाट कसरी जोगिने भनेर तिनीहरूलाई सिकाउनुपर्दछ। तिनीहरूको आस्थाको आधार बाइबल हो भनेर स्वीकारेका छन्। तिनीहरूको जग यस्तो बलियो छ कि नास्तिकका बाढी पहिरोले तिनीहरूलाई भत्काउन सक्दैनन्। - पाट्रियार्क एण्ड प्रोफेटस्, १४३।

पास्टरप्रति मोहित भएका महिलाहरूको व्यक्तिगत दुःख र पारिवारीक निराशहरू पास्टरले व्यक्तिगतरूपमा सुन्नुहुन्न- कतिपय विश्वासी स्त्रीहरू पास्टरप्रति आकर्षित भएका छन् र तिनीहरूको व्यक्तिगत दुःख, समस्या र परिवारमा भइरहेका निराशहरूलाई तिनीहरुलाई पोखाउन उत्सुक हुन्छन्। तिनीहरूसँग व्यक्तिगत रूपमा अलग बसेर तिनीहरूको कुरा सुन्न उचित छैन। तपाईँ पनि भुल गर्ने मरणशील प्राणी हुनुहुन्छ, त्यसकारण, आफ्नो व्यक्तिगत दुःख

सहयोग गर्नसक्ने परमेश्वरलाई सुनाउ भनेर तिनीहरूलाई भन्नुहोस। - माइन्ड, क्यारेक्टर, एण्ड परसनालिटी २:७६७।

यदि कुनै वैवाहिक स्त्रीले पास्टरलाई दुःख आफ्नो श्रीमानले माया गर्दैन भन्दै पोखाएर शोकित भएर पास्टरको ध्यान अनुचितरूपमा तान्न खोज्छीन भने त्यो मायाको कमीलाई आपूर्ति गर्न खोज्नुहुन्न- जो पवित्र काममा खटिएका पास्टरहरूले आफ्नो नाउँ र मर्यादालाई निष्कलङ्क र निर्दोष हुनु बनाइ राख्नुपर्दछ। तिनीहरूको जीवन खोटरहित र अशुद्ध हुने कुनै पनि तत्वबाट तिनीहरू माथि हुनुपर्दछ। स्त्रीहरूको व्यक्तिगत गुनासो सुनेर तिनीहरूको मोहलाई जितेर आफ्नो इज्जतलाई धोखा दिने खालको चालमा पास्टर फस्नुहुन्न। यदि कुनै स्त्रीले पास्टरको हात समातेर मोहित पार्न खोज्छिन् भने तुरन्तै त्यो हात झिक्नुपर्दछ र उनलाई पापमा फसाउन खोज्नु हुन्न। आफ्नो श्रीमानले आफूलाई माया गरेन भनेर आफू मायाको भोको भएको कुनै महिलाले पास्टरलाई सुनाएर पास्टरबाट त्यो माया पाउन खोज्छिन् भने तिनलाई सहानुभूति देखाएर उनलाई चाहिने मायालाई भर्न खोज्नुहुन्न। यस्तो परिस्थितिमा पास्टरले तिनीहरूको कुरा सुने पनि तिनीहरूलाई देखाउने सहानुभूति आफूभित्रै राख्नु बुद्धिमानी हुन्छ। यदि कुनै स्त्रीको त्यस्तो गुनासो छ भने सबै बोझ बोक्ने, सकल र सुरक्षित सल्लाहकार येशूतिर उनलाई औँल्याउनुपर्दछ। यदि उनले येशूलाई आफ्नो मित्र भनेर रोजेकी छिन् भने उनलाई चाहिने अनुग्रह उहाँले नै आपूर्ति गर्नुहुनेछ। उहाँले सबै गुनासो नहिचकिचाइ सुन्नुहुन्छ। त्यसै वखत त्यस स्त्रीले आफ्नो पूरा शक्तिले लगनशील भएर आफ्नो श्रीमानलाई आफूतिर बाँध्न प्रयास गर्नुपर्छ। उनीप्रति इमान्दार भएर पतिब्रत हुनुपर्छ। आफ्नो घर हँसिलो र आकर्षित बनाउने काम खोज्नुपर्दछ। यदि उनको सबै प्रयासहरू असफल भएको छ र उनको सराहना गरेको छैन भने उनको मुक्तिदाताको सहानुभूति उनमा हुन्छ र आशिषित प्रभुले उनलाई सहयोग र बुद्धिज्ञान दिनु हुन्छ। उनको सबै नैराश्यता र बोझ उहाँले नै बोक्नु

हुन्छ। ख्रीष्टले पूरा गर्न सक्ने सहयोगप्रति भरोसा नराखी आफ्नो गुनासो मानिसहरूलाई सुनाएर कुनै स्त्रीले सहयोग लिन खोज्छिन् भने उनले ख्रीष्टको बदनाम गरिरहेको हुन्छ। मरणशील मानिसहरूको सामु वैवाहिक जीवनको दु:खकष्ट पोखाएर रोइकराइ गर्दा उनले परमेश्वरकै विरुद्धमा पाप गरिरहेका हुन्छन्। उनले आफ्नै हृदयलाई केलाएर जाँच्नुपर्छ र महसुस गर्न सक्नुपर्छ कि उनमा कुनै पाप खेलिरहेको छ कि छैन। यदि कसैको हृदयले मानव सहानुभूति खोज्छन् र अनुचित आकर्षण कसैबाट पाउन खोज्छ भने त्यो व्यक्ति परमेश्वरको सामु शुद्ध, निश्कलङ्क र निर्दोष ठहरिनेछैन। - टेस्टिमोनिज फर द चर्च ५:५९८

शोकमा परेकाहरूलाई

कोही दु:ख, शोक र सन्तापमा परेको छ भने पास्टरले उसलाई विशेष सान्त्वना र सरसल्लाह दिनुपर्छ र महत्त्वपूर्ण आशा दिन सक्नुपर्छ- स्वर्गको वातावरणमा पीडाको अस्तित्व हुँदैन। मुक्ति पाएकाहरू रहने घरमा आँशु हुनेछैन, त्यहाँ मलामी हुनेछैन, कै रुवावासी हुनेछैन। "त्यहाँ रहने बासिन्दाहरूले, म बिरामी भएँ भन्नेछैन: त्यहाँ रहने मानिसहरूका पापहरू क्षमा भएका हुन्छन्।" जब अनन्त जीवन वितिन्दै जान्छ तब त्यहाँ अत्यन्तै खुशीयालीको छालको लहरहरू बहने छन्। - टेस्टिमोनिज फर द चर्च ९:२८६।

दु:ख र सन्ताप परेपनि त्यसलाई व्यक्त नगर्नेहरूले तिनीरहरूको शोक झन गहिरो हुन्छ (आफ्नी बुहारीको बारेमा दिदीमाँ एलेन जी ह्वाइट बोल्नुहुन्छ)- बिचरा विली शोकमा छ। तर आफू शोकित भएको उसले कहिल्यै पनि देखाएन। त्यसकारण, उसले त्यो शोक एक्लैले बोक्नुपर्ने हुन्छ र ऊ झन गहिरो शोकमा पर्न सक्छीन। मेरो हृदय दु:खित छ र मलाई पीडा भएको छ। -एलेन जी ह्वाइट राइटिङ्ग ८८, ६७८।

शोकले मानिसलाई धेरै निराश बनाउँछ (दिदीमाँ एलेन जी ह्वाइटले आफ्नो चौथो पुत्र तीन महिनाको जोन हर्बर्टको मृत्युको बेलामा व्यक्त गर्छिन्)- जब हामी अन्त्येष्टीबाट फर्क्यौं मेरो घर खाली भएको महसुस गरेँ। परमेश्वरसँग म मिलेको त अनुभव गरेँ, तैपनि नैराश्यताले गर्दा मलाई अन्धकारले छोपेको महसुस गरेको थिएँ। - टेस्टिमोनिज फर द चर्च १:२४६।

येशूमाथि आस्था राख्दा मानिसहरूलाई शोकको नैराश्यताभन्दा माथि राखेर आशा दिलाउँछ (दिदीमाँ एलेन जी. ह्वाइटले आफ्नो श्रीमानको मृत्युको बारेमा बताउँछिन्)- मेरो हृदय जतिसुकै फुटेतापनि म शोकले बेहाल हुन्न। म परमेश्वरको सेवा गर्छु, आवेगले होइन तर ज्ञानबुद्धि पुऱ्याएर नै सेवा गर्छु। मलाई दु:ख परेको बेलामा साथ दिने मेरो मुक्तिदाता हुनुहुन्छ। म येशूभक्त हुँ। मलाई थाहा छ म कसलाई विश्वास गर्छु। मबाट उहाँलाई बिना सङ्कोच समर्पण गरेको उहाँले अपेक्षा गर्नुहुन्छ। कोलाहल गरेर शोकित हुँदा परमेश्वर निको मान्नु हुन्न। ममाथि राखिदिएको क्रूस बोकेर म प्रभुलाई पूर्णरूपमा पछ्याउँछु। म शोकमै डुबिरहनेछैन। मेरो भावनालाई छ्यालव्याल बनाएर मेरो जीवनलाई खिन्न बनाउँदिन। परमेश्वरको योजनाप्रति म गनगन र गुनासो गर्नेछैन। येशू मेरो उद्धारकर्ता हुनुहुन्छ। उहाँ जीवित हुनुहुन्छ। उहाँले मलाई कहिल्यै छोड्नुहुनेछैन र त्याग्नुहुनेछैन।"- दिस डे विथ गड, ३०२।

सिमामा रहेर गरिने सरसल्ललाह

सल्लाहकार आफ्नो सिमाभित्र रहनु पास्टरले अरूहरूको निर्णय र विचारलाई हस्तक्षेप गर्नुहुँदैन- कुनै कुनै पास्टर वा अगुवा बुद्धिमानी सल्लाहकार हुनुको सट्टा कसैमाथि शासन गर्नु वा हैकमवाद चलाउनु आफ्नो विशेष अधिकार भएको ठान्दछन्। आफूलाई उचालेर कुनै किसिमको अधिकार प्रयोग गरेर विश्वासीहरूमाथि दमन नीति अपनाउँदा पास्टर अगुवाले परमेश्वरको अपमान गरिरहेका हुन्छन्।

आफ्नै बल र शक्तिमा उभिएको भन्दै कुनै मानिस अरूहरूको निर्णय र बिचारमा हस्तक्षे गर्नुहुँदैन। त्यस मानिसलाई परमेश्वरले नै आफ्नो कामको निम्ति प्रयोग गरिरहनुभएको हुनसक्छ। - टेस्टिमोनिज टु मिनिस्टर एण्ड गस्पल वर्कर्स, ४९१।

पास्टरहरूले सरसल्लाह त दिन सक्छन् तर त्यसको लागि परमेश्वरबाट बुद्धि माग्नुपर्दछ- तपाईँको विश्वासी भाइ वा पास्टरको जटिल समस्याहरूलाई तपाईँले बोक्न खोज्नुको सट्टा प्रार्थनाद्वारा परमेश्वरकहाँ लैजानुहोस्। परमेश्वरको स्थानमा कुनै पनि पास्टरलाई राख्नुहुन्न। ख्रीष्टको पास्टर रै भएतापनि उनी अरू जस्तै मरणशील मानिस हो। यो सत्य हो कि उनले पवित्र जिम्मेवारहरू बोकेका हुन्छन्, तर उनी कहिल्यै गल्ती नगर्ने सिद्ध मानिस होइन। उनलाई पनि कमीकमजोरीहरूले घेरिरहेको हुन्छ, र उनलाई परमेश्वरको अनुग्रह र दिव्यज्ञानको खाँचो छ। परमेश्वरको काममा सफल हुन उनलाई स्वर्गबाट अधिकार वा अनुमोदनको आवश्यकता छ। प्रार्थना गर्ने खुबी भएको र ख्रीष्टको सुसमाचारको आग्रहलाई स्वीकार गर्नेहरूले आफ्ना भार सिमित र मरणशील मानिसमा राख्दा परमेश्वरको अपमान गरिरहेको तिनीहरूले देखाउँछन्। एक आपसमा सरसल्लाह लिनुदिनु जहिले पनि उचित छ र एक आपसमा छलफल गर्नु ठिक हो; कठिन विषयबस्तुहरू पास्टरले आफ्ना दाजुभाइ र पास्टर मित्रहरूको सामु राख्नु ठिकै छ। तर निर्णय गर्नेमा तिनीहरूकै बुद्धिज्ञानमा भर पर्नुहुन्न। माथिबाट आउने बुद्धिज्ञान परमेश्वरसँग खोज्नुपर्छ। पास्टरले आफ्ना सहकर्मीहरूसँग आफूसँग प्रार्थना गर्न अनुरोध गर्नुपर्छ; र परमेश्वरले आफ्नो वचन राख्नुहुनेछ, "जहाँ दुई वा तीन जना मेरो नाउँमा भेला हुन्छ म तिनीहरूको बिचमा हुनेछु।"- द युथ इन्स्ट्रक्टर, फेब्रुअरी १५, १९००।

चर्चका सदस्यहरूले तिनीहरूको पास्टरलाई ख्रीष्टको स्थानमा राखेर तिनीहरूको सल्लाहकार र अगुवा बनाउनुहुन्न- चर्चका कतिपय विश्वासीहरू तिनीहरूको लागि परमेश्वरबाट आत्मज्ञान ल्याइ हाल्छन्

भनेर सोच्दछन् र आफूहरूचाहिँ परमेश्वरकहाँ गएर ज्ञान पाउन कष्ट गर्न चाहन्दैन। आफूहरूले नै सिक्नुको सट्टा पास्टरबाटमात्र सिक्न सजिलो तिनीहरू ठान्छन्। यस्ता खालको मनस्थिति भएका विश्वासीहरूले धेरै कुरो गुमाइ रहेका हुन्छन्। यदि तिनीहरू दिनदिनै ख्रीष्टलाई पछ्याएर उहाँलाई नै तिनीहरूको अगुवा र सल्लाहकार तिनीहरूले बनाउन सक्यो भने तिनीहरूले उहाँको इच्छाको आत्मज्ञान स्पष्टरूपमा पाउन सक्छ र यसरी तिनीहरूले अमूल्य अनुभवहरू पाउन सक्छन्। भित्री हृदयदेखि नै यो अनुभवको चाहना गरेतापनि कतिपय सत्यलाई दावी गर्ने विश्वासी दाजुभाइहरू अरूहरूको बत्तीको ज्वालामा रहन्छन्; तिनीहरू परमेश्वरको आत्मासँग चिनजान भएको हुँदैन र उहाँको इच्छा के हो त्यसको ज्ञान तिनीहरूलाई थाहा हुँदैन। त्यस्तो परिस्थितिमा तिनीहरू परमेश्वरप्रतिको आस्थामा सजिलैसँग ढलमलिन सक्छ। तिनीहरू अस्थिर छन्, किनभने तिनीहरू आफूले नै अनुभव गर्नुको सट्टा अरूहरूको अनुभवमा भर परेका हुन्छन्। आदमका प्रत्येक छोरा र छोरीले व्यक्तिगतरूपमा परमेश्वरको इच्छाको आत्मज्ञान पाउन, येशूको पक्का चरित्रमा आफूहरूलाई ढाल्न र सत्यले शुद्ध पार्न प्रसस्त प्रावधान बनाइएको छ। इसाई हुँ भन्छन् र मुखलेमात्र येशूको अनुयायी हुँ भनेर दावी गर्छन् तर आफूमा परमेश्वरको इच्छाको ज्ञानको अनुभव गरेका हुँदैनन् वा ईश्वरीय जीवनको रहस्यलाई व्यक्तिगत रूपमा पत्ता लगाउन प्रयास गर्दैनन् यस्ता इसाईहरूले परमेश्वरको अपमान गरिरहेको हुन्छ। - टेस्टिमोनिज फर द चर्च २:६४४।

अध्याय ३८
चर्चका पुराना सदस्यहरू र निष्क्रिय विश्वासीहरू

विश्वासीहरू नबरालियोस् र बरालिएकाहरूलाई चर्चमा ल्याउन बुद्धि पुर्याएर प्रयास गर्नुपर्छ- कतिपय मानिसहरू चर्च परित्याग गरेर गरेका छन्। तिनीहरू अन्धकारमा छन्, र तिनीहरू बगालबाट बरालिएका छन्। विशेष गरेर भाइ एको बारेमा उल्लेखनीय छ। उनलाई चर्चमा राखिराख्न र चर्चबाट बाहिर जान नदिन बुद्धिले भ्याएसम्म पास्टरले सबै प्रयास गरेका थिएनन्। जब उनी चर्च छोडेर गएपछि उनलाई चर्चमा ल्याउन कसैले पनि लगनशील भएर प्रयत्न गरेनन्। उनीप्रति दु:ख मनाउ गर्नुको सट्टा उनको बारेमा धेरै काने खुशीहरू गरिरहेको पाइएको थियो। उनलाई चर्चका विश्वासीहरूले आलोचनात्मक प्रवृत्तिले हेर्ने बानीले गर्दा उनी चर्च र विश्वासीहरूबाट टाढा भए। त्यसले गर्दा उनलाई उद्धार गर्न पनि मुश्किल भएको थियो। हराएको भेँडालाई फर्काउन प्रयास गर्ने अर्तिकथाको गोठालोको कदमभन्दा भाइ एप्रति चर्चको पास्टरको कदम भिन्नै थियो। येशूले भन्नुभएको अर्तीकथामा उन्नानसय भेँडाहरू जङ्गलमै छोडेका थिए र तिनीहरू पनि खतरामा थिए तर त्यसको सामना तिनीहरूले नै गर्नुपर्थ्यो; तैपनि गोठालोले बगालबाट छुटेका धेरै खतरामा परेको एक्ल भेँडालाई उद्धार गर्न उनान्सयलाई छोडेका थिए। - टेस्टिमोनिज फर द चर्च २:२१८।

चर्च छोडेर गएका धेरै विश्वासीहरू फेरि फर्किनेछन्- जब सतावटको हुरीबतास हामीमाथि आइपर्छ तब सत्य भेँडाले सत्य गोठालोको आवाज सुन्नेछ। हराएकोलाई उद्धार गर्न आफ्नो स्वार्थलाई पन्छाएर सबै प्रयास गरिनेछ, र बगालबाट बरालिएर गएका धेरै भेँडाहरू महान् गोठालोलाई पछ्याउन फर्किनेछन्। परमेश्वरका जनहरू एक भएर

शत्रुको सामना गर्नेछन्।- टेस्टिमोनिज फर द चर्च ६:४०१।

तिनीहरूको खोज

तिनीहरूलाई खोज्नुपर्छ चर्चबाट टाढा हुन पुगेका विश्वासीहरूले कतिपय पास्टरहरूलाई घेरे पनि तिनीहरूलाई फिर्ता ल्याउन जिम्मेवारी ठानेको पाइन्दैन- परमेश्वरका सेवक भनेर दावी गर्ने कतिपय पास्टरहरूको पोशाकमा मानिसहरूको रगतका छिटाहरू परेका हुन्छन्। ती पास्टरहरूको वरिपरी चर्च नआउने र पापीहरूले घेरेका हुन्छन्, र तैपनि तिनीहरूको मुक्तिको निम्ति ती पास्टरहरूले केही चासो देखाउँदैनन्। ती मानिसहरूले मुक्ति पाओस् नपाओस् त्यसको केही मतलब राख्दैनन्। कतिपय पास्टरहरू झण्डै सुतिरहेका हुन्छन् र तिनीहरू सुसमाचारका पास्टरहरू हुन् भनेर पनि बिर्सन्छन्। तिनीहरू आत्मिक डाक्टरहरू हुन् भन्ने कुराको ख्याल गर्दैनन्। पापको रोगले सताइएका विश्वासीहरूलाई कसरी उपचार गर्ने त्यो खुबी ती पास्टरहरूमा नभएको पाइएको छ। पापीहरूलाई चेतावनी दिने, तिनीहरूको निम्ति रोइकराइ गर्नु र तिनीहरूकहाँ गएर चर्चमा फर्कन बिन्ति गर्ने काम धेरै पास्टरहरूले वेवास्ता गरेका छन्। अनि विस्तारै तिनीहरू सदाको निम्ति हराएका हुन्छन्। कतिपय त आफ्नै पापमा मरेका हुन्छन्। तर न्यायको समयमा त्यसको लेखाजोखा पास्टरहरूले दिनुपर्नेछ। तिनीहरूले प्रयास गरे विश्वासीहरू नबरालिने थियो तर किन प्रयास गरेन भन्ने रिपोर्ट पास्टरहरूले दिनुपर्नेछ। ओ, जस्ता विश्वासघाती पास्टरहरू, तपाईँहरूको लागि कस्तो दण्ड पर्खिरहेको होला! - टेस्टिमोनिज फर द चर्च २:५०६।

सदाशय र दयाका सन्देशहरू बोकेर चर्च छोड्नेहरूलाई खोज्नुपर्दछ- इस्राएलको घरानाबाट हराएको बिचरा भेँडाको निम्ति खोजनीति गर्न हृदयहरूमा प्रेमले भरिएका पास्टरहरू मार्फत परमेश्वरले शक्तिशाली काम गर्नुहुनेछ। चर्चमा नआउनेहरूलाई

खोजीखोजी ल्याउनुपर्दछ। एक फेरा परमेश्वरमा आस्था राख्नु भनेको के हो सो थाहा पाएकाहरूलाई दया र आशाको सन्देश दिनुपर्छ। - काउन्सिल अन हेल्थ, ५३३।

बरालिएर गएको भेँडाप्रति सक्कल गोठालोको हृदय दुःख र चिन्ताले भरेको हुन्छ- यदि एउटा भेँडा आफ्नो बगालबाट हराएको छ भने सकल गोठालोले भएका भेँडाहरू सुरक्षित भएकोले यो भन्दैन, "मसँग उनान्नसय भेँडाहरू त छन नी, हराएको भेँडालाई खोज्न धेरै दुःख गर्नुपर्छ। त्यो आफै फर्कोस्, र आएपछि उसको निम्ति ढोका खोलीदिन्छु।" अहँ, जब एउटा भेँडा हराउँछ त गोठालोले दुःख मनाउँछ र त्यसप्रति ऊ चिन्तित हुन्छ। उसले आफ्ना भेँडाहरूलाई घरी घरी गन्छ। जब एउटा भेँडा हराएको छ भनेर निश्चित भएपछि उसलाई निन्द्रा नै लाग्दैन। उसले उनान्नसयलाई बगालमै छोडेर एक जना बरालिएको पछि लाग्दछ। रात होस्, हुरीबतास आओस् वा डरलाग्दो बाटो नै किन नहोस् त्यसले गर्दा गोठालोको चिन्ता झन बढ्दछ र झन दिलोज्यान दिएर त्यस भेँडालाई खोज्छ। एउटा भेँडा भेट्टाउन उसले आफ्नो सबै प्रयास जारी राख्दछ। - क्राइस्टस् अबजेक्ट लेसनस्, १८७,१८८।

असल वा सकली गोठालोले ९९ भेँडाहरूलाई छोडेर एउटा हराएको भेँडाको खोजी गर्दछ- यदि चर्चमा नआइकन विश्वासमा पछि हट्ने कोही छ भने असल गोठालोले सत्यलाई यसरी प्रस्तुत गर्दछ कि त्यो मानिसको हृदय पग्लिन पुग्छ। त्यस गोठालोले ९९ जनालाई छोडेर एउटा हराएको भेँडाको खोजी गर्दछ। तर गोठालोले बगालकहाँ गएन वा घर घरमा गएन भने तिनीहरूको अवस्था उसलाई थाहा हुँदैन, अनि तिनीहरूलाई के सत्य वचन भन्ने त्यो पनि उसलाई थाहा हुँदैन, न त कुन उपयुक्त समयमा के वचन दिने त्यो पनि उसलाई थाहा हुँदैन। अझ भनौ भने आफ्नो मातहतमा रहेका विश्वासीहरूको स्थितिप्रति कमै चासो देखाउँछ भने बगालको निम्ति त्यो गोठालो असल उदाहरण बन्न सक्दैन। पास्टरको चासो नै छैन, हामीप्रति

माया नै छैन, हामी चर्चमा आउँकि नआउँ उनलाई वास्ता नै छैन भन्ने कुरा विश्वासीहरूको मनमा खेलाउन थाल्दछ। - अपिल एण्ड सजेसन् टु कन्फरेन्स अफिसरस् (पीएच २) १८।

तिनीहरूको मन जित्न

तिनीहरूको मन जित्नुपर्छ हराएको भँडा र हराएको सिक्काको अर्तीकथामा चर्च आउन चासो नदेखाएका र विश्वासबाट पछि हटेकाहरूप्रति स्वर्गको चासो कस्तो छ भनेर चित्रण गरेको छ- चर्चका विश्वासीहरूलाई स्कूलमा जस्तै कोमल तरिकाले होशियारसाथ शिक्षादीक्षा दिनुपर्दछ। कतिपय विश्वासीहरूले आफ्नो जीवनमा घुसेका फरक शिक्षादीक्षाहरू छोड्नुपर्ने हुन्छ। कतिपय समयमा बाइबलका विषयहरू सिक्दा तिनीहरू गल्ती बाटोमा लागेका रहेछन् भनेर महसुस गरेतापनि तिनीहरू अन्यौल र शङ्कामा पर्न सक्छन्। तिनीहरूप्रति सदाशय देखाएर सहानुभूतिपूर्वक सिकाउनुपर्दछ र तिनीहरूलाई न्यायोचित तरिकाले सहयोग गर्नुपर्दछ। बाइबलीय शिक्षादीक्षामा तिनीहरूलाई निपुण बनाउन खोज्नुपर्छ। तिनीहरूसँग घरीघरी प्रार्थना गर्नुपर्छ। तिनीहरूप्रति अत्यन्तै कोमल भएर हेर्नुपर्छ र सुरक्षा दिनुपर्छ। जो मानिसहरू परिक्षामा परेर पतित भएका छन् र परमेश्वरबाट टाढा हुन्छन् तिनीहरूलाई विशेष सहयोगको आवश्यकता हुन्छ। यी मानिसहरू हराएका भँडाहरू हुन् भनेर येशूले आफ्नो अर्तीकथामा सिकाउनुभएको छ। गोठालोले उनान्नसय भँडाहरूलाई छोडेर नभे ट्टाउँञ्जेल हराएको भँडालाई खोजेको थियो, अनि भेट्टाएपछि खुशी भएर काँधमा राखेर फर्केको थियो। हराएको सिक्काको अर्तीकथामा पनि जब स्त्रीले खोज्दा खोज्दा त्यो सिक्का भेट्टाएपछि खुशी भएर छिमेकीहरूलाई बोलाउँछिन् आफूसँग खुशियाली मनाउन समावेश गर्छिन्। इसाई कामको सिलसिलामा स्वर्दूतहरू कसरी सहभागी हुन्छन् भन्ने विषय ती अर्ती कथाहरूले स्पष्टरूपमा देखाएको छ। एक जना पश्चातापी पापी फर्केर आउँदा स्वर्गका दुतहरू अत्यन्तै

आनन्द मनाउँछन्। तर पश्चाताप गर्नु नपर्ने उनान्नसय भेँडाहरूप्रति तिनीहरू आनन्द मनाउँदैनन्। पिता र ख्रीष्ट पनि अति आनन्द मनाउँछन्। मानिसको मुक्तिको निम्ति सारा स्वर्गको चासो छ। जो मानिस मुक्ति दिलाउन परमेश्वरको औजार हुन्छ त्यो व्यक्ति आनन्द हुन स्वतन्त्र हुन्छ; त्यस व्यक्तिको प्रयासलाई स्वर्गदूतहरूले बढो चासो लिएर हेरिराखेका हुन्छन्, र उसको सफलताको निम्ति तिनीहरू ऊसँग खुशियाली मनाउँछन्। - टेस्टिमोनिज फर द चर्च ४:२६३,२६४।

विश्वासबाट पछि हट्नेहरूलाई करुणा देखाउन ख्रीष्टको प्रेमले पास्टरलाई कर गर्न दिनुपर्दछ- मानिसहरूलाई करुणा देखाउने मामिलामा हाम्रो प्रिय मुक्तिदाताको अनुभवहरूलाई पास्टरहरूले नबिर्सन। तिनीहरू पनि गल्ती गर्ने मानव प्राणीहरू हुन् भनेर तिनीहरूले आफ्नो दिमागमा सधैँ राखि छोड्नुपर्दछ। तिनीहरूले विश्वासी भाइबहिनीहरूप्रति पनि दया र करुणा देखाएर मद्दत गर्नुपर्छ भन्ने कुरो हरदम सोचीरहनुपर्दछ। असल काम गर्न तिनीहरू प्रयत्नशील भइरहनुपर्दछ। तिनीहरूका हृदयहरू दया, करुणा र सदाशयताले भरिपूर पारि राख्नुपर्दछ। विश्वासी दाजुभाइ दिदीबहिनीहरूका हृदयमा तिनीहरू सजिनै पर्छ। तिनीहरूमा अत्यन्तै कमजोर र आवश्यक परेकोलाई सहयोग गर्नुपर्छ भनेर पास्टरहरूको नियत भइरहनुपर्छ। यदि दाजुभाइ दिदीबहिनीहरूको सामु सुसमाचारको सन्देश ल्याउनु छ भने परमेश्वरको वचन र शिक्षादीक्षा दिने बोकेर परिश्रम गर्ने पास्टरहरूले आफूमा भएको कठोर भावना, अहँ वा घमण्डी, विश्वासमा धलमल र मान खोज्ने जस्तो प्रवृत्तिबाट स्वतन्त्र हुन खोज्नुपर्दछ। हामी असहाय भएको कारण हामीलाई चाहिने सबै थोक येशूले गर्नुभएको थियो। हामी अन्धकार, पाप र निराशका सिक्रीहरूले बाँधिएका थियौँ। हामी आफ्नै प्रयासबाट तिनीहरूबाट फुट्किन सक्दैनथ्यौँ। हामीमा भएको आस्था, विश्वास, आशा र प्रेमलाई प्रयोग गर्दा हामी पवित्रताको स्तरमा नजिक आउन सक्छौँ।

हाम्रा कमजोर दाजुभाइ दिदीबहिनीहरूले पनि हामीलाई चाहिने त्यही करुणा र दयाको आवश्यकता छ। अनावश्यक रूपमा आलोचना गरेर र होच्याएर तिनीहरूलाई बोझ बोकाउनुहुन्न। हाम्रो हृदय ख्रीष्टको प्रेमले सजिएको कारण हामीलाई नै चाहिने करुणा, दया, सदाशयता र कोमलता तिनीहरूलाई पनि आवश्यक भएकोले सो तिनीहरूलाई देखाउने कर हामीमा हुनुपर्दछ। यदि तिनीहरूको आवश्यकताप्रति हामी संवेदनशील भएर करुणा र दया देखायौँ भने तिनीहरू परमेश्वरबाट हटेर गलत बाटोमा हिँड्नेछैन। प्रत्येक मानिस अपार बहुमूल्य छ। कुनै पनि मानिसको मोल कतिको छ भनेर उसको निम्ति तिरेको मुक्तिधनबाटमात्र अनुमान गर्न सकिन्छ। त्यो हो कलभरी! कलभरी! कलभरी! हो कलभरीलेमात्र कुनै पनि व्यक्तिको सही मूल्य थाहा पाउन सकिन्छ। -टेस्टिमोनिज फर द चर्च ३:१८७,१८८।

पास्टरहरूले विश्वास र इमान्दारसाथ सहयोग गर्न खोज्दा खोज्दै पनि तिनीहरूको प्रयासलाई गलत सम्झेर चर्चलाई त्याग्नेहरू विरोधमा उत्रीन सक्छन्- चर्च वा विश्वास छोडेर पछि हटेर बस्ने कतिपय इसाई भनाउँदाहरू चिसो र आस्थामा गिरेको छ कि तिनीहरूको मोह सांसारिक धनसम्पत्तिमा मात्रै छ भन्ने कुरो महसुस गर्दैन। संसारको धनसम्पत्ति, कदर, मान, प्रतिष्ठा सदाको निम्ति बिलाएर जानेछन् भन्ने कुरालाई तिनीहरू सोच्न चाहन्दैनन्। संसारको लोभ र मोहले तिनीहरूलाई डस्नाले छोपेको जस्तै छोपीरहेको हुन्छ। यदि तिनीहरूले आफ्नो बाटो त्यागेन भने ख्रीष्टको लागि त्याग गर्नु कतिको मूल्यवान रहेछ भन्ने कुरो तिनीहरूलाई थाहा हुँदैन। हाम्रो हृदयबाट हामीमा भएका सबै मूर्तिहरू र संसारप्रति भएको मायामोह फ्याँक्नैपर्छ। कतिपय समयमा पास्टरहरू र विश्वासीलो मित्रहरूले स्वार्थमा गुटमुटीएकोलाई तिनीहरूको खतराबाट जोगाउन कोशिश गर्छन्। तिनीहरू गलत बाटो छाडुन् भनेर सत्यलाई प्रस्तुत गरेर तिनीहरूको गल्तीलाई औँल्याउन खोज्छन्। तर तिनीहरूको अर्तीलाई आत्मसात् गरेर फाइदा उठाउनुको सट्टा तिनीहरूकै

विरुद्धमा ती विश्वासबाट हटेकाहरू लाग्न सक्छन्। तिनीहरू आत्मिक सुस्तमनस्थितिबाट उठेर परमेश्वरसँग लागेको भए तिनीहरूकै हित कस्तो हुनेथियो! अदृश्य परमेश्वरलाई नदेख्न तिनीहरूका आँखाहरूलाई संसारले अन्धा पारिरहेका छन। अनन्तको मोल र चासो कतिको बहुमूल्य छन् भनेर तिनीहरू अलग गर्न असमर्थ भएका छन्। तिनीहरूले परमेश्वरको सत्यलाई पिलपिली बलिरहेको बत्तीले हेर्दछन् र तिनीहरूले सत्यलाई अबमूल्यन गरेर चल्न रुचाइरहेका हुन्छन्। - द रिभ्यु एण्ड हेराल्ड, अक्टोबर ३१, १८९३।

अध्याय ३९

चर्चका सदस्यहरूलाई पुऱ्याउनुपर्ने व्यक्तिगत सेवाकार्य

एउटा पास्टरले त बरु मलाई पिटोस् म चर्च सदस्यको घरमा जान्न भनेर पनि व्यक्त गरेको थियो- एल्डर एच हाम्रो चर्चमा आएर प्रचार गरेका थिए, तर उनी बगालको गोठालो थिएन। मलाई पिटोस् तर तपाईँहरूको घरमा भेट्न आउँन्न भनेर बिचरा भेँडाहरूलाई उनले सुनाउँछन्। उनले व्यक्तिगत परिश्रमलाई वेवास्ता गरेका छन्। त्यसकारण उनले आफ्नो चर्चमा र चर्चको बाहिर पास्टरिय काम नगरेको देखीएको थियो। तर चर्चका सर्वसाधारण सदस्यहरू जुन डिकन र एल्डरहरू छन् त्यस पास्टरप्रति सदाशयता देखाएर चर्चलाई बुद्धिमानी र उचितरूपमा सम्हाली राखेकाछन्। तिनीहरूले हामीले अपेक्षा गरेको भन्दा चर्चलाई ठिक स्थितिमा राखीरहेका छन्। हामी निराशै भएतापनि खुशी नै छौँ। तर जब मैले वर्षौँसम्म हेरेँ, जुन काम पास्टरले गर्नुपर्थ्यो त्यो काम गरेको भए र पास्टर र परमेश्वरको विश्वासीलो भन्डारे भएर विश्वासीहरूको लेखाजोखा दिनुपर्ने भएतापनि तिनीहरूलाई वेवास्ता गर्दा मेरो मन साहैँ दु:खेको छ। यदि प्रचारकले पास्टरको काम गरेको भए, चर्चमा धेरै सदस्यहरू समावेश भएर सत्यमा आनन्द मनाइ रहने थिए। - म्यानुस्क्रिप्ट रिलिजेज ९:३४३,३४४।

प्रवचन तयार गर्न र अध्ययन गर्न एकान्तबास मात्र गर्ने बानीले चर्चका सदस्यहरूकहाँ भेटघाट गर्नबाट बंचित हुनुहुँदैन- कतिपय समयमा पास्टरले गर्नुपर्ने कर्तव्य नगर्दा लज्जास्पद भइरहेको हुन्छ। प्रवचन तयार गर्नुपर्छ त्यसकारण अध्ययन गर्नुपर्छ भनेर आफ्नै कोठामामात्र लुकेर बस्ने पास्टरमा त्यागी भावनाको बल हुँदैन। आफ्नो बगालको प्रत्येक घरघरमा पास्टरले भेटघाट गर्न जानुपर्छ। तिनीहरूलाई

सिकाउन, तिनीहरूसँग छलफल र प्रार्थना गर्न र तिनीहरूको आत्मिक आवश्यकतालाई पूरा गर्न पास्टर सजग भइरहनुपर्दछ। हामीमा भएको सत्यप्रति रुची देखाउने मानिसहरूलाई वेवास्ता गर्नुहुन्न, बरु तिनीहरूलाई रामरोसँग सिकाउनु पर्दछ। - इभान्जलिजम, ३५०।

हप्ताको एक दिन प्रवचन दिने र बाँकी दिनहरूमा सदस्यहरूको बेवास्ता गर्ने पास्टरलाई हटाउनुपर्दछ- बाइबल अध्ययन गर्न र शिक्षादीक्षा दिन स्वीकार गर्ने तर केवल प्रवचनमात्र दिने कतिपय पास्टरहरूले आफ्नो गम्भीर काम कर्तव्यहरूलाई वेवास्ता गरिरहेका छन्। आफूले लेखाजोखा दिनुपर्ने मानिसहरूको आत्मिक गतिविधिप्रति तिनीहरू आँखा चिम्लिरहेका हुन्छन्। तिनीहरू प्रवचन त दिन्छन्; तर भँडा र पाठाहरूलाई गर्नुपर्ने स्याहारलाई वास्ता गरेका हुँदैनन्। यसरी मन नलागीनलागी काम गर्ने पास्टरहरू अमेरिकाभरी जतातत्तै छन्। ती मानिसहरू चर्चको ढुकुटीबाट तलब लिएका हुन्छन् तर दिलोज्यानले काम गर्दैनन्। ती पास्टरहरू पास्टरीय काम छोडेर अर्कै कम जिम्मेवारी भएको र कमै स्याहार गर्नुपर्ने काममा लाग्दछन। चर्चको प्रत्येक सदस्यले पास्टर आफ्नो घरमा आएको, सिकाएको, सरसल्लाह दिएको, सुझाव दिएको अपेक्षा गर्नु उसको अधिकार हो। यदि विश्वासीहरूको घरमा जाने काममा उनले वेवास्ता गर्छन् भने त्यो व्यक्ति परमेश्वरको चाहना अनुसार पास्टरीय काम गरिरहेको हुँदैन। पास्टरले दिलोज्यान दिएर नखट्ने चर्चहरू अस्तव्यस्त हुन्छन्, कमजोर हुन्छन्, बिरामी हुन्छन् र मर्न पनि तयार हुन्छन्। चर्चका सदस्यहरूको व्यक्तिगत वास्ता नगर्ने पास्टरका प्रवचनहरू पनि परमेश्वरको आत्माले सघाएको हुँदैन, किनभने परमेश्वरको वगालको वास्ता नगर्ने कुनै पनि पास्टर वा चर्चको अगुवामाथि उहाँको आशिष खनिएको हुँदैन। -अपिल एण्ड सजेसन्स टु कन्फरेन्स अफिसरस् (पीएच) १७,१८।

येशूका पाइलाहरूमा हिँड्नुपर्छ, येशू कहाँ रहनुभयो त्यहाँ गएर होइन, तर उहाँले के काम गर्नुभयो त्यही काम गर्नुपर्छ- कतिपय एडभेन्टिस्टहरूले

यरुशलेममा तिर्थयात्रा गरे ठूलो पूण्य हुन्छ भनेर सोच्दछन्। येशू कहाँ हिँड्नुभयो त्यहा पाइला टेकेर हिँड्न सके आत्मिक जीवनमा ठूलो उपलब्धी हासिल गरेको हुन्छ भन्ने ठान्दछन्। तर उहाँका सेवकहरू येशू कहाँकहाँ हिँड्नुभयो र कहाँकहाँ के के आश्चर्य काम गर्नुभयो त्यहाँ झुलेर बस्दा परमेश्वरको काम र लक्ष्य कहिल्यै पनि पूरा हुँदैन। यदि तपाईँ येशूको पाइलाहरूमा हिँड्न चाहनुहुन्छ भने झोपडीहरूमा उहाँलाई हेर्नुहोस्, विपन्न र गरिबलाई सेवा गर्नुभएको हेर्नुहोस्; बिरामीको ओछ्यानमा उहाँ हुनुभएको हेर्नुहोस्, दु:खकष्ट र पीडामा परेकाहरूलाई सान्त्वना दिएको र निराशमा परेकाहरूलाई आशा र उत्साह दिइरहनुभएको हेर्नुहोस्। जो मानिसहरू येशूको कदममा हिँड्छन् तिनीहरूले उहाँले गर्नुभएको काम गर्नेछन्। उहाँले भन्नुभयो, "जो मानिस मेरो पछि लाग्छ उसले आफूलाई इन्कार गरोस् र आफ्नै क्रूस बोकोस् र मेरो पछि लागोस्।" - द रिभ्यु एण्ड हेराल्ड, जुलाई ३०: १९०१।

लक्ष्य लिएर भेटघाट गर्न जानुपर्छ- धेरै पास्टरहरू प्रवचन वा प्रचार गर्न मन पराउँछन् तर मानिसहरूलाई पापबाट उठाउने कामलाई वास्ता गरेको हुँदैन। हाम्रा वरिपरि मानिसहरू मरिरहेकाछन्। तिनीहरूको आवश्यकतालाई इमान्दारीपूर्वक सम्बोधन गर्न हामीले कुनै विशेष प्रयास गरेका छैनौँ। ख्रीष्ट संसारमा हुनुभएको बेलामा मानिसहरूप्रति चासो देखाउनुभएको थियो र तिनीहरूलाई स्नेह देखाउनुभएको थियो, त्यो काम हामीले गर्न सकेका छैनौँ। हामी ख्रीष्टका राजदूतहरू हौँ, हामी इस्राएलको घरानाको रखबार गर्नेहरू हौँ। मानिसहरूमा के खतरा आइरहेको छ सो हामीले चेतावनी दिनुपर्दछ। पास्टरको काम भेँडाहरूलाई स्याहार गर्ने, सुरक्षा गर्ने, आत्मिक खाना ख्वाउने, सतर्क गराउने, आवश्यक परेको बेलामा हप्काउने र उत्साह दिने हो। जब पास्टर कसैको घरमा जान्छ भने रमाइलो गफसफ गर्न होइन तर सुरक्षागार्डले गरेको जस्तो काम गर्न जानुपर्छ। मानिसहरूकहाँ भेटघाट गर्न जाँदा साचो हृदयले छलफल गर्नुपर्छ र तिनीहरूसँग

प्रार्थना गर्नुपर्छ। ख्रीष्टको राज्यको निर्माणको निम्ति ती कामहरू गरेर महत्त्वपूर्ण अनुभव पास्टरले हासिल गर्नुपर्छ। - द रिभ्यु एण्ड हेराल्ड, अक्टोबर २०, १८९६।

महिलाहरू पनि घरमा भेटघाट गर्न जान नियुक्त गर्नुपर्छ- जो महिलाहरू परमेश्वरमा समर्पित भएर आफ्ना कामहरूबाट समय लिएर उहाँको सेवा गर्न चाहन्छन् भने तिनीहरूलाई नियुक्त गर्नुपर्छ। तिनीहरू बिरामीकहाँ भेट्न जान सक्छन्, साना बालबालिकाहरूलाई हेरचाह गर्न सक्छन् र गरिबको आवश्यकताहरूमा सेवा गर्न सक्छन्। तिनीहरूमाथि शिरमा हात राखेर प्रार्थना गर्दै कामको निम्ति अलग गर्नुपर्छ। कतिपय समयमा तिनीहरूले चर्चका पदाधिकारीहरू वा पास्टरसँग सरसल्लाह लिनुपर्दछ; तर तिनीहरू ईश्वरभक्ति महिलाहरू हुन् र परमेश्वरसँग महत्त्वपूर्ण सम्बन्ध राखिराखेकाछन् भने तिनीहरू चर्चको निम्ति असल काम गर्न शक्तिसम्पन्न हुन सक्छन्। महिलाहरूलाई सहभागी गराउँदा चर्चलाई बल पुग्छ र चर्चको उत्थान हुन्छ। हामीले काम गर्न धेरै उपायहरू सोच्नु पर्दछ। कुनै पनि हात बाँधेर बस्नुहुँदैन, कोही पनि विश्वासी निराशमा पर्नुहुन्न, कसैको क्रन्दनलाई चुपचाप राख्नुहुन्न; प्रत्येक व्यक्ति महिला होस् वा पुरुष होस् परमेश्वरको महान् कामलाई अघि बढाउन सार्वजनिक वा व्यक्तिगतरूपमा प्रयास गर्नुपर्छ। चर्चका प्रत्येक पुरुष र महिलालाई चर्चका बोझहरू बोकाउनुपर्दछ। चर्चको उत्थानमा अघि बढ्न तिनीहरूले थुप्रै कारणहरू भेट्टाउनेछन्। परमेश्वरको हातमा तिनीहरूले आफूहरूलाई सुम्पे भने अन्धकारमा बसिरहेका मानिसहरूलाई दिव्यज्ञानको ज्योति तिनीहरूले दिन सक्छन्। - द रिभ्यु एण्ड हेराल्ड, जुलाई ९, १८९५।

कम प्रवचन र धेरै व्यक्तिगत सेवाका

भाषण थोरै गर्ने र काम धेरै गर्ने अर्थात् प्रवचन थोरै दिने र

व्यक्तिगत सेवाकार्य बढि गर्ने प्रवचन दिने काममा कम समय दिनु पर्छ, बरु व्यक्तिगत सेवाकार्यमा बढि समय दिनुपर्छ- मानिसहरूलाई व्यक्तिगतरूपमा सेवाकार्य गरेर परमेश्वरको निम्ति जित्नु धेरै आवश्यक छ। यदि प्रवचनको निम्ति थोरै समय दिएर व्यक्तिगत रूपमा सेवाकार्य गरेमा ठूलो नतिजा आउन सक्छ। गरिब र विपन्न वर्गलाई राहत दिनुपर्छ, बिरामीको सेवा गर्नुपर्छ, दुःख र सन्तापमा परेकाहरूलाई सान्त्वना दिनुपर्दछ, बाइबलको ज्ञानमा कमी भएकाहरूलाई सिकाउनुपर्दछ र अनुभव नभएकाहरूलाई सरसल्लाह दिनुपर्दछ। जो रुँन्छ तिनीहरूसँग हामी रुनुपर्दछ, जो खुशीयाली मनाउँछ तिनीहरूसँग हामी खुशीयाली मनाउनुपर्छ। मानिसहरूको मन जित्ने कुरा गर्नु पर्छ, प्रार्थनाको शक्तिको अनुभव गर्नुपर्छ, परमेश्वरको प्रेमको शक्तिले परिचालित हुनुपर्छ। यदि पास्टर यो नीतिमा हिँड्यो भने उनले मानिसहरूलाई प्रभुमा ल्याउन सक्ने हुन्छ। - द मिनिस्त्री अभ हिलिङ्ग, १४३।

पास्टरले आफ्ना मानिसहरूको घरमा गएर कुराकानी गर्यो भने दश गुणा वढि काममा उपलब्ध हासिल गर्न सक्छन्- मानिसहरूलाई प्रचारबाजी गर्नुमात्र पुग्दैन; तिनीहरूसँग प्रार्थना गर्नुपर्छ र तिनीहरूको निम्ति प्रार्थना गर्नुपर्छ; हामी मानिसहरूबाट कठ्याङ्ग्रिएर अलग बस्नुहुन्न, तर परमेश्वरलाई विश्वास गर्न चाहनेसँग सहानुभूतिपूर्वक नजिक आउनसपर्छ, तिनीहरूको घरमा भेटघाट गर्न जानुपर्छ र तिनीहरूसँग छलफल गर्नुपर्छ। यदि पास्टरले साबथको दिनमा प्रवचनमात्र नदिकन व्यक्तिगतरूपमा उचित सम्पर्क राखेर सेवाकार्य गरे उनले दश गुणा आफ्नो काममा उपलब्धी हासिल गर्न सक्छन्। -द रिभ्यु एण्ड हेराल्ड, अगस्ट ८,१८७८।

खाली प्रचारमामात्र भरपर्न तालिम पाउने चर्चका सदस्यहरूले ख्रीष्टको लागि थोरै काम गर्नेहुन्छ- साबथ दिनमा सत्यलाई प्रस्तुत गर्दैमा पास्टरको काम पूरा हुँदैन। उनले दिलखोलेर व्यक्तिगतरूपमा घरघरमा गएर काम गर्नुपर्छ। मानिसहरूसँग बाइबल अध्ययन गर्नुपर्छ

र तिनीहरूसँग प्रार्थना गर्नुपर्छ। यसरी सबै जनालाई परमेश्वरको आत्मज्ञानमा ल्याउन सक्छन्। निराश भएर विश्वास छोड्न लागेका मानिसहरू पास्टरको त्यस क्रियाकलापले जागृत भएर ख्रीष्टको आत्माको प्रभावमा पर्न सक्छ। तर हाम्रो चर्चहरूमा यो कामलाई वेवास्ता गरिरहेका छन्; त्यसले गर्दा चर्चमा हुनुपर्ने शक्ति, जोश जाँगर कमी भइरहेको पाइन्छ। धेरै अभिषेक गरेका पास्टरहरू छन् जो कहिल्यै पनि परमेश्वरको बगाललाई गर्नुपर्ने हेरचाहा गरेका छैनन्। आफ्नो काममा लापर्वाही गर्ने पास्टरहरूले हिसाबकिताब दिनु पर्ने हुन्छ। जोश र जाँगरमा चर्चको उन्नति हुनुको सट्टा कमजोर, परनिर्भर र निश्क्रिय हुन गएको छ। खालि प्रचारबाजी गर्नमात्र तालिम पाउने चर्चका सदस्यहरूले ख्रीष्टको निम्ति थोरै काम गर्ने हुन्छन्। तिनीहरूले केही फल फलाउँदैन। तर तिनीहरू स्वार्थमा अघि बढ्छन् र विश्वासमा पनि पछि हट्न पुग्ने हुन्छन्। तिनीहरूले तिनीहरूको आशा केवल प्रचारक वा पास्टरमा मात्र राख्ने हुन्छ। तिनीहरूको कमजोर विश्वासलाई जीवित पारोस् भनेर तिनीहरूले केवल पास्टरमाथि मात्र भरोसा राखेका हुन्छन्। चर्चका सदस्यहरूलाई रेखदेख गर्न परमेश्वरले खटाएकाहरूले तिनीहरूलाई उचित रूपमा सिकाएका हुँदैनन्। धेरै पास्टरहरू सुस्त छन्, तिनीहरूमा आत्मिक जोश भएर उठ्दा पनि उठ्दैनन्, आफूहरूमा भएका प्रतिभा र खुबीहरू माटोमा लुकाइराखेका हुन्छन्, परमेश्वरले तिनीहरूलाई राम्रोसँग हेर्नुभएको छैन (वा मिसनले वास्ता गर्दैनन्) भनेर तिनीहरू झन गुनासो गरिरहन्छन्। बिरामी केटाकेटीहरूलाई हेरेको जस्तै तिनीहरूलाई पनि त्यसै गरि हेरोस् भनेर तिनीहरूले माथिल्लो निकायलाई हेर्दछन्। - द रिभ्यु एण्ड हेराल्ड, जनवरी २१,१९०२।

प्रवचन दिएपछि केही समय आराम गर्नुपर्छ, अनि भेटघाट गर्न जानुपर्छ- पास्टरहरूले परमेश्वरको वचनबाट नै प्रवचन दिनुपर्छ। जब तिनीहरूले मानिसहरूलाई सत्यमा अघि बढ्न हौशला दिएपछि तिनीहरू प्रभुको प्रचारक भएकोले आफ्नो मर्यादालाई नम्र बनाइराख्नुपर्दछ।

तिनीहरू अति उच्च सत्यको प्रचारकहरू हुन् र सत्यको प्रतिनिधिहरू हुन्। त्यसकारण, प्रवचन दिएपछि तिनीहरू मानिसहरूसँग नम्र भएर अभिवादनको आदानप्रदान गर्नुपर्छ। तिनीहरूले परिश्रम गरेपछि तिनीहरू केही समय आराम गर्नुपर्छ। यदि प्रवचन दिएपछि पनि तिनीहरूमा केही बल छ भने तिनीहरूले आफूलाई हानी नगरीकन परमेश्वरको काम गर्ने करमा आफूलाई लगाउन सक्छन्। तिनीहरूको महत्त्वपूर्ण काम छ। तिनीहरूले मानिसहरूलाई सत्यको घोषणा गर्दै प्रवचन दिएपछि तिनीहरूको काम सुरु हुन्छ। तिनीहरूले प्रवचन दिएको अनुसार अनुसरणीय जीवन बिताएको अरूहरूले हेर्दछन्। तिनीहरूले आफ्नो क्रियाकलाप यसरी जारी राख्नुपर्दछ: अरूहरूको आत्मिक आवश्यकताको हेरचाह, अरूहरूको असल हितमा लाग्नु, मानिसहरूसँग वैचारिक आदानप्रदान, घरघरमा भेटघाट, मानिसहरूको दिमागमा पस्न खोज्नु, आफूहरूले दिएको प्रवचन सुन्नेहरूको आत्मिक स्थिति बुझ्नु, अर्ती दिनु, आवश्यक परेमा ठिक बाटोमा ल्याउनु अझ आवश्यक भएमा हप्काउनु, दु:ख, कष्ट र निराशमा परेकाहरूलाई सान्त्वना दिनु र आशा दिलाउनु आदि। तर ती सेवाकार्यहरूमा लाग्दा पास्टरको दिमाग थकान र पेलानबाट सकेसम्म स्वतन्त्र हुनुपर्छ। तिनीहरू जहिले पनि वचन बाँड्न तयार हुनुपर्छ। तिमोथीलाई पावलले दिएको अर्तीलाई तिनीहरूले आफ्नै लागि पनि हो भनेर सोच्नुपर्छ। उनले भनेका थिए, "मौसममा र वेमौसममा वचन दिन तयार हुनु पर्छ।... ती कुराहरूमा ध्यान दिएर आफूलाई तिनीहरूमै लाग्न अर्पण गर्नुपर्छ।" - टेस्टिमोनिज फर द चर्च १:४७२।

चर्चका सदस्यहरू र व्यक्तिगत सेवाका

चर्चका सदस्यहरू र व्यक्तिगत सेवाकार्य चर्चका विश्वासीहरूलाई शिक्षित बनाउनु आवश्यक छ- यदि चर्चका सदस्यहरूलाई परमेश्वरसँग काम गर्न सिकाएनौँ भने हाम्रो काम अपूर्ण हुन्छ। विश्वासीहरूको घरमा जान, परिवारहरूसँग प्रार्थना गर्न र हाम्रो निम्ति येशूले

के गर्नुभयो सो संसारलाई सुनाउन तिनीहरूलाई सिकाउनु पर्छ। परमेश्वरको वचनले यो स्पष्ट पारेको छ, "परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही हो: अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु।" याकूब १:२७। यी वचनहरू येशूका भक्त हुँ भन्ने प्रत्येको निम्ति हो। केवल पास्टरमात्र होइन, प्रत्येक व्यक्ति जो ख्रीष्टसँग सम्पर्कमा रहन्छ, त्यो उहाँको सहकर्मी हो। "यदि तिमीहरूले धेरै फल फलायौ भने मेरो पिताको महिमा हुन्छ वा इज्जत बढ्छ," भनेर येशूले भन्नुभएको थियो। ख्रीष्टले आफ्नै जीवन दिनुभएर हृदयदेखि नै गम्भीर भएर तपाईँहरू उहाँसँग लाग्न मोल तिर्नुभएको थियो। यदि तपाईँहरू विश्वासिलो मिशनेरीहरू हुनुभएन भने तपाईँहरू सत्यवादी नभएको ठहर्छ र तपाईँहरूले तपाईँहरूको मुक्तिदातालाई निराश पारिरहनुभएको देखाउँदछ। - द साइनस् अभ द टाइम्स, डिसेम्बर २७, १८९९।

पास्टरको प्रशासकीय गतिविधिको साथै चर्चका सदस्यहरूलाई तालिम दिँदा चर्च बढ्नेमात्र होइन त्यसको उत्थान पनि हुन्छ- जब कोही नयाँ मानिसहरू येशूमा विश्वास गरेर चर्चमा सरिक भएको समयदेखिनै तिनीहरूलाई सुसमाचार सुनाउने तरिका सिकाउनुपर्दछ जसले गर्दा तिनीहरूकै आत्मिक जीवन बलियो हुन्छ र अरूहरूलाई पनि बलियो पार्दछ। "उदार मानिसको फलिफाप हुन्छ, अरूलाई उत्साह दिने व्यक्तिले आफू पनि नयाँ उत्साह प्राप्त गर्नेछ।" हितोपदेश ११:२५। परमेश्वरले उहाँका जनहरूलाई वौद्धिक क्षमता, बल र स्रोतहरूले सम्पन्न गराउनुभएको छ। जो मानिसहरूका दिमागहरू संतुलित छन्, जो परमेश्वरप्रति श्रद्धा र प्रेम छ तिनीहरूलाई चर्चका एल्डर र डिकनहरूमा नियुक्त गर्नुपर्छ; र परमेश्वरले दिनुभएको क्षमता तथा खुबीहरूलाई तिनीहरूले प्रयोग गर्ने अवसर पाउँदा तिनीहरू हाम्रो प्रभु र मुक्तिदाताको अनुग्रह र ज्ञानमा बढ्नेछन्। पास्टरहरूले बुद्धिमानीपूर्वक योजना बनाएर चर्चको प्रत्येक सदस्यलाई शिक्षित बनाउन खोज्नुपर्छ ताकि उसमा भएका प्रतिभा, खुबी, सिप र क्षमता

परमेश्वरको निम्ति प्रयोग गर्न सकुन्। जब तिनीहरूले आफूहरूमा भएका ती गुणहरूलाई उचितरूपमा प्रयोग गरियो भने तिनीहरू परमेश्वरको काम गर्न सिपालु भएर बढ्न सक्छन्। (कतिपय समयमा एक जना पास्टरले धेरै चर्चहरूलाई हेर्नुपर्छ वा मिशनको अगुवा आफ्नो क्षेत्रमा व्यस्त हुनसक्छ) यस परिवेशमा चर्चको पास्टर दिनदिनै एउटै चर्चमा सेवा गर्न नसक्ने हुन्छ, तर उन्नति गरिरहेको चर्चको निम्ति येशू नै हाम्रो पास्टर हुनुहुन्छ भनेर स्वीकार्नुपर्दछ। हामी कहिल्यै पनि एक्लो छैनौँ भन्ने सोचमा हामी परिरहनुपर्दछ। आफ्नो बगाललाई येशूले कहिल्यै पनि त्याग्नुहुन्न। पावलले भन्छन्, "येशूचाहिँ अनन्त हुनुभएकोले उहाँको पूजाहारी पद अटल रहन्छ। फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ।" हिब्रू ७:२४-२५। - द रिभ्यु एण्ड हेराल्ड, जनवरी १७, १८९३।

परमेश्वरको कामको निम्ति पास्टर र चर्चका सदस्यहरूमा भएका स्रोतहरू परिचालन गर्न आवश्यक हुन्छ- जबसम्म हाम्रो चर्चमा भएका पुरुष र महिला सदस्यहरूले चर्चका पास्टर र पदाधिकारीहरूसँग एक भएर परमेश्वरको काम गर्न प्रयास गर्दै अघि बढ्दैन तबसम्म यस पृथ्वीमा परमेश्वरको काम कहिल्यै पनि सिद्धिन्दैन। चर्चका सदस्यहरूलाई तालिम दिनु र शिक्षित बनाउनु आवश्यक छ। जो पास्टर र अगुवाहरू जब चर्चहरूमा जान्छन् तिनीहरूले हाम्रा दाजुभाइ र दिदीबहिनीहरूलाई सुसमाचार सुनाउन व्यवहारिक तरिकाहरू सिकाउनुपर्दछ।- टेस्टिमोनिज फर द चर्च ९:११७।

चर्चमा आउने पाहुना वा आगन्तुकहरूलाई तालिम दिनुपर्दछ- यदि चर्चहरू मरनासन्न अवस्थामा छ भने चर्चमा भएका केही युवा र युवतीहरूलाई छानेर चर्चलाई उठाउने काममा सहयोग लिने प्रयास हरतरहले गर्नुपर्छ। यस मामिलामा अनुभवी पास्टर र अगुवाहरूले ध्यान दिनु जरुरी छ। ती युवायुवतीहरू आफूहरू नै व्यक्तिगतरूपमा

खट्दा ज्ञान बढाउन चासो देखाउन सक्ने हुन्छन्। अनि भविष्यमा तिनीहरूनै बाइबल सिकाउने, चर्चका पुस्तकहरू वितरण तथा बिक्रि गर्न सक्नेहुन्छन्। तिनीहरूले घरेलु सङ्गति गर्न सिपालु बन्न सक्छन्। - इभान्जलिजम, ४७०।

अध्याय ४०

चर्चका जिम्मेवार तथा प्रभुप्रति मायाले सजिएकाहरूले गर्ने भेटघाट

परिवार

पास्टरले गर्नुपर्ने काममा पारिवारीक भेटघाट अत्यन्तै फाइदाजनक हुनसक्छ- विश्वासीको घरघरमा पास्टले भेट्ने काम उनले वेवास्ता गर्नुहुन्न न त आफ्नो श्रीमती वा अरूहरूलाई अन्हाएर पठाउनु उचित छ। पास्टर आफैले अनुशानमा बसेर र आफूलाई शिक्षित बनाएर चर्चको प्रत्येक सदस्यलाई सकेसम्म भेट्न जानुपर्छ। सुसमाचार प्रचार गर्नुपर्छ पास्टरले यो काम गरेमा चर्चको उत्थानको निम्ति ठूलो फाइदा हुनसक्छ। - इभान्जलिजम, ४४०।

पास्टरले प्रचार गरेको प्रवचन कतिको प्रभावकारी, उपलब्धी मूलक र आत्मिकज्ञान प्रवर्धक छ भनेर उनको प्रवचन सुन्ने परिवारहरूकहाँ भेटघाट गर्न गयो भनेमात्र मूल्याङ्कन गर्न सकिन्छ- पास्टरले दिएको प्रवचन कतिको ज्ञानप्रवर्धक र आत्मिकी छ भनेर थाहा पाउन परिवारकहाँ गएर भेटघाट र तिनीहरूसँग प्रार्थना गरेमात्र थाहा पाउन सकिन्छ। पास्टरले संसारको पाप उठाइ लैजाने पाठोलाई औँल्याएको प्रवचनले तिनीहरूको दिमागलाई कति प्रभावित पारेको छ र तिनीहरूको वास्तविक अवस्था थाहा पाउन पास्टरले सकेसम्म घरघरमा गएर परिवारहरूसँग छलफल गरेर पत्ता लगाउनुपर्दछ। पास्टरले परमेश्वरको प्राण विश्वासीहरूमा फुक्नुपर्दछ र आत्मिकरूपमा जागृत बनाउनुपर्छ। पारिवारीक जीवनमा परमेश्वरप्रति व्यवहारिक आस्था कसरी कायम राख्ने भन्ने मामिलामा चर्चहरूले आत्मज्ञान

पाउनु जरुरी छ। - आड्ड्रेस टु मिनिस्टरस्, १७ (पीएच ११८)।

सहयोगी बोलिहरू र उत्साह दिने शब्दहरू घरघरमा बोल्नु चर्चमा प्रचार गर्नुभन्दा बढि प्रभावकारी हुन्छ- घरमा मिसिनेरी काम गर्नु आवश्यक छ जुन परमेश्वरका पास्टरहरूले विश्वाससाथ दिलोज्यान दिएर गर्नुपर्छ। तिनीहरू प्रचार गर्नेमात्र होइन, तिनीहरू घरघरमा जानुपर्छ, चर्चका विभिन्न परिवारहरूसँग परिचित हुनुपर्दछ। तिनीहरूमा कतिपयले येशूलाई विश्वास गरेको हुन्छ भने कतिपय परमेश्वर बिना र यस संसारमा आशाबिना बाँचिरहेका हुन्छन्। परमेश्वरका जनहरूको महत्त्वपूर्ण हितलाई वास्ता नगरेर धेरै प्रवचनहरू दिनु सम्भव छ। प्रवचनपछि व्यक्तिगत परिश्रम गर्नुपर्छ। घरघरमा विश्वासीहरूलाई भेट्न जाने र सहयोगका वचनहरू दिने, उत्साहका वचनहरू बोलेर मनलाई हलुको पार्ने जस्ता कामहरू प्रचारभन्दा बढि प्रभावकारी हुनसक्छ। - द रिभ्यु एण्ड हेराल्ड, जनवरी ३१, १८९९।

जब घरमा भेटघाट गर्न गइन्छ तब परिवारका सबै सदस्यहरूसँग मिलनसार व्यवहार गर्नुपर्छ, चाहे येशूलाई विश्वास नगर्नेहरू नै किन होस्- घरघरमा विश्वासीहरूलाई भेट्ने कार्यक्रम पास्टरको कामको महत्त्वपूर्ण भाग हो। परिवारका सबै सदस्यहरूसँग कुराकानी गर्ने लक्ष्य उनमा हुनुपर्दछ। चाहे सत्यलाई अङ्गालेका होस् वा नअङ्गालेका होस्, सबैसँग मिलनसार हुने बानी बसाल्नुपर्छ। सबैको आत्मिक अवस्थाको बारेमा चासो लिने उनको कर्तव्य हो। पास्टर आफै परमेश्वरको नजिक हुनुपर्दछ ताकि उनले अरूहरूलाई सरसल्लाह दिन सकुन्। बुद्धि पुऱ्याएर कुशल नीति प्रयोग गरे मानिसहरूलाई अर्ती दिनुपर्छ, सही बाटोमा आउन आग्रह गर्नुपर्छ। उनको आफ्नै हृदयमा परमेश्वरको अनुग्रह हुनुपर्छ र निरन्तररूपमा परमेश्वरको अनुग्रह र उहाँको इज्जत राख्ने प्रवृत्ति उनमा हुनुपर्दछ। परमेश्वरको वचन सुनाउँदा हँस्सी ठट्टा र मजाक उठाउने मिजास मनाही गर्नुपर्छ। उनले गर्ने आदानप्रदानमा परमेश्वरको उपस्थितिको महसुस गर्नुपर्छ। उनको बोल्ने बोलिमा अनुग्रहको मिठासपना हुनुपर्छ।

- टेस्टिमोनिज फर द चर्च २:३३८।

प्रत्येक पल्ट परिवारलाई भेट्न जाँदा प्रार्थना गर्ने मनस्थिति बसाल्नुपर्छ- मैले झण्डै एउटा विषयबस्तु विसैँ। पास्टरको जीवनशैली र मिजासको प्रभावले मानिसहरूलाई आकर्षित गर्नुपर्छ। चर्चमा उभिएर प्रचार गर्ने काममात्र उनको होइन। बरु त्यसबेला उनको काम पो सुरु हुन्छ। उनी विभिन्न परिवारहरूको घरहरूमा पस्नुपर्छ र त्यहाँ ख्रीष्टलाई बोकेर लानुपर्दछ। आफूले प्रचार गरेको प्रवचन आफ्नो क्रियाकलाप र वचनहरूद्वारा लानुपर्दछ। के उनी बगालको गोठाला हो? गोठालोको काम उभेर प्रवचन दिनेमात्र होइन। बगालको प्रत्येक सदस्यसँग उनी बोल्नुपर्छ। बुबाआमाहरू कुन स्थितिमा छन् त्यो तिनीहरूलाई सिकाउनुपर्दछ ताकि बालबालिकाहरूले बुबाआमाहरूबाट सिकोस्। परमेश्वरले रेखदेख गर्न दिनुभएको बगाललाई ख्वाउनसक्नुपर्छ। सकिन्छ भने घरघरमा गएर बाइबल अध्ययन गर्नुपर्छ। यदि परमेश्वरले खटाउनुभएको यस काममा पास्टरले वेवास्ता गरे पास्टरले गल्ती गरिरहेको हुन्छ। परिवारका सबै सदस्यहरूलाई भेला नगरि कहिल्यैपनि कसैको घरमा जानुहुन्न। तिनीहरूबाट निस्कनुभन्दा अघि शिर झुकाएर प्रार्थना गर्नुपर्छ। तिनीहरूको स्वास्थ र आत्मिक जीवनको बारेमा चासो देखाउनुपर्छ। कुशल डाक्टरले के गर्छ? बिमारको प्रत्येक मामिलाको बारेमा उनले चासो राखेर सोध्छ, अनि त्यसलाई औषधीउपचार गर्दछन्। त्यसरी नै आत्मिक डाक्टर भएको हैशियतले चर्चका कोही सदस्य बिमारी भएको छ कि भनेर चासो राख्नुपर्दछ, अनि आत्मिक औषधी उपचरको निम्ति कदम चाल्नुपर्दछ। महान् डाक्टर प्रभु येशूसँग सहयोग माग्नुपर्छ। तिनीहरूलाई चाहिने आवश्यक सहयोग गर्नुपर्छ। यस खालका पास्टरहरूले ख्रीष्टका पास्टरहरूले पाउनुपर्ने आदर, सम्मान र सत्कार पाउँछन्। यसरी पास्टरहरूले अरूहरूको सेवा गर्दा आफ्नै आत्मिक जीवनलाई जगाइ राख्छ। आफूले सेवा गर्नेहरूलाई बल पुऱ्याउन पास्टरले परमेश्वरबाट नै बल लिनुपर्दछ।

- टेस्टिमोनिज फर द चर्च २:६१८।

गरिब तथा विपन्न वर्ग

प्रत्येक पास्टर गरिबको साथी हुनुपर्दछ- सुसमाचारको प्रत्येक पास्टर गरिब, दु:खमा परेको र दमनमा परेकाहरूको साथी हुनुपर्दछ। तिनीहरू चर्चमै हुनसक्छन् वा परमेश्वरलाई विश्वास गर्नेहरू हुनसक्छन। येशू जहिले पनि गरिबको साथी हुनुहुन्थ्यो। गरिबहरूको हितलाई पवित्र रूपमा सुरक्षित राख्नुपर्दछ। कतिपय समयमा पास्टरहरूले गरिब र दु:खमा परेकाहरूलाई ख्रीष्टको करुणा, दया र माया नदेखाइएको पाइन्छ। प्रेम, पवित्र र सफा माया गरिब र दुर्भाग्यमा परेकाहरूलाई देखाउनु जरुरी छ ।

उदास र निराशमा परेकाहरू

बिरामी र निराशमा परेकाहरूको सेवा गर्दा पाउने आत्मिक बल अरूबाट पाइन्दैन- गरिब, विपन्न वर्ग, उदासिन र बिरामीहरूकहाँ गएर सेवा गर्नु जस्तो अरूहरूबाट आत्मिक बल पाउँदैन। यसले दिललाई स्वच्छ राख्छ र भित्री भावनालाई मजबुत पार्दछ। पास्टरहरूको भेटघाटले तिनीहरूको मन हलुका हुन्छ र तिनीहरूले येशूलाई विश्वासद्वारा पक्री राख्न सक्दछन्। कतिपय समयमा नाश हुन लागेका मानिसहरूलाई सेवा गर्नेबेलामा आफूहरूलाई मन नपर्ने काम गर्नुपर्ने हुन्छ। तिनीहरूको सेवा पास्टरले नगरे अरूहरूले भने पनि गर्नुपर्ने हुन्छ। जतिसुकै नमज्जा भएतापनि पक्का इसाईहरूले तिनीहरूको सेवा गर्दा आशिष पाउँनेछन्। येशू शुद्ध र अपार महिमाबाट आउनुभएको थियो, तैपनि अरूहरूलाई मन नपर्ने काम उहाँले गर्नु भएको थियो। अपराध, हिँसा, दुष्ट र आतङ्क अन्धकारहरूको कालो बादलले ढाकेको संसारमा मानिसहरूको बीचमा येशू घुलमिल गर्नुभएको थियो। मानिसहरूलाई परमेश्वरतिर फर्काउन उहाँले त्यो कदम चाल्नुभएको थियो। कतिपय मानिसहरू स्वार्थी जीवनले बेरिरहेका

छन्, तिनीहरू आफ्नै मनमौजीमा व्यस्त छन्। तर येशूले अचम्मको प्रेम र उहाँ परमेश्वर हुनुभएतापनि अपार तरिकाले होचिनु भएको स्वभाव अतुलनीय छ। के पास्टर तथा सुसमाचार बोकेकाहरू आफ्नै मोजमज्जामा आनन्दित भएर बस्ने किनभने मानिसहरूको सेवा गर्दा निराश र बेइज्जत सहनुपर्छ भनेर परिश्रम नगर्ने? यदि परमेश्वरलाई पन्छाएर बसेका मानिसहरूको सेवा गर्दा तिनीहरू उहाँमा आउन सक्छन्। मानिसको मुक्तिको निम्ति अनन्तको मोल तिर्नुभएको छ भने के पास्टरले यो भन्नु सुहाउँछ: "प्रभु म तपाईंको बारीमा काम गर्न चाहन्न; यस काममा मलाई नखटाउनुहोस्?" -टेस्टिमोनिज फर द चर्च ४:७५।

जो गल्ती काम गरेर निराश भएका छन्, तिनीहरूलाई पास्टरले विशेष गरेर ध्यान दिनुपर्छ- पास्टर भएपछि केवल हप्ताको एक दिन साबथमा प्रवचन दिनेमात्र होइन। दु:ख र कष्टमा परेकाहरूलाई राहत दिने, आवश्यकतामा परेकाहरूलाई सहयोग गर्ने, निराशमा लागेकाहरू र विश्वासमा ढलमल हुनेहरूलाई सान्त्वना दिएर मन हलुका पार्ने पुनित कार्य पास्टरको हो। जीवन गुजार्न कडा परिश्रम गर्नु पर्ने वा पसिना बगाउनु पर्ने परिस्थिति र गरिब हुँदा मानव जीवन तल्लो स्तरमा झर्ने वा पतित हुने होइन। तर गलत काम गरेर दोषी मनस्थितिले पिरोल्दा मानिसमा हिनताबोध हुन्छि यसले मानिसहरूलाई वेचैन र असंतुष्टता ल्याउँछ। येशूले आफ्ना भक्तहरूले आत्मिकरूपमा बिरामी भएकाहरूलाई सेवा गरोस् भन्ने चाहनुहुन्छ। जो बलिया छन् तिनीहरूले कमजोरीहरूको दु:खलाई बोक्न सक्नुपर्छ ताकि तिनीहरू झन बलियो होउन्। - द रिभ्यु एण्ड हेराल्ड, जुलाई १९, १८९८।

जब निराश तथा उदासमा परेका मानिसहरूलाई पास्टरले भेट्न जान्छन् तब हँसिलो अनुहार लिएर जानुपर्छ, दिल बहलाउने आशाका वचनहरू बोल्नुपर्छ र तिनीहरूको हात समातेर हौशला दिनुपर्छ- येशूको लक्ष्य नै बिरामीहरूलाई निको पार्नु, निराश भएकाहरूलाई

उत्साह दिने र टुटिएका हृदयहरूलाई मरमत गर्नु थियो। आवश्यक परेकाहरू, दु:खकष्टमा परेका मानिसहरूलाई सहयोग गरि तिनीहरूको पुनर्स्थापना गर्ने काम जारी राख्नुपर्दछ। पास्टरहरूको उदारतामात्र होइन हँसिलो मुहार, आशाका बोलीहरू र हात समातेर उत्साह दिने काम पनि हो। परमेश्वरका दु:खित जनहरूलाई राहत दिनुपर्छ। कोही बिरामी छन्, र कसैको आशा नै गुमेका छन्। तिनीहरूलाई उज्यालो किरण फर्काउनुपर्दछ। कतिपय मानिसहरू आफ्ना सबै साहस र हिम्मतहरू हारी सकेका हुन्छन्। तिनीहरूको मन हलुका गर्न तिनीहरूसँग बोल्नुपर्दछ। तिनीहरूसँग र तिनीहरूको निम्ति प्रार्थना गर्नुपर्छ। परमेश्वरको वचनबाट पढेर सुनाउनुपर्छ। कतिपय मानिसहरू आत्मिकरूपमा बिरामी छन् र त्यसलाई निको पार्न कुनै मलहम र औषधी हुँदैन। तिनीहरूको निम्ति प्रार्थना गर्नुपर्छ, तिनीहरूलाई येशूकहाँ ल्याउनुपर्छ। यो सबै पास्टरको काम हो। पास्टरको त्यो कामले मानिसहरूका हृदयहरूमा ख्रीष्टले नै प्रभाव पार्नुहुनेछ। - वेलफेउर मिनिस्त्री, ७१।

निराशको भूमरिमा परिरहेका चर्चका सदस्यहरूले तिनीहरूभन्दा बढि आवश्यकता भएकाहरूको निम्ति काम गरियो भने तिनीहरू आफैले राहत पाएको महसुस गर्नेछन्- हाम्रा पास्टरहरू चर्चहरूमा गएर प्रवचन दिन सक्छन्, दु:ख र कष्टमा परेकाहरूलाई सान्त्वना होस्, दिमागमा शङ्काले अड्डा जमाएकाहरूमा विश्वास बढोस् र अन्धकारमा परेकाहरूको हृदयमा परमेश्वरको ज्योति चम्कोस् भनेर सार्वजनिक रूपमा प्रार्थना गर्न सक्छन्। तर शोकित भएकाहरू, शङ्कामा परेकाहरू, पापको दोषले लादिएकाहरूलाई हौशला दिएर आफूभन्दा अरू आवश्यकता परेकाहरूलाई सहायता गर्न सिकाउँदा जति प्रभावकारी हुन्छ त्यति सार्वजनिक रूपमा बोल्दा हुँदैन। यदि अरूहरूलाई सहयोग गर्यो भने अन्धकारमा परेकाहरू उज्यालो भएको महसुस गर्नेछन्। - द रिभ्यु एण्ड हेराल्ड, मे ५, १९०४।

बिरामीहरूको सेवा

रोगी र बिरामीहरूको सेवा गर्नु पास्टरको जिम्मेवारीको एक भाग हो- सुसमाचारीय काम भनेको के हो? मानिसहरू जहाँ छन् र जस्तो छन् तिनीहरूलाई स्वीकार गर्नु, तिनीहरूको स्तर वा अवस्था कस्तो छ त्यसैप्रति संवेदनशील भएर सम्भव भए हरतरहले सहयोग गर्नु नै येशूभावनामा लागेका भक्तहरू वा विशेष गरेर पास्टरको जिम्मेवारी हो। कतिपय समयमा शारीरिक बिरामीहरू मानसिक रोगको कारणले पनि बिरामी हुन्छन्। जब मानिसको दिमाग वा भावनामा बिरामी हुन्छ तब सारा शरीरलाई नै असर पार्दछ। जब जब अवसर आइन्छ तब तब पास्टरहरूले बिरामी र कष्टमा परेकाहरूको सेवा गर्नु आफ्नो कर्तव्य हो भनेर सोच्नुपर्दछ। यदि परमेश्वरमा कोही मानिसहरू पवित्र हुन चाहन्छन् र उहाँको आगमनको निम्ति तयार हुन चाहन्छन् भने सुसमाचारको पास्टरले प्रस्तुत गरेको सन्देशलाई ती मानिसहरूले ग्रहण गर्नै पर्छ। येशू ख्रीष्टले समावेश गर्नुभएको सबै मानव वर्गको सेवा गर्नु पास्टरको धर्म र कर्तव्य हो। - टेस्टिमोनिज फर द चर्च ६:३०१

बिरामीहरूकहाँ भेटघाट गर्न चर्चका सदस्यहरूलाई तालिम दिनुपर्दछ- कतिपय समयमा चर्चका सदस्यहरूको घरमा भेट्न जाने, तिनीहरूकहाँ गएर सत्यको बारेमा छलफल, तिनीहरूसँग र एक आपसको निम्ति प्रार्थना गर्ने, विश्वासीहरूले बिरामीलाई भेट्न जाने, तिनीहरूलाई उत्साह दिने, तिनीहरूलाई माया देखाउने र ख्रीष्टको इच्छा बमोजिम एक आपससँग सरोकार राख्ने गुणहरूको जिम्मेवारी आफूमा पनि छ भनेर चर्चका सदस्यहरूले महसुस हुँदैन। तर येशूका सच्चा र पक्का भक्तमा यस्तो गैर जिम्मेवारी प्रवृत्ति हुनुहुँदैन। म्यानुस्क्रिप्ट रिलिजेज ६:६९।

जब बलियो विश्वास भएका पास्टरहरूले बिरामीहरूको निम्ति

प्रार्थना गर्छन्, तब मानवतामा ईश्वरीयताको सम्पर्क हुन्छ- कतिपय मानिसहरू आफ्नै विवेकलाई वास्ता नगरेर चल्दा बिरामी हुन पुग्छन्। अनि आफूहरूले परमेश्वरका नीतिहरूलाई भङ्ग गरेकोले बिरामी भएको भनेर तिनीहरूको विवेकमा घचघचाउँछ तब तिनीहरू भित्री हृदयदेखि आर्तनाद पोखाउँछन्, "हे प्रभु, म पापीमाथि दया देखाउनुहोस्; मलाई तपाईंको बालक बनाउनुहोस्। अनि यसबेला आस्थामा बलियो भएको पास्टरले दु:खित भएको मानिसलाई आशा दिन तयार हुनुपर्दछ। जो मानिस शान्ति र उद्धारको निम्ति याचना गर्छ र चाहना गर्छ, उसले येशूमा पाउन सक्छ भनेर पास्टरले आशा दिलाउन सक्छन्। जो पास्टर कोमल र नम्र छ जसले आशाको सन्देश र सुसमाचार दु:खमा परेकोलाई सुनाउँछ तब त्यो पास्टर, मानव कल्याणको निम्ति ज्यान दिने येशूको मुखहुन जान्छ। जब उनले मनलाई उचाल्ने उपयुक्त वचनहरू बोलेर सहयोग गर्दछन्, र दु:खमा परेको वा ओछ्यानमा कष्टकर जीवन बिताएर लडिरहैको हुन्छ उसको निम्ति प्रार्थना गर्दछन्, तब येशूले पनि परमेश्वर पितासँग बिन्ती चढाउँछन् र उहाँ मानव ओठहरूबाट बोल्नुहुन्छ। अनि उसको हृदय छुन्छ। मानवता र ईश्वरीयताको संगम त्यसबेला हुन्छ - गस्पल वर्कर्स, २१३,२१४।

तेलले अभिषेक गर्नु र परमेश्वरबाट चङ्गाइ पाउनु

पास्टरले "परमेश्वरको राज्य" को बारेमामात्र प्रचार गर्ने होइन, उनले बिरामीको लागि पनि प्रार्थना गर्नुपर्छ- चेलाहरूलाई सुसमाचार प्रचार गर्न जब येशूले गाउँघरमा पठाउनुभएको थियो तब उहाँले तिनीहरूलाई मानिसहरूलाई निको पार्ने शक्तिसम्पन्न गरेर पठाउनुभएको थियो। "परमेश्वरको राज्यको बारेमा प्रचार गर्ने र बिरामीलाई निको पार्ने" तिनीहरूको काम थियो। प्रभुले तिनीहरूलाई दुई वटा काम गर्न जिम्मा लगाउनुभएको थियो। हाम्रा पास्टरहरूलाई पनि त्यही जिम्मा येशूले बोकाउनुभएको छ। दु:खकष्टमा परेकाहरूको निम्ति तिनीहरू प्रार्थना गर्नुपर्छ। इस्राएलको परमेश्वरले ती बिरामीहरूको मामिला हेर्नुभएको

होस भनेर पास्टरहरूले पुकार्नुपर्दछ। यदि उहाँका पास्टरहरूले उहाँसँग मिलेर काम गरे भने तिनीहरूले ख्रीष्टले गर्नुभएको काम पवित्र भएको भनेर तिनीहरूले महसुस गर्नेछन्। जब उहाँले पास्टरहरूलाई सुम्पिनु भएको काम तिनीहरूले गऱ्यो भने तिनीहरू आफू पुण्य वा पवित्र काममा लागि रहेका छन् भनेर प्रमाणित गर्नेछन्। तिनीहरू परमेश्वरबाटै प्रेरणा भएर काम गरि रहेका छन् भनेर तिनीहरूले सबैलाई देखाउन सक्छन्। - (अस्ट्रेलेशियन) युनियन कन्फरेन्स रेकर्ड, फेब्रुअरी २०, १९११।

आफूमा अचम्मको काम गर्ने वा निको पार्ने शक्ति छ भनेर पास्टरले कहिल्यै पनि दावी गर्नुहुन्न- धेरै मानिसहरूले मैले सम्बोधन गरेको सुनेकाछन्, र मेरा लेखहरू पढेका छन्, तर ममा आश्चर्य काम गर्ने शक्ति छ भनेर मैले दावी गरेको कसैले पनि सुनेको छैन। कतिपय समयमा बिरामीको निम्ति प्रार्थना गर्न मलाई बोलाइएको थियो। त्यसबेला परमेश्वरको वचनलाई नै अघि सारेको छु: "के तिमीहरूमा कसैले कष्ट भोगिरहेछ? त्यसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? त्यसले प्रशंसाको भजन गाओस्। के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ। यसकारण तिमीहरू एउटाले अर्कासँग आफ्ना आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ।" याकूब ५:१३-१६। प्रभु येशू ख्रीष्टनै महान् आश्चर्यको काम गर्नुहुन्छ। उहाँकै महिमा र इज्जत होस्। -म्यानुस्क्रिप्ट रिलिजेज १९:३७२।

अभिषेक गरिएकोले कोही निको हुने होइन तर निको पार्ने त प्रभु येशू नै हुनुहुन्छ- कतिले मलाई सोधेका थिए, "के दिदी एलेन जी ह्वाइटले बिरामीलाई निको पार्नुभएकोछ?" म जवाफ दिन्छु, "अहँ

अहँ; दिदी एलेन जी ह्वाइटलाई कतिपय समयमा बिरामीको निम्ति प्रार्थना गर्न बोलाउँछन्, उनले येशूको नाउँमा तेलले अभिषेक पनि गर्छिन्, र तिनीहरूसँग बाइबलमा गरिएको यो प्रतिज्ञा पूरा होस् भनेर दावी गर्छिन्, 'विश्वासको प्रार्थनाले बिरामीको उद्धार हुन्छ।'" कुनै पनि मानवीय शक्तिले बिरामीको उद्धार गर्न सक्दैन, तर विश्वासद्वारा गरेको प्रार्थनाले निको पार्ने शक्तिशाली प्रभुले उहाँको नाउँ बोलाउनुहुनेलाई आफ्नो प्रतिज्ञा पूरा गर्छु भन्नेले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ। कुनै पनि मानवीय शक्तिले पापीको पापलाई क्षमा गर्न सक्दैन न त उद्धार नै गर्न सक्छ। येशू ख्रीष्टले बाहेक कसैले यो काम गर्न सक्दैन, तर शरीर र आत्माको दयालु डाक्टरलेमात्र सक्नुहुन्छ। - सेलेक्टेड मेसेजेज ३:२९५।

प्रत्येक पल्ट अलिअलि बिरामी भयो भन्दैमा अभिषेक गर्नुहुन्न- याकूबले उल्लेख गरेको वचनलाई कोही मानिस विरामी छ भने उनको निर्देशन अनुसार काम गरेको म बुझ्दछु; जब बिरामीले चर्चको एल्डरलाई बोलाउँछ, र उनले याकूबको निर्देशन अनुसार बिरामीलाई तेलले अभिषेक गरेर प्रभुको नाउँमा उनले विश्वासको प्रार्थना गर्छन्। हामी यो पढ्छौँ, "के तिमीहरूमा कसैले कष्ट भोगिरहेछ? त्यसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? त्यसले प्रशंसाको भजन गाओस्। के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ।" याकूब ५:१३,१४। तर अलि अलि बिरामी भयो भन्दैमा चर्चका एल्डरहरूलाई बोलाउनु हाम्रो काम होइन। यदि त्यसो गरेमा तिनीहरूलाई बोझ दिएका हुन्छौँ। यदि अलिअलि बिरामी भयो भनेर सबैले तिनीहरूलाई बोलाउन थाल्यो भने तिनीहरूको काम त्यो बाहेक अरू केही पनि गर्न सक्दैन; तर प्रत्येकले व्यक्तिगत रूपमा परमेश्वरसँग प्रार्थना गर्ने अवसर प्रभुले

दिनुभएको छ, हाम्रा सबै पिरमर्काहरू उहाँमानै पोखाइयोस् भन्ने उहाँको चाहना छ। उहाँको सामु केही पनि लुकाउनुहुन्न। उहाँले भन्नुभएको छ, "हे, सबै थाकेका र बोझले लादेकाहरू हो मकहाँ आउनु र म तिनीहरूलाई विश्राम दिनेछु।" हाम्रा सबै कमीकमजोरीहरूलाई बोक्नु हुने र बल दिनुहुने र सबै रोगहरूलाई निको पार्नु हुने प्रभुप्रति हामी कति आभारित छौँ। उहाँले जे गर्नुहुन्छ त्यो हाम्रै हितको र उहाँको महिमाको लागि गर्नुहुन्छ। येशूकै र चेलाहरूको समयमा कतिपय मानिसहरू मरेका थिए किनभने प्रभुलाई थाहा छ तिनीहरूको निम्ति के उत्तम छ।

प्रभुका आज्ञाहरू पालन गर्नेहरूको निम्तिमात्र साधारणतया अभिषेक गर्नुपर्छ- अरू कसैलाई होइन केवल तीन स्वर्गदूतहरूको सन्देश पालन गर्ने वा व्यवहारिक इसाईहरूको निम्तिमात्र प्रार्थना गर्नुपर्छ कि भनेर कतिले मलाई सोध्छन्। हामीले याकूब ५ को आदेश पछ्याउनुपर्दछ। "यदि तिमीहरूमा बिरामी कोही छ भने उनले चर्चको एल्डरलाई बोलाऊ..." ती आज्ञा पालन गर्नेहरूसँग हाम्रो विशेष सरोकार हुन्छ। जसले जानाजानी परमेश्वरको व्यवस्थालाई भङ्ग गरेर र आफ्नै विवेकलाई मिचेर आफ्नो जीवनशैलीलाई वेवास्ता गरिरहन्छ वा बिगार्न चाहन्छ र बिरामी हुन्छ भने त्यसप्रति परमेश्वरका आज्ञा पालन गर्नेहरूले अघि सरेर अभिषेक गर्नु आवश्यकता छैन।तर विशेष परिस्थितिमा बिरामीले नै सत्यको आवाज सुन्दा आफ्नो गल्ति स्वीकार गर्यो र आफू सुध्रिन चाहन्छ भने त्यस अवस्थामा त्यस बिरामीको निम्ति प्रार्थना गर्नु पर्छ। परमेश्वरका आज्ञाहरू पालन गर्ने र तिनीहरूलाई मिचेर हिँड्नेको बीचमा भिन्नता जारी राख्नुपर्छ। -लेटरस् ४, १८५७ (१बायो ४०४बाट उतारिएको)।

एलेन जी ह्वाइटले पनि तेलले अभिषेक गर्नुभएको थियो- जब हाम्रो सेवाकार्यको भेला बन्द हुनै लागेको थियो, तब ज्वरोले सताएकी बहिनी मिडको निम्ति प्रार्थना गर्न अनुरोध गरिएको थियो। हामी विश्वासी दाजुहरू होल्ट, ह्विलर, स्टावेल, जेम्स र म त्यस बहिनीको

कोठामा गयौँ। मैले उनलाई तेलले अभिषेक गरेपछि उनको निम्ति हामी प्रार्थना गयौँ। उनलाई ज्वरोले छोड्यो र मैले प्रभुको शक्तिको अनुभव गरेँ। त्यस रात तलाउमा गएर हामी डुङ्गामा चढ्यौँ र भाइ मीडको घरमा एक माइल यात्रा गयौँ। त्यहाँ उनकी बहिनी आफ्नो बिरामी बालकसँग थिइन्। त्यहाँपनि हामीले त्यस बालकलाई तेलले अभिषेक गयौँ र प्रार्थना गयौँ। परमेश्वरले हाम्रा प्रार्थनाहरू सुन्नुभयो।- म्यानुस्क्रिप्ट रिलिजेज ५:२३९

भाग ७

संगठन र प्रशासन

अध्याय ४१

इसाई शिक्षा

हाम्रो स्कूलमा पढ्न जवानहरूलाई प्रोत्सहान गर्नुपर्छ- हाम्रा छोराछोरीहरूलाई हाम्रो स्कुल तथा शिक्षण संस्थाहरूमा अध्ययन गर्न प्रोत्साहन गर्नुपर्छ, तर ती स्कुलहरू पौराणिक भविष्यवक्ताका स्कूलहरू जस्तो हुनुपर्दछ। हाम्रा स्कुलहरू परमेश्वरले नै स्थापना गर्नुभएको हो; यदि ती स्कुलहरू उहाँको लक्ष्य अनुसार चलेको भए हाम्रा जवानहरू मिशनको कामको विभिन्न निकायहरूमा संलघ्न हुन तयार हुन्छन्। कोही मिसिनेरी नर्स हुन तालिम पाउँछन् भने कोही पुस्तक विक्रेताहरू, कोही सुसमाचार प्रचारक हुन्छन् भने शिक्षकहरू र अरूहरू सुसमाचारका पास्टरहरू हुन सक्छन्।- फन्डामेन्टल अभ क्रिश्चियन एजुकेशन, ४८९।

हाम्रा सबै छोराछोरीहरूको निम्ति इसाई शिक्षा उपलब्ध गराउनुपर्छ तर केवल सम्पन्न भएका थोरैको निम्तिमात्र होइन- हाम्रो चर्च सुतिरहेकोछ। हाम्रा छोराछोरी र युवायुवतीहरूलाई इसाई शिक्षा दिनु कतिको महत्त्व छ भन्ने कुराको महत्त्वपूर्ण आत्मज्ञान कतिको विश्वासीहरूमा छैन। कतिले यो जिज्ञासा राख्छन्, "हाम्रा युवायुवतीहरूलाई इसाई शिक्षा नै दिनु किन आवश्यकता छ? येशूलाई पछ्याउँछु भन्ने थोरैलेमात्र वा इसाई क्षेत्रमा अरू आवश्यक विषयबस्तुहरूमा चासो देखाउनेहरूप्रति चासो देखाएर त्यही अनुसार शिक्षादीक्षा दिए भइ हाल्छन् नी। त्यति भए पुगिहाल्छ नी। चर्चका सबै बालबालिका र जवानहरूलाई नै इसाई शिक्षा दिनुपर्छ भन्ने के खाँचो छ र? चर्चको आवश्यकता पूरा गर्नेहरूलाईमात्र सिकाए

पुग्दैन र?" यसमा म धेरै सहमत छैन। हाम्रा कुन युवायुवतीहरू कुन विषयमा तालिम दिने भनेर हामीले थाहा पाउने? तिनीहरूमा अत्यन्तै जेहेन्दार को हो भनेर कसरी थाहा पाउने वा कसले परमेश्वरको सेवा गर्न तत्पर होला र? हामी मानिस हौँ। प्रायजसो हामी शमूएल जस्तै छौँ। जब उनलाई भावी राजालाई अभिषेक गर्न परमेश्वरले खटाउनुभयो तब यशैका ठूला हष्टपुष्ट छोराहरूलाई चुन्न खोजेका थिए। तर परमेश्वरले ती सबैलाई अस्वीकार गर्नुभएको थियो र भन्नुभयो, "परमेश्वरले बाहिरी रवाफलाई हेर्नुहुन्न।"- द रिभ्यु एण्ड हेराल्ड, अप्रिल २८, १८९६।

इसाई शिक्षाको लक्ष्य

परमेश्वरसँग सहकर्मी भएर काम गर्नेहरूले मात्र सत्य शिक्षा के हो सो थाहा हुन्छ- हाम्रा सन्तानहरूलाई शिक्षादिक्षा दिने क्रममा परमेश्वरको वचनलाई पन्छाएर परमेश्वरबाट टाढा राख्ने पाठ्यपुस्तकहरूमा मात्रै ध्यान दिन लगाउँदा परमेश्वरको राज्यको नीतिहरूको बारेमा तिनीहरू बुझ्न नै अलमल हुनसक्छन्। यस्ता शिक्षा नै शिक्षाको नाउँमा विद्यार्थीहरूमा विकृति पैदा गर्दछ। विद्यार्थीलाई शुद्ध मानसिक खुराक ख्वाउँछ। उच्च शिक्षाको नाउँमा नास्तिक दर्शन वा शिक्षालाई मिसाएर अध्ययन गर्नुपरे त्यस विद्यार्थीले परमेश्वरलाई खास चिन्न सक्ने स्थितिमा पुग्न सक्दैन। सही इसाई शिक्षाको सरलता र महत्त्वता केवल परमेश्वरको मुक्तिको योजनामा सहभागी हुनेलाईमात्र थाहा हुन्छ। - काउन्सिल टु पारेन्टस्, टिचर्स, एण्ड स्टुडेन्टस्, १५।

इसाई शिक्षाले विद्यार्थीहरूको दिमागमा वौद्धिक क्षमताहरूले भर्नुपर्छ र आफूले पाएको ज्ञान अरूहरूलाई पनि बाँड्नुपर्छ भन्ने भावना दिनुपर्छ भनेर सिकाउँछ- केवल गहिरो ज्ञानहरूलेमात्र हाम्रा जवानहरूको दिमाग भर्नु पर्याप्त छैन; तिनीहरूले जे सिके सो अरूहरूलाई पनि

सिकाउनुपर्छ भन्ने ज्ञान तिनीहरूले हासिल गर्नुपर्छ। बाइबलीय ज्ञान पाएको व्यक्तिले आफूसँग जे छ त्यो विश्वाससाथ सुम्पिएको हो भन्ने महसुस गर्नुपर्छ। परमेश्वरको वचनले नै उसको चरित्र, मिजास र स्वभावलाई जाँच्दछ। उसको सांसारिक कारोबार, व्यापार वा पेसा, उसका प्रतिभा, दक्षता र खुबीहरू, सेवा गर्ने अवसरहरू उनले पाएका र स्रोतहरू सबै थोकको लेखाजोखा परमेश्वरलाई दिनुपर्छ। उहाँले सृष्टि गर्नु भएकोले र मुक्ति दिनुभएकोले सम्पूर्ण मानिस र उसका आयामहरू परमेश्वरको हो। परमेश्वरले हामीलाई विभिन्न खुबी, बरदान र दक्षताहरू सुम्पिनु भएको छ। त्यो हाम्रै हितको निम्तिमात्र नभएर तिनीहरूलाई प्रयोग गरेर अरूहरूको सेवा गर्न पनि हो ताकि हामी सबै जना उहाँ जस्तै हुन सकौं। जो मानिस अज्ञान र नाश भइरहेकोहरूको सेवा गर्न ज्ञान पाउन संघर्ष गर्छ त्यो मानिसले मानव प्राणीप्रति परमेश्वरको महान् लक्ष्य पूरा गर्ने भागमा सहभागी भइरहेको हुन्छ। इसाई शिक्षाको उच्च आदर्श नीतिनै अरूहरूलाई आशिष दिन निस्वार्थी भावनाले सेवा गर्नु हो। - काउन्सिल टु पारेन्टस् टिचर्स एण्ड स्टुडेन्टस्, ५४५।

हाम्रा स्कुलहरूमा संसारका नास्तिक तत्वहरू पास्टरहरूले घुसाएर आफूहरू कतिको बुद्धिमानी छन् भनेर देखाइरहेका छन्- कलेज जस्ता उच्च शिक्षा संस्थाहरूको अस्तित्वमा परमेश्वरको लक्ष्य हराएको छ। सांसारिक तत्वहरू हाम्रो कलेजमा घुसाएर सुसमाचारका पास्टरहरूले परमेश्वरबाट आएको ज्ञानसँग मिसाइरहेकाछन्; तिनीहरू परमेश्वर र सत्यका शत्रुहरूसँग मिलेर विद्यार्थीहरूलाई मनोरञ्जन उपलब्ध गराइरेहकाछन्। यसरी हाम्रा युवा र युवतीहरूलाई गलत बाटोमा अगुवाइ गरेर सैतानको काम गरिरहेका छ। यस्तो काम र त्यसबाट ल्याउने नतिजाहरूहरूले गर्दा हाम्रा पास्टर वा शिक्षण अगुवाहरूले परमेश्वरको सामु लेखाजोखा दिनुपर्नेछ। सत्य र असत्य मिसाएर शिक्षण संस्था चलाउनेहरूमाथि भरोसा राख्न सक्दैनन् भनेर तिनीहरूले देखाइरहेका छन्। खराब काम गरेपछि आफूहरूले गल्ती स्वीकार त गर्लान्; तर

त्यसले पारेको प्रभाव हटाउन सकिन्छ र? ती मानिसहरूमाथि राखेको भरोसालाई विश्वासघात गर्यो भने के तिनीहरूलाई "राम्रै गर्यो" भनेर श्यावास दिन सकिन्छ र? ती विश्वासघाती मानिसहरूको घर अनन्त चट्टानमा बनिएको हुँदैन। तिनीहरूको आस्थाको जग भासिरहेको हुन्छ। "संसारसँग मित्रता गाँसेर चल्नु परमेश्वरको शत्रु हुने होइन र? जो मानिस संसारसँग मित्रता गाँसेर चल्छ त्यो मानिस परमेश्वरको शत्रु हो।" याकूब ४:४ - टेस्टिमोनिज फर द चर्च, ५:३३।

शिक्षकहरू

चर्चको पास्टरले भन्दा शिक्षकहरूले ठूलो महत्त्वपूर्ण काम गर्न सक्छन्- हाम्रा स्कूलका शिक्षकहरू उच्च आत्मिक वर्गबाट चुन्नु पर्दछ। तिनीहरू अनुभवी इसाईहरू हुनुपर्दछ। तिनीहरू संतुलित दिमाग हुनुपर्छ र आफूलाई कसरी नियन्त्रण गर्ने भन्ने पाठहरू सिकेको हुनुपर्दछ। परमेश्वरको वचन प्रचार गर्ने पास्टरले भन्दा तिनीहरूले हाम्रा विद्यार्थीहरूलाई शिक्षित बनाएर ठूलो काम गर्न सक्दछन्। तिनीहरूले विद्यार्थीहरूको दिमागलाई खनजोत गरेर सत्यको बिउ रोप्न तयार पार्न सक्दछन्। त्यसले गर्दा तिनीहरूको मानव हृदयमा सत्यको प्रभाव पार्न सक्दछन्। - म्यानुस्क्रिप्ट रिलिजेज १३:९५,९६।

इसाई शिक्षकहरू जो आफैले कहिलेकाहीँ परमेश्वरका नीतिहरू भङ्ग गर्छन्, जब विद्यार्थीहरूले स्कूलका नियमहरू भङ्ग गर्छन् भने तिनीहरूप्रति कठोर हुनुहुँदैन- बाट्टल क्रिक शिक्षण संस्थामा जे भइरहको छ त्यो देखि म झस्किएको छु। कतिपय विद्यार्थीहरूले स्कूलका सानोतिनो नियमहरू भङ्ग गर्छन्, तर शिक्षकहरूले त्यसको ठूलो विषयबस्तु बनाएर ती विद्यार्थीहरूलाई कठोर दण्ड दिएको मैले सुनेको छु। कतिपय समयमा विद्यार्थीहरूले जानाजानी वा गलत नियतले स्कूलका नियमहरू भङ्ग गर्छु भनेर गरेका हुँदैनन्, तर अजानमा नै भङ्ग गरेका हुन्छन् वा नियम विरुद्धमा जानुपर्ने कतिपय परिस्थिति

हुन्छ तर पाप गर्ने नियतले गरेका हुँदैनन्। यस्तो परिस्थितिमा ती विद्यार्थीहरूप्रति कठोर भएर नियम भङ्ग गर्यो भनेर दण्ड दिनु उचित हुँदैन मानौँ ती विद्यार्थीहरूले ठूलो अपराध वा पाप गरिरहेकाछन्। अब शिक्षकहरूलाई म सम्झाउन चाहन्छु, तपाईहरू जहाँ उभिनुभएको पहिले आफ्नै मामिला हेर्नुहोस् र आफूलाई नै जाँचेर हेर्नुहोस्; यथार्थमा तपाईँहरू आफै परमेश्वरका नीतिहरूबाट कतिपय समयमा चिप्लिनु भएकोछ। तर तपाईँहरू आफै लचकदार नभएर विद्यार्थीहरूप्रति कठोर भएर अनुशासनमा राख्न खोज्नु कतिको जायज छ त? यस परिस्थितिमा तपाईँहरू र परमेश्वरको बीचमा द्वन्द्व चलिरहेको छ भनेर थाहा पाउनुपर्दछ। तपाईँहरू आफै सिधा बाटोमा हिँडिरहनुभएको छैन भने लङ्गडाहरूलाई कसरी ठिक बाटोमा ल्याउन प्रयास गर्न सक्नुहुन्छ? तपाईँहरू आफै सुरक्षित बाटोहरूबाट चिप्लि रहनुभएको छ। म "शिक्षकहरू" भनेर सम्वोधन गर्दैछु। मैले कसैको नाउँ लिएर सम्बोधन गरेको छैन। यो मामिला तपाईँहरूकै विवेकमा छोड्दछु। तपाईँहरूले इस्राएलको परमेश्वरको अपमान बारम्बार गरिरहनुभएको छ। अति उच्च परमेश्वरको अगुवाइमा तपाईँहरू सुरक्षित हुनुभएको छ भनेर तपाईँहरूलाई बारम्बार देखाइरहेका छन्। तर तपाईँहरू ठूलो ज्ञानको ज्योतिमा हिँडिरहनुभएको छ। परमेश्वरको शक्ति र आत्माको अचम्मको प्रकट तपाईँहरूले अनुभव गरिरहनु भएको छ। तर यदि तपाईँहरूले सुधार्नुभएन भने तपाईँहरूको बत्ती निभ्ने छ र तपाईँहरू ठूलो जोखिममा पर्नु हुनेछ। के तपाईँहरूले यर्मिया १७:५-१०; १८:१२-१५ पढेर ध्यान दिनुहुन्न र? तपाईँहरूलाई परमेश्वरले हप्काउनुहुन्छ। तपाईँहरूमा परमेश्वरको ज्योति स्पष्ट र निरन्तररूपमा चम्किरहेको छ। त्यस ज्योतिले तपाईँहरूलाई के गर्यो त? मूख्य गोठालो ख्रीष्टले तपाईँहरूतिर नाराज भएर हेरिरहनुभएको छ। उहाँले तपाईँहरूलाई यो सोधिरहनुभएको छ, "तिमीहरूलाई दिएको सुन्दर बगाल कहाँ छ?" फन्डामेन्टल अभ क्रिश्चियन एजुकेशन, २२२।

स्कुलको भवन

चर्च भवन जस्तै स्कूलको लागि भवन पनि चाहिन्छ- जहाँ जहाँ विश्वासीहरूको झुण्ड हुन्छ त्यहाँ त्यहाँ स्कूलको भवन स्थापित हुन जरुरी छ। यो नीति अस्ट्रेलिया, युरोप आदि देशहरूमा लागु हुनुपर्दछ। विश्वासीहरूको समूह छ भनेर तिनीहरू आराधना गर्ने ठाउँ चाहिन्छ। ती विश्वासीहरूका छोराछोरीहरूलाई बाइबल सिकाउन स्कूलहरू चाहिन्छ। जतिकै चर्चको निम्ति भवन चाहिन्छ त्यतिकै स्कूलको निम्ति कोठा पनि चाहिन्छ। चर्च स्कूल खोल्न वातावरण भएपछि परमेश्वरले त्यस काममा संलघ्न हुन मानिसहरूलाई लगाउनुहुन्छ। - टेस्टिमोनिज फर द चर्च ६:१००।

चर्च स्कूल खडा गर्नु विश्वासीहरूले अवसर र आशिषको रूपमा लिनुपर्दछ- भाइ, बहिनीहरू हो, चर्च स्कूल निर्माण गर्न तपाईंहरूले कसरी सहयोग गर्न सक्नुहुन्छ? चर्च स्कूल भवन हुनु प्रत्येक विश्वासी सदस्यले अवसर र आशिषको रूपमा लिएको हामी विश्वास गर्न चाहन्छौँ। हामी सबै यस काममा साथ दिन अघि बढौँ र अभियान चलाऔँ, "लौ हामी उठौँ र स्कूल भवन निर्माण गरौँ।" यदि हामी सबै एक भएर यो काममा अघि सर्यौँ भने हामी स्कूल भवन निर्माण गर्न सक्छौँ, अनि दिनदिनै हाम्रा छोराछोरीहरूलाई परमेश्वरको मार्ग सिकाउन सकिन्छ। जब हामीले हाम्रो शक्ति र स्रोतले भ्यायसम्म चल्छौँ तब परमेश्वरको आशिष हामीमा हुनेछ। के हामी सबै जना यस काममा जागरुत नहौँ त? - सेलेक्टेड मेसेजेज ३:२१३।

अर्थ व्यवस्थापन

स्कूलको फी थोरै हुनुहुन्न ताकि स्कूलहरू ऋणमा चलोस्- पास्टर र बाबुआमाहरूबाट अनुरोध आएको हाम्रा चर्चका पदाधिकारीहरूले मलाई सुनाउँछन्। तिनीहरूले भन्छन् कि हाम्रा धेरै विभिन्न तहका

युवायुवतीहरू छन् जसलाई हाम्रो शिक्षादीक्षामा तालिम लिन स्कूलहरू चाहिन्छ तर फी महंगो भएकोले तिनीहरू भर्ना हुनसक्दैनन्। तर जसले सस्तो फीको चाहना गर्छन् तिनीहरूले होशियारपूर्वक आफ्नै आर्थिक अवस्था व्यवस्थापनलाई हेर्नुपर्छ। हो, कतिपय जेहेन्दार, विश्वासिलो र परमेश्वरको काममा अघि बढ्न चाहने विद्यार्थीका बाबुआमासँग स्कूलको निम्ति पर्याप्त पैसा हुँदैन। यस परिस्थितिमा चर्चका बाबुआमाहरू, साथीभाइहरू, चर्चहरू, उदार हृदय भएका परमेश्वरका जनहरू र आफ्ना क्षेत्रहरूमा रहेका दानी विश्वासीहरूले स्कूललाई सहयोग गर्नुपर्दछ ताकि स्कूल ऋणमा नचलोस्। - टेस्टिमोनिज फर द चर्च ६:२१२।

हाम्रा पास्टरहरूलाई हाम्रा स्कूलहरूको आर्थिक बोझ बोकाउनु हुन्न- कतिपय समयमा पास्टरहरूले यस्तो जिम्मेवारी बोकाएका हुन्छन् जुन तिनीहरूको खुबीभन्दा बाहिर छन्। यी पैसाको मामिलामा आर्थिक व्यवस्थापनमा खुबी भएकाहरूलाई सुम्पिनु पर्दछ। आर्थिक मामिलामा निपुण भएका मानिसहरूलाई स्कूलको आर्थिक व्यवस्थापन हेर्ने जिम्मेवारी दिनुपर्दछ। तिनीहरू स्कूल स्कूलमा गएर स्कूलको आर्थिक मामिलाको लेखा राख्न सक्छन्। स्कूलमा कसरी आर्थिक लेखाजोखा राख्ने भनेर तिनीहरूले सिकाउन सक्छन्। स्कूलको काम वर्षको धेरै पल्ट निरिक्षण गर्नुपर्छ। पास्टरहरूलाई सरसल्लाह दिने वा काउन्सलरको काम दिउन, तर तिनीहरूलाई आर्थिक मामिलामा बोझ बोकाउनु हुन्न।- टेस्टिमोनिज फर द चर्च ६:२१६।

सीपमूलक परिश्रम

विद्यार्थीहरूलाई उपयोगी परिश्रम गर्न दिएर व्यस्त राख्नुपर्दछ- यदि स्कूलका विद्यार्थीहरू नै आफ्ना हात, सिप र खुबीहरू उपयोग गरेर स्कूललाई सघाए भने स्कूल र आफ्नो आर्थिक भार दश गुणा कम हुन सक्छ। यस किसिमले विद्यार्थीहरूले नै स्कूलको परिसरमा

सफा र स्वस्थ राख्न हातेपरिश्रम गरे र स्कूलमा चाहिने विभिन्न दक्षजनशक्तिमा समावेश हुन सके त्यसले तिनीहरूलाई कतिको फाइदा हुनेछ सो न्यायको दिन नहुञ्जेल हामीलाई थाहा हुँदैन। कतिपय विद्यार्थीहरू केही काम पनि गर्न चाहदैनन् बरु हात बाँधेर बस्छन्, तिनीहरूलाई सैतानले चलाएर बदमाश हुन अघि बढाउँछन्। तर उपयोगी काममा विद्यार्थीहरूलाई व्यस्त राखे, प्रभुले तिनीहरूसँग काम गर्ने अवसर पाउनुहुनेछ। - म्यानुस्क्रिप्ट रिलिजेज २:२१६।

अध्याय ४२
चर्च भवन

मन नपर्ने वा नरमाइलो वातावरणमा चर्च संचालन गरे विश्वासीहरूमा सत्यलाइ पक्रन धेरै खुस्किन सक्छ- हामीलाई चर्चको आवश्यकता भएको धेरै महसुस भएको छ। यदि हामी विश्वासमा अघि बढेर अहिले नै चर्च भवन निर्माण गर्न थाल्यौँ भने हाम्रो काममा धेरै धेरै सफलता हासिल गर्न सक्ने हुन्छौँ। चर्च भवन बनाउने अभियानले हाम्रो कामको उपादेयता, स्वभाव र महत्त्वलाई देखाउँदछ। धेरै टाढाबाट आएर कुनै चिसो वा गर्मी ठाउँमा र विभिन्न भाँडाकुँडा र सबै खालको सरसामानहरूको बीचमा खाँदिएर आराधना गर्दा परमेश्वरको सम्मान हुँदैन न त मानिसहरूलाई प्रेरणात्मक धारणाहरू दिइन्छ। प्रतिकुल वातावरणले मानिसहरूको दिमागमा परमेश्वरको बारेमा प्रभावित पार्न सकिन्न। यस्तो परिस्थिति मैले देखेको छु र त्यसको धेरै विरोध गर्दछु। तर कतिपय चर्चहरू यस्तै वातावरणमा चलेकोले हामीमा अन्यौलता आएको छ। -म्यानुस्क्रिप्ट रिलिजेज १३:४०७।

जब सम्म चर्च भवनको निर्माण हुँदैन तबसम्म नयाँ ठाउँमा हाम्रो काम भएको छ भनेर सोच्नुहुन्न- अहिले नै आराधना गर्ने घर हुनुपर्दछ। धेरै मानिसहरूले हाम्रा विश्वासीहरूलाई यो सुनाउँछन्, "ती प्रचारकहरू तपाईँहरूलाई विश्वासी बनाएर छिटै फर्किनेछन्। तपाईँहरूको निम्ति चर्च भवन छैन। त्यसकारण तपाईँहरू छिटै छरपस्ट हुनेछन्।" हामी अमेरिका फर्किनुभन्दा अघि चर्च भवन खडा भएको हामी हेर्न चाहन्छौँ। यस माइटल्याण्डमा चर्च होस भनेर मेरो दिलमा सजाएर राखेको छु। - म्यानुस्क्रिप्ट रिलिजेज ७:९०।

बहालबाट चर्च चलाउनु स्वीकार्य छ, तर त्यो अस्थाई व्यवस्थापन हो- हामीहरूले ठूलो पाल खडा गरेर सुसमाचारीय कार्यक्रम जब त्यो

पाल पट्यायौँ तब हाम्रा मानिसहरूले १८ मार्केट स्ट्रिटमा भएको अर्कै चर्च साबथको निम्ति भाडामा लियौँ। केही महिना अघि अमेरिकाको ओकल्याण्डमा रहेको हाम्रो आफ्नै चर्च बेचिएको थियो। हाम्रा विश्वासी दाजुभाइ र दिदीबहिनी अर्कै चर्च भाडामा लिएर साबथमा आराधना चलाइरहेका छन्। कुनै स्थाई भवन नहुञ्जेल त्यही चर्चमा सेवा आराधना गरिरहनेछ। -द रिभ्यु एण्ड हेराल्ड, नभेम्बर २९, १९०६।

चर्च भवन स्थल

सुहाँउदो ठाउँमा जग्गा लिएर चर्च भवन निर्माण गर्नुपर्छ-अमेरिकाको अरिगानको राजधानी पोर्टल्याण्ड सहरमा चर्च भवनको निम्ति उपयुक्त ठाउँ छ। हाम्रा चर्चको अगुवाहरूले उपयुक्त ठाउँ रोजेकोले ठिकै गर्नुभएको छ। यो ठाउँ सहरको व्यापार केन्द्र "द डियरिङ्ग ओकस" प्राकृतिक पार्कको बीचमा छ। -द रिभ्यु एण्ड हेराल्ड, मे १८, १९११।

चर्च भवनको निम्ति जग्गा हेर्ने क्रममा यातायातको सुविधा हेर्नुपर्छ- तपाईँले प्रस्ताव गर्नुभएको चर्च भवनको बारेमा मैले लेख्नै पर्ने भएको छ। तपाईँले त्यस भवनको निम्ति तपाईँले रोज्नुभएको जग्गादेखि म खुशी छु। यो सहरका चल्ने रेलवेको नजिक छ, यसले गर्दा टाढाबाट आराधना गर्न आउनेहरूलाई सुविधा पाउँछ। - म्यानुस्क्रिप्ट रिलिजेज् २१:९३।

सानो र साँघुरो ठाउँमा चर्च भवन बनाउन हुन्न- आइतबारमा भेला भएका विश्वासी अगुवाहरूलाई हामीले फेरि पनि सम्वोधन गऱ्यो। हाम्रो छलफल तीन घन्टासम्मै रह्यो। नयाँ चर्च भवनको निर्माण नक्साको बारेमा पूरै छलफल गऱ्यो। एउटा सानो जग्गा किनेको थियो। तर यो जग्गा अर्को भवनसँगै थियो। तर चर्चलाई चाहिने उज्यालो र घाम त्यस भवनले छेकिन्थ्यो। तर चर्च भवनको निम्ति किनेको जग्गासँगैको अर्को जग्गा पनि किन्न हामीले सल्लाह दियौँ

किनकि त्यहाँको वरिपरि अर्को भवन नबनियोस् भनेर नै हो। त्यसले गर्दा चर्च भवनलाई चाहिने घाम, उज्यालो र हावालाई छेकिन्दैन। - द रिभ्यु एण्ड हेराल्ड, सेप्टेम्बर २७, १८८७।

चर्च भवनको डिजाइन वा खाका

चर्च भवन सरल र खर्चिलो हुनुहुँदैन, धेरै पैसा खर्च गरेर शानदार बनाउन आवश्यक छैन- ओकल्याण्डमा हामीलाई चर्च भवनको आवश्यक छ। त्यहाँ छिटै साधारण र कम खर्चले आराधना भवनको निर्माण गर्न आवश्यक छ। त्यहाँ दाजुभाइ र दिदीबहिनीहरूले शानदार, भव्य र अनेकौँ आकर्षित सजावत नभएको र महंगो भवन नबनाइ परमेश्वरप्रति अगाढ श्रद्धा राखेको छ भनेर देखाउनुपर्दछ। हामी सङ्कटको समयमा छौँ; न्यायको घडीमा छौँ। परमेश्वरको न्यायको समय आएको छ भनेर हामीले विश्वास गरेकाछौँ भनेर हाम्रो कामले देखाओस्। यस संसारमा कुनै निश्चित छैन भन्ने समयको नजिकै छौँ। हामीहरूको काम र गवाहीले यो देखाउनुपर्दछ कि सबै थोकको अन्त्यको नजिकै छ। - म्यान्युस्क्रिप्ट रिलिजेज ६:३२०,३२१।

चर्च भवन बनाउँदा तीन कुराहरूको ख्याल गर्नुपर्छः सौन्दर्यता, साबथ स्कूलको निम्ति ठाउँहरू, र भवन बढाउन संभाव्यता- हामीले बनिएको चर्च सरसरती अवलोकन गर्यौँ। चर्चको बनावट राम्रै छ। अगाडी ढुङ्गाहरू छापेको रहेछ। झ्याल र अगाडिका ढोकाहरू रङ्गीन सिसाले सजाएका थिए। यो सुन्दर थियो। मञ्चमा आवश्यक भएको चारवटा मेचहरू थिए। ती उपयुक्त तरिकाले राखिएका थिए। पुलपिट र त्यस पछाडिको अल्गो मेचहरू मिलेकै थिए। मेचहरू रातो फलाटिनको कपडाले छोपेका थिए। त्यो चर्चमा साधारणतया प्रयोग गरिन्छ। त्यस चर्चमा के के छ सो सबै हेर्न मलाई भ्याएन, तैपनि कम खर्चले त्यो चर्च बनेको हुनाले सबै ऋण चुक्ता भएको थियो। त्यसको लागि म परमेश्वरको प्रशंसा गर्दछु। चर्चको निर्माण गर्न धेरै स्रोत र मेहनत

परेको थियो। यसको मर्मत पूरा थियो। चर्च भवनको निर्माण सिद्धसकेको थियो। त्यस चर्चमा धेरै कोठाहरू थिए। एउटा कोठा सभा कोठाबाट गइन्थ्यो। त्यहाँ साबथ स्कूलको निम्ति मेचहरू थिए। यदि त्यो भवन बढाउनु छ भने भित्ताहरू भत्काएर सजिलैसँग बढाउन सकिन्थ्यो। अमेरिकाको राजधानी वाशिङ्गटन नजिकै त्यो चर्च थियो। त्यो चर्च निर्माण सफलतापूर्वक भएको थियो। यो परमेश्वरकै आदेश मुताविक बनिएको थियो। यसलाई चाहिने आवश्यकताहरू उहाँले नै आपूर्ति गर्नुभएको थियो। यस सुन्दर भवनको निम्ति परमेश्वरलाई उच्च स्वरले धन्यवाद दिन चाहन्छु। प्रभुको निम्ति त्यो भवन समर्पण गर्न तयार भइसकेको छ। त्यहाँ अब परमेश्वरका जनहरूले उहाँको सेवा गर्न सक्छन्। - म्यानुस्क्रिप्ट रिलिजेज ५:११९।

चर्च भवनहरू सरल, सफा, मानिसहरू अट्न सक्ने र उचित आकारको हुनुपर्दछ- परमेश्वरको आराधनाको घरको प्रभाव ठूलो आवश्यकता छ। अस्ट्रेलियाको मेलबर्नमा मात्र होइन अरू ठाउँहरूमा पनि। सरल, सफा, मानिसहरू अट्न सक्ने र उचित आकार भएको चर्च भयो भने आराधकका हृदयहरू आभारित हुन्थे। त्यसमा परमेश्वरको आराधना गर्न अरू विश्वासीहरू पनि आउन सक्छन् र जीवनका वचनहरू सुन्ने अवसर पाउँन्छन्। शानदार अर्गान वा पियानोको आवश्यकता छैन। त्यो केवल देखावटी मात्र हो। परमेश्वरलाई समर्पित भवनको आवश्यकता छ। मानिसहरूले पनि आफ्नै घर सम्झेर आउन सकेको हुनुपर्छ। प्रेरणादायी प्रवचन सुन्न, प्रार्थना गर्न र उल्लासमय वातावरणमा सबै जना मिलेर प्रभुको भजन गाउन मानिसहरू आउँछन्। त्यस चर्चको सारा वातवरण नै त्यस्तो हुनुपर्छ जसले हामीले अपनाएको आस्थासँग पूरै तालमेल होस्। - जनरल कन्फरेन्स डेली बुलेटिन, जनवरी २८, १८९३।

चर्च भवन निर्माण

चर्च भवन निर्माण गर्दा अनावश्यकरूपमा पैसा खर्च गर्नु हुन्न तर सस्तो खालको भवन पनि बनाउनुहुन्न- चर्च भवन निर्माण गर्न एक पैसा पनि बेकारमा खर्च गर्नुहुन्न, फेरि त्यसै बखत कच्चा काम गरेर चर्च भवन निर्माण गर्नुपनि हुन्न। चर्चको भुईँ कोठा चर्च स्कूलको निम्ति प्रयोग गर्ने गरि बनाइएको छ। यो ठिकै छ। हाम्रा छोराछोरीहरूलाई सार्वजनिक स्कूलहरूमा हुने खराब तत्वहरूबाट जोगाउन त्यो प्रावधना बनाइएको हो। यदि त्यही अनुसार चर्च भवन बनियो भने भुईँ कोठ पनि राम्रै हुन्छ तर त्यसको निम्ति पैसाको आवश्यक पर्छ। - द रिभ्यु एण्ड हेराल्ड, मे १८, १९११।

कहिलेकाहीँ परमेश्वरको आराधना गर्न भवन निर्माणको निम्ति समाजका मानिसहरूसँग निर्माण सामग्री र परिश्रमको निम्ति अनुरोध गर्न सकिन्छ- जब हाम्रो सुसमाचारीय कार्यक्रम सकियो तब कुरानबङ्गमा सेवासङ्गति गर्न घरको आवश्यकता भएको महसुस भयो। यस आवश्यकताले हामीलाई अलमलमा पार्यो। त्यहाँ हामीले जे गर्नुपर्ने थियो हाम्रो स्रोतले भ्याएसम्म सुसमाचार कार्यक्रम गरिएको थियो। तर त्यहाँ आराधना गर्ने उपयुक्त भवन निर्माण गर्न आवश्यक पैसा उठाउन असम्भव भएको हामीले महसुस गर्यौँ। आखिरमा, जब चर्च निर्माणको निम्ति समिती बस्यो तब त्यसको बारेमा बिस्तृत छलफल भयो। मैले आफ्नो खर्चलाई हेरेँ, र भवन निर्माणको निम्ति मानिसहरूबाट निर्माण सामग्रीहरू र जनश्रमदानको निम्ति अनुरोध गर्ने निर्णय भयो। मेरो सचिबसँग माइलौँसम्म घुम्यौँ र घर निर्माण गर्नेहरूसँग सहयोग माग्यौँ। त्यहाँ हामीले धेरै सिकर्मीहरू भेट्यौँ जो स्कूल निर्माण गर्न खटिरहेका थिए। तर केही समयदेखि तिनीहरूको काम थिएन; ती मानिसहरू उदार भएर हाम्रो अनुरोधलाई स्वीकारे। तिनीहरूले थोरै ज्यालामा सङ्गति गर्ने घर निर्माण गर्न राजी भए। तिनीहरूले पाउनेभन्दा आधा कम ज्यालामा काम गर्न तयार भएका थिए। कतिपयले

आफ्नो समयको अनुकूलमा सिँतैमा जनश्रमदान दिएका थिए। - द रिभ्यु एण्ड हेराल्ड, मे २६, १९०४।

आर्थिक व्यवस्थापन

ऋण नलिइकन चर्च भवन निर्माण गर्नु अति उत्तम नीति हो- ह्यामिल्टनमा हाम्रो सार्वजनिक सुसमाचारीय कार्यक्रमको समापनमा आराधना गर्ने भवनको आवश्यक भएको हामीले महसुस गर्यौँ। जग्गा त किन्यौँ तर भवन निर्माण गर्न ऋण नलिने निर्णय गर्यौँ। त्यसकारण परमेश्वरको सहयोगको निम्ति हामी अपेक्षा गर्यौँ। उहाँले सहयोग गर्नुहुनेछ। उहाँको प्रतिज्ञामा हामी ढुक्क भयौँ। केही पैसा जम्मा भइसकेको थियो। ब्रिसबेन चर्चको निम्ति मैले पचास पाउण्ड वा दश हजार रूपैयाँ जति दिएँ र अर्को पचास पाउण्ड पनि दियौँ। जब हामीसँग थप पैसा आउँछ अनि परमेश्वरको निम्ति सानै भवन भएपनि निर्माण गर्न सुरु गर्नेछौँ। - म्यानुस्क्रिप्ट रिलिजेज १७:१२६।

चर्चका सदस्यहरूले चर्च भवन निर्माण गर्न जनश्रमदान दिन राजी हुनुपर्दछ- जहाँ जहाँ सम्भव छ त्यहाँ त्यहाँ ऋण नलिएर चर्च भवनहरू बनियोस्। जब चर्च भवनको निर्माण हुन्छ तब चर्चको सदस्यहरूले जनश्रमदान गर्न जागरुत हुनुपर्दछ। सह-पास्टरहरूको सरसल्लाह अनुसार पास्टरको रेखदेखमा नयाँ विश्वासीहरूसँग जनश्रमदानको निम्ति सहयोग मागियोस्। उनले अनुरोध गरोस्, "हामीलाई आराधना गर्ने भवनको आवश्यक छ। त्यसको निम्ति सहयोग गर्नुहोस्।" परमेश्वरको कामको निम्ति उहाँका जनहरू हँसिलो हुँदै एक भएर भवन निर्माण गरोस् भन्ने उहाँको आह्वान छ। यो कदम चालिएमा छिटै मानिसहरू एकजुट भएर उहाँको प्रशंसा गर्नेछन्, "परमेश्वरले के गर्नुभयो हेरौँ!" -गस्पल वर्कर्स, ४३२।

कतिपय समयमा चर्च नहुनुभन्दा ऋण लिएर भएपनि चर्च

बनाउनु असल हुन्छ- कतिपय समयमा भर्खर विश्वासीहरूको समूह खडा हुँदा आराधना गर्ने भवन बनाउन तिनीहरूसँग पैसा नहुन सक्छ। यस मामिलामा अरू चर्चका विश्वासी र पदाधिकारीहरूले सहयोग गरुन्। कतिपय समयमा भवन नहुनुभन्दा ऋण लिएर भवन बनाउनु उत्तम हुन सक्छ। यदि कसैसँग पैसा छ भने बिना व्याज वा कम व्याजमा ऋण दिन्छ भने त्यसरी चलाउनु उपयुक्त छ। तर ऋण चुक्ता त गर्नै पर्छ। तर म फेरि दोहोऱ्याएर भन्छु: सकेसम्म चर्च भवनहरू ऋण नलिइकन बनियोस्। - टेस्टिमोनिज फर द चर्च ६:१०१।

मर्मत संभार

आराधना भवन सावधानीपूर्वक संभार गरिराख्नुपर्छ, तर दशांसबाट होइन- परमेश्वरले मोशालाई इस्राएलीहरूलाई दिन निर्देशन दिनुभएको थियो: "तिमीले इस्राएलीहरूसँग शुद्ध अलिव वा जैतुनको तेल ल्याउन आदेश दिनु ताकि पवित्रस्थानको दियो निरन्तररूपमा जलिरहोस्।" यो भेटी निरन्तरूपमा दिनुपर्ने थियो। उहाँको सेवाको निम्ति परमेश्वरको घरमा चाहिने आवश्यक सामान उचित रूपमा आपूर्ति गर्नुपर्ने थियो। आज पनि उहाँका जनहरूले यो याद गर्नुपर्छ कि आराधना गर्ने भवन परमेश्वरको सम्पत्ति हो र यसलाई होशियारसाथ संभार गरिराख्नुपर्दछ। तर त्यसलाई चाहिने दान दशांसबाट आउनुहुन्न। - टेस्टिमोनिज फर द चर्च ९:२४८।

चर्च भवन बनाउन अरूहरूलाई सहयोग गर्नु

संसारभरी चर्चहरू स्थापना गर्न त्याग गर्नुपर्छ- परमेश्वरका जनहरू भएको हैशियतले हाम्रो आर्थिक मामिलामा मितव्ययीता र त्यागी हुन सिक्नुपर्छ। प्रत्येक भक्तले त्याग गर्न परमेश्वरसँग करार बाँध्नुपर्छ। धेरै महँगो लुगाफाटा र घरेलु महँगो सजावटको निम्ति बेकारमा खर्च

गर्नुहुन्न। यस संसारमा हामी अपरिचित पाहुना र यात्रुहरू हौँ। हामी यस संसारभन्दा उत्तम देश वा स्वर्गको निम्ति अपेक्षा गरिरहेकाछौँ। समय छोटो छ। प्रत्येक रुपैँया सकारात्मक आवश्यकताको निम्ति खर्च गर्नुपर्छ र हामीसँग जे छ त्यो परमेश्वरको निम्ति धन्यवादको भेटी जस्तै गरेर किन्नुपर्छ। यो परमेश्वरको हो। यस देशमा र समुद्रका टापुहरूमा स्कूल आराधनाका घरहरू निर्माण गर्नु आवश्यक छ भनेर मलाई प्रभुले देखाउनुभएको छ। हाम्रा सम्पन्न अगुवाहरूले आफ्नो सम्पन्नता, प्रतिष्ठा, गौरब देखाउन र महत्त्वाकाँक्षा महँगो भव्य र शानदार घरहरू बनाउनु हुन्न। अरू देशका विश्वासी दाजुभाइ दिदी बहिनीहरूलाई भन्दा यस देशमा रहेका हाम्रा विश्वासीहरूलाई प्रभुले माया गर्नुभएको महसुस गरेका छन् भने अरू देशका मानिसहरूलाई दिल खोलेर सहयोग गर्नुपर्छ। परमेश्वरको काममा र आराधनाको घर बनाउन तिनीहरूलाई ठूलो सहयोगको आवश्यकता पर्छ। - टेस्टिमोनिज टु साउथरन अफ्रिका, ६३।

सम्पन्न क्षेत्रहरूमा भवनहरूको निर्माण गर्न चाहिनेभन्दा बढि खर्च गर्नुहुन्न, जब कतिपय देशमा गरिब र विपन्न वर्गहरूले दुःख पाइरहेका छन्- बाट्टल क्रिकमा अझ धेरै कोठाहरू बनाउन र अझ सुविदा सम्पन्न मेरा भाइहरूले निरन्तर रूपमा लगानी गरिरहेकाछन्। त्यसको आपत्ती म जनाउन चाहन्छु र त्यसो नगर्न चेतावनी पनि दिन चाहन्छु। त्यहाँ खर्च गर्नुको सट्टा नयाँ नयाँ क्षेत्रहरूमा पस्नुपर्दछ; सारा संसारमा गवाहीको निम्ति सत्यको घोषणा गर्नुपर्छ। तर एकै ठाउँमा सबै पैसा लगानी गर्दा परमेश्वरको काममा वाधा भइरहेको छ। सत्यको झण्डा उचाल्न सकिएको छैन। नयाँ ठाउँहरूमा सुसमाचार सुनाउन आवश्यक छ। अमेरिकाका हाम्रा विश्वासी दाजुभाइ र दिदीबहिनीहरूले बिलाशी भवनहरू बनाउन स्वतन्त्र भएको ठान्दछन्। यथार्थमा समयले देखाउनेछ कि त्यस्ता भवनहरू नभएतापनि हुन्छ भन्ने महसुस गरिनेछ। तिनीहरूमा खर्च गरिने हजारौँ डलरहरू आफ्ना क्षेत्रभन्दा बाहिर लगानी गर्न प्रयोग गर्न सकिन्छ। यस

मामिलामा मैले परमेश्वरको वचन जस्तै चेतावनी र सतर्क गराएको छु। तर मलाई दु:ख लाग्छ कि चाहनालाई संतुष्ट पार्न धेरै स्रोतहरू चलाइरहेका छन्।एक भवनपछि अर्को भवन थपिएको छ। सुविधा नभएको ठाउँमा, परमेश्वरको आराधनाको निम्ति भवन बनाउन, परमेश्वरको काममा अघि बढाउन र सत्यको झण्डा उचाल्न ती स्रोतहरू प्रयोग गर्नु पर्ने हो। मैले यस बारेमा बारम्बार सम्झाउँदा पनि तपाईँहरूले एक ठाउँमा परमेश्वरका स्रोतहरू परिचालन गरिरहनुभएको छ। एकै ठाउँमा धेरै लगानी गर्दा अन्तको निम्ति केही पैसा बाँकि हुँदैन। कतिपय ठाउँहरूमा आवश्यक घर र सुविधाहरू सुरु गर्न पनि पैसा हुँदैन। - टेस्टिमोनिज फर द चर्च ८:४८,४९।

अध्याय ४३
चर्चको सामाजिक जीवन

इसाई सामाजिक भेलाले मानिसहरूलाई येशूतिर तान्न सक्नुपर्छ- जब तपाईँको घरमा सामाजिक भेला हुन्छ तब तपाईँकहाँ आउने पाहुनाहरूमाथि तपाईँको प्रभाव कस्तो छ? तपाईँले के गर्नुभयो र के भन्नुभयो जसले गर्दा तपाईँले तिनीहरूलाई येशूको छाप दिनुभयो? के तपाईँ मौसम र वेसौममा प्रभुको गवाही बन्नुभएको छ? तपाईँको सामाजिक जमघटमा कतिपय मानिसहरूले येशूलाई चिनेका हुँदैनन्। परमेश्वरको अगाडि तिनीहरूसँग के तपाईँ उभिनु तयार हुनुहुन्छ? के तपाईँको जीवन तिनीहरूको रगतबाट स्वच्छ भएको छ भनेर दावी गर्न सक्नुहुन्छ? एक जना क्यु नाउँ गरेको मानिसको मामिलाको बारेमा उल्लेख गर्न चाहन्छु। तपाईँ असल घरानाको। तपाईँको घर इसाई वातावरण बनाउने अवसर थियो। तपाईँको घरबाट इसाई चरित्र, स्वभाव र मिजास प्रभावहरू दिन सक्थ्यो। तर मानिसहरू प्रभुमा आउन् भन्ने बोझ तपाईँमा थिएन। तर तपाईँले आफ्नो प्रतिष्ठा देखाउन घरलाई सजिसजावत गर्नुभयो। तपाईँले आफ्नो गौरब र शानलाई मानिसहरूलाई देखाउनुभयो र तपाईँ मनमौजी छिन् भनेर देखाउनु भयो। तर तपाईँको रहनसहन र जीवनशैलीले सैतानको कब्जामा परेर विश्वासमा तहस नहस भएको त्यस गरिब क्यु भन्ने व्यक्तिलाई नकारात्मक प्रभाव पारेको छ। तपाईँको जीवनशैलीले इसाई धर्मको र सत्यको वास्तवकितालाई त्यस व्यक्तिले शङ्का गर्न ठाउँ दिएको छ। यसले गर्दा तपाईँ इसाई नै भएतापनि तपाईँको दावीमा कलङ्क लागेको छ। - टेस्टिमोनिज फर द चर्च २:१७९।

सामाजिक जमघटको उपादेयीता

सामाजिक क्रियाकलापबाट मानिसहरूलाई येशूतिर प्रभाव पार्न सजिलो छ- सामाजिक कार्यक्रमको घेरामा रहेर मानिसहरूसँग हिलमिल गर्दा प्रभुको गवाही हुन सजिलो हुन्छ। पास्टरले आफ्ना समाजका मानिसहरूसँग घुलमिल गर्नु धेरै जरुरी छ। त्यहाँ उनले विभिन्न वर्गका मानिसहरूसँग भेटघाट हुन्छ। विभिन्न मानिसहरूको स्वभावको बारेमा उनले जानकारी पाउँछन्। जब पास्टरले मानिसहरूसँग अन्तर्क्रिया गर्छन् तिनीहरूको सोचबिचार र धारणाहरू थाहा पाउँछन्। उनले आफ्ना मानिसहरूसँग वौद्धिक स्तरमा पुग्न सक्छन् र कसलाई के सिकाउनुपर्छ भन्ने ज्ञान पनि उनले हासिल गर्छन्। यसरी मानिसहरूसँग घुलमिल गर्दा मानिसहरूको स्वभाव र आवश्यकताहरूको ज्ञान उनलाई हुन्छ र मानिसहरूप्रति उनको हृदयमा महान् प्रेमले अड्डा जमाउन सक्छ। - टेस्टिमोनिज फर द चर्च ४:२६६।

साबथलाई पालन गर्ने एडभेन्टिस्टहरूले आवश्यक मनोरञ्जनप्रति वेवास्ता गरेको पाइएको छ- साबथ पालन गर्ने विश्वासीहरूले धेरै परिश्रम गर्छन् तर आफूहरूलाई सृजनात्मक विश्राम नलिएको मलाई देखाइएको थियो। जो मानिसहरू शारीरिक परिश्रम गर्छन् तिनीहरूलाई समय समयमा रमाइलो वा मनोरञ्जन गर्नु आवश्यकता छ। त्यसमा पनि विशेष गरेर मानसिक परिश्रम गर्नेहरूलाई त बेला बेलामा सृजनात्मक विश्राम वा रमाइलो गर्नु आवश्यकता हुन्छ। हाम्रो दिमागलाई धार्मिक क्रियाकलापमा नै किन नहोस् धेरै घोटिरहनु हाम्रो मुक्तिको निम्ति आवश्यक छैन न त यसले परमेश्वरको महिमा गर्छ। हो, नाच्नु, तास खेल्नु, चेस वा बोर्ड गेमहरू खेल्नु वा जुवा खेल्ने जस्ता रमझम वा मनोरञ्जन गर्नु हामीले अनुमोदन गर्न सक्दैनौँ, किनभने परमेश्वरले त्यसलाई दोषी ठहऱ्याउनुहुन्छ। ती खालका मनोरञ्जनहरूले ठूलो दुष्ट क्रियाकलापको निम्ति ढोका खोल्दछ। त्यसले दिमागलाई स्वच्छ र ताजा बनाउँदैन। तर ती खालका रमझम र मनोरञ्जनले दिमागलाई आवेशमा ल्याउँछ, दुर्व्यसन र भोग

बिलासतिर अग्रसर गराउँछ। यस किसिमका खेलबाड येशूभक्तहरूले तिरस्कार गर्नुपर्छ, र त्यसको ठाउँमा हानी नहुने तर शरीर, दिमाग र आत्मालाई स्वच्छ बनाउने मनोरञ्जनमा लाग्नु पर्छ। - टेस्टिमोनिज फर द चर्च १:५१४।

दोषरहित मनोरञ्जन गर्न खोज्नु इसाईहरूको अवसर र कर्तव्य हो- दोषरहित मनोरञ्जनद्वारा शरीर, दिमाग र आत्मालाई स्वच्छ, ताजा र स्फुर्त बनाउनु इसाईहरूको अवसर र कर्तव्य हो। त्यस खालको सफा मनोरञ्जनको लक्ष्य परमेश्वरको महिमाको निम्ति शारीरिक र मानसिक शक्तिहरूलाई परिचालन गरेर आफूलाई फुर्तिलो बनाउनु हो। हाम्रा मनोरञ्जनहरू हामीलाई धुलोपिठो पार्ने खालको हुनुहुँदैन। मनोरञ्जनको नाउँमा शरीर र दिमागलाई थकान, पेलान गरेर अस्तव्यस्त पार्नु मनासिव छैन। हाम्रा मनोरञ्जनहरू यस्तो फाइदाजनक र उच्चस्तरको हुनुपर्दछ कि त्यसमा सहभागी हुनेहरू हामी इसाई हौँ भनेर देखाउन सफल अवसर पाउन सक्छौँ। यदि हामीहरूको मनोरञ्जनले दैनिक जीवनलाई ताजा बनाएर उर्जा दिँदै काममा विश्वाससाथ लाग्न दिँदैन वा अयोग्य बनाउँछभने त्यस खालको मनोरञ्जन परमेश्वरको निम्ति अमान्य हुन्छ। यदि मनोरञ्जनले हामीलाई परमेश्वर र स्वर्गप्रतिको ध्यानमा कमसल बनाउँछ भने त्यो मनोरञ्जन हाम्रो लागि होइन। ख्रीष्टको धर्म हँसिलो र उच्चस्तरको प्रभाव दिने खालको हुन्छ। हँसी ठट्टा, मजाक उठाएर बेकारको मूर्ख गफसफ गरेर समय खेर फाल्नु इसाईहरूलाई सुहाउँदैन। हामीले जुनसुकै मनोरञ्जन गर्छौँ त्यसमा हामीले परमेश्वरबाट ताजा साहस र शक्ति पाउन सक्नुपर्छ, ताकि हाम्रो जीवन शुद्ध, सत्य, भलाइ र पवित्रतालाई उचाली राख्न सकौँ। - द रिभ्यु एण्ड हेराल्ड, जुलाइ २५, १८७१।

अमेरिकाको मिशगन राज्यको गोगआक तलाउ निर भेला भएर रमाइलो गर्नेहरूको अनुमोदन एलेन जी ह्वाइटले गर्नुभएको थियो- हामीहरूका आत्मा र शरीरलाई फुर्तिलो र ताजा बनाउन खोज्ने

क्रममा हाम्रो सबै शक्तिहरू सधैँ उत्तम लक्ष्यको निम्ति प्रयोग गरियोस् भन्ने परमेश्वरको चाहना छ। आज हामी साथीभाइ र विश्वासीहरू भेला भएर परमेश्वरकै महिमाको निम्ति जम्मा भएका छौँ। हामीले हाम्रा मनोरञ्जनहरू यस्तो खालको पार्न सक्छौँ कि त्यस मनोरञ्जनपछि हामीले गर्ने कामहरूमा फुर्ती र ताजापन ल्याउन योग्य बनाइयोस्, र हाम्रो मनोरञ्जनले हामीसँग सहभागी हुनेहरूलाई हाम्रा इसाई स्वभावहरूको प्रभाव पार्न सकौँ। विशेष गरेर यस अवसरमा हामी सबैलाई रमाइलो पारिरहेको छ। हामी स्वच्छ दिमाग र ताजा शरीर लिएर घर फर्किन सक्छौँ, र नयाँ फुर्तीसाथ काममा लाग्न सक्नेहुन्छौँ। प्राकृतिक वातावरणमा भएको यस खालको मनोरञ्जनले हामीलाई उत्तम आशा र उत्तम साहस दिन्दछ। - टेस्टिमोनिज फर द चर्च २:५८६।

सामजिक रमझम समस्याहरू

अस्वस्थ सामाजिक जमघटहरू चर्चको नै बेइज्जत हुन्छ- बाट्टल क्रिक एडभेन्टिस्ट समुदायको एक वर्गमा बराबर सामाजिक जमघट भइरहेको छ जुन एकदमै फरक स्वभावको छ। त्यहाँ मोजमस्ती गर्ने रमझम वा पार्टीहरू हुन्छन् जुन हाम्रा संघसंस्था र चर्चहरूको बेइज्जत भइरहेको छ। त्यस जमघटमा कस्तो पहिरण राम्रो छ भनेर त्यसमा प्रतिस्पर्धा भएको देखिएको छ, आफ्नो रूपको गौरव वा प्रतिष्ठा देखाउन चाहन्छ, मनमौजी वातावरण छ, हँस्सीठट्टा र मजाक उठाएर एक आपसमा हल्लीखल्ली गर्दछन्। त्यसको सम्माननीय पाहुना सैतान हुन गएको छ र उसलाई रमाइलो भइरहेको हुन्छ। अनेकौँ फजुल खर्च गरेर यस्ता पार्टीहरू संचालन गर्ने संचालकहरूलाई सैतानले आफ्नो काबुमा राख्दछन्। त्यहाँ भइरहेको एउटा दृश्य मलाई देखाइएको थियो। त्यहाँ सत्यको पछि लाग्छु भन्ने एडभेन्टिस्टहरू नै थिए। एक जना मानिसले यस्तो बाजागाजा बजाइरहेको थियो कि त्यसको साथमा गीतहरू गाएर मानिसहरूलाई

उत्तेजित पारिरहेका थिए। त्यो वातावरणले स्वर्गदूतहरू नै शोकित भएर रुँदछन्। त्यहाँ खुशियाली, हँस्सीठट्टा, उत्तेजना र जोशले मानिसहरूलाई उचालीरहेका थिए। त्यहाँ भएका आनन्द सैतानले नै सृजना गर्न सक्छ। त्यहाँ भएको उत्तेजना र एक आपसलाई मोहमा फसाइ कामबासनाको निम्ति तानातान गर्ने वातावरणले परमेश्वरको प्रेमलाई लज्जित पारिरहेको छ। यस किसिमको नाचगान गर्ने पार्टीहरूहरूले मानिसहरूको दिमाग अपवित्र सोचहरू जगाइ दिन्छ र काममा नराम्रो प्रभाव पार्दछ। यस्ता किसिमका क्रियाकलापहरूमा सहभागी हुने र संचालन गर्नेहरूले आफ्नो लज्जास्पद आयोजनाहरूको निम्ति हृदयदेखि नै पश्चाताप गर्नुपर्छ भन्ने सोचमा म परिरहेको छु। - टेस्टिमोनिज टु मिनिस्टर्स एण्ड गस्पल वर्कर्स ८२।

बिकासे वा देखावटी इसाईहरू जहिले पनि मानिसहरूका भावनाहरूलाई उचाल्ने र उत्तेजित पार्ने आमोद प्रमोद र खेबवाडमा लाग्दछन्, तिनीहरूको जोशले बाइबलीय इसाईहरू पनि सजिलैसँग फस्न सक्छन्- हाम्रै एडभेन्टिस्ट समुदायमा सैतानले आफ्नो जालो फैलाइरहेका छन्। बिकासे वा देखावटी एडभेन्टिस्टहरू नै धर्मका खोल ओढ्नेहरूलाई सैतानले आफ्ना औजारहरू बनाइरहेकाछन्। यस वर्गका मानिसहरू जहिले पनि आमोदप्रमोद, पार्टी, मोजमस्ती र उत्तेजनात्मक खेलहरूमा झुम्मिन मन पराउँछन्। बाइबलमा तल्लिन हुन चाहने युवा र युवतीहरूलाई तिनीहरूको रमझम पार्टीमा समावेश हुन निम्त्याँउछन् र ती आत्मिक जीवनको निम्ति अघि सर्नेहरूलाई ती कठित एडभेन्टिस्टहरूले आफ्नो घेरमा फसाउँछन्। इसाई रूखले कस्तो फल फलाउनुपर्छ भनेर तिनीहरूले प्रार्थना गरेर परमेश्वरको स्तरलाई वास्ता नगरेको पाइन्छ। सांसारिक आमोदप्रमोदमा लागेर येशूभक्तले असल फल फलाउन सक्दैन भन्ने येशूको वचनलाई तिनीहरूले कुल्चिरहेका छन्। यस्ता किसिमका मनोरञ्जनहरूमा सैतानको चलखेल हुन्छ भन्ने कुराको ख्याल तिनीहरूले राखेका हुँदैनन्। तिनीहरूलाई थुमाको विवाहको भोजमा सरिक हुन दिइएको

निमन्त्रणामा भाग नलियोस् भन्ने सैतानको चाहना हो। येशूभक्तहरूलाई स्वच्छ येशूभक्तको चरित्र हुन नदिन र ख्रीष्टको धार्मिकताको वस्त्र पहिराउन नदिन सैतानले अनेकौँ चलखेल गरिरहेको हुन्छ। सैतानकै औजारले चलेका एडभेन्टिस्टहरूले सत्य इसाई जीवन के हो र उसको अधिकार के हो भन्ने कुरामा मानिसहरूलाई अलमलमा पारिरहेका हुन्छन्। तिनीहरूको प्रभावमा परेका युवायुवतीहरू तिनीहरूभन्दा भिन्न भएको चाहँदैनन्। त्यसले गर्दा तिनीहरूले एक आपसको अनुसरण गर्दछन्। यसरि तिनीहरू ती मानिसहरूको प्रभावमा पर्दछन् जसको हृदय र दिमागमा परमेश्वरको आत्मालाई कहिल्यै पनि काम गर्न दिएको हुँदैन। -टेस्टिमोनिज टु मिनिस्टरस एण्ड गस्पल वर्कर्स, ८५।

मनोरञ्जनको बारेमा राख्नुपर्ने सन्तुलित धारणा- कतिपय एडभेन्टिस्टहरूको दिमाग नै रोगग्रस्त कल्पनामा परिरहेका हुन्छन्। तिनीहरूको निम्ति येशूप्रतिको आस्था हुनु भनेको निरङ्कुसमा लाग्नु हो भनेर सोच्दछन्। धर्म त तिनीहरूलाई शासन गर्ने कठोर फलामे डण्डी हो भनेर तिनीहरूले सोच्दछन्। ती मानिसहरूले दुष्ट बाटोमा लाग्न नसकेकोमा निरन्तररूपमा शोक मनाउँछन् र भित्रीरूपमा चित्कार पनि गर्छन्। तिनीहरूका हृदयहरूमा प्रेमले बास गरेको हुँदैन; तिनीहरूका अनुहारहरू जहिले पनि अंध्यारो नै हुन्छन्। युवा वा अरू कुनैको अजान हाँसोले तिनीहरूको मनमा चिसो पार्दछ। सबै खालको रमझम, रमाइलो, मनोरञ्जन पाप हो भनेर तिनीहरूले सोच्दछन्। मानिसहरू जहिले पनि गम्भिर हुनुपर्छ, आफूहरूलाई कठोर अनुशासनमा राख्नुपर्छ, मनलाई आनन्द र हर्ष पार्ने कुनै किसिमको तत्वहरूबाट अलग हुनुपर्छ भनेर तिनीहरूले सिकाउँछन्। यो त अत्यन्ति अति सोच हो। फेरि अरूहरूले यो पनि सोच्दछन् कि असल दिमाग र स्वास्थ्यको निम्ति नयाँ नयाँ मनोरञ्जनहरू आविश्कार गर्नुपर्छ र दिमागलाई अरूहरूमा पनि हल्लाइरहनुपर्छ भनेर सोच्दछन्। ती मानिसहरू शरीर र दिमागलाई उत्तेजना गर्ने

तत्वहरूमा लाग्न रुचाउँछन् र यदी ती भएन भने तिनीहरूलाई असजिलो लाग्दछ। ती मानिसहरू सत्यवादी इसाई होइनन्। तिनीहरू पनि अतिवादी नै हुन्। सत्य इसाईका नीतिहरूले सबै खालका स्वच्छ खुशियालीहरूको स्रोतहरूको निम्ति खुला हुन्छ। आत्मिक, शारीरिक र मानसिकलाई ताजा र स्फुर्त बनाउने मनोरञ्जनको उचाई, गहिर्याइ, लम्बाइ र फराकिलोलाई कसैले पनि नाप्न सक्दैन। - द एडभेन्टिस्ट होम, ४९३।

अध्याय ४४
समितीहरू

पास्टरहरू लामो समिती सभाहरूबाट सकेसम्म अलग हुनुपर्दछ- विभिन्न चर्चहरूका सानोतिनो झमेलामा पास्टरलाई व्यस्त पारे उनको आत्मिक ढाँचालाई संतुलनमा राख्न सक्दैन। यस कामको निम्ति उनलाई अभिषेक गरिएको होइन। परमेश्वरले चुन्नु भएका पास्टरहरूको प्रत्येक खुबीहरूको उपयोग गरुन् भन्ने परमेश्वरको चाहना हो। रातसम्म लम्बिने समितीहरूमा तिनीहरूलाई संलघ्न गराएर तिनीहरूलाई थकित पार्नुहुन्न। तिनीहरूमा भएको सबै मानसिक शक्तिलाई येशू ख्रीष्टको सुसमाचार प्रचार गरोस् भन्ने परमेश्वरको चाहना हो। -इभान्जलिजम, ६६२।

जो मानिसहरू समिती मिटिङ्गमा भाग लिन्दैनन् काम कसो भइरहेको छ भन्ने कुरामा आलोचना गर्दछन्- कतिले चर्चको समिती त केवल नियमित आवश्यक मिटिङ्गमात्रै हो भनेर सोच्दछन्। चर्च वा संगठनलाई व्यवस्थापन गर्न विभिन्न विषयहरूमा कस्तो छलफल गर्नुपर्छ भन्ने कुरोलाई मानसिक खुबी भएकाहरू चिन्तित हुनुपर्छ र त्यसलाई सफल पार्न बुझेर निर्णय गर्न प्रतिवद्ध हुनुपर्छ। विश्वासमा पछि हटेका कतिपय एडभेन्टिस्टहरूले परमेश्वरको काम र त्यसको व्यवस्थापनको बारेमा झुटो आरोप र वक्तव्यहरू निकाल्दछन्। यदि तिनीहरूले व्यवस्थापन समितीहरूमा भाग सरिक भएको भए र त्यहाँ भएका छलफलहरू ध्यान दिएर सुने विभिन्न निकायहरूमा कस्तो काम भइरहेको छ सो तिनीहरूले बुझ्ने थिए। चर्चका प्रत्येक निकायका अगुवाहरूको कठोर इमान्दारिता, काम गर्ने शैलीको बारेमा थाहा पाएर ती आलोचकहरूले तिनीहरूको सराहना गर्न सक्दथे। कतिपय कुराहरू सर्बसाधारण विश्वासीहरूले थाहा पाउन नपाओस् भनेर

चर्चका पदाधिकारहरूले लुकाइ राखेका छन् भनेर सैतानले उक्साउँछ। यथार्थमा चर्चको व्यवस्थापन समितीहरूमा चासो नदेखाउनेहरूले परमेश्वरको काममा खास चासो राखेका हुँदैनन्। तिनीहरूले नै चर्च वा मिशिन भइरहेका विभिन्न निकायहरूको व्यवस्थापनको विरोध गर्न र आलोचना गर्न सैतानले नै उक्साइरहेको हुन्छ। - द रिभ्यु एण्ड हेराल्ड, अप्रिल २९, १८४४।

चर्च वा मिशन समिती बनाउने नीतिहरू

एउटै बोर्ड र समितीमा त्यही नै व्यक्तिहरू वर्षौंसम्म राखिनुहुन्न- धर्मपरायणताको आवश्यक छ। जब एउटै व्यक्ति वर्षौंसम्म बोर्ड वा समितीमा हुन्छ तब उसमा बढि आत्मभरोसा हुन थाल्छ र नम्र मिजासमा कमी आउन सक्छ। परमेश्वरको काम साधारण काम जस्तै देखा पर्न थाल्छ। बोर्ड र समितीका सदस्यहरू लामो समयसम्म राख्नुभन्दा परिवर्तन गर्नु उत्तम हुन्छ। यदि तिनीहरू नै वर्षौंसम्म समितीमा भए भने तिनीहरू अपमानित नहोस् भनेर तिनीहरूका प्रस्तावहरू छलफल नै नगरि पारित हुन सक्छन्। त्यसको फलस्वरूप समयानुकल सुधारेर नयाँ प्रस्ताव राख्ने आवाजलाई समितीका ती पुराना सदस्यहरूले मत्थर पार्न सक्दछन्। -टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स, ४१७।

निस्वार्थ भावनाले प्रेरित नहुनेहरू मिलेर समिती खडा गर्नुहुन्न- यदि नरम होइन पत्थर हृदय भएका मानिसहरू समितीमा हुन्छन् भने तिनीहरूबाट हामीले के अपेक्षा गर्न सक्छौँ र? परमेश्वरको काम गर्न त्यागी हुनुपर्छ भनेर तिनीहरूलाई कसरी थाहा हुन्छ र? तिनीहरू आफैंमा त्यागी भावना छैन भने परमेश्वरको काममा उन्नति होस् भनेर आफू त्यागी भएर सस्तो लुगा लगाएर सहयोग गर्नेहरूको हृदय तिनीहरूले कसरी जान्न सक्छन् र? तिनीहरूको निम्ति यो भावना नबुझ्ने भाषा जस्तै हुन्छ।

-एलेन जी ह्वाइट राइटिङ्ग ८८, ९८८।

समिती संचालन गर्ने नीतिहरू

जसरी प्रार्थना सभा पवित्र आत्माको निर्देशनमा गरिनुपर्छ त्यसरी नै समितीका भेलाहरू पनि पवित्र आत्माकै निर्देशनमा हुनुपर्दछ- म तपाईँहरूलाई यो भन्न चाहन्छु कि चर्चको कारोबारको निम्ति गरिने मिटिङ्गहरू प्रार्थना जतिकै परमेश्वरको सेवाको भाग हो। जसरी प्रार्थना सङ्गति पवित्र आत्माको निर्देशनमा चल्नुपर्छ त्यसरी नै चर्च व्यवस्थापनको सभा पनि पवित्र आत्माको निर्देशनमा चल्नुपर्छ। भावना वा धार्मिक आवेशमा चल्ने खतरालाई हामीले ख्याल गर्नुपर्छ। चर्च व्यवस्थापनमा गरिने आर्थिक र अरू कारोबारहरू यस्तो पवित्र होस् कि परमेश्वरका स्वर्गदूतहरूले अनुमोदन गर्न सकोस्। हाम्रो चर्चको व्यवस्थापनको काम पवित्र रूपले सुरक्षित राख्नुपर्छ। जब चर्चका समितीहरू भेट्छन् र छलफल गरिन्छ र नीतिनिर्देशनहरू प्रस्ताव गरिन्छ तब तिनीहरू स्वर्गका नीतिहरूसँग तालमेल भएको हुनुपर्दछ। - सेलेक्टेड मेसेजेज ३:३३६।

जब समितीका मिटिङ्गहरूमा परमेश्वरको उपस्थितिको आभास् हुन्छ तब त्यसबेला एक आपसलाई दमन गर्ने र सोचबिचार नगरिकन बोल्ने बानीलाई सुरक्षित राख्दछ- परमेश्वरको सन्तानको सर्वोच्च शासक परमेश्वरनै हुनुहुन्छ भनेर सबैले महसुस गरुन्। प्रत्येक व्यक्ति उहाँको प्रभुत्वमा बसोस्। प्रभुको नाउँमा भेला हुने हाम्रा सबै सभाहरूमा, चर्चको प्रत्येक व्यवस्थापन मिटिङ्गमा, प्रत्येक सरसल्लाह समिती र प्रत्येक कमिटीमा परमेश्वरको उपस्थिति भएको ख्याल सबैले राखोस्। चर्चको कारोबारको प्रत्येक मिटिङ्गमा उहाँले हेरिरहनुहुन्छ र सुनिरहनुहुन्छ। "प्रभु तपाईँले मलाई देखिरहनुभएको छ।" यी शब्दहरू जहिले पनि दिमागमा घन्किरहोस्। उत्ताउलो, असम्मानित, आवेगमा आएर बोल्ने र एक आपसलाई दमन गर्ने वातावरण त्यसबेला हुँदैन जब परमेश्वरको उपस्थिति भएको महसुस गर्दछ। मनमा आए पनि कहिल्यै बोल्नु नहुने बोलीलाई त्यस महसुसले दवाउँछ। र मानिसहरूको

अधिकारमा नभएका प्रस्तावहरू पारित हुँदैन, जुन प्रस्तावहरूले मानिसको आत्मनिर्णयको स्वतन्त्रतालाई बन्देजमा राख्दछ। - म्यानुस्क्रिप्ट रिलिजेज १८:२२५।

चर्चका पदाधिकारीहरूले परमेश्वरको कामलाई ढिलासुस्ती गर्न प्रभाव पार्न प्रत्येक कमिटी मिटिङ्गमा सैतानको उपस्थिति हुन्छ- आफ्ना सेवकहरूका दिमागहरूमा ठिक समयमा ठिक काम गरोस् भनेर परमेश्वरले प्रभाव पार्नु भएको काम सम्पन्न भएको छैन। किनभने कतिपय अनुभवी भनेर कमिटीमा उपस्थिति भएका मानिसहरूलाई आफ्नै दिमाग खेलाएर काम गराउन सैतानले प्रभाव पारिरहेको हुन्छ। यसले परमेश्वरको काममा बाधा मात्र होइन उहाँको कामलाई अघि बढाउन चाहनेहरूको पनि विरोध गर्न उक्साउँछ। मानिसहरू आफ्नै दिमाग खेलाएर प्रस्ताव गरेका निर्णयहरू कतिपय समयमा कार्यान्वयन भएको छ जुन तिनीहरूको दिमागमा परमेश्वरले कहिल्यै पनि राखिदिनुभएको थिएन। चर्च वा मिशनको प्रत्येक बोर्ड मिटिङ्गमा, प्रत्येक व्यवस्थापन मिटिङ्गमा र प्रत्येक कमिटी मिटिङ्गमा सैतान सहभागी हुन्छ। परमेश्वरको कामलाई अघि बढाउने काममा अवरोध खडा गर्न, मिटिङ्गमा सहभागीहरूलाई थकित पार्न सैतान अत्यन्तै खुशी भएर संचालक समिटीका मानिसहरूको दिमागमा खुसखुस गर्दछ। मानिसहरूलाई आफ्नो मुट्ठीमा कसरी राख्ने भन्ने उसको आफ्नै उपाय छ। चर्चको व्यवस्थापन समितीमा प्रस्ताव भएका बुद्ध पुऱ्याएर गरेका निर्णयहरू कार्यान्वयन गर्न कतिपय समयमा ढिलो र दिक्कलाग्दो बन्न पुग्छ, किनभने जिम्मेवारी पद ओगटेका कतिपय पदाधिकारहरूको चरित्रमा दोषी तत्वहरूले अड्डा जमाइरहेका हुन्छन्। तिनै मानिसहरू हुन् जसले कुन बेला के बोल्ने कुन बेला चुपचाप बस्ने भन्ने ज्ञानको कमि तिनीहरूमा छन्। -म्यानुस्क्रिप्ट रिलिजेज १२:२३।

मिशनको बोर्डले होइन चर्चलेमात्र चर्चका सदस्यहरूलाई अनुशासनमा राख्न सक्दछ- "यदि कसैले गल्ती गर्नेलाई सम्झाउन

खोजे नसम्झे" के गर्ने? के चर्चका केही पदाधिकारीहरूको निर्णयलेमात्र गलत काम गर्नेलाई चर्चबाट निकाल्ने? बाइबल स्पष्ट छ, "यदि उसले सुन्न वास्ता गरेन भने चर्चलाई सुनाउ।" चर्चका सदस्यहरूको बारेमा निर्णय गर्न चर्चले नै गरोस्। -टेस्टिमोनिज फर द चर्च ७:२६२।

अध्याय ४५
कन्फरेन्स वा चर्च संगठनका विभागहरू

कन्फरेन्स वा मिशनले पास्टरहरूलाई शिक्षित बनाउनुपर्द, र तिनीहरू सबै मिलेर चर्चका सर्वसाधारण सदस्यहरू शिक्षित बनाउनुपर्दछ- चर्च वा मिशनको अध्यक्षले आफ्नो कारोबारमा र काम गर्ने शैलीले उनको मातहतमा रहेका पास्टरहरूलाई शिक्षित बनाइरको हुन्छ। अनि तिनीहरू मिलेर चर्चका सर्वसाधारण सदस्यहरूलाई पनि बाइबल, चर्चका शिक्षादीक्षा र नीतिहरू सिकाएर शिक्षित बनाउन पर्छ। स्थानीय चर्चका सदस्यहरू परमेश्वरको सत्यमा शिक्षित बनाइयो भने चर्चमा उब्जिने कठिन परिस्थितिहरू र कचकच मिलाउन मिशनको अध्यक्ष वा पदाधिकारीहरू बोलाउन आवश्यक हुँदैन। यदि मिशन, सेक्सन वा कन्फरेन्सका पदाधिकारीहरू परमेश्वरका विश्वासयोग्य सेवकहरू भएर परमेश्वरले खटाउनुभएको जिम्मेवारीहरू पूरा गरे स्थानीय चर्चको समस्या र कचकचमा तिनीहरू अल्झिन आवश्यक हुँदैन। मिशनका पदाधिकारीहरू र पास्टरहरू मिले परमेश्वरको निम्ति परिश्रम गरे पास्टर र मिशनका कर्मचारीहरू जिम्मेवारी, विशुद्ध र बलियो हुन्छन्। अनि तिनीहरूको क्षेत्रमा कठिन परिस्थिति पैदा भयो भने तिनीहरू निराश हुँदैनन्। - गस्पल वर्कर्स, ४१९।

मिशन वा कन्फरेन्स र विभागका अगुवाहरू

मिशन वा कन्फरेन्सका कोषाध्यक्ष, लेखा राख्ने र आर्थिक कारोबारमा जिम्मेवार बोकेका व्यक्तिहरूलाई आदर गर्नुपर्छ- परमेश्वरको कामको निम्ति जिम्मेवार बोकेका मिशन वा कन्फरेन्सका विभिन्न विभागहरू

आर्थिक कारोबारमा उचित लेखा राख्ने काममा ठूलो कमजोर भएको मलाई देखाइएको थियो। चर्चको खाता वा आर्थिक आयव्यय राख्ने काम हाम्रो कामको महत्त्वपूर्ण भाग हो। आर्थिक व्यवस्थापनमा निपुण भएका व्यक्तिहरू हाम्रा सबै संस्थाहरूमा आवश्यक छ। कतिपय समयमा यस काममा लज्जास्पद रूपमा वेवास्ता गरिएकोछ। आर्थिक कारोबार सम्बन्धी ठूलो महत्त्व भएको कामलाई कमजोर र लथालिङ्ग हुन दिनु लज्जास्पद कुरो हो। मानिसले भ्यायसम्म पक्का र सिद्ध काम सम्पन्न गरेको परमेश्वर चाहनुहुन्छ। आर्थिक हिसाब राख्ने विषयमा मिशन निपुण हुनुपर्छ। यदि आर्थिक कारोबारमा पारदर्शी अपनाएर लेखा राखे अनावश्यक चिन्ता हट्छ र कर दिने सम्बन्धी मामिला सजिलैसँग व्यवस्थित गर्न सकिन्छ।- लेटर्स ६३, १८८६। (एलेन जी ह्वाइट इन युरोप २४९बाट उद्धत)। चर्चका सबै निकाय वा विभागहरू संचालन गर्न दक्ष र योग्य व्यक्तिहरूलाई नियुक्त गर्नुपर्छ- चर्चको व्यवस्थापनमा येशूका चेलाहरूको समयमा व्यवस्थापन गरेको नीति वा प्रणाली अपनाउनु आवश्यक छ। दक्ष र योग्य व्यक्तिहरूले संचालन गरेका विभिन्न निकाय तथा विभागहरूको सफलता र उन्नति तिनीहरूमा भर पर्छ। -द स्पिरित अभ प्रोफेसी ३:२९३।

विभिन्न विभागका पदाधिकारीहरूलाई तालिम दिने नीतिमा सुधार हुँदै जानुपर्दछ- हामीमा प्रगतिशील आत्मज्ञान छ भनेर दावी गर्छौं। त्यस दावीलाई निरन्तरता दिन हाम्रा मिशनको विभिन्न जनशक्तिहरूलाई शिक्षित बनाउन विभिन्न उपायहरू सोचिरहनुपर्दछ र हाम्रा स्रोतहरूलाई परिचालन गर्नुपर्छ। त्यसले गर्दा परमेश्वरको काममा दक्ष जनशक्ति उत्पादन हुन्छ। हाम्रा सानेटोरियम वा स्वास्थ संस्थामा, मेडिकल मिशिनेरी काममा, प्रकाशनको निकायहरूमा, विभिन्न क्षेत्रका मिशन निकायहरू र प्रायजसो सबै क्षेत्रहरूमा अनुशासित दक्ष युवा र युवतीहरूको खाँचो छ। वौद्धिक संस्कारमा उच्च स्थानमा रहेका युवा र युवतीहरूको हामीलाई खाँचो छ ताकि तिनीरहरूले परमेश्वरको काम कुशलतापूर्वक गर्न सकुन्। त्यस स्तरमा

पुग्न हामीले केही न केही त गऱ्यो, तैपनि त्यस मामिलामा अगाडि हुनुपर्ने भन्दा हामी पछाडि छौँ। - काउन्सिल टु पारेन्टस्, टिचर्स, एण्ड स्टुडेन्टस्, ४२।

विभागहरूको बीचमा समन्वयता

परमेश्वरको कामको निम्ति संगठित विभिन्न निकाय र विभागहरू स्वतन्त्र रूपमा चल्नुहुन्न- चर्चका विभिन्न निकाय वा विभागहरू एक आपसबाट अलग भएर वा एक आपससँग सरोकार नराखी काम गर्ने प्रवृत्तिबाट हामी जोगिनु पर्दछ। ख्रीष्टको फौजका सैनिकहरू भएको हैशियतले विभिन्न विभागमा सरोकार राखी हामी चल्नुपर्दछ। येशूका अनुयायीहरूले एक आपसबाट अलग वा स्वतन्त्र भएर चल्दैनन्। हाम्रो बल परमेश्वरमा हुनुपर्दछ। उहाँकै प्रभुत्वमा रहेर हामीमा भएका सबै आदर्श खुबीहरू उहाँको काममा केन्द्रित गरेर अघि बढ्नुपर्छ। एक आपसबाट अलग भएर अर्थहिन अभियानमा लाग्नु वा छुट्टै समूह भएर चल्ने प्रवृत्ति चर्च वा मिशनमा हुनुहुँदैन। - टेस्टिमोनिज फर द चर्च ५:५३४।

मिशनका विभिन्न निकाय वा विभागहरू नजिक सम्बन्ध राखेर चल्नुपर्दछ- तपाईँ विभागको अगुवा हुनुभएकोले त्यस विभागलाई आफ्नै पेवा ठानेर आफूमात्र चल्ने बानी बसाल्नुभएकोछ। परमेश्वरको काममा एकजुट हुन विभिन्न विभागहरूका पदाधिकारीहरूसँग तपाईँ नजिक भएर काम गर्नुभएको छैन। तिनीहरूसँग सरसल्लाह मागेर काम गर्न समझशक्ति उपयोग गर्दै तपाईँ अघि बढिरहनुभएको छैन। यदि तपाईँ अरू विभागसँग समन्वय गरेर काम गर्नुभएमा तपाईँ अझ बढि सक्रिय सहयोगी हुने थियो। तपाईँ आफ्नै तालले चल्नुभएकोछ, तपाईँले आफ्नैमात्र धारणा र योजनाहरू अनुसार चलिरहनुभएकोछ। कर्मचारीहरूको बीचमा हुनुपर्ने तालमेलमा कमी छ। तपाईँ आफ्नै क्षेत्रको काममा कतिपय परिचित हुनुहुन्न। तर तपाईँ आफ्नै तालले

मात्र चल्ने भएको हुनाले तपाईँलाई सहयोग गर्न चाहने साथीहरूले तपाईँलाई सहयोग गर्न र सरसल्लाह दिन हिचकिच्याइरहेका छन्। तपाईँ आवेगमा वा आफ्नै भावनामा चल्ने भएकोले तपाईँसँग नजिक हुन चाहने मानिसहरू तपाईँदेखि भारि भइरहेका छन् र तपाईँसँग आत्मिया गाँस्न डराइरहेका छन्। - टेस्टिमोनिज फर द चर्च ५:५३४।

आफ्नै क्षेत्रमामात्र अल्झिरहनुको सट्टा अरू विभागहरूमा पनि चासो देखाउनुहोस्- परमेश्वरको योजनालाई आफ्नो मात्र नबनाउन वा आफ्नो मात्र पेवा बनाउनबाट पास्टरहरू जोगिनुपर्दछ। तिनीहरूले परमेश्वरको काममा संकुचित पार्ने खतरामा हुन्छन्, र आफ्नो कामहरू केवल निश्चित ठाउँहरूमा मात्र ध्यान दिने बानी हुनसक्छ। विभिन्न विभागमा भइरहेका परमेश्वरको कामप्रति चासो नदेखाउने मनस्थितिमा तिनीहरू रहन सक्छन्। कतिपय पास्टर वा विभागका अगुवाहरू एउटै विषयमा मात्र ध्यान दिने बानी हुनसक्छ, जब अरू विषयहरू पनि त्यत्तिकै महत्त्वपूर्ण हुनसक्छ। - टेस्टिमोनिज फर द चर्च ३:३४।

कतिपय समयमा पास्टरहरूले स्वास्थ र मेडिकल मिशिनेरी विभागहरूलाई ध्यान दिएर सहयोग नगरेको देखिएको छ- मानिसहरूको विवेकलाई नैतिक जिम्मेवारीतिर उठाउन मेडिकल मिशिनेरीको ठूलो भूमिका हुन्छ। त्यसकारण, मेडिकल मिशिनेरीलाई शिक्षित बनाएर प्रभुको काममा प्रगति गर्नु आवश्यक छ। परमेश्वरले दिनुभएको निर्देशन अनुसार पास्टरहरूले अरू विभिन्न विभागहरूसँग समन्वय गरेर काम गरेको भए खानु, पिउनु र वस्त्र लगाउनमा निर्णायक सुधार हुन्थ्यो। तर कतिपय पास्टरहरू स्वस्थ जीवनशैलीको सुधारलाई अघि नबढाउन सिधै वाधा दिइरहेका छन्। तिनीहरूले स्वस्था जीवनशैलीप्रति फरक धारणा राखेका हुन्छन् वा दोषी मनस्थितिले चर्चा गर्छन् वा हँसीमजाक उडाउँछन्। त्यसले गर्दा ती पास्टरहरूकै कारणले मानिसहरू स्वस्थ जीवनशैलीको बारेमा ज्ञान लिन हिचकिचाउँछन्। तिनीहरू आफै र धेरै मानिसहरू स्वस्थ

जीवनशैलीप्रति वेवास्ता गर्दा तिनीहरूको असमायीक मृत्यु भएका छन्। सबै पास्टरहरूले चाहिने ज्ञानबुद्धि अझै सिकेका छैनन्। - टेस्टिमोनिज फर द चर्च ६:३७७।

मिशनका विभिन्न विभागहरूको जिम्मेवारी पास्टरहरूले बोक्नु आवश्यक छैन- परमेश्वरको काम जुन गतिले अघि बढ्नुपर्ने हो सो बढेको छैन, किनभने पास्टर र अगुवाहरूले चर्चको सबै काम आफूले गर्नुपर्छ भनेर सोच्दछन्। चर्चको काममा तिनीहरू दिनरात खट्छन् र साबथ स्कूल र चर्चका विभिन्न विभागहरूमा हुने काममा आफै खट्नुपर्छ भनेर सुरिएका हुन्छन्। ती सबै काम आफैले गर्नुपर्छ नत्र केही काम हुँदैन भनेर तिनीहरूले सोच्दछन्। तर वास्तविक रूपमा भन्ने हो भने हुनु पर्ने काम भइरहेको छैन किनक तिनीहरूको काममा अरूहरूको सरसल्लाह लिएका हुँदैनन्, अरूहरूलाई समावेश गरेर तालिम दिएका हुँदैनन्।- द रिभ्यु एण्ड हेराल्ड, जुलाई २४, १८८३।

अध्याय ४६
आर्थिक व्यवस्थापन

यदि आफूले दिएको सहयोग सदुपयोग भएको छ भनेर देख्छन् भने एडभेन्टिस्टहरूले दिल खोलेर दिन्छन्- जब कामको निम्ति जोशिलो भएर चम्किन्छन् भने तिनीहरूको हृदयमा सत्यको शक्ति गहिरोसँग गाभिएको तिनीहरूले महसुस गर्नेछन्। अनि अरूहरूलाई परमेश्वरको ज्ञानमा अग्रसर गराउन तिनीहरू जागरुत हुनेछन्। त्यसले तिनीहरू नै नयाँ जीवन, जोश र उमङ्गसाथ काममा अघि बढ्न सक्नेछन्। काममा सहयोग गर्न तिनीहरूका हृदयहरू तृषित हुनेछन्। यस संसारमा कुनै पनि वर्ग छैन जो परमेश्वरको काममा अघि बढाउन त्याग गर्न राजी हुन्छन्। यदि निष्क्रिय र स्वार्थी भएर चलेन भने र तिनीहरूमा आत्मिक जीवनमा निरासा आएन भने तिनीहरूले अनुरोध गरेका सहयोग पाउन सक्छन्। एडभेन्टिस्टहरूको विवेकमा छुन सक्यो र जे न्यायोचित छ त्यसको निम्ति अनुरोध गरे तिनीहरूले पाउनुपर्ने सहयोग पाउनेछन्। तर तिनीहरूले फल फलेको चाहना गर्छन्। - टेस्टिमोनिज फर द चर्च ३:४९।

खुला दिलले दिँदा मानिसहरू येशूलाई विश्वास गर्न सहयोग गरिन्छ, अनि विश्वास गर्नेले अरूको पनि परमेश्वरतिर ल्याउन मन जिताउँछ- हाम्रा चर्चका सबै सदस्यहरूले आफ्नो देश र विदेशमा सुसमाचार फैलाउन गहिरो चासो देखाउन सक्नुपर्छ। यदि नयाँ क्षेत्रमा सत्यको झण्डा गाड्न सकियो भने त्यागी एडभेन्टिस्टहरूको प्रयासमा मानिसहरू प्रभुतिर तानिएको थाहा पाउँदा तिनीहरूमा ठूलो आत्मिक आशिष आउन सक्छ। यस काममा लगानी गरेको पैसाले ठूलो परिणाम आउनसक्छ। परमेश्वरको वचनबाट पाएको ज्योतिले गर्दा नयाँ मानिसहरू विश्वास गर्न पुग्दा तिनीहरू अत्यन्तै आनन्दित

हुन्छन् र अरूहरूलाई ज्ञानको ज्योति बाँड्न तिनीहरूले पनि आफ्नो स्रोतको लगानी गर्नेहुन्छन्।- टेस्टिमोनिज फर द चर्च ९:४९।

कतिपयले मानिसलाई मन पर्नेमात्र सत्यको भागलाई प्रचार गर्छन् तर उदार भएर दिने विषयको प्रचार गर्न वेवास्ता गर्छन्- भाइहरू हो, के तपाईँहरूले मानिसको मन बहलाउने सत्यको भागमात्र प्रचार गरिरहनुभएको छ र तर अरू भागहरू प्रचार नगरि सत्यलाई पूर्णता दिनुभएको छैन? सबै दशांस र भेटीहरू चर्चमा विश्वाससाथ भित्राउन आह्वान गर्न के तपाईँहरूपछिका हरूको जिम्मामा छोड्नुहुन्छ र? यो काम कुनै पनि को हो, तर यस मामिलामा वेवास्ता भइरहेको छ भन्दा दु:ख लाग्छ। मानिसहरूले परमेश्वरलाई लुटेका छन्। कतिपय दिन चाहनेले दिन नपाइ दु:खित भइरहेका छन् किनकि चर्चका सदस्यहरूको चित्त नदुखोस् भनेर चर्चले प्रचार गर्दैनन्। यी विश्वासघाती भन्डारे वा सञ्चयकर्ता भनेर परमेश्वरले सम्बोधन गर्नुहुन्छ।- द रिभ्यु एण्ड हेराल्ड, जुलाई ८, १८८४।

भन्डारे वा सञ्चयकर्ता

परमेश्वरको काममा अघि बढाउन परमेश्वरले हाम्रा हातहरूमा स्रोतहरू राखिदिनुभएको छ- परमेश्वरले यस जीवनमा तपाईँहरूलाई निरन्तर आशिष खन्याइरहनुभएको छ; यदि परमेश्वरको विभिन्न कामहरूमा सहयोग गर्न उहाँको उपहार तपाईँसँग माग्नुहुन्छ भने तपाईँको आफ्नै अस्थाइ र आत्मिक भलाइको निम्ति उदार भएर दिनुपर्दछ। यसरी प्रत्येक आशिष दिने परमेश्वरनै हुनुहुन्छ भनेर तपाईँले स्वीकार्नु हुनेछ। परमेश्वर गुरु कार्यकर्ता हुनुहुन्छ। मानिसहरूको संभारको निम्ति आवश्यकताहरू उहाँले मानिसहरूसँगै मिलेर उपलब्ध गराउन हुन्छ। मानिसहरूको मुक्तिको निम्ति सक्रिय हुन उहाँसँग मिलिजुलि काम गरोस् भन्ने उहाँको माग हो। उहाँले उहाँका सेवकहरूको हातमा स्रोतहरू राखिदिनुभएको छ ताकि आफ्नो

देश र विदेशमा सुसमाचारको विस्तार होस्। तर म एडभेन्टिस्ट हुँ भनेर बप्तिस्माको बेलामा शपथ खानेहरूमा आधालेमात्र आफ्नो कर्तव्य पूरा गरे भने परमेश्वरको ढुकुटीमा आवश्यक कोषहरू जम्मा हुन्थ्यो। तर त्यसो नगरिएकोले परमेश्वरका धेरै कामहरू अपूर्ण भइरहेको छ।- द रिभ्यु एण्ड हेराल्ड, डिसेम्बर २३, १८९०।

पैसालाई नियन्त्रण गरेर सैतानले चर्चलाई आफ्नो बशमा राख्न प्रयास गर्छ- (सैतानले उसका दूतहरूलाई यी कुराहरुमा आदेश दिन्छः) जग्गा जमिन र पैसा हुनेहरूकहाँ जाउ र तिनीहरूलाई आफ्नै मोजमस्तिमा लठ्ठ पार्न जाउ। यदि तिनीहरूलाई इन्द्रियतृप्ति पार्नमात्र व्यस्त राखे तिनीहरू हाम्रै हुनेछ। तिनीहरू आफू को हौँ भनेर जे मनलाग्यो त्यही दावी गर्ला। तर ख्रीष्टको राज्य र हामीले घृणा गरेको सत्यको सफलतालाई तिनीहरूको चासो बढाउनु भन्दा तिनीहरूलाई पैसा कमाउन लठ्ठ पार। संसारका आकर्षित रमझम, प्रतिष्ठा र पैसाको मामिलालाई तिनीहरूको सामु प्रस्तुत गर्दा तिनीहरूले मन पराउनेछन् र तिनीहरूलाई भगवाननै मान्ने छन्। तिनीहरूलाई हाम्रो पङ्क्तिमा राख्न हामीले सबै प्रयास गर्नुपर्छ। जति धेरै तिनीहरूमा भएको स्रोत, साधन र धन सुसमाचारको निम्ति प्रयोग गर्छन् त्यति हाम्रो राज्यलाई तिनीहरूले हानि गर्छन्। जब तिनीहरूले ठाउँ ठाउँहरूमा सुसमाचारीय कार्यक्रम गर्छन् तब हामी खतरामा पर्दछौँ। त्यसकारण धेरै चनाखो हुनुपर्छ। तिनीहरूलाई सकेसम्म धेरै कुराहरूमा आकर्षित गराउ। एक आपसको प्रेममा चिसोपना बनाउ। तिनीहरूलाई निराश बनाउ, तिनीहरूको चित्त दुखाउने काममा अघि सार; तिनीहरूलाई हामी घृणा गर्छौँ। धनसम्पत्ति हुनेहरूलाई ख्रीष्टको निम्ति उपयोग नगर्न हरेक बहाना बनाउन तिनीहरूलाई उक्साउ। यदि तिमीहरूले सक्यो भने पैसाको मामिलालाई तिमीहरूकै बशमा राख। तिनीहरूलाई लोभलालचमा फसाउ, निराश र हतोत्साहमा पारिदेउ। यसले तिनीहरूको साहस, जोश र जाँगरलाई कमजोर पार्नेछन्। हाम्रो पक्षमा तिनीहरूलाई पार्ने सबै लडाईँ लड। लोभ लालच र सांसारिक

धनसम्पत्ति थुपार्ने माया जालमा तिनीहरूलाई फसाउ। तिनीहरूको प्रत्येक स्वभाव र मिजासमा पैसामात्र कमाउने प्रवृत्ति घुसाउ। यदि यी थोकहरूले तिनीहरूलाई बशमा राख्यो भने मुक्ति र अनुग्रह निश्क्रिय हुनेछ। सांसारिक प्रतिस्पर्धा र थोकहरूले तिनीहरूलाई छोप, अनि तिनीहरू हाम्रै हुनेछन्। तिनीहरू हाम्रोमात्र हुनेछैन, हामीलाई मननपर्ने तिनीहरूको आत्मिक प्रभाव अरूमाथि पार्न सक्दैन जसले गर्दा अरूहरूलाई स्वर्गतिर तिनीहरूले अगुवाइ गर्न सक्दैन। यदि मिशनको काममा कसैले दिन चाहन्छ भने चित्त दुखाएर देओस् वा थोरै दिने होस्। -अर्ली राइटिङ्गस्, २६६,२६७।

चर्च वा मिशनले उपयुक्तरूपमा प्रयोग नगरेतापनि विश्वासीहरूले दशांस र भेटी चर्चको ढुकुटीमा जम्मा गर्न रोक्नुहुन्न- परमेश्वरको कामको निम्ति तपाईँले दिनुपर्ने स्रोत रोकि राख्नुभएको छ। मलाकीको पुस्तक तपाईँले पढ्नुहोस्। दशांस र भेटीको बारेमा त्यहाँ के लेखिएको छ आफै पढ्नुहोस्। कुनै पनि परिस्थितिमा तपाईँको दशांस र भेटी रोक्नु धेरै राम्रो होइन भनेर के तपाईँलाई थाहा छैन र? चर्च वा मिशनका र पदाधिकारीहरूसँग तपाईँको तालमेल भएन भन्दैमा तपाईँले दिनुपर्ने दशांस र भेटी रोक्नु ठिक छैन भन्ने कुरा तपाईँलाई थाहा छैन र? दशांस र भेटी कुनै मानिसको सम्पत्ति होइन, तर परमेश्वरको निश्चित कामको निम्ति प्रयोग गरिने हो। अयोग्य हरूले पैसा हिनामिना गर्ला तर के तिनीहरूलाई श्राप दिन तपाईँको आँट छ र? अहँ हुनुहुँदैन। मेरो दशांस खुशीसाथ र स्वतन्त्ररूपमा दिन्छु। म दाउदसँग सहमत हुन्छु, "हे प्रभुले दिनुभएकै थोक म फर्काउँछु।" स्वार्थी भएर परमेश्वरलाई दिनु पर्ने नदिएर आफ्नै आत्मिक, मानसिक र भौतिक जीवनलाई खतरामा राख्नु हो। मेरा दाजुभाइ र दिदीबहिनीहरू तपाईँको भाग खेल्नुहोस्। परमेश्वरले तपाईँहरूलाई प्रेम गर्नुहुन्छ र तपाईँको साथमा हुनुहुन्छ। यदि मिशन कन्फरेन्सका आर्थिक मामिला हेर्नेहरूले परमेश्वरको आदेश अनुसार चलेन भने तिनीहरूले पाप गरिरहेका हुन्छन्। तर त्यसको जिम्मेवारी तपाईँ

हुँदैन। यदि जिम्मेवारी तपाईँले लिनुभएपनि चर्चले गर्ने आर्थिक हिनामिना गर्ने पापलाई रोक्न तपाईँले के गर्न सक्नुहुन्छ र? तर परमेश्वरको सम्पत्तिलाई रोकेर तपाईँले पाप नगर्नुहोस्। "जो वेवास्ता वा खराब नियतले परमेश्वरको काम गर्छ त्यो श्रापित होस्।" सेर्मनस् एण्ड टकस्, २:७४,७५।

विश्व चर्च

ढल्ने लागेका संस्थाहरूलाई भेटीहरू दिएर सहयोग गर्नुपर्छ- जब भेटीहरू दिन परमेश्वरले हामीलाई आह्वान गर्नुहुन्छ तब हाम्रा मानिसहरूले त्यसलाई सकारत्मक जवाफ दिनुपर्छ। र चर्चका पदाधिकारीहरूले इमान्दारी र जोशिलो भएर भेटी सङ्लन गरुन्। ती भेटीहरूलाई र ती पदाधिकारहरू परमेश्वरको भण्डारे भएर के गर्नुपर्ने हो सो गरुन्। विशेष गरेर हाम्रा संस्थाहरू ढल्नै लागको बेलामा भेटीहरूको निम्ति विशेष आह्वान गरिन्छ तब विश्वासीहरूले मुठ्ठी खोलेर दिनुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, मार्च १९, १९०१।

चाडपर्वमा पाउने उपहारहरू विदेशमा सुसमाचार फैलाउन दिनुपर्दछ- प्रत्येक रुपैयाँ र पैसा हामीले जोगाएर परमेश्वरको निम्ति दिने हो भने अहिले नै हो। अरू देशहरूमा सुसमाचार सुनाउन ती पैसाहरूले सहयोग गर्नुपर्दछ। विदा वा पर्व वा (विशेष गरेर क्रिष्टमस) को बेलामा हाम्रा आफ्नै विश्वासी जनहहरू आफ्ना मनमौजीको निम्त धेरै उपहार र फजुल खर्च गर्छन्। तिनीहरू बेकारमात्र होइन कतिपय समयमा हानीकारक पनि हुन्छन्। स्वादको निम्ति मिठो मिठो परिकार पकाएर मानिसहरूले खान्छन, आफ्नो मान देखाउन र बिलासितामा समय र पैसा खर्च गर्छन्, र येशूलाई विर्सन्छन्। यदि ती फजुल कुराहरूमा पैसा खर्च गर्नुको सट्टा चर्चको ढुकुटीमा पैसा जम्मा गरे विदेशमा रहेका मिशन कार्यक्रमहरू ढल्नै लागेको बेलामा त्यसबाट बचाउन सहयोग मिल्ने थियो। यस वर्षको क्रिष्टमासमा

पाइने सबै उपहारहरू परमेश्वरमा समर्पणमात्र गर्ने होइन ठूलो आवश्यकभएको ठाउँमा राहत दिन किन प्रयोग नगर्ने? आउने क्रिष्टमासमा उचिततवरले मनाएर परमेश्वरले हामीलाई दिनुभएको उहाँको प्रियपुत्रको उपहारलाई कसरी धन्यवादी भएर व्यक्त गर्ने? हाम्रा भेटीहरू येशूको आगमनको सुसाचार सुनाउन सारा संसारमा किन नपठाउने?- द रिभ्यु एण्ड हेराल्ड, डिमेम्बर ६, १८८७।

स्थानीय चर्च

चर्च भवनको मर्मतसंभार गर्दा दशांस प्रयोग गर्नुहुँदैन- "तिमीले इस्रालीहरूलाई शुद्ध पेलिएको जैतुनको तेल ल्याउन आदेश दिनु। यो सधैँ दियो बाल्न प्रयोग गरिनेछ।" परमेश्वरको पवित्र स्थानमा उहाँको सेवाविधिको निम्ति आवश्यक सरसामनाहरू उचिततवरले आपूर्ति गर्न इस्राएलीहरूले निरन्तररूपमा भेटी ल्याउनुपर्दथ्यो। आजको समयमा उहाँका मानिसहरूले आराधनाको घर परमेश्वरको सम्पत्ति हो र यसलाई राम्रोसँग संभार गरिराख्नुपर्दछ। तर त्यसको लागि चाहिने कोष दशांसबाट आउनुहुन्न। दशांसको प्रयोग एउटा लक्ष्यको निम्ति हो प्रभुले आफ्नो कामको निम्ति नियुक्त गर्नुभएको हरूको भरण पोषणको निम्ति हो। जीवनको वचन प्रचार गर्ने र परमेश्वरको बगालको निम्ति बोझ बोक्नेहरूलाई सहयोग गर्न दशांसको प्रयोग गरिन्छ।- म्यानुस्क्रिप्ट रिलिजेज ७:१३५।

इस्रायलीहरूले "चर्चको निम्ति चाहिने खर्च" व्यहोरेका थिए- परमेश्वरको सार्वजनिक आराधना गर्न सहयोग गर्न प्रावधान बनाइएको थियो। दशांसबाहेक पवित्रस्थानमा चाहिने सेवाको निम्ति इस्राएलीहरूले बार्षिक भेटीहरू पनि दिने कुरामा प्रतिवद्धता जनाउनु पर्थ्यो। - प्रोफेटस एण्ड किङ्गस, ६६७।

आर्थिक व्यवस्थापनको बारेमा पास्टरहरूलाई केही ज्ञान हुनुपर्छ- आर्थिक कारोबारमा केही ज्ञान नभएको पास्टर हुनसक्छ, तर प्रत्येक

मा हुनुपर्ने योग्यताहरू उनमा नहुन सक्छ। चर्चलाई बुद्धिमतापूर्ण कसरी सम्हाल्ने र चर्चको उत्थान गर्ने ज्ञान प्रत्येक मा हुनुपर्छ। तर एल्डर जस्तै प्रवचन दिन निपुण होला तर चर्चको व्यवस्थापनको मामिलामा उनी एक्लैले सम्हाल्न खोज्नु हुन्न। उनमा नभएको खुबीलाई सहयोग गर्न अरू व्यक्ति उनीसँग हुनुपर्दछ।- टेस्टिमोनिज फर द चर्च १:४४१।

मानिसहरूको मन जित्नेहरूले कुनै न कुनै आर्थिक मामिलाको ज्ञान छ भनेर देखाउनु जरुरी छ- भाइहरूमा आवश्यक कार्यकौशलता हुनुपर्दछ। तिनीहरू परमेश्वरको वचनमा निपुण हुनुपर्छ र चर्चको व्यवस्थापन कारोबारमा योजना बनाउने र तरिकाहरू निकाल्ने दक्षता हुनुपर्दछ। ती दक्षताहरू मानिसहरूलाई सत्यमा ल्याउन परमेश्वरको सेवाको निम्ति प्रयोग गर्नुपर्छ। पापीहरूलाई अन्धकारबाट बाहिर ल्याएर सत्यको ज्योति दिन कुशल योजना र तरिकाहरू अपनाउनु पर्दछ।- म्यानुस्क्रिप्ट रिलिजेज १९:२५।

पास्टरहरू आर्थिक व्यवस्थापनका विशेषज्ञहरू होइनन्

धेरै आर्थिक बोझहरू बोक्नुपर्ने पास्टरहरूले सुसमाचारको आदेशको पालन गर्न वेवास्ता गर्नुपर्ने हुन्छ- चर्चको व्यवस्थापनमा साधारण विषयबस्तुहरूको बारेमा निर्णय गर्न हरूलाई जहिले पनि वा जहाँ पनि संचालक मिटिङ्गहरूमा बोलाउनु हुँदैन। विगतको समयमा हाम्रा धेरै भाइहरू त्यस काममा संलग्न भएका थिए, तर यस काममा तिनीहरूलाई व्यस्त राखुन् भन्ने परमेश्वरको इच्छा होइन। तिनीहरूमाथि धेरै आर्थिक भारहरू बोकाइ दिएका छन्। जब तिनीहरूले ती बोझहरू बोक्नुपर्ने हुन्छ तब सुसमाचार प्रचार गर्ने आदेश तिनीहरूले वेवास्ता गर्न पुगेका हुन्छन्। यसमा परमेश्वरले आफ्नो नाउँ बदनाम भएको ठान्नुहुन्छ। -टेस्टिमोनिज फर द चर्च ७:२५५।

समिती मिटिङ्गहरू र आर्थिक कारोबार गर्न हरूलाई अलग राखिएको होइन- आफूहरूलाई नियुक्त गरेको कामलाई थन्क्याए कतिपयले अरू काममा व्यस्त भएका हुन्छन्। हैन, परमेश्वरको काममा अलग गरिएकाहरूलाई किन समिती र संचालक समितीमा राख्दछन्? कतिपय समयमा आफ्नो क्षेत्रभन्दा टाढा ठाउँहरूमा चर्चहरूको धेरै कार्य समितीहरूमा किन बोलाउँछन्? व्यवस्थापन कार्यमा दक्षता भएकाहरूलाई नै किन कामको जिम्मा लगाउँदैनन्? पास्टरहरूलाई त्यो काम गर्न अभिषेक गरिएको होइन। परमेश्वरको कामको निम्ति आवश्यक आर्थिक मामिला दक्षता भएकाहरूलाई सुम्पिनुपर्छ; तर पास्टरहरूलाई अर्कै कामको निम्ति अलग गरिएको हो।- म्यानुस्क्रिप्ट रिलिजेज ९:१७१।

अध्याय ४७
बहुक्षेत्रय चर्चमा पाष्टरी सेवा

विश्वासीहरूका साना साना झुण्डहरू परमेश्वरमै पूरा भर परेर सिक्न सकिन्छ- साना साना झुण्डहरूले परमेश्वरको आराधना गउन भनेर म प्रोत्साहन दिन चाहन्छु। दाजुभाइ र दिदीबहिनीहरू हो, तपाईँहरू थोरेमात्र हुनुहुन्छ भनेर हताश र निराश नहुनुहोस्। चौरमा एक्लै ठिङ्ग उभिएको रूखको जरा जमिनमा धेरै गाडिएको हुन्छ। त्यसको हाँगाहरू सबैतिरबाट फैलिन्छ। यो बलियो हुँदै सन्तुलित तवरले यसको प्राकृतिक सौन्दर्यता देखाउँछ। यसले हुरी, बतास, झरी र प्रचण्ड घाममा पनि आनन्दित भएर देखाउँछ। त्यसै गरि, येशूभक्त जो सांसारिक भरबाट अलगिएतापनि उसले परमेश्वरमाथि पूरै भरोसा गर्न सिक्न सक्दछ, र प्रत्येक संघर्षमा उसले बल र साहस हाशिल गर्न सक्छ। -लाइफ स्केचेस अभ एलेन जी ह्वाइट, २५९।

पास्टर वा प्रचारकहरू बिरलै आएतापनि जब साना साना झुण्डहरू आराधनाको निम्ति भेला हुन्छन् तब त्यसबेला परमेश्वरले तिनीहरूलाई अगुवाइ गर्छु भनेर वचन दिनुभएको छ- ती साना साना झुण्डहरू जसकहाँ पास्टर, प्रचारक र चर्चका अगुवाहरू बिरलै जान्छन् तिनीहरू ख्रीष्टलाई बलियोसँग पक्रेर राखोस्। तिनीहरू एउटा कुरामा यकिन होउन् वा स्पष्ट होउन् कि साँघुरो र आ-आफ्नै क्रूस बोकेर हिँड्ने प्रतिवद्धता। येशू पनि तिनीहरूको अगाडि त्यही बाटोमा यात्रा गरेका थिए। अनि परमेश्वरको अगुवाइको प्रतिज्ञामा आफूहरूलाई उपलब्ध गराउन तिनीहरू कतिवद्ध होउन्। -द रिभ्यु एण्ड हेराल्ड, सेप्टेम्बर २७, १८८७।

चर्चका विश्वसीहरूमा भएका प्रतिभा, खुबी र दक्षता बढाउन्

नयाँ करारका पास्टरहरू एउटै चर्चमा अड्किएर बस्नुहुन्न- पास्टरहरूले विश्वासीहरूको प्रतिभा, खुबी र दक्षताहरूलाई बढाउन दिनुपर्छ ताकि चर्चमा पास्टर नभएतापनि चर्च चलिरहोस्। तिमोथीलाई एक चर्चबाट अर्को चर्चमा जान निर्देशन दिइएको थियो। यसरी उनले चर्चहरूमा पवित्र विश्वासको निर्माण गर्न सकुन्। उनले सुसमाचार प्रचारकहरूको काम गर्नुपर्थ्यो। यो काम पास्टरहरूको भन्दा अत्यन्तै महत्त्वपूर्ण छ। उनले परमेश्वरको वचन प्रचार गर्नुपर्थ्यो तर उनी एउटै चर्चमा अड्किएर बस्न नहुने थियो। - द रिभ्यु एण्ड हेराल्ड, सेप्टेम्बर २८, १८९७।

साना साना सङ्गतिका झुण्डहरूले एक आपसलाई सहयोग गरेर अरूहरूलाई पनि सङ्गतिको निम्ति भित्राउन सिक्नुपर्दछ- हाम्रो विश्वासको बारेमा कतिपय मानिसहरूले कहिल्यै पनि सुनेको छैन; तर कतिपय हाम्रा पास्टरहरूमा ती विश्वासी साना झुण्डहरू एक भएर बसुन् भन्ने तिनीहरूको चाहना छ। तिनीहरूलाई एकत्रित राख्न परमेश्वरसँग जीवित सम्पर्क कसरी राख्ने भनेर तिनीहरूलाई सिकाउन सकियो भने तिनीहरू एकताको सूत्र बाँधिरहन्छन्। यसरी तिनीहरूको प्रभावले अरूहरूलाई पनि तान्दछन्। - द रिभ्यु एण्ड हेराल्ड जुलाई १६, १९०८।

येशू ख्रीष्टका पक्का र सत्य प्रतिनिधीहरूले पास्टरको निम्ति बस्ने ठाउँ बन्दोबस्त गर्दछन् हाम्रो धर्मले स्वार्थ त्याग गर्न सिकाउँछ- प्रत्येक कदममा त्यागी भावना हुनुपर्दछ। यस संसारमा कसरी बाँच्नुपर्छ भनेर सिकाउन स्वर्गबाट येशू आउनुभएको थियो; जब उहाँ यस संसारमा हुनुहुन्थ्यो तब असल काम गरेर नै उहाँ व्यस्त हुनुभएको थियो। जो ख्रीष्टका इमान्दार र पक्का प्रतिनिधिहरू हुन् तिनीहरू पनि जहिले पनि अरूहरूको हितको निम्ति काम गरिरहनुपर्छ। आफ्नो घरबस्ती र बाहिर टाढा टाढा परमेश्वरको कामले प्रगती गरुन् भन्ने कुरामा रमाइलो मानेर सहयोग दिन्छन्। ती विश्वासीहरूको आत्मियताको

जीवन अरूहरूले देख्दछन् र सुन्दछन्। प्रार्थनाको सङ्गतिमा तिनीहरूको प्रभाव अरूहरूमा हुन्छ। आफ्नो बस्ने ठाउँ नभएको पास्टरलाई उसको निम्ति तिनीहरूले बन्दोबस्त गरिदिन्छ, जुन आफ्नो औकातमा छैन। - द रिभ्यु एण्ड हेराल्ड सेप्टेम्बर ६, १८८१।

असल अगुवा, पास्टर वा हाकिमले आफूले काम गर्दैन, तर अरूहरूलाई काममा खटाउन निपुण हुन्छ- चर्चको संचालनमा पास्टरले नै सबै काममा खट्ने कर्तव्य हो भनेर सोच्नु हुन्न। चर्चमा गर्ने छलफलमा, विभिन्न काम र प्रार्थनामा आफूनै सधैँ खट्नुपर्छ भन्ने मनस्थितिमा पास्टर रहनुहुन्न, तर प्रत्येक चर्चका विश्वासी र कर्मचारीहरूलाई काममा खट्न उनले शिक्षित बनाउनुपर्छ। भेला वा मिटिङ्गहरूमा विभिन्न मानिसहरूले पालै पालो गरेर चलाओस्। बाइबल सिकाउन पनि अरूहरूलाई पालै पालो गरेर सिकाउन तालिम दिनुपर्छ। मैले एक जना मानिसको बारेमा सुनेको थिएँ। उनी एउटा कम्पनीको हाकिम थियो। उनले बाऱ्ह जना कामदारहरूलाई रेखदेख गर्न एक जना सुपरभाइजर राखेको थियो। कामदारहरूले दिलोज्यान दिएर काम गराउने उसको काम थियो। एक दिन त्यो हाकिम सुपरभाइजरलाई भेट्न गयो। खाल्डो खन्ने मानिसहरूको रेखदेख गर्ने उसको जिम्मा थियो। त्यो सुपरभाइजर आफै खाल्डो खनिरहेको त्यस हाकिमले देख्यो। त्यो सुपरभाइजर पसिना नै पसिनाले निथ्रुक्क भएको थियो। तर बाऱ्ह जना कामदारहरू आफ्नो सुपरभाइजरले काम गरेको खाल्डोमाथिबाट हेरिरहेका थिए। हाकिमले त्यस सुपरभाइजरलाई माथि बोलाएर उसले त्यस खाल्डोमा के गरिरहेको भनेर सोध्यो। त्यस हाकिमले भन्यो, "मैले तिमीलाई ती बाऱ्हजनालाई काम गराउन खटाएको थिएँ। तर तिनीहरूलाई काम गर्न नलगाएर आफै किन गरेको? तिमीले एक जनाको मात्रै काम गरेको छ, जब बाऱ्हजनाचाहिँ चुपचाप राख्यौ। ल, यो तिम्रो ज्याला लेऊ र आफ्नो बाटो लाग।"- द रिभ्यु एण्ड हेराल्ड नभेम्बर ६, १८८८।

जब चल्तापूर्जा र सक्रिय मानिसहरूले ठूला ठूला ठाउँहरूमा काम

गर्न खटाउँछन् तब सानो सानो झुण्डहरू कमजोर हुन्छन्- मिशगन राज्य र अरू राज्यका प्रायजसो हाम्रा चर्चहरूका दाजुभाइ र दिदीबहिनीहरू बाट्टल क्रिकमै हुल गरेर बसेकाछन। तिनीहरूमा धेरै जसो सानो सानो चर्चहरूमा काम गर्न दक्षता छन्, तर ती चर्चहरूबाट तिनीहरू टाढा हुँदा सानो झुण्डहरू कमजोर हुन्छन्; कतिपय मामिलामा चर्च नै पूरै अव्यवस्थित ढँगले चलिरहेको हुन्छ।- टेस्टिमोनिज फर द चर्च ५:१८४।

पास्टर नभएको बेलामा आराधना सेवा

प्रवचन दिने बेलामा लामो लामो भाषण गर्दा राम्रो होइन बरु हानी गर्दछ- साबथहरूमा बारम्बार त्यही प्रवचन सुनाउँछन् जुन श्रोताहरूले सुनेर दिक्क पनि मान्छन् होला। अनि कतिपय समयमा जब पास्टर छैन भने उनको ठाउँमा प्रवचन दिनेले आफूले भ्यायसम्म राम्रोसँग चर्च संचालन गर्न खोज्छ। अनि उनको दिमागमा खेलिरहेको कतिपय कुराहरू चर्चका सदस्यहरूले नसुनेको होला भनेर उनले लामो लामो कुराहरू सुनाएर चर्च कार्यक्रम सुरु गर्छन्। यसले गर्दा चर्चको आत्मिक वातावरण पनि धमेलिन गएको हुन्छ। अनि सभामा सरिक भएका मानिसहरूले उनको कुरामा कम चासो देखाउँदा उनी निराश हुन पुग्छन्। उनको प्रवचनप्रति मानिसहरू हाइहाइ गरेर ब्युँझिराख्न कोशिश गर्छन्। तिनीहरूको चासो सेलाएको देखेपछि त्यस व्यक्ति बिचलित भएर के गर्ने भनेर दिक्क मान्न सक्छन्। यस किसिमको व्यक्तिलाई म भन्न चाहन्छु, ठूलो ठुलो भाषण वा प्रवचन दिन रोक्नुहोस्। धेरैले आफ्नो कुरा चर्चमा सुनाउन चाहन्छन्, तर तिनीहरूका भाषणहरू लामो र सुख्खा हुन्छन्; तिनीहरूमा स्वर्गको स्वाद भएको हुँदैन। यस खालको व्यक्तिले चर्च संचालन गर्दा श्रोताहरूले नियास्रो मान्न सक्छन्, र तिनीहरूप्रति म सहानुभूति प्रकट गर्न चाहन्छु। आफ्नो मनमा भएका धेरै कुराहरू चर्चको भेलामा लामो समयसम्म पोखाउँदा सुन्ने मानिसहरू खुशी नै हुन्छन् भनेर उनले

ठान्छन् होला, तर त्यसको प्रतिकुल प्रभाव परेको उनलाई थाहा हुँदैन। - साबथ-स्कूल वर्कर्स, अक्टोबर १,१८८५।

चर्चमा वा सङ्गतिको अर्थपूर्ण र आत्मिक सेवा संचालनको निम्ति चर्चमा वा सङ्गतिमा पास्टरको उपस्थिति हुनैपर्छ भन्ने छैन- पास्टर भएनभने सङ्गति गर्न सक्दैन भनेर सानो झुण्डहरूले कहिल्यै पनि सोच्नुहुँदैन। चर्चको पास्टरले नै उभेर तिनीहरूलाई प्रचार गर्नुपर्छ भन्ने कर तिनीहरूमा हुनुहुँदैन। प्रभुको नाउँमा भेला हुने समय, अवसर र मौसम धेरै अमूल्य छ। चाहे चर्चमा होस् वा चाहे सानो झुण्डमा होस् जब येशूको नाउँमा विश्वासीहरू भेला हुन्छन् त्यसबेला तिनीहरू स्वर्गको सभासदको सामु सरिक भएको भनेर प्रत्येक विश्वासीले बुझ्नु पर्दछ। यस संसारमा आफ्नो प्राण दिने प्रभु येशू र परमेश्वरको निम्ति तिनीहरू साक्षी भएको तिनीहरूले देखाउनुपर्दछ। सानो झुण्डले आत्मिक वातावरण खडा गरेर परमेश्वरको आराधना गर्दा तिनीहरूले परमेश्वरको सेवा गरिरहेको हुन्छ। तिनीहरूको आराधना उहाँको निम्ति भेटी हो। जब सङ्गतिको सानो समूहमा प्रभुको वचन दिने पास्टर छैन भने भेलाभएका विश्वासीहरूले आफूहरूले सिकेका सत्यहरूको बारेमा छलफल गरुन्, परमेश्वरको प्रेमको बारेमा एक आपसमा बारम्बार विश्वाससाथ चर्चा गरुन्। यसो गर्दा विश्वासीहरू परमेश्वरको कामको निम्ति तालिम पनि पाउँछन् र शिक्षित हुन्छन्। प्रत्येक एडभेन्टिस्ट बौद्धिक स्तरमा माथि हुने प्रयास गरुन्, आफूलाई दिएका कामहरू जिम्मेवारीपूर्वक गरुन्। भेला हुने प्रत्येक विश्वासीले भेलालाई घट्लाग्दो, अर्थपूर्ण र फाइदाजनक होस्।- द रिभ्यु एण्ड हेराल्ड, सेप्टेम्बर १०, १८९५।

जब सानो झुण्ड सेवासङ्गतिको निम्ति भेला हुन्छ तब धेरैले त्यसमा भाग लिउन्- परमेश्वरको आराधना गर्न जब तपाईँहरू सानो झुण्डमा भेला हुन्छ त्यसबेला तपाईँहरूको मुखबाट परमेश्वरको स्तुति होस्। केवल एक जनाले मात्र धेरै कुरा गर्ने नहोस्। धेरै सहभागी भएर परमेश्वरको महिमाको निम्ति छलफल गरुन्।

-म्यानुस्क्रिप्ट रिलिजेज १५:१५३।

प्रवचन दिनुको सट्टा चर्चमा बाइबल क्लास गरेर सन्देश दिनु कहिलेकाहीँ राम्रो हुन्छ- प्रत्येक हप्ता प्रवचनै सुन्नुपर्छ भनेर हाम्रा विश्वासीहरूले सोच्नुहुन्न। सत्यलाई स्पष्टरूपमा प्रस्तुत गरेतापनि धेरै प्रवचन सुन्नेहरूले थोरे सिक्न पुगेका हुन्छन्। साबथको भेलामा बाइबल क्लास जस्तो गरे पनि धेरै जसो उपलब्धीमुलक हुन्छ। बाइबलीय सत्य सरल, स्पष्ट र रोचक तरिकाले प्रस्तुत गर्नुपर्छ जसले गर्दा मुक्तिका नीतिहरू मानिसहरूले सजिलैसँग बुझ्न सकोस्। -इभान्जलिजम, ३४८।

अध्याय ४८
समस्या समाधान र द्वन्द्व निराकरण

मानव स्वभावको विकृतिलाई बुझेर एक आपससँग गर्ने कारोबारमा कुन नीतिहरू अपनाउनुपर्छ भनेर येशूले स्पष्टरूपमा प्रस्तुत गर्नुभएको थियो- हाम्रो मुक्तिदाताले मानिसको विकृति स्वभाव, चरित्र र मिजासलाई चिन्नुभएको थियो। मानव जगतलाई उद्धार गर्न वा ईश्वरीय स्वभावलाई अङ्गाल्न उहाँले आफ्नो जीवन त्याग गर्नुभएको थियो। उहाँले यस संसारमा चर्च छोड्नुभएको थियो जो एकतामा रहोस् र त्यसको उन्नति होस् भन्ने उहाँको चाहना थियो। त्यस एकता र विश्वासीहरूमा येशूमिजास अनुसार एक आपसमा व्यवहार गरुन् उहाँले विशेष र स्पष्ट नीतिहरू दिनुभएको छ। उहाँले यो भन्नुभएको सुन्न होस्: "तिम्रो भाइले तिम्रो विरुद्धमा अपराध गऱ्यो भने, गएर तिमीहरू दुई मात्र हुँदा त्यसको दोष देखाइदेऊ। त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो। तर त्यसले सुनेन भने आफ्नो साथ अरू एक वा दुई जनालाई लैजाऊ र दुई अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस्। यदि त्यसले तिनीहरूका कुरा पनि सुन्न इन्कार गर्यो भने, मण्डलीलाई भन। त्यसले मण्डलीको कुरा पनि सुन्न इन्कार गर्यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउनेसरह होस्।" मत्ती १८:१५-१७। - द रिभ्यु एण्ड हेराल्ड, अप्रिल १५, १८८०।

शान्ति सम्झौताको उपहारलाई बहुमूल्य ठान्नुपर्दछ- परमेश्वरको निम्ति परिश्रम गर्न छुच्चो नहुने कहाँ छन्? चर्चमा भएको प्रत्येक कचकच, मनमुटाव, विवाद र मतभेदलाई मत्थर पार्न भरमग्दुर प्रयास गर्नेहरू को हुन्, जो येशूको नाउँमा मेलमिलाप ल्याउँछन्? ख्रीष्टको प्रार्थनालाई सार्थकता दिनेहरू को हुन्, "म यिनीहरूका

निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, कि तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्। जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैँ तिनीहरू पनि एक होऊन्। म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानुन।" यूहन्ना १७:२०-२३। के बर्तमान परिप्रेक्ष्यमा हाम्रो प्रभुले ती अनुग्रहले भरिपूर्ण, अर्थले भरिएको प्रार्थना हाम्रो चर्चले सार्थकता दिइरहेको छ भनेर हामी भन्न सक्छौँ र? हाम्रा बर्तमान चर्चहरू प्रेममा कमजोर छन्, एक आपसमा मनमुटाव भएर फुट आइरहेको छ, सानोतिनो समस्या समाधानको निम्ति महत्त्वपूर्ण काममा लागेका पास्टरहरूलाई बोलाएर समाधान खोज्नु परेको छ। त्यस परिस्थितिमा हाम्रो चर्च परमेश्वरसँग सम्पर्कमा छैन भनेर प्रमाणित गरिरहेको छ। येशूको अनुयायी हौँ भन्नेहरूको बीचमा यो वातावरण कस्तो कहालिलाग्दो छ। चर्चका सबै सदस्यहरू एकतामा आउनै पर्दछ; त्यसो गर्न तिनीहरू आफ्नो स्वार्थलाई घटाउनुपर्दछ र आफ्नो जीवनमा येशूलाई बढि स्थान दिनुपर्दछ। तिनीहरूले ख्रीष्टबाट सिक्नैपर्दछ। तिनीहरूको हृदय कोमल र नम्र हुनै पर्छ। तिनीहरूले आफ्नो स्वार्थी अहँकार र आफ्नो मान खोज्ने प्रवृत्तिलाई छाड्नैपर्छ। अनि तिनीहरूमा भएका पहाड जस्तो समस्याहरू मत्थर भएर माटोमा मिल्नेछ। - द रिभ्यु एण्ड हेराल्ड, जनवरी ६,१८९१।

जब चर्च एकताको सूत्रमा बाँधिन्छ, चर्चमा भएको सानोतिनो समस्याहरू सहानुभूति, कोमल र प्रेमको माध्यमबाट समाधान गर्न सकिन्छ- चर्च कस्तो हुनुपर्छ भनेर त्यसको नमुना बाइबलमा प्रस्तुत गरेको छ। तिनीहरू एक आपसमा तालमेल गरेर एक

हुनुपर्दछ। तिनीहरू परमेश्वरसँग पनि एक हुनुपर्दछ। जब जीवित लहरा ख्रीष्टसँग विश्वासीहरू एक हुन्छन्, तब तिनीहरू ख्रीष्टसँग एक भएको प्रमाणित गर्नेछ। तिनीहरू एक आपसमा सहानुभूति, कोमलता र प्रेमको खेती गर्नेछ। - सेलेक्टेड मेसेजेज ३:१८।

जब एक आपसमा हामी दया, नम्रता, माया र सदाशयताको भावनामा चल्छौं तब समास्याहरू समाधान हुन्छ- तपाईँहरूका विश्वासी दाजुभाइ र दिदी बहिनीहरूका नियतहरूको बारेमा कहिल्यै पनि प्रश्न नउठाउनुहोस्; यदि तपाईँहरूले त्यसो गर्नुभएमा तपाईहरू तिनीहरूको न्यायकर्ता भएर देखाइरहनुहुन्छ। तपाईँहरूले जुन नियतले अरूहरूको न्याय गर्नुहुन्छ त्यसरी नै परमेश्वरले पनि तपाईँको इन्साफ गर्नुहुनेछ भनेर उहाँले घोषणा गर्नुभएको छ। तपाईँहरूका हृदयहरूमा दया र सदाशयताको आगो सल्काउनुहोस्। धार्मिकताको सूर्यको किरणले तपाईँहरूका हृदयहरू चम्काउनुहोस्। तपाईँहरूको बीचमा दया र मायाको सोचबिचारहरू र पवित्र स्नेहलाई अड्डा जमाउन दिनुहोस्। आफ्ना विश्वासी दाजुभाइ दिदी बहिनीहरूको बारेमा असल कुराहरू गर्ने बानी बसाल्नुहोस्। तपाईँहरूले गल्ती गर्नुभएको छ भने तपाईँको घमण्ड, फुस्रो धार्मिकता र आफ्नो मान बढाउने प्रवृत्तिले होइन तर खुला दिलले इमान्दारी भएर स्वीकार गर्नुहोस्। ख्रीष्ट मर्नुभएकाहरूको निम्ति तपाईँहरूमा प्रेम छैन भने, तपाईँहरूमा येशू ख्रीष्टको साँचो र पक्का प्रेम छैन भनेर प्रमाणित गर्दछ। त्यसले गर्दा तपाईँहरूको आराधना परमेश्वरको निम्ति कुहिएको भेटी हुनेछ। यदि तपाईँहरूको हृदयहरूमा आफ्ना दाजुभाइ, दिदीबहिनी र अगुवाहरूप्रति नराम्रो सोचहरूलाई अड्डा जमाउन दिनुभएको छ, तिनीहरूप्रति गलत आलोचना गरिरहनुभएको छ र तिनीहरूलाई खराब होस् वा तिनीहरू पतन होस् भनेर सोचिरहनुभएको छ भने आफूहरू अरूहरूभन्दा धर्मात्मा भएर देखाएको जतिसुकै उल्लेखनीय तरिकाले प्रार्थना गरेतापनि त्यो प्रार्थना परमेश्वरले सुन्नुहुन्न। जब कसैले गल्ती काम गरिरहेको छ भनेर सच्च्याउन तपाईँहरू जान आफू जिम्मेवारी ठान्नुभएको छ

भने तपाईहरूमा कोमलता, दया, सदाशयता, माया, ममता र असल फलहरू हुनुपर्दछ। पक्षपात नगर्नुहोस्। तपाईँहरूसँग मिल्नेसँगमात्र होइन नमिल्नसँग पनि जान आँट गर्नुहोस्। गल्ती गरेको छ भनेर तपाईँहरूले सोचिरहनेप्रति खस्रो व्यवहार नगर्न सतर्क हुनुहोस्। तिनीहरूभन्दा धेरै गल्ती गर्ने र हप्काउनु पर्नेहरूलाई ख्रीष्टले जस्तै कठोर भएर नहप्काइ त्यसै छोडेर तिनीहरूलाई साथीको व्यवहार गर्ने प्रवृत्ति तपाईँहरूमा हुनुहुँदैन। - द रिभ्यु एण्ड हेराल्ड, मार्च,१८९५।

एक आपसमा सरसल्लाह गरेर समस्याहरूको समाधान गर्ने नीति- येशूका अनुयायीहरूले गल्ती काम गर्नेहरूप्रति खस्रो, अनुचित र कठोर व्यवहार गर्दा येशूको चित्त दुख्दछ। परमेश्वरसँग सहकर्मीहरू भएको हैशियतले एक आपस परमेश्वरको ठूलो कार्यदलको भाग हुँ भनेर सोच्नुपर्दछ। तिनीहरू एक आपसमा सरसल्लाह गरेर चलुन् भन्ने उहाँ चाहनुहुन्छ। तिनीहरू मतभेदले गर्दा एक आपस टाढिनु हुन्न। एक आपसबाट वा चर्चबाट स्वतन्त्र भएर चल्ने प्रवृत्तिले हामीले दावी गरेको सत्यको अपमान हुन्छ। जब विश्वासीहरूको बीचमा एकता र तालमेल हुन्छ तब तिनीहरूमा येशूको भावनामा भावित भएको भनेर प्रमाणित गरिरहेका हुन्छन्। हामीमा सत्य धर्म वा आस्था छ भनेर देखाउने चहकिलो प्रमाण त्यही हो। यसले अरू स्वभाविक वा सांसारिक मानिसहरू परमेश्वरतिर आकर्षित हुन्छ र उहाँ जस्तै हुन तिनीहरूलाई तानिन्छन्। - द रिभ्यु एण्ड हेराल्ड, फेब्रुअरी १८,१९०९।

एक आपसमा तोकातोक गर्ने, दोष लगाउने र आलोचना गर्ने मिजासले समस्याहरूको समाधान हुँदैन- चर्चमा कतिपय मानिसहरू छन् चर्चका अगुवाहरूको आलोचना गर्ने तिनीहरूको धर्म वा कर्तव्य हो भन्ने ठान्दछन्, मानौँ चर्चका अगुवाहरूको कमीकमजोरीहरू औँल्याइरहने जिम्मा तिनीहरूलाई दिइएको छ। अरूको दोष र दागहरू सजिलैसँग देख्न सक्ने मानिसहरूको स्वभाविक बानी नै हो। आफूहरूले मन नपर्ने मानिस वा अगुवाहरूको आलोचना गर्न कुनै कुनै कमजोरीहरू केलाइनै रहेका हुन्छन्। त्यस प्रवृत्तिले तिनीहरू

आफ्नै सोचमा संकुचित हुँदै जान्छ। अनि तिनीहरूले एक आपसमा तोकातोक गरेर एक आपसको चित्त दुखाउने वातावरण बनाइरहन्छन्। साबथमा जब महामहिम परमेश्वरको आराधनामा व्यस्त हुनुको सट्टा एक आपसमा आलोचना गरिरहेका हुन्छन् र एक आपसको विरुद्धमा गवाही दिइरहेका हुन्छन्। यो येशू भावनाको बिपरित स्वभाव हो। यसले चर्चमा मनमुटाव, कचकच, मतभेद र फुट ल्याउँछ। कैयनको भेटी जस्तो ती मानिसहरूको आराधना परमेश्वरले ग्रहण गर्नुहुन्न। जब एक आपसको आलोचना गरिन्छ, दोष पहिल्याइन्छ र तोकातोक गरिन्छ, त्यसले गर्दा आत्मिक र अनुग्रहमा बढ्न ठूलो वाधा हुन्छ। यसरी अरूहरूको आलोचना गर्ने र दोष लगाउने प्रवृत्ति हाम्रा चर्चका सदस्यहरूमा बिस्तारै पसेको अनुभव हामीले गरेका छौँ। त्यसले गर्दा पूरै चर्चलाई नै असर पारिरहेको हुन्छ। त्यसको नतिजाले चर्चमा वास्तविक ईश्वरीयता वा ख्रीष्टको भावना चिसो भइरहेको हामीले भोगेका छौँ।- हिस्टोरिकल स्केचेस अभ द फरेन मिशनस् अभ द सेभेन्थ-डे एडभेन्टिस्टस्, २१२,२१३।

एकता

प्रवचनहरू, तर्क र विवादहरूभन्दा पनि प्रभावकारी रूपमा ख्रीष्टलाई प्रकट गर्ने साधन चर्चमा एकता हो- यदि चर्चमा वा घरमा कोही कठोर हुन्छ, खस्रो वा कसैप्रति अभद्र व्यवहार गरिन्छ, स्नेह र एक आपसमा प्यारको कमी हुन्छ त्यो चाहे घर होस् चाहे चर्च होस्, त्यहाँ गरिने सबै योजना र व्यवस्थापनहरू असफल हुने निश्चित छ। प्रचार बानी, प्रवचनहरू, बादबिवाद र तर्कले भन्दा पनि घरमा भएको एकता, चर्चमा भएको एकताले येशू ख्रीष्टको मिजास, चरित्र, व्यवहार र अनुग्रहलाई बढि र प्रभावकारी रूपमा प्रकट गर्दछ। - इभान्जलिजम, ३४२।

जब इसाईहरूमा कचकच हुन्छ, एक आपसलाई आलोचना

गर्दछन्, मनमुटाव भएर फरक भएर हिँड्छन् र एक आपसमा तालमेल नगरि विभिन्न समूहमा विभाजित हुन्छन् त्यसले गर्दा सर्वसाधारण मानिसहरू इसाईहरूदेखि वाक्क लाग्ने हुन्छ, यसले सैतानले नै चर्च तथा विश्वसीहरूको बीचमा काम गरिरहेको भनेर प्रमाणित गरिरहेको हुन्छ- परमेश्वरले यस संसारमा येशूलाई मुक्तिदाता भनेर पठाउनुभएको तर्कलाई संसारले किन बुझ्न सक्दैन र सहन पनि सक्दैन भने त्यसको मूल कारण हो, चर्चहरूको विभाजन र चर्चमा एकताको कमी। जब चर्चका विश्वासीहरू एक भएर परमेश्वरको निम्ति एकसुरले काम गर्दछन् तब समाजको बीचमा तिनीहरू विवादास्पद नभएर खडा भइरहेका हुन्छन्। तर त्यस तालमेल र एकतालाई तहसनहस पार्न सैतानले निरन्तररूपमा प्रयास गरिरहेको हुन्छ। चर्चमा भएका कचकच, झगडा, मनमुटाव, मतेभद, एकआपस टुक्रिने र अलगै समूह खडा गर्ने, एक आपसको आलोचना गरेर रिस, ईबी र चित्त दुखाएर चल्ने प्रवृत्तिले गैर इसाईहरू वा अन्यजातिहरू इसाई धर्मदेखि वाक्क लाग्ने हुन्छ। ती इसाईहरूको सत्यनिष्ठाको कमीले गर्दा परमेश्वरप्रतिको आस्थामा आँच ल्याइरहेको हुन्छन् वा अवरोध खडा गरिरहेका हुन्छन् र इसाई आदर्श नीतिमा चल्ने बप्तिस्माको समयमा लिएका शपथहरूलाई पालना नगरेर प्रभुप्रति विश्वासघातीको प्रमाण दिइरहेका हुन्छन्। जब इसाईहरू आफूहरूमा सत्य छ भनेर दावी गर्छन् तर मनमुटावको कारण विभिन्न गुट र संम्प्रदायहरूहरूमा विभाजन गरेर चल्छन् तब येशूलाई विश्वास नगर्नेहरूको बीचमा परमेश्वरको ठूलो बेइज्जत भइरहेको हुन्छ। - द अपवार्ड लुक, ६३।

जो ख्रीष्टमा एक हुन्छन् तिनीहरू सत्यवादि हुँदै एक आपसमा दिलैदेखि खुला भएर प्रेम र स्नेह देखाउँछन्- मेरा दाजुभाइ र दिदीबहिनीहरूलाई यो राम्रैसँग थाहा छ कि परमेश्वरको वचनले चर्चमा एकता हुनुपर्छ भन्ने नीतीलाई औँल्याउँछ; ती मानिसहरू जो स्वर्गबाट सुरु भएको सत्यलाई आत्मसात् गरेर ख्रीष्टमा एक भएर चल्छन् तब तिनीहरू एक आपसमा बलियो मित्रता गाँसिएर

चल्दछन्। यदि रूखका हाँगाहरू एउटै रूखमा जोडिएको छ भने ती हाँगाहरूमा त्यस रूखको जीवन प्रभाह भइरहन्छ। येशू ख्रीष्टमा प्रेम र स्नेह छन्, र जो मानिसहरू ख्रीष्टको एकतामा बाँधिएर बस्छन् तिनीहरूमा देखावटी र साधारण साथीभाइहरूमा देखाउने मिजास होइन तर एक आपसमा सत्यनिष्ठ वा सत्यवादी हुन्छन्, एक आपसमा दिलैदेखि इमान्दार भएर स्वच्छ र निर्मल प्रेम र स्नेह हुन्छन् किनभने तिनीहरूमा येशू ख्रीष्टको आत्मा वा मिजास घुसेका हुन्छन्। एक आपसमा मुख बटारिएर चल्ने इसाईहरूको बानी ख्रीष्टसम्मत होइन बरु सैतानको हुकुममा चलेको भनेर प्रमाणित गरिरहेको हुन्छ। - एलेन जी ह्वाइट राइटिङ्ग'८८ ११४१, ११४२।

जब चर्चका सदस्यहरू एक आपसमा तालमेल गरेर चल्छन् तब त्यसै अनुपातमा तिनीहरूले काम गर्न शक्तिसम्पन्न बन्न पुग्छन्- हाम्रो कामको सफलता नै हामीमा भएको परमेश्वरप्रतिको प्रेम र हाम्रा विश्वासी दाजुभाइ र दिदीबहिनीहरूको बीचमा हुने प्रेम र स्नेहमा भर पर्दछ। जब चर्चको प्रत्येक सदस्यमा चर्चको उत्थानको निम्ति तालमेल गरेर चल्ने मिजास हुन्छ, जब दाजुभाइ र दिदीबहिनीहरूले एक आपससँग प्रेम र विश्वासको वातावरणमा काम गर्छन्, तब मानिसहरूको मुक्तिको निम्ति गरिने हाम्रो काममा आवश्यक बल, शक्ति र जोश जाँगर प्राप्त हुनेछ। हामी सेभेन्थ-डे एडभेन्टिस्ट येशूभक्त हौं भनेर दावी गर्नेहरूको बीचमा नैतिक पुनउद्धारको धेरै आवश्यकता भएको, ओहो, म कतिको महसुस गरिरहेको छु! प्रेमद्वारा परिचालित विश्वासबिना तपाईंहरूले केही पनि गर्न सक्नुहुन्न। यो गवाहीलाई हृदयदेखि नै ग्रहण गर्न परमेश्वरले तपाईंहरूलाई सच्चा हृदयहरू दिउन्! - टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स, १८८।

अध्याय ४९
विज्ञापन

परमेश्वरको घरमा व्यापारी जस्तो भएर कारोबार गर्नुहुन्न- यदि पास्टर र विश्वासीहरूको नैतिक र वौद्धिक संरचनामा गलत जीवन पद्धतिको कालो बादल लागेको छैन भने तिनीहरूले पवित्र र साधारण बस्तुहरूलाई मिसाउँदा हुने खराब नतिजालाई छिटै चाल पाउनेछन् भनेर मलाई देखाइएको थियो। पास्टरहरूले अत्यन्तै गम्भिर प्रवचन दिने क्रममा कुनै उत्पादनको विज्ञापन गर्दा तिनीहरूले व्यापारीको भूमिका खेलिरहेका हुन्छन्, त्यो पनि परमेश्वरकै घरमा। तिनीहरूले श्रोताहरूको दिमागमा प्रभुको वचनबाट प्रभावित भएको छ भने विज्ञापनले गर्दा पास्टरहरूको परिश्रम नै खतम हुन जान्छ। - टेस्टिमोनिज फर द चर्च १:४७२।

संसारका सबै देशहरूमा मिशनेरी कामको निम्ति पास्टरहरूले जोश र जाँगरद्वारा सदस्यहरूलाई उत्साहित गर्नुपर्दछ- परमेश्वरको निम्ति काम गर्न जीवन दिएर पास्टर भएर खट्ने कोही पनि मानिस आफ्नो निम्ति जिउँदैन। उनको काम ख्रीष्टलाई पछ्याउनु हो। उनी स्वामीसँग सहकर्मी भएर काम गर्छन् र उहाँको साधन हुन हृदयदेखि नै समर्पित भएको हुन्छ। दिनदिनै उहाँको आत्मा पाएर मुक्तिदाताले जस्तै काम गर्दछन् र हताशनिराश नभएर आफ्नो काममा खटिरहन्छन्। परमेश्वरको विश्वासिलो औजार हुन उनलाई परमेश्वरले नै चुन्नुभएको हुन्छ र संसारका सबै देशहरूमा मिशिनेरी काम गर्न चर्चका सदस्यहरूलाई आह्वान गर्नुपर्छ, साथै आफू कुन बाटोमा हिँडिरहेको छ त्यसमा उनले ध्यान पनि दिनुपर्दछ। - गस्पल वर्कर्स, ४५१।

चर्चका सामग्रीहरूको प्रकाशन

अध्यात्मिक सामग्रीहरूको प्रकाशन गर्ने सबैले सहयोग गर्न सक्छन्- सबै जना मानिसहरू अगाडि उभिर परमेश्वरको वचनलाई सिकाउन सक्दैनन्। प्रत्येक मानिसले आ-आफ्नो खुबी अनुसार विभिन्न कामहरू गर्छन। प्रभुको काममा सबैले खटेर विभिन्न कामहरू गर्न नसक्ला, तर उहाँको काममा सबै सहभागी हुन सक्छन्। त्यो कसरी भन्दा, सबैले आ-आफ्नो स्रोतबाट निश्वार्थभावनाले परमेश्वरको कामको विभिन्न निकायहरूलाई सहयोग गर्न सक्छन्। विशेष गरेर बाइबलीय सत्यहरूका पर्चा, पुस्तक र पत्रपत्रिकाहरू छाप्न सबैले सहयोग गर्यो भने संसारभरी तिनीहरू छर्न सकिन्छ। - द रिभ्यु एण्ड हेराल्ड, जनवरी ९, १८८३।

हाम्रा प्रकाशनहरू अध्ययन गर्नुपर्छ भनेर चर्चका सबै सदस्यहरूले महसुस गर्नुपर्छ- सत्यलाई फैलाउने धेरै प्रावधानहरू अहिले हामीसँग छन्, तर ती प्रावधानहरूलाई प्रयोग गर्ने अवसर हाम्रा मानिसहरूले लिइरहेकाछैनन्। चर्चका सबै सदस्यहरूले मानिसहरूलाई प्रभुमा ल्याउन आ-आफ्ना खुबीहरू प्रयोग गर्नुपर्छ भन्ने नैतिक जिम्मेवारी नलिएको पाइएको छ। हाम्रा प्रकाशित स्वास्थ सम्बन्धी पत्रिका, पर्चा र पुस्तकहरू किनेर पढ्नुपर्छ भन्ने कर्तव्य हाम्रा एडभेन्टिस्ट विश्वासीहरूले महसुस गरेका छैनन्। - द पब्लिशिङ्ग मिनिस्त्री, ३८६।

कतिपय एडभेन्टिस्ट विश्वासीहरूले चर्चका पत्रिका वा पाठन सामग्रीहरू किन्न खर्च छैन भन्छन् तर सेक्युलर वा बाहिरका पुस्तक र पत्रपत्रकाहरू किन्न सकेका हुन्छन्- कतिपयले आफू एडभेन्टिस्ट हुँ भनेर दावी त गर्छन् तर हाम्रा प्रकाशित पत्र पत्रिका जस्तै रिभ्यु, साइनस्, इन्स्ट्रकटर वा गुड हेल्थ बार्षिक ग्राहक बन्दैनन् तर एक वा बढि सांसारिक पत्रपत्रिकाहरूको ग्राहक बन्दछन्। ती पुस्तक वा पत्र पत्रिकाहरूमा छापेका काल्पनिक दन्त्यकथाहरू र प्रेम कहानीहरू तिनीहरूका छोराछोरीहरूले ध्यान दिएर पढ्छन् जुन तिनीहरूका

बुबाले किन्न सक्छन् तर वर्तमान समयसापेक्षित सत्यका पत्र पत्रिका र पुस्तकहरू किन्न पैसा छैन भन्ने बहाना गर्छन्।- पब्लिशिङ्ग मिनिस्त्री, ३५०।

हाम्रो चर्चको मुखपत्रिका रिभ्यु प्रत्येक परिवारमा हुनुपर्छ, गरिबहरूले त्यसको ग्राहक बन्न सक्दैन भने चर्चले सहयोग गर्नुपर्छ- रिभ्यु एण्ड हेराल्ड (अहिले एडभेन्टस्ट रिभ्यु) र साइनस् अभ द टाइम्स सस्तो छ र त्यसबाट पूरा फाइदा लिन सक्छ। द रिभ्यु धेरै बहुमूल्य पत्रिका हो; यसमा चर्चको निम्ति ठूलो चासोको विषयहरू छापिएको हुन्छ र प्रत्येक विश्वासीको घरमा त्यो हुनुपर्दछ। यदि कोही गरिब परिवार त्यसको ग्राहक बन्न सक्दैन भने चर्चले पूरा तिरेर विपन्न परिवारहरूलाई उपलब्ध गराउनुपर्दछ।- द पब्लिशिङ्ग मिनिस्त्री, ३५०।

चर्चको काममा सघाउन चन्दा सङ्कलन

एडभेन्टिस्ट चर्चमा चर्चबाहेक अरू धेरै निकायहरू छन्, जस्तै शिक्षण संस्था, अस्पताल, स्वास्थसंस्था, सामाजिक संस्था आदि, तिनीहरूको निम्ति चन्दा सङ्कलन गर्नु नेहमियाको उदाहरणमा चल्न हो, जसले गैर यहूदीहरूबाट चन्दा सङ्कलन गरेका थिए- हार्भेस्ट इनग्यादरिङ्ग वा वर्ष वर्षमा गैर एडभेन्टिस्ट व्यक्ति र संस्थाहरूसँग चन्दा लिनु हुन्छ कि हुन्दैन भनेर कतिपयले सल्लाहको निम्ति मलाई चिठ्ठी लेखेका थिए। नेहमियाको अनुसरण गर्न म सल्लाह दिन्छु। आफ्ना पुर्खौलीहरूको सहर यरुशलेमका ध्वस्त भएका पर्खालहरू पुननिर्माण गर्न नेहमिया यात्रा गर्न तयार थिए। तर त्यो काम सम्पन्न गर्न उनलाई स्रोत, साधन र अधिकारको आवश्यकता थियो। उनले गैर यहूदी राजा आर्टक्रस्क्रससँग नहिचिकिच्याइकन त्यो काम सफलतासँग सम्पन्न गर्न सहयोग मागे। लेबनानको बनपालेले आवश्यक रूख वा काठहरू आफूलाई उपलब्ध गराउन राजासँग पत्र लिए। यरुशलेमका पर्खाल र भवनहरूको पुननिर्माण गर्न धेरै काठहरूको आवश्यकता

थियो। आफूलाई आवश्यक भएको तर नभएको स्रोत र साधनहरूको सहयोगको निम्ति नेहमियाले अनुरोध गरेका थिए। - इस्ट मिशिगन बानर, सेप्टेम्बर २९, १९०९।

जब चर्चले संचालित संस्थाहरूको निम्ति चन्दा सङ्कलन गरिन्छ तब मिशनले सहयोग पाउनेमात्र होइन दिने मानिसलाई सत्यतिर पनि तान्न सकिन्छ- परमेश्वरकै चाहना अनुसार उहाँको कामको निम्ति जिम्मेवार बोकेकाहरूले पुराना तरिकाहरू अपनाएका थिए भने नयाँ तरिकाहरू पनि सृजना गरेका थिए। ती पुराना र नयाँ सृजनात्मक योजना र तरिकाहरूले चर्चका सदस्यहरूको बीचमा चासो उत्पन्न गराएर संसारमा सुसमाचार फैलाउन एक भएर प्रयास गर्न जागृत गराएका थिए। ती योजनाहरू मध्ये एउटा नयाँ योजना गैर विश्वासीहरूको बीचमा गएर मिशनको निम्ति हार्भेस्ट इनग्यादरिङ्ग वा चन्दा सङ्कलन गर्ने अभियान थियो। विगत धेरै वर्षहरूमा विभिन्न ठाउँहरूमा यो चन्दा सङ्कलन गर्ने काम सफल भएको थियो। यसले धेरैलाई आशिष मिलेको थियो र मिशनको ढुकुटीमा पैसाहरूको प्रवाह भएको थियो। जब अरू देशहरूमा तीन स्वर्गदूतको सन्देश सुनाउन एडभेन्टिस्टहरूको अभियान थाहा पाएर गैर एडभेन्टिस्ट इसाईहरूको सहानुभूति जागेको थियो। अझ मानिसहरूको जीवन र हृदयहरूलाई परिवर्तन गर्न सक्ने शक्तिको बारेमा थाहा पाएर कतिपयले हाम्रो सत्य थाहा पाउन उत्सुक पनि भएका थिए। सबै वर्गका पुरुष र महिलाहरूकहाँ हाम्रा मानिसहरू पुगेका थिए र परमेश्वरको नाउँको महिमा भएको थियो। - इभान्जलिजम, २५२।

अध्याय ५०
वयस्कहरूको निम्ति साबथ स्कुल

साबथ स्कुल कार्यक्रमले फल फलाउनुपर्छ- तपाईँहरूलाई प्रेम गर्ने र तपाईँहरूको निम्ति आफ्नो ज्यान सुम्पनुहुने येशूको सेवाको निम्ति तपाईँ समर्पित हुनुहोस्। येशूले यसरी स्पष्ट पार्नुभयो, "मेरो पिताको महिमा यसरी भएको छ वा उहाँको इज्जत यसरी थामिएको छ ताकि तिमीहरूले धेरै फलहरू फलाउन्; यदि तिमीहरूले यसरी फल फलाएमा तिमीहरू मेरा चेलाहरू हुनेछौ।" त्यसको अर्थ साबथ स्कुलको काममा पास्टरले गर्नु पर्ने काम जतिकै धेरै छ। यो साबथ स्कुलको कार्यक्रम सुनौलो अवसर हो जहाँ बहुमूल्य बिउहरू छरिन्छ र उम्रिन्छ र अनन्त जीवनको निम्ति फलहरू फलाउँछ। - काउन्सिल अन साबथ स्कुल वर्क, १८१।

साबथ स्कुलको काम र क्रियाकलापमा पास्टरहरूलाई बोझ थप्नुहुन्न- परमेश्वरको कामले जति प्रगति गर्नुपर्ने हो त्यो प्रगति गरिएको छैन। त्यसको मूल कारण के भने पास्टर र अगुवाहरूलेमात्रै सबै काम आफूहरूले गर्नुपर्छ भन्ने प्रवृत्ति हो। तिनीहरूले चर्चका सबै विभागहरूको काममा जस्तै साबथ स्कुल र प्रत्येक हाँगाहरूलाई चालु राख्ने आफूहरू नै खट्नु पर्ने भार बोकेका हुन्छन्। यदि तिनीहरूले सबै काम गर्न खटिएमात्र काम हुन्छ नत्र चर्च चल्दैन भन्ने मनस्थितिमा तिनीहरू हुन्छन्; हो तिनीहरूबिना कामै हुँदैन किनभने तिनीहरूले अरूहरूको सरसल्लाह र तिनीहरूले पनि काममा सहभागी होस् भनेर तालिम दिन तिनीहरू असफल भएका थिए। - द रिभ्यु एण्ड हेराल्ड, जुलाई २४, १८८३।

साबथ स्कुलद्वारा पास्टरहरूले कसरी काम गर्ने भनेर चर्चका सदस्यहरूलाई सिकाउनुपर्दछ- साबथ स्कुल संचालनमा धेरै कामहरू

गर्न सकिन्छ। चर्चका सदस्यहरूको जिम्मेवारी के हो भनेर तिनीहरूलाई साबथ स्कुलमा सहभागी गराएर महसुस गराउन सकिन्छ। उहाँको निम्ति काम गर्न परमेश्वरले तिनीहरूलाई आह्वान गर्नुहुन्छ, र त्यसमा पास्टरहरूले अगुवाइ गर्नुपर्छ। - टेस्टिमोनिज फर द चर्च ५:२५६।

सबै चर्चहरूका सदस्यहरूलाई साबथ स्कुल कसरी संचालन गर्नुपर्छ भन्ने विषयमा पास्टरहरूले सिकाउनु पर्दछ- साबथ स्कुल कसरी संचालन गर्नुपर्छ भन्ने निर्देशन आ-आफ्ना चर्चहरूमा पास्टरहरूले सिकाउनु पर्दछ। यदि स्थानीय चर्चमा चर्चका सदस्यहरूलाई साबथ स्कुल संचालन गर्ने मामिलामा तालिम दिए त्यसले स्थायीत्व पाउन सक्छ र धेरै उपलब्धीमूलक हुन सक्छ। यथार्थमा भन्ने हो भने यो तालिम दिने काम पास्टरहरूले नै गर्नुपर्छ भन्ने छैन। मानिसहरूको कुनै पनि आत्मिक चासोमा सहभागी हुन पास्टरहरूले आफ्नो अधिकार भएको ठान्नुपर्दछ। चर्चमा मिलिजुली काम गर्नुपर्छ भनेर पास्टरहरूले सिकाउनु पर्दछ। प्रभुकहाँ कसरी आउने भनेर तिनीहरूले चर्चका सदस्यहरूलाई सिकाउनै पर्छ र अरूहरूलाई पनि उहाँमा कसरी डोऱ्याउने भनेर सिकाउनुपर्छ। - काउन्सिल अन साबथ स्कुल वर्क, १८५।

सानो झुण्डमा बाइबल अध्ययन गर्नुको महत्त्व

जब सानो झुण्डमा बाइबल अध्ययन हुन्छ तब त्यसबेला त्यस झुण्डले आत्मिक माँशपेसी वा बल प्राप्त गर्दछ- बाइबल अध्ययनको निम्ति सानो सानो टोली गठन होस र त्यस टोलीका सदस्यहरू एक आपस मिलेर बाइबलल अध्ययन गरियोस्। यसो गर्दा त्यस टोलीका सदस्यहरूले केही पनि गुमाउँदैन बरु धेरै फाइदा हुन्छ। त्यसबेला परमेश्वरका स्वर्गदूतहरू त्यस टोलीमा हुन्छन्। जब त्यस टोलीले जीवनको रोटी खान थाल्छ तब तिनीहरूको आत्मिक जीवनको

नसामा तागत मिल्छ र तिनीहरूको आत्मिक माँसपेसी बलियो हुन्छ। त्यसबेला तिनीहरूले जीवनको रूखबाट पातहरू खाइरहेको अनुभव गर्नेछन्। येशूभक्तमा आशक्त हुने र इमान्दार तथा गतिलो जीवन बिताउन कोही चाहन्छ भने परमेश्वरको वचन खानुको बिकल्प अरू छैन। - दिस डे विथ गड, ११।

साबथ स्कुलका शिक्षकहरू

साबथ स्कुल बाइबल अध्ययनका शिक्षकहरूले केवल औपचारिकता पुरा गर्न सुख्खातरिकाले नियास्रो पाराले पाठ सिकाउँछन् तिनीहरूले आत्मिक निसान चुकिरहेका हुन्छन्- कतिपय समयमा साबथ स्कुल पाठ पढाउनेहरूले बोझ मानेर औपचारिकता मात्र पूरा गर्न सिधा सिधा पाठ पढाउँछन्। सुख्खा र आत्मियता नभएको साबथ स्कुल अध्ययन नियास्रोमात्र होइन साबथ स्कुल पाठको लक्ष्य नै चुकिरहेको हुन्छ। त्यस पाराको शिक्षणले साबथ स्कुलको शिक्षकले के काम गर्नुपर्ने हो वा कुन लक्ष्यले पाठ सिकाउनुपर्ने हो सो असफल भएको हुन्छ। साबथ पाठ सिकाउने परमेश्वरको कामको महत्त्वपूर्ण भाग हो। यदि इसाईहरू नामधारी नभइकन सच्चा र पक्कारूपमा चल्छन् भने तिनीहरूले परमेश्वरको काम श्रद्धा, लगनशील र भय मानेर गर्नेछन्। मानिसहरूको मुक्तिको निम्ति ख्रीष्ट मर्नुभएको थियो भनेर मानिसहरूलाई हृदयदेखि नै प्रेम गरेर तिनीहरूले काम गरिरहेका हुन्छन्। तिनीहरू परमेश्वरसँगै मिलेर परिश्रम गरिरहेको प्रमाणित गर्नेछ। - काउन्सिल अन साबथ स्कुल वर्क, १०४।

यथार्थमा साबथ स्कुल पाठ पढाउने शिक्षकहरू बाइबलीय आत्मज्ञानमा बढेको बढे गर्नुपर्छ, त्यस अनुपातमा चर्चको पास्टर पनि नबढिरहेको हुन सक्छ- हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको आत्मज्ञानमा बढिरहनु चासो नदेखाउने मानिसहरूको उदाहरण साबथ स्कुलको शिक्षकले पछ्याउनुहुन्न। कतिपय समयमा पवित्र काम सुम्पिएको

पास्टरले पनि आफूले पाएको ज्ञानमा थप्न चासो नदेखाइरहेको पाइएको छ। जो व्यक्ति परमेश्वरसँगसँगै परिश्रम गर्दछ उसले अरूको बोल्ने शैली, व्यवहार र धारणाहरूलाई प्रतिलिपी गरिरहेको हुँदैन। उसले परमेश्वरबाटै सिधा सिक्नुपर्दछ र उसलाई स्वर्गको ज्ञानबुद्धिले सम्पन्न गराएको हुन्छ। परमेश्वरको काममा खट्ने प्रत्येक व्यक्तिलाई सोच्ने र वौद्धिक खुबी वा बरदान उहाँले दिनुभएको छ। त्यो बरदान वा खुबी त्यस व्यक्तिको क्षमता अनुसार दिएको हुन्छ। त्यस व्यक्तिमा भएको सबै खुबी, प्रतिभा र क्षमताहरूलाई परमेश्वरको महिमाको निम्ति प्रयोग गर्नुपर्छ। एक व्यक्तिको छायाँ अर्को व्यक्ति भएको परमेश्वरको निम्ति खट्ने कुनै पनिमा भएको परमेश्वर चाहनुहुन्न। कतिपय समयमा कोही व्यक्ति प्रशंसनीय हुन सक्छ तर परमेश्वरको काममा उसको प्रतिलिपि हुनुहुन्न। साबाथ स्कुलको प्रत्येक शिक्षक येशू ख्रीष्टको कदमा बढ्नुपर्दछ। उसले कुनै पनि उल्लेखनीय र प्रशंसनीय तर मरणशील व्यक्तिको अनुसरण गर्नुहुन्न। उनी अनुग्रहमा बढ्नुपर्छ तर त्यो अनुग्रह कहाँ पाउने त? केवल येशू ख्रीष्टमा, जो उहाँमात्रै परमेश्वरको स्वरुप वा ईश्वरीय नमुना हुनुहुन्छ।- काउन्सिल अन साबथ स्कुल वर्क, १०५,१०६।

अध्याय ५१
जवानहरूको नेतृत्व

युवा युवतीहरूसँग खुशीसाथ घुमलिल हुनुपर्दछ- जवानहरूप्रति चर्चले ध्यान नदिँदा परमेश्वरको काममा धेरै उपलब्धीहरू चर्चले गुमाइरहेका हुन्छन्। सुमाचारको पास्टरले आफ्नो चर्चका युवायुवतीहरूसँग खुशीसाथ घुलमिल गर्नुपर्दछ। कतिपय पास्टरहरू युवायुवतीहरूसँग जानपहिचान गर्न हिचकिच्याइ रहेको हुन्छ। तर युवायुवतीहरूप्रति ध्यान नदिँदा परमेश्वरको काममा पास्टरहरूले बेवास्ता गरिरहेको ठहरिन्छ। ती जवानहरूको निम्ति पनि येशू मर्नुभएको थियो। तिनीहरूलाई पन्छाउनु परमेश्वरको विरुद्धमा पाप हो। जवानहरू सैतानले आक्रमण गर्ने थलो हो। यदि तिनीहरूलाई दया, करुणा, सदाशयता, भद्रता, कोमलता, सहानुभूति र प्रेम देखाइयो भने सैतानको आक्रमणबाट तिनीहरू बचाइन सक्छ। यदि पास्टरहरूमा येशूको प्रेम छ भने युवायुवतीहरूको हृदयमा तिनीहरू पस्न सक्नेछन्। जब पास्टरहरूमाथिको विश्वास ती जवानहरूले जित्न सक्यो भने तिनीहरूले पास्टरहरूका कुरा सुन्छन् र सरसल्लाह मान्ने हुन्छ। ती युवायुवतीहरूलाई पास्टरले प्रेमको डोरीले बाँध्नुपर्दछ र परमेश्वरको निम्ति कसरी परिश्रम गर्ने भनेर तिनीहरूलाई सिकाउनुपर्दछ। अनि ती जवानहरूले चुपचाप इमान्दार भएर आफ्ना साथीहरूको निम्ति काम गर्न सक्ने हुन्छन्। जवानहरूलाई परमेश्वरको काममा संलघ्न गर्नुपर्ने काममा बेवास्ता गर्नुहुन्न। हाम्रा चर्चहरूले यस मामिलामा कमजोर छ, जति गर्नुपर्ने हो सो गरिरहेको छैन। ख्रीष्ट मर्नुभएको बारेमा युवायुवतीहरूप्रति हाम्रो चर्चले जिम्मेवारी बोकेको देखिदैन। हाम्रो चर्चको उच्च मिशिनेरी क्षेत्र युवायुवतीहरू हुन् भनेर किन महसुस नगर्ने? ख्रीष्टको निम्ति जवानहरूलाई जित्ने प्रयत्न हाम्रा पास्टरहरूले किन गर्दैनन्? जवानहरूले आफ्ना हृदयहरू प्रभुलाई दिन

पास्टरहरूले किन उचाल्दैन? यो काम संवदेनशील छ, यसमा धेरै सोचबिचार गर्नुपर्छ, त्यसको लागि परमेश्वरबाट बुद्धि ज्ञान पाउन धेरै प्रार्थना गर्नुपर्छ। यो कतिको दु:खपूर्ण कुरो छ कि हाम्रो चर्चसँग सम्पर्क भइरहेका ती जवानहरू विश्वासमा अनजान नभएतापनि कतिपय समयमा तिनीहरूका हृदयहरू परमेश्वरको अनुग्रहको शक्तिले छुन सकेको हुँदैन। - द रिभ्यु एण्ड हेराल्ड, मार्चा २४: १८९१।

प्रेम र स्नेहले निराशमा घोप्टो परिरहेका जवानहरूका हृदयहरू छुन सकिन्छ- जब जवान र बालबालिकाहरूलाई वेवास्ता गर्छन् र पन्छाउँछन् तब परमेश्वरको महिमा हुँदैन। तिनीहरूलाई शिक्षित बनाउनुपर्छ, अनुशासन सिकाउनुपर्छ र धैर्यतासाथ सिकाउनुपर्दछ। तिनीहरूसँग औपचारिक चिनापर्ची गर्नेमात्र होइन न त हौशला दिएको जस्तो हल्का कुरा गर्नेमात्र होइन। तिनीहरूको हृदयमा पस्न दु:ख गर्नुपर्छ, प्रार्थना गर्नुपर्छ र होशियारसाथ प्रयत्नशील भएर साथ दिनुपर्छ। कतिपय समयमा जवानहरू आफूहरू वेवारिसी ठानेर निराश मनिस्थितिमा परिरहेको हुन्छ तर यदि प्रेम र सहानुभूतिले भरिपूर भएको व्यक्ति तिनीहरूको नजिक गएमा तिनीहरूका हृदयहरू छुन सकिन्छ। - काउन्सिल अन साबथ स्कुल वर्क, ७७।

जब साना बालबालिकाहरूलाई हेपेर कठोर, तुच्छ र जथाभावी कसैले बोल्छ भने येशूको चित्त साहैं दु:ख्दछ – पास्टर मिलनसार भएर बालबालिकाहरूलाई आदर गरेर दयालु र मायालुतरिकाले व्यवहार गरेको सबैले देख्न सकोस्। ती बालबालिकाहरू साना पुरुष र स्त्रीहरू हुन् भन्ने कुरालाई पास्टरले कहिल्यै पनि बिर्सिनुहुन्न। तिनीहरू पनि परमेश्वरको परिवारका सदस्यहरू हुन्। तिनीहरू परमेश्वरका निम्ति भविष्यका ताराहरू हुन्। यदि तिनीहरूलाई उचित तवरले सिकाइयो र अनुशासनमा राखियो भने तिनीहरू परमेश्वरको सेवा गर्न सक्ने हुन्छ। तर केटाकेटी वा बच्चा भनेर हेपेर रुखो, झर्को, कठोर र दवाउने गरेर तिनीहरूसँग बोलिव्यवहार गरेको प्रत्येक पल्ट ख्रीष्टको मन साहैं दु:खेको हुन्छ। बाल अधिकारको सम्मान प्रायजसो गरेको हुँदैन।

तिनीहरूलाई प्रायजसो मान्छे नै होइन बरु पशु जस्तो ठानेर व्यवहार गरिन्छ। तिनीहरूमा पनि व्यक्तिगत व्यक्तित्व छ र त्यसको उचित विकास गर्न दिनुपर्दछ। तिनीहरूको जीवनलाई बेवास्था गर्नुहुन्न र परमेश्वरको काममा निकम्मा वा असफल बनाउन दिनुहुन्न। - टेस्टिमोनिज फर द चर्च ४:३९७।

प्रत्येक प्रवचनमा बालबालिकाहरूको निम्ति समय उपलब्ध गराएर प्रभुतिर तान्न खोज्नुपर्दछ- पत्रुसलाई येशूले यो आदेश दिनुभएको थियो, "मेरा पाठाहरूलाई ख्वाऊ," अनि फेरि यो आज्ञा दिनुभयो, "मेरा भँडाहरूलाई ख्वाऊ।" "मेरा पाठाहरूलाई ख्वाऊ," भनेर उहाँले उहाँको सेवकहरूलाई आदेश दिनुभएको छ। जब बालबालिकाहरू येशूकहाँ आउन चेलाहरूले रोकेका थिए येशूले त्यसको विरोध गर्नु गर्नु भएको थियो। सानाहरूलाई नहेप भनेर येशूले चेलाहरूलाई निर्देशन दिनुभएको थियो। यो आदेश केवल तत्कालिन चेलाहरूलाई मात्र दिनुभएको थिएन तर सबै युगका चेलाहरूलाई दिनुभएको थियो। बालबालिकहरूप्रति उहाँको प्रेम र व्यवहार उहाँका चेलाहरूको निम्ति बहुमूल्य उदाहरणहरू थिए। यदि बगालका पाठाहरूको लागि साबथ स्कुलका शिक्षकहरूमा माया छ भने ख्रीष्टको बगालमा धेरै विश्वासीहरू थपिने थिए। उपयुक्त समयमा बालबालिकाहरूले मन पराउने येशूको प्रेमको कहानी तिनीहरूलाई बारम्बार सुनाउनुपर्छ। प्रत्येक पल्ट प्रवचन दिने बेलामा साना बालबालिकहरूको निम्ति केही वचनहरू सुनाउने आदत गर्नुपर्छ। ती साना बालकहरू ख्रीष्टको सेवकको लामो समयसम्म रहने साथीहरू हुन सक्छन्। पास्टरका वचनहरू ती बालबालिकाहरूको निम्ति चाँदीको फोटोमा सुनका स्याउहरू जस्तै हुनसक्छ। - काउन्सिल अन साबथ स्कुल वर्क, ७६।

साबथको आराधना कार्यक्रममा बालकहरू सरिक हुनुपर्दछ- आफ्ना छोरा छोरीहरू साबथमा सार्वजनिक आराधना कार्यक्रममा सरिक हुनुपर्छ भनेर बुबा र आमाहरूले नियम बसाल्नुपर्छ। तिनीहरू आफै चर्चमा गएर त्यो नियमलाई पालन गरेर देखाउनु पर्छ।

जसरी अब्राहमले आफ्ना घरका परिवारलाई परमेश्वरतिर लगाइएको थियो, त्यसरी नै हाम्रो सन्तानलाई परमेश्वरतिर अगुवाइ गर्ने हाम्रो कर्तव्य हो। धार्मिक वा आत्मिक शिक्षादीक्षाको महत्त्वलाई हामीले नै पालन गरेर हाम्रा छोराछोरीहरूको निम्ति अनुसरणीय उदाहरण बन्नुपर्छ। सबै जना जसले बप्तिस्माको शपथ खाएका छन् तिनीहरू परमेश्वरको सेवाको निम्ति गम्भिररूपमा भाकल गरेका हुन्छन्। तिनीहरू आफूहरू र तिनीहरूका छोराछोरीहरू परमेश्वरसँगको करारमा सरिक भएका हुन्छन्। बप्तिस्मा लिने सबैले अरूहरूलाई पनि इसाई जीवन बिताउन अग्रसर गराउन सक्छन् र प्रोत्साहन दिन सक्छन्। - चाइल्ड गाइडेन्स, ५३०।

पास्टर र बाबुआमाको समुह

आफै येशूभक्तको जीवनलाई वेवास्ता गरेर चल्ने बाबुआमाहरूले पास्टरको आलोचना गर्दछन्- कतिपय बाबु र आमाहरू आफ्नै उदाहरण र प्रभुको नीतिलाई लचक बनाएर चलेका हुन्छन्। तिनीहरूले नै आफ्ना छोराछोरीहरूलाई भ्रष्ट बनाइरहेका हुन्छन्। आफ्नै घरमा बाबुआमाले नदिएको उचित तालिमलाई पास्टरबाट परिपूर्ती गर्नुपर्छ भनेर अपेक्षा गर्नुहुन्न। बाबुआमाहरूले आफ्ना छोराछोरीहरूका हृदयहरूमा र जीवनमा आवश्यक भएको धर्मपरायणता र गुणहरू पास्टरले नै आपूर्ति गर्नुपर्छ र गरेन भने उनको आलोचना गर्ने बानी इसाई जगतमा आपत्तिजनक मान्नुपर्दछ। पास्टरले आफ्नो विश्वासले भ्यायसम्म मायालु तरिकाले सिकाइरहेका हुन्छन्, धेर्य गरेर अनुशासनमा राख्न खोज्छन् र निरन्तर प्रार्थनाले प्रभुमा आउन् भनेर चाहना गरिरहेका हुन्छन्, तैपनि आफ्ना छोराछोरीहरू येशूमा नआएकोले कतिपय बाबुआमाहरूले पास्टरलाई नै दोष दिने गरेको पाइन्छ। तर यथार्थमा भन्नुपर्दा कतिपय समयमा बाबुआमा आफै इसाई जीवन वेवास्ता गरेर चल्दा छोराछोरीहरू प्रभुतिर आकर्षित भएका हुँदैनन्। छोराछोरीहरू प्रभुमा ल्याउने भार बाबुआमामा पर्नुपर्छ।

परमेश्वरले जिम्मा लगाइ दिनुभएको छोराछोरीहरूलाई के तिनीहरू इमान्दार र विश्वाससाथ सम्हालिरहेकाछन् त? के तिनीहरू आफै नै नम्र भएर धैर्यतासाथ उच्च आदर्श चरित्रमा माथिमाथि गइरहेका छन् र तिनीहरूले आफ्ना छोराछोरीहरूलाई आफैले त्यतातिर उचालिरहेका छन् कि?- आडभेन्टिस्ट होम, १८८।

जवानहरूलाई प्रभुमा ल्याउन पास्टरहरूलाई बाबुआमाको सहयोग चाहिन्छ- आफ्ना छोराछोरीहरू चर्चप्रति चासो नदेखाउने र सांसारिक मोजमज्जामा लाग्न बढि चासो देखाएको कारण पास्टरहरूले आफ्नो पास्टरीय काम राम्रोसँग नगरेकोले भनेर तिनीहरूलाई आरोप लगाउँछन्। यो सत्य हो कि चर्चले विश्वासमा अटल भएका अगुवा र पास्टरहरू उपलब्ध गराउनुपर्दछ। पास्टरहरूले जवानहरूको निम्ति इमानसाथ परिश्रम गर्नुपर्दछ। विशेष गरेर ती जवानहरू जसले येशूलाई व्यक्तिगतरूपमा विश्वास गरेका छैनन् तिनीहरूलाई विशेष ध्यान दिनु जरुरी छ। ती जवानहरूमात्र होइन चर्चका अरू विश्वासीहरू जसको नाउँ चर्चमा छन् तर तिनीहरू धर्मपरायण र ख्रीष्टको मिजासमा हिँडेका छैनन् तिनीहरूलाई पनि चर्चका आत्मिक सदस्य र पास्टरहरूले ध्यान दिनुपर्दछ। तर पास्टरले जतिसुकै इमान्दारपूर्वक काम गरेतापनि त्यसको उपलब्धि थोरै हुन्छ यदि बाबुआमाले आफूले गर्नुपर्ने कर्तव्यलाई वेवास्ता गर्यो भने। घरमै इसाई शक्ति र मिजासको कमीले चर्चमा पनि आत्मिक शक्ति कमजोर भएकोहुन्छ। जबसम्म बाबुआमाले नै आफूहरूले गर्नु पर्ने काम गर्दैन तबसम्म जवानहरूमा हुनुपर्ने जोश जाँगर ताजा बनाउन कठिन हुनेछ। यदि धर्मले घरमा रजाईँ गर्छ भने चर्चमा पनि त्यो भित्रिनेछ। जो बाबुआमाहरू परमेश्वरको निम्ति काम गर्छन् तिनीहरू असलको निम्ति शक्तिसम्पन्न भइरहेको हुन्छ। जब बाबुआमाहरूले छोराछोरीहरूलाई शिक्षादिक्षा दिएर प्रोत्साहन दिँदै प्रभुको अर्ति दिँदै हुर्काउँछन् तब तिनीहरू रहेको छरछिमेकीहरूको निम्ति पनि तिनीहरू आशिषमय हुनसक्छ। बाबुआमाको

विश्वास र इमानसाथको कामले गर्दा चर्चमा पनि बल पुग्दछ। - चाइल्ड गाइडेन्स, ५५०।

कतिपय बाबुआमाहरू घरबाट बाहिर इसाई काममा सक्रिय हुन्छन् तर आफ्नै छोराछोरीहरू मुक्तिदाताको बारेमा अपरिचित हुन्छन्- कतिपय बाबुआमाहरू विदेशमा सुसमाचार प्रचार गर्न धेरै चाहना गर्छन्; घरबाहिर इसाई कामको निम्ति धेरै सक्रिय हुन्छन् तर, आफ्नै घरका छोराछोरीहरू प्रभु येशू र उहाँको प्रेमको बारेमा अनजान छन्। धेरै बाबुआमाहरूले आफ्नो छोराछोरीहरूलाई येशूकहाँ ल्याओस् भनेर पास्टर र साबथ स्कुलको शिक्षकमाथि भरोसा राख्दछन्, तर त्यो जिम्मेवारी तिनीहरूलाईमात्र पन्छाएर परमेश्वरले दिनुभएको छोराछोरीहरूलाई आफूहरूले वेवास्ता गर्नु मनाशिव छैन। आफ्ना छोराछोरीहरूलाई इसाई चरित्रमा ढाल्न र तालिम दिनु नै बाबुआमाले परमेश्वरको उच्च सेवा गरिरहेको ठान्नुपर्दछ। यस काममा धैर्यताको खाँचो छ। यो जिन्दगीभरको काम हो। छोराछोरीहरूलाई येशूतिर सजग गराउन लगनशील भएर प्रयत्न गरि नै रहनुपर्दछ। यस काममा हामीले वेवास्ता गर्दा हामी परमेश्वरका विश्वासघाती भन्डारेहरू भनेर प्रमाणित गरिरहेका हुन्छौँ। बाबुआमाले आफ्ना छोराछोरीहरू प्रभुमा नल्याउने कुनै पनि बहाना प्रभुको निम्ति स्वीकार्य छैन। - क्राइस्ट अबजेक्ट लेसनस्, १९५।

छोराछोरीहरूलाई प्रभुमा हुर्काउन बाबुआमाको प्रयास पछि दोस्रो प्रयास गर्नेमा पास्टर र चर्चका सदस्यहरू हुन्छन्- बगालका पाठाहरूलाई स्याहार गर्न चर्चले विशेष हेरचाह गरोस्। बालबालिकाहरूको प्रेम जित्न र सत्यमा बाँधिराख्न पास्टर र चर्चले सकेसम्म आफ्नो प्रत्येक प्रभाव र बललाई प्रयोग गर्न प्रयास गर्नुपर्छ। बालबालिका र जवानहरूहरूलाई सुरक्षित बाटोमा लैजान बाबुआमाहरूको प्रथम प्रयासमा साथ दिनुपर्दछ। प्रभुले जवानहरूलाई बोलाउँदै हुनुहुन्छ। ख्रीष्टको झण्डामुनि रहेर असल सेवाको निम्ति सहयोगी बन्न उहाँले नै तिनीहरूलाई सघाउनुहुनेछ। - द एडभेन्टिस्ट होम, ३५८, ३५९।

आत्मिकरूपमा सफल भएका बाबुआमाहरूले चर्चका अरू जवानहरूलाई सेवा गर्नुपर्छ- बालबालिका र जवानहरू सैतानका शिकार हुन्। तिनीहरूले थाहै नपाइकन सैतानले तिनीहरूलाई फसाउँछन् र तिनीहरू नाशतिर जाउन् भनेर सैतानले ठूलो चाहना गरिरहेको हुन्छ। पक्का र सच्चा इसाईहरूले साना बालबालिका र जवानहरूप्रति हृदयदेखि नै माया गरेर तिनीहरूको भलाइको निम्ति चासो देखाउँछन्। बाबुआमाहरू हो यदि तपाईँहरूले सैतानको छलदेखि आफ्ना छोराछोरीहरूलाई सुरक्षित राख्नुभयो भने तपाईँहरूले तिनीहरूलाई अनन्त जीवनको निम्ति तयार हुनेछन्। वर्तमान समाजमा बालबालिका र जवानहरूलाई परमेश्वरबाट अलमलाउने धेरै स्रोत र साधनहरू छन्, तर बाबुआमाहरूले आफ्ना छोराछोरीहरूलाई त्यसबाट सुरक्षित राख्नु पर्दछ। - आवर हाइ कलिङ्ग, १२१।

सेवा गर्न तालिम दिनुपर्छ

यदि जवानहरूलाई उचित रूपमा शिक्षादीक्षा दिए तिनीहरू स्वामीको निम्ति कर्मठ कार्यकर्ता हुन सक्छ- जवान युवा र युवतीहरू परमेश्वरको कामको निम्ति शिक्षित बनाउनु पर्दछ। प्रभुले युवाहरूलाई चुन्नुहुन्छ किनभने तिनीहरू जोश, जाँगर र बलमा फुर्तिलो हुन्छ। यदि तिनीहरूलाई ठिक र उचितरूपमा तालिमा दिए तिनीहरू प्रभुको निम्ति कर्मठ कार्यकर्ता हुन सक्छन्। यदि ती युवा र युवतीहरूले परमेश्वरमाथि भरोसा राखे तिनीहरूको सल्लाहकार परमेश्वर नै हुनुहुनेछ। उहाँले तिनीहरूलाई ग्रहण गर्नुहुनेछ, र आफूसँग सहकर्मी बनाउनुभएर तिनीहरूलाई उहाँले उचाल्नुहुनेछ। तर, तिनीहरूले परमेश्वरको सदिच्छामा आफूहरूलाई सुम्पनुपर्दछ। - द रिभ्यु एण्ड हेराल्ड, मार्च २४, १८९१।

पास्टर र चर्चका पाको सदस्यहरूले जवानहरूलाई केवल आधामात्र प्रभावित पार्छन् तर येशूको भावनामा भावित जवानहरूले आफ्ना मित्रहरूलाई पूरै प्रभाव पार्न सक्छन्- प्रिय युवा र युवती

मित्रहरू, अहिले तिमीहरूले प्रभुको निम्ति जे काम गरिरहेकाछौ सो आफ्नो शक्तिले भ्यायसम्म गरिनै रहने निर्णय गर्यौं भने तिमीहरूले येशूको सहयोग पाउनेछौ भन्ने कुरामा ढुक्क हुनुपर्छ। तिमीहरू आफ्ना साथीभाइहरूसँग मिलनसार भएर प्रभुको सन्देश सुनाउन सुरु गर्न प्रयत्नशील होऊ। युवायुवतीहरूलाई पास्टर र चर्चका पाको उमेर भएका मानिसहरूले तिमीहरूले जस्तो प्रभाव पार्न सक्दैनन् वा गरेपनि त्यो अपूरक हुन्छ। तर तिमीहरूसँग सम्पर्कमा आएका साथीहरूलाई प्रभुको निम्ति प्रभाव पार्न तिमीहरू बढि सक्षम् हुनसक्दछौ। तिमीहरूका साथीभाइहरूले पनि मुक्ति पाओस् भन्ने बोझ तिमीहरूमा हुनुपर्दछ। तिनीहरूलाई येशूको बारेमा सुनाउने पास्टर र अरू चर्चका सदस्यहरूकोमात्र होइन तिमीहरूको पनि जिम्मेवारी हो भनेर महसुस गर्नुपर्दछ। - हिस्टोरिकल स्केचेस् अभ द फरिन मिशनस् अभ द सेभेन्थ-डे एडभेन्टिस्टस्, २८८।

जब जवानहरूले चर्चको निम्ति सक्रिय हुन्छन् तब सैतानले ल्याउने अनेकौं धरापबाट जोगिन सक्छन्- चर्चका पदाधिकारीहरूले एक आपसमा छलफल गरेर युवा र युवतीहरूलाई तिनीहरूमा भएका खुबी, प्रतिभा र दक्षतालाई प्रयोग गर्न तालिम दिनुपर्छ भनेर किन निर्णय नगरेको? चर्चका पुरानो र पाको सदस्यहरूले बालबालिका र जवानहरूप्रति गम्भिर भएर करुणा देखाउँदै इमान्दारपूर्वक काम गर्न किन खोज्दैनन्? धेरै युवाहरूले सत्यलाई अङ्गालेका छन्, तैपनि परमेश्वरको कामको निम्ति तिनीहरूलाई शिक्षित बनाएको छैनन् ताकि तिनीहरू आत्मिक मांसपेशी र नसाहरू बलियो पारेर बढ्न सक्ने होस्। यदि युवा र युवतीहरूको दिमाग र शरीरका क्षमताहरूलाई परमेश्वरको कामको निम्ति प्रयोग गरे सैतानले ल्याउने प्रलोभन, लालच र परीक्षाहरूको ढोकालाई बन्द गरिन्छ; त्यसको फलस्वरूप बालबालिका र युवाहरूलाई उसको सेवाको निम्ति तालिम दिने मौका सैतानले पाउँदैन।- द रिभ्यु एण्ड हेराल्ड, मार्च ७, १८९३।

बालबालिकाहरूको साबथ स्कुल

बालबालिकाको साबथ स्कुलमा सिकाउने शिक्षकहरूमा सिकाउने खुबी, भित्री हृदयदेखि चाहना र निरन्तर प्रार्थना गर्ने मनस्थिति भएको आवश्यक छ- कतिपय साबथ स्कुलहरूमा सिकाउन नजान्नेहरूलाई नै अगुवाइ गर्न र सिकाउन जिम्मा दिएका हुन्छन्। तिनीहरूमा बालबालिकाहरूप्रति भित्री प्यार र स्नेह नै हुँदैनन्। सत्यमा हिँड्नु के भनेर तिनीहरू आधा पनि जान्दैनन्। ती मानिसहरूले बालबालिका र जवानहरूलाई जीवन मुहानकहाँ कसरी डोऱ्याउन सक्छ र? शिक्षकहरू आफैले मुक्तिको मुहानको गहिरो पानी पिउन्, अनि परमेश्वरका स्वर्गदूतहरूले तिनीहरूलाई सहयोग गर्नेछन्, र बहुमूल्य बालबालिका र जवानहरूलाई येशूकहाँ ल्याउन के गर्नुपर्छ सो तिनीहरूले सिक्नेछन्। त्यसको निम्ति शिक्षकहरूमा शिक्षण कला, खुबी, भित्रीदेखि चाहना, लगनशीलता चाहिन्छ। तिनीहरूमा प्रार्थनमा संघर्ष गर्ने याकूबको जस्तो जोश चाहिन्छ। रातभरी परमेश्वरसँग कुश्ती खेले पछि याकूबले भनेका थिए, "जबसम्म तपाईँले मलाई आशिष दिनुहुन्न तबसम्म म तपाईँलाई छोड्दिन।" जब परमेश्वरको आशिष शिक्षकहरूमाथि हुन्छ तब तिनीहरूको मातहतमा रहेका बालबालिका र जवानहरूले त्यो प्रतिबिम्बित गरेको आभास् पाउनेछन्। आत्मिक रूपमा अल्छी भएका अगुवाहरूको जिम्मामा युवायुवतीहरूलाई कहिल्यै नलगाउनु; तिनीहरू आफै आत्मिक उँचाईमा उक्लिन जाँगर छैन वा प्रगति गर्न चासो देखाउँदैनन् न त पवित्र काममा तिनीहरूको दिल नै हुन्छ। यदि कोही पनि शिक्षक आत्मिकी छैन र अरूहरूलाई पूर्वाग्रहले हेर्ने बानी छ भने उसले केवल फारिसी प्रवृत्ति वा देखावटी धर्मपरायणतामात्र देखाउँछ जसमा जोश, जाँगर र शक्ति हुँदैन। चाहे शिक्षक होस् चाहे जतिसुकै विद्वानहरू नै किन नहोस् यस खालको प्रवृत्तिले तिनीहरूका दिमागहरूमा अड्डा जमाइरहेको हुन्छ। - काउन्सिल अन साबथ स्कुल वर्क, ११६,११७।

बालबालिकाहरूको साबथ स्कुलमा पास्टरहरूले राम्रोसँग बुझ्दै रोचक तरिकाले बोल्नु पर्दछ- कतिपय साबथ स्कुलका अगुवाहरूले सिकाउन खोज्दा नियास्रो, लामो भाषण हुन्छ र रोचक तरिकाले सिकाउन सक्दैनन्। एक दिन एउटा आमाले आफ्नी दश वर्षकी छोरीलाई पास्टरले के सिकाए भनेर सोधेकी थिइन्। त्यसको जवाफमा उनले भनिन्न, "अँ उनले यो भन्नुभयो र भन्नुभयो र भन्नुभयो, तर खासमा केही पनि भन्नु भएन।" त्यस्तो खेर फाल्ने खालको परिश्रम कसैले गरेको हामीलाई चाहिँदैन। साबथ स्कुलमा अगुवाइ गर्न र सिकाउन हामीसँग भएको सकेसम्म उत्तम तालिमको आवश्यकता छ, जसले गर्दा हामीले सिकेका विषयहरूलाई सफलतापूर्वक हामीले सिकाउन सकौँ। - काउन्सिल अन साबथ स्कुल वर्क, १६९।

साबथ स्कुलमा धेरै बालबालिकाहरूलाई बाइबल सिकाएतापनि धर्ममा अझै चासो नदेखाएको देखिन्छ- कतिपय विश्वासी बाबुआमाका छोराछोरीहरू साबथ स्कुलमा तालिम पाउँछन् र बाइबलको बारेमा परिचित छन् तर येशूधर्ममा चासो देखाएको नपाइएको छ। पवित्र आत्माको शक्तिशाली आह्वानमा पनि तिनीहरू हलचल नगरेको पाइन्छ। तिनीहरू सङ्गतिमा पत्थर जस्तो भएर बस्दछन्। आत्मिक कुरो जतिसुकै घुसाउन खोजेतापनि घुसाउनै सकिदैन। सैतानले मोहनी लगाएका तिनीहरूको दिमागलाई त्यसबाट कसरी छुटाउने? यस मामिलामा म केही भन्न सक्ने अवस्थामा छैन। तिनीहरूका बाबुआमाहरूले तिनीहरूलाई अनुग्रहको सिंहासनमा ल्याएर नम्र हुँदै इमान्दारिता र गम्भिर भएर विश्वाससाथ परमेश्वरसँग बिन्तिभाउ गर्नुको विकल्प म देख्दिनँ। बालबालिकाहरूलाई परमेश्वरतिर चासो बढाउन दिने आफ्नो र पास्टरहरूको प्रयासमा उहाँले साथ दिँदै गरुन् ताकि तिनीहरूले उहाँलाई विश्वास गरेर उहाँतिर फर्कुन्। - द साइनस् अभ द टाइम्स, मार्च १६, १८८२।

बालबालिकाहरूको साबथ स्कुल संचालन गरेपछि अगुवाहरू चर्च जानुपर्दैन भन्ने मनस्थिति तिनीहरूमा हुनुहुँदैन- को साबथ स्कुलमा

भाइ इले बढो चासोको विषय प्रस्तुत गरेका थिए। यसले जवानहरूको दिमागहरूलाई हल्लाइ दिएको थियो, तर चर्चमा सरिक हुने विधिमा तिनीहरू वास्ता गरेनन्। कतिपय समयमा साबथ स्कुलको कार्यक्रम सकिएपछि अगुवा, शिक्षक र धेरै जसो बुद्धिजीवी विश्वासीहरू घरमा गएर आराम लिन्छन्। साथब स्कुलमा सरिक भएपछि तिनीहरूको दिनको काम सकियो र अरू केही गर्नुपर्दैन भनेर तिनीहरूले सोच्दछन्। जब चर्चमा आराधना गर्न घन्टी बज्छ तब मानिसहरू चर्च जान घरबाट निस्कन्छन् तब बाटोमा साबथ स्कुल पछि आ-आफ्ना घर फर्केका मानिसहरू भेट्दछन्। साबथ स्कुलको कक्षा जतिसुकै महत्त्व भएतापनि चर्चमा पास्टरले प्रस्तुत गरेका महत्त्वपूर्ण बाइबल विषयहरू सुन्न र त्यसबाट आनन्द लिन कतिपय साबथ स्कुलका सहभागीहरूले चासो नलिएको देखिन्छ। कतिपय बालबालिकाहरू सार्वजनिक आराधना कार्यक्रममा भेला लिएका हुँदैनन् र तिनीहरूले सुन्नुपर्ने परमेश्वरको वचनबाट बंचित भएका हुन्छन्। साबथ स्कुलमा पनि बाइबलको पाठ, चर्चमा पनि बाइबलको पाठ, यो धेरै थकाइ लाग्दोछ भनेर साबथ स्कुलमा सहभागी हुन कतिपयले सोच्दछन्।-काउन्सिल अन साबथ स्कुल वर्क, १८३।

अध्याय ५२
येशू हाम्रो अनुसरणीय पास्टर हुनुहुन्छ

(विशेष जानकारी: अहिलेको परिवेशमा जस्तै येशूले कुनै पनि चर्चमा पास्टरीय काम गर्नुभएन। तर अहिलेका पास्टरहरूले जस्तो, उहाले प्रवचन दिनुभयो, प्रचार गर्नुभयो, सिकाउनुभयो र ठूलो समूह वा व्यक्तिगत रूपमा सेवा गर्नुभयो। उहाँले पास्टरीय काम नै गर्नुभयो भन्ने कुरालाई ख्यालमा राख्दा उहाँले केवल बार्ह जनाको चर्च समूहलाई निरन्तर रूपमा सेवा गर्नुभएको थियो। यसले सानो संख्या भएको चर्चमा सेवा गर्नु पनि अवसर नै हो भनेर पास्टरहरूले महसुस गर्न सहयोग गर्दछ। कतिपय समयमा पास्टरहरूले आफ्नो सबै बगाललाई एकत्रित राख्न नसक्दा हतोत्साह पनि हुन्छन्। तर तिनीहरूले यो महसुस गर्नुपर्छ कि जाबो बार्हजनालाई त येशूले एकत्रितमा राख्नुभएन भने, किनभने एक जना त भ्रष्ट इसाई नै भएको थियो, त्यसकारण आफ्नो असफलताप्रति पास्टरहरू त्यस्तो दु:ख मान्नु आवश्यक छैन। एलेन जी ह्वाइटका देहायका कथनहरूमा येशू ख्रीष्टलाई बारम्बार मूल गोठालो भनेर सम्बोधन गरिएको छ भने, उहाँको मूनि रहेका पास्टरहरूलाई उहाँका सहयोगी गोठालाहरू भनेर सम्बोधन गर्नु भएको छ। येशू पास्टरहरूको नमुना पास्टर हुनुहुन्छ)।

येशू ख्रीष्ट प्रमुख गोठालो हुनुहुन्छ, सहगोठालोहरूको निम्ति उहाँ सिद्ध अनुसरणीय उदाहरण हुनुहुन्छ- येशू प्रमुख वा प्रधान गोठालो हुनुहुन्छ। उहाँका मूनि रहेका गोठालाहरूलाई उहाँको बगाललाई हेरचाह गर्ने जिम्मे सुम्पिनुभएको छ। जुनरूपमा उहाँले उहाँका भँडाहरूप्रति बढो चासो लिनुभएको थियो त्यही चासो उहाँका सह गोठालोहरूले लिउन् भन्ने उहाँको चाहना छ। आफूलाई सुम्पिएको आफ्नो बगालमाथि

रेखदेख गर्न येशूले देखाउनुभएको जिम्मेवारी जस्तै पास्टरहरूले पनि तिनीहरूको भरोसामा सुम्पिएको बगालको रेखदेख गर्न आफ्नो जिम्मेवारी हो भनेर महसुस गर्नुपर्दछ। परमेश्वरको वचन सिकाउन र शिक्षादीक्षा दिन अभिषेक गरेका पास्टरहरू प्रधान गोठालोका गोठालाहरू हुन्। उहाँकै मातहतमा उहाँको बगालको रेखदेख गर्न र स्याहार गर्न उहाँले तिनीहरूलाई नियुक्त गर्नुभएको थियो। ती गोठालाहरूले विश्वासपूर्वक काम गरुन् भनेर उहाँले गम्भिर भएर तिनीहरूलाई निर्देशन दिनुभएको यस्तो थियो: लगनशील र मेहनत गरेर भेँडाहरूलाई निरन्तररूपमा परमेश्वरको वचन ख्वाऊ, उहाँको उदाहरणमा हिँड्नु, कमजोरीहरूलाई बलियो बनाऊ, हताश निराश भएर विश्वासमा ढलमल हुनेहरूलाई हृष्टपुष्ट बनाऊ र सैतानका विभिन्न हिँस्रक पशुहरूबाट सुरक्षित राख। आफ्ना भेँडाहरूप्रति उहाँको प्रेम कस्तो छ भनेर उहाँले औँल्याउनुभएको थियो। तिनीहरूको उद्धारको निम्ति उहाँले आफ्नै जीवन दिनुभएको थियो। यदि पास्टरहरूले उहाँको स्वार्थ त्यागको उदाहरणको अनुसरण गरियो भने तिनीहरूको स्याहारमा रहेको बगालको उन्नति हुनेछ। - स्पिरिच्युल गिफट्स ३:१२३।

येशू ख्रीष्टको सेवा गर्ने वास्तविक अर्थ के हो भनेर बिस जना पास्टरमा एक जनालाई पनि थाहा छैन- कतिपय समयमा परमेश्वरको ज्ञान पाएको छु भनेर दावी गरिन्छ तर त्यो मानवीय ज्ञानमा बिलाउन सकिन्छ। प्रत्येक पास्टरले येशूले कसरी शिक्षा दिनुभयो सो ध्यान दिएर अध्ययन गर्नुपर्छ। उहाँले सिकाउनु भएका पाठहरू तिनीहरूले आत्मसात् गर्नुपर्छ। सेवा गर्ने येशूको कलाको वास्तविक अर्थ र सौन्दर्यता बिस जनामा एक जना पास्टरलाई पनि थाहा छैन। तर त्यो कला तथा खुबी तिनीहरूले थाहा पाउनुपर्दछ। अनि तिनीहरूले उहाँका शिक्षाबाट पाउने बहुमूल्य फलमा तिनीहरू पनि सहभागी हुन सक्छ। उहाँका शिक्षादीक्षा तिनीहरूको जीवन र व्यवहारमा पूरै बुनिनेछ। त्यसले गर्दा उहाँका शिक्षाहरूका धारणा र नीतिहरू

तिनीहरूले सिकाउने बेलामा ल्याउनेछन्। सत्य फूल्नेछ र अत्यन्तै आदर्शमय फल त्यसले फलाउनेछ। अनि उहाँको सेवकको आफ्नै हृदय न्यानो हुनेछ। उसको आत्मिक जीवनमा भएको आगो दनदन बल्नेछ र अरूहरूका दिमागहरूलाई चम्काइ दिनेछ। अनि सबै औपचारिक र सुख्खा प्रवचनहरूको अन्त्य हुनेछ। ती खालका प्रवचनहरू प्रायजसो आफ्नो खुबीलाई गौरब दिने खालका हुन्छन्, येशूको पाऊमा परेर उहाँबाट सिकेर दिने पास्टरको प्रवचनले फल दिनेछ।- म्यानुस्क्रिप्ट रिलिजेज ६:७२।

महान् उदाहरणीय येशूको जीवनको प्रत्येक पक्ष केलाएर अध्ययन गर्नुपर्दछ- जति ख्रीष्टका पास्टर उनको प्रभुसँग घुलमिल गर्छन्, उहाँको जीवन र चरित्रको बारेमा ध्यान गर्छन्, त्यति धेरै नजिक उनको जीवनले उहाँलाई प्रतिबिम्बित पार्दछ र उहाँका सत्यहरू सिकाउन बढि योग्य हुन्छन्। महान् अनुसरणीय उदाहरणको जीवनले प्रत्येक पक्ष होशियारसाथ अध्ययन गर्नुपर्छ, र जीवित विश्वासको प्रार्थनाद्वारा उहाँसँग संवाद गरिरहनुपर्दछ। त्यसको फलस्वरूप उनमा भएको कमजोर मानवीय चरित्र वा मिजास उहाँको महिमित चरित्र वा मिजास जस्तै परिणत हुँदै जानेछ। यसरी सत्यको शिक्षकले मानिसहरूलाई ख्रीष्टतिर अगुवाइ गर्न तयारी हुनेछ। -द स्पिरिट अभ प्रोफेसी ३:२४४।

व्यक्तिगत उपासनाको जीवन

ख्रीष्टको सेवाकार्य प्रार्थनाको चलनमा केन्द्रित थियो- ख्रीष्ट सबै थोकको हाम्रो उदाहरण हुनुहुन्छ। उहाँको जीवन नै प्रार्थनाको जीवन थियो। हो, उहाँ परमेश्वर पिताको बराबरीमा हुनुहुन्थ्यो, उहाँ आफैमा पर्याप्त थियो, उहाँ आशिषको भन्डार हुनुहुन्थ्यो, उहाँको वचनले रोग परास्त्र भएको थियो, आँधीबेरी शान्त गर्नुभएको थियो, र मुर्दालाई जीवन दिनुभएको थियो, तैपनि उहाँ आफ्ना आँखाहरूबाट

धेरै आँशुहरू बगाएर प्रार्थनामा तल्लिन हुनुभएको थियो। कतिपय समय उहाँ रातभरी प्रार्थनामा बिताउनु भएको थियो। जब सहरहरू मस्त निन्द्रामा थिए, स्वर्गदूतहरूले मुक्तिदाताका बिन्तिहरू सुनिरहेका थिए। शिर झुकाएर प्रार्थना गर्ने मुक्तिदातालाई हेर्नुहोस्, उहाँको भित्री हृदय पीडाले निचोरिएको थियो। उहाँ आफ्नो निम्ति प्रार्थना गर्नुभएको थिएन, तर उहाँले उद्धार गर्नेहरूको निम्ति प्रार्थना गर्नुभएको थियो। गलिलको पहाडमा र ओलिभको झाडीमा परमेश्वरको प्रियपुत्र दिलोज्यान दिएर प्रार्थना गरेका थिए। रातभरीको प्रार्थनापछि उहाँ मानिसहरूलाई सेवा गर्न भोलिपल्ट देखा पर्नुभएको थियो। उहाँको जिब्रो जीवित आगोले छोएर नयाँ भएको थियो। - द साइनस् अभ द टाइमस्, सेप्टेम्बर ५, १९००।

प्रार्थनाद्धारा येशूले आफ्नो हृदयलाई ताजा बनाउनुभएको थियो अनि उहाँ सेवा गर्न निस्किनुभएको थियो- यरुशलेममा रहेका विश्वास गर्ने यहूदीहरूको निम्ति येशूको समयमा जैतुनको डाँडा प्रायजसो व्यक्तिगत उपासना गर्ने थलो थियो। यरुशलेमका उपत्यका र पहाडहरूलाई ओझेलोमा पारिएको जैतुन वा अलिभको डाँडामा रुखहरू र बगैँचालाई झ्वाम्म पारेको थियो। त्यहाँ परमेश्वरका भक्तहरू धर्मशास्त्रमा खोजि खोजि अध्ययन गर्दथे र प्रार्थना गर्दथे। गेतसमनीको बगैँचमा पनि मानिसहरू बारम्बार जान्थे। जब यरुशलेम सहर मध्य रातको निन्द्रामा मस्त थिए त्यसबेला येशू आफ्नो पितासँग सम्बाद गर्न गेतसमनीमा पस्निनुहुन्थ्यो। जब उहाँबाट दिनभरी सेवापाएर बेलुकीपख मानिसहरू आ-आफ्ना घरमा जान्थे तब उहाँ अलिभहरूको पहाडमा जानुहुन्थ्यो भनेर हामी पद्छौँ। आफू विश्राम गर्ने ठाउँमा उहाँले आफ्ना चेलाहरूलाई कहिलेकाहीँ लानुहुन्थ्यो। उहाँसँग तिनीहरूले प्रार्थना गरोस् भनेर उहाँले तिनीहरूलाई लानु हुन्थ्यो। प्रार्थनामा ख्रीष्टले परमेश्वरसँग आफ्नो काममा थाम्न शक्ति माग्नुहुन्थ्यो। दिनदिनै बिहान र बेलुका उहाँले अरूहरूलाई बाँड्ने अनुग्रह पाउनुहुन्थ्यो। अनि उहाँको हृदय अनुग्रहको स्वादले

ताजा हुन्थ्यो, र मानिसहरूलाई सेवा गर्न उहाँ अघि सर्नुहुन्थ्यो। - द साइनस् अभ द टाइम्स, जुलाई १५, १९०८।

प्रायजसो येशूले अरूहरूको निम्ति प्रार्थना गर्नुहुन्थ्यो- पिताबाट ख्रीष्टले निरन्तररूपमा वचनहरू पाइरहनुहुन्थ्यो ताकि उहाँले हामीलाई दिन सकुन्। यसलाई पुष्टि गर्न उहाँले भन्नुभयो, "जुन बचनहरू तिमीहरूले सुन्छौँ, ती मेरा होइनन्, तर मलाई पठाउनु पिताको हो।"... मानिसको पुत्र मानिसहरूबाट सेवा वा सम्मान पाउन आएको होइन तर सेवा गर्न वा सम्मान दिन आएको हो। येशूले आफ्नो मान खोज्नुभएन र अरूहरूले उहाँलाई सम्मान र कदर गरुन् वा सेवा गरुन् भनेर उहाँ आउनुभएको थिएन। तिनीहरूको निम्ति उहाँ बाँच्नुभयो, सोच्नुभयो र प्रार्थना गर्नुभयो। रातभरी उहाँ परमेश्वरसँग घन्टौँ घन्टा प्रार्थना लाग्नुहुन्थ्यो। अनि बिहान बिहानै मानिसहरूको निम्ति स्वर्गबाट आत्मज्ञानको ज्योति ल्याउनुहुन्थ्यो। दिनदिनै उहाँले पवित्र आत्माको ताजा बप्तिस्मा पाउनुहुन्थ्यो। नयाँ दिनको सबैरै बिहान पिताले उहाँलाई निन्द्राबाट ब्युँझाउनुहुन्थ्यो। उहाँको हृदय वा आत्मा र ओठहरू अनुग्रहले अभिषेक गरिन्थ्यो, ताकि त्यो अनुग्रह अरूलाई दिन सकुन्। - द रिभ्यु एण्ड हेराल्ड, अगस्ट ११, १९१०।

जीवनलाई हैरान पार्ने गतिविधिलाई कसरी सम्हाल्ने भनेर येशू ख्रीष्टको उदाहरण पास्टरहरूलाई देखाइएको छ- के पास्टरहरूलाई सैतानले भयङ्कर हैरानीमा पारिरहेको छ कि वा परिक्षामा पारिररहेको छ? पापै नजान्ने ख्रीष्टलाई पनि हैरान पार्न, परीक्षा गर्न र प्रलोभनमा फसाउन सैतानले छोडेको थिएन। हैरान र बिपतमा परेको बेलामा उहाँको पितातिर फर्किनुभएको थियो। उहाँ हाम्रो नमुना हुनुहुन्छ। उहाँ यस पृथ्वीमा आउनुभयो ताकि उहाँका सेवकहरूलाई चाहिएको बेलामा अनुग्रह र बल उहाँले उपलब्ध गराउन सकुन्। उहाँको उदाहरण अनुसार चलेर, उहाँको मार्गमा चलेर र दिलोज्यान प्रार्थना गरेर चल्दा सैतानले ल्याउने हैरानीहरूबाट उहाँले आफ्ना सेवकहरूलाई सुरक्षित राख्न सक्नुहुन्छ। यदि ख्रीष्टका पास्टरहरू

उहाँको नमुनालाई नक्कल गरेर चल्यो भने तिनीहरूमा उहाँको आत्मा वा मिजास घुस्न सक्नेछ र तिनीहरूलाई स्वर्गदूतहरूले सेवा गर्नेछन्। - द रिभ्यु एण्ड हेराल्ड, मे १९, १८८५।

मानिसहरूप्रति ईश्वरीय प्रेम र स्नेह

येशू ख्रीष्ट आफै उहाँमा मानिसहरूसँग परिचित गर्नुभएको थियो- उहाँका जनहरूको आवश्यकताहरूमा ख्रीष्ट आफै परिचित हुनुभएको थियो। उहाँले भन्नुभयो: "म भोकाएको थिएँ, तिमीहरूलाई मलाई खान दियौ: मलाई तिर्खा लागेको थियो, तिमीहरूले मलाई पानी पिउन दियौ: म अपरिचित थिएँ, तिमीहरूलाई मलाई घरमा भित्रायौ: म नाङ्गो थिएँ, तिमीहरूले मलाई लाउन लुगा दियौ: म बिरामी थिएँ, तिमीहरूले मलाई भेट्न आयौ: म झ्यालखानामा थिएँ, तिमीहरू मकहाँ आयौ।" येशूका भक्तहरूको निम्ति परमेश्वरका जनहरूमा कोमल स्नेह र भित्री हृदयदेखि सच्चा प्रेमका हृदयहरू हुनुपर्दछ। हराएको भेँडालाई गोठोलोले कसरी दिलोज्यान दिएर खोजे त्यसले उहाँका भक्तिहरूप्रति कतिको गहिरो चासो रहेछ भनेर उहाँले देखाउनुभएको थियो। पास्टरहरूले पनि येशूको उदाहरण अनुसार आफ्नो बगाललाई करुणा, माया, ममता, कोमलता र प्रेम देखाउनुपर्छ, किनकि उहाँले हामीलाई त्यही तरिकाले माया गर्नुभएको थियो। - टेस्टिमोनिज फर द चर्च ३:१८६।

येशूको प्रत्येक सेवा गर्ने क्षणमा प्रेम, दया, सदाशयता र करुणा देखाउनुभएको थियो- यस पृथ्वीमा उहाँ आउनुको लक्ष्य यसरी स्पष्ट पार्नुभएको थियो, “परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, र परमप्रभुका प्रसन्नताको वर्ष (वा उहाँको दोस्रो आगमन) घोषणा

गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।" लूका ४:१८-१९। यो काम उहाँको थियो। उहाँले असल काम गर्दै जानुभयो र सैतानको दवावमा परेर बिरामी हुनेहरूलाई निको पार्दै जानुभएको थियो। सारा गाउँहरूका कुनै घर पनि थिएन जहाँ बिरामीको चपेटामा परेर शोक गर्नुपर्ने थियो। उहाँ ती गाउँ घरहरूमा हिँड्नुभएको थियो र उहाँले सबै खालका बिरामीहरूलाई निको पार्नुभएको थियो। उहाँको कामले नै उहाँलाई परमेश्वरले अभिषेक गर्नुभएको थियो भनेर प्रमाणित गरेको थियो। उहाँको जीवनको प्रत्येक क्षणले प्रेम, दया र करुणा देखाउनुभएको थियो। मानिसहरूका सन्तानको निम्ति उहाँको कोमल सहानुभूतिले जलेको थियो। उहाँले मानिसको स्वभाव लिनुभयो ताकि प्रत्येक मानिसको चाहनालाई उहाँले पुऱ्याउन सकुन्। एकदम गरिब, विपन्न र नम्र वा समाजबाट हेपिएका मानिसहरू उहाँकहाँ आउन डराएका थिएनन्। साना बालबालिकाहरू पनि उहाँतिर आकर्षित थिए। उहाँको काखमा बस्न तिनीहरू मन पराएका थिए र उहाँको हँसिलो र मायालु मुहार हेर्न उत्सुक थिए। - बाइबल ट्रेनिङ्ग स्कूल, जनवरी १,१९०९।

मुख्य गोठालोको मूनि रहेर काम गर्ने गोठालाहरूले अरूहरूप्रति निरन्तररूपमा चासो देखाउनुपर्छ- हराएकाहरूलाई खोज्न र भेट्टाउन असल गोठालो आउनुभएको थियो। आफ्नो कामले उहाँका भँडाहरूलाई कतिको माया गर्नहुन्थ्यो भनेर प्रकट गर्नुभएको थियो। सबै गोठालाहरू जो मूख्य गोठालोको मूनि रहेर काम गर्दछन् तिनीहरूमा पनि उहाँका गुण र मिजासहरू हुनेछन्। तिनीहरू नम्र हुनेछन् र तिनीहरूमा आफ्नो भाऊ नखोजी झुक्न सक्ने हृदयहरू हुनेछन्। बालकको जस्तो विश्वासले मानिसको हृदयमा आराम हुन्छ। तिनीहरूले प्रेमले नै परिचालित हुनेछन् र अरूहरूप्रति जहिले पनि चासो दिइरहनेहुन्छन्। यदि तिनीहरूमा येशू ख्रीष्टको आत्मा वा मिजास छ भने तिनीहरू येशू ख्रीष्ट जस्तै हुनेछन् र उहाँले गर्नुहुने काम तिनीहरूले पनि गर्नेछन्। -टेस्टिमोनिज फर द चर्च ४:३७७।

सेवक अगुवा

येशूले जस्तै सफलता पाउन, उहाँ जस्तै नम्र भएर चल्नुपर्दछ- प्रिय मुक्तिदाता येशूले सबैको निम्ति उहाँले उल्लेखनीय नम्रताका पाठहरू सिकाउनुभएको थियो। ती पाठहरू विशेष गरेर सुसमाचारको पास्टरको निम्ति देखाइएका थिए। जब यस पृथ्वीमा उहाँको काम सिद्धिनै लागेको थियो तब उहाँ पिताको सिंहासनमा फर्किन लाग्दै हुनुहुन्थ्यो। उहाँ स्वर्गबाट यस संसारमा आउनुभएको थियो। उहाँका हातहरूमा सबै शक्ति थियो र उहाँको शिरमा सबै महिमा थियो। तैपनि उहाँ नम्र भएर मानवरूप धारण गरेर आउनुभएको थियो, यस संसारमा उहाँले आफ्ना चेलाहरूलाई सिकाउनुभएको धेरै पाठहरूमा उहाँको आखिरी क्षणमा विनम्र हुनु, आफ्नो भाऊ नखोज्नु भनेको के हो भनेर सिकाउनु भएको थियो। प्रतिज्ञा गरिएको राज्यमा को भन्दा को ठूलो हुने होला भनेर चेलाहरूले तँछाडमछाड गर्दै बहस गरिरहेका थिए। त्यसबेला उहाँले आफ्नो कम्मरमा रुमाल बाँध्नुभयो र उहाँलाई प्रभु र स्वामी भन्नेहरूका खुट्टा नोकरले जस्तै धुनुभएको थियो। - टेस्टिमोनिज फर द चर्च ४:३७३।

आफूले सेवा गरिरहेका चर्चका सदस्यहरूले सराहना नगरेकोले निराश भएका पास्टरहरूले येशूलाई पनि याद गर्नुपर्छ- स्वर्गदूतहरूले येशूको सेवा गरेका थिए, तैपनि तिनीहरूको उपस्थितिले येशूको जीवन आरामदायी थिएन र सैतानको भयानक परीक्षा वा प्रलोभनबाट र कठोर संघर्षबाट उहाँ मुक्त हुनुभएको थिएन। हामीलाई पर्ने सबै परीक्षा र प्रलोभनमा उहाँ पर्नुभएको थियो तैपनि उहाँमा पाप थिएन। यदि प्रभुले खटाउनुभएको काममा पास्टरहरू लागेका छन् भने तिनीहरूमा आउने दु:ख, कष्ट, अन्यौलता र अनेकौँ परीक्षा तथा प्रलोभनको सामना गर्नु परे तिनीहरू निराश हुनुहुँदैन। तिनीहरूलाई यो थाहा पाइराख्नुपर्दछ कि तिनीहरूकै प्रभुले ती सबै थोकहरूको सामना गर्नुभएको थियो। तिनीहरूको काममा अपेक्षा नगरिएका कस्ता कस्ता समस्या आउँदा के तिनीहरूले परमेश्वरमाथिको भरोसा

त्याग्नु हुन्छ र? आफ्नै देशवासीको उद्धारको निम्ति येशूले लगनशील र इमान्दारपूर्वक परिश्रम गर्नुभएको थियो; तर उहाँका सबै परिश्रम र अथक प्रयासहरू उहाँले उद्धार गर्न आउनेहरूले नै तिरस्कार गरेर उहाँलाई थिचोमिचो गरेका थिए, आखिरमा अनेकौँ बेइज्जत गरेर उहाँलाई मारे। तिनीहरूलाई जीवन दिन उहाँ आउनुभएको थियो, तिनीहरूले उहाँको हत्या गरे। टेस्टिमोनिज फर द चर्च २:५०९।

प्रभुको निम्ति मानिसहरूको मन जित्नु

प्रभुको निम्ति मानिसहरूको मन कसरी जित्ने भन्ने ठिक उदाहरण येशू ख्रीष्टले दिनुभएको छ- सुसमाचारको पास्टरले कसरी काम गर्नुपर्छ भनेर येशूले ठिक उदाहरण दिनुभएको छ। एउटा लक्ष्यको निम्ति उहाँले दिलोज्यान दिएर परिश्रम गर्नुभएको थियो; उहाँका सबै शक्ति र बलहरू मानिसहरूको मुक्तिको निम्ति प्रयोग गर्नुभएको थियो। उहाँले गर्नुभएको प्रत्येक कामको लक्ष त्यसैमा निर्दिष्ट थियो। उहाँ हिँडेर यात्रा गर्नुभयो। जहाँ जहाँ उहाँ जानुभयो त्यहाँ त्यहाँ उहाँले सिकाउनुभयो। उहाँका लुगाहरू धुलै धुलोले ढाकिएको हुन्थ्यो। उहाँको अनुहार अरूहरूको जस्तो रवाफिलो थिएन। उहाँ साधारण हुनुहुन्थ्यो, तर उहाँको ईश्वरीय मुखारबाट निस्केका सत्यका वचनहरू सुनेर मानिसहरूले उहाँको अनुहारलाई बिर्सनुपुगेका थिए। मानिसहरू उहाँप्रति होइन तर उहाँको शिक्षादीक्षाको मोहमा परेका थिए। टेस्टिमोनिज फर द चर्च ४:३७३।

असल गोठालोले बरालिएका भेँडाहरूलाई दिलोज्यान दिएर खोज्छन् र तिनीहरूलाई न्यानोपाराले घरमा स्वागत गर्छन्- प्रभुको सेवाकार्य गर्ने पास्टरको निम्ति मसँग सन्देश छ। उहाँलाई तपाईँले दिनुभएको कामप्रति परमेश्वर खुशी हुनुभएको छैन। तपाईँका हातका कामहरूलाई उहाँले स्वीकार्नुभएको छैन, किनभने तपाईँले मानिसहरूको मुक्ति र चर्चको सुस्वास्थको निम्ति अत्यन्तै महत्त्वपूर्ण कामलाई

वेवास्ता गरिरहनुभएको छ। पास्टरको कामै गोठाला हुनु हो। असल गोठालोले उन्नानसय भेँडाहरू एउटा हराएको भेँडाको निम्ति बगालमै छोड्छ; तर जतिसुकै अंध्यारो र हुरीबतास आएको रात, डरलाग्दो र नरमाइलो बाटोमा जानु परेतापनि जतिसुकै टाढा र उराठ लाग्दो खोजीकार्य गर्नुपरेतापनि ऊ थाक्दैन र निराश भएर घर फर्किन्दैन, तर हराएको भेँडा नपाउँञ्जेल उसले आफ्नो खोज्ने प्रयास जारी राख्छ। तर जब उसले हराएको भेँडा भेट्टाउँछ त के ऊ रिसले पिटपाट गरेर गाली गर्दै आफ्नो पछि लाग्न आदेश दिन्छ त? उसले गर्दा आफूले धेरै दु:खकष्ट र चिन्ता गर्नुपरेकोले के उसलाई हप्काउँदै घिसार्दै लान्छ त? अहँ; उसले थाकेको, डरले कामीरहेको, हैरान भएको र बरालिएको भेँडालाई आफ्नो काँधमा राख्छ र खुशी हुँदै घर फर्कन्छ। आफ्नो प्रयास वेकार नभएको महसुस गर्दै त्यस भेँडालाई बगालमा राख्छ। ऊ खुशी भएर गीतका सुरिलो धुनहरू गाउँछन् र गोठालोको आनन्दमा स्वर्गका गीती समूह पनि गाएर गोठालोसँग मिल्दछन्। जब हराएको येशूको भक्त भेट्टाइन्छ तब स्वर्ग र पृथ्वी हर्षोउल्लासाथ एक भएर रमाउँछन्। - द रिभ्यु एण्ड हेराल्ड, अगस्ट २३, १९९२।

प्रचारक-शिक्षक

आफ्नो सेवाकार्यमा येशूले केवल प्रवचनमात्र दिनुभएन, उहाँले मानिसहरूलाई शिक्षित पनि बनाउनुभयो- महान् गोठालोको उदाहरण हामीले नजिकैबाट हेरेर पछ्याउन खोज्नुपर्दछ। उहाँले चेलाहरूको सानो समूहसँग काम गर्नुभएको थियो। तिनीहरू र अरू मानिसहरूसँग उहाँले पुरानो करार अध्ययन गर्नुभएको थियो। उहाँको सक्रिय सेवाकार्यमा केवल प्रचारमात्र गर्नुभएन तर मानिसहरूलाई परमेश्वरको बारेमा शिक्षित पनि बनाउनुभएको थियो। जब उहाँ गाँउहरू भएर जानुहुन्थ्यो तब उहाँले मानिसहरूको घरघरमा गएर व्यक्तिगत सम्पर्क राख्नुहुन्थ्यो। तिनीहरूलाई सिकाउनुहुन्थ्यो र तिनीहरूका

आवश्यकताहरूको सेवा गर्नुहुन्थ्यो। जब हुलका हुल उहाँको पछि लाग्थे तब उपयुक्त ठाउँमा उहाँ रोकेर तिनीहरूलाई सम्बोधन गर्नुहुन्थ्यो। उहाँले प्रतिक र अर्तिकथाहरूद्वारा आफ्नो शिक्षालाई सरलिकरण गर्नुहुन्थ्यो। - इभान्जलिजम, २०३।

येशूले सरल र सबैले बुझ्ने गरेर प्रचार गर्नुहुन्थ्यो- उहाँका वचनहरू सरल र स्पष्ट थियो। उहाँले बोल्नुभएको शब्दहरूको अर्थ के रहेछ भनेर शव्दकोश हेर्नु आवश्यक थिएन। बालकले पनि उहाँको शिक्षा बुझ्थ्यो। जसरी उहाँले काम गर्नुभयो त्यसरी नै उहाँको उदाहरणलाई पछ्याएर हामीले पनि गर्नुपर्छ। - द साइनस् अभ द टाइम्स, जुलाई ८,१८८९।

सर्वसाधारण मानिसहरूको मनस्थितिहरूसँग मिल्दो गरेर उहाँले बोल्नुहुन्थ्यो- यदि येशूले जस्तै हामीले पनि काम गर्यौं भने थोरै समयमा धेरै काम गर्न सक्ने हुन्छौं। उहाँले सिकाउनुभएको तरिकाहरूलाई चिन्तनमनन गर्दा हामीलाई नै फाइदा हुन्छ। उहाँले सर्वसाधारण मानिसहरूको दिमागलाई बुझेर तिनीहरूलाई सुहाउँदो वचन बोल्न प्रयास गर्नुहुन्थ्यो। उहाँको तरिका सरल थियो, सबैले बुझ्न सक्ने स्पष्ट थियो। - इभान्जलिजम, ५६५।

येशूले बोल्नुभएको सुन्दा कोही पनि आफूलाई वास्ता गरेर र पन्छाएको अनुभव गर्दैनथ्यो- प्रत्येक मानिसको हृदयमा कसरी पस्ने भन्ने बाटो उहाँले खोज्नुहुन्थ्यो। उहाँले विभिन्न चित्रण तथा अर्तिकथाहरूद्वारा विभिन्न ठाउँहरूमा सत्यलाई प्रस्तुतमात्र गर्नुभएन विभिन्न श्रोताहरूको हृदयमा पनि ती सत्यहरू गाभिन्थ्यो। जब तिनीहरूको दैनिक जीवनमा आधारित बस्तुहरूलाई आधार बनाएर उहाँले वचन दिनुहुन्थ्यो तब श्रोताहरूको चासो बढ्थ्यो। उहाँलाई सुन्ने सबैले "मलाई नै सम्बोधन गर्नुभएको," भन्ने आभास् हुन्थ्यो। नम्र, विपन्न वर्ग र अत्यन्तै पापीले उहाँको शिक्षालाई सुन्थे। जब उहाँ बोल्नुहुन्थ्यो तब उहाँले कोमल र सहानुभूतिको तरिकाले बोल्नुहुन्थ्यो। - क्राइस्टस् अबजेक्ट लेसनस्, २१।

जब येशूले सम्बोधन गर्नुहुन्थ्यो श्रोताहरू एकाग्र भएर सुन्दथे र सकेसम्म विषयबस्तुलाई अन्त लान खोज्नु हुन्नथ्यो- जब येशूले सत्यलाई प्रस्तुत गर्नुभयो तब उहाँले आफ्नो विषयबस्तुबाट यताउती लाग्नुभएन। तैपनि तिनीहरूको अनुभव र ज्ञानमा नयाँ, परिवर्तनशील र प्रगतिशील सत्यहरू बुनिनु पर्थ्यो। त्यसकारण तिनीहरूले दैनिक जीवनमा परिचित बस्तुहरूलाई चित्रण गर्नुभएर तिनीहरूको चासो बढाउनुहुन्थ्यो। उहाँले सिकाउनुहुँदा उहाँले चित्रण गर्नुभएको बस्तुहरूले तिनीहरूको दिमागलाई खेलाउँथ्यो। उहाँका कतिपय शिक्षाहरू मार्मिक थिए र तिनीहरूलाई सम्झिन्दा तिनीहरूको हृदयहरू पवित्रताले छुन्थ्यो। मानिसहरूको हृदयको भित्री मन्दिरमा उहाँ पुग्न प्रयास गर्नुहुन्थ्यो। तिनीहरूको चासोहरूप्रति आफू नै परिचित हुनुभएर उहाँले सिकाउन प्राकृतिक बस्तु र तिनीहरूलाई नै थाहा भएको थोकहरूलाई औँल्याएर अर्तिकथाहरू भन्नुहुन्थ्यो। मान्यस्क्रिप्ट रिलिजेज १:२२।

सत्यलाई दिमागमा घुसाउन येशूले बारम्बार पाठ दोहोऱ्याउनुहुन्थ्यो तर विभिन्न उदाहरण दिएर- शिक्षित वर्ग उहाँको शिक्षाप्रति छक्क पर्दथे, र अशिक्षितहरूले उहाँका शिक्षाहरूबाट लाभ उठाउँथे; किनभने तिनीहरूको बुझाइमा नै आधारित उहाँले सिकाउनुभएकोले तिनीहरूले बुझ्दथे। दैनिक जीवनको रहनसहनलाई नै उदाहरण बनाएर उहाँले सिकाउनुहुन्थ्यो। तिनीहरू साधारण र सरल नै भएतापनि उहाँको शिक्षामा अचम्मको गहिरो अर्थ हुन्थ्यो। आकाशका चराहरू, चउरका लिली फूलहरू, बिउ, गोठालो र भेँडा,- जस्ता सबैले परिचित विषयहरूको उदाहरणद्वारा उहाँले अनन्तको सत्य सिकाउनुहुन्थ्यो; पछि जब ती श्रोताहरूले प्रकृतिका ती बस्तुहरू हेर्न मौका पाउँथे तब उहाँका वचनहरूको याद हुन्थ्यो। सत्यलाई मानिसहरूको दिमागमा घुसाओस् भनेर विभिन्न उदारणहरूद्वारा त्यही पाठहरू दोहोऱ्याउनुहुन्थ्यो। - द रिभ्यु एण्ड हेराल्ड, मे १८, १८९७।

प्रधान गोठालोको सह-गोठालो

असल र मुल गोठालोले आफ्नो मातहतमा रहेका गोठालाहरूबाट उहाँको काम रेखदेख गर्नुहुन्छ- अहिले येशू स्वर्गमा रहेको पवित्र स्थानमा हाम्रो निम्ति सेवाकार्य गरिरहनुभएको छ। आफ्ना प्रतिनिधिहरू मार्फत यस पृथ्वीमा रहेको उहाँको चर्चको सेवाकार्य उहाँले गर्नुहुन्छ। उहाँले चुन्नुभएको मानिसहरूद्वारा उहाँ बोल्नुहुन्छ। तिनीहरूबाटै उहाँले आफ्नो कामलाई अघि बढाउनुहुन्छ। उहाँलाई हेपिएको समयमा पनि उहाँ आफ्ना चेलाहरूद्वार काम गर्नुभएको थियो। जब उहाँ मानव शरीरमा हुनुहुन्थ्यो उहाँ प्रत्यक्ष रूपमा मानिसहरूसँग घुलमिल गर्नुभएको थियो। शताब्दीयौँ बितेतापनि उहाँका चेलाहरूलाई उहाँले दिनुभएको प्रतिज्ञा कार्यान्वयननै भइरहेको छ। उहाँले भन्नुभयो, "हेर, म तिनीहरूसँग सधैँ हुन्छु, संसारको अन्तसम्मै पनि म तिमीहरूसँग हुन्छु।" येशू स्वर्गमा उक्लिनुभएपछि र अहिलेसम्म परमेश्वरले अभिषेक गर्नुभएका मानिसहरू उहाँबाटै अधिकार पाएर विश्वासका शिक्षकहरू भइरहेकाछन्। मुल गोठालो येशूको मुनि भएका गोठालाहरूलाई नै औजार बनाउनुभएर उहाँले आफ्नो कामलाई रेखदेख गरिरहनुभएको छ। त्यसकारण, एडभेन्टिस्ट शिक्षादीक्षा दिन परिश्रम गर्ने पास्टरहरूको पद महत्त्वपूर्ण र गरिमामय छ। अप्रत्यक्ष येशूको ठाउँमा पास्टरहरू नै देखा परेर परमेश्वरसँग मानिसहरूको मेलमिलाप गर्ने काम उनीहरूले गरिरहेका हुन्छन्। - टेस्टिमोनिज फर द चर्च ४:४९३। ३१०को २०3